
चित्र नं : १



# पहिलो अध्याय

## १ अनुसन्धानको परिचय

### १.१. पृष्ठभूमि

नेपाल एउटा प्राकृतिक विविधताले भरिएको पहाडी मुलुक हो । कूल जनसंख्याको ८६% जनताहरु गाउँमा बस्छन् जसको जीविका चलाउने आधार कृषि रहेको छ । समयको परिस्थिति विकासको क्रमले एकाइसौं शताव्दीसम्म कृषिमा आश्रित ८१% प्रतिशत हुन पुगेको छ ।

नेपाल चार वर्ण छतिस जातको फूलवारी हो । नेपालमा रहेका प्रत्येक जनजातीहरुको आफ्नै किसिमको धर्म, कला र संस्कृति रहेको छ । ती विभिन्न जातीहरु मध्ये काठमाण्डौ उपत्यकामा रहेका नेवारहरुको पनि आफ्नै किसिमको धर्म, कला र संस्कृति छ । मानव सभ्यताको इतिहास र विकास क्रममा नेपाल मण्डलको कुरालाई अघि सार्दा काठमाण्डौ उपत्यकाको सभ्यता र संस्कृतिलाई विकास गर्ने आदिवासी नेवार जातिको प्रसङ्ग अगाडि उपस्थित हुन्छ । पाको युग ( Cage age ), ढुङ्गाको युग ( Stone age ) अथवा यसको पछाडि समुह समुह युगमा काठमाण्डौ उपत्यका ( त्यसबेला नागदह वा नागह्रद नामको ठूलो पोखरी ) मा रहेको पानीलाई चोभारको गल्छीबाट बाहिर पठाइ मानव वस्ती बसाल्ने जाति नेवार नै हो । यही नेवारहरु भनेको काठमाण्डौ उपत्यकामा सबभन्दा पहिला पशुपालन गर्ने, खेती पाती गर्ने, पाती पौवा, इनार, कुवा, ढुङ्गेधाराको निर्माण गर्ने, विभिन्न खाले सिपयुक्त काम गर्ने भूमिपुत्र ज्यापुहरु नै हुन् ।

काठमाण्डौ उपत्यकाका विभिन्न नेवार जातिहरुमा प्रमुख ज्यापु जातीहरुबाटै काम सीपको आधारबाटै अरु जातिहरुमा परिवर्तन भएर गएका हुन् । किनभन्ने काठमाण्डौ उपत्यकामा सबभन्दा पहिला पशुपालक र कृषकहरु आएका थिए । ज्यापुहरुले खेती गर्नु वाहेक फुर्सतको समयमा आय आर्जनको निमित अरु सहायक कामहरु गर्दथे । जस्तै परालको सुकुल बुन्ने, जुत्ता, टोपी, त्यस्तै डकर्मि, सिंकमि, लोहँकमि ( ढुङ्गाको बुट्टा कुँड्ने काम ), माटो तथा धातुका भाँडा कुँडा बनाउने आदि काम गर्ने भएकाले यीनीहरु सबै काम अनुसार जात हुन गयो ।

काठमाण्डौ उपत्यकाको मानव इतिहासमा प्रथम बसोबास गर्ने जाति भन्नु पर्दा ज्यापु जाति नै हो । त्यही ज्यापु जाति नै काठमाण्डौ उपत्यकाका नेवार जाति हुन् । काठमाण्डौ उपत्यकाको ऐतिहासिक कालको  नाम भन्नु पर्दा नेपाः ( नेपाल ) हो । नेपाः ( नेपाल ) भन्नु नै नेवाः ( नेवार ) जातिको नामले भैरहेको देशको नाम हो नेवार ( नेपाल ) । ऐतिहासिक कालमा नेपाल राज्य नेवारहरुको राज्य हो । त्यसैले काठमाण्डौ उपत्यका प्राचिन कालमा ज्यापुहरुको देश भन्नु पर्छ तर ज्यापुहरु शासक भएको भन्ने कहीं कतै उल्लेख छैन ।

ऐतिहासिक कालमा नेपाल राज्यको जन्मदाता सभ्यताको अग्रज भएर पनि शासकको रुपमा नभएको ज्यापु जाति राष्ट्रको मुख्य अनुहार नै हो । परोपकारी हृदय शान्ति प्रेमी, कर्मप्रति विश्वास ईश्वर प्रति आस्था राखी विभेद र समानताको आधारमा सामाजिक जीवन निर्बाह गर्दै आइ रहेको सभ्यताको प्रतिक ज्यापु हो । ज्यापु जाति भित्र जातिय संघर्ष, वर्गीय संघर्षको अप्रिय घट्ना भएको पाउँदैनौ । आफ्नो जातिप्रति भैरहेको अन्याय अत्याचार, शोषण, दमनको विरोधको साहस सम्म राख्न नजाने कोमल स्वभाब उद्धार हृदय भएका यी ज्यापु जातिहरु आफ्नै तालमेलमा धर्म संस्कृति, परम्परा, सु-सभ्यताको चिन्ह राख्दै गए ।

ज्यापु जाति उत्पादनशील, कर्मशील बिचार धारा भएका तीन सय पैंसाठियौं दिन नै खेती सित सम्बन्धित काम गर्नु पर्ने भएकोले मुख्य पेशा नै खेती हो । सधैं जसो खेतीपाटी गरेर अमृत निर्माण गर्ने, धर्तीमा हिरामोती फलाउने उत्पादन गर्ने, ऋतु अनुसार पृथ्वी माताको मुहार ( अनुहार ) परिवर्तन गरी रहने,  दुःख गरी उत्पादन गरेको अन्नबाली, चोर डाँका, जालि फताहा, पशुपंछी आदिले खाएर बाँकी भएको र कसै कसैको  भूमिपतिलाई कूत तिरी पुजापाठ, दानधर्म गरी बाँकी भएको मात्र आफुले खाने गर्दथे । निरन्तर रुपमा खेतमा घाम, पानी, बर्षा, हुरी वतास, आँधी बेहरीको बेवास्ता नगरी खेतमा काम गर्न सक्ने भएकाले यी नेवार जातिलाई ज्यापु भनेका हुन् । ( ज्या = काम, पु = काममा लागि रहने )  अर्को अर्थमा ज्याफु ( ज्या = काम र फु = गाह्रो काम गर्न सक्ने ) पनि भन्न सकिन्छ ।

नेवार जातिहरुमा यी ज्यापु जातिहरु धेरै बलिया छन् । नेवार जातिमा हरेक कुराको गाह्रो काम गर्नु प-यो कि ज्यापु जातिले गर्दथे । नेवारको हरेक चाडपर्व जात्रामा देवताको खत बोक्ने, रथ तान्ने आदि काम ज्यापु जातिले गर्दथे । जस्तै ललितपुरको मच्छिन्द्रनाथ र मिननाथको रथ तान्ने काम ज्यापुहरुले गर्दथे ।

नेवार जातिको संस्कृति बचाउने, चलाउने क्रममा ज्यापु जातिको संलग्न बिना कुनै पनि जात्रापर्व मेला सम्भव छैन । काठमाण्डौ उपत्यका भित्रका हरेक जात्रा पर्व ज्यापु जातिको नेतृत्वमा चलेको हुन्छ । सांस्कृतिक अस्तित्व नै ज्यापु जातिसंग गाँसिएको छ । ज्यापु जातिको पहिरन, भेष भुषा अन्तरराष्ट्रिय स्तरमा परिचित छन् । त्यसैले अन्तरराष्ट्रिय स्तरका पर्यटकहरु काठमाण्डौ उपत्यका भित्र भ्रमण गर्न आउने बेला याहाँको सामाजिक संस्कृति देखाउँदा ज्यापु जातिको संस्कृति देखाउने गर्दथे । विश्वमा नेपालको प्रतिनिधित्व नै ज्यापु जातिको भेष भूषाले गरेको छ । त्यसो भएको हुनाले ज्यापु जातिको संस्कृति राष्ट्रिय गौरव भएको संस्कृति हो ।

## १.२. समस्याको कथन ( Statement of the problems )

काठमाण्डौ उपत्यका भित्रका ज्यापु समुदायहरु मध्ये ललितपुर नगर भित्रका ज्यापु समुदायको आफ्नै किसिमको रीतिरिवाज धर्म संस्कृति र परम्परा रहँदै आएको छ । परम्परा देखि चल्दै आएको आफ्नो पेशा खेती गर्नुका साथै ऋतु अनुसार चाडपर्व, मेला, जात्राहरु मनाउँदै आएका छन् ।

समयको परिस्थिति र विकासको परिवर्तनको संगसंगै ज्यापु जातिको विचार पनि परिवर्तन भएर गएका छन् । जनसंख्या बृद्धिले गर्दा बसोबासको पनि बढेको छ । खेतीपाती घट्दै गएका छन् । भएको खेतमा मेहनत अनुसार अन्न उत्पादन गर्न नसकेर जीवन धान्न धौ धौ भएर गएको छ ।

पहिले पहिले प्रत्येक ज्यापु परिवारहरुको आफ्नो खेतको हुने उब्जनीबाट खाद्यान्न पुग्दथ्यो । तर अहिले परिवार संख्या बृद्धि हुन्दै गएको र खेतको प्लट सानो हुन्दै गएकाले उत्पादन झन झन कम हुन्दै गएको छ । नेपालमा ७ सालको प्रजातन्त्र आउनु भन्दा पहिला ज्यापुहरु खेती गर्नु वाहेक अरु विशेष काम हुन्दैथ्यो र ऋतु अनुसार आउने चाडपर्व रीतिरिवाज मनाउँदै जीवन गुजारा चलाउँदै रहन्थ्यो । त्यसबेला विदेशीको प्रभाव नपरेकोले सबै ज्यापुहरुले आफ्नो धर्म, संष्कृति राम्ररी चलाउँदै आइ रहेको थियो ।

वर्तमान परिस्थितिमा ज्यापुका छोरा छोरीहरुले पनि उच्च शिक्षा हासिल गर्ने थुप्रै भै सकेछ । ती शिक्षित ज्यापुहरुका छोरा छोरीहरु खेती गरेर मात्र विकास गर्न नसक्ने भन्ने कुरा बुझी सकेका छन् । ज्यापुका छोरा छोरीहरु पनि बिदेश गएर अध्ययन गर्ने भै सकेका छन् । विदेशमा अध्ययन गरी फर्केका ज्यापुका छोरा छोरीहरुले पश्चिमी मुलुकका संस्कृति भित्राउँछन्

र आफ्नो परम्परागत रीतिरिवाज, चाडपर्व र संस्कृतिलाई मनाउन मन पर्दैनन् । त्यसैले यस शोधपत्रले ललितपुर नगरमा रहेका ज्यापु समुदाय र तिनीहरुको संस्कृतिलाई अध्ययन गर्नु समस्या भएको छ किनभने कति टोलहरुमा परम्परागत बाजा गाजा, चाडपर्व आदि नमनाउने भएका छन् । कतिले आफ्नो मौलिक बाजाहरु र गीतहरु र गीतका लयहरु गाउन नसक्ने भै सकेका छन् । त्यस्ता बाजा र गीतका लयहरु टोल टोलमा गएर खोज्नु पर्ने भएको छ । परम्परागत रीतिरिवाजको थाहा भएका र भन्न सक्ने व्यक्तिहरु अत्यन्त न्युन रहेकोले यस अनुसन्धानको प्रमुख समस्या रहेको छ ।

## १.३. **अध्ययनको उद्देश्यहरु** ( Objectives of the study )

यस अनुसन्धानको प्रमुख उद्देश्यहरु निम्न प्रकारको रहेका छन् ।

(क) ललितपुर नगर भित्रका ज्यापुहरुको  परिचय दिनु ।

(ख) ल.पु. नगर भित्रका ज्यापु जातिको सामाजिक, आर्थिक जीवनको जानकारी दिनु ।


(ग) ल.पु. नगरका ज्यापु जातिका चाडपर्व, धर्म, गुठी आदिको अध्ययन गर्नु ।

## १.४. **अध्ययनको महत्व** ( Significance of the sdudy )


नेपाल विविधताले भरिएको विभिन्न जन जातिहरुको एउटा फूलवारी हो । जस मध्ये काठमाण्डौ उपत्यकाका आदिवासीको रुपमा परिचित ज्यापुहरु मध्ये ललितपुर नगरका ज्यापुहरु पनि एक प्रमुख जाति हुन् ।  उनीहरु पनि आफ्नो जीवनसंग सम्बन्धित हरेक पक्ष संस्कृति, कला कौशल, साहित्य, मनोरञ्जनका साथै सामाजिक, आर्थिक कृयाकलापहरु संगठित रुपमा गर्दै आएका छन् । यसरी उपत्यकासंग घनिष्ट सम्बन्ध भएका ज्यापुहरु को हुन् ? कहाँका हुन् ? उनीहरुको संस्कृति के कस्तो प्रकारको छ ? भन्ने बारे जानकारी हुनु नितान्त आवश्यक छ । ज्यापुहरुको स्थिति कस्तो छ ?  समाजमा उनीहरुको स्थान कस्तो छ ? ज्यापुहरु नेवार समुदाय भित्रकै एक महत्वपूर्ण जाति भए तापनि हाल सम्म विभिन्न स्वदेश तथा विदेशीहरुले नेवारहरुको बारेमा धेरै लेखहरु लेखिए तापनि काठमाण्डौ उपत्यकाको आदिवासीको रुपमा रहेका ललितपुर नगर भित्रका ज्यापुहरुको बारेमा कसैले पनि लेखिएको छैन । त्यसैले थोरै भए पनि ललितपुर नगर भित्रका ज्यापुहरुको बारेमा प्रकाश पार्नु र यस लेखनबाट पाठकहरु सबै पक्षले फाइदा लिन सक्ने विश्वास लिएको छुँ ।

ललितपुर उप-महानगर पालिकाको लोकेशन नक्सा

चित्र नं.:- २



चित्र नं.:- ३




## १.५. अध्ययनको क्षेत्र र सीमा ( Limitation of the study )

यस अध्ययनको विषयले सम्पूर्ण ज्यापु जातिको संस्कृतिको जानकारी दिने नभएर ललितपुर नगर भित्रको ज्यापु समुदायको मात्र अनुसन्धानको क्षेत्र निर्धारण गरी सोही क्षेत्रमा रहेका प्रचलित सांस्कृतिक संरचनाको एक भौगोलिक अध्ययन गर्ने क्षेत्र र सीमा तोकिएको छुँ ।

## १.६ पूर्व साहित्य समीक्षा ( Literature Review )

ललितपुर नगरका ज्यापुका बारेमा मेरो जानकारीमा आए अनुसार सिंगो रुपमा कुनै पनि पुस्तकहरु प्रकाशित भएको छैन तर पनि केही पत्र पत्रिकाहरुले खाली नेवारहरुको बारे लेख तथा पुस्तकहरुमा केही मात्रामा ज्यापुहरुको बारेमा उलेख गरिएका छन् ।

१. H.A. old field (1818) को भनाइ अनुसार नेपालमा ज्यापु जाति काठमाण्डौ उपत्यकाका प्रमुख खाद्यान्न उत्पादन गर्ने कृषक हुन् । उनीहरु काठमाण्डौ उपत्यकाका नेवारहरु मध्ये कमसेकम आधा जनसंख्या रहेको पाईन्छ भनेर भनेका छन् । उनको बिचारमा ज्यापुहरु अन्न उत्पादनमा सर्व श्रेष्ठ जाति मानिएको छ । उनीहरु खेती गर्नमा सीप युक्त जाति हुन् भनेर भनेका छन् ।

२. Himilton (1819)- ले पनि ज्यापुहरु विभिन्न उप-जातिहरुमा विभाजन भएका छन् भनी भनेका छन् । ती उप-जातिहरुमा महर्जन, डंगोल, सुवाल, कुमाल, माली, आदि छन जसको काम सबैले खेती गरे तापनि फुर्सतको समयमा भिन्ना भिन्नै काम गर्छन् ।

३. Hodson (1880)-ले लेखेको मानव जातिशास्त्र (Ethnography) नामक हस्तलिखित पुस्तकमा ज्यापुको बारे लेखेको छ । उनको किताबमा ज्यापुहरु खेती गर्ने सीपमा एसिया मै सवभन्दा राम्रो - The best agriculture in Asia ) भनेका छन् । यसैलाई ( Gellner & Pradhan (1995 ) ले पनि समर्थन गरेका छन ।

४. Gellner (1995):158- ले ज्यापु शव्द दुइता शव्द ज्या ( काम ) र फू ( क्षमतायुक्त ) को समिश्रण हो भनेर भनेका छन् । यसको मतलव हो ज्यापुहरुले जुनसुकै गाह्रो काम गर्न सक्ने भनेर भनेका छन् । बुद्धको दर्शन शास्त्रमा उलेख गरे अनुसार ज्या को मतलव तीनवटा धार्मिक अर्थ लाग्छ जस्तै पहिलो त्रि-योग ( त्रिगुना ), दोस्रो ज्या-पुन्ही भनेको छ । यसको अर्थ नेपाल भाषामा जेष्ठ महिनाको पूर्ण चन्द्रमा र तेस्रो ज्या-जंको हो । यसको अर्थ मानिस बुढा हुँदा ७७ वर्ष नाघेपछि पहिलो भिमरथारोहन गर्नुलाई नेपाल भाषामा ज्या-जंकु भनिन्छ ।

५. Levy et al – को भनाइ अनुसार खेतमा काम गर्ने व्यक्तिलाई ज्यापु भनेका छन् । उसैको भनाइ अनुसार साधारणत ज्या को मतलव काम वा कर्तव्य हो । उसले ज्यापुलाई दुइ प्रकारले प्रयोग गरेका छन् । एउटा परम्परागत खेती गर्नुको साथै अर्को पेशा पनि गरेको हुन्छ ।

अर्को अर्थमा जसले विशेष खेती कार्य गरेको हुन्छ । उपत्यका भित्रको नेवारी समाजमा परम्परागत सांस्कृतिक परिचालनमा ज्यापु जातिको प्रमुख भूमिका तथा ठूलो प्रभाव रहेको छ ।

काठमाण्डौ उपत्यकामा नेवार समुदायको  सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा ज्यापु जातिको ठूलो भूमिका रहेको पाइन्छ । किसानको प्रमुख भूमिका रहनुको साथै नेवार समाजलाई जीवन्त दिने बलियो स्तम्भ नै हुन् । नेवारी समाजमा अरु जातिहरुमा पुरुषले आफ्ना पत्नीलाई दबावमा राखेको हुन्छ भने ज्यापु समाजमा पति पत्नीमा कुनै किसिमको भेदभाव थिचोमिचो हुन्दैन । स्वतन्त्र रुपले दुबै जना संगै आर्थिक कृयाकलापमा लागी परेको हुन्छ भनेका छन् ।

६. नेपाल वंशावली ( १९८३ )- का अनुसार नेवार जातिको वंशज हले ( Hale ) वा ग्वा ( Gwa ) समुहमा परेका प्राचिन गोपालहरु वा अहिरहरुका प्रतिनिधित्व हुन् भनेका छन् जो सापु र मेपु गरी दुइ उप-समुहमा विभाजित छन् । यी दुई मध्ये पहिलो सापु हुन् भन्ने पछिल्लो मेपु ( महिष पालक ) हुन् ।  ज्यापुहरु शुद्ध ऐतिहासिक लोक ( जाति ), असत्य नभएको, ऐतिहासिक अनिश्चित नभएको भनी उनीहरुको प्राचिन वंशलाई एक एक गरी गणना गर्न सकिन्छ भनेका छन् ।

७. Gillber and Pradhan (1995) को लेखमा काठमाण्डौ उपत्यकाका सबै प्रकारका नेवार जाति वा नेवार उप-जातिहरु एउटा वनावटी पौराराािक चाहिं उनीहरुको उत्पति कुनै न कुनै ठाउँवाट वा अक्सर भारतवाट आएको भन्छ । उनीहरुको भनाइमा महर्जन जाति जो कुनै कतै वाहिरवाट आएको नभई शुद्ध स्थानीय उत्पति भएको जाति हो भन्छ । R.R. Regmi ले पनि आफ्नो पुस्तक Ancient Nepal (1978:10 ) मा उनले Gillner र Pradhan को भनाईलाई उद्धृत गर्दै महा-राजन ( महा- राजा ) वाट व्युत्पति हुन्दै **महर्जन** नाम रहन गएको भन्छ । तर धेरै जसो महर्जनहरु आफुलाई महाजनवाट महर्जन भएको भनी विश्वास गर्छ । प्राचिनकालमा महाजनहरुले ठूला ठूला व्यापारी गर्थे भन्छ ।

८. Dor Bahadur Bista को भनाईमा ज्यापुहरु कहिल्यैं फुर्सत हुन्दैन । उनीहरु खेतको काम सकिए पछि खेतमा काम नलाग्ने छ्वाली, पराल, जुट आदि घरमा ल्याई सुकुल, जुट्टा, व्याय्ग र घाँसवाट किस्ति ( ढकिचा ) बनाउँछ भन्छ ।

९. Bajracharya (1990:10 ) - को भनाइमा १९ सौं शताव्दीको अन्ततीर भारतको उत्तर प्रदेशवाट आएका वैश्यहरुले लिच्छवी माथि विजय प्राप्त गरी नयाँ राज्य स्थापना गरे । उनीहरुले ती लिच्छवीहरुलाई राजकाजको केही अधिकार नदिइ महर्जन वा ज्यापु वनाएको जसले किसानको काम गर्नु पर्ने वनाएको भन्छ । यसरी उनाइसौं शताव्दी देखि लिच्छवीहरुलाई उत्तर प्रदेशवाट आएका वैश्यहरुले ज्यापु वनाएको भनी भनेका छन् ।

१०. Gerard Taffin को Intercaste Relatios in a Newar community (1978 ) भन्ने पुस्तकमा उहाँले नेवार समुदायको उप-समुहमा पर्ने ज्यापु जाति पनि एक हो । जातीय विभाजनमा मध्यम वर्गमा पारिएका ज्यापुहरुको आफ्नै पहिचान रहेको छ । नेवारी भाषामा ज्यापुको अर्थ धान खेती गर्ने वर्ग अर्थात ज्या (काम ) र पु ( उपत्यकामा धान खेती गर्ने ) हो भन्छ ।

११. Gopal Singh Nepali को The Newars, ist ed. ( Bombay, United Asia publications (1965) भन्ने पुस्तकमा उनले ज्या को अर्थ काम गर्नु र पु को अर्थ तौली धानको खेती गर्ने किसानलाई ज्यापु भनिएको हुनु पर्छ । काठमाण्डौ उपत्यकामा पहिला पहिला धान खेती मात्र गरिने अर्थात तौली धान मात्र उव्जाउने व्यक्तिलाई ज्यापु भनिएको भन्छ ।

१३. **नगेन्द्र शर्मा, नेपाली जनजीवन**, द्वितीय संस्करण ( साझा प्रकाशन, २०५२ ), पृ. २९ मा भनिए अनुसार ज्या को अर्थ काम वा मजदुरी अर्थात खेताला र मजदुर गर्नेहरुलाई ज्यापु भनिएको छ यसको वास्तविक अर्थ खेतमा मजदुरी गर्ने व्यक्तिहरुलाई ज्यापु भनिएको हुनु पर्छ ।

१४. **सूर्य विक्रम ज्ञवाली** ( सम्पादक, नेपाली संक्षिप्त कोष ( ने.रा.प्र.प्र., २०४४) पृ. १४४ - उहाँले लेख्नु भएको शव्द कोषमा ज्यापुको अर्थ लगाउँदा कपासको गेडा भित्र हुने विंया, कपासको विज, खेती मुख्य पेशा भएको नेवार जाति भनि अर्थ दिएको छ ।

१५. **सत्यमोहन जोशी**ले संकलन गर्नु भएको नेपाल भाषाको **ब:चा धंगु नेवा खँग्व: धुईमा** गुबलें फुमखम्ह ( कहिल्यैं कामले फुर्सत नभएको ), कपाय्पु ( कपासको वियाँ ) भनि ज्यापु शव्दको अर्थ दिएको छ ।

१६. **बैद्य पन्ना प्रसाद जोशी**ले संकलन गर्नु भएको **संक्षिप्त नेपाल भाषा शव्दकोष**मा ज्यापुको अर्थ किसानी जाति विशेष पनि लगाइएको छ अर्थात खेती काम गर्ने व्यक्तिलाई ज्यापु भनिएको छ ।

१७. **बाबुराम आचार्य,** नेपालमा जलशयन नारायण मूर्तिको स्थापना, नेपाली ( अंक ४५, कार्तिक-पुस २०२७ ) पृ.३- उनले नेपालमा जलशयन नारायण मूर्तिको स्थापना भन्ने लेखमा ज्यापुहरु लिच्छवि जाति हुन् भनेका छन् । उहाँको लेखमा उलेख गरे अनुसार नेपाल उपत्यकाका कृषकहरु नेपालकै आदिवासी ज्यापु हुन् । ती ज्यापुहरु मुख्य गरी कृषक भएकाले तिनीहरु लिच्छविकाल देखि नै याहाँ वसोवास गर्थे भन्ने कुरा प्राचीन समय देखि चलि आएको इन्द्रजात्रा पर्वमा हाल पनि ज्यापुहरुको मुख्य भूमिका भएवाट प्रष्ट हुन्छ । उहाँले ज्यापुहरुलाई लिच्छवि मान्नुमा हालको महर्जन थरसंग पनि संबन्धित छ जसलाई आचार्यज्यूले महाराजन शव्दवाट महर्जन सव्द वनेको अनुमान गरी यिनलाई लिच्छवि मान्नु भएको छ । David Gellner ले भन्ने ज्यापुहरु किरांतीहरु हुन् कि भनी सम्बन्ध जोड्न खोज्नु भएको छ किनभने काठमाण्डौको यटखा टोलका महर्जनहरु ईन्द्रचोकको भैरबलाई पुजाआजा गर्ने आधारमा ती भैरबको मुखाकृति किरांतिसंग मिल्दोजुल्दो छ भन्छ ।

१८. **लैनसिंह वाङ्गदेल**को पुस्तक प्राचीन नेपाली मूर्तिकलाको इतिहास, प्रथम संस्करण, ( ने.रा.प्र.प्र. काठमाण्डौ, २०३९ ) पृ.१० मा उलेख गरे अनुसार नेवार समुदायसंग मिसिएको काठामाण्डौ उपत्यकाका प्राचीन जाति ज्यापुहरु खेतीपाती गरेर आफ्नो जीविका चलाउनुका साथै आफ्नो संस्कृति र परम्परालाई जोगाई राख्न आज सम्म पनि सफल भएका छन् । थारु तथा अरु जातिहरुमा जस्तै जातीय एकताको भाबना बलियो किसिमसंग बिद्यमान भएका नेपाल उपत्यकाका ज्यापुहरु कै पुर्खा वास्तवमा किरांती हुन् भन्छ ।

१९. **लीलाभक्त मुनकर्मी,** नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन, ( श्रीमती भवानी केशरी मनुकर्मी, यटखा टोल भक्तपुर १३ (२०५१), पृ.२०८ उक्त पुस्तकमा लीलाभक्त मुनाकर्मीले मध्यकालमा जयस्थिति मल्लको नेवार जाति विभाजनमा ज्यापुहरुको परिचयमा यसरी दिएको छ- खेतमा कमाइ खाने, देव-देवताको पुजा सामानहरु बोकी हिंड्ने, दोवाटोमा देवताको बली फाल्न लगि दिने आदि काम गरी जीविका चलाउनु पर्ने, सूतक १० दिनमा, जूठो १२ दिनमा मानेर ४५ दिनको कार्य पूरोहित गुभाजुद्वारा गराउन पाउने बन्दोबस्त गराई दिएका थिए भनी उलेख गरेका छन् ।

२०. प्रसिद्ध मानब शास्त्री **कोलिन रोसर** र **डोर बहादुर बिष्ट**ले ज्यापुहरुको थरहरु निम्न प्रकारले रहेको बताएका छन् जस्तै महर्जन, डंगोल, सुवाल, दुवाल, सापु, का:बुजा, मुस, लवत

आदि छन् । त्यसै गरी **गोपाल सिंह नेपाली**ले ज्यापुहरुलाई पाँच भागमा विभाजन गर्नु भएको छ जसमा सुवाल, कुमाल, डंगोल, ग्वाल ( सापु र मेपु ) तथा पही वा पिही इत्यादि । त्यसैगरी केही विद्वानहरुले ज्यापुहरुलाई पनि स्थान र पेशा अनुसारको नामाकरण गरेका छन् जस्तै गाइ मात्र पाल्ने सापु, भैंसी मात्र पाल्ने मेंपु, ईंटा वा माटोको भाडाकुँडा बनाउने कुमाल, माटो कै झिंगती र टायलको निर्माण र मर्मत गर्ने अवा कुमा, भेंडा मात्र पाल्ने फैपु, हाँस मात्र पाल्ने हैंपु आदि भनिन्छ ।

२१. **बालचन्द्र शर्मा**ले आफ्नो पुस्तक नेपालको ऐतिहासिक रुपरेखामा लेखिए अनुसार काठमाण्डौ र ललितपुरमा वाहेक भक्तपुरमा डेढसय भन्दा बढी थर भएका ज्यापुहरु छन् जसमा विभिन्न पेशाहरु, शारीरिक बनोट, स्वभाव, वस्तुसंग सम्बन्धित पशुपंछी, देवी देवता, स्थान विशेष उपकरण, औजार आदिसंग सम्बन्धित तथा तिनमा आधारित थरहरु पनि पाइन्छन् । त्यसैगरी **रोवर्ट लेवी**ले भक्तपुमा रहेका ज्यापुहरुलाई तीन भागमा विभाजन गरेका छन् जस अनुसार पहिलो समुहमा ७४ थर, दोस्रो समुहमा १४६ थर र तेस्रो समुहमा १४ थर भएका ज्यापुहरु छन् भनी वर्गीकरण गरेका छन् ।

## १.७. अध्ययन विधि ( Methodology )

### १. अनुसन्धान प्रारुप -

यस अनुसन्धानको प्रारुभाब ललितपुर नगर भित्रको मानव जातिय शास्त्रमा आधारित एक भौगोलिक अध्ययन थिए । यस अनुसन्धानले नेवार समाजका ज्यापु समुदायको सांस्कृतिक संरचनाको अध्ययन गर्दछ । यसले ज्यापु समुदायको चाडपर्वमा गरिने कृयाकलाप, जात्राको सम्बन्धमा गुठीहरुको अध्ययन गर्दछ । सुचनाहरु विभिन्न टोलका प्रमुख व्यक्तिहरुसंग प्रश्नावली, वार्ता, छलफल र अन्वेषणद्वारा संकलन गरेको थिए ।

### २. अध्ययन क्षेत्रको छनोट ( Study area Selection )

अहिले सम्म ललितपुर नगरका ज्यापु जातिको अध्ययन कसैले पनि गरेको भेटिएको छैन । मैले यस अध्ययनमा ती ज्यापु जातिको भौगोलिक रुपले प्रकाश पार्ने कोशिश गरेको छुँ ।

विशेष गरी नगरका ज्यापुहरु वसोवास गर्ने ४० वटा टोलहरु रहेका छन् । नगरका ज्यापुहरु वसोवास गर्ने ललितपुर जिल्लाको उत्तरपट्टि र काठमाण्डौ जिल्लाको दक्षिणमा अवस्थित छ । यस नगरको पूर्वमा कोड्कुखोला र पारीपट्टि ईमादोल गा.वि.स., दक्षिणपट्टि हरिसिद्धि, धापाखेल र सैंभु गा.वि.स. रहेको छ भने पश्चिममा बागमती नदी र पारीमा कीर्तिपुर नगर पालिका अवस्थित छ । यो नगर २७° ३९' उत्तरी अक्षास देखि २७°४१' उत्तरी अक्षास सम्म र ८५°१८' पूर्वी देशान्तर देखि ८५°४१' पूर्वी देशान्तर सम्म रहेको छ भने क्षेत्रफल १५°४६ वर्ग किलोमिटर छ । यो नगरको उत्तर  पश्चिम होचो छ ।

## ३. **मानव जातिको अध्ययन** ( Universe of the study )

ललितपुर नगरका ज्यापुहरुलाई चार समुहमा विभाजन गरेको पाईन्छ । ती चार समुहमा आधारित हरेक चाडपर्व जात्रा आदि मनाउने गरिन्छ । त्यसैको आधारमा ज्यापुहरुलाई नेवारी भाषामा च्वे क्वे भनेर परिचय गर्ने गरिन्छ । नगरका ज्यापुहरु प्रत्यक्ष रुपमा रातो मच्छिन्द्रनाथको परम भक्ति थिए । यस नगरका ज्यापुहरुको जनसंख्या २१५९८ छन् भने परिवार संख्या ३५६२ रहेको छ । ललितपुर नगरमा वसोवास गरी रहेका विभिन्न नेवार जातिहरुमध्ये सवभन्दा वढी ज्यापुहरु नै रहेका थिए । प्रतिशतमा उनीहरु ३७.६१ छन् ।

## ४. **नमूना तथा परिमाण छनौट** ( Sample selection & Sample size )

ज्यापु समाजले दिएको तथ्याङ्क अनुसार ललितपुर नगरमा घर परिवार ३५८७ छन् । ज्यापुहरु बस्ने ४० वटा टोलहरुको ५% प्रतिशतको हिसावले प्राप्त हुन आएका परिवारलाई Randumly घरपरिवारको संख्या छनौट गरी अध्ययन गरेको थिए । यसरी छनौट गरी अध्ययन गरेको संख्या ५२ घरपरिवार थिए । छनौटमा परेका घरहरुमा घरको मुली र परिवारसंग छलफल, प्रश्नोत्तर र अन्तरवार्ता गरी सूचनाहरु संकलन गरेको थिएँ । Randumly छनौट गरेका  नमूना विधि तल तालिकामा दिएको छुँ ।

तालिका नः– १

ललितपुर नगरको ज्यापु समुदायको टोलहरुको नामावली र घरपरिवार

| क्र.सं. | टोलको नाम | जनसंख्या | घरपरिवार | ५%का दरले हुने घरपरिवार संख्या | अध्ययनका लागि छनौट गरेका घरपरिवार संख्या |
|---|---|---|---|---|---|
| १ | अग्नीशाल टोल | २४२ | ४५ | २ | १ |
| २ | छायबहाल ,, | ७१३ | ८९ | ४ | १ |
| ३ | कायगुननी ,, | ५०६ | ११४ | ६ | २ |
| ४ | कुछेननी ,, | ५२९ | ७४ | ४ | १ |
| ५ | मिखाबहाल ,, | ७१३ | १२३ | ६ | २ |
| ६ | न: टोल | ४८९ | ७७ | ४ | १ |
| ७ | पूर्णचण्डी ,, | ४३१ | ६८ | ३ | १ |
| ८ | दुपाट ,, | १२६६ | १९८ | १० | २ |
| ९ | धालाछेँ | २८५ | ५९ | ३ | १ |
| १० | गुइटोल | ७४४ | १२० | ६ | २ |
| ११ | हकटोल | ५४२ | ११० | ५ | १ |
| १२ | लुँखुसि ,, | १०९० | १८१ | ९ | २ |
| १३ | पिंछेँ ,, | ८७१ | १५५ | ८ | २ |
| १४ | पिलाछेँ ,, | ७९४ | १३३ | ७ | २ |
| १५ | स:क्व ,, | ४९० | ७८ | ४ | १ |
| १६ | सुबहा: ,, | ९५८ | १४७ | ७ | २ |
| १७ | त्याग: ,, | ५२८ | ८३ | ४ | १ |
| १८ | यलमुग: ,, | ४८५ | ९४ | ५ | १ |
| १९ | भिन्योलाछि ,, | ९१५ | ११७ | ६ | २ |
| २० | भेलाछेँ ,, | २०५ | २२ | १ | १ |
| २१ | चाबहा: ,, | ४०७ | ६९ | ३ | १ |
| २२ | चोछेँ ,, | ४०१ | ६५ | ३ | १ |
| २३ | च्यास: ,, | ९१७ | १८१ | ९ | २ |
| २४ | छुसिका ,, | २३७ | ३३ | २ | १ |
| २५ | धौगा ,, | २७१ | ४७ | २ | १ |
| २६ | ग:छेँ ,, | ८३८ | ११८ | ६ | २ |
| २७ | गा:हिति ,, | ५५९ | १०२ | ५ | १ |
| २८ | हौग ,, | ३४४ | ६२ | ३ | १ |
| २९ | इैबाननी ,, | २०८ | ४३ | २ | १ |
| ३० | कुतिसौग ,, | १९३ | ३६ | २ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | क्वेलाछि ,, | ५५२ | ८४ | ४ | १ |
| ३२ | खपिंछें टोल | ५६३ | १०६ | ५ | १ |
| ३३ | लोंलँ ,, | ४०० | ६२ | ३ | १ |
| ३४ | नकबही: ,, | ३९७ | ७८ | ४ | १ |
| ३५ | सलिंछें ,, | ३८८ | ७५ | ४ | १ |
| ३६ | त:ननी ,, | ५३२ | ६५ | ३ | १ |
| ३७ | त:लाछें ,, | २०५ | २९ | १ | १ |
| ३८ | वलखु ,, | २७५ | ४० | २ | १ |
| ३९ | बागर ,, | २१९ | ३१ | २ | १ |
| ४० | पुल्चोक ,, | १००८ | १७४ | ९ | २ |
| | जम्मा | २१७१० | ३५८७ | १७८ | ५२ |

ललितपुर नगरको ज्यापु समुदायको टोलहरुको घरपरिवारलाई ५% प्रतिशतका दरले प्राप्त संख्यालाई पनि प्रत्येक टोलका एक घरपरिवार पर्ने गरी निम्न अनुसार अध्ययनका लागि घरपरिवार छनौट गरेको थिएँ । जस्तै १ देखि ५ सम्म = १ घरपरिवार र ६ देखि १० सम्म = २ घरपरिवार पर्ने गरी घर छनौट गरको थिएँ । जुन माथिको तालिकामा देखाएको छुं । त्यस अनुसार छलफल, प्रश्नोत्तर र अन्तरवार्ता गरेको घर संख्या ५२ वटा थिए ।

## ५. तथ्याङ्कको प्रकृति ( Nature of Data )

यस अध्ययनमा अक्सर गरी गुणत्मक दाताको साथ साथै परिमाण योग्य दातालाई संकलन गरेको थिएँ । यसरी यो सर्भेको परिणाम गुणात्मक तथा परिमाणात्मक दाताको आधारमा छ । यस अनुसन्धानको अध्ययनमा प्राथमिक तथा माध्यमिक तथ्याङ्कको प्रयोग गरेको थिएँ । त्यसैले यस अध्ययनमा तथ्याङ्कको प्रकृति गुणात्मक तथा परिमाणात्मक थियो ।

## ६. तथ्याङ्क संकलनका साधन ( Tools of Data collectiobn )

प्राथमिक दाता संकलन प्रत्यक्ष स्थानीय सरोकालवालासंग अवलोकन तथा प्रत्यक्ष भेदवार्ता र संरचनात्मक प्रश्नावली गरेर लिएको थिएँ । विशेष अवस्थामा स्थानीय वासिन्दाहरुको अर्ध-सहभागीता तथा पूर्ण-सहभागीता गराई प्रत्यक्ष छलफलद्वारा दाता संकलन गरेको थिएँ । यी वाहेक टोलका प्रमुख आजु थकाली नकींहरुसंग प्रत्यक्ष भेद गरी प्रश्न, छलफल र वार्ता गरी तथ्याङ्क संकलन गरेको थिएँ ।

यस अनुसन्धानमा समावेश गरेको माध्यमिक दाता ज्यापु समाज, नगर पालिकाको प्रोफाइल र सि.वि.एस.दाता, प्रकाशित तथा अप्रकाशित लेखहरु साथै विभिन्न पत्र पत्रिकाहरुको दाताहरु समावेस गरेको थिएँ ।

## ७. दाता संकलनका तरिका ( Techniques of Data collection )

अध्ययनको सिलसिलामा दाता संकलन गर्न निम्न विधिहरु प्रयोग गरेको थिएँ ।

**१. प्राथमिक तथ्याङ्क संकलन विधि** ( Primary Data collection Method )

स्थानिक वा क्षेत्र अध्ययनवाट प्राथमिक तथ्याङ्क संकलन गर्न निम्न विधिहरु जस्तै प्रश्नावली, अवलोकन, व्यक्तिगत सम्पर्क, अन्तरवार्ता आदि सरोकालवालासंग सूचना तथा दाताहरु संकलन गरेको थिएँ ।

क. संरचनात्मक प्रश्नावली ( Structural Questionnaire )

समाजका चाडपर्व, गुठी, सांस्कृतिक, सामाजिक, आर्थिक र संस्थागत विकासका पक्षका सूचनाहरु प्राप्त गर्नको लागि संरचनात्मक प्रश्नावली तयार गरेको थिएँ । विभिन्न टोलका भौगोलिक संरचनाको सूचना प्राप्त गर्नको लागि प्रश्नावली विधि प्रयोग गरेको थिएँ ।

ख. अवलोकन ( Observation )

नगर भित्रका विभिन्न चाडपर्व, जात्रा, सांस्कृतिक पर्व यात्राको स्थानीय अवस्थाको वारेमा जानकारी र सूचनाहरु प्राप्त गर्न विभिन्न समुहमा सहभागी भै त्याहाँ भएको गतिविधिको वारे प्रत्यक्ष अवलोकन गरी विषय वस्तुको वारे छलफल गरी सूचनाहरु प्राप्त गरेको थिएँ ।

ग. अन्तरवार्ता ( Interview )

विभिन्न स्थान वा भौगोलिक सूचना प्राप्त गर्न विभिन्न टोलका मानिसहरुसंग व्यक्तिगत अन्तरवार्ता गरी प्राप्त गरेको थिएँ । विभिन्न टोलका थकालीहरुसंग प्रत्यक्ष भेटघाट गरी उनीहरुसंग अन्तरवार्ता लिएर आवश्यक तथ्याङ्क संकलन गरेको थिएँ ।

घ. परोक्ष सरोकारवालासंग अन्तरवार्ता ( Interview with key Information )

टोलका नायो, गुठीका थकाली आजु,  नकीं,  सामाजिक कार्यकर्ताका अगुवा र शिक्षक आदिसंग  फरक  फरक समयमा अन्तरवार्ता लिएको  थिएँ । ती सबै अन्तरवार्ताहरुको अमूल्य सूचनाहरु मैले यस अध्ययनमा राखेको  थिएँ ।

ङ. घट्ना अध्ययन ( Case Study )

घट्ना अध्ययन एउटा सामाजिक जीवनको विश्लेषणात्मक र अन्वेषण गर्ने विधिको रुपमा लिइन्छ । यस विधिवाट मैले नगरका भौगोलिक परिवर्तन र मानव जीवनमा सामाजिक घट्नाक्रमको अध्ययन गरेको थिएँ । यसले ललितपुर नगरको मच्छिन्द्रनाथ जात्राको, वालकुमारी खत यात्रा, भिमसेन खत यात्रा, कृष्ण खत यात्रा, सनागुठी, मलामी गुठी आदिको अध्ययन गरेको थिएँ ।

**२ माध्यमिक तथ्याङ्क संकलन विधि** ( Secondary Data Collection Method )

द्वितीय तथ्याङ्क संकलन विभिन्न प्रकाशित तथा अप्रकाशित पुस्तकहरु, प्रतिवेदनहरु, देजरटेशन, प्रवन्ध, लेखहरु र विभिन्न संगठित संस्थाहरुको दस्तावेज आदिवाट लिएको थिएँ ।

क. तथ्याङ्क विश्लेषण र व्याख्या ( Data Analysis and interpretation )

एउटा वर्णनात्मक रुपले तथ्याङ्कलाई व्यवस्थित गरी एकत्रित गरेको छुँ । धेरै जसो वर्णनात्मक दाताहरुलाई सूचनामूलक क्रममा मिलाएको थिएँ । त्यसपछि प्राथमिक तथ्याङ्कहरुलाई अलग अलग श्रेणी विभक्त गरी प्रतिशत तथा औसतमा लगेको थिएँ । उद्देश्य अनुरुप अध्ययन गरी विश्लेषण गरे पश्चात त्यसलाई तालिका वनाई chart र diagramme मा देखाएको थिएँ ।

ख. अध्ययनको सीमाना ( Limitation of the Study )

यस अनुसन्धान मुख्य गरी ललितपुर नगरको ज्यापु समुदायको सांस्कृतिक संरचनाको एक भौगोलिक अध्ययन थियो । नगर भित्रका ४० टोलहरुको सांस्कृतिक संरचनामा केन्द्रित नगरका ज्यापुहरुको चाडपर्व, जात्रा, गुठीको अध्ययन गरेको थिएँ । यस अनुसन्धान थेसिसमा नगरका विभिन्न टोलहरु मध्ये ५% प्रतिशतका दरले प्राप्त घरपरिवारलाई पनि प्रत्येक टोलको कम्तीमा पनि एक घर पर्ने गरी घर छनौट गरी अध्ययन गरेको थिएँ ।

ग. अध्ययनको संगठन ( व्यवस्था ) ( Organization of the Study )

यस अध्ययनको संगठन १० भागमा विभाजन गरेको थिएँ । प्रत्येक अध्यायको विषय वस्तुको माथि भूमिका मै उलेख भैसकेको छ ।

अन्तमा परिशिष्ट (Appendics) अन्तरगत ज्यापु थर र वस्ती, नेवारी शव्दको अर्थ (Glossary of the Newari words ) सहायक पुस्तक ग्रन्थ सूचि (Bibliography ) र केही फोटोहरु समावेश गरेको थिएँ ।

# दोश्रो - अध्याय

## २ नेवा र संक्षिप्त परिचय


नेपाल प्रसिद्ध 'दून' उत्तरमा शिवपुरी, पूर्वमा मणिचूद, दक्षिणमा महाभारतको चन्द्रागिरी, फूलचोकी डाँडो र पश्चिममा इन्द्रस्थल, दहचोक, नागार्जुन र ककनी आदिले घेरिएको छ। यस दूनको उत्तरी गोलार्द्धमा २७°४२' अक्षास र ८५°३६' पूर्वी देशान्तरमा अवस्थित छ । यसको चारैतिर ५ हजार देखि ८००० फीटसम्म अग्ला पहाडहरु छन् ।

नेपालको उपत्यका त्रिकोणाकृतिको छ । यसको आधार धैवुङतिर र मास्तिरको कोण उत्तरतिर फर्केको छ । यस उपत्यकाको धरातलको उचाई समुद्री धरातल देखि शालाखाला ४७०० फीट उठेको छ । यो उब्जाउ समथर उत्तर-दक्षिण केही लामो र पूर्व-पश्चिम अपेक्षाकृत केही कम चाक्लो छ। यसको पूर्व-पश्चिम लम्वाई साँखुदेखि थानकोटसम्म र उत्तर-दक्षिण बूढानिलकण्ठ देखि फर्पिङ सम्म सिधा १५ माइल जति छ । वालाजु देखि चाँगुसम्म यसको न्युनतम फैलावट ९-१० मील भन्दा बढी छैन । खास नेपाल खाल्डोको क्षेत्रफल पुगनपुग २५० वर्ग मील छ । नेपालका वंशावली अनुसार नेपाल उपत्यका पहिले "नागह्रद" नामक सरोवरको पेटमा थियो वारहपुराण अरु २१५ - ल्शोक ४१ र हिन्दु अनुश्रुति अनुसार विष्णुले तथा वौद्ध अनुश्रुति अनुसार मन्जुश्रीले वागमतीको प्रवाह-मार्ग चोभारवाट खोलेर यस सरोवरको पानी निकालेका हुन् ।[1] यस पौराणिक आख्यानमा धार्मिक भावना भेटिए पनि भौगोलिक दृष्टिकोणले यो उपत्यका सृष्टिको प्रारम्भमा अवश्य जल मग्ननै थियो । नेपालको यो पौराणिक अनुश्रुति र यस उपत्यकाको भौगोलिक स्थिति मिलान गर्दा भूगर्भशास्त्रीहरुले यो स्थल निश्चय नै कुनै ठूलो जलाशयको उदारवाट भएको ठहराएका छन् ।

---

१. बारहपुराण - अ. २१५ - ल्शोक ४१

चित्र नं.:- ४




यस नेपाल खाल्डोमा वग्ने नदीहरु मध्ये मुख्य नदी वागमती हुन् । यसका सहायक नदीहरु निम्न प्रकारका छन् :- १.कर्मनासा (कुखुमति) २.नक्खु (प्रभावती) ३.विष्णुमती ४.भौचाखुशी (भद्रमती) ५.धोविखोला (रुद्रमती) ६.मनहरा (मणिमती) ७.हनुमन्ते (हनुमती) ८.टुकुचा (इक्षुमती) यी सबै नदीहरु बागमतीमा मिसिएर चोभार गल्छीभई काठमाण्डौं उपत्यकावाट वाहिर निस्कन्छन् । यसरी नागह्रदको पानी विस्तारै वाहिर गएपछि यो उपत्यका एउटा राम्रो खेती योग्य भूमिको रुपमा देखा प-यो । यही खेती योग्य जमिनमा विभिन्न समय र कालमा विभिन्न दिशावाट मानिसको प्रवेश भएको देखिन्छ ।

यस उपत्यकामा मानिस प्रवेशको क्रममा कुनै पशु पालकहरु सापु र मेपु आदि भेतिन्छ भने कोही यस खेती योग्य जमिनमा आवादि गर्ने विचारले मानिसहरु प्रवेश भएको देखिन्छ । यसरी विभिन्न समय कालमा मानिस प्रवेश भएको देखिए तापनि ती मानिसहरु कहिले कुन

युगमा भयो  र यस मान सरोवर काठमाण्डौं उपत्यका **नेपाल** रहन गयो भन्ने वारेमा विभिन्न विद्वानहरुले विभिन्न विचार पोखेका छन् । त्यसमध्येमा नेपालको नामाकरण चाही कसैले नेवार जाति सवभन्दा पहिले याहाँ प्रवेश भएकाले उक्त नेवार जातिवाट नेपाल हुनगयो भनिन्छ भन्ने कसैले ''नेप'' नाउँका सवभन्दा पहिला राजा भएकाले उही नेप नामवाट नेपाल रहन गयो भनिन्छ । केही विद्वानहरुले " **नेपाल उत्पति** " वा नेवार शव्दको वारे प्रकत गरेका शव्दहरु संक्षिप्तमा याहाँ यसरी प्रस्तुत गरिन्छ ।

## २.१  नेपाल उत्पति वा नेवार जातिको संक्षिप्त परिचय

**क)  लोक आख्यान**

प्रचलित लोक आख्यानानुसार प्राचीनकालमा नेपाल खाल्डोमा श्लेषमान्तक वनमा "ने" मुनिले तपस्या गरिरहेको वेला दिनहु दुध दिनु पर्ने गाइले कुनै स्थानमा दुध चुहाइरहेको स्थानमा खोलेर हेर्दा उक्त स्थानमा पशुपतिनाथको ज्योतिलिङ्कको ज्योतीले उक्त सापु (गौपालक) भष्म भयो । "ने" मुनिले उक्त भष्म भएको मृतकको सापुको छोरालाई राजा बनाई पालि राखेको स्थानलाई नेपाल भन्यो ।[२]

माथिको कुरालाई गोपालराज वंशावलीमा अलि फरक प्रकारले भनेका छन् । उक्त गोपालराज वंशावली अनुसार - श्रीमत युधिष्ठिरको राज्यकाल नेपाल खाल्डोको घना जंगलमा भृङ्गारेश्वर भट्टारक (स्वामी) विहार गरी राखेको वेला मालाखा भन्ने स्थानमा गोपालकहरु वस्न आयो । पछि एक दिन नेप नाउँको गोलकको (नेपनामा गोलकस्य) वहुह्नी नाउँको गाइले वागमतीको किनारमा कुनै स्थानमा दिनहुँ गएर दुध चुहाउने गरिरहेको सापु (गोपाल) ले देखेर उक्त स्थानमा खनेर हेर्दा पशुपतिनाथ भेटियो । त्यहां गुप्तवंशी राजाहरु प्रथम देखि श्री भूमि गुप्त श्री जय गुप्त, श्री धर्म गुप्त, श्री हर्ष गुप्त, श्री भीम गुप्त, श्री मनि गुप्त, श्री विष्णु गुप्त, श्री जिन गुप्त आदि ८ जना गोपालहरुले राज्य गरे भनेर लेखेको छ । त्यसपछि ती गोपालहरुलाई हराई मे:पु (महिषपाल) राजाहरु श्री वरसिंह, श्री जयसिंह र श्री भुवन सिंह आदि राजा भए । पछि उनीहरुलाई पनि तामाकोशी र अरुणपारीका किरातीहरु आएर राजा एलम

[२] रेवतीरमणानन्द श्रेष्ठ-नेवा (जाति,भाषा, लिपि, संष्कृति, राष्ट्रिय व्यक्तित्व सम्वन्धि छुँखँ) नेपाल शम्वत ११२१ चौला गा-१ पेज-१

देखि राजा खिगु सम्म ३२ जनाले राज्य गरे ।[३]

यहाँ भन्न खोजिएको के भन्ने प्राचिनकालमा नेपाल खाल्डोमा आएका सापु र मेपु (गोपाल र महिषपाल) हरु अहिले पनि काठमाण्डौं उपत्यका भित्र काठमाण्डौं र ललितपुरमा ज्यापू समाजमा पाइन्छ तसर्थ ती गोपाल र महिषपाल नेवार नै हुन् भनिएको छ ।

## ख) नेपालको प्राचिनता

नेपाल राजवंशावलि दोश्रो अनुसार गाईले दुध चुहाएको ठाउँमा खनेर हेर्दा पशुपतिनाथ भेटिएकोले कलियुग नआउँदै अर्थात आजभन्दा ५१०० वर्ष अघि याहाँ श्लेषमानतक वनतिर पशुपतिनाथलाई पूजागर्ने ग्वलदेश, वत्तीसपुतली सिन्हामंगल र ग्वारको वस्ती रहेको छ । पछि प्राकृतिक उथलपुथलले ती वस्ती लोप भएर गए । हुनत- * सत्ययुगमा भगवान शिव र पार्वती श्लेषमानतक वनमा किरातेश्वर भएर वसेको, * त्रेता युगमा महाचीनवाट मञ्जुश्री वोधिसत्व यहाँ आएर नेपाल खाल्डोको पानी चोभार गल्छीवाट वाहिर पठाई धर्मकरलाई यहाँका राजा वनाई फर्केको, * त्रेतायुगमै सुधन्वा नाम गरेको किरांत राजाले जनकपुरमा सीता स्वयम्वरको समयमा उनले सीतासित विवाह गर्न लाग्दा शिरध्वज जनकको भाई कुशध्वज जनकले उनीलाई मारी नेपालको राजा भएको, * त्यस्तै द्वापर युगमा भगवान कृष्ण द्वारिकावाट नेपाल आई नेपालका दानाशुरलाई हराई फर्केको वेला कृष्णसंग आएका सापु (ग्वाला) हरु नफर्केको पौराणिक कथा छ ।[४] यी कुरालाई ऐतिहासिक रुपले क्रमवद्ध पुस्तकमा हेर्दा गोपालराज वंशावलिले नेपाल भनेको कलियुग भन्दा धेरै पहिला देखि रहेछ भनी देखाइ दिएको छ । गोपालराजवंशावलि अनुसार नेप नाउँको सापुहरु श्लेषमानतक वनमा ने (भृङ्गारेश्वर) मुनि विहार गरी राखेको वेला मालाखा गोग्राम (सापुको गाउँ) मकवानपुरवाट गाउँ वस्न आएको भनि लेखेको छ ।[५] श्यामलदासको विचार अनुसार गोपालवंशीहरु मातातीर्थवाट आएको र अनि

---

३) ऐ ऐ पृष्ठ १ र २

४) ऐ ऐ पृष्ठ - २

५) धनवज्र वज्राचार्य, कमल पी मल्ल पेग ७३ - रेवतीरणान्द श्रेष्ठ नेवा -पृष्ठ-३

सेषपालहरु भारतको अहीर हो ।[६] नेपालमा सापुहरु (गोपाल) श्लेषमानतक वनको आसपास ग्वल, वत्तीसपुतली, सिनांमुगलतीर वसेको कुरा अहिलेको त्रिभुवन हवाइमैदान वन्नु भन्दा पहिले "गौचरन" को नामले प्रख्यात छ । अहिलेको गौशाला पनि त्यसवेला गोपालहरुले गाई राख्ने गोठ हुनु पर्छ ।

यो नीप वा नेप शव्द संस्कृत नभइ यही नेप नाउँको सापु (गोपाल) हरु जो मध्यदेशको अनार्य मुलको आभीर जाति हुनुपर्छ । उनीहरुकै भाषाको शव्द हुनुपर्छ । अहिले नेवार शव्द "नी" को अर्थ पवित्र जस्तै याहाँ नीप वा नेपको अर्थ पनि पवित्र वा शुध्द हुन्छ भनि देखिन्छ । त्यसैले नेप वा नीप शुध्द भनेको अर्थ अनुसार प्राचीन नेवार शव्द हुनसक्छ जसले नेप नाउँको सापु (गोपाल) पुराना शुध्द आदि नेवार हो भन्ने कुरामा अझ पुष्टि भएको देखिन्छ ।[७]

## ग) नेप, नेपाल र नेवार

महाभारत कालिन सापु (गोपाल) हरुको एक जात यो नीप शव्द अपभ्रंश हुंदै नेप भएको र नेप शव्दवाट देशको नाउँ नेप आल नेपाल र नेपालमा वस्ने मानिसको नाउँ पनि नेप वा नेपाल शव्द अपभ्रंश हुंदै अहिलेको नेवा:(नेवार) शव्द भएको दखिन्छ ।[८] तर यो कहिले देखि देशको नाम नेपाल भएको र मानिसको नाम नेवा:(नेवार) शव्द भयो भन्ने कुरा भन्न गाह्रो छ । तर पनि ई पु ३२१ देखि २९७ तक भारतका राजा चन्द्रगुप्त मौर्यको मन्त्री कौटिल्यको अर्थशास्त्रमा-(**अष्टप्लोति सङघात्या कृष्णा भिङ्गिसी ब्यर्ष वारणमपसारक इति नैपालकम्**) अर्थात आठवटा टुक्रा जोडेर वनाएको कालो बर्षाको पानीले नभिजिने भिङ्गिसी नेपालवाट आउने हो । यसवाट के बुझिन्छ भन्ने नेपाल देशको नाम आजभन्दा २३०० वर्ष पहिले नै भारतसम्म प्रख्यात भैसकेको थियो । सम्राट अशोकको नेपाल आगमन ईस्वी संवत भन्दा २५० वर्ष पूर्व भएको हो जसले पाटन नगरमा पाँचवटा स्टुप वनाएर गएका थिए ।[९]

---

[६] रेवतीरमणानन्द श्रेष्ठ - नेवा - पृष्ठ ३

[७] ऐ ऐ नेवा पृष्ठ - ४

[८] ऐ ऐ नेवा पृष्ठ ४

[९] वालचन्द्र शर्मा - नेपालको ऐतिहासिक रुपरेखा पेज-६८

वंशावली अनुसार द्वापर युगको अन्ततिर भगवान् श्री कृष्णसित नेपाल आएका सापू (गोपाल) वंशीहरु **काष्ठ गिरी** (स्वयम्भू पहाड) को समीप वसी गाई पालेको वर्णन गरेको छ ।[१०] नेपाल शव्द आज भन्दा हजारौं वर्ष पुरानो छ जुन शव्द कहिले देखि उत्पत्ति भयो अझै अनुसन्धानकै विषय हो ।

लिच्छवि कालमा औपचारिक राजभाषा सँस्कृतवाट नेपाल देशका नागरिकलाई नैपाल भन्छ भन्ने कुरा लिच्छवि कालका राजाहरु वसन्ट देवको नेपाल संम्वट ४३४ को टिष्टुङ्ग अभिलेखमा र अंशुवर्माको सम्वट ३१ का मुटुवाल अभिलेख र टिष्टुङ्ग अभिलेखमा शुरुमै **"स्वस्ति नैपालभ्यः"** भनेर लेखेकोबाट स्पष्ट हुन्छ ।[११]

यसबाट के देखिन्छ भन्ने लिच्छविकालमा देशको नाम नेपाल भने झैं देश वासीको नाम पनि नेपाल नै लेखेको पाइयो । तर स्थानीय वोलचालको भाषामा नेवाल भन्ने गर्छ होला जस्तै गोपाललाई गोवाल वा ग्वाल भन्ने गर्छ । पछि मल्ल कालमा नेवाल, नेवार भएको देखिन्छ । प्रताप मल्लले राखेको हनुमान ढोकाको नेपाल सम्वत ७७४ को नेवार भाषाको शिलालेखमा विभिन्न लिपिको साथै **"नेवार आखर"** भनेर लेखेको देखाएको छ । यही नै नेवार वा नेवालको अपभ्रंश अहिलेको नेवा : (नेवार) शव्द हो । त्यसैले नेवार जातिको प्रारम्भ यही नेप जातिबाट आएर समायान्तरमा नेप, नेपाल, नेपालं, नेवाल वा नेवार अनि नेवाः भएको देखिन्छ ।[१२] सम्राट अशोकले (चन्द्रगुप्त मौर्यको नाती, ई.पू. २७४-२३७) पनि आफ्नो शिलालेखमा आफ्नो पदवी राजाको ठाउँमा लाजा लेखी राखेको छ ।[१३]

नेपालमा पनि ज्यापूहरुको समाजमा रानीलाई लानी रानीथकूं लाई लानीथकूं बोल्ने चलन छ । नेवार जातिको नेवार शव्दको वारे पनि उहाले नेपारं, नेबार अनि नेवार हुने स्वभाविक हो भन्नु भएको छ ।[१४]

---

१०) ऐ ऐ पेज - ६२

११) धनबज्र बज्राचार्य - लिच्छवि कालिनका अभिलेख पेज नं. ११०,३०९,३११

१२) रेवतीरमणानन्द श्रेष्ठ नेवा - पृष्ठ- ५

१३) ऐ ऐ पृष्ठ - ५

१४) नेवा भाय् व संष्कृति अनुवादक- स्वयम्भू लाल श्रेष्ठ प्रकाशक साहित्यया मूलुखा

भृङ्गारेश्वर मुनिको समयमा श्लेषमान्तक वनको लागामा वस्ति वस्न आएका सापु ( गोपाल) हरु नेप नाउँवाटै नेप आल, नेपाल भनेर देशको नाम भएको र नेपं हे नेवाः (नेवार) अन्यथा निपं वाटै

नेपाल, नैपाल, नेवाल, नेवार भनी जातिको नाम भएको बलियो प्रमाण भएको सम्भावना छ ।[१५] वशांवलीमा गोठालालाई 'नेप' नामाकरण गरेको देखिन्छ । वास्तवमा उक्त गोठालोको नाउँ 'नेप' वाट नेपाल राष्ट्रको नामाकरण भएको थियो ।[१६]

नेपाल खाल्डोमा आएका सापू अभीर जातिको हो जस्तो देखिन्छ । उनीहरु लाई आभीर भन्न सक्ने यो कुरा छ कि सापूको राज्य गुप्त वंशी भएकाले गुप्तहरु किरातकाल पछि लिच्छविकालमा पनि विशेष गरी वसन्तदेव (सन ५१३-५२७) देखि नरेन्द्रदेव (सन् ६४३)को अगाडीसम्म राजनैतिक शक्ति भएमा रविगुप्त, भौमगुप्त, जिष्पुगुप्त, विष्णुगुप्त आदि राजाहरुले वलम्वु लागामा आभीर भएको स्थानमा उनीहररुलाई वढी सुविधा दिइराखेको छ ।[१७] भौम गुप्तको आमालाई आभीरी गोभीनी भनी राखेको कुरा सम्बट ४६२ को पशुपतिको आभीरी गोभीनीको अभिलेखमा उल्लेख छ ।[१८] यसबाट गुप्तहरु आभीरी जातिको गोपी (सापुत) हरु हो भन्ने देखिन्छ र नेपाल खाल्डोमा वस्ती वस्न आएका गोपीहरु आभीर जातिको मानिस हो भन्न सकिन्छ । अर्को कुरा गोभीको अर्थ अमर कोष अनुसार सा थुवाः (गाइको मालिक) हो । त्यस्तो भनिए तापनि गोभीहरु भनेको व्राम्हण र क्षेत्री पनि भएको रहेछ । पशुपति आर्यघाट सम्वट ४५२ को अभिलेखमा ब्राम्हण पुण्य गोभी, अंशुवर्माको भतिजो राजपुत्र भोगवर्मा गोभी भनी लेखी राखेको छ ।[१९]

आभीरहरुको वारेमा केही अर्को कुरा पनि लेखेको छ । त्यो के भने मनुस्मृति ग्रन्थको अध्याय १९ श्लोक ८ मा "व्राम्हणको वैश्य कन्यावाट जन्मेकोलाई अम्वष्ठ अनि शुद्र कन्यावाट

---

१५) रेवतीरमणानन्द श्रेष्ठ नेवा - पृष्ठ - ६

१६) डा. चुन्दा वज्राचार्य - नेपाल तथा एशियाली अनुसन्धान केन्द्रलाई वि.स. २०५३ मा प्रस्तुत - गोपाली महिलाको सामाजिक आर्थिक तथा शैक्षिक स्थिति, एक अध्ययन" भन्ने लामो अनुसन्धानको प्रतिवेदन - पहिलो शीर्षक" गोपालीको एतिहासिक पृष्ठभूमि" पृष्ठ-२

१७) धनवज्र वज्राचार्य - लिच्छविकालका अभिलेख - पृष्ठ - १४४

१८) ऐ ऐ पृष्ठ - १७०

१९) ऐ ऐ पृष्ठ - १४१, १४२

जन्मेकालाई निषद" भनिन्छ। त्यस्तै श्लोक ८ मा ब्राम्हणको अम्वष्ठ कन्यावाट जन्मेको वच्चालाइ आभीरु भन्छ भनेर लेखेको छ।[२०] आभीरको अर्थ गाइ पालेर जीविका चलाउने ग्वाला जाति र अहिरको अर्थ गाई भैंसी पालेर व्यवसाय गर्ने ग्वाला जाति भनि राखेको छ।[२१] तराईका यादव गाइ पाल्ने आभीर हो भने गाइ भैसीं पाल्ने थारु भनेर चिन्न सकिन्छ। भन त यादव र थारुहरुलाई ग्वाला भनिन्छ। तर यादवहरुले आफूहरुलाई थारु भनिदैन। नेपालका यादव जाति भारतीय मूलको आकृति देखिन्छ भन्ने थारुहरु मँगोल आकृति देखिन्छ। थारुहरु नेपालको भित्री मधेशसम्म धेरै छन् भने यादवहरु तराई प्रदेशको धेरै ठाउँहरुमा पाइन्छ।

यसरी हेर्दा श्लेषमानतक वनमा त्यसवेला वस्ती वस्न आएका नेप नाउँको सापू (गोपाल) हरु पनि आभीर जातिको हो। यिनीहरु तराइका यादव वा यादव जातिको पनि भिन्न नाउँको गोपालहरु हुनुपर्छ। त्यस्तै मे:पू (महिषपाल) हरु पनि आभीर जाति वा आहिर जातिको थारु हुनुपर्छ। यिनीहरु शुरुमा मध्येशवाट मकवानपुर तीर वस्ती वसी केही नेप नाउँको एक समुह नेपाल खाल्डो श्लेषमानतक वन ग्वल, वत्तीसपुतली सिनामंगलतीर बस्ती सारेको हुनुपर्छ।[२२]

## घ) मकवानपुरका गोपाली

मकवानपुरतीर मेपूत (महिषपाल) वस्ति भएको कुरा अंशुवर्माको पालाको टिष्टुङ्गतीर तौख्य: (चुष्टुङ्ग) को अशुंवर्माको सम्वत ३७ को अभिलेखवाट देखिन्छ।[२३] त्यस अभिलेखमा भैंसी पालकहरुलाई कष्ट भएकोले उनीहरुलाई गाउँबाट हताउन अर्के पेशाको व्यवस्था गरी अर्को स्थानमा जग्गा निगाह भएको कुरा उल्लेख गरिएको छ। त्यति मात्र होइन मकवानपुरको टिष्टुङ्ग र चितलाङ्कको ठाँउमा मकवानपुरको अलिपर थैक्वा: (मातातिर्थ, मच्छेगाउँ) तीर अहिले पनि गोपालीहरुको वस्ती भै रहेको कुरा अभिलेखमा उल्लेख छ।[२४]

---

२०) रेवतीरमणानन्द श्रेष्ठ - नेवा: - पृष्ठ ९

२१) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानवाट प्रकाशित नेपाली वृहत शब्द कोष

२२) इतिहास अन्वेषक हरि राम जोशी - pages of forgotten past विषय सूचि अंक ८
The Gopala - The Abhira - the Abhira tribe - पृष्ठ ४६ - ४९

२३) धनबज्र बज्राचार्य-लिच्छविकालका अभिलेख पृष्ठ - ३४८

२४) ऐ. ऐ. पृष्ठ ३५०.

काठमाडौं भित्र मुख्य गरी किलागाः टोलमा वसोवास थर्दै आउनु भएका सापूत ( गोपालक) अहिले पनि रहदै आएको छ । यीनीहरु सबै ज्यापू जातिसगं सबै प्रकारको व्यवहार हुन्छ  तर थानकोट मकवानपुर जिल्लाको कुन्छाल, श्रीखरकोट, तख्यः आदि ठाउँमा वस्ने सापूहरुले आफूहरुलाई ज्यापु जातिको उपजाति किसिमले लिएन । थानकोटर मकवानपुर जिल्लाको गोपालीहरुले आफू तराइको यादव जाति सित पुख्यौलि भएको भन्ने गर्छ ।[२५] नेपाल सम्बत ८३३ मा कून्छालको ढुंगेधारामा अक्षोभ्या र चैत्यमा गजूर राखेको अभिलेख छ । उक्त अभिलेखमा बिग्रेमा बनाउनु पर्ने हकवाला गोपालीहरु हो भनि उल्लेख छ ।[२६]

गोपाली (सापु) हरुको वस्ती धेरैजसो काठमाण्डौ, ललितपुर र मकवानपुर जिल्लामा देखिन्छ । सबभन्दा धेरै काठमाण्डौ जिल्लामा किर्तिपुर, किलागल, फर्पिङ्क, मच्छेगाउँ, थानकोट आदि ठाउँमा छ भने ललितपुरको थेचो गाउँमा र ललितपुर नगरभित्र पुल्चोक, कुम्मेश्वरमा छन् । ती पाटन पुल्चोकमा रहेका सापूहरुले मच्छिन्द्रनाथको जात्राको लागि  रथ बनाइ सकेपछि रथलाई तान्नु अघि साइतमा पुजा गर्न ब्राम्हणलाई गाई दान दिनुपर्ने चलन छ । त्यस्तै  बैशाष पुर्णिमाको दिनमा मच्छिन्द्रनाथलाई दुधले नुहाउन पुल्चोकका सापु परिवारले दुई माना दुध दिनु पर्ने कुरा भन्छ ।[२७]

गोपाल वंशावली अनुसार पशुपतिनाथसित सम्पर्क भएका गोपालीहरु मल्लकालको तौखेलको ने.स. ८२७ को अभिलेखमा उमा महेश्वरलाई मानेको देखिन्छ भन्ने कुन्छालको ढुँगेधाराको अभिलेखमा ने.सं ८३३ को अभिलेखले वौद्ध धर्म मान्ने देखाएको छ ।[२८]

---

२५) डा. चुन्दा वज्राचार्यको लेख चन्द्रागिरी नामको समसामयिक 'मुना' - १ कछलाध्व - १, १११७ नेपाल सम्वत

२६) रेवतीरमणानन्द श्रेष्ठ - नेवाः - पृष्ठ - १२

२७) वेखामाया महर्जन वर्ष ६१ ल.पु. पुल्चोक वडा नं.३

२८) ऐ ऐ पृष्ठ - १२

यस प्रकारले नेपालको उत्पति तथा नेवार जातिको विषयमा विभिन्न विचार धाराहरु रहेको पाइन्छ भने अर्कोतिर नेवार एउटा जाति हो वा देशको नाउँ हो भन्ने सम्वन्धमा पनि विभिन्न धारणाहरु पाइन्छ । वास्तवमा नेवार एउटा छुट्टै कुनै जाति नभएर प्राचीन कालमा विभिन्न वर्ग र समुहको एउटा जाति हो । प्राचीन काल देखि नै नेपाल खाल्डोमा वसोवास गर्ने र विभिन्न समयमा बाहिरबाट बसाईं सर्दै आएका विभिन्न वर्गहरु एक आपसमा मिलेर छुट्टै संस्कृति विकसित हुँदै नेवारी संस्कृति देखा परेको थियो-मञ्जुश्री नेपाल आउँदा त्यसले छोडेका मानिसहरु, जो यहाँको कृषक भन्दथे । त्यस्तै श्री कृष्ण नेपाल आएर दानाशुरलाई हराई फर्कदा श्रीकृष्णसंग नेपाल आएका ग्वालाहरु नफर्केका र गौतम वुद्धका समयमा प्रचलित जातिहरु शाक्य, लिच्छवि, मल्ल र वृजिक आदि जातिहरु नेपाल प्रवेश गरेका थिए । जसको प्रमाण विभिन्न ग्रन्थ तथा अभिलेखहरुवाट पुष्टि हुन्छ । ती सवै जातिहरु नेवार जातिको भाषा, धर्म, संस्कृति र संस्कारहरु अपनाएर नेवार जातिसंग नै मिलेर गएको वुझिन्छ ।[२९] **जर्ज ग्रियसर्न**को भनाइमा नेवारहरु पृथ्वीनारायण शाहको विजय भन्दा पहिले नेपालको शासक थिए र यिनीहरुको मूल थलो नेपाल (काठमाण्डौ) उपत्यका नै हो ।[३०]

**गाइत**को भनाइमा नेपाल र नेवारी भन्नु यहाँ बोलिने भाषाको नाम हो र यो भाषा ईस्वी १७६९ सम्म यहाँको राज भाषा नै थियो ।[३१]

यसबाट स्पष्ट हुन्छ कि नेवार कुनै जाति नभएर नेवारी भाषा वोल्ने एक समुह मात्र हो । नेवार शव्दको उत्पति यस जातिको मूल निवास स्थल नेपालवाट गर्न सकिन्छ । इङ्लैण्डका निवासी ईंग्लिस, र अफगानिस्तानको निवासी अफगान भए झै नेपालका निवासी नेवार अथवा नेवा हुनुमा केही संका गर्नु पर्दैन ।[३२]

---

२९) Bhuwan lal Pradhan , on the Antiquity of Nepalese culture , ( T.U. Kritipur cultural annual Journal २०३६० ए-५

३०) जनकलाल शर्मा,हाम्रो समाज एक अध्ययन, द्वितीय संस्करण, (काठमाण्डौ, साझा प्रकाशन, २०४९) पृष्ठ-३४०

३१) ऐ. ऐ पृष्ठ-३४१

३२) बालचन्द्र शर्मा - नेपालको ऐतिहासिक रुपरेखा- पृष्ठ-३९

त्यसकारण नेवार एउटा छुट्टै जाति नभएर सवै जातिहरु मिलेर वनेको एउटा समुह हो । सप्तरंग मिलेर इन्द्रेणी वने जस्तै यीनीहरु विभिन्न जाति र उपजातिहरु मिलेर वनेको एउटा समुह हो । डोर बहादुर विष्टको भनाई अनुसार नेवार- गुरुङ्ग, मगर, तामाङ्ग जस्तै केवल एउटै जाति (Ethnic Group) नभई धेरै आदिवासीहरुको संयोजनवाट वनेको अनेक उप जातिहरु भएको एउटा राष्ट्र जस्तै हो ।[३३] वहाँकै भनाईमा आर्य, मंगोल र केही मात्रामा अष्ट्रेलाइड आदिवासी मिली वनेको समुह हो । त्यसैले नेवार भन्ने एउटा जात वा जाति होइन । नेवार भित्र धेरै जातका र धेरै दिशावाट आएर मिसिएका तर कालान्तरमा सबै मानिसलाई नेवार नै भनिएको हो ।[३४]

यस प्रकार नेवार कुनै विशेष जाति नभएर नेपाल भित्रका मानिसहरुले नेवारी भाषा वोल्नेहरुको समुह हो जुन नेवार शव्द विभिन्न अपभ्रंश भै वनेको हो भन्ने कुरा विभिन्न विद्वानहरुले आफ्नो भाषामा व्याख्यान गरेका छन् । **"नेवार"** शव्द **नेभाल, नेवाल, नेभार, नेपार** आदिवाट वनेको तथा नेवारवाट नेपाल नाम पनि रहन गएको वारे विभिन्न विद्वानहरुले विभिन्न विचार धाराहरु पोखेका छन् । नेवारहरु नेपाललाई **"नेपा"** वा **"नेवा"** भन्दछन् । **"ने"** को अर्थ **मध्य** र **"पा"** को अर्थ **देश** हुन्छ ।[३५]

**ज्ञानमणी नेपाल** अनुसार नेवारी भाषामा (वोलचालमा) छोट्याएर वोल्ने प्रकिया भएकोले नेपालको उचारण संक्षेप गर्दा **"नेवा"** भएको हुन सक्छ ।[३६] **सिल्भा लेभी** अनुसार **नीप** संस्कृत शव्द हो र यसमा **आल** जोडिदा **नेपाल** वनेको हो ।[३७] **डा. सुमीर्ति कुमार चटर्जी**को नेपाल र नेवार शव्द एकै हुन भन्दै त्यसको स्पष्टीकरण भाषाको दृष्टिकोणमा **प** र **ल** को ठाँउमा **त** र **र** उच्चारण गर्ने प्रवृति अनुसार नेपाल शव्दको अपभ्रंश भई **नेवार** शव्द हुन आएको हो ।[३८]

समाजको बनोट पनि नेवार समुदाय भित्र विभिन्न उच्च वर्ग र नीच वर्ग भै त्यसमा पनि जाति उपजाति–प्रजातिहरुको एकत्रित समुह नै नेवार जातिको समाजको वनोट हो ।

---

३३) Dor Bahadur Bista op.cit. (no 19) p.16

३४) ऐ.ऐ. पृष्ठ- ७

३५) ढुण्डिराज भण्डारी -नेपालको ऐतिहासिक विवेचना,द्वितीय संस्करण (वाराणसी)

३६) ज्ञानमणी नेपाल,नेपाल निरुक्त (काठमाण्डौ,ने.रा.प्र.प्र.-२०४४) पृष्ठ-

३७) Shilva Levi,Le Nepal part II P. 67

३८) जनकलाल शर्मा- हाम्रो समाज एक अध्ययन-पृष्ठ-३४०

नेवारको समाजमा जातियता विभेद नेपाल सम्वत ५०१ देखि ५१६ सम्म शासन गर्ने मल्ल राजा अशोक मल्लको छोरा जय मल्ल (जयस्थिति मल्ल) ले समाजलाई व्यवस्थित गर्नको लागि सुधार गर्नु भएको थियो । राजा जय स्थिति मल्लले आफ्नो मन्त्री जगत भारो (श्रेष्ठ) र राजगुरु शिवदास उपाध्याय सहित अरु ५ जना-१.कान्यकुण्जीब्राम्हण–कीर्तिनाथ उपाध्याय २.मेथिलब्राम्हण–रघुनाथ झा ३.रामनाथ झा ४.दक्षिणी ब्राम्हण – श्रीनाथ भट्ट ५.महिनाथ भट्ट आदिहरुको सल्लाह अनुसार तत्कालिन नेवारहरुलाई ६४ वटा जातिमा व्यवस्था गरेको देखिन्छ । ती ६४ वर्गमा विभाजित जातहरु लीलाभक्त मुनाकर्मीको नेपाली भाषाको "मल्लकालीन नेपाल" भन्ने किताव अनुसार **जाति विभाजन** यसरी छन् ।

तालिका नं.:- २

| सि नं | जात | पम्परागत पेशा |
|---|---|---|
| 1 | कुलु (चर्मकार) | छालाको, बाायग,पानीको भाँडो,बाजा गाजा बनाउने |
| 2 | पोरे | पीठ देवतालाई हेर विचार गर्ने,देवतालाई चढाएका भाग खाने, दीपको दस्तूर लिने |
| 3 | डुम | जोगी जातसित वसी ढोलक बजाउने, स्त्रीलाई नचाइ खाने |
| 4 | टंती | मृत्युलाई ओड्ने 'ध्यवं कपडा' बुनी विक्री गर्ने |
| 5 | जोगी | सामाजिक मङ्गल काममा वाजा बजाउने |
| 6 | पुलुपुलु | मृतक मलामी लग्दा अगाडि अगाडि बसेर "मुजुरा आप्ती" बजाएर जाने |
| 7 | नाय् (खड्गी) | राँगो काती मासु विक्री गर्ने |
| 8 | नरी | भित्तामा चित्र लेख्ने |
| 9 | गठू | फूल विक्री तथा सातेर चामल लिने |
| 10 | छिपा (रँजीतकार) | कपडामा रंग लगाउने |
| 11 | कौ (नकर्मी) | फलामको ज्यावल वनाउने |
| 12 | पिछिनी | वच्चा जन्मिदा वच्चाको नालो काटी असल दिनमा चोक (दुपाट) मा फाल्ने |
| 13 | धोव्या (सघट) | मानिसको लुगा धोएर महिना महिनामा/वर्षमा वालि उठाइ खाने |
| 14 | नौ (नापित) | सबैको नङ र कपाल काती महिना महिनामा/ वर्षमा वाली उठाइ खाने |
| 15 | कोना | धुँप वनाउने र काठ, दाउरा, आदि विक्री गन |
| 16 | भाः | ओड्ने र पटुकामा रँग लगाउने र यजमान गर्दा एकादशमा भाग लिने |
| 17 | पुँ (चित्रकार) | देवताहरुको चित्र लेख्ने |
| 18 | साँय्मी | तेल पेलेर वेच्ने र देवताको खत वनाउने |
| 19 | मुस | खड्गीले मासु विक्री गर्दा मासु पोको पारेर ज्याला लिने |
| 20 | तेप्याय् (वेञ्जनकार) | (पल) सागपात खेती गरी बिक्री गर्ने |
| 21 | खुसः(तण्डुकार) | दु बोक्ने काहाः वाजं वजाउने खत वनाउनमा मदत गर्ने |
| 22 | सिंकमि (सिकर्मी) | काठको झ्याल ढोका वनाउने |
| 23 | ग्वालः(सापू) गोपाल | गाइ पाल्ने र दुध घ्यू वेच्ने |
| 24 | कुम्हाः (कुमाल) | माटोको भांडाकुंडा वनाउने |
| 25 | उदास | ल्हासामा कोठी राखेर व्यापार गर्ने |

| | | |
|---|---|---|
| 26 | तती | च्येवं र जनाई वनाई विक्री गर्ने |
| 27 | तवः (ताम्राकार) | पितल र तामाको भाडा वनाउने |
| 28 | सुलमी (मुलमी, श्रेष्ठ) | व्यापार गर्ने |
| 29 | किसान (ज्यापु) | खेती गर्ने, देवताको पुजा सामान वोक्ने |
| 30 | वैद्य | विरामी हेर्ने |
| 31 | लोंहकःमि (शिल्पकार) | ढुंगाको मूर्ति वनाउने |
| 32 | बरही | काठको सामान वनाई विक्री गरी खाने |
| 33 | हलुवाई | मरी पकाउने र विक्री गर्ने |
| 34 | विखुबरे | मुला, अदुवाको खेती गर्ने, पञ्च पताकर दिने |
| 35 | बरे | सुनचाँदीको गहना तथा ढलौटको भांडाकुंडा वनाउने |
| 36 | वज्राचार्य | श्रेष्ठ, ज्यापु, हलवाइ, बराई, सिकंमी शिल्पकार, चित्रकार आदि बुद्धमार्गीलाई मन्त्र दिने |
| 37 | कसाल (कंसाकार) | काँचको (कयं) भाडा कुडा वनाउने |
| 38 | पीठाचार्य (पीठ-आचाजु) | पीठ देवताको पूजा गर्ने |
| 39 | शिवाचार्य (आचाजु) | शिवलिङ्गको पुजा गर्ने, गृहशुद्धि (घःशु) को काम गर्ने |
| 40 | कर्माचार्य (आचाजु) | तलेजुको सेवा गर्ने यजमान गर्ने |
| 41 | गुरुवाचार्य | श्रेष्ठजातलाई दिक्षा सुनाउने-शुद्ध कामको होम गर्ने,यजमान गर्ने |
| 42 | देवाचार्च | आफ्नो घरको शुद्धको होम गर्ने – यजमान गर्ने |
| 43 | पात्रवंश(थकूलवत) | ढाल तलवार भेरी राजाको सेवा गर्ने |
| 44 | राज लवत | ढाल तलवार भेरी राजाको सेवा गर्ने |
| 45 | कायस्थ | जनताको दानपत्र, सुकी विकी पत्र, तमसुक भाषापत्र गैह्र व्यवहारिक लिखत लेख्ने |
| 46 | भारो (श्रेष्ठ) | व्यापारी गर्ने शिवमार्गी-ब्राम्हण र बुद्धमार्गी गुभाजुवाट मन्त्र लिने |
| 47 | महाजु (अमात्य) | राज्य काम गर्ने |
| 48 | जोशी | नित्य काम गर्ने, पात्रो बनाउने, जन्मपत्री लेख्ने, साइत हेर्ने, यजमान  गर्ने |
| 49 | ठकू (ठकुरी) | तलवार भिरेर सधैं राज्यको काम गर्ने |
| 50 | जुजुखल(ठाकुर) | ललवार भिरेर सधै राज्य काममा वस्ने |
| 51 | राजा | ढाल तलवार  भिरेर आफ्नो नीतिमा वस्ने |
| 52 | देव ब्राम्हण | मन्त्र सुन्ने सुन्नाउने, राजालाई मन्त्र दिने |

माथिको पक्तिमान नराखेको केही अरु जात यस प्रकार छन्

तालिका नं.:- ३

| | | |
|---|---|---|
| 1 | वलामिं | काठ दाउरा काती विक्री गन |
| 2 | माझी | माछा मारी विकी गर्ने |
| 3 | माहुती | हात्तीलाई हेरविचार गर्ने |
| 4 | मातिं-द्यला,मातंगी | देवताको हेरविचार गर्ने |
| 5 | सवल | सबः |
| 6 | च्यामखल | वाटो चोक आदिमा कुच्व लगाउने र चर्पी सफा गर्ने |
| 7 | दँगुल (क्षेत्रकार) | हातले जगा नापी दिने |
| 8 | पीछु (तक्षकार) | घरको नाप गर्ने बरे |

| | | |
|---|---|---|
| 9 | भलीं | भोजमा खाना वनाउने, भोजमा खान राख्न लाने |
| 10 | वौद्धाचार्य गुभाजु | चित्रकार, मानन्धर (सायँमी), रंजितकार |
| 11 | जैसी व्राम्हण | शीखा गायत्री सङ्कल्प पाठ गर्ने, पात्रो वनाउने, जन्म पत्र लेख्ने |
| 12 | कर्माचार्य ( जनै नभएको ) | जनै भएका कर्माचार्य भने जातले भनेको शीखा गायत्री लिएर तुलजा दिदीको सेवागर्ने |

माथिको तालिका अनुसार १२ र ५२ गरी जम्मा ६४ वटा जातमा नेवारहरुलाई जयस्थिति मल्लले जातको व्यवस्था गरेको देखिन्छ । नेवारहरुमा भिन्न भिन्न जातमा भिन्न भिन्न पुरोहितद्वारा काजक्रिया गर्नु पर्ने व्यवस्था जयस्थिति मल्लले यसरी गरेको देखिन्छ ।

**१) आफ्नै जातले पुरोहित गर्ने -** १) कुलु २) पोरे ३) डुम (च्यामखल) ५) कुशले(जोगी) ५) पुलुपुलु ६) बज्राचार्य ७) पीठाचार्य ८) देवब्राम्हण

**२) अरु जातलाई यजमान गर्ने -** १) बज्राचार्य २) बौद्धाचार्य ३) शिवाचार्य ४) कर्माचार्य ५) गुरुवाचार्य ६) देवाचार्य ७) जोशी ८) देवब्राम्हण

**३) गुभाजु पुरोहित राख्ने -** १) तती २) नाय् ३) नरी ४) गठू ५) छिपा ६) नकमी ७) पिछी ८) सँघ(धोव्या) ९) नौ १०) कोना ११) पुँ १२) सायँमी १३) मुसः १४) तेप्याय् १५) खुसः १६) सिंकःमी १७) कुम्हा १८) उदास १९) तबः(बौद्ध) २०) किसान (ज्यापु) २१) लोहंकःमि २२) बौद्धवशाहि २३) हलुवाई २४) बिखुबरे २५) वरे २६) बौद्धश्रेष्ठ

**४) ब्राम्हण पुरोहित राख्ने -** १) शैव ग्वाल २) शैवतटी ३) शैवतबः ४) मुलमि (श्रेष्ठ) ५) बैद्य ६) शैव वराहि ७) कसजु ८) पीठाचार्य ९) शिवाचार्य १०) गुरुवाचार्य ११) देवाचार्य १२) पात्रवंश १३) राजलवत १४) कायस्थ १५) भारो (श्रेष्ठ) १६) महाजु १७) जोशी १८) ठकू १९) ठाकुर (जुजुखलः २०) जुजु

**५) जनै राख्ने जात -** १) देवब्राम्हण २) जुजु ३)ठाकुर ४) ठकू ५) जोशी ६) जैशी ७) कर्माचार्य ८) शिवाचार्य ९) पीठाचार्य

परिवारमा कोही मर्दा निम्न दिनमा निम्न अनुसार शुद्ध गर्ने जातहरु निम्न छन् ।

**१) आफ्नो परम्परा अनुसार शुध्द गर्ने दिन नछुट्टेको जाति -** पोरे, डुम

**२) सात दिनमा घःसु (शुद्ध) गर्ने -** जोगी (कुशले), बज्राचार्य,

**३) दश दिनमा घःसु गर्ने -** कुलु, टती, पुलुपुलु, नाय्, नरी, गठू, छिपा, जमःमि, पिछि, संघः, नौ, कोनार, भाःत, सायँमि, मुसः तेप्याय्, खुसः, सिंकमि, उदास, कुम्हा, शैवटती

४) **१२ दिनमा घःसु गर्ने -** टब, ज्यापु, मुलमी, श्रेष्ठ, ग्वाल, लोहंकःमि, वरही, हलुवाइ, बिखुबरे, बरे, कसाल, पीठाचार्य, शिवाचार्य, कर्माचार्य, गुरुवाचार्य, पात्रवंश, थकुलवत, राजलवत, कायस्थ, भारो (श्रेष्ठ) महाजु, जोशी, ठाकुर

**आफ्नो कामको साथै खेती गर्ने जात -**

जोशी, नाय्, छिपा, पिछि, संघः, नौ, भाःट, टिप्याय्, खुसः, आदि

यी माथि उलेखित जातिहरु गुभाजु पुरोहित राख्ने जति बौद्धमार्गी र ब्राम्हण पुरोहित राख्ने सबै शिवमार्गी भनेर बुझिन्छ । यी नेवारहरुमा धर्म परिवर्तनमा कुनै बन्देज छैन । कुनै जातिको बौद्ध मार्गी भए तापनि हिंसा गरेको पनि थुप्रै पाइन्छ । खास गरी नेवार जातिहरुमा धार्मिक सहिष्णुता बढि देखिन्छ ।

६४ वटा विभाजित जातहरुमा पनि छुन्न हुने र छुन्न नहुने गरी समाज भएता पनि जयमल्लको जात व्यवस्थामा छुन्न नहुने भनी उलेख गरेको छैन खाली तल्लो वा नीचजात भनेर उलेख गरेको पाइन्छ ।

**कलिङ्ग रोजर**को अनुसार नेवार जातहरुमा छुन हुने र छुन नहुने भनी २ भाग गरेको पाइन्छ जुन यस प्रकारका छन् ।

**छुन हुने जातहरु -**

देवब्राम्हण, गुभाजु, भट्टब्राम्हण, झा ब्राम्हण, बरे, श्रेष्ठ, उदास, ज्यापु, कुमाल, खुसः, टेप्याय्, साय्मी, गथु, भाः, वलामी, पुल इत्यादि

**छुन नहुने जातहरु -**

जोगी, नाउ, कुलु, पोडे, च्यामखल, हाराहुरु

नेवार जातहरुमा कोहि मर्दा शुद्ध ब्राम्हण, गुभाजु र बज्राचार्यहरुले गर्ने गरिन्छ । कुनै कुनै जातिहरुको घःसु (शुद्ध) गर्ने दिन नै तोकेको छैन भन्ने कोहि जातहरुमा शुद्ध गर्ने १० दिनमा गरिन्छ त कोहि १२ दिनमा गरिन्छ । खास गरी नेवार समाजमा तल्लो जातको ७ दिन वा १० दिनमा घःसु गर्ने गरिन्छ । १२ दिनमा घःसु गर्नेहरुलाई थःजात (माथिलो) भन्ने गरिन्छ ।

यस्तो जातको व्यवस्था एकै चोटी नआएर लिच्छवि राजा सपुष्पदेवले लागु गरको ४ वर्ण व्यवस्था र लिच्छवि राजा वसन्त देवको ४ वर्ण १८ जात पछि वनेको क्रमिक विस्तारिक व्यवस्था हो । यस जाति व्यवस्थामा नछुने जातहरु एकदम कम वनाएको छ । अरु जातहरुमा

शिवमार्गीले बुद्धमार्गी भएपनि छुने बनाएको छ भन्ने छुन हुने पत्येक जातहरुमा ब्राम्हण पुरोहित र गुभाजु पुरोहित भनेर छुत्याएको देखिन्छ ।

यसरी शासक वर्गहरुले जनतालाई काम अनुसार जात विभाजन गरी देशमा सुव्यवस्थित गरेको देखिन्छ । त्यसवेलाको सुव्यवस्थित जात वा समाज विभाजनले आज समाजमा आफू आफूमा ठूलो र सानो जातको बेमेलले झगदा श्रृजना हुनु र समाज अलमलिनु र विकासमा छेकवार वन्न पुगेको छ । अर्को अर्थमा “ श्रम अनुसार जात विभाजन गरी समाजलाई सुव्यवस्थित गरेको ” अर्थमा लिन सकिन्छ । विवाह व्यवहारमा पनि जात अनुसार विवाह गर्नु परेकोले सामाजिक समस्या सृजना भएको छ । यस्तो सामाजिक भेदभाव समस्या हताउन राज्य पक्षले जस्तो सुकै राम्रो ऐन कानून ल्याएता पनि शिक्षाको विकास विना जनताको सामाजिक भेदभाव हताउन सकिन्दैन । समग्र रुपमा यहि नै उपत्यका भित्रको नेवारहरुको संस्कृत वा विशेषता रहेकोछ ।

वास्तवमा वर्तमान नेवार समाजले नेपालको प्राचिन सामाजिक परम्पराको प्रतिनिधित्व गरेको अनुभव हुन्छ । नेपाल भित्र विभिन्न रुपले संस्कृती र सभ्यता विकसित भैरहेको छ । तर पनि प्राचिन देखि चल्दै आएको काठमाण्डौ उपत्यका भित्रको नेवारको संस्कृति र परम्परा चल्दै रहेको छ । यही नै विभिन्न समुदाय र जातिहरुको समिश्रणले आजको नेवार समुदाय भित्र ज्यापु जातिको समाज विकसित भैरहेछ ।


# तेश्रो-अध्याय

## ३ ललितपुर नगरको छोटो परिचय

### ३.१. भौगोलिक परिचय

धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक धरोहर बोकेको पाटन भनेर प्रख्यात ललितपुर नगर उपत्यकाको पुरानो तीन शहरहरु मध्ये दोश्रो ठूलो शहर हो । यो नगर काठमाडौं शहरबाट दक्षिण उच्च भूमिमा अवस्थित छ । ललितपुर नगर नेपाल अधिराज्यको सुन्दर एवं कलात्मक सांस्कृतिक नगर हो । यो नेपालको मध्यमाञ्चल विकासक्षेत्र, बागमती अञ्चल ललितपुर जिल्लाको उत्तरी भागमा पर्दछ । यो ललितपुर नगर २७°३९' अक्षांस देखि २७°४१' अक्षांस उत्तरसम्म र ८५°१८' देशान्तर देखि ८५°२१' देशान्तर पूर्वसम्म रहेको छ भने यसको क्षेत्रफल १५°४६' वर्ग किलोमिटर छ ।

चित्र नं.:–५




(ललितपुर उ.म.न.पा.को वडा विभाजन र लोकेशन नक्सा)

यस नगरलाई तीनतिर ४ वटा नदीले घेरिएको छ । ती सबै नदीहरु पश्चिम हुँदै दक्षिणमा वगेर जान्छन् । ती चार वटा नदीहरु मध्ये **बागमती** सबभन्दा लामो छ । जसको लम्वाई ८.८ किलोमिटर छ । दोश्रो लामो नदी **कोड्कु खोला** छ । यस खोलालाई **"कर्मनासक खोला"** भनिन्छ भने स्थानीय नेवारी भाषामा यस खोलालाई **"टेटा खुशी"** पनि भनिन्छ । अर्को शब्दमा यस खोलालाई **"कुसुमति"** पनि भनिन्छ । यसको लम्वाई ४.८' किलोमिटर लामो खोड्कु खोला दक्षिणबाट उत्तरतीर बग्दै मनोहरा खोलामा मिसिन्छ । यी दुवै नदी बागमतीमा मिसिन्छ । अर्को चौंठो खोला **नक्खु** खोला हो । यस खोलालाई **"प्रभावती"** पनि भनिन्छ । यसको लम्वाई यस क्षेत्रमा ४.६ किलोमिटर छ । यो खोला पनि दक्षिणवाट उत्तर-पश्चिम हुँदै बागमतिमा मिसिन्छ ।

नगरको पूर्वी सिमाना कुसुमती खोला र पारी पट्टी इमादोल गा.वि.स. र दक्षिण पूर्वमा जल (हरिसिद्धि) गा.वि.स. छ । उत्तरपट्टि  मनोहरा खोला (मणपति) र उत्तर पश्चिममा बागमती नदी छ । ती नदीको पारी पट्टी काठमाडौ महानगरपालिका छ जो राजधानी शहर हो । पश्चिमपट्टी बागमती नदी र त्यसको पारीपट्टी किर्तिपुर नगरपालिका छ । दक्षिणमा नक्खुखोला ( प्रभावती) भैंसीपाटी, सुनाकोठी र धापाखेल गा.वि.स. छन् ।

ललितपुर नगरलाई प्रशासनको दृष्टिकोणले २२ वटा वडामा विभाजन गरेको छ । ती २२ वटा वडाहरु मध्ये सवभन्दा ठूलो वडा १५ हो । त्यसको क्षेत्रफल २९६.६ हेक्टर छ र सबभन्दा सानो वडा २१ हो जसको क्षेत्रफल ६.१० हेक्टर छ । ठूलो वडा सानो वडाको तुल्नामा ४८.३२ गुणा ठूलो छ ।

यस नगरको जमिन सतह १२७२ मि. देखि १३३८ मि.सम्म भिरालो छ । जमिन सतहको फरक ६६ मि. छ । सवभन्दा होचो भूमि वडा नं. ४ को दक्षिण पश्चिम बागमती नदीको पूर्वी किनारमा छ भने अग्लो भूमि वडा नं. १४ मा चापागाँउ जाने बाटोको दायाँपट्टी पर्दछ

**क हावापानी (तापक्रम)**

यस नगरको अधिकतम तापक्रम ३२° सेन्तिग्रेड सम्म हुन्छ । वढी गर्मी हुने महिनाहरु बैशाष देखि भाद्रसम्म हुन्छ र न्यूनतम तामक्रम २° सेन्तिग्रेड शालाखालामा हुन्छ । बर्षा याममा वर्षा नभई सुक्खा भइरहेमा त्यसवेला तापक्रम ३३°/३४° सेन्तिग्रेड सम्म पुग्दछ । त्यस्तै गरी हिउँद महिनामा पूष माघमा वर्षा भएर तापकम – २°सेन्तिग्रेडसम्म पुग्दछ ।


## ३.२ "ललितपुर" नाउँको उत्पति

ललितपुर नगर उपत्यकाका अन्य शहरहरु जस्तै पुरानो हो । यो शहर तेश्रो शताब्दी वि.सि.मै किराँतहरुले राज्य गरेको पाउँदछौं । मंगलबजारको भिमसेन मन्दिरको पछाडी पटक्वो (क्वालखु) तीर किराँती हरुको बस्ती जुन अहिले एउटा ठूलो अग्लो पिपलको रुख छ । त्यसको भग्नावशेष अहिले पनि बाँकी छ । किराँतीहरुको दिगुद्यो: (आगँदेब) भनेर प्रख्याती सिद्धिलक्ष्मी मन्दिर यसै नगरको पूर्वपट्टी त्यागल टोलमा अहिले पनि बर्षेनी पूजा गर्न किराँतीहरु आएको देखिन्छ । किराँती प्रथम राजा यलम्बरले राज्य गरेको हुनाले यस नगरलाई **"यल"** भनेको भनिन्छ ।[1] पछि किराँतीहरुलाई लिच्छबीहरुले हराइ याहाँ राज्य गरे । यी लिच्छबी राजाहरु ले पनि केही राज्य बिस्तार गरे । पछि मल्लहरुले राज्य गरे । यिनीहरुको पालालाई **"स्वर्ण युग"** भनिन्छ । अहिलेका दरवार, मठ मन्दिर, आदि यिनीहरुले नै वनाएका थिए । धेरै समय पछि आफ्नो राज्यमा वाहिरी हमलावाट सुरक्षा गर्न बसोबास गर्ने नगरमा चारैतर्फ ठाँउ ठाउँमा धोका राखी नगरलाई पर्खालले घेरी  राखेको पाईन्छ । ती मध्ये मुख्य धोकाहरुमा **पूर्वपट्टी त्रेटा धोका, पश्चिम पट्टी त:धोका, उत्तरपट्टी कोन्ति धोका र दक्षिणपट्टी थति धोका**हरु हुन् । नगर भित्र आउने प्रमुख धोकाहरुमा- १) त्रेता धोका २) त:धोका ३) क्वन्ति धोका ४) थति धोका ५) यल धोका ६) आलुक्व धोका ७) पलँ धोका ८) च्यास: धोका ९) भोल धोका १०) च:प धोका ११) सुवहा: धोका १२) गुइत: धोका १३) ससु धोका १४) पिलाछैं धोका १५) लुँखुसि धोका १६) कनिवहा: धोका १७) इति धोका  १८) चा धोका १९) लुँ धोका २०) छायवहा धोका २१) बलम्ह धोका । यी सबै धोका श्री निवास मल्लको पालामा बनाएका थिए । यसको नक्सा तल दिएको छुँ ।

---


[1] आशा रत्न शाक्य- "मल्लकालिन यल धोका लेख" लुमन्ति पौ-ज्यापु समाज- बिषय सुची-अंक-२-पृष्ठ-२

धोकाहरु र पर्खालले घेरिएको पुरानो यल देश ( पाटन ) को नक्सा
चित्र नं.:-६




चित्र नं.:-७





पाटन नगर भित्र पस्ने दुई ढोकाको नमूना

यस नगरलाई बिभिन्न नामले चिनिन्छ। **ललितपटन, यल, यूप ग्राम, पाटन र मनिनगल** आदि हुन् । वंशावली अनुसार ठकुरी वंशका पाँचौ राजा वीरदेव दवले कालिगत सं.३४०० र यस अनुसार ई.स. २९९ मा यस शहरको पुनः निर्माण गरी यस शहरको नाम 'ललितपटन' नाम राखेका थिए।[२]

पछि "ललितपटन" लाई छोटोमा पछाडिको पटन मात्र बोली अपभ्रंश हुँदै **"पाटन"** भएको हुनुपर्छ। यो शव्द नगर वाहिर वस्ने मानिसहरुले बोल्ने गर्दछ। अहिले पनि कुनै नामको पूरा नाम नभनी छोटो नाम वोल्दा हरीकृष्णलाई हे कृष्ण, हरि काजीलाई हर काइ मात्र भन्ने गर्दछ।

यस नगरलाई ललितपुर भनाको कारण -प्राचीन कालमा काठमाडौं उपत्यकामा वाह्रवर्ष सम्म पानी नपरी अनिकाल परी रहेको वेला तीनवटै शहरका - भक्तपुरका **राजा नरेन्द्रदेव, काठमाडौं** राज्यका **ज्योतिष बन्धुदत्त** आचाजु र **ललितपुरका ललित ज्यापु,** तीनैजना मिली भारतको आसाम प्रान्तको कामारु कामाछ्यासम्म गएर बर्षा देवी **रातो मच्छिन्द्रनाथ** याहाँ ल्याउँदा ललित ज्यापुको प्रयासले उक्त रातो मच्छिन्द्रनाथ ललितपुरमा राख्न सफल भयो। उक्त ज्यापु **"ललित"** ले गरेर रातो मच्छिन्द्रनाथ ललितपुरमा राखेको हुनाले यस शहरको नाम ललितपुर हुन गएको भनि वंशावलीमा उलेख छ। **"ललित'** भनेको **नाम** र **"पुर"** भनेको **शहर** हो।

यस नगरमा वौद्धको प्रभाव निकै भएको देखिन्छ कारण यस शहरमा किराँत तथा लिच्छबीकालमा निर्माण गरेका विभिन्न प्रमुख वौद्ध विहार (मुख्य वहा :) १६ वटा, प्रमुख बहीहरु २० वटा छन्। यी वहाः र बहीहरु बीचमा राखी वैज्ञानिक किसिमले सबै घरमा प्रकाश आउने गरी घरहरु निर्माण गर्न लगाएका थिए। यी सवै बहाःबहीहरु नगरको बीचमा बढी पाइन्छ। ती बहाः र बहीमा भएका देवताहरुमा समय समयमा पूजा आजा गरिन्छ। यस्ता बुद्धका बहा बहीहरु तीन शहरहरु मध्ये यस शहरमा बढी देखिन्छ। यी बाहेक याहाँ हिन्दू देवताहरु पाइन्छ। जस्तै कृष्ण मन्दिर, भिमसेन मन्दिर, कुम्भेश्वर महादेव, बंगलामुखी नगर भित्र र बालकुमारी, महालक्ष्मी, वटुक भैरव, पूर्ण चण्डी मन्दिर, सिक वहिल आदि देवताहरु नगरको बाहिर छन्।

---

२) बालचन्द्र शर्मा- नेपालको ऐतिहासिक रुपरेखा- पृष्ठ २३

ललितपुर नगर भित्र निम्न तालिकामा देखाए अनुसार वडागत बहाःर बहीः रहेका छन् ।

तालिका नं.:-४

| वडा नं. | ३ | ६ | ७ | ८ | ९ | ११ | १२ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | १४ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बहाःसंख्या | - | २ | १ | २ | १ | २ | २ | १ | - | ३ | १ | - | १ | - | १६ |
| बहीःसंख्याा | २ | २ | - | ३ | २ | - | १ | १ | १ | १ | २ | २ | - | ३ | २० |

## ३.३. नगर भित्र पानीको व्यवस्था

यस ललितपुर शहर सफा सुग्घर होस र जनताहरु सबैले पानी पिउन पाओस भनेर नगर भित्र विभिन्न ढुँगे धारा र पोखरी निमार्ण गरेका छन् । साथै नगर भित्र ढलको व्यवस्था पनि गरिएको पाउछौं । यी ढुङ्गेधारा र पोखरीको विवरण निम्न तालिकामा दिएको छुँ ।

**क) ढुङ्गेधाराको विवरणः-** तालिका नंः-५


| क.सं. | धाराको नाम | ठेगाना | वडा नं. | धाराको मुख | संख्या | मुहान | हालको स्थिति |
|---|---|---|---|---|---|---|---|
| १ | मंग हिति | मंगलवजार | ९ | पश्चिम | २ | कन्या निकेतन | सफा |
| २ | न : हिति | न : हिति | ६ | उत्तर | २ | नःहितिकोसिरान | सफा |
| ३ | थपा हिति | थपाट | ६ | पश्चिम | २ | न : हिति | सफा |
| ४ | सिन्तिहिति | सिन्तिहिति | १७ | उत्तर | ३ | नागख्यः | सफा |
| ५ | मठिमण्डप | सिन्तिहिति | १७ | पूर्व | १ | नागख्यः | सफा |
| ६ | नुगः हिति | सुन्धारा | ६ | उत्तर | ४ | नागख्यः | सफा |
| ७ | त्याग हिति | त्यागल | ७ | दक्षिण | १ | पिलाँछे | सफा |
| ८ | माग हिति | भोल ढोका | ९ | पूर्व | १ | थाहा नभएको | सम्भार कमी |
| ९ | च्यास हिति | च्यासल | ९ | पश्चिम | १ | ,, | सफा |
| १० | नाराँ हिति | खपिँछे | ११ | पूर्व-पश्चिम | ३ | ,, | सफा |
| ११ | नःत्वा हिति | न : टोल | २१ | दक्षि-पश्चिम | २ | ख्वाय् वहिल | सफा |
| १२ | छाय्वहाहिति | छायवहाल | २१ | दक्षिण | १ | ख्वाय् वहिल | सफा |
| १३ | पुल्चोकहिति | पुल्चोक | ३ | उत्तर | १ | ख्वाय्वहिल | सफा |
| १४ | तापा हिति | तापाहिति | २२ | उत्तर | १ | ख्वाय्वहिल | सफा |
| १५ | कोन्तिपुखु ,, | कुम्भेश्वर | २२ | उत्तर | १ | कुम्भेश्वर कुण्ड | सफा |
| १६ | मिसा हिति | कुम्भेश्वर | २२ | दक्षि-पश्चिम | ७ | मातातिर्थ कुण्ड | सफा |
| १७ | कोन्ति हिति | कुम्भेश्वर | २२ | पूर्व-पश्चिम | ४ | थाहा नभएको | पानीयोग्य |
| १८ | आलकोहिति | इखाँछे | २२ | दक्षि-पश्चिम | ५ | आलको सिरान | पानीयोग्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | वासः हिति | इखाँछे | २२ | पूर्व | १ | ,, | पानीयोग्य |
| २० | दथु हिति | इखाँछे | २२ | पूर्व | १ | ,, | सुधारगर्नुपर्ने |
| २१ | व्याचा हिति | इखाँछे | २२ | पूर्व | १ | ,, | सुधारगर्नुपर्ने |
| २२ | अमृत हिति | ननपोडे टोल | २२ | उत्तर | १ | ,, | सफा |
| २३ | जाहोलाख्यः,, | जावालाखेल | ४ | दक्षिण | १ | ,, | हालै मर्मत |
| २४ | इकू हिति | धोवी धारा | ४ | पश्चिम | ३ | थाहा नभएको | सुधार भएको |
| २५ | हिकू हिति | सा.धोबिधारा | ३ | पश्चिम | २ | ,, | सफा |
| २६ | कुसन्ती | कुसुन्ती | १३ | दक्षिण | १ | ,, | सफा गर्नुपर्ने |
| २७ | सिन्चा हिति | धोविघात म् | ३ | पश्चिम | १ | ,, | सफा |
| २८ | भलिम हिति | नागडोल | १३ | पश्चिम | १ | ,, | सफा |
| २९ | कनिवहा ,, | कनिवहा | ६ | दक्षिण | १ | नः हिति | अलि फोहोर |
| ३० | टँगःहिति | टँगल टोल | १२ | पश्चिम | ३ | ,, | मुहानविग्रेको |
| ३१ | सुवहाःहिति | सौवहाल | ८ | उत्तर | १ | थाहा नभएको | सफा |
| ३२ | व्याँ हिति | च्यासल | ९ | उत्तर | १ | ,, | हालै मर्मत |
| ३३ | इल्हने हिति | नागवहाल | १६ | पूर्व | १ | ख्वायवही | नराम्रो |
| ३४ | सेतु हिति | हवहिल | १९ | पूर्व | १ | थाहा नभएको | शोभाविग्रेको |
| ३५ | गुईट हिति | गुइतः वही | ८ | उत्तर | १ | ,, | मंगालफोहर |
| ३६ | क्वाःछेँ हिति | वालकुमारी | ८ | पूर्व | १ | ,, | सफा छैन |
| ३७ | लगं हिति | लगनखेल | १५ | पश्चिम | १ | नःहिति सिरान | हालै मर्मत |
| ३८ | भोल हिति | भोलढोका | ८ | पूर्व | १ | थाहा नभएको | फोहर |
| ३९ | भोलाखेल | भोलखेल | ९ | दक्षिण | १ | थाहा नभएको | सफा गर्नुपर्ने |
| ४० | तापा हिति | तापाहिति | २२ | पूर्व | २ | नः टोल | मुहान सफा |
| ४१ | तुसा हिति | सुन्दरी चोक | ११ | दक्षिण | १ | नः हिति | सफा गर्नुपर्ने |
| ४२ | भण्डारखाल,, | भण्डार खाल | ११ | पश्चिम | १ | नः हिति | सफा गर्नुपर्ने |
| ४३ | भिन्योलाछि,, | च्यासल | ११ | उत्तर | १ | नः हिति | सफा गर्नुपर्ने |
| ४४ | सौगः हिति | सौगल | ६ | उत्तर | २ | नः हिति | सफा गर्नुपर्ने |
| ४५ | नःवहि हिति | नः वहिल | १६ | थाहा छैन | १ | ख्वाय वही | पुरिएको |
| ४६ | पिलाछेँ हिति | पिलाछेँ | ७ | थाहा छैन | १ | थाहा नभएको | ,, |
| ४७ | स्वती हिति | चौवाटो | | थाहा छैन | १ | ,, | ,, |
| ४८ | कोपुण्डो ,, | कुपण्डोल | १० | थाहा छैन | १ | ,, | ,, |
| ४९ | मैलहिति(ई) | हिमा. होटल | १० | थाहा छैन | १ | ,, | ,, |
| ५० | न्यागःछ्यों ,, | एकान्तकुना | १३ | थाहा छैन | १ | ,, | ,, |

स्रोतः- ल.पु. नगर त्रैमासिक पत्रिका २०५९ साल

नगर भित्र रहेको धुङ्गे धारा र पोखरीको नक्सा

चित्र नं.:-८




यी माथि उल्लेखित धाराहरु मध्ये १-२८ सम्मको ढुङ्गेधारावाट हालसम्म सन्तोष जनक रुपमा पानी प्रवाह भैरहेको छ । २९ देखि ४० सम्मको ढुंगेधाराहरु पानी कम मात्रामा मात्र आउने गरेको छ भन्ने  ४१ देखि ४४ सम्मको ढुंङ्गेधाराहरुवाट पानी पटक्कै आउँदैन र मुहानदेखि पुनः सफा गरी निर्माण गर्नु जरुरी छ । ४५ देखि ५० सम्मको ढुङ्गेधाराहरु विभिन्न समयमा पुरिएको स्थानीय वासिन्दाहरुले बताउँदछन् ।

**पोखरीको विवरणः-**

तालिका नंः-६

| सि.नं. | प्रमुख पोखरीहरुको नाम | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | न्हुगु पुखु | लगनखेल | ५ |
| २ | पिम्बहाल पोखरी | छाय्बहाल | २० |
| ३ | प्रयाग पोखरी | प्या पुखु | १२ |
| ४ | जावलाख्यो पुखु(चिडिया घरभित्र) | जावलाखेल | ३ |
| ५ | तःपुखु | कुमारी पाटी | ५ |
| ६ | गुइतः पुखु | गुइटोल | ८ |
| ७ | पिलाछैं पोखरी | पिलाछैं टोल | ७ |
| ८ | चौ पुखु (बिद्यालय निर्माण ) | तेता टोल | १७ |
| ९ | चा बहाः पुखु (बिद्यालय निमार्ण ) | लुँखुसि टोल | १७ |
| १० | पूर्ण चण्डि पोखरी | गाःबहाल | २० |
| ११ | खाले पोखरी | पूर्णचण्डि-गाःबहाल | २० |
| १२ | नाग पोखरी | पूर्णचण्डि-गाःबहाल | २० |
| १३ | कमल पोखरी(४ वटा छन्) | पुल्चोक न.पा.भवन) | ३ |
| १४ | लगंख्यो पुखु (स्तुपनिर) | लगनखेल | १५ |
| १५ | कुति सौगः पुखु | कुति सौगल टोल | ८ |
| १६ | चपत पोखरी | चपट टोल | ७ |
| १७ | खपिंछैं पुखु | खपिंछैं टोल | ९ |
| १८ | सिकबहिः पुखु | सिकबहिः टोल | ९ |
| १९ | क्वाछैं सी पुखु | बालकुमारी | ९ |
| २० | क्वाछैं द्यो पुखु | बालकुमारी | ८ |
| २१ | कनिबहाः पुखु | कनिबहाल टोल | ६ |
| २२ | मिखा बहाः पुखु | मिखा बहाल टोल | ३ |
| २३ | च्यासः पुखु ( बिद्यालय निमार्ण ) | च्यासल टोल | ९ |

यी तालिकामा देखाईएका पोखरीहरु मध्ये राम्रो र ठूलो पानी युक्त पोखरीहरुमा नम्बर १, २, ४, ६, ७, १४ र १७ हुन् भने सानो आकारका पानी युक्त पोखरीहरु मा नम्बर ५, १३, १५, १६ र १९ हुन् । अरु बाँकी सबै पानी नभएर खेल्ने चउर र बिद्यालय निमार्ण भैसकेका छन् ।

## ३.४. पर्यटकीय दृष्टिकोणले महत्यपूर्ण स्थलहरु

यस नगर ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण भएको हुँदा याहाँ पर्यटकहरुलाई देखाउन लायक धार्मिक स्थलहरु धेरै छन् । जस्तै

१) **पाटन दरवार क्षेत्र** : यस क्षेत्रमा हेर्न लायकको कृष्ण मन्दिर, जसमा प्रत्येक ढुङ्गामा महाभारतको कथा कुँदिएर राखेको छ । त्यस्तै सुनको झ्याल, भिमसेन मन्दिर र दरवार भित्रको चोकहरुछन् ।

२) **कुम्भेश्वर क्षेत्र** : यस क्षेत्रमा गोसाईं कुण्डबाट आएको पानी, मुहान र कुण्ड छन् । याहाँ पाँचतले कुम्भेश्वर महादेव छ जुन मल्लराजा जयस्थिति मल्लले बनाएका हुन् ।

३) **महावौद्ध** : यो मन्दिर ललितपुरको वकुवहाल तोलमा रहेको वुद्धको मन्दिर हो । यो मन्दिरमा प्रत्येक ईंतामा वुद्धको मुर्ति छापेको छ ।

४) **हिरण्यवर्ण महाविहार** : यो मन्दिर विश्व प्रसिद्ध कलात्मक झिंगती, आँखी झ्याल, सुनको छाना, चैत्य, सुनको पटा, सुनको चित्रले कोरेको विलँपत्र र कलात्मक चाँदीको

ढोका आदि छ । यस देवतालाई याहाँ ज्यापुहरु खेतमा मुसाले धेरै धान खाएर नोक्सान गरेमा पूजा गर्न आउँछन र पूजा गरेपछि खेतमा मुसाले धान खाँदैन भनेर ज्यापूहरुको धारणा छ । यो मन्दिर विरालोले पनि केही गर्न नसक्ने सुनौलो मुसाको वासस्थानमा निर्माण गरेको भनिन्छ

५) **पाटन म्यूजिम** : यो म्यूजियम पनि हेर्न लायकको छ । यसमा पुराना देवताहरु, मल्ल राजाहरुको मुर्ति आदि रहेका छन् ।

६) **सदरचिदिया खाना** : नेपालको एक मात्र रहेको राणा प्रधानमन्त्री जुद्ध शम्शेरले स्थापना गरेको जावलाखेलमा अवस्थित छ । अरु पाटन औद्योगिक क्षेत्र, र च्यासल स्थान पनि हेर्न लायकको छ ।

## ३.५. ललितपुर नगरको भू-उपयोगको भौगोलिक स्थिति

ललितपुर नगरको क्षेत्रफल १५.४६ वर्ग किलोमिटर रहेको छ । यती सानो क्षेत्रफल भएको ललितपुर नगरमा बिभिन्न प्रकारले भू-उपयोग भएको पाइन्छ । जुन निम्न तालिकामा देखाइएको छ ।


तालिका नं:-७

| क.सं. | भू-उपयोग | हेक्टरमा | बर्गकि.मि. | प्रतिशतमा |
|---|---|---|---|---|
| १ | निवासमा प्रयोगमा | ५१८.०६ | ५.१८० | ३३.४९ |
| २ | व्यवशायको निवासमा प्रयोग | ५.०४ | ०.०५० | ०.३३ |
| ३ | व्यवशाय तथा सेवामा प्रयोग | ४.७२ | ०.०४७ | ०.३१ |
| ४ | उद्योगमा प्रयोग | ४६.१२ | ०.४६१ | २.९८ |
| ५ | सडकमा प्रयोग | ३४.४१ | ०.३४४ | २.२२ |
| ६ | बिश्राम तथा मनोरञ्जनमा प्रयोग | १०.८१ | ०.१०८ | ०.७ |
| ७ | जंगलमा प्रयोग | ३.० | ०.०३० | ०.१९ |
| ८ | पानीमा प्रयोग | ४५.४४० | ०.४५४ | २.९४ |
| ९ | कृषि / खाली | ७१३.०५५ | ७.१३० | ४६.०८ |
| १० | संघ संस्थाहरुमा प्रयोग | १६६.३८ | १.६६४ | १०.७५ |
| | जम्मा | १५४७.०३५ | १५.४७ | १००.०० |

ललितपुर उप-महानगरपालिका

## ललितपुर नगर भित्रको भू-उपयोगको नक्सा

चित्र नं.:- ९



## ३.६. शिक्षाको स्थिति


यस नगरमा शाक्षारता स्तर पनि बढी भएको पाउँदछौं किनभने यस नगरमा राष्ट्रिय स्तरका शैक्षिक संस्थाहरु सार्बजनिक तथा नीजि गरी उलेखनिय संख्यामा पाउँदछौं जुन तलको तालिकावाट स्पष्ट हुन्छ ।

तालिका नं:-८

(सरकारी बिद्यालय ) ( नीजि बिद्यालय)

| क.सं. | विद्यालयको स्तर | नगर | गाउँ | नगर | गाउँ |
|---|---|---|---|---|---|
| १ | प्राथमिक विद्यालय | ९ | १२१ | ३४ | ३५ |
| २ | नि.मा.बिद्यालय | ५ | २५ | ११ | ११ |
| ३ | माध्यमिक बिद्यालय | १५ | ४२ | ८१ | ५४ |
| ४ | उच्च मा.बिद्यालय | ५ | ६ | ३२ | २ |
| ५ | क्याम्पस | ४ | - | ६ | - |

चित्र नं.:- १०



माथिको तालिका अनुसार ललितपुर जिल्लामा प्राथमिक विद्यालयको संख्या नीजि र सरकारी गरी जम्मा १९९ रहेका छन् । त्यस मध्ये सरकारी प्राथमिक विद्यालय गाउँमा १२१ वटा र नगरमा ९ वटा मात्र रहेका छन् । अरु बाँकि प्राथविक बिद्यालय प्राइभेत रहेकाछन् । त्यस्तै निम्न माध्यमिक विद्यालय ललितपुर जिल्लामा जम्मा ५२ वटा छन् । नगरमा ५ वटा र गाउँमा २५ गरी जम्मा ३० वटा सरकारी निम्न माध्यमिक विद्यालय छन् भने नगरमा ११ वटा र गाउँमा ११ वटा निम्न माध्यमिक नीजि स्तरबाट संचालित छन् । त्यसै गरी सरकारी माध्यमिक विद्यालय नगरमा १५ वटा र गाउँमा ४२ वटा छन् भने निजि स्रोतमा संचालित नगरमा ८१ वटा र गाउँमा ५४ वटा छन् । ललितपुरमा उच्च माध्यमिक विद्यालय उल्लेखनिय रुपमा वृद्धि भएको पाउँदछौं । सरकारी उच्च माध्यमिक विद्यालय नगरमा ५ वटा र गाउँमा ६ वटा छन् भने निजि स्रोतका उच्च माध्यमिक विद्यालय नगरमा ३२ वटा र गाउँमा २ वटा गरी जम्मा ४५ वटा ललितपुर जिल्लामा संचालित छन् । त्यस्तै सरकारी क्याम्पस ४ वटा छन् भने निजि क्याम्पस ६ वटा छन् ।  निजि स्रोतवाट संचालित पूर्व प्राथमिक विद्यालय ललितपुरमा जम्मा ३९ वटा छन् । यस शैक्षिक स्तरलाई हेर्दा ललितपुर जिल्लामा उलेखनिय रुपमा शैक्षिक विकास भएको पाउँदछौं । त्यसमा ज्यापु समुदायको बाल बचाहरु पनि देशमा प्रजातन्त्र आएपछि उलेखनिय रुपमा बिद्यालय गएको पाउँदछौं । ज्यापु समाजले दिएको तथ्याङ्कको आधारमा भन्नु पर्दा ललितपुरको ज्यापुहरुको शाक्षरता (Literacy) प्रतिशत लगभग ६०% पुगेको छ । ज्यापु समुदायको बच्चाहरु पनि संस्थागत बिद्यालयमा आकर्षित हुन्दै गएका छन् ।

नगर भित्रका शैक्षिक स्तरलाई ध्यानमा राख्दा उलेखनिय रुपमा प्रगति भएको देखिन्छ । नगरका कूल साक्षरता ६६.३८% प्रतिशत छन् । यसमा पुरुष ७७.६९% प्रतिशत र महिला ५४.७५% प्रतिशत साक्षारता रहेको छ । वर्तमान समयमा नगरका बच्चाहरु नीजि विद्यालयतीर र बहालवालाका वच्चाहरु सार्वजनिक विद्यालयमा बढि  देखिन्छ । सार्वजनिक विद्यालयमा बहालवालाका वच्चाहरु ७०% देखि ८०% सम्म पाउँछ भने नगरवासीका वच्चाहरु १०% देखि २०% सम्म मात्र  भेटिन्छ ।

## ३.७ जनसंख्याको भौगोलिक स्थिति

**क) वडागत जनसंख्या तथा क्षेत्रफलको विवरण**

ललितपुर जिल्लाको जम्मा क्षेत्रफल ३८५ वर्ग किलोमिटर रहेको छ । २०५८ को जनगणना अनुसार जनसंख्या ३,३७,७८५ जना वसोवास भएको देखाएको छ । त्यसमा पुरुषको संख्या १,७२,४५५ र महिलाको संख्या १,६५,३३० रहेको छ । जनघनत्व ८७७ जना देखाएको छ । यो जनसंख्या कूल जनसंख्या मध्ये १.४६ % प्रतिशत हो । ललितपुर नगरलाई श्री ५ को सरकारको प्रशासनिक द्धष्टिकोणले प्रशासन संचालन गर्नको लागि २२ वटामा विभाजन गरिएको छ । पंचायत कालमा गरिएको उक्त विभाजन अहिले आएर विभाजन असमान भएको छ । त्यस वेला जनसंख्याको आधारमा गरिएको विभाजन वर्तमान अवस्थामा जन संख्या बृद्धिले गर्दा पहिले क्षेत्रफल ठूलो र जनसंख्या कम भएको वडामा अहिले ती वडाहरु धेरै जनसंख्या वृद्धि हुँदै गएको छ । जुन वडालाई अहिले अरु सानो वडा र कम जनसंख्या भएको वडा हेरी कन उक्त ठूलो वडाहरुलाई फेरी विभाजन गर्नु पर्ने आवश्यक भएको छ । उदाहरणको लागि सवभन्दा कम क्षेत्रफल ६.१ हेक्टर भएको वडा नं. २१ र सवभन्दा ठूलो क्षेत्रफल भएको वडाहरु ४ र १५ हुन् । नगरभित्रको जनघनत्वलाई विचार गर्दा सबभन्दा बढी जन घनत्व वडा नं. १८ हो जहाँको जनघनत्व ९०६६० छ भने सवभन्दा कम जनघनत्व भएको वडा १५ हो त्यहाँको जनघनत्व २९५५.१५ मात्र छ । यसलाई तलका तालिकावाट देखाएको छु ।


तालिका नंः- ९

| क.स. | वडा नं. | क्षेत्रफल (हेक्टरमा) | घर परिवार | कूल जनसंख्या | घनत्व | जनसंख्या (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| १ | १ | ३७.२ | १८०४ | ७२१८ | १९४०३ | ४.४६ |
| २ | २ | १४१.४ | २४७० | १०६०८ | ७५०२ | ६.५५ |
| ३ | ३ | १३४.८ | २२०० | ९६१५ | ७१३३ | ५.९४ |
| ४ | ४ | १७१.१ | २४९० | १०९२१ | ६३८३ | ६.७५ |
| ५ | ५ | ७१.१ | १३८८ | ६६०० | ९२८३ | ४.०८ |
| ६ | ६ | २२.३ | १३६९ | ६३०० | २८२५१ | ३.८९ |
| ७ | ७ | २९.९ | १३२८ | ६४१७ | २१४६२ | ३.९६ |
| ८ | ८ | २६.० | १७२७ | ७२६० | २७९२३ | ४.४८ |
| ९ | ९ | ७६.८ | १७५१ | ८२३२ | १०७१९ | ५.०९ |
| १० | १० | ८४.४ | १२४३ | ५५३५ | ६५५८ | ३.४२ |
| ११ | ११ | ९.१ | ७८६ | ४२६९ | ४६९१२ | २.६३ |
| १२ | १२ | १३.२ | १२०९ | ५६८८ | ४३०९१ | ३.५१ |
| १३ | १३ | ८९.१ | १३०१ | ६६२६ | ७४३७ | ४.०९ |
| १४ | १४ | १४२.४ | २५१४ | ११५१७ | ८०८८ | ७.१२ |
| १५ | १५ | २९६.६ | २२८८ | ८७६५ | २९५५ | ५.४१ |
| १६ | १६ | १०.४ | १०३८ | ५४०० | ५१९२३ | ३.३३ |
| १७ | १७ | ७८.६ | १५३५ | ६८१७ | ८६७३ | ४.२२ |
| १८ | १८ | ९.४ | १७०२ | ८५२२ | ९०६६० | ५.२६ |
| १९ | १९ | १८.२ | १५५० | ६०५५ | ३३२६९ | ३.७४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | २० | २०.४ | १६११ | ६७०७ | ३२८७७ | ४.१४ |
| २१ | २१ | ६.१ | ९३० | ४०७० | ६६७२१ | २.५१ |
| २२ | २२ | ४५.२ | १८७७ | ८५७५ | १९०१३ | ५.३० |
| | | १५४६.६ | ३६१११ | १६१७१७ | १०४५६.२९ | १००.०० |

स्रोत - Preliminary Popn. census result 2001

चित्र नं. :-११




## क) (i) वडागत नेवार जातिको जनसंख्याको विवरण

तालिका नं.:-१०

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| घर प.नं. | 673 | 898 | 1280 | 1031 | 594 | 738 | 839 | 914 | 1004 | 764 | 711 | 583 | 622 | 1171 | 797 | 779 | 581 | 1162 | 738 | 605 | 578 | 101 |
| जातकोनाम | | | | | | | | | | | | | | | | | | | | | | |
| १.महर्जन | 103 | 375 | 862 | 241 | 182 | 417 | 2583 | 2688 | 1430 | 128 | 575 | 461 | 85 | 164 | 181 | 370 | 1290 | 616 | 563 | 684 | 875 | 884 |
| २.डंगोल | 20 | 156 | 11 | 28 | 16 | 6 | 15 | 23 | 20 | 25 | 5 | 26 | 5 | 9 | 12 | 263 | 17 | 95 | 36 | 41 | 356 | 36 |
| ३.सिं/सिंह | | 15 | | | | | | | | | | | | | | | | | | | | |
| ४सुवाल | | 39 | | | 5 | | | | | | | | | | 5 | | | | | | | |
| ५अवाले | | | | 5 | 14 | | | 38 | 498 | | 871 | 24 | | 9 | 10 | | 14 | 1 | | 4 | 20 | 6 |
| ६.व्यञ्जनकार | | | | | ट | ट | | ज्ञठ | ज्ञज्ञठड | टज्ञ | | | | | | घछ | द्ध | ज्ञड | | | | ड |
| ७.तण्डुकार | 243 | 185 | 4 | 3 | 7 | | 15 | 20 | 17 | 30 | 17 | | 74 | 11 | 10 | | 9 | 92 | 3 | | 18 | 239 |
| ८.राजभण्डारी | 18 | 29 | 28 | | 45 | 7 | | 6 | 4 | 31 | 17 | 17 | 9 | 1 | 11 | 128 | 19 | 20 | 28 | 6 | 26 | |
| ९.माली | 13 | | 4 | | | | | | 5 | | 1 | | | | | | | | | | | |
| १०.प्रजापती | 5 | 2 | | 2 | | | | | | 2 | | | | 2 | 6 | | 2 | 2 | | 3 | | |
| ११बज्राचार्य | 34 | 31 | 90 | 9 | 31 | 43 | 542 | 78 | 78 | 20 | 61 | 115 | 16 | 13 | 48 | 560 | 16 | 1284 | 209 | 117 | 168 | 185 |
| १२.शाक्य | 40 | 101 | 264 | 21 | 127 | 1566 | 227 | 337 | 285 | 90 | 245 | 967 | | | | 1853 | 96 | 495 | 218 | 679 | 322 | 554 |
| १३.गुभाजु | | | | | 3 | | 7 | | 6 | | | | | | | | | | | 4 | | |
| १४.वैद्य | | | 10 | | | 16 | | | 30 | 16 | | 73 | | 6 | 9 | 5 | 4 | 1 | 26 | 13 | | 10 |
| १५.कर्माचार्य | 4 | 16 | 6 | | 13 | | | 7 | | 11 | 8 | 8 | 23 | | 9 | 1 | 14 | | 40 | 32 | 7 | 39 |
| १६ धाख्वा | | द्द | 29 | | 7 | | | | | 15 | | | | | 2 | 132 | | | 5 | | | 29 |
| १७.लाखे | | | 10 | | | | 10 | | | | | | | | | | | 33 | 4 | | | |
| १८.चिपालु | | | | | | | 55 | | | | | | | | | | | 3 | | | | |
| १९.ख्वासिं | | | | | | | | | | | | | | | | | | 16 | | | | |
| २०.श्रेष्ठ | 459 | 629 | 485 | 284 | 331 | 315 | 145 | 366 | 659 | 492 | 304 | 238 | 121 | 312 | 371 | 626 | 328 | 834 | 729 | 201 | 314 | 415 |
| २१.जोशी | 32 | 102 | 91 | 13 | 84 | 32 | 43 | 49 | 83 | 80 | 302 | 44 | 25 | 47 | 72 | 190 | 59 | 175 | 234 | 90 | 7 | 42 |
| २२.अमात्य | 17 | 31 | 13 | | 52 | 49 | 4 | 16 | 7 | 233 | 66 | 5 | 6 | 7 | 17 | 109 | 32 | 315 | 45 | 28 | 60 | 79 |
| २३.प्रधा.नाङ्ग | 36 | 66 | 126 | 42 | 42 | 22 | 11 | 47 | 21 | 57 | 13 | 8 | 14 | 26 | 43 | 4 | 190 | 95 | 4 | 39 | 2 | 14 |
| २४.मल्ल | 24 | 24 | 44 | 9 | 7 | 6 | | | | 24 | | | 7 | 12 | 11 | 7 | | 2 | 56 | | | 6 |
| २५मुल्मी | | | 4 | | 1 | | 15 | 16 | 4 | 3 | | | 8 | 2 | 3 | 2 | 36 | 36 | 19 | 125 | | 20 |
| २६.मास्के | 3 | 15 | 18 | 12 | 11 | 5 | | | | 10 | | | | | 5 | 19 | | | | 4 | 6 | 8 |
| २७.माथेमा | | 16 | 4 | | 6 | | | | | 2 | | | | 2 | 5 | | | | | | | |
| २८.नेम्कुल | 20 | | 82 | | 3 | | | | | 2 | | 4 | 6 | | 6 | | | 23 | 27 | | | 4 |

| | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९.न्या.सिंन्या | 4 | | 3 | | 6 | 32 | | 11 | | | 39 | | | 2 | 8 | 4 | | 96 | 18 | 17 | 16 | |
| ३०कायस्थ | | 5 | 7 | | 2 | 6 | | 5 | 5 | 9 | | | | | 17 | 2 | | | 6 | 3 | | |
| ३१ताम्राकार | 8 | 20 | 22 | 8 | 9 | 56 | 2 | 8 | | 4 | 18 | 705 | | 3 | 20 | 56 | 12 | 66 | 459 | 23 | | |
| ३२.शिल्पकार | | | | 2 | 7 | | | 23 | | | | 13 | 6 | 2 | 11 | | 8 | 199 | 60 | | 8 | |
| ३३.चित्रकार | 6 | 7 | | | 13 | 25 | 21 | 70 | 14 | | 42 | 69 | | 10 | 4 | 12 | 14 | 63 | 113 | 31 | 1 | 9 |
| ३४.रा.कर्निकार | 2 | | 4 | 28 | 17 | 5 | | 5 | | 8 | | 56 | 1 | 11 | 15 | | 1 | 145 | 64 | 2 | | |
| ३५तुलाधर | 10 | 20 | 17 | 17 | 5 | 2 | | 8 | | 33 | | | | 2 | | 4 | 8 | 2 | 40 | 7 | 8 | 1 |
| ३६.शि.मालाकार | | | 9 | | | | | | | | | | | | | | | | 20 | | | 7 |
| | | | | | | | | | | | | | | | | | | | | | | |

## ख) **(ii)** वडागत नेवारहरुको जनसंख्याको वितरण

तालिका नं.:-११

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जातकोनाम | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३७.नकमी | | २४ | ४० | ७ | ६ | १८ | ८ | ५५ | २१ | | २५ | ६ | ३ | | ४४ | | | ६० | १६ | | | २० | |
| ३८.नापित | | | १० | | २ | १८ | १२ | २१ | १३ | | ७ | | १२ | | | ६० | | ३५ | ३८ | २ | | १४ | |
| ३९.स्थापित | ५ | १५ | ४ | | | | | ३१ | | | ५ | | २ | | | | | | ३३ | ४ | | | |
| ४०.बाराही | | २ | | | | १४ | | ७३ | ९ | | १२ | | २ | | | | ४० | २२ | १३ | | | | |
| ४१.मानन्धर | ४ | ४२ | १२ | ३० | ५ | | २३ | ७ | ७ | २७ | ७ | ७५ | २१ | १० | ७६ | | ५ | ५ | १३ | ८ | | | |
| ४२.र.कार | ११ | ७० | १५ | १३ | | ३५ | | २ | १०३ | ७ | ४७ | २६ | १० | | १९ | ५ | | ११ | ९ | ८ | | ८ | |
| ४३.कसाईं | ८८ | ६२ | ४० | ४ | ९ | १२६ | २६ | १२० | २६४ | ९० | | ९७ | ३७ | ५ | | १० | | ६ | ३१५ | २३९ | | ९२८ | |
| ४४.पोडे | | ९ | | ८ | | | ३८ | ४ | २७ | | | ३६ | | | | | ९४ | | ८१ | | | २६० | |
| ४५.कुलु | | | | | | | | | ६ | २ | | ६ | | | | | | ९ | | | | | |
| ४६.जोगी | २८ | ४ | | | ११ | २७ | १ | | १ | | | १४ | | | | | | ५१ | १० | ४ | १३ | २१ | |
| ४७.च्यामी | | | २४५ | ९९ | | ३ | | | | २७ | | | | | | | | | | | | ३ | |
| ४८.न.कोती | १८ | | | | | | | | | | | | | | | | | | | | | | |
| ४९.दुलाल | | ११ | | | | | | | | | | | | १२ | २ | | | | | | | | |
| ५०.क.पती | | ५ | २ | | | | | | | | | | | | | | | | | | | | |
| ५१.भुजु | | | २ | | | | | | | | | | | | | | | | | | | | |
| ५२.सैंजु | | ५ | २ | | | | | | | | | | २ | ४ | | | | | | | | | |

स्रोतः- भोटर्लिष्ट २०६०/६०

माथिको तालिकामा देखाए अनुसार ललितपुर नगर भित्र जातिगत रुपमा वसोवासलाई हेर्दा नेवार भित्रका ज्यापु समुदायको महर्जन जाति सबन्दा बढी देखिन्छ । यीनीहरु नगर भित्र २७.५९% प्रतिशत रहेको पाइन्छ । भौगोलिक दृष्टिकोणले यीनीहरु प्रत्येक वडामा उल्लेखनिय रुपमा वसोवास भएको पाइन्छ तापनि यी महर्जन जाति सबभन्दा बढीबाट क्रमशः वडा नम्बरहरु ८, ७, ९, १७, २२, २१ र ३ मा बढी संख्यामा वसोवास छन् । ललितपुर नगर भित्र २२ वडा मध्ये यी ७ वटा वडाहरुमा मात्र महर्जनहरु १८.५४% प्रतिशत रहेकोछ । सबभन्दा धेरै संख्या वडा नं ८ मा मात्र ४.७% प्रतिशत रहेकोछ भने सबभन्दा कम महर्जन वडा नं १३ मा ०.१५% प्रतिशत रहेको पाईन्छ । नगर भित्रका ज्यापु समुदायको सबै जाति ( महर्जन, डंगोल

,अवाले, ब्यञ्जनकार, तण्डुकार, सिं/सिंह, सुवाल, राजभण्डारी, माली र प्रजापति) हरुलाई गणना गर्दा नगर भित्र ३७.६१% प्रतिशत रहेको पाउँछौं ।

दोश्रो स्थानमा बसोबास गरी रहेका नेवार भित्रका श्रेष्ठ जाति रहेकोछ । यीनीहरु कूल नेवारहरु मध्ये १५.६७% प्रतिशत छन्र । यी श्रेष्ठ जातिहरु भौगोलिक दृष्टिकोणले सबै वडाहरुमा समानान्तर रुपमा वितरण भएको पाउछौं । यी श्रेष्ठ जाति सबभन्दा बढीबाट क्रमश वडाहरु १८, १९, ९, २ र १६ मा छन् । नगर भित्रको २२ वडा मध्ये यी ७ वटा वडामा मात्र श्रेष्ठ जातिहरु ७.७९% प्रतिशत रहेको पाउँछौं । नगरका सम्पूर्ण श्रेष्ठ जाति (श्रेष्ठ, जोशी, अमात्य, प्रधान, मल्ल, मास्के, माथेमा, नेम्कुल, न्या.सिं र कायस्थ) लाई लिन्दा यीनीहरुको बसोबास प्रतिशत २४.८५% प्रतिशत रहेको छ ।

तेश्रो स्थानमा शाक्य जाति रहेको छ । यी जातिहरु कुल नेवारहरु मध्ये १४.८५% प्रतिशत रहेको छ । यी शाक्य जातिहरु १३, १४ र १५ वडाहरुमा एक जना पनि भेतिदैन भने सबभन्दा बढी देखि यी वडाहरु क्रमशः १६, ६, १२, २० र २२ मा रहेकाछन् । यी ५ वटा वडाहरुमा मात्र शाक्यहरु ९.८३% प्रतिशत रहेको छ । यी मध्ये वडा नं. १६ मा सबभन्दा बढी छ । त्यो भनेको ३.२४% प्रतिशत हो ।

चौठो स्थानमा वसोवास गर्ने नेवार भित्र कसाई (शाही, खड्गी) हुन् । यिनीहरु कुल नेवारहरु मध्ये ४.३१% रहेको पाइन्छ । यी जातिहरु पनि सबै वडाहरु पाइदैन । भएका वडाहरु मध्ये सवभन्दा वढी २२ नं वडामा १.६२% प्रतिशत कूल कसाईं जाति मध्ये हुन् । पाचौमा वज्राचार्य ३.२८%, छैठोमा अवाले २.६५%, सातौमा व्यञ्जनकार २.३३%, आठौंमा डंगोल २.१४%, नवौंमा तण्डूकार १.७५% र दशौंमा जोशी १.५९% र एघारौंमा ताम्राकार जसको संख्या १.३१% प्रतिशत कूल जाति मध्ये हुन् ।

माथिको तालिकामा देखाइएका अरु जातिहरुको कम संख्या रहेकोले यहाँ त्यसको उलेख गरेको छैन जुन तालिका मै देखाइएको छ । त्यस्तै यस ललितपुर नगरभित्र रहेका नेवारहरुमा नगन्य रुपमा अरु नजिकका जिल्लावाट वसाई सर्दै आएको पाइन्छ जस्तै भक्तपुरका नेवारहरुमा प्रजापति, कक्षपती, सैंजु, हाडा, दुलाल आदि जसको संख्या नगन्य छ ।

**ग) नेवार जाति वसोवास गर्ने वडागत टोलहरुको सख्यात्मक विवरण**

वडा नं.  टोलहरुको नाम

१ – गुसिंगाल, कुपण्डोल, कुमारीस्थान, वखुण्डोल, लिलाघर, गुरुद्वार,

२ – गुसिंगाल, राजतिर्थ, दोवाटोल, साँचल, सानेपा, चक्रपथ, इन्द्रायणी, झम्सिखेल, बखुंदोल

३ – पुल्चोक,कृष्णगल्ली,बखुंदोल,धोविघात,शान्तभवन, ठाडोढुङ्गा, ढुङगाखानी, सिडहिति,

४ – अफडोल, धोभिघात, भनिमण्डल, बागडोल, जावलाखेल, नक्खु, पढिया, पुल्चोक

५ – लगनखेल, जावलाखेल, मानभवन, कुमारीपाटी, तःफालों, पोःदेप, थसिखेल, विक्रमभवन, महालक्ष्मी, लोकेश्वर टोल,

६ – लुँखुसि, सिन्तिहिती, मण्डहिति, लगनखेल, कनिवहाल, प्रयागपोखर ओकुवहाल, गुजिबहाः, थपाहिती, सौगल, नःहिति, ठैना, ज्याठा, महावौद्ध, न्हुवःहाल, न्हेफल, सुन्धारा

७ – चःप, चंकि, धालाछेँ, हकटोल, त्यागल, दुपाट, सौवहाल, भिन्छेवहाल, पिंछेँ, पिलाछेँ, खानवहाननी, ग्वार्को, टेटा टोल, यछुवहाल, भँगेली, सुन्धारा,

८ – सःको, गुइटोल, झोछेँ, ससुतँचा, भोलढोका, यंगुवहा, कुटीसौग, नेउट, लोंलँ, भोजाग्वेल, सौगल, ताहागली, चःप, सौबहाः, पिंछेँ, यछुबहाः, सुन्धारा,

९ – खपिछेँ, त्यागमाचा, च्यासः, बेलाछेँ, सैंठुगणेश, शंखमूल, चिकंवही, भेलाछेँ क्वबहाल, धुम्वहाल, गाःहिति, गःछेँ, ओम्वहाल, क्वाछेँ, भोलढोका,

१० – लाम्पाती, ज्वागल, चाकूपाट, कानदेवता, कुपण्डोल,

११ – हःखा, कुटिसौग, छुसिका, क्वाःको,नेउट, भिन्च्योलाछि, ओम्वहाल, वल्खु, स्वँठ, तुम्वहाल, भिमसेनस्थान, चोँछे, तुँछेँगल्ली, कुलिम्ह, तिलाको, बखुंवहाल, खपिंछँ, भेलाछेँ, सौगल, जोगल,

१२ – चाःवहाल, मँगलवजार, हौगः, टँगः,नौड, ठैना, चक्रवहील, हःखा, प्रयाग पोखरी, लगनखेल, सौगः,

१३ – कुसुन्ती, नक्खु, एकान्तकुना, जावलाखेल, पुल्चोक, बागडोल, भनिमण्डल,

१४ – थसिखेल, रानीबुँ, तिखिदेवल, लोहाचोक, खुमल्टार, नखिपोट, टुटेपानी, ताल्छीखेल, शोभाहिति, झुलापाखा, सातदोवाटो

१५ - खुमल्टार, सिजःजोल, ताल्छिखेल, सातदोबाटो, कुमारी टोल, महालक्ष्मी स्थान,

१६ – क्वेलाछि, स्वनिम्ह, बालिम्हः, नकवहिल, धौगाल, सलिंछेँ, धलायचा, पटको, न्यादल,

न्याखाचोक, नागबहाल, वंगःलाछि, भुल्खु, क्वालखु, वालिफः, खाःछैं, किवहाः, इलाननी, सरस्वती ननी, नायलखु, साँल्ह, तापाहिति,

१७ – लुँखुसि, धालाछैं, हकटोल, त्यागः, पुछेननी, क्वाछेननी, मूननी, लुँखुसि मचागाल, टेटा टोल, ग्वार्को, बाफः, सिजःजोल, सिन्तिहिति, सुन्धारा, इलाछैं,

१८ –बालखा, कुतिवहाल, तुलननी, काय्गुननी, न्हयकंवहीः, जेनवहा, वाछेननी, बालटोल, हःखावहाः, हौगः, मंगः, मूलदुवा, कोथुतःभ्या, क्वालखु, स्वँठ, घासी, क्ववहाल, चिमाचोक, वनवहाः, कुम्वश्वर, भ्वाःवहाः, भगवान चोक, बुवहाल, वनगत, गाःवहाः, प्यंगथां, मनिचा, किसिचोक, चलखु, वकुदुवा, धौगा-ल, दौवहाः, भातपोल, भपाटोल, तःजोटोल, तिंछुँगलि, भिमसेन स्थान, कुलिम्ह, ग्वाछेंगली,महापाल, पटको, हुतुथी, महापा-नौननी, दथुभ्याः, न्याछ्यौं चोक, इखालखु, अमात्य चोक, ममदु गली, हाथु-गली, बिचा पुखु,

१९– टंगः, मच्छिन्द्रवहाः, ईःवहाः, ईखालखु, तःलाछैं, अग्नीशाल, जेनवहाः, पूर्णचण्डी, ईटी टोल, कुमारी पाटी, लगनखेल, हौगः,

२०– तःढोका, पूर्णचण्डी, गाःवहाः,नःवहा, उजाननी, जावलाखेल, तःढोका,नाय्गा.टोल, पुल्चोक, ख्वाय्वहीः, तःफालों, ताछिमोल, कलछैं, तःखाछैं, दोमो, मचागा, मान भवन, नःटोल,

२१– पाटन ढोका, मिखावहाः, सोलिम्ह, छाय्वहा, श्रीवहा, कुछेननी, चल्खु, गाःवहाः, पिम्वहा, नःटोल,

२२– चाकुपात, इखाछैं, आःछैं, न्यादल, यतवहा, तःननी, तःलाछैं, भातपोल कुम्भेश्वर, गाःहिति, चोबुननी, शंखमूल, आलुको, नायलखु, धनन्तली, बालिफः, तापाहिति, क्ववहाः

माथि उलिखित ३१७ वटा टोलहरुमा ज्यापुहरु बस्दै आएका छन् । तल तालिकामा कुन वडामा कति <u>**टोलहरुको संख्यात्मक विवरण**</u> देखाएको छुं ।


तालिका नं.–१२

| डा नं. | टोल संख्या | वडा नं. | टोल संख्या | वडा नं. | टोल संख्या |
|---|---|---|---|---|---|
| १ | ६ | ९ | १५ | १७ | १५ |
| २ | ९ | १० | ५ | १८ | ५० |
| ३ | ११ | ११ | २२ | १९ | १२ |
| ४ | ८ | १२ | ११ | २० | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ५ | १० | १३ | ७ | २१ | १० |
| ६ | १७ | १४ | ११ | २२ | १८ |
| ७ | १६ | १५ | ६ | | |
| ८ | १८ | १६ | २२ | | |
| | | | | जम्मा | ३१७ |

नेवारहरु बस्ने **वडागत टोलहरुको संख्यात्मक विवरण** तलको चित्रमा देखाएको छुँ ।

चित्र नं.:-१२




**घ) नेवार वाहेक अरु जातिहरुको वडागत विवरण**

ललितपुर नगरभित्र वर्तमान अवस्थामा नेवारहरु वाहेक अरु जातिहरु ३११ किसिमका छन् । यी जातिहरु अंग्रेजी अक्षरको वर्णानुक्रम अनुसार यहाँ उल्लेख गर्दछु ।

(ए) अधिकारी, अर्याल, अग्रवाल, अलौकिक, अवस्थि, आचार्य, आले, **(बि)** बस्नेत, वराल, वन्जारा, वजगाई, वखती, वमजन, वर्मा, वन्धु, वलन, विष्ट विदारी, वास्कोटा, वास्तोला,


वानिया, बुढाथोकी, बोहरा, बोगती, वोगतीक्षेत्री, भण्डारी, भट्ट, भट्टचन, भट्टराई, भूजेल, भुसाल, भोटे, विष्टक्षेत्री, भूल, बेगम, विश्वकर्मा, भारती, विणारी, भूलक,विश्वास, भेटवाल, बिसी, भगत, विसक (**सि**) चन्द्र, चालिसे, चौलागाई, छट्याल, छन्तेल, चौधरी, चुहान, चौरासिया, चेम्जाङ्ग, चुदाल, चिमौरिया (**डि**) ढुङ्गेल, दाहाल, धुन्दुप, ढुङ्गाना, दवगल, दुगद, दगाल, धराना, धिताल, दोल्कर, दोर्जेला, देवकोटा, दियाली, डली, द्विवेदी, डल्लाकोटी, धलान, धमला, धिमाल, देव, दवाडी, देलान, डुनुप, डोलमा, डोलक, दुतराज, धताम, धामी, धर्तीमगर, डोटेल, देवान, दिक्षित, देसार, धोवी (**जि**) गुरुङ्ग, ज्ञवाली, गोले, घिमिरे, गिरी, घोष, गुप्ता, घले, गुर्बुजा, गौतम, गलामी, गजुरेल, गोरखाली, गजमेर, गतौल, गुरागाई, गौचन, गोयल, गोल्छा, (**एच**) हमाल, हिराचन, हक,हम्फे, हुमागाई (**आइ**) ईडुइङ्ग, इङ्गनाम (**जे**) जबरा, झा, जिसी, जैसवाल (**के**) कुवंर,कार्की, खड्का, खत्री, के.सी., खतिवडा, कुमाई, खरेल, कोइराला, काफ्ले, क्षेत्री, खुलेली, कटुवाल, खालिङ्ग, काम्वाङ्ग, कमर, खां, खनाल, खेतान, खुबास, कोठारी, क्योस, कंडेल, किंल्ले, खचडा, कुबेर, खपाङ्गी, कुम्जवाङ्ग, करिम, (**एल**) लिम्वु, लावती, लुमार, लामा, लुईंतेल, लामिछाने, लिङरुलेखु, लोहिया, लालचन, लाक, लाचा, लम्पसाल, लिगल, (**एम**) मुक्तान,मानेकाल, मगर, मैनाली, मुद्रा, मोर, मुखिया, मगराथी, मिजार, मधिकर्मी, महत्तो, मिश्र, मरासेनी, मेयाङ्यो (**एन**) न्यौपाने, नेपाली, निरौला, नेम्वाङ्ग, नोर्वु, नेपाली, (**ओ**) ओझा (**पि**) पोखरेल, पाण्डे, पार्टफर, पोरिय, पौडेल, पुरी, फुदुङ्ग, पुन, प्रसाई,प्याकुरेल, पराजुली, पण्डित, फगामी, पुतुयार, पन्त, पाठक, पिरन्चोक, पहाडी, पनी, परियार, फूयाल, पालमो, पन्थ, पालुङ्ग, पाइजा, परवुती, पहले, पुरकुसी, पञ्जियार, पोटे, पगेनी (**आर**) रानामगर, राना, राई, राउट, रुम्बा, रानाभाट, राण, रिजाल, राजवंशी, रेग्मी, रायमाझी, रम्नेल, राजोपाध्याय, रोक्का, रोङजोङ्ग, रिमाल, रुपाखेती, राजेश्वर, रोङजोङ्ग, रावल, रोहोर, रिजनाल्ड, राय, रिसाल (**एस**) सुव्वा, शर्मा, शेर्पा, शाह, सुवेदी, सिंदेल, सिलवाल, सिन्हा, सुनुवार, सिजापती, शेरचन, सदाशंकर, सत्याल, सेग्नस्गुप्ता, सिंजाली, स्याङताङ, सिवाकोती, शेदाई, सौदेन, सेन, श्रीस, सोती, सुरी, सुनार, सिलालेक, सरिफ, सादा, स्तिलर, सितौला, सिंहठकुरी, सिंहक्षेत्री, सुगता, सरावोगी, सिंखडा, शुराना, सगून, सापकोटा, संजेल, सार्की, श्याङदेन, श्रीवास्तव, सोवेम्वा, शुक्ल (**टि**) थापा, थापामगर, ठाकूर, तामाङ्ग, तिवारी, तोलाङ्गे, थजाले, तुम्बाहाम्बे, तिमिल्सिना, ठकुरी, थापाक्षेत्री, ठुगुजान, थकाली, ताल्चामदेल, त्रिपाठी, तुलाचन, थपिनी, तिब्रवाल, तोलाई (

**यू**) उपाध्याय, उप्रेती (**डब्ल्यु**) वासिम, वाग्ले, वाइबा, वन्त, वाहाकेती(**वाइ**) यादव, योञ्जन, याक्थुम्वा, । यी **वेनेवार जातहरुलाई तालिका**मा पनि देखाएको छुँ ।

तालिका नं.:-१३

| वडा नं. | जातिको संख्या | वडा नं. | जातिको संख्या | वडा नं. | जातिको संख्या |
|---|---|---|---|---|---|
| १ | ९१ | ९ | ४३ | १७ | १५ |
| २ | १३९ | १० | ९२ | १८ | ३८ |
| ३ | १२६ | ११ | ११ | १९ | ५५ |
| ४ | १२४ | १२ | २५ | २० | ४२ |
| ५ | ९१ | १३ | ८८ | २१ | ६ |
| ६ | ३० | १४ | ११५ | २२ | २९ |
| ७ | २० | १५ | ९३ | | |
| ८ | १८ | १६ | ७ | | |
| जम्मा | ६३९ | जम्मा | ४७४ | जम्मा | १८५ |

चित्र नं.:-१३




माथिको चित्रमा देखाए अनुसार नगरमा अरु जातिहरु सबभन्दा बढी वडा नं.२ मा १३९, वडा नं.३ मा १२६ , वडा नं. ४ मा १२४, १४ मा ११५, १५ मा ९३, १० मा ९२, १ मा ९१, र ५ मा ९१ प्रकार रहेका छन् । नगरमा अरु जातिहरुको बसोबास बाहिरी वडाहरुमा रहेको

पाउँछौं । जुन अरु वडाहरुको तुल्नामा वडाहरु ठूला रहेकोले पनि हो । बसोबासका कारण नगरमा सुरक्षा, सुबिधा, राजधानीको नजीक र यातायातको सुबिधाले हो ।

# चौंठो-अध्याय

## ४. ज्यापु परिचय

### ४.१. परिचय

नेवारी जाति अनेक जात र समुदाय भएको एक राष्ट्र रुपी विशाल समाज हो । अध्ययनको आधारमा थाहा पाए अनुसार तीन हजार वर्ष भन्दा अघि देखि शुरु भएको नेवार जातिको प्राचिन विभिन्न जात जाति र धर्म समुदाय आदिको वीच सह अस्तित्व र पारस्परिक सद्भावना राखी विकास भै आएको हो । त्यस्तै यस जाति भित्र जातिय, भाषिक, धार्मिक वा सांस्कृतिक कट्टरता केही छैन तर एउटा अवगुण माथिलो जात र तल्लो जातको भेदभाव भन्ने पहिले देखि भएको छ । नेवारी समुदाय भित्र विभिन्न उप-समुदाय मध्ये ज्यापु समुदाय पनि एक हो । नेवार समुदायको जातिय विभाजनमा मध्यम वर्गमा पर्ने ज्यापु समुदायको आफ्नै पहिचान र संस्कृति छ । बोलिचालिको अर्थमा ज्यापुको अर्थ खेती काम गर्ने किसान वा मानिसलाई ज्यापु भनिन्छ । नेवारी भाषामा ज्यापुको अर्थ धानको खेती गर्ने वर्ग अर्थात **"ज्या"** (काम) र **"पु"** ( उपत्यकाको धान खेती गर्ने ) हो ।[१] त्यस्तै पी.आर. वज्राचार्य अनुसार ज्या (काम) र बुं (खेत) अर्थात खेतमा काम गर्ने कामवाट ज्यापु शब्द वनेको हो । अर्को शव्दमा "ज्या" को अर्थ काम गर्नु र "पु" को अर्थ तौली धान (काठमाण्डौ उपत्यकामा भित्र) खेती गर्ने भएकोले तौली धानको खेती गर्ने किसानहरुलाई ज्यापु भनिएको हुन सक्दछ ।[२]

ज्यापु शव्द वास्तवमा "ज्या" याय् "फू" वाट अपभ्रंश भएको हो । ज्या (काम) र फू ( गर्न सक्ने) धेरै वढी काम गर्न सक्ने अर्थात "ज्याफू" वाट अपभ्रंश भएर ज्यापु भएको हो ।[३] यस भनाइलाई David N. Gellnor र उनका सहयोगीले पनि ज्यापुलाई ज्या (काम) र फू (गर्न सक्ने) वताएको छ ।[४] यसैसगं सहमति भएका भक्तपुर व्यासी टोलका कृष्णहरी वासुकला पनि

१) Gerard Toffin,"Interceste Relations in a Newar Cjommunity", In James Fisher, (ed); Himalayan Anthropolagy,( The Hague Press,Mounton Publisher, 1978,p. 461.
२) Gopal Singh op.cit; p. 166,167.
३) सानु लाल महर्जन, ललितपुर, पिलाछैँ टोल, बर्ष ७०

४) David N. Gellner and Rajendra P. Pradhan, " Urban Peasants, The Mahaarajans (jyapu ) of kathmandu and Lalitpur", In David Gellner (ed); contested Hierarchies, (oxford, clarenden press 1995 ), p.158

बढी काम गर्न सक्ने व्यक्तिलाई नेवारी भाषावाट ज्यापु भनिन्छ ।[५] यस्तै नै अर्का एक विद्वान नगेन्द्र शर्माको भनाइ अनुसार ज्या को अर्थ काम वा मजदुरी अर्थात खेताला अर्थात मजदुर गर्नेहरुलाई ज्यापु भनिन्छ ।[६]

वास्तवमा ज्यापुको अर्थ ज्याफूवाट आएको हुनु पर्दछ । नेवार समुदाय भित्र रहेका यी ज्यापुहरु जस्तो सुकै गाह्रो काम अराए तापनि उनीहरुले नाइ नभनिकन काम गरेको हुन्छ । अर्को कुरा उनीहरु खेतीमा यस्तो फूर्सद हुन्दैन कि विहान उठेर वेलुका नसुतुन्जेल (खाजा खानु र तमाखु खानु वाहेक) फूर्सद छैन भन्छ । यी ज्यापु जातमा कामको वेफुर्सतले गर्दा वावुले छोरा र छोराले वावु चिन्न नसक्ने हुन्छ कारण वावु विहान सवेरै उठेर काम जानेवेला छोरा उठेको हुदैन र वावु वेलुका घरमा आउँदा छोरा सुति सकेको हुन्छ । यसरी काममा फूर्सत नै नलिकन काम धेरै गर्न सक्ने भएकोले ज्याफूवाट ज्यापु भएको हुन सक्दछ ।

अर्को कुरा ज्यापुंवाट ज्यापु भएको हुन सक्दछ । नेवारी भाषामा “ज्या मपों पिं” किसानलाई ज्यापु भनिन्छ । अर्थात ज्या (काम) पुं (कहिलै फुर्सत नभएको) काममा कहिलै फूर्सत नभएको किसानलाई ज्यापु भनिन्छ । वर्ष भरिमा अनेक किसिमका काम गरिन्छ । धान खेती पछि गहुँ छर्ने, आलु, सागपात, आदि रोप्ने र त्यसको लागि चाहिने मल (कालीमती) झिक्ने काम वर्षको २ पटक गर्ने गरिन्छ जुनकाम महिनौ लाग्न सक्छ त्यस्तै गरी काम वाहेक घरमा पुरुषले सुकुल वनाउने सागालको मल खेतमा लाने त्यस्तै महिलाहरु घरमा कपडा बुन्ने आदि काम गरेर जिविका चलाउने हुन्छ । यसरी एकपछि अर्को काम गरी रहने हुनाले काममा फूर्सत हुदैन यसरी कममा फुर्सत नभएका **ज्यां पुं पिं** (काममा लागि रहने) नेवारलाई ज्यापु भनिन्छ । ज्यापुहरुको प्राचीन सम्वन्धमा **गोपालसिंह नेपाली**ले दक्षिण भारतमा र काठमाडौ उपत्यकाका कृषक ज्यापुहरुले माटोको डल्लो फुटाउने प्रयोग गर्ने खतां मुगको आकार प्रकार र नामाकरण एकै (मलाया भाषा बाट खतांको अर्थ माटो हो ) भएको आधार मानी ज्यापुहरु दक्षिण भारतीय हुनकी भन्ने शंका गर्नु भएको छ ।[७] त्यस्तै वंशावलीमा पनि ज्यापुहरुलाई

[५] बालचन्द्र मिश्र, " डेढसय भन्दा बढी थर भएका ज्यापुहरुको बस्ती भक्तपुर "
कान्तिपुर ( शुक्रवार-३० कार्तिक २०५३ ), पृ.(ग)

[६] नगेन्द्र शर्मा, नेपाली जन जीवन, द्वितीय संस्करण, (साझा प्रकाशन, २०५२ ) पृ २९

[७] David N. Gellener op.cit. p. 178

नायर देशका वासिन्दा नेवारहरु व्रम्हपुत्र, क्षेत्री हुन् भनेका छन् ।[८] ने.सं.४४४ मा राजा हरि सिहं देवको साथमा आएका व्राम्हण, आचार, नेवार, बैद्य, खड्गी, तेली, रंजीत, सवार, ज्यापु, जातिहरु आएका नेवार वर्ग भित्र पर्दछ ।[९]

बाबुराम आचार्यको अनुसार ज्यापु लिच्छवि जाति हुन् भन्नु भनेको छ । उहाँको लेखमा उपत्यकाका कृषकहरु नेपाल कै आदिवासी ज्यापु हुन् । ज्यापुहरु मुख्य रुपले कृषक भएकाले तिनीहरु लिच्लविकाल देखि नै यहाँ वसोवास गर्थे भन्ने कुरा प्राचीन समय देखि चलि आएको इन्द्रजात्रा पर्वमा हाल सम्म पनि ज्यापुहरुको मुख्य भूमिका भएवाट प्रष्ट हुन्छ ।[१०]

नेवार जातिको आदिवासी नेवार भन्दै गरेको ज्यापु समुदाय यहाँ पहिले वस्ती वस्न आएका **नेप** नाउँको गोपाल र महिषपाल सिंह पनि हुन्छ भन्ने कुरा अनुमान गर्न सकिन्छ जस्तै विशाल नेवार जाति भित्र ज्यापु, शाक्य, उदास, मानन्धर आदि छन् । त्यसैगरी ज्यापु समुदाय भित्र सापु, महर्जन, सुवाल, डंगोल, अवाले, कुम्हाल, तण्डूकार, व्यञ्जनकार, सिं, सिंह आदि जातिहरु छन् । यी ज्यापुहरुको सम्बन्ध आभीर जातिको यादव र थारुहरुसित पनि सम्वन्ध भएको देखिन्छ ।

आजकल ज्यापु समुदायको सापु जात त्यसवेला नेपाल खाल्डोमा बस्ती बसाल्न आउने गोपाल बंशहरुको बंशज हो भन्ने कुरा विद्वानहरुको धेरै विचार छन् । त्यस्तै यहाँका सापुहरु पनि आफूलाई यादव, गोपालको बंश हो भनी विश्वास गरेको देखिन्छ । त्यस्तै काठमाण्डौका सापुहरु अहिले पनि पुर्खौली गाइ पालेर जीविका चलाउने गरि राखेको छ । उदाहरणको लागि आधुनिक राजधानी काठमाडौंको किलागल टोलको सापुहरुलाई लिन सकिन्छ । किलागलमा सापुहरु धेरै भएकाले त्यस टोललाई नेवारी भाषामा सापुत्वाः भनिन्छ । किलागलका ज्यापुहरुका भनाइ अनुसार किलागलमा रहेका यी बस्तीहरु छोबि ननी, बिज्येपु ननी र लङको आदि हुन् । यी सापु (ज्यापु) हरु इन्द्रजात्राको समयमा पुलुकिसी (पुलु हात्ती) देखाउन ती सापु (ज्यापु) हरुको पूर्ण सहभागिता हुन्छ ।

८. भाषा वंशाबलि पूर्ववत, पृ- २६

९. ऐ ऐ पृष्ठ- २६

१०. बाबुराम आचार्य "नेपालमा जलाशयन नारायण मूर्तिको स्थापना"नेपाली (अंक ४५, कार्तिक- पुष २०१७ ) पृष्ठ- ३

यहाँका सापुहरुले आफूलाई सापु खःल भनिए तापनि थर लेख्ने वेलामा महर्जन र डंगोल लेखिन्छ । यहाँका सापुहरुको गाइ चरने चउर छाउनी (अहिले सैनिक व्यारेक) टुंडिखेल छ । आजकल किलागलका सापुहरु त्यहाँ छोडेर आफ्नो जग्गा भएको पश्चिमतीर बस्न गएका छन् भन्छ । पशुपालन खेतीपाटीसंग सम्वन्ध भएकोले ज्यापु समुदायको सापु जाति प्रारम्भिक नेवार जाति गोपालवंशसंगै सम्बन्धित देखिन्छ । त्यसैगरी ललितपुरको कुम्भेश्वरका सापु (ज्यापु) हरुको रातो मच्छिन्द्रनाथका रथ तान्ने वेलामा गाइ दान दिनु पर्ने गुठी छ । यी ललितपुर कुम्भेश्वरका सापुहरु पनि आफ्नो थर लेख्ने वेलामा महर्जन लेख्ने गरिन्छ ।[११]

आजकल ज्यापु समुदाय महर्जन हो । इतिहास शिरोमनी वावुराम आचार्यले महर्जन शव्द महाराजन शव्दवाट भएको हो भन्छ र पछि यीनीहरुलाई लिच्छवि भनिएको छ ।[१२] वावुराम आचार्यकै अनुसार लिच्छविहरुलाई थकुराजाले ज्यापु वनायो भन्छ ।[१३]

महर्जन थरको ज्यापुले आफुलाई माहां, महानायः, पुइमांहा, पनि भनिन्छ । छोटकरीमा महाने पनि भन्छ । ज्यापुहरुलाई महर्जन भन्नु अघि नेपालको लिच्छविकालिन, मल्लकालिन राज्य व्यवस्थामा सैनिक जनताहरुलाई महां भन्ने चलन देखिन्छ । लिच्छवि वा मल्लकालको 'ध्वजा' जात्रामा लिएर आउनु पर्ने माहां, महांनायः कान्तिपुरका ज्यापु नै हो । यीनीहरु मध्ये कसै कसैले आफ्नो नाउँको पछाडी महर्जन राख्छ भन्ने कसै कसैले डंगोल राख्ने चलन पनि देखिन्छ ।[१४]

पालुङ निवासी गुम्जमान गोपालीवाट प्राप्त भनी उलेख गरी राखेको ताडपत्रहरु मध्ये ने.सं. ८५४ को तादपत्रमा **ललितपुर मिखा बहाःको शिवराम माहान भावो** र साछी (साक्षी) धन महान भावो, ने.सं. ८६३ को ताडपत्रको मेतखा बहाःको **धनदेव माहान भावो** र साछी

[११] रेवती रमणानन्द श्रेष्ठ- नेवा-
[१२] डा. जगदीस चन्द्र रेग्मी- "नेवारी संष्कृतिको रुपरेखा" पृष्ठ- १०
[१३] बाबुराम आचार्य- नेपाल,नेवार र नेवार संष्कृति लेखमा
[१४] बिपेन्द्र महर्जन-( लेख- " ज्यापु जातिया छगु दुवाला- ( संन्ध्या ताइम्स दैनिक पत्रिका ११२० सिल्ला थो १- १४ तक )

**धनेश्वर माहान भावो**, ने.सं. ८६८ को ताडपत्रमा पनि **मेतखा बहाःको धनदेव माहान भावो**को नाम छ ।[१५] यहाँ माहान भनेको माहाँथर अनि भावो भनेको ज्यापुहरुलाई भन्ने भाववाचक शव्द हुनुपर्छ । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानवाट प्रकाशित "नेपाली वृहत शव्द कोश अनुसार माहनको अर्थ "माल, अमाल, वन जाँच आदि अड्डाको दस्तुर लिने र जग्गा जमिन, वन जङ्गलको रेखदेख गर्ने एक कर्मचारी" भनी लेखेको छ । नवौं शताव्दीको अन्तमा उत्तर प्रदेशवाट वैश्यहरु आएर यी लिच्छवीहरुलाई राजकालको केही काम नदिइ कृषक अथवा ज्यापु वनाइ दियो ।[१६]

विपेन्द्र महर्जनले आफ्नो लेख दैनिकपत्र सन्ध्या टाइप्समा शिर्षक **"ज्यापु जातिया छगु दुवाला"** मा भावो शव्दको वारेमा पनि लेख्नु भएको छ । त्यसमा लिच्छवि राजा शिवदेव तृतीयको पालामा (ने.सं. २२१) ललितपुरको **"महाद्य ननी"** मा रहेको ताम्रपत्रमा "इदा भावो" र ने.सं. २४१ को चाँगुको अभिलेखमा "दक्षिण त्वल केधि बासिनं तिनुभावो……… र तत्जन समाप्त" भनी भावो शव्द प्रयोग गरी राखेकोमा इदा भावो र तिनुभावो नाउँ हो वा होइन स्पष्ट भएन । भावो सम्वन्धी एउटा पुरानो ललितपुरको सःक्वो चपाटको ने.सं.४२५ को शिलापत्र यसरी छ -

**१) श्री योस्तु ॥ सम्वट ४२५ चैत्र शुक्ल द सम्भायां**
**२) तिथौ दानपति जजभाव श्री सलको वाहार या**
**३) ताछें जिवराम भावो ; हृदय भावो : जयराज**
**४) भावो थ्व पनि सोम्हस्यं सएव लाछे चपा**
**५) द मुतल जुको दंत याताछेः ज्योति थकादि**
**६) प्रमुखन अष्टि धमुनि समुहनं थ्व चपा**
**७) दङाजुरो : धर्मदङा छें म्हांय हाजु**
**८) भावो : ॥ शुभ ॥**[१७]

[१५] छत्र बहादुरबाट प्राप्त हेमण्त राणा र धन बज्र बज्राचार्यले सम्पादन गरेको " टिस्तुङ्ग- चित्लाङ्ग भेकको ऐतिहासिक सामाग्री"

[१६] अनुवादक स्वयम्भू लाल श्रेष्ठ- शिरोमणी बाबुराम आचार्यले लेखेको इतिहास- पृष्ठ १२ ( ऐ नेवा- पृष्ठ-१५ )

[१७] छत्र बहादुर कायष्ठ- " नेपाल संष्कृति " मासिक पत्रिका ( १११८ आषाढ, बर्ष ८ अंक १६)

यस शिलापत्रले भावो जात ज्यापु हो भने कुरा म्हेय हाजु भावो भनेको शब्दले स्पष्ट देखाउँछ । विपेन्द्र महर्जनको कथन अनुसार बनको काम र भारदारी काम गर्ने मान्छेलाई भारो भन्ने चलन छ, भिक्षु संघको श्रमण भन्नेहरुलाई बन्धे भन्ने चलन भए जस्तै आफ्नो इलाका रक्षा गरी श्रम र शीप उपयोग गरी आइ रहेका नेवारहरुलाई ज्यापु वा भावो भन्ने चलन देखिन्छ ।

बुद्धको उपदेश अनुसार मनुष्यको गुण भएकालाई "मनुस्मत भावो" भनिन्छ । यस अनुसार ज्यापुहरुले मनुष्य जगतलाई आवश्यक वस्तुहरु उत्पादन गरी ती उत्पादित, अन्न, लाउने चिज आदि सबै प्रकारका जीव प्राणीलाई समेत पुऱ्याई आफुले उपभोग गर्दछ ।

सापु, मेपु, भावो आदि शव्द जस्तै ज्यापु शव्द पनि इतिहासको पानामा देखिन्छ । जस्तै उदाहरणका लागि नेपाल सम्वत ७६३-७९३ तीरका **भक्तपुरका राजा जगत प्रकाशन मल्ल**ले नक देशमा नाँच देखाउन लेखेको गीत **"नाग कथो प्याख्यान"** उक्त गीतको वोली यस्तो छ -

**दहस दुब्वासे वाने नागकन्या जोने ॥**
**रतन बियाव छोसे हय विधि फोने ॥३॥**
**ज्यापुचान हया कन्या खाँसे नसैं लोभ ॥**
**नपा राचकान परम सोम ॥४॥** [१८]

माथिको नेवारी भाषावाट लेखेको गीतको बोलीले के स्पष्ट गर्दछ भन्ने मल्लकालीन राजाहरु सवै नेवारहरु नै भएको पुष्टि गर्दछ । ती नेवार भित्र ज्यापुहरु छन् भन्ने कुरा देखाउदँछ ।

ज्यापु शव्द वा ज्यापु जाति र भाषा जयस्थिति मल्ल राजा हुनु भन्दा धेरै वर्ष पहिले देखिनै विकसित भैसकेको कुरा यी पंक्तिवाट देखाँउछ ।

**"ज्यापोमियात नं ज्यापककोस्य ज्याजं विस्यंत तोत आदिनं अंततो वं निष्टे याङ अवेकन ज्याजं यंज माल्व ॥** अर्थात नेवारी भाषावाट लेखेको उक्त वाक्यको मतलव ज्यापुहरुलाई पनि काम गराई ज्याला दिइ ..ज्याला लानु पर्छ ।

**"ज्याजं मविस्यं ज्यायेकाजु काले लाभस जी वो छि वा ज्यापोया ॥**

**शा जयकाया कृशानया चकाया वनज येङाया आदिपं वुं थथ्य जुरों ॥**

---

[१८] नेपाल राष्ट्रिय अभिलेखालयमा संग्रह भैरहेको " नेपाल भाषा गीत संग्रह " नाउँका "थ्या सफु "( थ्या पुस्तक ) मा भएको उक्त गीत "नेपाल संष्कृत " मासिक पत्र अंक ९७ मा प्रकाशित )

अर्थात ज्याला नदिइ काम गराएको कालको फाइदा दश भागको एक भाग (१/१०) अथवा ज्यापु हुन्छ ।[१९]

यी माथिको वाक्यमा रहेको ज्यापो शब्द ज्याला लिएर काम गर्ने (ज्या याइम्ह कोही मानिस भन्ने देखिन्छ जाति कै मानिस हो भनेर देखिदैन । अर्को कुरा नेवारी भाषा मल्ल राजाहरु आउनु भन्दा धेरै पहिले नै ज्यापु शव्द विकास भैसकेको भन्ने कुरा उक्त अभिलेखले प्रमाणित गर्दछ ।

**महर्जनः-**ज्यापो वा ज्यापु महर्जन शव्द कहि नदेखे पनि ज्यापु जाति भित्रका केही ज्यापु जातिहरु आफुलाई माहाँ, महानायः (नायक ) भन्ने चलन छ । त्यस्तै कोही ज्यापुहरु त्यसवेला सैनिकको काम गर्ने, देशको रक्षा गर्नेलाई महां भन्ने गर्दछ । कोही ज्यापुहरु जग्गा जमिन धेरै भएको र जहिले पनि जमिनमा काम गर्नु पर्ने भएकोले पछि उनीहरुलाई धेरै जमिन भएको "महा-जमिन" हुदै "महाजन" को अपभ्रंश भएर महर्जन भएको हुनुपर्छ ।

**सिंहः-**नेवार जातिभित्र कोही नेवारहरुले नाउँको पछाडि सिंह लेख्ने गर्छ । त्यस्तै ज्यापु समुदायभित्र पनि सिहं भन्ने छ । विशेष गरी ज्यापु समुदायको सुवाल जातिले आफूलाई सिहं भन्ने गर्छ र नाउँको पछाडी सिंह लेख्ने गर्छ । नेपालको प्राचीन महिषपाल राजाहरु पनि सिहं वंशी हो । अर्थात "ज्यापु समुदायको सिंह खलः(खलक) सुवाल जाति पनि महिषपाल राजाहरु सित सम्वन्धित भएको देखिन्छ ।[२०]

**सुवालः-**प्राचिन समयमा आफ्नो शक्ति विहिन भएपछि महिसपाल राजाहरुले सुवाल ( सुपवाल वा सुपकार) अर्थात झोल हुने प्रकारको खाना वनाउने काम पेशा लिएको हुनुपर्छ । यसरी ज्यापु समुदायको सुवाल जातको महिषपालहरुसित सम्वन्ध भएको देखिएकोले सुवालहरु पनि प्राचीन नेवार जातिसित सम्वन्धित भनेर अनुमान गर्न सकिन्छ ।

[19] नेपाल सम्वत ५०० राजा जयस्थिति मल्लको मन्त्री जयत बर्माले लेखे पछि लुन्तभद्र बज्राचार्यले सिध्याएको पुस्तक " न्यायविकसिनी " " अस्वामि विक्रवयो नाम द्विप्रभदः सप्तमव्यवहार पदं " भन्ने प्रकरण भित्र पृष्ठ नं.( ३१ ३२ )

[20] रेवती रमणा नन्द श्रेष्ठ - " नेवा " पृष्ठ - १९

**दङ्गोलः-**ज्यापु समुदायको एउटा थर दङ्गवोल हो । दङ्गवोल नेवार शव्द देखिन्छ । यिनीहरुको काम जग्गा नाप्ने हो । जमिन नापेर हेर्ने ग्वालालाई दङग्वल भनिने हुनसक्छ । शायद कोही ग्वालाहरु गोपाल महिषपाल शासन कालमा वा किरातकालमा जग्गा नापी सम्वन्धी काम गर्ने व्यवासाय लिएर दङग्वल भएको हुनुपर्छ ।

**कुम्हाः-**ज्यापु समुदाय भित्र कुम्हा ( कुमाल ) भन्ने जाति पर्नेछ । यीनीहरुको काम माटोको भाँडो कुडो बनाउने हो । यीनीहरुलाई थारु जातिको बंशस् हो भनी राखेको छ । तर कुम्हालहरु गोपाल, महिषपालको समयमा आएको हो वा होइन स्पष्ट छैन । त्यसो भएपनि यीनीहरुको सम्बन्ध थारुसित देखिएकोले कुम्हालहरु पनि आभीर जातिको महिषपाल सित पनि सम्वन्ध हुने स्वाभाविक छ । उनीहरुमा पनि माटोको भाँडो वनाउने सभ्यता गोपाल, महिषपाल राज्यमा पनि भएकै हुनुपर्छ । ललितपुरमा कुमाल चार प्रकार छन् जस्तै आवा कुम्हा, न्हेसःकुम्हा, ञवा कुम्हा, चिपकार कुम्हा आदि ।

यस कथन अनुसार ज्यापु समुदायमा सापु, महर्जन, दङग्वल, सुवाल, कुम्हाल आदिको नेपाल खाल्डोमा प्रथम आगमन आभीर जातिको गोपाल र महिषपालहरु सित सम्बन्ध देखिने भएकोले ज्यापु समुदायलाई आदिवासि नेवारको वंशज भन्न सकिन्छ ।

ठकु राजाहरुले नेपालमा राज्य गरी रहेका लिच्छविहरुलाई हराइ खेतमा काम गर्न लगाएर ज्यापु गरी दिएको भन्छ ।[21] यस भनाइलाई प्रख्याती इतिहासकार स्व. वावुराम आचार्यले ठकू राजाहरुवाट लिच्छविहरुलाई ज्यापुकरण गर्ने भएको कुरा वताउनु भएको छ । यो कुरा उहाँको लेख संकलनकर्ता **स्व. स्वयम्भुलाल श्रेष्ठ**ले अनुवाद गरी **"नेवाः, नेवाः भाय् व संस्कृति"** नाउँमा प्रकाशित पुस्तकमा **"थौ कन्हेया नेवातय्गु नस्ल व वृतान्त"** भन्ने उपशीर्षकमा देखाएको छ जुन यस प्रकार छन् ।

"लिच्छविहरुलाई उत्तर प्रदेशका व्राम्हनहरुले भ्रष्ट क्षेत्री भन्छ ।[२२] तर लिच्छविहरुले आफुलाई गंगा जति नै पवित्र थान्दछ ।[२३] यिनीहरु सनातन धर्म मान्ने भएकोले लिच्छवि राजाहरुसंग व्राम्हण, वंम्जा : (व्यापारी), ज्यापु, शिल्पकार, डुम (पोरे), दुसाद (च्यामखल) आदि

---

२१. रेवती रमणानन्द श्रेष्ठ - नेवा , पृष्ठ - ( २८ - ३० )

२२. मनुस्मृति अध्याय १०, श्लोक २२

२३. लिच्छवि राजा जयदेव द्वितीयको पशुपतिको अभिलेख

धेरै जात आएको भयो । यिनीहरुसंग बिवाहवारी गरेर उत्तर प्रदेशबाट थोरै समुह समुह गरी यहाँ आए । थोरै संख्या आएकाले धेरै वर्षपछि आफ्नो भाषा बिर्सेर उनीहरुले नेवारी भाषा सिकेर वोल्न थाले । नवौं शताव्दीको आरम्भतिर वौद्ध धर्मको बाँधी आएपछि धेरै जसो लिच्छविहरु बुद्धिस्त भएर एउटै जात भयो । नवौ शताव्दीको अन्ततीर उत्तर प्रदेशका वैशहरु ( वैश्य = ठकुरी) आएर यी लिच्छविहरुलाई जितेर नयाँ राज्य स्थापना गरी उनीहरुलाई राज काजको केही काम नदिइ कृषक वा ज्यापु गरी दियो । उदाहरणको लागि काडमाण्डौ, ललितपुर, हाडिगाउँ आदि स्थानहरुमा लिच्छवीहरुको शिलापत्र धेरै जसो ज्यापुहरु बसी राखेको टोलहरुमा भेटिएको छ । अंत कम मात्र पाउँछ । यसरी हेर्दा वैश्य ( ठकू ) राजाहरुले पहिलेका आभीर, किराँत र शाक्य आदि वाहेक लिम्छविहरुलाई मात्र राजकाजको केही काम नदिएर केवल खेती गर्न दिएको वुझिन्छ । संसारमा एक पक्ष ( जाति ) ले अर्को पक्ष ( जाति ) को राज शक्ति जितेपछि पहिलेका पक्ष ( जाति ) लाई दमन गर्ने परम्परा नै छ । यसरी नै तत्कालिन नेवारीहरुको ( १८ ) अठार वटा जातको एक जात लिच्छवि र उनीहरुसंग आएका जातिहरुलाई ज्यापुकरण गरिकन ठकुरीहरुले आफ्नो शासन मजबुत वनाउन खोजिएको देखिन्छ ।

## ४.२. बसोबास **( Residence )**

काठमाडौं उपतयकामा रहेका नेवारहरु विभिन्न समयमा विभिन्न जाति तथा समुहहरु बसाईं सर्दै आएको कुरा पुरानो इतिहासमा भेटिन्छ । ती मध्ये ज्यापु समुदाय जो काठमाडौं उपत्यकामा पहिलो वासीको रुपमा लिन सकिन्छ । उनीहरु तालको पानी सुकेपछि खेतीपाती गर्ने उद्देश्यले आएको हुनु पर्छ । खेती पाती र पशुपालनको लागि ताल सुकेको ठाउँ उपयुक्त हुने भएकोले ज्यापुहरु पहिलो आगमन र पहिलो आदि वासीको रुपमा लिन सकिन्छ । धेरै बर्ष पछि उनीहरुको संख्या वृध्दि हुँदै गयो । काठमाण्डौ उपत्यका भित्र नेवारहरुमा जातिको हिसावले सबभन्दा बढी ज्यापुहरु नै देखिन्छ । उनीहरुको बस्ती काठमाण्डौ उपत्यकामा जहाँ जहाँ खेती योग्य जमिन छन् त्यहाँ त्यहाँ ज्यापुहरुको बस्ती रहेको भेटिन्छ । खास गरी ज्यापुहरु नगरको बाहिरी क्षेत्रमा बस्तै आइरहेको पाउँदछौं । नगरको बिकास र बस्ती वृध्दीको साथै ज्यापुहरु पनि नगरबाट बिस्तारै गाउँतीर बास सर्दै गइ रहेको देखिन्छ ।

वर्तमान अवस्थामा नेवारहरु देशको विभिन्न भागमा वस्न गएको भेटिन्छ । यसरी देशको विभिन्न भागमा वस्न गए तापनि उनीहरुले आफ्नो समुहमा आफ्नो परम्परागत संस्कृत रीतिरिवाज, जातिगत संस्कृतिलाई अवलम्व गरेका छन् । यो उनीहरुको मौलिक विशेषता हुन् ।

नेवार समुदायमा रहेका ज्यापुहरु काठमाडौं उपत्यकाको तीनै शहरहरुमा वसोवास गर्दछ भने ज्यापुहरु जो किसान पेशा गर्ने गर्छ उनीहरु आफ्नो थलो छोडेर टाढा टाढासम्म वस्न गएका त्यती छैन । ज्यापुहरुको वसोवास क्षेत्र ललितपुर नगरमा ४० टोल, काठमाडौंमा ३२ टोल र भक्तपुरमा १७ टोल रहेको छ । १) ललितपुरका ४० वटा ज्यापु टोललाई रातो मच्छेन्द्रनाथ जात्रा मनाउने आधारमा ४ समुहमा बिभाजन गरेको छुं । जस्तैः-

**क) गावहाःया** :- अग्नीशाल, छाय्बहाः, काय्गुननी, कुछेननी, मिखाबहाः, नःत्वा, पूर्णचण्डी,

**ख) नुगःया :-** दुपा, धालाछैं, गुइटोल, हकत्वा, लुँखुसि, पिंछैं, पिलाछैं, सःक्वो, सुवहाः, त्यागः, यलमुगः, । यी टोलहरुलाई वछु खुत्वा ( ६ टोल ) पनि भनिन्छ ।

**ग) लगंया** :- भिन्द्योलाछि, भेलाछैं, चाबहाः, चोछैं, च्यासः, छुसिका, धौगाः, गःछैं, गाःहिति, हौगः, इबाननी, कुटीसौग, क्वेलाछि, खपिंछैं, लोंलँ, नकबहीः, सलिंछैं, तःननी, तःलाछैं, वलखु,

**घ) जावलाया** :- पुच्व, बागर  यी ४० वटा टोलहरुमा ज्यापुले गर्ने सबै प्रकारको सांस्कृतिक रीतिरिवाज गर्दै आएकोले यी टोलहरुको ठाउँ र नाम नक्सामा देखाएको छुँ ।

आजभोलि माथि उलिखित ४० टोलहरु वाहेक यी टोल वा स्थानहरुमा ज्यापुहरु वसोवास गर्दै आइरहेका छन्- गुसिंगाल, कुपण्डोल, बखुण्डोल, लिलाघर, राजतिर्थ, दोबाटो, साँचल, सानेपा, धोबिघात, ठाडोढुङ्गा, अफडोल, जावलाखेल, नक्खु, लगनखेल, मानभवन, कुमारीपाती, पोदेप, थसिखेल, सिन्तिहिति, मण्डहिति, कनिबहाः, प्याःपुखु, ओकुबहाः, थपाहिति, चंकी, भिन्छैंबहाः, ग्वार्को, क्वाछैं, भोल ढोका, यंगुबहाः, सैंठुगणेश, चिकंबही, क्वबहाः, धुम्बहाः, लामपाटी, ज्वागल, चाकुपाट, कानदेवता, हःखा, स्वँठ, तुम्बहाः, मंगः, टंगः, नौड, ठैना, कुसुन्ती, एकान्तकुना, तिखिदेवल, खुमल्टार, नखिपोट, ताल्छिखेल, सिजःजोल, सातदोबाटो, बालिफः, धलायेचा, न्यादल, न्याखाचोक, नागबहाः, टेता टोल, क्वाल्खु, वनबहाः, किसिचोक, दौबहाः, झ्वाबहाः, जेनबहाः, ईखालखु, तःढोका, गाःबहाः, नःबहाः, उजाननी, पाटनढोका, सोलिम्ह, श्रीबहाः, ईखाछैं, यतबहाः, झातपोल, चोबुननी, शंखमुल आदि ( ७८ )

चित्र नं.:-१४

ललितपुर नगरमा ज्यापु बस्तीको नक्सा




ज्यापुहरुको वस्ती ललितपुर नगरमा वाहेक ललितपुर वरपरका छिमेकी गाउँहरुमा वसोवास गर्दै आएका पाउँदछौं । जस्तै १. थसी (सानागाउँ) २. लुभु ३. थैब ४.बर्गां ५.जल ( हरिसिध्दि) ६.थेचो ७.धापाखेल ८.सुनाकोठी ९.बुगमति १०.खोकना यी गाउँहरुमा वस्ने ज्यापुहरु धेरै जसोको अहिले पनि मुख्य पेशा खेती नै रहका छन् ।

उपत्यका भित्र वसोवास गर्ने ज्यापुहरुको आफ्नो आर्थिक क्षमता अनुसार धेरै जसोको २ देखि ३ तल्ले सम्म घर रहेका छन् । घरको आकारमा बाहिर साधारण झ्याल, तिकि झ्याल ( काठको सानो प्वाल भएको जालि जस्तो) बार्दली धेरैको हुने जसमा खेतबाट ल्याएको सागहरु सुकाउन प्रयोग हुन्छ । घरको कोठाको उचाई धेरै जसोको ४.५ फिट देखि ५ फिट सम्म हुने, झिंगतीको छानाहुने हुन्छ अलि धनि भएका ज्यापुले कौसी राखी जस्तापाताको छाना राख्छन् । आर्थिक कमजोर भएका ज्यापुहरुले घर बनाउन ५।१० बर्ष देखि योजना बनाई काठको लागि आफ्नै खेत वारीमा रुख रोपेको हुन्छ । उक्त रुख उपयुक्त भएपछि आफैले राम्रो माटो भएको खेतवारीमा आफै गएर ईटा पार्छ र ईंटा सुकेपछि बोकेर ल्याइ घर बनाउने गर्छ । धनि किसानले पाको ईंटाले र गरिवले पूरै काँचो ईंटाले घर बनाउने गर्छ कसै कसैको बाहिर पाको र भित्र कचि ईंटा राखी घर बनाउने गर्छ ।

घरको भुईं तल्लालाई छेडी भनिन्छ । त्यहाँ ज्यापुहरुले आफ्नो खेतमा प्रयोग हुने सबै सामानहरु खर्पन, खताँमो (माटो कुट्ने) राख्नुको साथै पशुहरुमा भेंडा, वाखा, गाई, भैसी राख्ने गरिन्छ । त्यसको दोश्रो तल्लालाई मातं भनिन्छ । उक्त कोठामा ठाउँको उपयुक्त अनुसार वैठक, सुत्ने कोठा गर्छ र तेस्रो तल्लालाई चोतः भनिन्छ । उक्त तल्लालाई पार्तेशन गरेको हुदैन खुल्ला राखेको हुन्छ । यस तल्लामा सबै प्रकारका काम हुन्छ । भात खाने, गफ गर्ने, चाडपर्वमा भोज खाने आदि काम हुन्छ । छाना मुनीको ठाउँलाई बैगः भनिन्छ । जहाँ भात पकाउने देखि लिएर भान्छालाई आवश्यक सामानहरु पराल, छ्वाली र काठ, दाउरा राख्ने गरिन्छ । धेरै जसोको घरको झ्याल, ढोका आदिमा केही न केही बुट्टा कुँडिएको हुन्छ । घरको झ्यालमा- १. छपा झ्याः (एउटा झ्याल), २. नि झ्याः (दुइता जोडिएको झ्याल) ३. सँझ्याः ( तीनता जोडिएको झ्याल) हुन्छ ।

ज्यापुहरु जहाँ बसेपनि आफ्नो रीतिरिवाजको संस्कृतलाई छोडेको हुन्दैन । ज्यापुहरु सबै वौद्ध मार्गी नै भएपनि गणेश, भिमसेन र कृष्णलाई पनि पुजा गरेकै हुन्छन् । ज्यापुहरु मुख्य गरी बौद्ध मार्गी भए तापनि उनीहरुले सबै प्रकारका देवताहरुलाई माने कै हुन्छन् त्यसैले ज्यापु जातिलाई धार्मिक सहिष्णुताको उदाहरणको रुपमा लिन सकिन्छ ।

ज्यापुहरु वस्ने धेरै जसो चोकमा चिबा र धर्मनाथ (चैत्य) स्थापना गरेको हुन्छ । त्यही चिबाले गर्दा उक्त चोकको नाम नामाकरण गरेको हुन्छ । जस्तै चिबा चोक, त्यस्तो चिबा,

धर्मनाथ राखे पछि राख्ने व्यक्तिले बहाः पुजा गर्नुपर्छ । बहाः पुजा भनेको आफुले राखेको जस्तै नगरका सबै प्रकारका बहाःहरुलाई पुजा गर्न जानु हो । बहा पुजा गर्दा आफ्नो टोलको बाजा गाजा सहित उक्त टोलका सबै भक्तजनहरुलाई निम्ता गरी अझ सक्नेले छिमेकी टोलका भक्तजनहरु र बाजाहरुलाई स्मेत निमन्त्रणा गरेर बोलाउँछ । यसरी बोलाएर ठीक साइतमा अगाडि गुभाजु बसेर नगर भित्रका सबै बहाः र बहीःको पुजा गर्न जानु पर्छ । त्यसको मतलब उक्त नयाँ राखेको चिबा ( चैत्य ) वा धर्मनाथ नगरका अरु  बहाः र बहीःमा रहेका चिबा वा धर्मनाथको सदस्य भएको मानिन्छ । ल.पु. नगरका प्रत्येक वर्ष मनाउने मतया (बत्ती बालेर देवताहरुको पुजा गर्न जाने) यात्रामा उक्त नयाँ वनाएको चिबालाई पनि लिन आउँछ । बहाः पुजा नगरे सम्म कुनै पनि पुजामा उक्त नयाँ राखेको चिबालाई पुजा गर्न आउँदैन ।

आज भन्दा २०/३० बर्ष अगाडि अर्थात वि.स.२०३० सालतिर ज्यापुहरुको प्रत्येक घरमा सागाः र नौगाः हुन्छ । सागाः (सागाल) भन्नाले मलको खाल्डो हो । ( साः= मल; गाः=खाल्डो )  सागाःलमा घरको फोहरको धुलो, फोहर कसिंगर, भान्छावाट प्राप्त साग सब्जी कसर, पराल, छ्वाली आदिको कसर त्यहाँ फालेको हुन्छ र घरको प्रकाशको लागि छोडेको सानो सागुंरो भागमा त्यस्तो सागाल वनाएको हुन्छ । त्यस्तो ठाउँलाई नेवारी भाषामा " **धाला प्वाः** " भनिन्छ । खानेकुरा पखालेको पानी त्यसमा फालेको हुन्छ र छानाको पानी पनि त्यसमा पठाएको हुन्छ र त्यसवाट बढी भएको पानी मुख्य ढल निकासमा पठाउने व्यवस्था गरेको हुन्छ । नौगाः (नौगाल) नौ =  खरानी । भऱ्याङ्ग मुनी खाल्डो खरानी जम्मा गर्ने ठाउँलाई नौगाः भनिन्छ । उक्त नौगाःमा  घरका परिवारले पिसाब गरिन्छ । खाल्डो भरिए पछि बोकेर खेतमा राख्न लग्छन् । यो मल धेरै राम्रो हुन्छ ।

वर्तमान अवस्थामा ल.पु. नगरका ज्यापुहरु धेरै परिवर्तन भैसकेका छन् । ६०% भन्दा बढी संख्यामा शिक्षित भैसकेका छन् । त्यही शिक्षित भएको कारणले आफ्नो पूर्खौली खेती पेशालाई छोडी विभिन्न अरु पेशामा लागेका छन् । अरु कामले गर्दा खेतमा काम नगर्ने, खेती पेशाले जीविका चलाउन गाह्रो भएको, खेती पेशा व्यवशायिक रुपमा  संचालन गर्न खेतको प्लत सानो भएको कारणहरुले गर्दा नगरका ज्यापुहरुले खेती पेशा छोड्दै गएका छन् । पढे लेखेका ज्यापुहरुले खेती नगर्ने, रोग उत्पन्न हुनु आदि कारणले नौगाः र साःगाः सबै नगर क्षेत्रमा हति

सकेका छन् । अहिले नगरका ज्यापुहरुको टोलमा साःगाः, नौगाः भएको घर र फोहर खाल्डो विरलै पाईन्छ ।

घरहरु पनि प्रत्येक टोलमा ४०% प्रतिशतमा भन्दा बढी घरहरु नयाँ भै सकेका छन् । धेरै जसो नयाँ घरहरु ढलान गरी बनाएका छन् । घरहरु बनाउँदा पहिला पहिला टोलका बासिन्दाहरुले एक आपसमा सहयोग गरेर बनाउने गरिन्छ । तर आजभोलि सबै सामान ज्यामि राखेर ठेक्कामा दिने प्रचलन बढेर गएको छ । त्यसकारण अहिले ज्यापुहरुलाई पनि कुनै काम गर्न गाह्रो भएर आएको छ । पहिला पहिलाका ज्यापुहरु स्वावलम्बि हुन्थ्यो सबै काम आफुले गर्ने गर्थे । अहिलेका ज्यापुहरुलाई ज्यापु भन्न सुहाउँदैन किनभने जुनसकै काम पनि ज्यामि लगाएर काम अरुलाई गराउँदथ्यो ।

खेतमा काम गर्दा बाहिरवाट आएका खेतालाहरु राखेर काम गराउने भै सकेका छन् । खेतमा उत्पादन हुने धान, गहुँ अरु अन्नहरु बाटोको सुविधाले गर्दा खर्पनमा बोकेर नल्याई साइकल, ट्याक्टर र मोटरमा हालेर ल्याउने भै सकेका छन् । खेत खन्नलाई ट्याक्टरबाट जोताउने भै सक्यो । सानो तिनो प्लटमा मात्र हातैले गर्ने गर्थ्यो । बि.सं. २०३० साल पछि जन्मेका ज्यापुका बच्चाहरुले खेतको काम गर्न जानेका छैनन् । धर्म पनि कूल जनसंख्याको ०.९६% ज्यापूहरु अरु धर्म मान्ने पनि देखिन्छ । जस्तै-ईसाइ धर्म मान्न चर्चमा जाने मान्छेहरु पनि विस्तारै बढेर गएरको देखिन्छ ।

देशको परिस्थिति र आर्थिक अवस्थाले गर्दा ज्यापूहरु पनि आफ्नो परम्परालाई त्यागेर जे काम गरी आफूलाई राम्रो हुन्छ त्यस्तो काम गर्ने पनि देखिन्छ । अहिले नगरका ज्यापुहरु व्यापार गर्ने, मुर्ति कुँड्ने, मुर्ति बनाउने, नोकरी गर्ने, शिक्षण पेशामा लागेका, बिदेशमा गएर काम गर्ने, ठेकेदार हुने, उद्योगमा लाग्ने, आदि छन् । यी वाहेक डाक्टर, ईन्जिनियर, पाइलट, पनि छन् भन्ने कोहि कोहि डकर्मि, सिकर्मि, बज्रकमि, वायरिङ्गको काम गर्ने र प्लम्बर काम गर्ने पनि थुप्रै पाईन्छ । कोहि कोहि केतीहरु त व्युति पारोलरको काम गर्नेहरु पनि थुप्रै पाईन्छ ।

## ४.३. नेवार र ज्यापु

नेवार शव्द दुइता अक्षर ( ”ने” + ”वा” ) को मिश्रण हो । **ने** भनेको नेमुनीको नाउँ हो भन्ने **वा** भनेको पालक हो । वा शब्दमा “र” पछि मात्र थपेका हो । नेवारी शव्दमा भेडा

पाल्नेलाई फैजवा ( फै = भेडा, जवाः = पालक, पाल्ने ) त्यस्तै सा (गाई) जवा, मे (भैंसी) जवाः आदि भनिन्छ ।

नेपाल शव्दलाई नेवारी शव्दमा **नेपाः** पनि भनिन्छ । नेपाल खाल्डोमा बस्ने नेवारहरुलाई नेवारी भाषामा **नेवाः** पनि भनिन्छ । **"वा"** शव्द पनि पछि अपभ्रंश भै **"पा"** हुन गयो र **नेपाः** भयो । पछि नेपाःमा **"ल"** थपेर नेपाल हुन गएको हो ।

नेपाल खाल्डोमा पशुपालन, खेतीपाती गर्ने प्रथम जातिको रुपमा नेवार नै हो । यीनीहरु धेरै काम मात्र गर्ने भएकोले अर्को समुह वा जातिले नेवारलाई ज्यापु भनेको हो । नेवार र ज्यापु शव्द कुनै जाीत नभइ कामको पेशाको आधारमा बोलेको वोलिने शव्द हो । जस्तै महर्जन, श्रेष्ठ र शाक्य आदिले सिकर्मी, डकर्मी, आदि काम गरेमा त्यसलाई जातको नाम नभनी कामको आधारमा डकर्मी, सिकर्मी भनी वोलाइन्छ । त्यस्तै आजभोली जो सुकै जातिले डाक्टर, इन्जिनियर पास गरेमा त्यसलाई, डाकटर साहेब, इन्जिनियर साहेब भनेर बोलाइन्छ । ठेका पत्ताको काम गर्नेलाई ठेकेडार साहेब भन्छ ।

नेवार र ज्यापु बीच एक अर्कासंग घनिष्ट सम्वन्ध रहेको छ । अर्थात नेवार र ज्यापु एक अर्काका पर्यायवाची शव्द हुन् । ज्यापु भन्ने वितिकै नेवारहरु हुन् भन्ने वुझिन्छ । नेवार र ज्यापु नेपालमा प्राचिन काल देखि नै वसोवास गर्दै आएका छन् । यद्यपि ज्यापुहरुलाई अन्य नेवारहरुको तुल्नामा आदिवासिको रुपमा हेरिन्छ । कतिपय विद्वानहरुले नेवारलाई नेपालमा वस्ने नेवारी भाषा बोल्ने समुहको रुपमा लिइन्छ । नेवार भनेको विभिन्न जाति र उपजाति मिलेर बनेको नेपालकै नाउँको एउटा समुह हो ।

नेवार समुहलाई धर्मको आधारमा २ समुहमा विभाजन गर्न सकिन्छ ।

१) बौद्ध मार्गी २) हिन्दु मार्गी । ज्यापु समुह वौद्ध मार्गी हुन् किनभने उनीहरुको पुरोहित वज्राचार्य र गुभाजु आदि हुन् । ज्यापुहरु वौद्ध मार्गी भएता पनि हिन्दूका देवताहरुलाई पनि पुजा आजा गरिन्छ । यस हिसाबले ज्यापुहरुको सामाजिक क्रियाकलाप र धार्मिक क्रियाकलापमा नेवार समुदायका अरु जातिहरु बीच मिल्दो जुल्दो छ । परम्परागत रीतिरिवाज संस्कार आदि नेवारहरुसंग धेरै भागमा मिल्दो जुल्दो छ ।

नेवारहरुको हरेक चाडपर्व, धार्मिक क्रिया कलापहरुमा ज्यापुहरुको उपस्थिति भएको हुन्छ । ललितपुरको हरेक जात्रा, पर्व, रीतिरिवाज, आदि कुराहरुकमा ज्यापुहरु उपस्थिति नभएको

चाडपर्व नै हुन्दैन । दशैको महान चाडमा प्रत्येक मठ मन्दिरहरुमा ज्यापु महिलाहरुको विशेष उपस्थिति भइ रहेको हुन्छ । दशैंमा लगनखेलको महालक्ष्मी देखि मंगलबजार सम्म ल्याउने खड्ग जात्रामा पनि ज्यापुहरुले नै खड्ग जात्रा मनाउँछ । घोडा जात्रा र बालकुमारी जात्रामा ज्यापुहरुकै उपस्थितिमा मनाउने गरिन्छ । त्यस्तै रातो मच्छिन्द्रनाथको जात्रामा त पुरै ज्यापुहरुकै जात्रा हो भने पनि हुन्छ किनभने ज्यापुहरुले सम्पूर्ण रथ निर्माण गरी रथलाई चार ठाउँका स्थानीय ज्यापुहरुले तानेर जात्रा मनाउने गरिन्छ । यस जात्रामा ज्यापु बाहेक अरु नेवार जातिहरु नगन्य रुपमा संलग्न हुन्छन् ।

## ४.४. खानपान

ज्यापुहरुको प्रमुख व्यवशाय खेती भएकोले उनीहरुले धेरै प्रकारको खाद्यान्न उत्पादन गर्दछन् । त्यसले गर्दा ज्यापुहरुको खानामा धेरै प्रकार पाइन्छ । नेवार समुदायमा ज्यापुहरुको खाना धेरै प्रख्यात छ । ज्यापुहरुको भोज भन्ने बितिकै अरु जातिहरु हुरुकै हुन्छन् । ज्यापुहरुको खाना जस्तैः- **बजिमा-** वलबजि (रातो चिउरा) तुयुबजी (सेतो चिउरा), **मासुमा-** छ्वेय्ला ( पोलेको मासु), कचिला (काँचो मासु), भुतनी (तारेको मासु), त्यस्तै **तःखा-** (ठलठले मासु) न्याखुना (माछा मिसाइ पिरो हुने गरी बनाएको ठले ठले तःखा ) आदि प्रकार खाना प्रसिद्ध छ । **छ्वेलामा-** मन छ्वेला (उसिनेको मासु), हाकू छ्वेला ( पोलेको मासु ) धेरैले मन पराउँछ । **बारामा-** माय्वो, मुःवो, कःसुवो, (मासको) खेँवो ( मासको बारामा फुल हाल्दा खेँवो भनिन्छ ) । ज्यापुहरुको भोजमा बढी मासुको प्रकार पाइछ भने जाँदको बढी तारिफ गरिन्छ । जाँद बनाउन ज्यापुहरु निपुन हुन्छन् । ज्यापुहरुलाई हाकू छ्वेला, ठलठलले मासु र जाँद बनाउनमा अरु कुनै नेवार जातिहरुले सक्दैन ।

ज्यापुहरुको भोजमा धेरै प्रकारका घासा पनि हुन्छन् । घासामा- बोःघासा र बुबः घासामा फरक हुन्छन् । बोःघासा भन्नाले लप्ती (टपरी) मा चारैतिर कम मात्रामा, जसमा वायाँवाट अदुवा, कालो सानो भटमास, बोडी, मासको बारा, तोरीको साग, चपीं (फर्सीको चारपाते सानो टुक्रा), खेपी (फर्सीको सानो टुक्रा), कम घासा (सानो केराउको धुलो) आदि

प्रकारको बोःघासा राखिन्छ । बुवःघासा भन्नाले खाने गेडा गुडीको प्रकारहरु छन् । यसमा ठुलो केराउ, सानो केराउ, कालो भटमास, मस्याँ (पमाय्), सिमि हुन्छन् ।

बोघासामा निम्न प्रकारका हुन्छन् । १) प्यता घासा (चार प्रकार) २) खुता घासा (छ प्रकार) ३) च्याता घासा (आठ प्रकार) यस्तो घासाको प्रकार राख्न भोजको प्रकार हेरी राखिन्छ । सानो तिनो भोज र परिवार मात्र बसेर खाने भाजमा चार वा छ थरिका बोःघासा राख्ने गरिन्छ भन्ने ठूलो भोज जस्तै विवाह, सराद गर्ने आदि भोजमा आठ थरिको बोःघासा राख्ने चलन छ भन्ने ठूला ठूला पर्व, पूजा आदिमा १२ थरिको बोःघासा राखी भोज गर्ने गरिन्छ ।

नेवारी तथा ज्यापुहरुको भोजमा भात खुवाउने चलन छैन । भोज शुध्द गरी गर्नु पर्ने भएकोले ज्यापु समाजमा चिउराको प्रयोग गरिन्छ । चिउरालाई नेवारी भाषामा बजि भनिन्छ भन्ने प्राचिन समयमा " **फलके** " भनिन्थ्यो । गोपाल राज वंशावलिमा पनि चिउरा भन्ने फलके शव्दको प्रयोग गरिएका छ ।[२४] जयस्थिति मल्लको समयमा लेखिएको अभिलेखमा पनि फलके को उल्लेख गरेको छ ।[२५]

ज्यापु समाजमा समय बजि खाने चलन छ । समय बजि खास गरी धार्मिक पुजा पाठमा प्रयोग गरिन्छ र पुजापाठ सकिए पछि भोजको जस्तै सबै प्रकारको खानेकुरा राखी लप्ती ( तपरी) मा राखी खाने गरिन्छ । ज्यापु समुदायमा श्राद्ध गर्ने वेलामा पुरोहितको पुजा पाठ सकिएपछि मुख्य भोज खानु अघि केही खानेकुरा गुभाजु संगै बसेर खाईन्छ जसलाई **"पंचाकू"** लिने भनिन्छ । पंचाकूमा छ्वेला, चिउरा, रक्सि आदि हुन्छ । पँचाकू घरका मुख्य मुखा सदस्य जो विहान देखि भोकै बसेर पूजा पाठमा बस्ने, सघाउने र सहयोग गर्नेले खाने गरिन्छ । ज्यापुसमाजमा विभिन्न समयमा विभिन्न खानेकुरा खाने गरिन्छ जसलाई निम्न शव्दहरु प्रयोग गरेको पाईन्छ । जस्तै :-

**क) कौला-** ज्यापु समुदायमा बिहानको मुख्य भात खानु अघि खानेलाई **"कौला"** भनिन्छ । कौलामा रक्सी, रोती हुन्छ । त्यस्तै मकै, भतमास आदि खुवाईन्छ । अंग्रेजीमा यस्तो खानालाई ब्रेकफास्त भनिन्छ ।

---

२४) Dhanabajra Vajracharya, K.P. Malla, The Gopalraj Vansavali ( Franz, Steiner Verlay wiesbaden GMBH, 1985 ), p. 66.

२५) D.R. Regmi, Medieval Nepal, Part II ( Calcutta, Firma K.L. Mukharpadhyaya, 1960, p.4

**ख) तपं-** बिहानको भातसंगै रोती, मकै, धेरु आदि खाने चलन ज्यापु समाजमा छ । परिवारमा सरदर राखेर ल्याएको भात खाएको नपुग भएमा केही समय पछि रोती खाने चलन छ । त्यस्तो खाने चलनलाई तपं खाने भनिन्छ । तपं भनेको नेवारी भाषामा थप्नु हो ।

**ग) अतल-** खेतमा काम गर्न जाने वेला ११,१२ बजे भएपछि केहि खानेकुरा खुवाउन ल्याउँछ त्यसलाई नेवारी भाषामा " **अतल बिइगु वा अतल काय्गु** " भनिन्छ । खेतमा काम गर्दा थकाइ लागेर गाह्रो हुने भएकाले बिहान खाएर आएको खाना पचि सकेको हुन्छ र खाना खाने बेला पनि भएको हुन्दैन त्यस्तो अवस्थामा बल बढाउनको लागि बीचमा खाना खुवाउने गरिन्छ त्यसैलाई "**अतल**
**बिइगु**" भनिन्छ ।

**घ) दिउँसोको खाना-** ज्यापु समाजमा धेरै जसोको खाना दिउँसो २ बजे खाने चलन छ । कहिले काहिं कामले गर्दा ठिक समयको अगाडि पछाडि हुन्छ । अतल खाएपछि दिउँसोको खाना ३ बजे पनि हुन्छन् । धान रोप्ने र काट्ने बेलामा खाना भोज जस्तै सबै प्रकारको खाना तयार गरेर ल्याउँछ । धान रोप्ने र कात्ने बेलामा जाँद र रक्सी अनिवार्य हुन्छ । धान कात्न र रोप्नको लागि एक दुई हप्ता अगाडि देखि नै जाँद तयार गरेको हुन्छ । जाँद तयार भए पछि धान रोपाई वा धान काट्न ज्यामिहरु तयार गर्छन् ।

**ङ) झारु-** ठूला ठूला खेतमा काम गर्न धेरै ज्यामिहरुको आवश्यक हुन्छन् र त्यस्तो खेतमा काम गरी समयमा सिध्याएर आउँदा बाटोमा गीत गाएर आउँछ र बाटोमा आउँदै गर्दा बाँकी भएको खाना बाटोमा बसेर रमाइलो गरी खानेलाई झारु भनिन्छ । यस्तोमा खास गरी अचार र छ्वेलासंगै जाँद वा रक्सि पिउँने गरिन्छ । झारु खाने चलन ज्यापुहरु सामुहिक मिलेर टाढा टाढा सम्म पुजा पाठ गर्न जाँदा पुजा सक्याएर फर्केर आउँदा बीच बाटोमा पुग्दा आराम लिनको लागि पनि यस्तो झारु खाने चलन छ । त्यस्तै कुनै साथीको खेतमा धान काट्ने, खेत जोत्ने र धान रोप्ने आदि सकेपछि बेलुका सबै साथीहरु कामको बारेमा छलफल गर्न र बल खुवाउन खेत धनिको घरमा जाँद रक्सि र मासु खुवाउने आडिलाई पनि झारु भनिन्छ ।

ललितपुरको ज्यापु तथा नेवार समाजमा नखः चखः गरी थुप्रै चाडपर्वहरु हुन्छन । नखः भन्नाले ठूला ठूला चाड दशैं तिहार मच्छिन्द्रनाथको जात्रा, सिठि नखः, योमरी पुन्ही आदि हुन भने चखः भन्नाले सानो चाड जस्तै चथाः, जुगः चह्रे आदि हुन् । ज्यापु समाजमा हरेक जात्रा,

पर्व, चाड आदि तिथिको आधारमा मनाउने गरिन्छ । तिथिको आधारमा मनाउने भएकोले चाडपर्वहरु पूर्णिमा, औंसीमा, चह्रे, एकादशी, अष्टमी, पंचमी, चौठी, प्रतिपदा आदि तिथिमा पर्दछ ।

ज्यापु समाजमा बिबाह भोज, विभिन्न चाडपर्व आदिमा खानेकुराको प्रकार फरक फरक हुन्छन् जस्तैः– **गुन्हु पुन्ही** (रक्षावन्धन) को वेलामा क्वाःति (विभिन्न गेडागुडी पकाएर बनाएको तातो झोल) रोतीसंगै पिउने गरिन्छ । **चथाः** (तीज) को दिनमा भटमास, मकै, बकुला, केराउ र बसुपतीको भित्रको बियाँ भुटेर जसलाई "हलिमलि" भनिन्छ राती कसैले नदेख्ने गरी लुकेर भोज खाने चलन छ । ललितपुरमा ईन्द्रजात्रा चार दिन सम्म चार स्थानमा मनाउँछ । उक्त दिनहरुमा मुख्य "समय बजि" खाने चलन छ । समय बजिमा मुख्य "सनाचा" राखेर खाने गरिन्छ । सनाचा भनेको करेलाको अचार हो । **कुःछिभ्वे-** दशैंमा अष्टमीको दिन बेलुका खाने भोजलाई "कुःछिभ्वे भनिन्छ । उक्त दिन बेलुका घरको मुल्ली मानिसले आफ्नो खेतमा बर्षेनी प्रयोग गरेका हतियारहरुलाई "थापँ " (पुजा गर्ने स्थानमा राखेर ) गरी पुजा गरिन्छ । पुजा सकिए पछि सबै परिवार बसी कुःछि (दुई माना ) चिउरा नापेर घरको प्रत्येक सदस्यलाई "लप्ती" (टपरी) मा राख्छन् । त्यसमा विभिन्न बोःघासा (अदुवा, कालो भटमास, बारा, साग, बोडी, चपीं, खय्पी र कमघासा ) छ्वेला, दायकुला, ठुलो केराउ, सिमी, रक्सी, जाँद राखी भोज खान्छन् । ज्यापु समाजमा तिहारमा पनि विशेष खाना हुन्छन् । जसमा मुख्य चामलको पिठोको **"द्योचामरी"** (देवताको मुर्ती), त्वादेवा (बत्ती बाल्ने स्तम्भ ) वनाउने गरिन्छ । तिहारमा **"म्हपुजा"** (शरीर पुजा) र **"किजा पुजा"** भाई पुजा गरिन्छ । उक्त पुजामा सके सम्म भए भरको फलफूल राखी पुजा गरिन्छ । अनि **"स्वकं"** ( सगुन ) दिने गरिन्छ । यसमा पकाएको अण्डा , माछा, रक्सी वा जाँड दुबै हातले म्ह पुजा गर्ने घरको मुल्ली अजिले सबैलाई दिन्छ । अण्डा लिएमछि घरका सबै सदस्यहरुले आफ्नो दक्ष अनुसार पैसा वा कपडा वा सारी आदि दिन्छ । भाई टिकाको दिनमा दिदी वा वहिनीले पुजा गरेर सगुन दिइने गरिन्छ । त्यसरी सगुन दिएपछि दिदीले भाईको काँध ढोग्छ भन्ने बहिनीले दाईको घुँदा ढोग्छन् ।

**सकि मना पुन्ही**

यस चाडमा पनि “हलिमरि” खाने चलन छ । उक्त दिनमा मुख्य गरी **“सकी र ही”** उसिनेर खाने गरिन्छ । उक्त दिनमा ज्यापुहरुको प्रत्येक टोलहरुमा विहान वा बेलुका भजन गरिन्छ । भजनमा टोलका प्रत्येक परिवारले हलिमरि राख्न लग्छन् ।

**थिंला पुन्हि (यो मरी पुन्ही)**

यो पुर्णिमा ज्यापु समाजको धेरै महत्वपूर्ण छ । यस दिनमा ज्यापुहरु सबै जसोको देवाली पुजा हुन्छ । देवाली पुजामा सके सम्म आफ्ना शाखा सन्तानहरु सबै एक ठाउँमा जम्मा भै आफ्नो आगंदेवता पुजा गरी भोजखाने गरिन्छ । यसमा मुख्य गरी चामल पिठोको योमरी र रोटी राखी भोज खाने गरिन्छ । यसमा तःखा र न्याखुना पनि हुन्छ ।

**घ्यो चाकु संलु**

यो चाड माघ १ गते मनाइन्छ । यसमा पनि “क्वाःति” पिउने चलन छ । यस चाडको क्वाःतिमा लैंलैंचा साग राखेर पकाइन्छ । त्यसपछि लोंचा मरी सगैं सानो सानो अदुवाका टुक्राहरु, घ्यू, र चाकु राखी क्वाति पिउने गरिन्छ । लैंलैंचा साग ललितपुर च्यासल टोलका ब्याञ्जनकार जातिले बिक्रि गर्न ल्याउँछन् ।

**पाहाँ चह्रे (घोडे जात्रा र वालकुमारी यात्रा)**

यो दिनमा काठमावण्डौंमा दशैं जस्तै ठूलै भोज मनाइन्छ भन्ने ललितपुरमा विशेष गरी ज्यापुहरु सबै जसोको मलामी गुठीको भोज हुन्छ । यसमा सबै प्रकारको गेडागुडी र बाह्र प्रकारको घासा राखी बडा शुध्द गरी भोज गरिन्छ । यस गुठी भोज टोल हेरी फरक फरक भएको पाउँछौं । यस गुठीको भोजलाई **”सनागुठी भोज”** पनि भनिन्छ । यो सनागुठी भोज कसैको साधारण प्रकारको हुन्छ भन्ने कसैको बिबाह भोज जस्तै सबै प्रकारको खानेकुरा राखी भोज गरिन्छ ।

**खाई संल्हु**

यो वैशाष १ गते मनाउने चाड हो । यस दिनमा भक्तपुरमा दशैं जस्तै ठूलो भोज गरिन्छ । तर ललितपुरमा लैंसि राखी क्वाति पकाएर पिउने गरिन्छ । यस दिनमा भक्तजनहरु पहाडको टुप्पोमा जस्तै बाघद्वार (शिवपुरी), फुल्चोकी, धेनाचो (चन्द्रागिरी) भ्रमण र पुजा गर्न जान्छन् । क्वाति पिउँदा साधारण लोंचामरी सगैं पिउने गरिन्छ भन्ने बेलुका मासु भात खाने

गरिन्छ । यस दिनमा ललितपुरमा देवता लदाउने जात्रा पनि हुन्छ । यस देवता जात्रामा चारवटा पिठ देवता मंगलबजारबाट भोलढोका तीर लग्छन् र त्याहाँ ती पिठ देवताहरुलाई ढोकाको पश्चिमतीर राख्छन् र अर्को त्यहींको गणेश ल्याएर उनीहरुसंग जुताउँछन् । भोलढोकाको गणेश भएकोले उक्त देवतालाई भोलगणेश भनिन्छ । उक्त गणेश बोक्ने ज्यापुहरुमा च्यासल टोलका टेपेहरु हुन् जसलाई ब्यञ्जनकार भनिन्छ ।

**मच्छिन्द्रनाथको जात्रा**

यस जात्रामा ललितपुरका ज्यापुहरुको विशेष ठूलो जात्रा हो । यो जात्रा ललिपुरमा चार ठाउँमा जस्तै **गाःबहाः, नुगः** (सुन्धारा), **लगंख्यो** (लगनखेल) जात्रा अर्थात नरिवल खसाल्ने जात्रा भनिन्छ र **जा होला ख्यो** (जावलाखेल) जात्रा अर्थात भोटो देखाउने जात्रा हुन्छ । यस जात्रामा ललितपुरका ज्यापुहरुले नै तानेर गन्तव्य स्थानमा पु-याएर जात्रा मनाउने गरिन्छ । यस जात्रामा मच्छिन्द्रनाथको रथ तान्ने दिनलाई **"छ्वेला भूः"** भनिन्छ । रथलाई तानेर गन्तव्य स्थानमा पु-याउन नसकेमा **"छ्वेला प्वागन"** भन्ने चलन छ । त्यसको मतलव जात्रा मानेन भनेको हो । रथलाई गन्तव्य स्थानमा पु-याएमा भोलिपल्ट आफन्तहरु दाकेर भोज खुवाई जात्रा मनाउने गरिन्छ ।

**सिठि नखः**

नेवारी समुदायको ज्यापु समाजमा "गथां मुगः चह्रे " अर्थात घण्टाकर्ण चाडलाई **"कायमचा"** नखः (छोरा चाड) भनिन्छ भन्ने सिठि नखःलाई **"म्ह्याय् मचा"** (छोरी चाड) भन्ने गरिन्छ । यो चाड वर्षभरीको चाडहरु मध्ये सबभन्दा पछि मनाउने चाड हो । यस चाडमा मुख्य गरी चतामरी, मालबुवा, सेल, पापरी, पकाइन्छ । बाराहरुमा कालो मासको, मुसुरको र कःसु आदि ३ प्रकारको पकाउने गरिन्छ । यस चाडको मुख्य अर्थ वर्ष भरिको चाडपर्वको "सिठि" गर्ने भनिन्छ । अर्को कुरा यस चाडको दिन ज्यापुहरुले धर्मको नाममा विभिन्न स्थानमा कुवा, ईनार, ढुङ्गेधारा आदिको सफा गर्ने काम हुन्छ । यस चाड पछि दुई तीन महिना सम्म चाडपर्व मनाउँदैन ।

नेवार समुदायको ज्यापु समाजमा भोज मनाउने आफ्नै नीति नियम छ । नीति नियम र भोजको बारे केही याहाँ उलेख गर्ने प्रयास गरेको छुं ।

**खानाको परिकार**

**क) मासु परिकार** १) तःखा (ठलठले मासु) २) पालु तःखा (सौन्या खुना = माछा मिसाइ पिरो हुने गरि बनाएको तःखा) ३) छ्वेला (पोलेको मासु) ४) मन छ्वेला (उसिनेर बनाएको छ्वेला) ५) कचिला (काँचो मासु धुलो बनाइ मसला हालि बनाएको मासु ) ६) सुकुला (घाममा सुकाइ मसला हालि बनाएको मासु) ७) चुंला (मासुलाई धुलो पारी मसला हालि भुटेको वा पकाएको) ८) प्याला ( मासुलाई उसिनेर दही हालि पकाएको ) ९) लापिं ( मासुलाई धुलो पारी पकाएर रोती आकार बनाएको १०) लागो लापिं ( मासुलाई धुलो बनाइ मसला हालेर पकाइ लडु जस्तो बनाएका ११) हामोला ( मासुलाई लित हालि बनाएको १२) हि ला ( रगतलाई मसला हालि पानीको बाफमा पकाएको) १३) पुकौ ला (मासुको टुक्रालाई भुटेर बनाएको ) १४) क्वाःला ( मासुलाई ठुलो ठुलो गरी टुक्रा पारी मसला हालि पकाएको कवाफ १५) सें ला ( कलेजोलाई उसिनेर तारेको ) १६) भुटन ला ( मासुका विभिन्न प्रकारलाई भुटेर बनाएको )

**ख) रोटीका परिकार** १) योमरी, चतां मरी २) लाखा मरी ३) छुचुं मरी ( गहुँको पिठोको ) ४) जाकी मरी ( चामलको पिठो ) ५) कनि मरी ( मकैको पिठो ) ६) घःमरी बाक्लो हुने गरी हातले पापा गरी पकाएको ) ७) लः मरी ( गहुँ/चामलको पिठो पानीमा मिसाइ गिलो पारी टाउमा पकाएको ) ८) चाकु मरी ( चाकु मिसाइ पकाएको ) ९) जेरी मरी १०) स्वारी मरी ११) निम्की मरी १२) खजुरी मरी १३) प्यारा मरी १४) बर्फि १५) फिनि मरी आदि हुन् ।

**ग) गेडागुडी** १) ठूलो केराउ २) सानो केराउ ३) सेतो सिमि ४) खैरो सिमि ५) सेतो भटमास ६) कालो भटमास ७) खैरो भटमास ८) मिक्वा घासा

**घ) हरियो सागह**रु १) तोरीको साग २) पाछ्याको साग ३) काउली

**ङ) पिउने झोलको परिकार** यो ऋतु अनुसार फरक फरक हुन्छन जस्तै थों (जाँड ) यो पनि ४ प्रकारका हुन्छन् । १) ऐथों ( चामलको जाँड ) २) कर्थो ( कःकिवा वा धानलाई कुवाएर बनाएको चामलको ) ३) ह्याउँथों ( कर्थो माथिको सफा झोल ) ४) भ्यावर थों ( मकैको धुलोबाट बनाएको जाँड ) माथिका १ नम्बरको बाहेक अरु सबै जाडो महिनामा मात्र तयार गरिन्छ । रक्सिः- यो अमल झोल जुन सुकै समयमा पनि तयार गरिन्छ र जुन सुकै समयमा पनि प्रयोग गरिन्छ । रक्सि पनि कडा र नरमको हिसाबले धेरै प्रकारको हुन्छ । ज्यापु समाजमा पहिला पहिला रक्सि चाहिं आफ्नो घरमा आउने आफन्तहरुलाई **"कौला"** भनेर चियाको सट्टामा

सनमान गर्ने चिज हो । अझ बढी मान्नु पर्ने व्यक्ति भएमा टारेको अण्डा सहित यो चिज दिइन्छ । तर आजभोलि यो चलन बिस्तारै चियामा परिवर्तन भएको छ ।

ज्यापु समाजमा भोजको खानपिन आफ्नै नीति नियम हुन्छ ।[२६] बिबहाः र श्राद्ध भोजमा आफ्नै सन्तान, फुकिहरुले सहयोग गरी सघाएको हुन्छ । भोज दाक्ने बेलामा आफ्नो भोजको अवस्था र आर्थिक स्थिति अनुसार कति नातेदार र तहसम्म दाक्ने नियम हुन्छ । आफ्नो मन पर्ने भनेर जठाभाबि दाक्नु हुन्दैन । नातेदारहरुको तह अनुसार समान रुपले दाक्नु पर्छ ।

ज्यापु समाजमा भोज तयार गर्ने सुवालहरु आफ्नै कवल वा थकाली साथी भाईले तयार गरि दिन्छ । चपाट (भोज खानेघर) मा भोज तयार गर्न जानु अघिल्लो दिन फुकिका आईमाईहरुले रातो माटोले लिपेर तयार गरिन्छ । भोज तयार भएपछि फुकिका आइमाइहरुले बढाएर भ्वेःसुकु (भ्वे भनेको भोज; सुकु भनेको बस्ने बस्तु, लामो भोज खाने सुकुल) ओछ्याउँछ । सबभन्दा पहिला भलिं (भोजमा खानेकुरा राख्न जाने मानिसहरु ) हरुलाई खुवाउँछ । उनीहरुले थोरै थोरै खाएर चाख्छन् र मसलाहरु राखेको ठिक बेठिक सुवालहरुलाई जानकारी गरिन्छ र सुवालहरुले पनि नुन आदि मसला राखेर खानेकुरा ठिक मिलाउँछन् ।

मुख्य भोजमा भ्वे:सुकु ओछ्याइ सकेपछि पानी एकचोटि छर्केर सबभन्दा पहिला आफ्ना पुरोहित गुभाजु, आजुहरु, त्यसपछि विभिन्न थकालीहरु बस्दै जान्छन् । भलिंहरु पंक्तिबध्द भएर सबभन्दा पहिलोले लप्ति (टपरी) राख्दै जान्छन् । त्यसपछि बोघासा राख्ने भलिंहरु लाइनमा बसेर पहिलोले अदुवा, दोश्रोले कालो भटमास क्रमशः बोडी, बारा, साग, चपिं (फर्सिको एक ईंच वर्गाकारको टुक्रा ) खेपिं ( चपिंको आधि) र अन्तमा कम घासा (मासको धुलो) राख्ने गरिन्छ । त्यसपछि अर्को समुह भलिंहरुले पहिलोले चिउरा, दोश्रो आइमाइले सलिं (माटोको सानो भाँडो) वा खोला (काँचको भाँडो) राखेर ल्याउँछन् । तेश्रो र चौंठो आइमाइहरुले क्रमशः रक्सि र जाँड राखेर ल्याउँछन् । अर्को भलिंहरुले तःखा र न्याखुना राख्दै जान्छन् । त्यसपछि अरु भलिं आएर फर्सि क्वाः राखेर जान्छन् । भोज खानु अघि गुभाजु, आजु र थकालीहरुले लप्ती ( टपरी) मा भएका खानेकुराहरु अगाडि भुइंमा देउतालाई चढाउने गर्छ । त्यसपछि भलिं आएर

---

२६. रुकमणी वन्त, “परम्परागत नेवारी भोज” प्रज्ञा, (बर्ष १५, अंक१,पूणाङ्क ५७, २०४३) पृष्ठ ७३

दहि र पानी मिसाएको झोल जसलाई नेवारी भाषामा **"खाय्"** भनिन्छ । त्यो प्रत्येकको हातमा अलि अलि राख्दै ल्याउँछ र त्यसको पछाडि अर्को भलिंले मासुको टुक्रा ( तारेको मासु ) उक्त खाय् भएको हातमा राख्दै ल्याउँछ र एक जना आइमाइले सबैलाई रक्सी वा जाँड भएको सलिं उठाएर उनीहरुलाई दिंदै ढोग्दै जान्छन् र त्यसपछि सबैले लप्तिमा भएको खानेकुरा अगाडि भुईंमा देवतालाई चढाउँदै भोज खाने शुरु गर्छ ।

भोज खाने शुरु भएपछि सबभन्दा पहिला पंचकोल जसलाई नेवारी भाषामा **"छ्याला"** पनि भनिन्छ त्यो राख्दै लग्छन् त्यसपछि अरु भलिंहरुले विभिन्न क्वाःकासाहरु सिमि, केरा, केराउको अचार राख्दै लग्छन् । सबै खानाहरु दुई तीन पटक दोह-याएर राख्न लग्छन् । भोज खाएको मध्य समयतिर मिक्वाः भन्ने राख्न लग्छन् । त्यसपछि सबै खानेकुरा एकचोति राख्न लग्छन् । त्यसको अगाडि गुभाजु वा आजुहरुले भलिंनायो (भलिंहरुलाई खानेकुरा राख्न लग्न अह्राउने ) लाई भलिंहरुलाई तातु (रक्सि,जाँद र मासु ) देउ भन्छ र भलि नायोले पनि अरुलाई भनेर दिन लगाउँछन् र सबैले खाने पिउने गरिन्छ । त्यसपछि पाउँ (लप्सिको झोल) राख्न लग्छन् ।

अन्तमा गुभाजुलाई सोधेर दहि राख्ने व्यवस्था गरिन्छ । यो अन्तिम प्रकारमा सवभन्दा पहिला चिउरा, दही, चिनी र सिसापुसा (सानो ठूलो काँचो भिजाएको केराउ, मुला/गाजलको टुक्राहरु/कांक्रोको टुक्रा) राख्न लग्छन् । तिनीहरुको पछि पछि एकजना आईमाईले अन्ति ( रक्सि भाँडो ) लिएर सबैलाई राख्न लग्छन् र ईच्छा भएका मानिसहरुले लिन्छन् । त्यसको पछाडि दुईजना आईमाई आएर एकजनाले बाटा (मुख पखाल्न) समात्दै र अर्कोले ताँप ( पानी भएको भाँडो ) ले सबैलाई हात मुख पखाल्दै ल्याउँछन् । यो काम सबैलाई गर्दैन । गुभाजु र आजुहरुलाई मात्र गरिन्छ । पछाडि बसि खानेहरु बीचैमा उठेर जान्छन् । यसरी ज्यापुहरुको भोज सिधिन्छ । त्यसपछि फेरी अर्को भोज सुरु हुन्छ । भोज सुरु हुनु अघि आईमाईहरु आएर फोहरहरु सबै सफा गर्छन् । मानिसहरु बस्नु अघि चोखो पानीले छर्केर लग्छन् । भोज खान आउने मानिसहरु बस्दै जान्छन् र भोज फेरी सुरु हुन्छ ।

पहिलेका ज्यापुहरु फुर्सतको समयमा बिभिन्न कामहरु गर्दछन् । जस्तै सुकुल बनाउने, परालको जुत्ता बनाउने, हातैले लुगा सिउने, आइमाइहरु धागो काती कपडा बुन्ने कामहरु गर्दछन् । सुकुलको प्रकारमाः- क) भ्वे सुकु- यो सुकुल नामले नै स्पस्त छ भोज खानलाई

प्रयोग हुन्छ । ख) पा सुकुल- यो सुकुल चौडाइमा ३-५ फिट सम्म र लम्बाईमा ४-८ फिट सम्म पनि हुन्छ । यसको प्रयोग वैठकमा, विभिन्न अन्न ( धान,मकै, गहुँ ) साग सव्जि सुकाउन प्रयोग हुन्छ ग) चक्ति पा सुकुल- यो सानो खाले सुकुल हो । जसको प्रयोग एक्लो बस्न प्रयोग गरिन्छ । ४) प्वायँ सुकुल-यो सुकुल परालको मुट्ठा मुट्ठा गरी बनाएको सुकुल हो । यसको प्रयोग खास गारी  बुढाबुढी र सुत्केरी महिला बसाउन र सुताउन प्रयोग गरिन्छ । यो सुकुल न्यानो हुनुको साथै नरम पनि हुन्छ ।

## ४.५. भेषभुषा

जुनसुकै व्यक्ति वा जातिको पहिचान उनीहरुको पहिरहन वा भेषभुषाले नै हुन्छ । समाजमा रहेका विभिन्न जातिहरुको आफ्नै संष्कृति, रीतिरिवाज, रहनसहन तथा  ठाउँ अनुसार भेषभुषा हुन्छ यस्तै प्रकारले काठमाण्डौं उपत्यकाका आदिवासी ज्यापुहरुको पनि परम्परागत भेषभुषा अरु जातिको भन्दा भिन्नै प्रकारको भेषभुषा छ । प्राय जसो फुर्सतको समयमा कपास किनेर धागो काट्ने देखि लिएर तान बनाई कपडा बुन्ने समेत आफैले गर्छ । अझ कोही कोहीले त हातैले कपडा काती सिउने समेत गर्छ ।

ज्यापु पुरुषहरुले टोपी ( ढाका, कालो, माकःटोपी ) गलबन्दी , गा ( सानोठूलो ओड्ने ) रंगमा कालो, सेतो, किनारा हरियो, रातो पहेंलो मिसिएको हुन्छ । घुडा सम्म आएको पुतु लँ ( भित्र वाहिर गरि चार ठाउँमा पुतुले बाँड्नु पर्ने ) सुरुवाल, पटुका र काँच ( पटुका जस्तै बाँड्ने ) अर्को इष्ट कोत र कोट हुन्छ । छाति सुरक्षित गर्न भोटो लाउने हुन्छ । तर आज भोली युवाहरु यी पहिरनलाई छोडी कमिज पाइन्ट लाउने गरिन्छ । गा (ओड्ने छोडेर जाडोमा ज्याकेट लाउने गरिन्छ । जुत्ता चाहिं पहिलेका ज्यापुहरुले जाडोमा घरमा लाउन आफैले पराल र नालु ( सनपात ) को जुत्ता बुन्छ । खेतमा जान टलवा चाही रवर किनेर ल्याइ त्यसमा पराल वा नालुले बुनेर लाउँछ । भोज जानलाई अलि धनी बर्गले पूर्बबाट आउने छालाको त्यो पनि च्विं च्विं आवाज आउने जुत्ता किनी लाउने गरिन्छ ।

ज्यापु स्त्रीहरुमा पुतु लं ( चौवन्दी चोलो ), हाकु पतासि (भूमि कालो र किनारा भूमिसंगै मसिनो रातो र बाहिरी किनारा पहेंलो )  चौवन्दी चोलो भएपनि सारी चाही कालो हाकु पतासि मात्र हुन्छ । त्यसमा पेटीकोट लाउने चलन त्यती छैन । पटुका चाही धेरै जसोको सेतोरातो र

सेतोकालो धर्सो भएको ६ हात, ८ हात र १२ हातको हुन्छ । ज्यापुस्त्रीहरुले लाउने ओड्ने आफुले घरमा बुन्नेको चौडाइ १५-१८" को जोडेर २ हात हुने र लम्वाई ७ हात जति भएको रंग सेतो र कालो किनारा ४ लाइन देखि १" सम्मको रातो रंगको हुन्छ । आज भोली ज्यापु स्त्रीहरुले पुतु लं ( चौवन्दी चोलो ) र हाकु पतासि विशेष पूजाआजा, विभिन्न देवताको पुजा, यात्राहरु जस्तै मतया, भिमसेन यात्रा, गणेशपुजा, पीगं पुजा आदिको समयमा मात्र लाउने गरिन्छ । अरु बेला यस्तो लुगा बाक्लो भइ गह्रौ भएको र साथै यस्तो पुतु लं र हाकु पतासि बनाउन गाह्रो भएको कारणले पनि लाउँदैन । धेरै महिलाहरुको भनाई यस्तो पतासि लाउनाले हिड्डुल गर्न असजिलो, गर्मी हुने भएकोले लाउन मन नलागेको भन्छ ।[२७]

ज्यापु महिलाहरुले लाउने लुगा उनीहरुको बर्ष अनुसार लाउने गरिन्छ । केतीहरु बाह्रा ( गुफा) नराखे सम्म फाता लं ( घुंडा सम्म आउने चौवन्दी चोलो ) लाउने गरिन्छ । बाह्रा राखी सकेपछि केतीहरुले विस्तारै सारी लाउने गरिन्छ । सारी लाउने भएपछि ती केतीहरु घर ब्यबहारमा विस्तारै परिपक्व हुँदै जान्छ । त्यसपछि उ बिस्तारै बिबहा गर्न योग्य भयो भनी थान्दछन् । तर आजभोली शिक्षाको विकास र संचारको प्रगतिले गर्दा विभिन्न देश विदेशका कुरा र बिभिन्न ज्ञान ज्यापु महिलाहरुले पनि हासिल गरिसकेका छन् । ज्यापु महिलाहरुले आफ्नो प्राचिन पेशा खेतीलाई छोडी विभिन्न आफूलाई अनुकुल मिलेको पेशा अपनाउदै गएका छन् । देश परिस्थिति अनुसार ज्यापु महिलाहरुले पनि आफूलाई समय अनुसारको लाउने गरेको पाइन्छ । उनीहरुको आर्थिक सुधार, शिक्षाको प्रगतिले गर्दा महिलाहरुले पनि बजारमा देखिएका विभिन्न लुगा लाउने गरिन्छ । जसले गर्दा ज्यापु महिलाहरु पनि अरु जातका नेवार जस्तै देखिने हुन्छ । तर आफ्नो परम्परागत लुगा विशेष परिस्थितिमा भने लाउन छोडेको छैन ।

## ४.६. गहना

ज्यापु समाजमा गहना लाउने आफ्नै किसिमको विशेषता पाइन्छ । बच्चा देखि बुढा सम्म विभिन्न अवस्थामा भिन्ना भिन्नै गहना लाउने चलन छ । **मचा जंकु** ( बच्चा पासनी ) ; **इही** ( बेल विवहा ) र **बुढा जंकु** ( बुढा पासनी ) आदि अवस्थामा फरक फरक गहना लाउने

---

२७) सानु माया महर्जन, बर्ष ४०, ललितपुर, उ.म.न.पावडा नं. ७., दुपाट टोल

चलन छ । यी अवस्था बाहेक केटाले १५,१६ बर्ष सम्म चाःचा लाउने गरिन्छ । चाःचा भनेको केटा मान्छेले कानमा लाउने गहना हो । जसलाई नेवारी भाषामा न्हाति चाःचा भनिन्छ । ( न्हा भनेको न्हाय्पं = कान, ति भनेको तिसा = गहना र चाःचा भनेको गहनाको नाउँ हो । ) बच्चा जन्मेर एक महिना नाघे पछि केटा र केटी दुबैलाई १. **"ल्हाःसिक"** पाँचै औंलामा चाँदिको जाली जस्तो बनाएर लगाउने गरिन्छ । २. **"कचिका"**- यो काँचो धागो दुवै हातमा चुरा जस्तो लगाइन्छ । यस्तो कचिका लगाउनुको कारण बचालाई भुतले नछोहोस् भनेर लगाउनु हो । ल्हाःसिक र कचिका ३ महिना सकिए पछि लगाउँदैन ।

**क) मचा जंकु**

मचा जंकु भनेको बच्चालाई भात खुवाउनु हो । यसवेला मावली ( मामा ) खलकको तर्फबाट बच्चालाई कानमा लगाउने " चाःचा " जसलाई "न्हाति चाःचा" पनि भनिन्छ । हात र खुट्टामा चाँदिको चुरा लगाउने गरिन्छ । नेवारी भाषामा यसलाई **"कलि"** भनिन्छ । जंकुमा आफ्नो दक्ष अनुसार मावली तर्फको मामा बोलाई पूजा गर्न लगाउँछ र बच्चाको अगाडि यी सामानहरु अगाडि राखी बच्चालाई छुन लगाउँछ । गहनाहरुमा- १) सुसिपुचा (हातमा लगाउने चाँदिको १२ टुक्रे बाउजो ) २) भिं पुचा (हातमा लाउने रातो मुगाको माला ) ३) कली ( हात र खुट्टामा लाउने चाँदिको चुरा ) ४) पुस्तक ५) कलम ६) माटो ७) लुगा वा कपडा वा फाता लं ८) दही ९) फुल १०) माछा ११) किसलिं ( यसमा चामल, सुपारी, पैसा राखेर ) १२) जंकु टोपी आदि राखिन्छ । यी सामानहरु बच्चालाई छुन्न लगाइ सके पछि खिर भात खुवाउँछ । बच्चाले जुन चिज हातले छुन्छ भबिष्यमा बच्चाले त्यहि गर्छ भन्ने कुरा अनुमान गर्छ ।

बच्चालाई यसवेला सवैले खिर भात खुवाउन्छ । भात खुवाइ सकेपछि बच्चालाई हात र खुट्टामा कलि र कानमा माथिलो भागमा न्हाति चाःचा र तल्लो भागमा चाःचा लगाइ दिन्छ । हात र खुट्टामा चाँदिको र कानमा चाहिं सुनको गहना लगाउँछ । बच्चा केटा भएमा कलि, चाःचा र न्हाति चाःचा सबै लगाउने गरिन्छ । बच्चा केटी भएमा कलि र चाःचा मात्र लगाउने गरिन्छ । यस्तो गहना लगाउने चलन चाहिं धनिले मात्र गरिन्छ । कलिमा-घंघला, पाउज लगाइ राखेको हुन्छ । घंघला माछा आकारको टुक्राहरु जोडेर माला बनाएको हिंड्डा आवाज आउने हुन्छ ।

**ख) ई:हिपा ( बेल बिबहा)**

यसमा पनि केटी मान्छेलाई लगाउने **"सत्यफली"** (चाँदिको कपाल बाटेर लगाउने ); **"तायो जन्तर"** (घांटीमा लगाउने दायाँबायाँ सुनको डल्लो नै गेडी जस्तो बीच बीचमा चारपाते सुनको गहना ) बेल विवाहमा कुनै न कुनै देउताको गहना लगाउनु पर्ने चलन छ ।

**ग) बाह्रा (गुफा)**

केटी मान्छेलाई १२ दिन सम्म कोठामा थुनेर राख्ने प्रथालाई बाह्रा राख्ने भनिन्छ । १२ दिन सम्म थुनेर निकाल्ने दिनमा घरको ठाउँहरु सफा सुग्घर गरिन्छ । बाह्रा राख्ने बच्चालाई बिहान सबेरै लोग्ने मान्छे कसैले नदेख्ने गरी स्नान गराउँछ । बच्चाको कपाल रातो ५ से.मी. जति हुने गरी लामो टिका लगाउने र त्यस्तै खुट्टामा पनि ५ से.मी. जति नै रातो रंग लगाउन्छ । यसबेला कपालमा मोतासा ( चाँदिको योमरि जस्तो ) बाँड्ने गहना ; घाँटिमा **"न्या सिख"** भए सुनको नभए काँचको लगाउने गरिन्छ । नेवार समुदायमा गुफा अनिबार्य राख्नै पर्छ । केटी मान्छेहरु १२ बर्ष नपुग्दै राख्नु पर्छ । यदि गुफा नराख्दै नछुन्ने भएमा उनलाई नछुन्ने भएको दिन देखि नै कोठामा थुन्नै पर्छ र यसरी नछुन्ने भएमा असुभ भएको थान्दछ । यो बाह्रा राख्दा एकदम शुद्ध गरेर राख्नु पर्छ । शुद्धमा अलिकति गोलमाल भएमा बच्चा बिरामी भइ मृत्यु हुने डर हुन्छ । त्यसकारण गरिब भएका र शुद्ध पार्न नसक्नेले कि अरुले बाह्रा राखेको घरमा उनीहरुसंग सलाह गरी ३ दिन वा ५ दिन वा ७ दिन भए पनि थुनेर ल्याउँछ । यस्तो गर्नुलाई नेवारी भाषामा **"घायगु"** भनिन्छ । आजभोलि कोठाको अभाव र शुद्ध पार्ने झन्झतले बिहारमा राखेर ल्याउँछ । गुफा राखेको अवस्थामा बच्चा मृत्यु भएमा त्यो बच्चालाई त्यही कोठाको मुनि भुईंमा खाल्डो खनी गाड्नु पर्छ ।

**घ) बुढा जंकु (बुढा पासनी)**

मानिस ७७ महिना ७ दिन ७ घण्टा ७ मिनेट ७ सेकेण्ड र ७ पालीको, बर्ष पुगे पछि बुढा जंकु गर्ने गरिन्छ । जंकुको मुख्य काम बुढालाई साईतमा कानमा **"जंकु चाःचा"** लगाउनु हो । यो काम घरको छोराले आफ्नो बाबुलाई साईतमा लगाउने गरिन्छ । यो जंकु चाःचा आधा तोला देखि देढ तोला सम्मको हुन्छ ।

यी परम्परागत अवस्थामा बाहेक केटीहरुले विभिन्न गहनाहरु अरु साधारण जीवनमा लगाउने र लाउने गरिन्दैन । भोजमा, चाडपर्ब आदिमा सुनको माला, हातमा सुनको चुरा औंथी लगाउने गरिन्छ भन्ने ८ बर्ष देखि १५ बर्ष सम्मका केटीहरुले खुट्टामा मोटो भित्र खाली भएको हिड्दा आवाज आउने चाँदीको कली लगाउने गरिन्छ । यस्तो गहना लगाउने आजभोली लगाएको देखिन्दैन । भोज, चाडपर्वमा लगाउने वाहेक निरन्तर लगाइ राख्ने गहना कानमा माँकसि, टुकी, धुंग्री लगाउने चलन छ । टुकीहरुको प्रकारमा- १) **पाता टुकी** २) **पलौती टुकी** । यी टुकीहरु माँकसिको माथि लाइनमा लगाउने गरिन्छ । माँकसि भन्ने कानको तल कानलाई प्वाल पारेर लगाउने गरिन्छ । माँकसि अण्डा आकारको हुन्छ । तर आजभोलि माँकसिको सट्टामा सुरक्षाको दृष्टिकोणले चाःचा र टप लगाउने गरिन्छ । विशेष अबसरमा शिरमा **लुँस्वाँ** ( सुनको फूल ) यो बिबहामा दुलहीलाई लगाउने गरिन्छ **। सुराई (जन्तर),** यो बच्चालाई घाँटीमा झुण्ड्याएर लगाउने गरिन्छ । **बःसिक** ( चाँदीको मोती चुच्चामा मोटो पाटा भएको माला ) यो गहना अक्सर बुढी भएपछि बुढी आईमाईले लगाउने गहना हो ।

आज भोलि ज्यापु समाजमा भेषभूषा परिवर्तन भएर गए जस्तै परम्परागत गहना लाउने चलन पनि फरक हुन्दै गएको छ । बृध्द महिलाहरुमा भन्ने परम्परागत गहना देखिन्छ भन्ने युवायुवतीहरुमा भन्ने आधुनिक खालको विभिन्न गहना लाएको देखिन्छ । तर चाडपर्व, जात्रा, यात्रा आदिमा जस्तै मतया, भिमसेन पुजा, कृष्ण पुजा, गणेश पुजा, बिसन्तर पुजा आदि पुजाहरुमा परम्परागत भेषभुषा लगाई गहना लगाउने गरिन्छ । अहिलेका ज्यापु युवायुवतीहरु शैक्षिक प्रगति, सभ्यताको विकास, संचारको विकास र पेशाको परिवर्तनले गर्दा परम्परागत भेषभुषा र गहना लगाउन मन गर्दैनन् । ज्यापुको आफ्नै भेषभुषा गह्रौं, हिड्दा असजिलो भएको कारणले गर्दा परम्परागत भेषभुषा र गहना नलगाएको अहिलेका युवायुवतीहरु भन्छन् ।

### ४.७. भाषा

भाषा हरेक चलयुक्त प्राणीको हुन्छ । आफ्नो समुहमा बोल्ने भाषा ती समुहमा रहने प्राणाले मात्र बुझ्दछ । संसारमा यस्तो भाषा नहुन्दो हो त मानवको लागि आविष्कारको विस्तार एवं प्रसार प्रचार सम्भव थिएन । भाषा एउटा मानव जीवनमा एक ठूलो शक्ति सावित भएको छ । मानवले मानव जीवनको सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक तथा संस्कृत बिकास

भाषाको मााध्यमबाट गर्न सकिएको छ । प्रसिध्द मानव शास्त्री "Herskorits" ले भाषाको परिभाषा यसरी दिनु भएको छ ।

"A Language is a system of arbitrary vocal symbols by which members of a social group co-operate and interact, and by means of which the tearning process is effectuated and a given way of life a chieves both continuity and change" M.J. Herkovits, man and his works– New york.

" भाषा मुखबाट उच्चारण गर्ने संकेतको त्यो व्यवस्था हो जसद्वारा एक सामाजिक समुहको सदस्यहरु सहयोग तथा अन्तक्रिया गर्दछन् र जसको माध्यमवाट कुनै पनि कुरा सिक्ने र सिकाउने सफल होइन्छ एवं जीवनमा निरन्तरता तथा परिवर्तनशीलता दुबै प्राप्त गर्दछ । "

नेपाल भौगालिक विविधता मात्र होइन याहाँको जात र भाषामा पनि विविधता छ । नेपालको विभिन्न स्थानमा बोलिने भाषा जस्तै काठमाण्डौं उपत्यकाका आदिवासी ज्यापुको पनि आफ्नो भाषा छ । नेवार समुदाय भित्रका ज्यापु समाजको भाषा मात्र होइन यिनीहरुको लिपी, भेषभुषा, खाना, रीतिथिति अलग छ । ज्यापु जातिले बोलिने भाषा नेपालको महत्वपूर्ण भाषा मध्ये एक हो । यिनीहरुले बोलिने भाषालाई नेपाल भाषा (नेवारी) भनिन्छ ।

"नेवार समुदाय भित्र ज्यापु जातिको भाषा तिब्वती बर्मेली भाषा समुहको उप-हिमाली शाखाको अन्तर्गत राखिएको छ ।[२८] बि.स. २०५८ सालको जनगणना अनुसार नेपाल भाषा ( नेवारी) बोल्ने ८,२५,४५८ मध्ये पुरुष संख्या ४,१०,४८१ र स्त्री संख्या ४,१४,९७७ रहेको छ ।[२९] यो कूल जनसंख्याको ३.५६% छ । यो बढेर २०६२ साल सम्ममा नेपालमा नेपाल भाषा बोल्नेको संख्या ८,९९,४१९ पुगेको छ ।[३०]

नेपाल भाषाको अध्ययन कर्ता **रोवर्ट शेफर** र warren w. Glover ले नेपाल भाषालाई तिब्वती हिमाली भाषा अर्न्तगत राखेका थिए । सन १९७२ मा **जर्ज ग्रियसनको** निर्देशनमा हिमाली भाषा सर्वेक्षण कर्ताहरुले हिमाली भाषालाई २ भागमा विभाजित गरेका थिए । जस्तै- a.

---

२८) Victor S. Doherty, " Notes on the origion of the Newars of the Kathmandu Valley of Nepal ", in James fisher , (ed) HJimalayan Anthropology, ( The Hague Paris, Mouton Publisher , 1978 ) , p, 433

२९) Statistics of CBS - 2001 ( B.S. 2058 )

३०) On the basis of Nepal,s total Popn. 2,52,00,149 N.T.V. news- in "World Environment Day " date:- 1062-2-21-6.

Complex pronominalized र b. Non-pronominalized यी २ मध्ये नेवारी भाषालाई Non–Pronominalized मा राखेका थिए

नेपाल भाषालाई विदेशमा चिनाउने विद्वान लेखकहरु निम्न छन् । जसमध्ये **ह्यान्स जोर्गेसन, व्रायन हड्सन, अगस्त कोनरेडी** प्रमुख छन् । **ह्यान्स जोर्गेसनका** कतिपय किताबहरु मध्ये - A dictionary of classical Newari (सन १९३६) तथा A grammer of classical Newari (सन १९४१) प्रमुख छन् । त्यस्तै **ब्रायन हड्सनको** Essay on language, literatures and relation of Nepal and Tibet (सन १८७४) छन् ।

उपत्यकाका आदिवासी ज्यापुहरुले पनि यही नेपाल भाषा (नेवारी) बोल्ने गर्दछ । नगरवाहिरका ज्यापुहरुको सम्पर्क अरु जातिहरुसंग भएकोले उनीहिरुले बोल्दा नेपाली मिसाएर बोल्दछन् । उपत्यकाका तीन शहरका ज्यापुहरु मध्ये भक्तपुर र ललितपुर, भक्तपुर र काठमाण्डौंका ज्यापुहरुका बीच बोल्नु पर्दा नेपाली भाषा प्रयोग गर्दछन । किनकी भक्तपुरका यापुहरुको नेपालभाषा (नेवारी) अलि फरक भएकोले गिजाउँछ भनेर नेपाली बोल्छ । तर ललितपुर र काठमाण्डौंका ज्यापुहरुको बीच बोल्नु पर्दा नेवारी भाषा नै बोल्दछन् किनकी यिनीहरुको भाषा धेरै समान नै देखिन्छ । याहाँ केही नेवारी भाषाका शब्दहरु तल दिइन्छ ।

**थःथिति** (some Relatives)

| **नेपालभाषा** | **खस भाषा** | **अंग्रेजी** |
|---|---|---|
| बाज्या | बाजे | Grandfather |
| अजि | बज्यै | Grandfather |
| बाः/अबु/ब्वा | बुबा/बाबु/पिता | Father |
| कका | काका/कान्छा बुबा | Uncle (Father'younger brother) |
| तःबाः | ठूलो बुबा | Uncle (Father's elder brother ) |
| तःमां | ठूलो आमा | |
| मां | आमा/माता | Mother |
| मुमा | काकी | Maternal aunt |
| निनि | फुफू | Maternal aunt (father's sister) |
| जिचापाजु | फुफाजु | Son-in-law ( ,, ,, husband) |
| पाजु | मामा | (Maternal uncle (mother's brother) |
| मले | माइजु | Maternal aunt ( ,, ,, wife ) |
| तःमां | ठूली आमा | Aunt (mother's elder sister ) |

यी उलेखित नेपाल भाषा (नेवारी) का पारिवारिक चलन चल्तिमा बोलिने शव्दहरु मात्र हुन् । थप जानकारीको लागि परिशिष्ट नं. १ मा प्रस्तुत गरिएको छ ।

नेपाल भाषालाई प्रचार प्रसार गर्न विदेशी विद्वानहरु वाहेक स्वदेश मै पनि विभिन्न विद्वान तथा संघ संस्थाहरुकले नेपाल भाषाको विकास तथा प्रसार प्रचारको लागि निकै सहयोगी भई काम गर्दै आइरहेका छन् । नेपाल भाषाका पुस्तक लेखकहरुमा चित्तधर हृदय, दुर्गालाल श्रेष्ठ, सत्यमोहन जोशी, रेवती रमणानन्द, बुध्दाचार्य शाक्य, शहिद शुक्रराज शास्त्री आदि रहेका छन् । ती विद्वानहरु मध्ये शहिद शुक्रराज शास्त्रीको किताब भाषा विकासमा विशेष उल्लेखनीय छ । उहाँको प्रकाशित पुस्तकहरु निम्न रहेका छन् ।

१) नेपाल भाषा व्याकरण ( नेपाल सम्बत १०४८ )

२) नेपाली वर्णमाला (नेपाल सम्बत १०४८ )

३) नेपाल भाषा रिडर ( भाग १,२; नेपाल सम्बत १०५३ कलकत्ता )

त्यस्तै नेपाल भाषाबाट विभिन्न पत्र पत्रिकाहरु- दैनिक, साप्ताहिक पनि प्रकाशित भएका छन् । दैनिक पत्रिकामा **"सन्ध्या टाइम्स",** कहिले काही आउने **"राजमति"** पत्रिका पनि छन् । त्यस्तै राष्ट्रिय मासिक पत्रिका **"न्हू प्रोष्टिज नेपाः"** प्रकाशित भएका छन् । नेपाल भाषामा एम.ए. डिग्री सम्म अध्ययन गर्ने त्रि. वि. वि. ले व्यवस्था गरेको छ । त्यस्तै नेपाल भाषा विकास प्रचारका लागि रेडियो नेपालबाट समाचार दिने, नेपाल टेलिभिजनबाट नेपाल भाषाबाट समाचार दिने त्यस्तै इमेज च्यानलबाट बेलुका समाचार दिनुको साथै टेलिचल चित्र स्रिंखला बद्ध प्रसार गर्दै आइ रहेका छन् ।

यस प्रकार ज्यापुहरुले बोल्ने नेपाल भाषा (नेवारी) आफ्नै किसिमको अस्तित्व रहँदै आएको विशिष्ट भाषाको रुपमा रहेको छ । नेपाल भाषाको अस्तित्व हुनुको मुख्य कारण नेपाल भाषाको आफ्नै लिपि रहेको छ । जुन लिपि ज्यापु टोलहरुमा रहेको शिलापत्र पनि त्यही आफ्नै लिपि लेखी राखेको ठाउँमा पाइन्छ । तसर्थ यस्तो आफ्नै लिपि र सम्बत रहेको जसलाई सरकारले नेपाल सम्बत प्रवर्तक शंखधर साख्वालाई राष्ट्रिय विभूसित घोषित गरी सरकारले मान्यता स्मेत दिइ सकेको छ । यस्तो विशेष महत्व रहेको नेपाल भाषालाई सबैले संरक्षण र सम्वर्धन गर्नु अति आवश्यकता छ ।

# पाँचौ-अध्याय

## ५. सामाजिक जीवन

### ५.१. परिचय

ज्यापुहरु नेवार समुदाय भित्रको एक वर्ग हो । नेवार समुदाय भित्र बिभिन्न उच्च बर्ग र नीच बर्ग त्यसमा पनि बिभिन्न जाति, उप-जाति र प्रजाति मिलि नेवार समुदायको बनोत रहेको छ । नेवार समाजमा जाति, उप-जाति, ठूलो, सानो छुत र अछुत भनि चिनाउने मल्लकालमा घेरै प्रख्यात भएको पाइन्छ । यसरी ठूलो र सानो, छुत र अछुत जात भनी भेदभाब गर्ने अहिले पनि समाजमा पूर्णतया हताउन सकेका छैन । नेवार समुदायमा पनि चार वर्ण ( ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र ) भनी जात विभाजन गरिको छ ।

ज्यापु समुदाय भित्र बिभिन्न जातहरु महर्जन, डंगोल, सुवाल, कुमाल ( आवा कुम्हा, न्हेसः कुम्हा, ञवा कुम्हा, चिपकार कुम्हा ) सिं/सिंह, माली आदि रहेको छ । ती जातहरुमा आफ्नै पुरोहित द्वारा बिभिन्न चुदा कर्म, ब्रतबन्ध पासनी, जंकु आदिमा पाठपुजा गरिन्छ । ज्यापु समुदाय भित्र जन्मे देखि मृत्यु उपरान्त सम्म सबै प्रकारको आफ्नै संस्कार छ । बिभिन्न जात्रा, चाडपर्व, गुठी आदि मनाउने ज्यापुहरुको मौलिक बिशेषता हुन् । नेपाल सम्बतको तिथि मितिको आधारमा प्रत्येक पुर्णिमा, औंसी, एकादशी, अष्टमी, प्रतिपदा, पञ्चमी आदि दिनहरुमा कुनै न कुनै सानो ठूलो चाडपर्व मनाउँदै आएका छन् । यसरी नै ज्यापु समुदायको जीवन चलिरहेका छन् । यसैलाई ज्यापु समुदायको बनौट भनिन्छ ।

यस धर्तीमा जन्मेका सबै मानिसको प्राय थर रहेको हुन्छ । थर यस्तो नाता हो जो पहिला एकै व्यक्तिका वंशजका नाताहरु हुन त्यसवाट थुप्रै सन्तानहरु शाखा उपशाखाहरु छुटेर गएका हुन्छन् । ती सबैको रगतको वा हाडनाता रहेका हुन्छन् । ती नाताहरुको सहयोगीहरुमा नत विहेवारी फुक्दछ नत कुलदेवता छुटिन्छ । आफ्नै वंशजमा धेरै संख्या वृद्धि हुदै सन्तानहरु धेरै भएमा, आपसमा मिलेर वस्ने अवस्था नभएमा कूलदेवतालाई छुट्याएर अलगै वसेका हुन्छन् । ज्यापु समुदायको बिबहामा ग्वेका भ्वे (ग्वे=सुपारी; भ्वे=भोज) भन्नु पर्ने अर्थात् चार पुस्ता भित्रका आफ्ना वंशजको बिबहा गर्नु हुन्दैन । यदि कसैले चार पुस्ता भित्र बिबहा गरेमा दुबै पक्ष (दुलाहा+दुलही) लाई कूल देवी (देवाली) पुजावाट अलग गराई सामाजिक बहिस्कार गरिन्छ ।

सामाजिक बहिस्कार गरेपछि उक्त बिबाहित पक्षलाई आफ्नो नाताकुता सबैले उसलाई जात्रा, भोज आदिमा निमन्त्रणा गरिदैन । आफ्नै वंशज चार पुस्ता भित्र कोही मृत्यु भएमा सुतक तथा जुठो बार्नु पर्दछ । यसरी बार्नु पर्ने एकै थरका दाजुभाईलाई **"स्याः फुकि"** भनिन्छ ।

ज्यापु समुदायका आफ्नो चुदाकर्म गर्ने पुरोहित गुभाजु भएकोले ज्यापुहरु सबै बुद्धमार्गी नै हुन तर खेतमा काम गर्दा हिंसा पनि गर्नु पर्ने भएकोले यिनीहरु हिंस्रक देवता गणेश, भिमसेन विभिन्न  कुमारी आदि लाई पनि पुजा गरिन्छ । ललितपुरमा पाइने ज्यापु समुदायको थर महर्जन, डंगोल, सुवाल, दुवाल, सापु, मेपु, काःपु, मुस र लव (ज्यापुले वेजात विवाह गरेमा ) इत्यादि छन् । केही विद्वानहरुले ज्यापुहरुलाई स्थान र पेशा अनुसार विभिन्न नामाकरण गरेको पाइन्छ । जस्तै :- गाईपाल्ने सापु ; भैंसी पाल्ने मेपु ; भेडा पाल्ने फैपु ; हाँस पाल्ने हेंपु ; घरको छाना, टायल, आय्पा छाप्ने आवा ; काँचो ईटा छाप्ने कुम्हा आदि । भक्तपुरमा, काठमाडौं र ललितपुरका भन्दा भिन्न थर भएका ज्यापुहरु पाइन्छ । भक्तपुरका ज्यापुहरुलाई अरु कसैले ज्यापू भन्यो कि एकदम रिसाउने गरिन्छ । किनकी ज्यापुहरुले अरु कसैले नगरेको काम मल बनाउने देखि लिएर घर निर्माण गर्ने सम्म काम गर्नुका साथै धेरै गाह्रो काम पनि गर्नु पर्दछ । त्यसैले भक्तपुरका ज्यापुहरुले काम, बास, पेशा, औजार, वस्तुसंग सम्वन्धित, देवी देवता, पशुपंछी, उपकरण शारीरिक वनोटको आधारमा आफूलाई भिन्नै थर राखेको पाइन्छ । **रोवर्ट लेभी**ले भक्तमुरका ज्यापुहरुलाई तीन भागमा विभाजन गरेका छन् । पहिलो समुहमा ७४ थर, दोश्रो समुहमा १४६ र तेश्रो समुहमा १४ थर छन् भनी वर्गिकरण गरेको छ । विस्तृत जानकारीको लागि परिशिष्ट नं.१ मा उल्लेख गरेको छ । यस्तो थर ललितपुरमा पनि नभएको होइन । काम, पेशा, वस्तुको आधारमा ललितपुर नगरको एउटा लुँखुसि टोलमा मात्र पाइने केही ज्यापुहरुका थर याहाँ उल्लेख गरिन्छ । जस्तै पोमां (पंमाय्), फसि ला, ख्वाकः, बै धंगः, क्वाःबै, कचिला, न्ह्योवः, खैँ, गंकी , न्हेरां, सार्की, बुसिं, जँ तक वः ।

ललितपुर नगरमा ४५ वटा ज्यापुहरुको टोल भएको मानिन्छ । ती प्रत्येक टोलहरुमा त्याहाँ वस्ने ज्यापुहरुको भक्तपुरमा जस्तै स्थान, अनुहार, पेशा, पशु, पंछी, काम, बास, बस्तु, औजार अनुसार जात राखेमा कम से कम एउटा टोलमा ८ वटा उपजातको दरले ४५ वटा टोलको = ३६० उपजातहरु पाइने हुन्छ । भक्तपुरमा यस्ता उपजातहरु २३४ वटा मात्र पाइन्छ । यस्तो उपजातहरु ललितपुरका ज्यापुहरुले राख्ने गरिदैन । ललितपुरमा मुख्य गरी १) महर्जन २)

डंगोल ३) अवाले (कुम्हा) ४) सिं/सिंह ५) सुवाल ६) माली आदि जातिहरु पाइन्छ । जातको आधारमा ललितपुर नगरमा सबभन्दा बढी १) महर्जन २) अवाले ३) ब्यञ्जनकार ४) डंगोल ५) तण्डुकार ६) राजभण्डारी ७) सिं/ह ८) सुवाल ९) प्रजापति १०) माली छन् । ललितपुर नगरमा ज्यापुहरु बस्ने स्थान र टोलहरुलाई मच्छिन्द्रनाथको जात्रा मनाउने हिसावले चार भागमा वर्गिकरण गर्न सकिन्छ । जस्तै

पहिलो समुह - गाः बहाःया भुज्या- ८ वटा टोल,

दोश्रो समुह - नुगःया भुज्या - १२ वटा टोल,

तेश्रो समुह - लगंया भुज्या - २३ वटा टोल र

चौंठो समुह - जाहोलाया भुज्या - २ वटा टोल

किर्तिपुर र पांगा २ वटा जावलाखेल जात्रा मनाउने भएता पनि काठमाडौं जिल्लामा परेकोले यिनीहरुको त्यति सम्पर्क छैन । यी माथि उलिखित समुहगत टोलहरुको आफ्नै भजन मंका गुठी हुनुको साथै ज्यापु समाजसंग सम्पर्क भएका टोलहरु हुन् । टोलहरुको विष्तृत जानकारीको लागि परिशिष्ट नं.१ को नं. २ मा उल्लेख गरिएको छ ।

## ५.२. नातेदार प्रथा

मानिस समाजवाट कहिल्यै एकलो हुन सक्दैन । मानिसको कुनै न कुनै तवरले कोहीसगं सम्वन्ध भैरहेको हुन्छ । सम्बन्धमा नजिक, घनिष्ट तथा टाढाको सम्वन्ध आदिले मात्र फरक हुन्छ । नजिकको सम्वन्ध भन्नाले आफ्नो वंशजको रगतको नाता हो जुन नाता हरेक कुरामा त्यो नाता रहेको व्यक्तिहरुको आवश्यक हुन्छ । जन्मदेखि मृत्यु उपरान्त सम्म पनि त्यो रगतको नाता आवश्यक हुन्छ जसलाई **"नातेदार"** भनिन्छ ।

मानव शास्त्रीको शव्दकोष (dictionary) या (Anthropology) मा नातेदारको व्यवस्थालाई यसरी परिभाषा गरिएको पाइन्छ - "नातेदार व्यवस्था समाजद्वारा मान्यता प्राप्त त्यो सम्वन्ध हुन्छन् जो वास्तविक रगतको नाताले बाँधेकोमा आधारित छ" ।[१]

नातेदार समाज तथा समुदायको एक संस्था हो । समाजमा त्यस्ता नातेदार संघ संस्था धेरै किसिमको रहेको हुन्छ । कुनै व्यक्ति समाजमा नातेदारमा रगतको सम्वन्ध भए जस्तै


१. Kinship System may include socially, recognized relationship bases on support as well as actual generalogical the " Charles Winnick, Dictionary of Anthropology, p. 302

सम्वन्ध रहेको हुन्छ । एउटा राम्रो सक्षम नातेदारका व्यक्तिले समाजमा पनि राम्रै भुमिका खेलेको हुन्छ । समाज तथा समुदायमा रहेका कुनै व्यक्तिको हरेक समाज हरेक व्यक्तिसंग सम्वन्ध सुत्रमा गाँसिएको हुन्छ । त्यही सम्वन्धको कारणले गर्दा उसले आफ्नो नजीक र टाढाको सम्वन्ध गाँस्न सफल हुन्छ । ज्यापु समाजको पनि आफ्नै किसिमको नातेदार प्रथा रहेको छ । विद्यमान ज्यापु समाजमा अरु विभिन्न नेपाली समाजमा जस्तै १) रगतको सम्वन्ध (Blood relation) र २) वैवाहिक सम्वन्ध (Affinal relation) गरी २ किसिमको पाइन्छ ।

**१) रगतको सम्बन्ध (Blood relation )**

रगतको सम्वन्ध वा रगतको आधारमा नातेदारहरु यसरी सम्वन्ध हुन्छ जस्तै बाबु-छोरा, बाबु-छोरी, दाजु-भाई, दिदी बहिनी, आमा छोरा, आमा-छोरी, दाजु-दिदी, दाजु-बहिनी, भाई-बहिनी आदि नातेदारको बीचमा नजिक सम्बन्ध रहेको हुन्छ । यो उलिखित एउटा परिवारको मात्र नातेदार हो । अब आफ्नो बाबुको भाइ तथा बहिनी/दिदीको सम्वन्धमा नातेदार अर्कै अथवा अलि नाता टाढा हुदैं जान्छ । आफ्नो छोरा तथा छोरीको सन्तान भएमा नाती-नातीनी, भान्जा-भान्जी, भतिजा-भतिजी, काका-काकी, मामा-माइजु हुदै सम्बन्ध टाढा हुदै जान्छ । यो एउटा अहिलेको Net-work संचारको जालो जस्तो फिजिएर गएको हुन्छ । जुन नाताहरुको सम्वन्ध धेरै पछि सम्बन्ध टाढा हुदै जान्छ । यिनीहरुलाई मात्र लिएमा एउटा सानो गाउँ बन्छ । ज्यापुहरुको रगतको सम्वन्ध लामो भैसकेको छ जुन एक अर्कोले सम्बन्ध नै छोडी सकेको हुन्छ । ज्यापुहरुको रगतको नातामा सात पुस्ता सम्म विवाह चल्दैन र त्यती नाता भित्र कुनै सदस्य भएमा जुठो वार्ने चलन छ । ज्यापुहरुको सगोलमा बसी देवाली पूजा गरिरहेको पारिवारिक बीच सबै फुकि भनिन्छ । देवाली पूजावाट छुटेर गएका परिवारलाई फुकि छुटेर गएको भनिन्छ । छुटेर गएको परिवारको कोही सदस्य मृत्यु भएमा १२ दिन सम्म मात्र जुठो बार्ने गरिन्छ । रगतको नाता भएमा परिवार बीच जन्मदा, मृत्यु हुँदा ब्रत्तबन्ध, बिबाह, र अरु कुनै भोज गर्दा वा चाडपर्वमा भोज गर्दा यी रगत सम्वन्धमा भएका सदस्यहरुलाई दाक्ने गरिन्छ । रगतको नाता भएका कसको के को संग सम्बन्ध हुन्छ । त्यसको एउटा चार्टद्वारा प्रस्तुत गर्न सकिन्छ । नमूनाको रुपमा बुद्धबीर महर्जनको बंशावली अनुसार तयार पारिएको ज्यापु समाजका kinship Chart को विवरण तल दिएको छ ।

तालिका नं.:-१४




२) बैबाहिक सम्बन्ध (Affinal relation)

वैवाहिक सम्वन्धले नातेदार बढ्दै जान्छ । यसमा दुइ परिवारको नाता सम्बन्ध जोडिन्छ । यसलाई सामाजिक सम्वन्ध पनि भनिन्छ । विवाह भएपछि दुबै पक्ष लोग्ने र स्वास्नीको नाता जोडिएको आधारमा दुबै पक्षको परिवार र नाता सम्वन्ध विस्तार हुँदै जान्छ । बिबाह पछि लोग्ने र स्वास्नी पक्षको विभिन्न नाताहरु विस्तार/श्रृजना हुन्छ जस्तो पुरुष पक्षको विवाह पछि उसको ससुरा तर्फको परिवारमा-सासु-ससुरा, साला-जेठान, देवर-नन्द, साली आदि प्रकारको नाता सृजना हुन्छ । ज्यापु समाजमा यस्तो नाताको सम्वन्ध विशेष महत्व हुन्छ । विभिन्न चाडपर्व, उत्सव, विवाह भोज आदिको समयमा ती नाताहरुलाई निमन्त्रणा गर्नु पर्दछ । ठूला ठूला चाडपर्व भोज आदि ती नाताहरुलाई दाकी भोजमा सहयोग तथा मनोरञ्जन तथा उत्तरदायित्व वहन गरी मदत गर्दछ । त्यो मात्र होइन कुनै काम आदि परेमा तिनीहरु आई काम गरी दिन्छ । बिशेष गरी खेतमा धान रोप्ने र काट्ने समयमा विशेष सहयोग गरी दिन्छ ।

**ज्यापु समाजमा पाइने केही प्रमुख सम्बोधन शब्दहरु** यस प्रकारका छन् ।

तालिका नं.:-१५

| | | | |
|---|---|---|---|
| 1 | अबु (औ) | बा | बाबुको नाता |
| 2 | मां | आमा | आमाको नाता |
| 3 | बाज्या (अजा) | बाजे | बाबु र आमाको बा |
| 4 | अजि (तरि मां) | बज्यै | बाबु र आमाको आमा |
| 5 | त : बा (तरि औं) | ठूलो बा | बाबुको दाजु |
| 6 | त : मां | ठूलो आमा | ठुलो बाको श्रीमती |
| 7 | दाजु | दाई | आफ्नै दाई (आमाको छोरा) |
| 8 | किजा | भाई | आफ्नै भाई (आमाको छोरा) |
| 9 | तता | दिदी | आफ्नै दिदी |
| 10 | कें | वहिनी | आफ्नै वहिनी |
| 11 | पाजु | मामा | आमाको दाई/भाई |
| 12 | मल्जु | माइजु | मामाको श्रीमती |
| 13 | कका | काका | बाबुको भाई |
| 14 | म्वाजु | काकी | काकाको श्रीमती |
| 15 | चिरिमां | सौतेनी आमा | बाबुको दोश्रो...श्रीमती |
| 16 | चिमां | सानीमा | आमाको वहिनी |
| 17 | भात | लोग्ने | विवाहित लोग्ने |
| 18 | कला | स्वास्नी | विवाहित स्वास्नी |
| 19 | काय् | छोरा | आफुले जन्माएको छोरा |
| 20 | म्हाय | छोरी | आफुले जन्माएको छोरी |
| 21 | जिलाजं | ज्वाईं | छोरीको लोग्ने |
| 22 | भौमचा | वुहारी | छोरीको स्वास्नी |
| 23 | कायचा | भतिजा | दाजु र भाइको छोरा |
| 24 | म्हयाचा | भतिजी | दाजु र भाइको छोरी |
| 25 | भिन्चा भाजु | भान्जा | दिदी र बहिनीको छोरा |
| 26 | भिन्चा मयजु | भान्जी | दिदी र बहिनीको छोरी |
| 27 | सस अबु | ससुरा | लोग्ने र स्वास्नीको बा |
| 28 | सस मां | सासु | लाग्ने र स्वास्नीको मा |
| 29 | सस पाजु | मामा संसुरा | स्वास्नीको मामा |
| 30 | सस मल्जु | माइजु सासु | स्वास्नीको माइजु |

| | | | |
|---|---|---|---|
| | नेपाल भाषा सम्बोधन | नेपाली सम्बोधन | नाता |

## ५.३ परिवार

ज्यापु परिवार पनि नेपालको अन्य जाति जस्तै सुसंगठित रहदै आएको छ । ज्यापु समाजमा सामाजिक जीवन र संगठनको केन्द्र विन्दु नै परिवार हो । परिवारमा बाबु आमा, छोरा छोरी आदिको संयुक्त रुपबाटै बास्तविक ज्यापु समाजको परिवारको बनावट रहन्छ । नेपालको अरु जाति जस्तै ज्यापु समाजको पनि पुरुष प्रधान परिवार हो । बंशानुक्रमको शिलशिलामा पुरुषको थरबाटै अस्तित्वमा रही रहेको हुन्छ ।

ज्यापु समाजमा प्रचलन अनुसार संयुक्त परिवारमै प्रतिकको रुपमा रहेको पाइन्छ । ज्यापु सकाजमा धेरै जसोको परिवार तीन चार पुस्ता सम्म रहेको पाइन्छ । परिवारमा थकाली ब्यक्तिले. वा जेठो छोराले घरको नेतृत्व गरी रहेको हुन्छ । घर परिवारमा समस्या पर्दा, बादबिवादमा निर्णय दिनु पर्दा थकाली वा जेठो छोराले दिएको निर्णयलाई परिवारका सदस्यहरुले मान्नु पर्नेछ । परिवारमा घेरै संख्या बद्दै जाँदा कोठाको अभाबमा अलग बस्न गएता पनि त्यो संयुक्त रुपमा बसी रहेको मान्दछ । धेरै जसो दाजु भाई अलग बस्नु पर्दा खेरी मिलेर बसेको पाइन्छ । परिवारमा अलग बस्न गए पनि चाडपर्व तथा भोजमा थकाली वा जेठा छोरा कै नेतृत्वमा संगै बसेर मनोरञ्जन गरी भोज मनाउँदछन् । केही कुरामा रीतिथितिको वारे थकालीले भन्ने जस्तै वा उसको सल्लाह बमोजिम चलिरहेको हुन्छ । ज्यापु समाजमा संयुक्त बस्नुको कारण खेती पाती चलाउनुको लागि पनि हो ।

ज्यापु समाजमा परिवारको संख्या धेरै वृद्धि हुदै गएपछि घर मुलीले नै मिलाएर छुट्याई दिन्छ । सबै कुरा थकालीले बन्दोबस्त गरी दिन्छ । कथंकदाचित "थकालीले गरेको कुरामा चित्त नबुझिएमा टोलका साथी भाई राखी अंशहरु गोला प्रथाद्वारा छुट्याई दिन्छ । त्यसमा पनि चित्त नवुझी आफ्नो स्वार्थीमा बढी लिने खोज्ने परिवार सदस्यलाई समाजले बहिष्कार गर्दछ । परिवारबाट छुटिएर बस्न गए तापनि चाडपर्व र भोजमा सबै संगै बसेर चाडपर्व र भोज मनाउँछन् । यसरी संगै बसेर भोज मनाउने अवस्थामा आफ्नो कूल घरमा गएर मनाउने गर्दछ ।

वर्तमान अवस्थामा ज्यापु समाजमा ठूलो संयुक्त परिवारबाट सानो परिवारमा परिणत हुंदै आएको छ । यसको खास कारण आधुनिक सभ्यता, शिक्षा, आर्थिक र अरु विभिन्न समस्याले गर्दा आफ्नो परम्परागत पेशा खेतीलाई छोडेर अरु पेशामा लागेकोले हो । ज्यापु समाजको संयुक्त परिवारमा ४० देखि ५० जना सम्म पनि भएको पाउँदछौं तर आजकल त्यो संख्या घटेर

५-७ र ७-१० जना सम्म परिवार संख्या रहेको देखिन्छ । तर पनि ज्यापु समाजमा संयुक्त परिवार प्राचीन कालदेखि चल्दै आएको  परम्परालाई जोगाइ राखेको देखिन्छ । परिवारको दाजुभाई छुटेर बसेको भएपनि सामाजिक भावनाले प्रेरित भएकोले समाजलाई एक सुत्रमा वाँधि राख्न निकै योगदान रहेको छ । सुख र दुखको दुबै परिस्थितिमा सामाजिक भावनाको प्रतिक नै वनेको छ । ज्यापु समाजमा सामाजिक भावना भनेको गुठी स्थापना हो । यही गुठीको सामाजिक भावनाले गर्दा ज्यापु समाज अरु जाति जस्तै त्यति छितो परिर्वन हुन सकेको छैन ।

ज्यापु समाजमा ३ तीन किसिमको परिवार रहेको पाउछौं ।

१) एकल परिवार :- यस किसिमको परिवारमा बाबु आमा छोराछोरीहरु हुन्छन् ।

२) संयुक्त परिवार :- यसमा एउटै बाबुका छोराहरु तथा बुहारीहरु र साथै तिनीहरुको छोरा तथा छोरीहरु एउटै परिवारमा बसिरहेको हुन्छ ।

३) ठूलो संयुक्त परिवार :- यस किसिमको संयुक्त परिवारमा बाज्ये बज्यै, बाबु, ठूलोबा र काका आदिका साथै तिनीहरुका सबै छोरा र छोरीहरुका साथै नाती र पनातीहरु सबै संगै संयुक्त भै रहेको परिवार हुन् । आज भोलि यस्तो ठूलो संयुक्त परिवार कम मात्र पाइन्छ । आर्थिक समस्या र जागीरको कारणले देश विदेश जानु पर्ने भएकोले पनि यस्तो परिवार कम भएको हुनुपर्छ ।

नेवार समुदाय भित्रका प्रमुख जाति ज्यापु समाजमा परिवारको थकालीको अनुपस्थितिमा घरको मूली महिला हुन्छ । अरु नेवारको तुल्नामा ज्यापु समाजको महिला एकदम स्वतन्त्र छ । आफ्नो लोग्ने मृत्यु भएको अवस्थामा जीवनभर विधुवा हुन नचाहेमा बिहा हुनु अघि मृतक लोग्नेले दिएको सुपारी लाश जलाउँदा चित्तामा राखि दिएमा उसको सम्वन्ध बिच्छेद भएको मानिन्छ । ज्यापू समाजमा यो व्यवस्था "सति प्रथा" भएको बेलाको कुरा हो । यसरी लाश माथि सुपारी राखी दिनाले लोग्ने संगै सति जानु नपर्ने, लोग्नेको कुनै जुठो समेत लाग्दैन र आफूलाई इच्छा लागेमा अरु पुरुषसंग स्वतन्त्र रुपले बिबहा गर्न सक्दछे । यो प्रथा नेवारहरुमा हुनु पनि ज्यापुहरुको छुट्टै पहिचान हो ।[२] ज्यापु परिवारमा कोही मृत्यु भएमा **"न्हेनुवा"** (सात दिने चोखो पार्ने काम) राख्ने काम छोरीहरुले नै सम्पूर्ण गर्नु पर्छ । छोरी महिलाले माइतीमा गई सबै खानेकुरा जोर जाम गरी साँझतीर मृतकलाई खुवाउने भनी सबै खाना तयार गरी **"पिखा लखु"**

---

२. जोग माया महर्जन, बर्ष ८० , ललितपुर, पिलाछें टोल, वडा नं. ७

ढोका अगाडि जोगीलाई दिन्छ । त्यसपछि एउटा “लप्टी” (टपरी) मा सबै खाना राखी माटोको भाडो (भेग:) ले छोपी रोएर आफ्नो घर (लोग्नको ) मा जान्छ । यस्तो काम महिलाले नै गर्नुपर्छ । यस्तो काम मृतकको छोरीले गरिन्छ । मृतकको छोरी नभएमा फुकिका छोरीलाई भए पनि यो काम गर्न लगाउँछ । कोही पनि नभएमा मात्र अरु महिलालाई पैसा दिएर भएपनि न्हेनुवा राख्न लगाउने छ । ज्यापु समाजको हरेक पूजा आजा ब्रतबन्ध, बाह्रा (गुफा), वुढा पासनी, दुलहीलाई घरमा भित्राउँदा, बुहारी तथा बच्चालाई आफ्नो देवाली गुठीमा भित्राउँदा महिलाको आवश्यक हुन्छ । महिलाको महत्व जव उसको श्रीमान मृत्यु हुन्छ तव उनको पुजा आजामा काम आउँदैन । श्रीमान नभएको महिलाले यस्तो पुजा वा शुद्ध गर्ने काम गरिन्दैन ।

## ५.४. गुठी र ज्यापु

ज्यापु समुदाय काठमाडौं उपत्यकाको आदिवासी भएको कारणले उनीहरुमा धार्मिक, आर्थिक र सामाजिक क्रियाकलापहरुमा परम्परागत स्वरुप अझ पनि केही न केही पाइन्छ । परम्परागत ऐतिहासिक कालमा गरिने लोकप्रिय सांस्कृतिक परम्परा र लोकप्रिय सम्पदाहरु लोप हुदै गएको छ । तापनि नेवार समुदायमा पाइने गुठी व्यवस्था एउटा हाल सम्म पनि रहेको पाइन्छ भने त्यस्ता गुठी व्यवस्था ज्यापु समुदायमा झन पाइन्छ । अझ खेती गर्ने किसान तथा ज्यापुहरुमा गुठी महिनौ पिच्छे मनाउँदै आएको पाउँछौ । सामाजिक, आर्थिक र धार्मिक क्रियाकलापको प्रत्येक समयमा सगंठित गुठीको व्यवस्था गरेको हुन्छ । यो नै ज्यापु समुदायको प्रमुख विशेषता हुन् । ज्यापुहरुको गुठीको व्यवस्थामा आफ्नै किसिमको नीति नियम हुन्छ जसले गर्दा गुठीको काममा वढी सक्रिय भै लाग्न र गुठीको नियमले वाँडि राख्नु हो । यसले गर्दा पनि ज्यापु समुदाय अन्य जाति भन्दा फरक रहेर आफ्नो अस्तित्व बचाई राख्न सफल भैरहेको छ । ज्यापु समुदायमा हरेक क्रियाकलापमा गुठीको महत्वपूर्ण भूमिका रहेको पाइन्छ । त्यही गुठीको कारणले गर्दा ज्यापूहरु समुह समुहमा बस्ने गरेको पाइन्छ । यसरी गुठीको कारणले समुहमा बस्दा आफु, परिवार, टोल र राष्ट्र नै सुरक्षित हुने भएकोले गुठीलाई सुसंगठित गरी गुठीको विकासमा सम्बर्धन गर्न राष्ट्रले समेत ध्यान दिनु आवश्यक छ ।

ललितपुर नगर भित्र ज्यापूहरु बस्ने ४५ वटा टोल भन्दा बढी रहेको पाउछौं । ल.पु.का कुनै पनि ज्यापु हुन्दैन जो गुठीको सदस्य नभएको । कम्तीमा पनि प्रत्येक ज्यापु दुइ तीन वटा

गुठीमा लागि रहेको हुन्छ । ज्यापुहरु आर्थिक कारणले अलग वा टाढा वस्न गइ रहेको भएतापनि गुठीको समयमा त्यो व्यक्ति गुठीमा  आएको हुन्छन । कुनै पनि ब्यक्ति गुठीवाट अलग वा निष्काशन गरेमा त्यो व्यक्ति मात्र होइन त्यसको परिवार समेत समाजबाटै अलग हुन्छन् । गुठीबाट मात्र अलग नभई त्यो व्यक्ति उसका नातागुतावाटै समेत विस्तारै अलग हुन जान्छन् । त्यसकारण गुठीको नीति नियम सरकारको नीति नियम भन्दा कडा हुन्छ ।

प्राचिन कालदेखि चल्दै आएको गुठी व्यवस्था लिच्छवि कालको मध्यकालसम्म आइपुग्दा नेवार समाज मै गुठी व्यवस्थाले जरा गाढी सकेको थियो । कुनै परिवारमा नव बिबाहित दुलही र त्यसबाट प्राप्त नव शिशुलाई समेत मान्यता दिने कि नदिने भन्ने कुरा गुठीको बैठकद्वारा निर्णय गर्ने परम्परा थियो । ज्यापु परिवारमा समस्या आइपरेमा, एउटा परिवार भित्र भै झगदा हुँदा गुठीयारहरुको बैठकवाट झगदा मिलाइ दिइन्थ्यो । यो हिसावले गुठी एउटा न्यालय ( अदालत) हो । त्यसकारण गुठी र ज्यापूहरुको घनिष्त सम्बन्ध छ । ज्यापुहरुले गुठीलाई महत्व नदिएको भए अहिले सम्म आउँदा गुठीको अस्तित्व नै हुदैन्थ्यो । गुठी एउटा यस्तो संस्था हो जहाँ ज्यापुहरुको समस्याको समाधान गर्ने, भोज गर्ने ठाउँ, बैठक/सभा गर्ने ठाउँ, झगडाहरुको समाधान गर्ने न्यालय आवश्यक परेको वेला मनोरञ्जन गर्ने  ठाउँ आदि भएकोले ज्यापू मात्र होइन । नेवार समुदाय नै गुठी विना रहन सक्दैन । त्यसकारण "गुठीको अध्ययन विना ज्यापु वा नेवार जातिको वारे थाहा पाउन सकिदैन" ।[३]

## (क) गुठी

नेवारी समाजमा गुठीको अति महत्व छ । नेवार समुदाय भित्रका ज्यापू समाजमा त गूठीको अत्यन्तै महत्व रहेको छ । किनभने ज्यापू समाजको हरेक आर्थिक, सामाजिक र धार्मिक क्रियाकलापमा गूठी रहेको हुन्छ । यही गूठी कै आधारमा ज्यापु समाजको जीवन चलिरहेको हुन्छ । ज्यापू समाजमा हरेक तिथि मितिमा विभिन्न चाडपर्वहरु मनाउँदै आएका हुन्छन् । ती प्रत्येक चाडपर्वमा सानो ठूलो गुठी रहेको हुन्छ । त्यही गुठी नै ज्यापू समाजको संस्कृति हो ।

३) गोपाल सिंह नेपाली - ऐ. ऐ. पृष्ठ नं. ९१

नेवार समाजमा प्राचीन काल देखि चल्दै आएको गूठी वास्तवमा के हो ? यसको विवेचना गर्नु आवश्यक छ । त्यसको वारे विवेचना गर्नु अघि सर्वप्रथम गूठी के हो ? भन्ने वारे विभिन्न विद्धानहरुले गुठीको वारे विचार/मत दिएका छन् । जस्तै १) गूठी धार्मिक वा परोपकारी कार्य स्थायी रुपले चलाउनका निम्ति खडा गरिएको संस्था हो । २) त्यो संस्था चलाउनका लागि राखिएको सम्पति नै गूठी हो ।[४] गुठी संस्कृत भाषाको गोष्ठी शव्दबाट आएको हो ।[५] गुठी र गुठीयार शब्द संस्कृत शब्द गोष्ठी र गोष्टिबाट आएको हो ।[६]

प्राचीनकालमा गुठीलाई गोष्ठी भन्ने चलन थियो, जो पछि गएर गोष्ठी शव्दबाट अपभ्रशं भई गुठी भनिन थालियो । सरकारले गोष्ठी र गोष्टीको अर्थ सभा र सभाका सदस्य हो भन्नु भएको छ ।[७] समुहको भलाई र सामुहिक उत्तर दायित्व भावनाको आधारमा गुठीको जन्म भएकोले कालान्तरमा यसलाई गोष्ठी भनियो । गुठी भन्नु धार्मिक भावनाले प्रेरित, भएर कसैले कुनै कामना राखी त्यसको स्थितिमा बन्देजमा वाँधी त्यो परम्परा पछि सम्म चलिरहोस भन्ने सदिच्छा राखी गरेको व्यवस्था हो ।[८] गुठी स्थापना गरेको बारे विभिन्न व्यक्तिहरुले यसरी विचार व्यक्त गरेको पाइन्छ । मानिसहरुको जीवनस्तर बढाउन बनेको व्यवस्थित संस्था नै गुठी हो ।[९] सा-साना निर्वलियो भएका धेरै व्यक्तिहरुलाई समेटेर उनीहरु माथि आइपर्ने आपत विपतमा सहायता पु-याउनको लागि बसेको संगठन नै गुठी हो ।[१०] गुठी संस्था ऐन २०३३ (गुठी ऐन २०२१ मा संशोधन गरिएको) गुठी ऐनको परिभाषा अनुसार गुठी भन्नाले कुनै एक मठ वा कुनै देवदेवीको पर्व, पुजा : वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला पाती-पौवा, इनार-पोखरी, तलाउ, धारा, बाटो, घाटो, पुल, चौतारा,

---

४) बाल कृष्ण शर्माको " नेपाली शब्द कोष " २०१९, पृष्ठ- २६४

५) D. R. Regmi, op, p.709

६). धन बज्राचार्य,"लिच्छबि कालको लौकिक जीवनमा गोष्ठिको स्थान" बर्ष४,अंक१,पूर्णाङ्क१३,पृष्ठ- १

७) जगदीश चन्द्र रेग्मी, लिच्छबि संष्कृत, पहिलो संस्करण, (र.पु.भण्डार,काठमाण्डौ, २०२६) पृष्ठ- ३३५,३३६

८) दामोदर पौड्याल, "समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका" प्र.सं., (ने.रा.प्र.प्र.,काठ.२०४४,) पृ.-

९) चित्तधर हृदय " गुठि " नेपाल भाषा पत्रिका र नेपाल भाषा परिषद, कान्तिपुर, भ्होछैं, ने.सं. १०७२ दं-१ ल्या.- ३, पृष्ठ- ४६

१०) धनबज्र बज्राचार्य र टेक बहादुर श्रेष्ठ, दोलखाको ऐतिहासिक रुपरेखा, ( नेपाली एशियाली अध्ययन संस्थान, त्रि.बि.बि., किर्तिपुर, २०३१ ), पृष्ठ- ६७

गौचर, वाग-वगैंचा, जंगल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, घर वा संस्था वनाउने, चलाउन वा त्यसको संरक्षण गर्न कुनै दाताले आफ्नो चल-अचल सम्पति वा आयस्था आउने अरु कुनै सम्पति वा रकममा आफ्नो हक छाडी राखेको गुठीलाई सम्झनु पर्छ ।[११]

इन्साइक्लोपाडियामा दिएको परिभाषा अनुसार गुठी बन्दोबस्तो भन्नाले कानुनतः गुठी उपरको स्वामित्व हो । आफुले राखेको कीर्तिमान दाताको अधिकार कायम रहेको हुन्छ । अर्को गुठीयार आयस्ताको हकवाला हुन्छ । यस अनुसार गुठी समाजलाई जीवन्त दिनका लागि धार्मिक भावनाकाले प्रेरित भएका व्यक्तिले भौतिक साधन तथा नगद आदि गुठीको नाउँमा दान दिएको वा सहयोग गरिएको भन्ने बुझिन्छ जसमा सबै गुठीहरुको पुरा हक हुन पनि सक्छ नहुन पनि सक्छ ।

यसरी प्रचीनकाल देखि नै समाजमा विभिन्न लोक कल्याणकारी भावनाले प्रेरित भै मानिसहरु आफ्ना कुल देवता, आंग देवता, इष्ट देवताको मुर्ति बनाउँदै स्थापना गरेर त्यसको संरक्षण गर्ने गरेको पाइन्छ साथै मानिसको मृत्यु पश्चात गर्नु पर्ने संस्कार गुठी (सी गुठी) राखी प्राचीन समयदेखि चलाउँदै आएका छन् । यस्ता गुठी ब्यबस्थाबाट समाजको धार्मिक परम्परा र सांस्कृतिक मूल्य र मान्यताको जगेर्ना गर्ने सामाजिक कल्याणकारी कार्य गर्दै आएका छन् ।

लिच्छबिकाल भन्दा पहिला देखि नेपालमा गुठीको व्यवस्था भएको पाउँदछौं । लिच्छविकाल पछि मध्यकाल सम्म आउँदा गुठी ब्यबस्थित रुपले विकास भैसकेको पाइन्छ । धेरै पुरानो अभिलेखहरुमा धेरै जसो कुनै न कुनै गुठीको बयान गरेको पाइन्छ । त्यसबेला आफ्नो संस्कार र सामाजिक संगठनहरुमा छलफल गर्न गोष्ठीको आयोजना गर्ने गर्दथ्यो । धेरै जसो गोष्ठी धार्मिक र सामाजिक कुराहरुको बारे गर्ने गर्दथ्यो । त्यसबेला जे काम पनि धर्मको आधारमा कियाकलाप हुन्थ्यो । त्यसैले समाजमा गोष्ठी नै धर्मको बारे बढि हुन्थ्यो । समाज नै धर्म प्रधान समाज थियो राजा र जनताले स्थापना गरेका मठ मन्दिर पाती पैवा आदिको नियमित कार्य संचालन होस् भन्ने उद्देश्यले गोष्ठी (गुठी) को स्थापना भएको हुनु पर्छ । लिच्छविकाल पछि मध्यकालमा पनि आर्थिक, सामाजिक र धार्मिक गोष्ठीको स्थान महत्वपूर्ण छ तर समय बित्दै गएपछि गोष्ठीको स्वरप फरक हुदै गए र गुठी धेरै सामाजिक रीतिरिवाजमा

---

११. गुठी ऐन २०२१ ( संशोधन २०३३ ), श्री ५ को सरकारको छापाखाना सिंह दरवार, काठमाण्डौ

आधारित हुन गयो । यसरी लिच्छविकाल देखि अहिले वर्तमान समय सम्म आउँदा शासकहरु फेरिदै गए पनि गुठीको ब्यबस्था भन्ने झन झन बिभिन्न रुपमा बिकसित हुँदै गएको पाउँछौ ।

नेपालमा प्राचीनकाल देखि विभिन्न राजा तथा प्रजाहरुले स्थापना गरी संरक्षण र सम्बर्धन गर्दै आएका विभिन्न गुठीहरुको नेवार समुदाय बाहेक अरु जातिहरुको गुठीहरु नाम मात्र भएको पाउँदछौं । नेवार समुदाय मध्ये पनि ज्यापुहरुको गुठीहरु मात्र हालसम्म राम्रो अवस्थामा चल्दै रहेको पाउँदछौं । याहाँ अव ज्यापु जातिसंग सम्वन्धित केही गुठीहरुको वारे चर्चा गरिन्छ ।

काठमाडौं उपत्यकाका आदिवासी ज्यापु जातिको गुठी सामाजिक र सांस्कृतिक दृष्टिले महत्व र उपयोगी रहेको मानिन्छ । ज्यापु समाजमा गुठी केवल सांस्कृतिक परम्परा समेट्ने मात्र नभएर त्यसबाट समेटेका किर्ति तथा सामाजिक सहयोगी र समुचित संगठनको उदाहरण देख्न सकिन्छ । परिवार तथा समाजलाई हित हुने कार्यहरु र समाजको आवश्यक पर्ने कार्यहरु सबै मिलेर उत्प्रेरित गर्नु नै गुठी ब्यबस्थाको सबभन्दा ठूलो प्रेरणादायी गुण हो ।[१२]

ज्यापु जातिको गुठीको स्वरुप र प्रकृतिलाई हेर्दा देवी देवताको पुजा-आजा, मठ मन्दिरको निर्माण, ढुङ्गेधारा, पाटी-पौवाको निर्माण, धर्मशाला, सतल, समाजलाई हित हुने सहयोगी भावना र परोपकारी कार्यहरु गुठीको आयस्ताबाट संचालन गर्न सक्ने गरी ब्यबस्था गरिएको हुन्छ । यसरी गुठीको आयस्ताबाट आम्दानी भए सम्म गुठीयार वा गुठी संचालकहरु इमान्दारी भएसम्म गुठी कालान्तरसम्म चलिरहने निर्विवाद छ । वास्तवमा गुठीको स्थापना समाजमा भएका रीतिरिवाज, संस्कृति, सामाजिक परम्परा, समाजको रक्षा, समाजको आचरण शुद्ध होस् भनी गरेको हो । गुठीले समाजका कार्यहरु नियमितता र स्थिर राख्दछ । यसले समाज र राष्ट्रको भलाइलाई महत्वपूर्ण टेवा दिनुका साथै गुठीले सबैलाई सद्भाव र जनआस्था वृद्धि गरी सहयोगको भावना जगाई राखेको छ ।

नेवार समुदायको ज्यापु समाजको गुठी धेरै संख्यामा रहेको पाइन्छ । ललितपुर नगरभित्र ज्यापु समुदायको बसोबास संगठित रुपले रहेको ४५ वटा टोल छन् । ती प्रत्येक टोलमा गुठीका

---

[१२] रञ्जना बज्राचार्य " बौद्धमार्गी जेवारी समाजमा गूणीको परम्परा " गरिमा बर्ष ७, अंक १० पूर्णाङ्क ८२, ( असोज २०४६ ), पृष्ठ-८२

प्रकार ४,५ सम्मको हुन्छ । यो हिसावले ल.पु. नगरमा मात्र ज्यापुहरुको मात्र २०० भन्दा बढी गुठी रहेको पाउँदछौं । अरु नेवार जातिहरुको आ-आफ्नो जात अनुसारको गुठी रहेको पाउँदछौं । तसर्थ नेवार जातिको गुठी जीवन्त हो यसले जीवन संचालन गर्नमा मदत गरेको हुन्छ । तसर्थ ज्यापु वा नेवार जातिको सामाजिक अध्ययन गर्न गुठीको अध्ययन नगरी गरिएको अध्ययन अधुरो हुन्छ । ज्यापु समाजमा देखा परेका गुठीको अध्ययनको आधारमा तल केही गूठीहरुको चर्चा गरिन्छ । ललितपुरमा रहेका गुठीहरुलाई २ भागमा बर्गिकरण गर्न सकिन्छ ।

क) धार्मिक गुठी ख) सामाजिक गुठी

## ५.५. (क) धार्मिक गुठी

धर्मसंग सम्वन्धित देव देवताहरुलाई पुजा गरी मनाउने गुठी धार्मिक गुठी हुन् । मठ मन्दिर, चैत्य, स्तुप र बिहारमा बुद्धको पुजा र नयाँ चैत्य र धर्मनाथ स्थापना गर्ने र पुराना कीर्तिहरुको सुब्यबस्थित रुपले संचालन, मर्मत जीर्णोद्धारका लागि आयस्ताको राम्रो ब्यबस्था गरिएका कार्यलाई धार्मिक गुठीको संज्ञा दिएको छ ।[१३] लिच्छबिकालमा धार्मिक गुठीहरु नेवार जाति भित्र थुप्रै रहेका छन् । तीमध्ये ज्यापुहरुले मनाउदै आएका केही गुठीहरुको चर्चा गरिन्छ ।

### १. देगु (देवाली ) पुजा गुठी

यो गुठी आफ्नो पुर्ख्यौली सन्तान वा परिवार फुकिहरु भित्र मनाउने धार्मिक गुठी हो । यस गुठिमा आफ्ना फुकीहरु मात्र हुन्छन् । ( यसको विष्तृत रुपमा अर्को पाठमा दिएको छ । )

### २. नामसन भजन गुठी

यस किसिमको नामसान गुठि ज्यापु समाजको प्रत्येक टोलमा रहेको पाइन्छ । यस गुठीले विहान विहान बाह्रै महिना वाह्रै कालको ऋतु अनुसार देव देवताको पाठ गर्ने गरिन्छ । यस गुठिले वुढा वुढी मृत्यु हुन नसकी सास्ती भई रहेको अवस्था उक्त घरको परिवारले निमन्त्रण गरेमा विरामीको अगाडी बसेर देवताको नामसन भजन गर्छ । यो भजन गरेपछि मृत्यु हुनु पर्ने व्यक्ति मृत्यु हुन्छ, बाँच्नु पर्ने भए उसले आँखा खोली बोल्न थाल्छ । यस्तो नामसन भजन पुजा पाठ वुढा वुढी मात्र बिरामी भै अन्तिम अवस्थामा पुग्दा खेरी मात्र यो पढ्ने गरिन्छ । याहाँ शवयात्रा संग संगै पाठ पढिने केही नामसन श्लोक दिइन्छ ।

---

[१३] गोबिन्द टण्डन, नेपालमा गुठी ब्यबस्था, (नेपाल अध्ययन समुह, बत्तीसपुतली काठमाण्डौ,२०५२) पृष्ठ- ६

**दुर्गति**

**ॐ नम भगवते सर्व दुर्गति परिशोधन राजायः**

**तथागतया हन्ते सम्यक सम्बुधाय ॥ तद्यथां ॥**

**ॐ शोधने, शोधने, (विशोधने)२ सर्बपाप विशोधने, सर्बपाय्**

**विशोधने शुद्धे विशुद्धे सर्बपाप विशुद्धे सर्बकर्मावरण विशोधने स्वाहाः**

यी माथिका श्लोकहरुको भनाइको मतलव दुर्गा भगवती तिमिलाई नमस्कार, सबै दुःखहरु शुद्ध गरिदिनुस् आदरणीय जन्मराज मेरो दुःख उचिट रुपमा हताइ दिनुस्, जीवनकालमा गरेका सबै कामहरु भूल, गल्ती र पापहरु शुद्ध गरि दिनुस् , सबै पापहरु सर्बनास गरि दिनुस् भनेर मृतकको नाममा पाठ पढ्दै शवयात्रा संग संगै मसान सम्म जान्छन् ।[१४]

**३. बहाः पुजा गुठी**

यो गुठी कसैले चैत्य, धर्मनाथ आदि निर्माण गरी नगरका सबै चैत्य धर्मनाथको पूजा गर्न जाने गर्छ । प्रत्येक बर्ष निर्माण गरेकै दिन पुजा गरी गुठी मनाउने गर्छ । यो गुठी आफ्नो परिवार मात्र मनाउने पनि छ । सामुहिक मनाउने पनि छ ।

**४. संल्हु गुठी**

यो गुठी ललितपुर नगरका ज्यापुहरुमा प्रत्येक टोलमा दुइ भन्दा बढी पाइन्छ । यो गुठी प्रत्येक महिनाको १ गते अर्थात संक्रान्तिमा रातो मच्छिन्द्रनाथको पुजा गरी गुठीयारहरु सबै मिलेर भोज खाने गरिन्छ । यो गुठी पालै पालो गरी सबैले भोज तयार गरिन्छ । यो गुठी मच्दिन्द्रनाथ बुगंमतीवाट पाटन तःबहालमा ल्याउने बेला र रथको जात्रा सकेपछि बुगंमती लग्ने वेला चउमा गएर भोज खाने गरिन्छ । अरु बेला मच्छिन्द्रनाथलाई पुजा गरी गुठीयारको घरमा बसी भोज खाने गरिन्छ ।[१५]

**५. सिठि नखः गुठी**

यो गुठी बर्ष भरिमा गरेको काम सिद्धि गर्ने हो । नगरका ज्यापुहरुले आफ्नो टोलमा बिभिन्न किसिमका पाटी, पौवा, इनार कुवा, ढुङ्गे धारा बनाइ धार्मिक काम गरेको पाइन्छ । ती

---

१४. सानु महर्जन, बर्ष ५९, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

१५. गुनसिं महर्जन, बर्ष ६६, सःक्वो टोल, ललिनपुर उ.म.न.पा. वडा न. ८

निर्माण गरेका पाटी, पौवा, इनार, कुवा आदि प्रत्येक बर्ष मर्मत र सर सफाई गर्ने काम सिठि नखःको दिनमा गरी भोज खाने चलन छ । यस चाडमा ज्यापुहरुले प्रत्येक घरमा चतांमरी, मास, मुसुर, र कसुरको बारा पकाइ नगरका देव देवताहरुको पुजा गर्न जान्छन् । त्यसपछि प्रत्येकको घरमा भोज खाने गरिन्छ । भोलिपल्ट आफ्ना नाता कुताहरुलाई दाकी भोज खुवाउने गरिन्छ । यस भोजमा आउने जति असारमा धान रोप्न जानु पर्ने चलन छ । त्यसैले फुर्सत नभएका आफन्तहरु भोज जाने गरिदैन ।

**६) माःरी गुठी**

यो गुठी आफ्नै फुकीहरु (परिवार) को बीचमा गरेको पाइन्छ । यो गुठीले मच्छिन्द्रनाथ रथ राखेको ठाउँमा मन्दिर आकारको काठको तख्ता माथि १०८ वटा तेल बत्ती बाली सबै मिलेर भोज खाने गरिन्छ । यस्तो माःरी गुठी संचालनको लागि जग्गा राखेको हुन्छ । उक्त जग्गा फुकीहरुमा पालै पालो सित कमाउने व्यक्तिले भोज तयार गरिन्छ ।

**७) गुनागु गुठी**

यो गुठी ज्यापु समुदायमा धर्म भएका व्यक्तिले आफ्नो टोलमा ढुङ्गेढारा, इनार र कुवा ( खेतमा) निर्माण गरेको हुन्छ । ललितपुर नगरमा जो सुकैले ढुङ्गेधारा, इनार र कुवा आदि बनाएमा पानी निरन्तर रुपमा पानी आवस भन्ने विचारले गोदावरीको नौ धारामा पुजा गरी त्यहाँको तीनवटा ढुङ्गा सहित पानी ल्याएर आफुले निर्माण गरेको धारा, इनारमा राख्ने चलन छ । यही हिसावले प्रत्येक बर्ष नौ धारामा पुजा गरी आफ्नो इनार, धारा र कुवा सफा गरी भोज खाने गरिन्छ । यसमा पनि उक्त निर्माण गरेको ढुंगेधारा, इनार र कुवा निरन्तर रुपले राम्रो होस, सफा होस् मर्मत र जीर्णोद्धार भै रहोस भनी जग्गा राखेको हुन्छ । त्यही जगा कमाउनेले गोदावरीमा पूजा गरी रातो मच्छिन्द्रनाथ रथ तान्ने दिनमा मच्छिन्द्रनाथलाई बत्ती बालेर भोज खाने गरिएको छ ।

**८) मंका गुठी**

ल.पु. नगरका ज्यापु समुदायको प्रत्येक टोलमा यस्तो मंका गुठी हुन्छ । यो मंका गुठीमा एउटा टोल भित्रका प्रत्येक परिवारबाट कम्तिमा एकजना अनिवार्य जस्तै सदस्य भैरहेको

हुन्छ । यो मंका गुठीलाई भजन गुठी पनि भनिन्छ । यसमा सनागु गुठीमा जस्तै बाबुको मृत्यु भएपछि जेठो छोरो त्यसको प्रतिनिधि भएर जाने चलन छैन । यसमा सदस्य बन्नलाई कुनै न कुनै बाजा सिकेको हुनुपर्छ । टोलमा १५ बर्ष २० बर्ष पुगेका युवकहरु धेरै भएपछि प्रत्येक २० बर्षमा गीत, बाजा सिकाउने गुरु र नायकको सल्लाहमा संचालन गर्छ ।

प्रत्येक २० बर्षमा संचालन गर्ने यस्तो तालिममा खिं, धलको, बासुरी, गीत (प्रत्येक देव देवीहरुको ) आदि प्रकारका हुन्छन् । यस्तो बाजाको तालिममा सिक्न आउने टोलका युवकहरुको इच्छानुसार समुहमा विभाजन गरिन्छ । दैनिक राती ८ बजे देखि ११ बजे सम्म सिक्ने र गुरुहरुले सिकाउने गरिन्छ । प्रत्येक हप्ताको एक दिन नासः पुजा गरी समयबजि खाने गरिन्छ । यसलाई **“बसुवा पुजा”** भनिन्छ । यो बसुवा (वृहस्पतिवार) पुजाको दिनमा प्रत्येक शिष्यहरुले आफ्नो आफ्नो घरवाट पुजा सामना (पुजा भः) ल्याउने गरिन्छ । पहिला पहिला यो बसुवा पुजाको दिनमा बाजा सिक्ने शिष्यहरुले टोल भित्र या वाहिर कुखुरा, भेंडा, बोका जे भेटिन्छ । त्यो चोरेर नासः देवतालाई भोग गरी पकाएर प्रसादको रुपमा खाने गरिन्छ । तर आजभोली यस्तो चोरेर खाने चलन छैन ।

यस्तो बाजा सिकाउने समय ६ महिना सम्म हुन्छ । तीन महिना पूरा भएपछि कतिको सिक्यो भनी परीक्षा लिने गरिन्छ । सबैलाई परीक्षा लिइ सकेपछि प्रथम द्धितीय र तृतीय हुनेलाई **“सी”** दिइने गरिन्छ । **सी** भनेको भाले कुखुरा नासः देवीलाई भोग दिइ ल्याएको टाउको, पखेटा र खुट्टा हुन् । **सी** भनेको बिद्यालयको कुनै कक्षामा प्रथम, द्वितीय र तृतीय हुनेलाई पुरस्कार दिनु जस्तै हो । यसरी **सी** खाएका ब्यक्तिहरु पछि गुरु हुन्छन् । यिनीहरुले पछि नयाँ आउनेलाई शिक्षण गरिन्छ । ६ महिना पूरा भएपछि कुनै दिन तोकेर नासःपुजा गरी भोज खाने गरिन्छ । उक्त दिनमा पनि परीक्षामा सर्वोकृष्ट भएकाहरुलाई सी दिइने छ । भोज खानु अघि सी खाएकाहरुको अगुवाईमा तालिम लिएका सबै आ-आफ्नो बाजा बजाई मंका छेँ (साझा घर ) बाट सबभन्दा पहिला नासः देवी कहाँ पुजा गर्न जान्छ । त्यहाँ नासः देवताको सबै गीत पुजापाठ गरी सबैले आ-आफुले सिकेको बाजा, गीत गाउने गरिन्छ । त्यसपछि आफ्नो टोलमा रहेको मन्दिरको अगाडी बसेर ४/५ घण्टा सम्म भजन गरिन्छ । भजन गरी सकेपछि प्रत्येक घरवाट तालिम लिने ब्यक्तिलाई सगुन दिइन्छ । त्यसपछि भोज खाई आ-आफ्नो घर जाने गरिन्छ । यस्तो सिकेको बाजा गीत आदि नासः देवता

कहाँ गएर पुजा गर्नुलाई **"दाफा पितेनेगु"** भनिन्छ । भजन छिमेकी टोलमा पनि गएर भजन गर्ने चलन छ । तल भजनमा गाउने गीतको राग र गीतको नमूना दिएको छ ।

## राग केराल

**हा…हा…हाई….न….न….न…ना…रे…नाई…न**

**ना.हा….हा.हाई, न.न ह..ना..हा….न.त्रा**

**हा..हाई, नईं…नह….नाई…हा..न** [१६]

## भगवान बुद्धको गीत (गंध) ताल

**हादे.बुद्ध भगवान दर्शन याय तु.जि मन ॥ हादे. भगवान दर्शन याय तु जि मन ॥**

**हादे. श्री जय धर्म धा.तु बिये तेल दर्शन याय माल जगत उधार ॥ हादे बुद्ध ॥ १ ॥**

ज्यापु समाजमा यो **"मंका गुठी"** अत्यन्त महत्व छ । यो टोलको संगठित संस्था हो । यो मंका गुठीमा गुरु र नायकलाई टोलका सबै मानिसहरुले समानपूर्वक मान्दछन् । त्यसैले मंका गुठीका गुरु, नायकले पनि टोलका सबै मानिसहरुलाई समान रुपले ब्यबहार गरिन्छ । मंका गुठीका गुरु र नायकलाई टोलको न्यायधिसको रुपमा हेरिन्छ । यो हिसाबले यो मंका गुठी सानो सरकारको रुपमा लिइन्छ । टोलमा झै झगडा भएमा मंका गुठीको घरमा दुबै पक्षलाई बोलाइ छलफल गरी झगडा मिलाउने काम गरिन्छ । टोलका सदस्यहरु सबैलाई बोलाई बैठकबाट निर्णय गरेको कुनै पक्षले नमानेमा उसलाई सामाजिक बहिष्कार गरिन्छ । सामाजिक बहिष्कार गरेपछि आर्थिक नाकाबन्दी देखि बिबहा, मृत्यु संस्कार आदिमा समेत उसलाई सहयोग नगर्ने हुन्छ । मंका गुठीको भजन हरेक पुजा पाठ, चाडपर्व र बिबहामा दुलही लिन जाने बेला समेत प्रयोग हुन्छ । यो भजनको सबभन्दा महत्वपूर्ण प्रयोग-

१) मच्छिन्द्रनाथको जात्रा मनाउने दिनमा भुज्या जाने भनी बाजा बजाई नाचेर मच्छिन्द्रनाथ मिननाथको पुजा पाठ गर्न जाने हुन्छ । यसैलाई नेवारी भाषामा **"भुज्या वनेगु"** भनिन्छ ।

२) देवाली गुठीको भोज खाइ सकेपछि भोली पल्ट कौलाको दिनमा बिहान मच्छिन्द्रनाथ र मिननाथ देवतालाई चतांमरी चढाउन जाने गर्दछ ।

---

१६. बुलाल महर्जन, बर्ष ६०, उ.म.न.पा. वडा नं. २१

३) ज्यापु समाजमा कुनै परिवारमा बिबहामा दुलही लिन जानको लागि यही मंका गुठीको बाजा लाने गरिन्छ । ज्यापु समाजमा दुलही लिन जाने प्रथा राती १० बजे गएर रातभरी गीत नाच देखाई दर्शकहरुलाई मनोरञ्जन गराएर आफ्नो सीपको प्रदर्शन गरिन्छ । दुलही लिएर आए पछि मंका गुठीलाई त्यही रात बिबहा कर्ताले **"लसः बजि"** दिइन्छ । लसःबजिमा तःखा, रक्सी, जाँद दिइने गरिन्छ । भोलिपल्ट मंका गुठीलाई भोजकर्ताले भात खुवाउनु अनिवार्य छ ।

४) आर्थिक सम्पन्न परिवारले यस्तो बिबहामा **" क्वेना पुजा"** पनि गरिन्छ । भोजकर्ताले "क्वेना पुजा" गरेपछि मंका गुठीका नायकले भजनका सबै सदस्यहरुलाई क्वेना पुजा जानुपर्छ भनी निमन्त्रणा गरिन्छ । दिउँसो २ वजेतिर दुलहा र दुलहीको साथमा मंका गुठीको भजनको बाजा सहित नःटोलमा गणेश पुजा गर्न जान्छन् ।

५) नगर भित्र पूजा गर्ने मतिया यात्रामा पनि यो भजन जाने गर्छ । नजीकको ठाउँमा मतिया यात्रा पालो परेको सालमा त्यसको आसपासका टोलका सबै जसो मंका गुठीको भजन मतिया पुजा जाने गर्छ । यसको लागि २ महिना अगाडी देखि बाजा गाजा र नाचको मतिया जानको लागि तम तयार गर्छन् जसलाई **"रफट"** गर्ने भनिन्छ ।

६) मतिया नजाने विभिन्न ज्यापु टोलका भजनहरु मुख्य मुख्य टोलका बाजा बजाई घुम्न जाने गर्छन् । यसरी जानुलाई नेवारी भाषामा **"दाफा वनेगु"** भनिन्छ ।

७) बहाः पुजा र चैत्य पुजा जस्ता बुद्धको पुजामा पनि यो मंका गुठीको भजन जाने गर्छन ।

८) बच्चाको अन्न प्रासन, कैतापुजा र बुढा पासनी आदिमा पनि यो भजन जाने गर्छन् ।

९) टोलको मंका गुठीको सरस्वती पुजामा पनि यो भजन जाने गर्छन् ।

**९) धिमेबाजा गुठी**

ज्यापु समाजमा यो बाजा धेरै महत्वपूर्ण हुनुको साथै लोकप्रिय बाजा हो । यो बाजा हरेक चाडपर्व, जात्रा र पुजा पाठ सम्मेलन आदिमा बजाउने गरिन्छ । यो बाजा कुनै कुनै टोलमा मंका गुठीको भजन सगैं राखेको हुन्छ भने कुनै टोलमा यो धिमेबाजा अलगै गुठी हुन्छ ।

यो धिमे वाजा मच्छिन्द्रनाथको रथ तान्ने वेलामा त्यस ठाउँको जात्रा मनाउने टोलहरुका सबैको धिमेबाजा जाने गर्दछ । मच्छिन्द्रनाथको रथलाई गन्तव्य स्थानमा पुऱ्याए पछि जात्रा मनाउन सबै ज्यापु टोलहरुका मंका गुठीको भजन बाजा सहित यो धिमे बाजा पनि पछि पछि

बजाउँदै जान्छन् । जसलाई “भुज्या” जाने भन्दछन् । त्यस्तै यो बाजा शुभ जात्राको समयमा, कुनै संघ संस्था, बुद्धपुजामा, उत्सव तथा खुसियालीको समयमा यो बाजा लाने जाने गरिन्छ ।

### १०. योमाद्यो स्वनिगु गुठी

ललितपुरमा ईन्द्रजात्रा चार दिन सम्म मनाउने गरिन्छ । पहिलो दिनमा ल्हुगया ( भाद्र त्रयोदशी ) , दोश्रो दिन स्वाँछ्या ( इन्द्र जात्रा ) , तेश्रो दिन ञेन्यापुन्हि ( मंगःया ) र चौंठो दिनमा पुञ्चली भुजा मनाउने गरिन्छ । यी चार दिन सम्म मनाउने जात्रा शरु हुनु अघिल्लो दिन भाद्र शुक्ल पक्ष द्वादशिको दिनमा एउटा स्तम्भ ( योसी ) मा देवता राखी बत्ती दिने गर्छ । जसलाई ईन्द्रध्वजोत्थान भनिन्छ । यो भनेको इन्द्रलाई बत्ती देखाएको हो । यो दिनमा ललितपुरमा ज्यापुहरुले गुठी मनाउने गरिन्छ । जसलाई नेवारी भाषामा “योमा द्यो स्वायगु” गुठी भनिन्छ ।

## ख) सामाजिक गुठी

मानिस सामाजिक प्राणी हो त्यसैले उ समाजमा बस्छ । समाजमा बस्न मानिसले अनेक नीति नियम निर्माण गरेका छन् । जन्मदेखि मृत्यु सम्म गर्नु पर्ने संस्कार मानिसहरुले तयार गरेका छन् । सामाजिक संघ संस्था तथा गुठीहरु स्थापना गरी ती गुठीहरु कसरी संचालन गर्ने गुठीमा कुन व्यक्तिको कस्ता दायित्व रहेका छन् । समाज उत्थानको लागि के गर्नु पर्दछ । समाजमा संगठित भएर कसरी बस्ने भन्ने उद्देश्य लिएर सामाजिक गुठी निर्माण गरेका छन् । ललितपुरका ज्यापुहरुको सामाजिक गुठी शुरु शुरुमा आ-आफ्ना फुकिहरु मात्र बसेर एउटा गुठी वनाएका छन् भन्ने कुनै कुनै गुठी आफ्ना फुकी बाहेक अरु पनि समावेस गरी गुठी वनाएका छन् । यसरी ज्यापु समाजमा जन्म देखि मरण सम्म गर्नु पर्ने आफ्ना फुकि र छिमेकीहरु सित मिली गर्नुपर्ने विभिन्न क्रियाकलापलाई सामाजिक गुठी भनिन्छ । यस्ता सामाजिक गुठी ज्यापु समाजमा पाइने केही गुठीहरुको चर्चा तल गरिएको छ ।

### १) सना गुठी

ज्यापु समाजमा अरु विभिन्न गुठीहरु मध्ये यो सवभन्दा महत्वपुर्ण छ । यो गुठी मृत्यु संस्कार संग सम्वन्धित छ । यो सना गुठी कुनै कुनै टोलका आफ्ना फुकिहरु मात्र रहेको छ । अर्थात देवाली गुठीका परिवारको गुठी नै सना गुठी रहेको पाइन्छ । यसमा एउटै टोलमा रहे

पनि आफ्ना फुकि वाहेक अरु व्यक्तिलाई यस गुठीमा समावेश गरिदैन । ललितपुर नगरमा यस्तो फुकिहरु मात्र रहेको सना गुठी निम्न टोलहरुमा छन् ।

१) पिलाछें तोल　　२) मिखावहाल　　३) च्यास (कुम्हा)

एउटै तोलमा २/३ वटा सना गुठी रहेको पनि पाइन्छ । जस्तै लुँखुसि तोलमा यस्तो सना गुठी ४ वटा सम्म पाइन्छ । धेरै जसो तोलमा आफ्ना फुकि वाहेक अरु फुकिका मानिसलाई पनि समावेस गरेको हुन्छ । यो सना गुठीमा आफ्ना छोरी नातीलाई भित्राउने चलन छ । कुनै व्यक्तिको सन्तान नभएमा छोरी नातीलाई आफ्नो घरमा पालेर आफ्नो सम्पति छोरी नातीको नाउँमा लेखि दिने र त्यसरी सम्पति नातीलाई लेखी दिएपछि उक्त नातीलाई सना गुठीमा भित्राइन्छ । यसरी गर्नुको मतलव आफ्नो तोलको सम्पति बाहिर टोलमा नजाओस् र नीज व्यक्तिको कूल थामोस भनेर गरेको हो भन्छ ।[१७]

ललितपुर नगर भित्र नेवार समाजका कोही व्यक्ति मृत्यु भएका मशानमा वसी जलाई दिने (पोल्ने) गुठी छ । यसरी जलाउने मात्र काम गर्ने व्यक्तिलाई नेवारी भाषामा “गों” भनिन्छ । यस्तो “गों” को काम गर्ने ललितपुर नगरको ज्यापुहरुको ६ वटा तोलहरु छन् । जस्तै १) धालाछें २) गुइटोल ३) एलमुगः टोल ४) चःप टोल ५) तःननी टोल ६) सलिछें टोल

यी ६ वटा तोलका गोंहरुले आ-आफ्ना क्षेत्र भित्रका ज्यापुहरु लगायत नेवारहरु जोसुकै मरे पनि (पोडे, कसाई, च्यामी, चेपे, जोगी आदि) जातको बाहेक सबैको ज्याला लिएर पोलि दिने काम गर्दै आएका छन् । ती गोंहरुले चाडपर्व, दशैं, तिहार, आदि भन्न पाउदैन । जुनसुकै बेला जानुपर्ने हुन्छ । आज नःख (चाड) छ भोली आउँछु भन पाउँदैन । जबर जस्ती गाली गरेर लान्छ । आज दशैं नवमीको दिनमा ज्याला डबल दिनु पर्छ भन्दा नदिएकोले गों को काम नगरेको भन्छ । धालाछेंका गोंहरुले ल.पु. नगरका ताम्राकार, मलीकमी, सिकमी, श्रेष्ठ, जोशी, शाक्य, गुभाजु, ज्यापु, आदिको “गों” को काम गर्छ । उनीहरुले यी उलेखित जातहरुलाई निश्चित ज्यालाको दर चाहिन्छ भनी प्रत्येक जातको नाइके कहाँ गएर भन्न जाँदा स्पष्ट जानकारी नपाएकोले धालाछेंका गोंहरुले यस्तो काम (आजभन्दा ३० बर्ष अगाडी) छोडी दिएको भन्छ ।[१८] यसरी धालाछें टोलका ज्यापुहरुले गों को काम छोडी दिएपछि प्रत्येक टोलका प्रत्येक

---

१७. नन्द लाल महर्जन, बर्ष ७८, सुबहाल टोल, ललितपुर उ.म.न.पा. वडा न. ८

१८. चिरी काजी महर्जन, बर्ष- ७६, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा न. १७

सना गुठीले आफैले गों को व्यवस्था गरे । एउटा लाश जलाउनको लागि गोंहरु चार जना हुन्छ । दुइ जनाले मशानमा दाउरा लगेर चित्ता तयार गर्छ भन्ने अर्को दुइ जना मध्ये एक जनाले बलेको भाजं (माटोको भांडो जसमा सुकेको गोबर बालेको ) र अर्को पट्टी सिजतांप (शव यात्राको अगाडि पछाडि रोएर आउने सबैले मृतकलाई पानी खुवाउन राखेको तामाको ताप ( भांडो) राखेको हुन्छ ) बोकिन्छ । अर्को एक जनाले परालको मुट्टा बोकेको हुन्छ । त्यो गों सबभन्दा अगाडि बसेर जान्छ । अगाडि बस्ने गों रोक्नु र पछाडि फर्कनु पनि हुन्दैन ।

ज्यापु समाजमा बुढा बुढी मृत्यु भएमा त्यो लाश बोक्ने मृतकका ज्वाइहरुले बोक्ने गर्छ । निजका ज्वाईहरु नभएमा मात्र सना गुठिका गुठीयारहरुले बोकी दिन्छ । यस्तो ब्यबस्था गुठीले गरिको हुन्छ जो चार जनाको पालै पालो सित आउँछ । लाश बोक्न मानिसहरुलाई नेवारी भाषामा **"म्हेथां"** भनिन्छ । गुठीमा क्रमशः पहिला म्हेथां (लाश बोक्ने व्यक्ति) चार जनाको पालो आउँछ पछि त्यही **म्हेथां** चार जना **गों** बन्छ ।[१९] यसरी गुठीमा ब्यबस्थित रुपमा नीति नियम बनाई मृत्यु संस्कार संचालन गरेको पाइन्छ ।

आफ्ना गुठीका जो कोही मृत्यु भएमा गुठीयारहरु शव यात्राको पछि पछि मलामी जानु पर्छ त्यसरी मलामी जानुलाई नेवारी भाषामा **"सना वनेगु"** भनिन्छ । मलामी नगएका गठीका सदस्यलाई जरिवाना तिराउँछ । यस्तो जरिवाना पाचँ पैसा देखि अहिले ५-१० रुपैया सम्म पुगेको छ । आफ्नो "म्हेथा" र "गों" को पालोमा नगएका सदस्यलाई २०० देखि ३०० रुपैया सम्म जरिवाना लिन्छ । यस्तो जरिवानालाई नेवारी भाषमा **"बौं"** भनिन्छ । ज्यापुहरु "बौं" तिर्नु हुदैन भन्छ । बौं तिर्नु पर्ने गरी मलामी नगएमा पाप लाग्छ भन्छ । त्यसैले सकेसम्म यस्तो मृत्यु संस्कारको काममा भाग लिइ हाल्छ ।

गोंहरुले लाशलाई दाहा संस्कार गर्ने काम सिध्याए पछि मृतकको घरमा खबर दिनुपर्छ र मृतकको परिवारले गोंहरुलाई २ माना चिउरा १ पाउ अदुवा र केही नुन दिनुपर्छ । गों र म्हेथाहरुलाई घःसु (बाह्रा दिन) मा राम्ररी भोज खुवाउनु पर्छ । ती ८ जनालाई भोज खुवाउने घःसु आउने आफन्तहरु सबै गइ सकेपछि खुवाउने गरिन्छ ।

सना गुठीका गुठीयारहरु वीच बर्षको २ पटक भोज खाने गरिन्छ । १) सनागु भ्वे र अर्को २)

---

१९) बाबु लाल महर्जन, बर्ष- ८०, लुँखुसि टोल, ललितपुर उ.म.न.मा. वडा नं. १७

सिंकायगु भ्वें। यहाँ अहिले सनागु भ्वे को मात्र चर्चा गरिन्छ।

यो सनागु भ्वे पहिला पहिला ५ दिन सम्म खाने चलन छ। आर्थिक दृष्टिकोणले यस भोजलाई घटाएर २ दिनमा ल्याएको छ। यो सनागु भ्वे नगर भित्रका सबै ज्यापु टोलहरुमा लखुं चह्रे अर्थात घोडे जात्राको दिनमा मनाउने गरिन्छ। जुन सना गुठी आफ्नै फुकीहरुको बीच संगठीत गरी बनाएको गुठी छ। त्यस्ता गुठीहरुमा भोजको तयार गर्ने व्यक्तिहरु २ जना देखि ४ जना व्यक्तिले मासु बाहेक सम्पूर्ण खानेकुरा आफ्नै कमाइको रकमले किनेर तयार गर्नु पर्छ। त्यस्तै जुन गुठीमा गुठीयारहरु थोरै संख्या छन्। त्यस्ता सना गुठीमा पनि भोजको जोर जाम गर्ने व्यक्ति २ जनादेखि ४ जना सम्म हुन्छ। खानेकुरा सबै मासु र जाँड बाहेक ती पाला (भोज तयार गर्ने ) हरुकै रकमवाट तयार गरिन्छ।

यस्तो किसिमको सना गुठीमा घरको परिवारमा ब्याग: (परिवारवाट छुटिएमा) भएमा सनागुठीमा भित्राइन्छ। एक बर्षमा त्यस्ता परिवारबाट छुटिएर बसेका कतिजना छन्। ती मध्ये कति जना गुठीमा भित्रिइयो। गुठीमा भित्रिएका मध्ये जेठोहरु ४ जनालाई सनागुठीको भोज बनाउन अर्थात पालो दिन्छ जसलाई सनागुठीमा **"ब्याग पा:"** भन्छ। त्यसपछि अर्को भित्रिएकालाई पालो दिन्दै लग्छन्।

ल.पु. नगरका ज्यापु समाजमा एउटा सनागुठीमा २०० जना देखि ४०० भन्दा बढी गुठीयार भएको सनागुठी पनि छन्। ती सनागुठीहरु पनि २० बर्ष अगाडी सम्म पाँच (५) दिनसम्म लगातार भोज खाने चलन छ। तर ती गुठीहरुमा पनि २ दिन मात्र भोज खाने गरियो। मू भ्वे (मुख्य भोज) खानु अगाडि **"छ्वेला बु"** गरिन्छ। त्यसको मतलव मू भ्वेलाई तयार गर्नु हो। यी धेरै गुठीयार भएका सना गुठीमा भोज तयार गर्ने धेरै संख्या भएकोले धेरै सजिलो बनाएको छ। पालो लिने व्यक्तिले **"पो छग हायगु"** (१८ मानाको जादँ वनाउनु) भए पुग्छ। उदाहरणको लागि लुखुँसी टोलको सनागुठीमा तीन वाल (तीन समुह) हुन्छ। जस्तै **१) हु: वाल २) मचा वाल ३) धिंगे वाल** छन्। ती तीन वाल मध्ये एक वालले खाना तयार गरिन्छ। एक वालमा गुठियारहरुको संख्या ६०/७० जना हुन्छन्। ती ७० जना गुठीयार मिली जाँद, घासा ( गेडागुडी-सिम्पू, केराउ, भटमास, बोडि आदि) तयार गरिन्छ। एउटा घासा (सिम्पू) समुहमा ७/८ जना हुन्छन्। तिनीहरु सबै मिली सिम्पू तयार गरिन्छ। त्यस्तै अर्को घासा (केराउ) समुहमा पनि ७/८ जना गुठीयार हुन्छ। ती सबै मिली केराउ तयार गरिन्छ। ती सबै तयार

भए पछि पालो नपरेको गुठीयार आई घासामा मसला हाल्ने काम गरिन्छ । यसलाई **घासाः वा वनेगु** भनिन्छ । सनागुठीको भोज खाने घरलाई **चपा** भनिन्छ । **"च"** भनेको खुल्ला र **"पा"** भनेको ठूलो खुला घर हो । त्यहाँ लगेर उक्त घासालाई पिचा (तामाको भाँडो ) मा नापेर लिन्छ । पाःलाहरुले पिचा भरी पुऱ्याइ दिनुपर्छ । अर्को बर्ष अर्को वालःलाई पालो दिन्छ । अर्को वालःमा कुन समुहलाई कुन घासा दिने भन्ने कुरा प्रत्येक घासा पासा (७/८ जनाको एक समुह) समुहको थकालीले गोला प्रथाको एक चिट्ठा लिन्छ । त्यसमा जे पर्छ त्यो घासा पासा समुहले मिलेर आफुलाई जे परेको हुन्छ त्यो तयार गर्छ । त्यस्तै अर्को घासा पासा समुहले पनि गोला प्रथाको चिट्ठा लिन्छ । त्यसमा जे पर्छ त्यही तयार गर्छ । एवं प्रकारले अरु समुहलाई पनि त्यसरी नै बाँडि दिन्छ ।[२०]

यसरी सनागुठी ब्यबस्थित रुपले संगठित गरी ज्यापु समाजमा चलाउदै आएका छन् । यो सनागुठी स्थायी संस्था हो । यसमा कुनै किसिमको झै झगडा हुन्दैन । भोजमा कसैले मनपरी बोल्ने झगदा गर्ने गरेमा त्यसलाई गुठीयारका मूःआजु र नायकले बिचार गरी **"बौं"** गराउँछ । बौं गराँउदा नतिरेमा त्यसलाई गुठीबाट निष्काशन पनि गर्न सकिन्छ । गुठीबाट निष्काशन भएपछि टोल र समाजमा समेत त्यस परिवार प्रति नराम्रो दृष्टिले हेरिन्छ । अर्थात त्यसलाई सामाजिक बहिष्कार नै गरिन्छ ।

**२) सिंकाग्यु गुठी (सिं गुठी)**

सनागुठी पछि दोस्रो महत्वपुर्ण गुठी सिंकायगु गुठी हो । यस गुठी बर्षको एक दिन मात्र भोज खाने गरिन्छ । यस सिं काय्गु गुठीको दिनमा एक वर्षलाई चाहिने मृत्यु संस्कारको सर सामान तयार गरिन्छ । मृत्यु संस्कारमा चाहिने भन्नाले काठ, दाउरा, कुटा (शव यान), नालु ( जुट) सेतो कपडा, देवं (लाशलाई छोप्ने कपडा), अविर, हल्चा, भाजं (माटोको भांडो), गोपचा ( माटोको करुवा) आदि सामान तयार गरिन्छ । बर्ष भरिको मलामी गएको नगएको लेखा जोखा गरिन्छ । बौं कति बाँकी छ ती सबै उठाउने काम गरिन्छ ।

**३) बिचागुठी**

यो बिचा गुठी पनि महत्वपूर्ण छ । बिचा भन्नाले मृतकको परिवारलाई हेर विचार गर्नु

---

२०. गुठिका नायक - मंगल लाल महर्जन, बर्ष- ६८, हकटोल, ललितपुर उ.म.न.पा. वडा न. १७

हो । विचागु भन्नाले हेर विचार गर्ने विचा गुठी भन्ने वुझिन्छ । टोलका साधारण व्यक्ति देखि राजा सम्म मृत्यु हुदाँ **"बिचा वनेगुं "** ( हेर विचार गर्न जाने ) चलन छ । टोलका कोही मृत्यु हुँदा गुठीका आजुं/नायो मृतकको घरमा गई सान्त्वना दिने हेर विचार गर्ने र सहयोग गर्ने गरिन्छ । राजा मृत्यु भएमा ललितपुर नगरका ज्यापु समाजका सबै टोलका यस्ता गुठीको गुठीयारहरु सबैलाई "बिचा वनेमा" (विचा गर्न जानु पर्छ) भनी खबर गरी जाने गर्छ । राजा मृत्यु हुँदा काठमाण्डौको हनुमान ढोकामा प्रत्येक टोलका विचागुठीले **"कसी"** (मातोको भाँडो) भित्र चिउरा, लाखमरी, फलफूल राखी जाने गर्छ । काठमाण्डौको हनुमान ढोकाको आगनमा बसी पुजापाठ गरी आफूले लगेको "कसी" त्यहाँ बुझाएर नाम लेखाएर आउने भन्छ ।[२१]

यसरी सनागुठी ब्यबस्थित रुपले संगठित गरी ज्यापु समाजमा चलाउदै आएका छन् । यो सनागुठी स्थायी संस्था हो । यसमा कुनै किसिमको झै झगडा हुन्दैन । भोजमा कसैले मनपरी बोल्ने झगदा गर्ने गरेमा त्यसलाई गुठीयारका मू:आजु र नायकले बिचार गरी **"बौं"** गराउँछ । बौं गराँउदा नतिरेमा त्यसलाई गुठीबाट निष्काशन पनि गर्न सकिन्छ । गुठीबाट निष्काशन भएपछि टोल र समाजमा समेत त्यस परिवार प्रति नराम्रो दृष्टिले हेरिन्छ । अर्थात त्यसलाई सामाजिक बहिष्कार नै गरिन्छ ।

टोलका कोही व्यक्ति मरेमा गुठीयार र टोलका इष्ट मित्रहरु मृतकको घरमा विहान ९ वजे भित्र "विचा वनेगु" भनी जान्छन् । आफ्ना नाता कुतुम्वहरु सबै मरेको भोलि पर्सी जान्छ । अरु साथी भाइहरु एक हप्ता भित्र जाने गर्छन । मरेका बेला "पौ बिचा" भनेका सबै आफन्तहरु मरेको भोली र पर्सी भित्र बेलुका १०० मिटर पर देखि रोएर मृतकको घरमा बिचार गर्न जान्छन । ललितपुर नगरका ज्यापु समाजका यसरी विचा जाँदा, चिउरा ६ माना, सिंके ( मुला र साग जमिन मुनी गाडेर वनाएको ) तरकारी आदि राखेर लग्छन । रोएर जाने आइमाइले त्यहाँ कोही पनि बोल्दैन । उनीहरुले लगेको ती सामान राख्ने अर्को मान्छे बसेको हुन्छ । त्यसले सामान छुट्याएर दालोमा राखिन्छ । त्यसलाई **"ब्या पोंकेगु"** भनिन्छ । बिचा आउँछ भनी सुकुल ओछयाएर वस्ने कामलाई **"बिचा फयगु"** भनिन्छ । आइमाइहरु रोएर विचा आएपछि घरमा

---

२१. तुल्सी लाल महर्जन, बर्ष - ८८ क्वबहाल टोल, वडा नं. ९ र कुल बहादुर डंगोल, बर्ष - ७२ मिखा बहाल टोल, वडा नं. २१ ( त्रिभुवन र महेन्द्र राजा मृत्यु भएको बेला बिचा गएको भन्छ )

रहेका सबै आइमाइहरु पनि रुन्छ । यसरी रोएर विचा जाने चलन पाटन (ल.पु.) का **राजा श्री निवास मल्लको** पाला देखि चलेको कुरा भाषा वंशावलीमा उलेख गरेबाट स्पष्ट हुन्छ । जस्तै **फेरि यिन राजाका पालामा भक्तपुरमा मन्त्रीका बुद्धिले राजकी मिदयानी देवल लक्ष्मीकी छोरी खस्दा एक स्रेस्ता नेपालमा ल्याउनु पर्छ भन्या । भक्तपुऱ्या मन्त्रीका वचनले राजद्वारमा स्त्रीहरु टो जाई रोई विचार गर्नु भनी स्रेस्ता बनाइ चुइकीलाई रुवाई विचार गराउन पठाया । पैले पाटनमा भई पछि ३ शहरमा भै गया । नेपाल सम्वत ७८५ माघ शुक्ल २ का दिन देखि रुन्या प्रवन्ध भै गयो ।**[२२]

## ५.६. फुकि

एउटै बाबुका सन्तानहरु वृद्धि हुदै अलग अलग बसी देवाली गुठीको भोजमा संगै बसेर खाने परिवारलाई फुकि भनिन्छ । फुकिलाई नेवारहरुको देवाली गुठीका सदस्यहरुको फैलिएको परिवार बताएको छ । **ने फिनले**- फुकिलाई बंशको रुपमा लिएका छन् । Vectop S. Doherty को भनाई अनुसार फुकी एउटा संस्था हो जसको मुख्य कार्य देवाली गुठी (देगु पुजा) मा हुन्छ । Millor को भनाइमा तिब्वतमा पनि नेवारको जस्तै एक किसिमको संगठन छ, जसलाई **"किदु"** भनिन्छ । ती दुबैको कार्य एकै प्रकारको पाइएको छ ।

नेवार समुदायको ज्यापु समाजमा फुकिको मुख्य व्यक्तिलाई थकाली भनिन्छ । देवाली गुठी संचालन गर्दा सबैले आवश्यकतानुसार सबैकुराको लागि **"ल्हाना"** (जमा गरी) जोर जाम गरिन्छ । त्यसमा पनि मुख्य जिम्मेवार लिने जसलाई **"पाला"** भनिन्छ । त्यसले सबै खानेकुरा तयार गरिन्छ । ज्यापु समाजमा सबै फुकिहरुको मूल देवता (देगु देवता) खुला चउरमा राखेको हुन्छ । देवालीको दिनमा त्यही चउरमा गएर भोज गरिन्छ । ल.पु. नगरका ज्यापुहरुको देगु देवतालाई हाँस नै बली दिन्छ । त्यसको मुख्य भाग टाउको, २ वटा पखेटा र २ वटा खुट्टाको **"सीका भु"** फुकिहरुको बीचमा गरिन्छ ।

ज्यापु समाजमा यी फुकिहरुको ठूलो भूमिका रहेको छ । फुकिहरुले आफ्ना नजीकका फुकि तथा नाताहरुलाई दुःख, आपत विपत तथा खेती पातीको काममा सघाउने गरिन्छ । त्यसै गरी चाडपर्व देवाली, मृत्यु र बिबहा आदिमा पनि सहयोग गरि दिन्छ । ज्यापु समाजमा फुकि

२२. देबी प्रसाद लम्पसाल ( सम्पादक ) भाषा वंशावली, भाग २, पृष्ठ ६६

तीन प्रकारको रहेको पाइन्छ । १) नजीक २) ३,४ पुस्ते फुकि ३) ५,६ पुस्ते फुकि

**१) नजीक फुकि**

यस्तो फुकी जति सुकै पुस्ता भएपनि यदि एउटै भान्छा रहेको छ भन्ने नजीकको फुकी भनिन्छ । यस्तो परिवारमा संख्या १० देखि ४० जना सम्म रहेको हुन्छ । यस्तो परिवारलाई संयुक्त परिवार भनिन्छ । यस्तो संयुक्त परिवार भित्र जुनसुकै ब्यक्ति मृत्यु भएमा पनि एक वर्ष सम्म बार्नु पर्छ । कुनै किसिमको चाडपर्व, पुजा आजा र भोज मनाउनु हुन्दैन ।

संयुक्त परिवार भित्रका नाती, पनाती जो कोही मृत्यु भएमा बाबु, बाज्यले एक बर्ष सम्म सेतो टोपी लाएर बार्ने गर्छ भन्ने बाबु बाज्ये मृत्यु भएमा त्यसका छोराले एक बर्ष सम्म दही, आमा भएमा दुध नपिई एक बर्ष सेतो पोशाक लगाएर बार्ने गर्छ ।

यस्तो नजीकको फुकी हरेक पारिवारिक सामाजिक कार्यक्रममा महत्वपूर्ण भूमिका रहन्छ । नयाँ दुलही भित्राउँदा र छोरी बिबहा गरी पठाएको चौथो दिनमा सम्धी जोर्दा ज्वाईबाट सबै सदस्यहरुले सुपारी लिने चलन छ । यस्तो सम्धी न जोर्दै दुलही मृत्यु भएमा नजीकका फुकीहरुले बार्नु आवश्यक छैन । फुकिहरुलाई सुपारी दिएर सम्वन्ध गाँस्ने भनिन्छ ।

**२) ३,४ पुस्ता फुकि**

यस्तो फुकी थकालीबाट अंश वण्डा भइ अलग बसेको दाजु भाइलाई जनाउँछ । यसरी अलग बसे तापनि देगु पुजामा सगै बसेर गर्छ । दाजु भाइको छोरा छोरीको बिबहा आदि भएमा सबैलाई परिवार सहित दाक्नु पर्छ । छोरी बिबहा गर्ने बेलामा बाहिर पठाउने राती मुख्य घरको परिवार बाहेक दाजु भाइका मूल मानिसले मात्र घरको आवश्यक सामान दाइजो दिइ छोरी सगं सुपारी लिने गर्छ ।

दाजु भाइका कोही बच्चा वा दाजु भाई मरेमा ४५ दिन सम्म केही पुजा आजा, चाडपर्व, भोज मनाउने गर्दैन र उक्त दिन सम्म मलामी गएका सबै सेतो टोपी लाएर बार्ने गर्छ । मलामी जाने बेला दाजूभाईका छोरा छोरी सबै जाने गर्छ ।

**३) ५,६ पस्ताको फुकि**

यस्तो फुकीमा धैरै टाढाको फुकि हुन् । देवाली पुजामा संगै आएको भएतापनि ६/७ पुस्ता टाढाको पुस्ता हुन् । यस्तो फुकि भित्र जो सुकै मरे पनि १२ दिन घःसु सम्म मात्र बार्नु

पर्छ । त्यसपछि केही पनि बार्दैन । देवाली पुजा सगोलमा आइ रहेसम्म धेरै पुस्ता भए पनि बिहेबारी गर्दैन । यस्तो फुकिमा खाली कोही मृत्यु भएमा एक पटक नुहाइ दिए पुग्छ ।

**४) अलग भएको फुकि**

फुकि छुटेको भन्नाले एउटा बाबुको छोराहरु अंशवण्डा भई अलग भएमा फुकि छुटेको भनिन्छ । अर्को शव्दमा देवाली गुठीमा नआइ अलग मनाउने गरेकालाई फुकि छुटेको भनिन्छ । नेवारी भाषामा फुकि छुटेकोलाई **"फुकि बागु"** भनिन्छ । फुकि छुटेपछि त्यसले केही कुरामा बार्दैन । मृत्यु भएमा नजीकको भएमा ४५ दिनसम्म सेतो टोपी लाएर बार्छ भन्ने अलि टाढा भएमा १२ दिन घःसु सम्म मात्र बार्छ । धेरै टाढा सात पुस्ता भन्दा बढी र देवालीमा पनि सगोलमा नभएमा उसले केही पनि बार्दैन । त्यसले पुरानो फुकिको छोरा छोरी बीच बिबहा पनि चल्छ ।

## ६.७ जीवन चक्र

मानिस सामाजिक प्राणी भएकोले समय परिस्थिति अनुसार विभिन्न ठाँउ र जातहरुको आ-आफ्नै किसिमको संस्कार रहेको पाइन्छ । अव संस्कार केहो त यसको वारे विभिन्न विद्वानहरुले यसरी व्याख्या गरेका छन् । "संस्कार" शव्द संस्कृतको 'सम्' मूल शव्दमा "कृञ्" धातु र "घञ्" प्रत्यय राखी आएको छ ।[२३] सत्य मोहन जोशीको भनाइ अनुसार – सँस्कारको अर्थ "परम्परादेखि गर्दै आइरहेको चलन वा परम्परा नै सँस्कार हो भनेको छ ।[२४]

त्यस्तै सँस्कार सम्वन्धी मोनिया विलियम्सको प्रसिद्ध व्युत्पतिमूलक सँस्कृत अंग्रेजी कोषमा अक्षर सँ + स् + कृ अर्थात "सं" र "स्" उपसर्ग सँगै कृ धातुवाट स्त्रीलिङ्ग आकार रुपलिएर "संस्कार" पाएको हो भनी राखेको छ ।[२५]

त्यस्तै हिन्दु धर्म कोषको अध्याय ६ संस्कार खण्डमा "संस्कार भनेको कुनै पनि पदार्थ वा व्यक्तिवाट कुनै पनि काम गर्नलाई चाहिने योग्यता" भनी राखेको छ । धेरै जसो पुस्तकहरुमा संस्कारलाई धर्मको अभिन्न अंगको रुपमा लिइ राखेको पाइन्छ ।

---

२३. राजवदि पाण्डेय: हिन्दू संस्कार, चतूर्थ संस्करण, वाराणसीः चोखम्वा विद्या भवन, १९८५
२४. सत्यमोहन जोशी " बःचा धँगु खँग्वः धुकुती " ( ११०७ नेपाल सम्बत )
२५. Monier - Williams, Monier; A Sanskrit English dictionery: Etymological and philologically arranged. Delhi: Motilal Banarasidas 1986 ( Rpt. of 1899 )

संस्कार भन्ने शव्दको उल्लेख बौद्धिक कालको साहित्यमा देखिदैन तर संस्कारको अंग उपनयन, अन्त्येष्टि आदिकोवारे वर्णन गरिराखेको भेटिन्छ । त्यसैले संस्कारलाई परिभाषित गर्दा संस्कार भनेको मानिसको जीवनलाई ठीक ठाँउमा लान आवश्यक योग्यता वा अनुशासन भनी भन्न सकिन्छ । अर्को भाषामा भन्नुपर्दा संस्कार भनेको अशुद्ध वस्तु वा शरीरलाई शुद्ध र राम्रो पार्न समय समयमा गर्ने कार्यहो ।

समय परिवर्तन हुँदै गएपछि विभिन्न विद्धानहरुले सँस्कारलाई आ-आफ्नो विचार अनुसार विश्लेषण गर्ने गरियो । कतिले संस्कारलाई चालिस (४०) वटा, कतिले दश (१०) वटा उल्लेख गरी राखेको छ भनी गृह्य सूत्र पुस्तकमा सँस्कारलाई १२ वटा देखि १८ वटा दिइ राखेको छ ।[२६] यसरी बिभिन्न किताबमा बिभिन्न प्रकार दिइ राखेको भए तापनि हिन्दू धर्मावलम्वी बीचमा गर्दै आएको १६ वटा संस्कार  निम्न छन् ।

१) गर्भाधान  २) पुंसवन  ३) सीमन्तोन्नयन  ४) जातकर्म  ५) नामकर्म (नामाकरण
६) निष्क्रमण  ७) अन्नप्राशन  ८) कर्णबेध  ९) बिद्यारम्भ  १०) चुडाकर्म  ११) केशान्त
१२) उपनयन  १३) वेदारम्भ  १४) समावर्तन  १५) बिबाह  १६) अन्त्योष्टि

यी उल्लेखित संस्कारहरु मध्ये ब्राम्हण जातिहरुमा धेरै देखिन्छ भन्ने शुद्र जातिमा कम मात्र संस्कार पाइन्छ ।  काठमाण्डौ उपत्यकाका नेवार समुदायहरुले यी माथि उल्लेखित संस्कार गर्दै आएको पाइदैन । उपत्यकाका नेवार समुदायको ज्यापु समाजमा गर्दै आएका मुख्य मुख्य प्रचलित संस्कार यसरी छन् ।

१) पुंसवन ( धौबजि नकः वनेगु )  २) जातकर्म  ३) नामकरण
४) निष्क्रमण ( मचाबु लहिकः वनेगु )  ५) अन्न प्राशन  ६) कर्णवेध
७) बिद्यारम्भ ( आखः स्येनेगु )  ८) चुडाकर्म (चूडाकरण, बुसँखा, इही)
९)उपनयन(कय्तापुजा,बाह्रातये्,बरेछुय्)  १०) बिबहा ( इहिपा )  ११) अन्त्येष्टि
१२) जन्मदिन ( जन्मन्हि )  १३) भीमरथा रोहण ( ज्याथ जंक्व ) आदि

नेवार समुदाय भित्र ज्यापु समाजमा पाइएको र गर्दै आइरहेको संस्कारलाई तीन भागमा वर्गिकरण गरी चर्चा गर्न सकिन्छ ।

---

२६. राजवलि पाण्डे, " हिन्दु संस्कार "- १९८५ पृष्ठ २१

क) प्रागजन्म संस्कार ( जन्मनु भन्दा अघि गर्ने संस्कार )

ख) जीवन संस्कार ( जन्मदेखि नमरुन्जेल गरिने संस्कार )

ग) मृत्यु संस्कार ( मृत्युपछि गरिने संस्कार )

**क) प्रागजन्म संस्कार**

नेवार समुदायमा बिबहा भएपछि लोग्ने स्वास्नीको जीवन सुरु हुन्छ । उनीहरुवाट वच्चा नजन्मे सम्म गरिने संस्कार नेवार समुदायको ज्यापु समाजमा पहिले पहिले गर्भाधान, पुंसवन, सीमन्तोन्नयम आदि संस्कार पाइन्छ । तर यी तीन मध्ये आज भोलि पुंसवम संस्कार मात्र गर्दै आइरहेको पाउँछौ । त्यसैले तल यसको केही चर्चा गरिन्छ ।

**१) पुंसवम संस्कार (दही च्युरा खुवानु )**

नेवार समुदायको सबै जातिहरुमा आफ्ना छोरीलाई पुंसवन संस्कार गर्दै आइरहेको पाइन्छ । छोरीले बच्चा जन्माउनु भन्दा अघि माइती पट्टिबाट दही च्युरा खुवाउने चलनलाई पुंसवन संस्कार भनिन्छ । नेवारी भाषामा यसलाई **"धौ बजि नक वनेगु"** भनिन्छ । आफ्नो छोरी pregnancy भएको बेला आफ्नो घरमा बोलाई दही, मासु, भात र मिठाइ खुवाउने गरिन्छ भन्ने धेरै जसोले ज्वाईंको घरमा गई विशेष जोर जाम गरी पुंसवन संस्कार गरिन्छ । दही खुवाउन जाने छोरीको आमा नै गएर स्पेशल दही, मिठाइ, मासुका प्रकार, फलफूल ज्वाईको घरको परिवारलाई सहित आफैले खुवाएर आउँछ । छोरी माइती आएको बेला खुवाउँदा छोरीलाई मात्र खुवाए पुग्ने ज्वाईंको घरमा गएपछि त्यहाँको परिवारको सबै सदस्यलाई नै खुवाउँदा खर्च बढी लाग्छ ।

नेवार समुदायको ज्यापु जाति लगायत प्रधान, शाक्य, तन्दुकार आदि जातिहरुको ज्वाईको घरमा गएर पुंसवम संस्कार गर्ने धेरैको चलन छ । कुनै कुनै परिवारको आर्थिक कम्जोर भएकाहरुले छोरीलाई आफ्नै घरमा बोलाएर दही च्युरा खुवाउने गरिन्छ । आर्थिक अवस्था विभिन्नताले गर्दा यस्तो दही च्युरा खुवाउने गरेको हुनुपर्छ । तर यो चलन यस्तै गर्नु पर्छ भने कुनै नियम छैन तर यो काम आठ महिना नाघि नौ महिना लाग्दा वच्चा जन्मनु अघि खुवाउने गरिन्छ । नौ महिना सकिन लाग्दा यदि दहि च्युरा खुवाउन बाँकि रहेर वच्चा नजन्मेमा नाताकुम्व र समाजले बच्चालाई दही च्युरा नखुवाएकोले नजन्मेको हो भनी अदकल गरिन्छ र माइती पट्टीबाट छिट्टै नै दही च्युरा खुवाउन ल्याउँछ । यसरी खुवाएको राती र भोलि नै बच्चा

जन्मेको धेरै उदाहरण छ । यस्तो अवस्थामा छोरी मान्छे माइतीमा कहिलै रात बिताउदैन । माइती आएता पनि पतिको घरमा गइहाल्छ । नौ  महिना लाग्ने बितिकै जुन सुकै बेला बच्चा जन्मन सकिने भएकोले माइती रात नबस्ने हो । यदि छोरी माइती बसिरहेको अवस्थामा माइती घरमा बच्चा जन्माएमा घर नै अशुभ भएको मानिने छ । त्यसकारणले छोरी माइती बसि रहेको अवस्थामा बच्चा जन्माउने भएमा छोरीलाई अर्काको घरमा लगेर बच्चा जन्माउने गरिन्छ । दही च्युरा खुवाउने प्रचलन धेरैले नौ  महिना लाग्दा खुवाउने गरेतापनि यो यही दिनमा खुवाउनु पर्छ भन्ने छैन । ज्यापु समाजमा यो संस्कार प्राग्जन्म संस्कार हो । नेवार समुदाय भित्र हिन्दू धर्मावलम्वीहरु भएतापनि यो गर्भाधान, पुंसवन र सीमनतोन्वयन संस्कार गर्दै आएको देखिदैन । नेवारमा यो पुंसवम संस्कार (धौ वजी नकेगु चलन) छोरीबेटीले छोरो पावस र वंशज स्थापना होस् भनी कामना गर्ने हो ।

प्राचीनकाल हिन्दू धर्मशास्त्रमा उल्लेख भए अनुसार युवा युवती बीच बिबहा पछि गर्भ गर्ने दिनमा पुजाआजा गरी मन्त्र उच्चारण गरी गर्भमा राख्नु पर्छ भन्ने मान्यता आज भोलीका हिन्दू धर्मावलम्वी लगायत नेवार समुदायका कुनै जातिले पनि यस्तो गर्भाधान संस्कार गर्दै आएको देखिदैन ।

## ख) जीवन संस्कार

### १) जन्म (मचा बु ब्यँकेगु = बच्चालाई शुद्ध गर्नु )

ज्यापु समाजमा गर्भिणी महिला नौ महिना भए देखि सकेसम्म पतिको घरमै बसिन्छ । माइती गएतापनि बेलुकी पतिको घरमै फर्किन्छ । गर्भिणी छोरी माइतमा बच्चा जन्माउने गरिदैन । घर ज्वाई भएतापनि सुत्केरी हुने बेला छिमेकीको घरमा लगेर जन्माउने गरिन्छ । छोरीले माइतीमा सुत्केरी गरेमा घर अशुद्ध भएको मानिन्छ । गर्भिणी बुहारी सुत्केरी हुने अन्तिम अवस्था आएमा घरका परिवारले अजि (सुडेनी) लाई बोलाउन पठाउँछ । उनले सबै काम गरी दिन्छ । वच्चा र आमालाई गर्नु पर्ने कार्य गरिन्छ । पहिला पहिला सुडेनीको अशिक्षाको कारणले जन्माउने बेला बेथा भई जन्मने ढिला भएमा अजिले हात नै घुसारेर बच्चा तान्ने गरिन्छ जसले गर्दा कति बच्चा मृत्यु हुन्छ भन्ने गर्भिणीलाई बच्चा जन्माउन डालो बोकाउने चलन छ यस्तो

कार्यले गर्दा सुत्केरी अवस्थामा कति शिशु आमा मृत्यु हुन्छ । यस्तो प्रचलन अहिले पनि गाउँ घरमा प्रसस्त वाँकी नै छ ।

तर आजकल शिक्षा, यातायात र संचारको विकासले ज्यापु समाजका महिलाहरु गर्भवती भएदेखि अस्पतालमा समय समयमा नर्स र चिकित्सकलाई जँचाई औषधि खाने गरिन्छ । बेला भएमा डाक्टरको सल्लाह वमोजिम अस्पतालमै भर्ना हुन्छ । तर अस्पतालमा नजाने गर्भिणी महिला अजि (सुडेनी) को सहयोगमा घरमै बच्चा जन्माउने गरिन्छ र बेथा भई गम्भिर अवस्था भएमा तुरुन्तै आम्वुलेन्स र कुनै साधनबाट अस्पताल लगिन्छ । घरमा जन्माएको भएमा चार दिनमा अजिले शुद्ध पार्ने गरिन्छ । जसलाई नेवारी भाषामा **"मचा बु व्यँकेगु"** भनिन्छ । अस्पतालमा लगि धेरै दिन सम्म अस्पतालमा भर्ना गर्नु परेमा पछि डिसचार्ज भई घरमा ल्याएको भोलिपल्ट अजि बोलाई **"मचा बु ब्यँकेगु"** गरिन्छ ।

पहिला पहिला वच्चाको सालनाल नैं (कसाईंनी) ले काति दिने गर्दछ तर आजकल धेरै महिलाहरु अस्पतालमा जन्माउने भएकोले यस्तो समस्या छैन । सुत्केरी भएपछि सुत्केरी महिलालाई अलग भुईंमा रातो माटोले लिपेर पराल माथि प्वायँ सुकु (परालको सुकुल) ओछयाएर अलग सुताउँछ । सुतक (मचा बु ब्यकेगु) नसिधिए सम्म सुडेनी बेलुका आएर बच्चा र आमालाई तेल लगाई दिन्छ । चार दिनको सुतक सिधिएपछि घाममा बसी बच्चा र आमालाई घरका सदस्य तथा बाहिरका मानिसले तेल लगाउने गरिन्छ । यस्तो तेल लगाउनुको अर्थ बच्चा र आमाको शरीर बलियो होस भन्ने गर्ने हो ।[२७]

नवजात शिशु जन्मेपछि मावलीलाई खवर पठाउने गरिन्छ । लमी मार्फत पठाउने यस खबरमा घ्यू, अदुवा, नून, ज्वानो, जाइफल, मरीच, सिन्दुर, डबल पैसा, चाकू आदि पठाउने गरिन्छ । छोरा भए यी माथि उलिखित वस्तुहरु सिंगो सिंगो नै पठाउने र छोरी जन्मेमा त्यसको सबै आधि गरेर पठाउने गरिन्छ । यसवाट माइती पक्षबाट के जन्मियो त्यसै बुझिन्छ । यसरी पठाउने प्रथालाई नेवारी भाषामा **"सिचु पालु क्यनेगु"** भनिन्छ । यो पठाउनेको अर्थ हुन्छ, माइती पक्षलाई छोरा वा छोरी जन्मेको सन्देश पठाउनु हो ।[२८] माइतीमा खबर पठाउनु अघि

---

२७. आशा माया महर्जन, बर्ष- ८९, लुँखुसि टोल, ललितपुर उ.म.न.पा.वडा नं. १७
२८. सानु लाल महर्जन, बर्ष- ७३, सिन्तिहिति टोल, ललितपुर उ.म.न.पा.वडा नं. ६

घरमा केही विधि गरिन्छ । जस अनुसार विधि गर्ने ठाउँमा पानीले पोटेर त्यस ठाँउमा शुद्ध पारिन्छ । भिन्दा भिन्दै रुपमा बिभिन्न पात माथि चिउरा, ज्वानो, अदुवा, नून, चाकु, घिउ, चामल, सिन्दुर राखिन्छ । ती मध्ये एक भाग चाही आमा र शिशुलाई चढाइन्छ भने अरु वाँकी भाग घरको मूली ब्यक्ति बस्ने काका वा बाबु आदिलाई दिइन्छ । जसमा रहेको सिन्दुरको टिका निधारमा लगाउँछन भने आफु अलिकति खाए जस्तो गरी बाँकी सबै दोबाटोमा लगेर फाल्ने गरिन्छ । घरमा नै शिशुको जन्म भएको भए यो सबै कार्य जन्मना साथ गर्नु पर्दछ । यदि अस्पतालमा जन्मेको भए न्वारन हुनु भन्दा एक दिन अगाडि गरिन्छ । त्यस्तै घरमा जन्मेमा सालनाल फाले पछि सुतक हुने र अस्पतालमा जन्मेको भए सालनाल अस्पताल मै कातेर फाल्न भएकोले माइतमा खबर पठाउने बेला आमा र वच्चालाई उक्त माथिको भाग चढाएर फालेपछि मात्र सुतक हुन्छ ।[२९] यस्तो काम सबै सुडेनीवाट गराएको हुन्छ । सुडेनीलाई माथि चढाएको सबै सामानको केही भाग दिनुपर्छ । शिशु जन्मेपछि सुत्केरी महिलालाई घ्यू र चाकु राखी भात दिनको चार पटकसम्म दिने गरिन्छ । यस्तो वेला सुत्केरीलाई नून खुवाउन दिनेछैन । सुत्केरी सुतक नभएसम्म अलग बस्नुपर्छ । पहिलो सन्तान जन्मेमा ६ दिनमा दोश्रो देखि चार दिनमा न्वारन गरिन्छ । ज्यापू समाजमा यस्तो जातकर्म सँस्कारलाई मचाबु ब्यँकेगु भनिन्छ । मचावु ब्यँकेगु दिनमा मूली आमाले नुहाइ धुवाइ गरी घरमा लिपपोत गरिन्छ । अरु सदस्यहरुले नुहाउने गर्दछ । घरका सबै महिलाहरुले खुट्टाको नङ पुर्ख्यौली नौ (नापित) ले काटी अलः राखी दिन्छ । अन्य सदस्यहरुले नङमा रातो रङ राख्ने गरिन्छ । त्यसलाई नेवारी भाषामा **"लुसी थिकेगु"** भनिन्छ । यसरी नुहाएर खुट्टामा अलः (रंग लगाउने) राखेपछि उक्त व्यक्ति घरको शुद्ध भएको मानिने छ । त्यस्तै शुद्ध पार्न घरका सबै सदस्यहरुले पानी पीनाले सम्पूर्ण शरीरमा पुछेपछि शुद्ध भएको मानिने छ ।[३०] शुतक गर्ने दिनमा नौनीले नङ काटी अलः राखी शुद्ध नपारे सम्म घरमा कुनै पनि शुद्ध पानी खाने कुरा भित्र्याउनु हुदैन ।[३१]

---

२९. भुयु महर्जन ( अजि=सुडेनी ) बर्ष ७९, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७
३०. काजि लाल महर्जन, बर्ष ८३, पिलाछैं, ललितपुर उ.पा.न.पा. वडा नं. ७
३१. चिरी मैं महर्जन, बर्ष ४७, सिन्तिहिति टोल, ललितपुर उ.म.न.पा. वडा नं ६.

यस दिन आमा र शिशुलाई स्नान गराइन्छ । शिशुलाई सुडेनीले स्नान गराइन्छ भने आमा चाही आफै नुहाउने गरिन्छ । सुत्केरी बसेको ठाउँमा रातो माटोले लिपपोत गरेर उ बसेको पराल बाहिर लगेर बालिन्छ र सुत्केरीको जीउ, भाडा कुंडा, लुगा फाटो सेकाइन्छ । यसको मुख्य अर्थ सुत्केरी भएको बेला त्यसको सम्पूर्ण सामान फोहर भैरहेको हुन्छ । त्यो शुद्ध वा चोख्याउनु हो ।

नेवार समुदायको ज्यापु समाजमा “मंचावु ब्यँकेगु” संस्कारमा अजि (सुडेनी) को कार्य बडो महत्वपूर्ण रहेको छ । यो “मंचावु ब्यकेगु” दिनमा सुडेनीले सम्पूर्ण काम गरिन्छ । यस दिनमा सुडेनीले नै घरमा पुजाआजा विधि गरिन्छ जुन पुजाआजा विधिमा माइतीबाट बच्चालाई चाहिने  चकटी, सिरक, सुकुल, लुगा, मचाकछि (तेल लगाउने बेला वच्चालाई छोप्न प्रयोग हुने तीन टुक्रा नरकती लट्टी)घ्यू, चाकू, तेल, गाजल आदि ल्याउँछ । पहिला पहिला मचावु ब्यँकेगु भोली पल्ट **“सिथाल पुजा”** गरिन्छ तर अहिले यो चलन छैन । बच्चा जन्मे देखि फोहर राखी राखेको पिचामा पराल राखी छ्वासः देवता स्थापना गरि राख्छ र त्यो शुद्ध गर्ने दिनमा छ्वासमा फाल्छ र शुद्ध गर्ने एक दिन अघि साल नाल काटी पिचा ( माटोको भाडो ) त्यही रात छ्वासःमा फाल्न लग्छ । मचाकु ब्यँ केगु दिनमा माइतीबाट ल्याएको पुजाले पुजा गरी लुगा लगाउने र बच्चा बाबुलाई नै हस्तान्तरण गरिन्छ । अस्पतालमा जन्माएमा अस्पतालले नै सालनाल काति दिने तर घरमा सालनाल काट्ने गरेमा जिफ्व, पैसा, सुपारी तल राखी नौनीले सालनाल काट्ने गरिन्छ । उक्त दिनमा वच्चालाई पिपलको पातमा राखी घ्यू, कस्टी धुलमधुप्रासन्न भनी खुवाउने गरिन्छ । शुद्ध गर्ने दिन फुफुहरुले बत्ती बाल्ने भनी पाल्चामा ६ वटा बत्ती बाली बच्चालाई तेल लगाउने र नयाँ ईचा (कपडा) लाउने गरिन्छ ।[३२] चिउरा, बोडी, भटमास, मूला, वारा, साग, अदुवा, आलु तरकारी, अचार आदि सबै अलग अलग पातमा राखी नाङलोमा राख्छ । यी खानेकुरा टोलका साना बाल बालिकाहरुलाई छिडीमा बसी अजिले बाँदिन्छ । उक्त खानेकुरालाई नेवारी भाषामा “आखँ बजि” भनिन्छ । त्यसपछि आमा र शिशुलाई सुडेनीले टिका लगाइ  नवजात शिशुलाई पैसा, नयाँ लुगा, चामल एउटा भाडोमा राखी चढाउने गरिन्छ । बाबु पनि साथमै रहेको हुन्छ । बाबुलाई पनि टिका लगाउने गरिन्छ ।

---

३२. बलदेब जुजु “ नेवार संस्कार ” २०५६,

बाबुले पनि नवजात शिशुलाई पुजा गरी शिशुलाई पैसा राखी मुख हेर्ने गरिन्छ । त्यसपछि घरका सबै सदस्यहरुले शिशुलाई टिका लगाई पैसा हाली ढोग्ने गरिन्छ । सायद यो पहिलो पटक बच्चाको मुख हेरेको हुनुपर्छ । आफ्ना नातेदारहरुले बच्चालाई टिका लगाइ दिएपछि सुडेनीले बाबुको  काखमा पहिलो पटक  बच्चा राखी दिनेछ । बाबु र  बच्चाको एक आपसमा परिचय हुने गर्दछ । त्यस दिन घरका अरु सबै सदस्यहरुले टिका ग्रहण गर्ने  गर्दछन् । त्यसपछि सुडेनी सबै मिली घिउ, चिउरा, चाःकु , तरकारी, मासु, मिठाईको भोज खाने गरिन्छ । त्यसपछि मचाबु ब्यँकेगु संस्कार समाम्त हुन्छ । अन्तमा अजिको भाग सबै एक जनाले बोकी अजिसगै गएर घर पुऱ्याइ दिन्छ ।

**२) नामाकरण**

बच्चा जन्मेपछि उक्त नवजात शिशुलाई नाउँ राख्ने चलन सबै ठाउँमा पाइन्छ । नाउँ राख्ने चलन कसैले जन्मेकै दिनमा राख्छ भन्ने कसैले पछि राख्छ । तर नेवार समुदायमा यसरी नाम राख्ने बेला बच्चाको जातः (जन्मकुण्डली) र बच्चा अगाडि राखी पुजा गरी विधि पूर्वक नाउँ राख्ने चलन छ । आज भोली यसरी विधि पूर्वक नाउँ राख्ने वज्राचार्य जातमा मात्र देखिन्छ भन्ने अरु जातमा चलन कम भैसक्यो । नाम राख्ने चलन उराय जातमा बच्चा जन्मने दिनमै राख्छ । वच्चाको नाउँ राख्ने बेला नेवार समुदायमा छोरा जन्मेमा मामा र छोरी जन्मेमा फुफुवाट राख्नु पर्ने धारणा पनि कही कही पाइन्छ । नाम  राख्ने साइतको समयमा पुजाआजा गर्ने गरेमा जल चढाई साँचो समात्न लगाई स्वागत गरी देवताको अगाडी बस्न लगाई ईःका पका (तोरी) एउटा सलिं (पाल्चा) मा राखी त्यस माथि बत्ती बालेर आफ्नो मूल ढोका अगाडी फाल्न लग्छन् । यसरी ईःका पःका सलिंचामा राखी बत्ती बालेको अर्थ भूत प्रेतले केही पनि गर्न सक्दैन भन्ने नेवार समुदायमा यस्तो धारणा छ । पुजाआजा सिधिए पछि घरका मूल अजिले छोरा भए दायाँ र छोरी भए वायाँ कानमा बच्चाको नाम वच्चालाई सुनाउने चलन छ । यसरी नाम राख्ने बेला पहिला पहिला भए नक्षत्रको आधारमा राख्ने गरिन्छ भने आजकल बा मांको नाम आउने गरी नामाकरण गरिन्छ ।[३३]

---

३३. बलदेव जुजु : " नेवाः संस्कार र बिबहा बिधि " नेवाः संस्कृति र नेवाः दर्शन, बिराटनगर : भ्री पुचः नेपाल सम्बत ११०१, पौ- ४३-४७

**आइवलायन, शाखायन, काठकको** मत अनुसार शिशु जन्मना साथ नाम राख्ने गरिन्छ । **गोमिल, खार्दिर**को भनाइ अनुसार बाह्र १२ दिन पुगेको रातमा, सय दिन पुगेको रात र एकबर्ष पुगेको रातमा नाम राख्नु पर्छ । **लघु आयवालायनको** अनुसार ११, १२, र १६ दिनमा नामाकरण गर्नु धेरै राम्रो हुन्छ भनी मानेको छ । **भविष्यपुराण** अनुसार १०, १२, १८, वा एक महिनामा नाम राख्नु राम्रो भनि राखेको छ । **कुलुक**को भनाई अनुसार ११ औं दिनमा राम्रो भनेको छ । यसरी बिभिन्न समय र दिनमा नाम राख्ने गर्दै आएकोमा आजभोलि १२ औं दिनमा नाम राख्ने गरेको पाइन्छ । तर आजभोलि नेवार समुदायको ज्यापु समाजमा धेरै जसोले अन्न प्रासन्नको दिनमा नामाकरण गर्ने चलन चलेको पाइन्छ । तर कसैकसैले जुनसुकै समयमा बामांको नाम तल सारी नाम राख्ने तलन चलेको पाइन्छ ।

**३) मचाबु स्वः वनेगु**

ज्यापु समाजमा आफ्ना नाताहरु जो कोहिको शिशु बच्चा जन्मेमा उसलाई हेर विचार गर्न जाने चलन छ । यसरी जाँदा जानेले मासु धुलो पारी पकाएको, बजि, जादँ लाने गरिन्छ । बच्चा जन्माउँदा सुत्केरी महिला कमजोरी हुने भएकोले उनलाई उनको स्वास्थ्य राम्रो होस शक्ति बढोस भन्ने विचारले आफन्तहरु सबै जाने गरिन्छ । सबभन्दा पहिला माइतीका आमा आउने गरिन्छ । पहिलो पटक जाँदा माइती आमाले चिउरा, चुँला (धुलो मासु), कवाफ मासु, जाँद, २,३ प्रकार रोती र तेल लाने गरिन्छ । पहिला जाँदा सुडेनी अजीलाई दाकी देबतालाई भाग राखी दुबैजना सुत्केरी र सुडेनीलाई खुवाउने गरिन्छ । पहिलो पल्ट माइती आमाले शिशु बच्चालाई हेर्दा पैसा चढाएर हेरिन्छ । यसरी **मचावु स्वः वनेगु** चलन सबै आफन्तहरु चार पुस्ता सम्म पनि आउने गरिन्छ ।[३४]

वच्चा जन्मेको एक महिना सम्म पतिको घरमा बस्छन् । तर कोही कोही २० दिन मात्र पनि बस्छन् । यो कुरा श्रीमानको परिवारमा अलि धनी र सासु चाही राम्रा खालको भयो भने एक महिना भन्दा अलि वढी सम्म राख्छ होइन भन्ने थोरै दिनमै माइती बोलाएर लग्छन् । माइती लानु भन्दा पहिला सबै आफ्ना नाता कुतुम्ब आयो कि आएन हेरिन्छ ।

**४) निष्क्रमण (मचाबु लहीकेगु)**

---

३४. चिरी मैं महजर्न, बर्ष ४७, सिन्तिहिति टोल, ललितपुर उ.म.न.पा. वडा न. ६

शिशु बच्चा जन्मेर ४ दिन भित्र "ब्यकेगु" काम नगरे सम्म बच्चालाई घाममा नराखी कोठामै राखिछ । शिशु बच्चालाई ब्यँकेगु दिनमा सुडेनीले नुहाई नयाँ कपडा (ईचा) ले बेरेर घाममा राख्ने गरिन्छ । बच्चा र आमाले शुद्ध नगरे सम्म उक्त चार दिन सम्म शिशु आमा भान्छामा जानु हुन्दैन । जन्मेर एक महिना भएपछि सुडेनीले बच्चालाई नुहाइ दिने, राम्रो लुगा लगाइ दिने र आमाले पनि सुत्केरी लुगा फेरिनेछ ।

एक महिना भित्र दुबै पक्ष पति र पत्नीका आफन्तहरु "मचाबु स्वयुगु" (बच्चा र आमालाई हेर विचार गर्ने) काम सिधिए पछि कुनै दिन मिलाएर माइतीका आमा आएर छोरी लिन आउँछ । उक्त दिनमा सुडेनी आएर वच्चालाई नुहाउने काम गरिन्छ र आमाले पनि त्यो दिन नुहाई धुवाई गरी सफा भएर बस्छ । ज्यापु समाजमा धेरैको एक महिना पुरा भएपछि माईत लाने गरिन्छ । यसरी माईत लानुको अर्थ एक महिना पछि सासु ससुराले काम गराउला भनी हेरविचार गर्नका लागी लाने गरको भनिन्छ । यसवेला लिन आउने माइतीका आमा नै आउने गरिन्छ । यसरी ल्याउँदा भुत प्रेतबाट सुरक्षाको लागी सुडेनीले ढोका बाहिर चामलको कनिका छर्दछन् , बाटोको बीच (चोक) मा , बाटोको ठाउँ ठाउँमा त्यस्तो च्वकी (कनीका) छर्दै आएर आफ्नो मूल ढोका बाहिर सम्म छर्ने काम गरिन्छ । घर भित्र लानु अघि शिशुवच्चालाई ढोकामा ढोगाएर भित्राउँने गरिन्छ । माइतमा ल्याउँदा बच्चा र आमालाई बडो होसियारी साथ हेर विचार गरिन्छ । बेला बेलामा तागतिलो खानेकुरा खुवाउने गरिन्छ । पतिको घरबाट पनि सासु आएर हेर विचार गर्न तागतिलो खानेकुरा चाकु पकाएर बनाएको खाना, गुँदपाक, औषधी आदि ल्याएर बच्चा कस्तो छ हेर्न आउने गरिन्छ । त्यस्तै माइती पतीबाट पनि विभिन्न तागतिलो खानेकुरा खुवाउने गरिन्छ । यसवेला बच्चालाई उसको हातमा विभिन्न तिसा (माला) लगाउने गरिछ । गहनाहरुमा भिंपुमाः, ल्हाः सिख आदि लगाउने गरिन्छ । त्यसपछि एक महिना पूरा भएपछि श्रीमान वा सासुले बोलाउन आउँछ ।

नेवार समुदायको ज्यापु समाजमा पनि यस्तो निष्क्रमण संस्कार धेरै राम्ररी चलाउँदै आएको पाईन्छ । यो संस्कार वैज्ञानिक नै देखिन्छ । महिला गर्भिणी अवस्थामा धेरै आरामको आवश्यकता भएकोले आराम गराउनको लागी माईतीबाट दही चिउरा खुवाउने गरिन्छ । त्यस्तै यो निष्क्रमण संस्कारमा पनि सुत्केरी महिलालाई बच्चा जन्मेर एक महिना भित्र जाँद र चिउरा

खुवाउँदा महिलाको पेट राम्रो हुनुको साथै बच्चालाई प्रसस्त पुग्ने गरी दुध आउने गरिन्छ । यो संस्कार ज्यापु लगायत अरु नेवारहरुमा रहेको यो चलन एकदम राम्रो प्रमाण हो ।

**५) अन्नप्राशन (मचा जंक्व)**

नेवार समुदायमा यो संस्कार पाँच महिना देखि सात महिना भित्र गरिने गर्छ । ज्यापु समाजमा पनि अन्न प्राशन आफ्नो दक्ष अनुसार ठूलो सानो गरिन्छ । छोरी भएमा ५ महिना भित्र र छोरा भएमा सात महिनामा भित्र गरिने गरिन्छ । यो अन्नप्राशन संस्कार बच्चाको दाँत निस्कनु अधि गर्नु पर्दछ । बच्चालाई भात खुवाउनु अघि फलप्राशन भनी फलफुलको झोल खुवाउने चलन पनि उल्लेख भएको पाइन्छ ।[३५]

ज्यापु समाजमा बच्चालाई अन्नप्राशन गर्दा आर्थिक सम्पन्न परिवारले गुभाजुद्वारा पुजापाठ गरी साइतमा बच्चाको कानमा “चाचा” (सुनको गहना) लगाउने गरिन्छ । त्यसपछि बाजागाजा सहित बच्चाको मामाले बोकी गणेशको पुजा गर्न जाने गर्छ । पछि घरमा ल्याएर गुभाजुले मन्त्र गरी आमाको काखमा राखी चौरासी बेन्जन खानेकुरा थायभु (ठुलो थाल) मा राखी घरको मुल व्यक्ति देखि सबैले खुवाउने गरिन्छ । त्यसपछि त्यो जूठो मामाले कसैलाई नछुवाई (छ्वास) बाटोको चोकमा फाल्न लगिन्छ । थाय्भुमा खानेकुरा बाहेक, डबलपैसा, सुनको चाँदीको पैसा, पुस्तक, कपडा आदि राख्ने गरिन्छ ।

यस्तो अन्नप्राशनको निमन्त्रणामा मावली खलक अनिवार्य रहेको हुन्छ । यसमा मावलीहरुको बिशेष काम हुन्छ । बच्चालाई बोक्ने देखि लिएर बच्चालाई खुवाएको थाय्भुमा रहेको खानेकुरा दोबाटोमा कसैले नछुवाइकन फाल्नु पर्ने हुन्छ । आर्थिक कमजोर भएका परिवारले घरमा एउटा साइतमा पुजाआजा गरिन्छ । बच्चाको नाममा गणेश पुजा गरी वच्चालाई गणेश देवता सम्म आमाले नै बोकेर लगी पुजा गरेर फर्काउँछ र साइतमा बच्चालाई आफ्नो दक्ष अनुसार एउटा थालमा खानेकुरा राखी खीर भात खुवाउने गरिन्छ । वच्चाको अगाडि बिभिन्न खाना बस्तुहरु राखिने चलन छ । अगाडी खिर भात, कपडा, पैसा, पुस्तक,, सुनचाँदी, साना खेलौना आदि राख्छन् । बच्चालाई ती वस्तुहरु अगाडि राखेर खेलाउँछन् । बच्चाले जुन चिज हातले छुन्छ पछि त्यसैमा उसले भविष्यमा काम रोज्छ भनी अभिभावक

३५. चुन्दा बज्राचार्यः, जीतामित्र कालिन धरःपौ किर्तिपुर, नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०५३.

अनुमान गरिन्छ । त्यसपछि साइतमा वच्चाको कानमा "न्हाति चाचा" लगाउने गरिन्छ । छोरा भए न्हाति चाचा छोरी भए दुबै कानको तल सुनको चाचा लगाउने गरिन्छ । यसरी पहिलो बच्चालाई खानेकुरा र गहना समेत ल्याउनेलाई "मचा जंक्वो कु" भनिन्छ ।

**(i) कण्ठ शोधन ( कथुखाः चाय्केगु )**

ज्यापु समाजमा कामको बेफुर्सत र आर्थिक समस्याले गर्दा अन्नप्राशन साधारण तरिकाले मात्र गर्ने गरिन्छ । कसै कसैले कलश राखी पुजापाठ नगरी गणेश देवताको लडडू तिपेर ल्याइ बच्चालाई खुवाउने गरिन्छ । यसरी लड्डू खुवाउनाले बच्चाले छितो बोली फुक्छ जसलार्य कण्ठ शोधन भनिन्छ । अन्न प्राशनको भोलिपल्ट वच्चालाई बोकेर लगी गण्ेश देवतामा चढाइ राखेको गोजा (चिउराको सानो धुलो भिजाएर बनाएको सानो चैत्य) टिपेर ल्याइ बच्चालाई खुवाउने गरिन्छ । यो खुवाउनाले बच्चाको बोली फुकी बोल्न थाल्छ भनी नेवार जनमानसमा धारणा छ ।

**६) निदँ बुदिं (दुइ वर्षे जन्म दिन)**

ज्यापु जाति लगायत नेवार समुदायका धेरै जसो जातिहरुले दुइ बर्षे जन्मदिन विशेष रुपमा मनाउने गरिन्छ । बच्चा दुई वर्ष भयो की योमरी भित्र हामो (तिल) चाकु राखेर पुजा गरिन्छ । ज्यापु समाजमा बच्चाको नाउँमा पुजा सामानमा योमरी समेत राखी प्रत्येक देव देवीहरुका पूजा गर्न जान्छ । सबभन्दा पहिला सुकुन्दा अगाडी राखी वच्चलाई पूर्ब फर्काएर सगुन गरिन्छ । दुइता योमरीको माला लगाई दिन्छ । सानो सानो योमरीहरु सिंफँ (काठको पाथी) भित्र राखी बच्चालाई टाउकोमा खन्याउने गरिन्छ । सगुन गर्दा वच्चालाई दही, फुल, माछा, अक्षता, अविर, फूल र योमरी राखी दिने गर्छ । त्यसपछि परिवारका सबैलाई योमरी दिने र बच्चाका मामा र फुफुहरुलाई योमरी दिन लग्छन् । मामा र फुफुले पनि बच्चालाई मनपर्ने खेलौना, लुगा र कपडा दिने गर्छन् ।

यस्तो दुइ बर्षे जन्म दिन नेवार जाीतिमा कसै कसैले गरेको छ भन्ने कसै कसैले गरेको पाइदैन । नेवार जाति भित्रका वज्राचार्यमा, शाक्य, ज्यापु , चित्रकार, तण्कुकार, मानन्धर, रंजितकार र कपाली जातको अहिले सम्म पनि गर्दै आइरहेको पाइन्छ । यसरी यो मरीको माला बनाइ लगाउने चलन चौठो जन्म दिन, छैठौ जन्म दिन, बाह्रौ जन्म दिन आदिमा वर्ष अनुसार

योमरीको माला लगाउने गर्दै आइरहेको छ । योमरीको माला लगाई जन्म दिन मनाउने प्रथम छोरा भएमा बढी गरिएको पाइन्छ । यस्तो जन्म दिन गर्ने बेला मावली खलकले बच्चा, बाबु र आमालाई समेत कपडा, फुलको सगुन ल्याउने गरिन्छ । यस्तो जन्म दिन सबैले नगरे तापनि बच्चालाई कपडा लाने गरेको पाइन्छ । यसरी योमरीको माला लगाई बच्चाको ग्रह दशा फाल्न पुरोहित राखी पुजाआजा गरी सक्दो दान दिने चलन छ । जन्म दिन गर्दा नव ग्रहबाट रक्षा गर्ने भनी सुन चादी, गाई र लुगा दान दिने चलन छ । यस्तो जन्मदिन गर्ने बेला घरमा बच्चालाई सगुन गरी देव देवीलाई पुजा गरेर टोलका बाल बच्चाहरुलाई दही चिउरा बाँडी दिने चलन छ । त्यसमा चानचुन पैसा हाली दान दिने चलन छ । आजभोलि यस्तो दही च्युरा बाँड्ने चलन नगरी वच्चाको साथीहरु र आफ्ना ईष्त मित्रहरुलाई घरमा दाकी समय बजि खुवाउने चलन भएर आएको छ ।

यसरी दान दिंदा दशा फालेर जाने र उसले भविष्यमा राम्रो काम गर्न सकिने र जस्तो सुकै राम्रो काममा पनि सफलता साथ गर्न सकिने मान्यता राखेर २ बर्ष देखि १२ बर्ष सम्म योमरीको माला लगाई जन्म दिन मनाउँदै आएको पाइन्छ ।

### ७ चूडाकर्म (व्रतवन्ध)

ज्यापु समाजमा अन्य संस्कार जस्तै यो चुडाकर्म संस्कार पनि महत्वपूर्ण छ । यो संस्कार हिन्दु र बौद्ध मार्गीहरुमा त्यती नै महत्व छ । यस संस्कारलाई छेवर पनि भनिन्छ । यसलाई पालि भाषामा **“केसकष्पम”** भनिन्छ । नेवार समुदाय भित्र छोरा भए बुसँ खाय्‌गु (जन्म कपाल खौरिनु ) र छोरी भए इहि गर्ने भनिन्छ । छोरालाई ३ बर्ष देखि ९ बर्ष सम्म जन्म कपाल पालेर व्रतबन्ध गरेर काट्ने गरिन्छ  भन्ने ५ बर्ष देखि १० बर्ष सम्म कन्यालाई इहि (बेल बिबहा) गर्ने चलन देखिन्छ । यो चुडाकर्म छोरालाई गर्ने र छोरीलाई गर्ने संस्कारलाई तल अगल अलग चर्चा गरिन्छ ।

### (i) बुसँखा (जन्म कपाल खौरिनु)

नेवार समुदायमा शिशु जन्मेदेखि पाली राखेको कपाल ३ बर्ष देखि ९ बर्ष तक भित्र खौरिनुलाई नेवारी भाषामा “बुसँखा” भनिन्छ । आजकल छेवर र उपनयन संस्कार प्रांचिन

समयमा अलग अलग गर्ने भए तापनि हाल आएर उक्त संस्कारहरु एकै समयमा गरेको पाइन्छ । केटा र केटी जन्मेपछि यो संस्कार नगरुन्जेल आफु मन खुशीले केश खौरिनु हुन्दैन र जन्मदाको अशुद्ध केश ३,४ बर्ष उमेर पुगेपछि यो कार्य गरेर खौरिने प्रचलन छ । यस कार्यबाट बालक शुद्ध हुने बिश्वास गरिएको छ र आफ्नो जात भित्रको शुद्धतामा प्रवेश गर्ने विश्वास गरिन्छ । अर्को शब्दमा यो चुँदाकर्म पश्चाट बालक शुद्ध हुने र पहिले झै अखबुद्ध कार्यहरु गर्नबाट बञ्चित हुन्छ । यो कर्म नगरे सम्म बालक तल्लो जातको जे खाए पनि हुन्छ । जन्मजात केश नकाटीकन १० बर्ष सम्म पाली राखेमा समाजमा उसको चुडाकर्म (कैता पुजा) धुमधामसंग गर्छन भनी मानिसहरु अनुमान गरिन्छ ।[३६]

चुँडाको अर्थ टाउकोमा सानो एक मुट्ठा केश बाँकी राख्नु हो । धेरै जसोले यो कार्य गर्ने बेला मामाले एक दिन अघि वा "धुसः खुनु" बच्चाको "आगंसँ" टाउको केन्द्रमा सुन वा सुनको औंठी राखी दिन्छ । यो चलन कसै कसैको पर्दैन । मूल दिनको साइतमा केश खौरी दिन्छ । केश खौरिन नापितको हातमा (ब्लेट) राखि दिन्छ । त्यसपछि पुजा गरी मामालाई सुन चाँदीको सियोमा टिका लगाई कान छेडाउन कानमा चिन्ह लगाइ दिन्छ । जेठो बच्चाको शिरमा श्री खण्ड उमार्न र कुम्हका (पचरंग धागो) तीन पटक घुमाई कलशको फूल बच्चाको आगंसँमा राखि दिन्छ । आगंसँ भनेको कपाल खौरी सकेपछि केन्द्रमा बाँकी भएको कपालको झुप्रोलाई भनिन्छ ।

नेवार समुदायको ज्यापु समाजमा पनि चुडाकर्म गर्ने धेरै प्रचलन छ । यो कर्म ज्यापु जातमा ३ देखि ११ बर्ष सम्म पनि चुँडाकर्म गरेको पाइन्छ । तर आजभोलि यो चुँडाकर्म विशेष रुपले अलग गरेको पाइदैन ।

**(ii) इहि (बेल बिबहा)**

ज्यापु समाज लगायत नेवार समुदाय भित्र केटीलाई पाँच बर्ष देखि बाह्र वर्ष भित्र गर्ने बेल बिबहा नेवारहरुको मौलिक संस्कार हो । इहि भनेको केटी सानो हुँदा आध्यात्मक रुपमा

---

३६. कीर्ति ब्रम्हानन्द जोशी " बाह्रा तयुगु गथे तयुगु " विश्व भूमि २०५४ फागुण शुक्रवार, पौ २.

गरिने (इहिपा) बेल बिबहा हो । इहि भनेको केटीहरु कन्या अवस्थामा सुवर्ण कुमार नाउँको देवतासंग हुने इहिपा (बिबहा) एक किसिमको वैधव्य शान्त बिबहा हो । हिन्दुधर्मावलम्वीहरुले बिबहा गर्ने समयमा विष्णु नारायणसँग हुने बिबहाको रुपमा लिएको पाइन्छ भन्ने बौद्ध मार्गीहरुले श्रवण कुमारसँग हुने बिबहाको रुपमा लिइएको छ । कसै कसैले बेल (ब्याः) संग हुने बिबहा भन्ने गर्दछ भन्ने कसैले देवतासंग हुने बिबहा भन्ने गर्दछ । कसैले यसलाई केटीहरुलाई यौन स्वतन्त्रता दिइनु संस्कार भन्ने गर्छ ।[३७]

इहि अर्थात कन्यादानको अर्थ छोराहरुलाई जन्म केश खौरिन्दा आगंसँ भनी देवताको प्रतीक केश राखी संरक्षक भै राखेका देवताको संरक्षकत्व जिम्मा लगाई समाजको मूल सदस्य बनाउन छोरी बेतीलाई पनि कन्या दान गर्ने भनी देवतालाई संरक्षकत्व जिम्मा लगाई समाजको मूल सदस्य वनाउने विधि हो ।[३८]

बेल बिबाह गर्ने भन्ने पछि नेवारहरुमा पति मृत्यु भएपनि विधवा नहुने धारणा लिएको छ । नेवार समुदायको यो धारणा अनुसार महादेव पार्वती घुम्न आइरहको बेला एक बिधवा बुढीलाई देखेर सोध्दा बुढीले विधवा हुन नपर्ने कुरा पार्वतीसंग आग्रह गर्दा पार्वतीले महादेवलाई भनी, त्यसो भए बेल बिबहा गरी राखेमा  पछि बिधवा हुन पर्दैन भनी बर्दान दिएर गएको भन्छ । त्यहाँ देखि नेवार समुदायले बेल बिबहा गरिन्छ भन्छ । त्यसो भएको हुनाले नेवार समुदायले विवहालाई शारीरिक सम्वन्ध राख्नलाई मात्र पुरुषहरुसंग बिबहा गर्ने भन्ने गरेता पनि एउटा महिला पारपाचुके गरी वा पति छोडी अर्को पुरुषसंग जानुलाई नेवार समुदायको ज्यापु समाजमा छुट दिएको छ ।

यो इहि नेवारहरुले देवपलिस्था गर्ने बेला, जुन सुकै अवस्थामा इहि संकलित गर्ने समयमा, बुढा पासनी, ब्रतबन्ध आदि गर्ने समयमा त्यसको संगै इहि  गर्ने ज्यापु समाजमा पाइन्छ । इहि गर्ने बेला इहि  गर्ने बच्चाहरु पाँच जनालाई बुद्धिस्तहरुले पंचकन्या र हिन्दुहरु अहल्या, द्रौपदी, तारा, कुन्ती व मन्दोहरी रुपमा लिने गर्छ ।

---

३७. रत्न काजी बज्राचार्यः नेवा संस्कार संस्कृतिया ताःचा, यँ - बज्राचार्य प्रकाशन, ११०९ (२०४६)

३८. बलदेव जुजु " नेवाः संस्कार र बिबहा बिधि " नेवाः संस्कृति र नेवाः दर्शन - बिराटनगर, " झी पुच " नेपाल सम्बत ११०१, पौ ४३ - ४७

इहि गर्ने पहिलो दिनमा गच्छे अनुसार बच्चाहरुलाई पोशाक गहना, लगाएर इहि गर्ने स्थानमा लग्छ । त्याहाँ बच्चाहरु स्वागत गरी भित्राइन्छ । त्यसपछि पुजा शुरु हुन्छ । पिस्वः वा पूर्णीको दिन ज्योतिषको साइत अनुसार पुजा गर्छ । महादिपको विसर्जन पुजा सिधेपछि पुरोहितले विधि अनुसार होम आदि गरी पुजा गर्छ भने इहि वच्चाहरुलाई नङ काटे जस्तो गर्ने वा ओखलमा मास पिध्न लगाउने, बच्चाहरुलाई अम्बल, तीलले नुहाउन दिने, पंञ्चगव्य दिन्छ, गहना, पोशाक लगाएर शिरमा शिन्दुर लगाउने, त्यसछि बाबुको काखमा बस्न लगाई हातमा स्वस्तिक लेखी कुसले बाँडी हातमा बयल, ज्वनालम्ते (शुद्ध पात) अक्षता, सुपारी, राखी यज्ञ मण्डल घुमाई बयल समात्न लगाएर शंखजल राखी छोरीलाई बाबुले बयलसंग कन्या दिने ।[३९] यस्तो इहि संस्कारलाई गोपाली जातहरुले सारी दिने संस्कार पनि भन्ने गर्छ ।

खास गरी राम्ररी बिधि पुर्वक इहि गर्नेहरुले चार दिन सम्म गरिन्छ । पहिलो दिन- धुसःको दिनमा कलश पुजा; दोश्रो दिनमा- पीठ पुजा, तेश्रो दिनमा- देशबलि पुजा, चौठो दिनमा- कुम्हका (पञ्चरंग माल) क्रिया वा इहिजा (वेल विवहा भात) खुवाउने आदि गर्छ । यस बेला श्राद्ध गरेमा बयलि भात राखी उत्तर हेरी श्राद्ध गर्छ । कुम्हका कार्य भनी बेल बिबहा गर्ने केटीको शरीर लम्वाई जति छ त्यति नै १०८ पटक कपासको पहेंलो रंगले रंगिएको कुम्हका ( पञ्च रंग धागो) बनाई त्यही इहि गर्ने बच्चालाई माला लगाउने गरिन्छ । इहि गर्ने बच्चाको सीप अनुसार उनीलाई नै उपहार दिने हिसाब गरिन्छ । अर्को दृष्टिले हेर्ने हो भने व्रम्हचार्य पालना गर्न सकियोस भनी कुम्हःका (पञ्चरंग) धागो माला लगाउने भन्छ ।[४०] बच्चाहरु इहि नगरे सम्म परिवारको योग्य सदस्य हुन्दैन भन्छ । त्यसैले इहि नगरी बच्चा मृत्यु भएमा फुकिहरुले चार दिनसम्म मात्र बारे पुग्छ भनी राखेको छ ।

नेवार समाजमा जुनसुकै ठूलो पुजाआजा, जंकु, बिबहा आदि काम गर्दा कलंः (पुजा आजाको सामान) फाल्ने चलन छ । इहिको मुख्य दिनको बच्चालाई थायभु (सम्पूर्ण खानेकुरा भएको ठूलो थाल) खुवाउने बेला बच्चाले लगाई राखेको दुस्वःका फुकाली सलाः पातमा राखी आवश्यक ठाउँमा लग्छन् । त्यसपछि थाय्भु खुवाइ राखेको थालमा “सुर्द्य ब्वय” (सूर्य भोज) तेल बत्ति राखी वच्चाले पुजा गर्न लगाई सूर्यको प्रकाश भएको ठाउँमा राख्न लग्छन् र त्यसपछि

३९) धर्म गुभाजु , बर्ष - ७५, भिन्छें बहाल टोल, ललितपुर उ.म.न.पा. वडा नं. ७
४०. ऐ. ऐ.

भुईंमा लप्ती (टपरी) राखी “बौः बिया” भूतलाई पुजा गरी थाय्भु  खुवाउँछ । खुवाइ सकेपछ बच्चालाई मुख पखाल्न लगाई भोजमा ईटाः मत (तेल बत्ती) राखी बच्चाले पुजा गर्न लगाई उक्त जुठो लप्ती कसैले नछुन्ने गरी दोबाटो (छ्वासः) मा फाल्न लग्छन जसलाई नेवारी भाषामा **“कलंः वाय्गु”** भनिन्छ ।

इहिको मुख्य दिनमा होम गरेर कन्या दान गरी सात पाइला हिडाउँनु, “बारा छुकेगु” ( बारा सम्बन्ध) ब्रम्हजा (ब्रम्हाभात) छर्ने गर्छ भन्ने इहि बच्चालाई सफा सुग्घर गर्ने तरिका फुफुबाट सिकाउने गर्छ । पछि बच्चालाई घरमा भित्राउन “फँबाय” भनी पिखालुखा ( मुलढोकामा) राखी सिंफँ (काठपाथी) मा ताय (धान भुतेका), अक्षता, पैसा, राखी  टाउकोमा खन्याएर भित्र्याउने गर्छ । चारौं दिनमा ब्रम्हभात छर्ने, होम बिसर्जन गर्नु, बच्चाको पोशाक, गहना फुकाल्नु र आफ्नो देवाली देवता (मूल देवता) कहाँ कुम्हका पुजा सामान फाल्न लाने गर्छ भन्छ ।[४१]

ज्यापु समाजमा यस्तो इहि अलग कहिलैं गरेको पाईंदैन । यसको जोरजाम गर्ने झंझत र आर्थिक समस्याले गर्दा आफ्नो नाता कुतुम्वको बुढा बुढी पासनीको समयमा आफ्नो बच्चालाई त्यसको साथमा जोडेर गरिन्छ । यसरी साथमा गरेता पनि बाबु आमाले गर्नु पर्ने कार्य सबै गरिन्छ । यो नेवार समुदायमा ज्यापु जातिको मौलिक संस्कार हो । यो संस्कार नेवार जात भित्र राज बाहक, नगरकोति, जोगी, नाय् (कसाईं), पोडे, ततिं (सालनाल काट्ने जात) भाः र गैर नेवारहरुको यस्तो चलन देखिदैन ।

## ५.८. उपनयन

नेवार समुदायको उपनयनलाई व्रतवन्ध, चुडाकर्म आदि एकैचोती गर्ने पनि छ । उपनयनमा केटा भए कय्रता पुजा र केटी भए वाह्रा राख्ने भनिन्छ । नेवार समुदायको ज्यापु समाजमा पनि कय्ता पुजा र वाह्रा राख्ने चलन पाइन्छ । यी दुबै अलग अलग गर्ने भएकोले यहाँ दुबैको चर्चा गरिन्छ ।

**क. बाह्रा (गुफा) राख्ने**

यो उपनयन  संस्कार  बच्चा  हुर्केर १२  बर्ष नपुग्दै ज्योतिषले दिएको साइतमा १२ दिन सम्म

---

४१. राज जोशी “स्वक्वगु इहि मुनेज्या स्मारिका ” २०४४ मा लेखि राखेको छ ।

थुनी राख्ने सँस्कारलाई गुफा राख्ने भनिन्छ । यसलाई नेवारी भाषामा **"बाह्रा तय्गु"** भनिन्छ । गुफा राख्न आमाले ज्योतिषको सलाह बमोजिम गुफा राख्ने कोठाको व्यवस्था गर्दछन् । साइतको दिनमा किसलिं (माटोको पाल्चामा चामल, सुपारी, पैसा राखेर) धोगाएर ग्वाखः ( भित्तामा राख्न हुने सानो ठाउँ) मा राखिन्छ । त्यसलाई कसैले छुन नसक्ने गरी कपडामा बाँडेर झुण्ड्याइ राख्छ । त्यही ग्वाखःमा कपासको भूतको पंतिक बनाई राख्छ । बाह्रा बस्ने बच्चाहरुलाई सगुंन गराई दहि च्युरा खुवाई टिका लगाएर गुफा कोठामा पठाउँछन् । उनीहरुलाई ६ दिनसम्म नुन नखुवाइकन थुनेर केटा मान्छेको छायाँ समेत देखाउँदैन । त्यो कोठा सूर्यको प्रकाश आउला भनेर प्रत्येक सानो सानो प्वाल समेत बन्द गर्छ । उनीहरु साना भएकोले डराउला भनेर काम गर्न सक्ने बाह्रा पासा (साथी) एकजना केटी पनि राख्छन् । उनीहरुलाई मनोरञ्जन गराउन विभिन्न खेलौनाहरु राखेको हुन्छन् । ज्यापु समाजमा त्यस्तो बेला उनीहरुका साथीहरु कोठामा आएर खेल्न आउँछन् । खेलहरुमा कान कान पिच्चा, ( आँखामा रुपालले बाँडेर), यकं धाला (ढुगाको तुक्राहरु ) घः कासा (ईंत वा ढुँगाका टुक्रावाट खेलिने) आदि खेल्छन् ।[४२]

नेवार समुदायको धेरै जसोको गुफा राख्ने चलन समान देखिन्छ । हुन त नेवार समुदाय भित्र राज्योपाध्याय (देव ब्राम्हण) हरुको केटी रजस्वला हुनुभन्दा अगाडि नराखी रजस्वला भैसके पछि गुफा राख्ने चलन छ तर । अरु नेवारहरुको रजस्वला हुनु भन्दा अगाडि नै गरिन्छ । तर नेवार समुदायको दुईं र धोब्याहरुको गुफा राख्ने चलन छैन । पहिला पहिला हिन्दु संस्कारिक नेवारहरुको रजस्वला हुना साथ कोठामा थुन्ने चलन थियो । यसरी रजस्वला हुना साथ बच्चाहरुलाई अपरझत कोठामा थुन्ने चलन आजभोलि नेवार समुदायमा छैन किनभने रजस्वला हुने एक त वच्चाले आमालाई नभन्ने र रजस्वला भएको कुरा आमाले थाहा नहुने र रजस्वाल हुनासाथ एकासी बच्चालाई कोठामा थुन्दा बच्चा डराउँछ भनेर बिचार गरी रजस्वला हुनुभन्दा अघि गुफा राख्ने चलन चलेर आएको देखिन्छ ।

६ दिनसम्म नुन नखुवाइ कन गुफामा थुनेर छैठों दिनमा खौ (तेल निकालेको चोकर) बाट बच्चाहरुलाई मुख धुन्न लगाउँछ । जसलार्य नेवारी भाषामा **"क्वलंः बुइगु"** भनिन्छ ।

---

४२. जोग माया महर्जन, बर्ष- ८१ पिलाछैं टोल, ललितपुर उ.म.न.पा. वडा न. ७

"क्वलं बुइगु" अगाडी ग्वाखचामा झुण्ड्याइ राखेको ख्याः देवता (भूत देवता) लाई अलि कति क्वलं चढाउनु पर्छ । यसरी ६ दिनको कार्य सकेपछि उक्त दिन देखि उनीहरुलाई नुन खुवाउने गरिन्छ । नुन खाने भएपछि वाह्रा राखेका बच्चाहरुलाई  जुन सुकै खाना खुवाउनलाई पनि उक्त ख्याः देवतालाई भाग राखेर मात्र खुवाउने गरिन्छ । बाह्रा राखेको एघारौं दिनको रातमा बच्चाहरुको लुगाहरु फुकालेर धुन्ने र उनीहरुलाई पनि स्नान गराउँछ । यो काम काग नउठ्दै कसैले नदेख्ने गरी गरिन्छ ।[४३] यसरी वाह्रा राख्दा आफ्ना नाता कुतुम्व तोलका अरु वच्चाहरु पनि सगैं राख्न ल्याउने चलन छ । जसलाई नेवारी भाषामा यस्तो संगै राख्नुलाई बाह्रा घाय्गु भनिन्छ । यस्तो सँगै राख्ने काम आर्थिक कमजोरी भएका, कोठाको ब्यबस्था गर्न नसक्ने, घर शुद्ध पार्न नसक्ने परिवारले गरिन्छ । किनभने यो बाह्रा राख्ने काम डरलाग्दो छ । बाह्रा राखी रहेको घरमा कुनै पनि अशुद्ध काम गर्नु हुन्दैन । यसको सबै असर बाह्रा राखेका बच्चाहरुलाई पर्न जान्छ । बच्चाहरु बिरामी भै मृत्यु भएमा लाशलाई बाहिर लानु हुन्दैन जहाँ मृत्यु भएको छ त्यही कोठाबाट प्वाल पारी छिडीमा खाल्डो खनेर उक्त लाशलाई खसालेर  गाड्नु पर्छ ।[४३] यसरी  मृत  लाश  गाडेको  घरलाई नेवारी भाषामा **"बाह्रा सी घर"** भनिन्छ ।
यस्तो घरमा बस्न डरलाग्दो हुन्छ किनभने बेला बेलामा रातमा त्यो बच्चा कराएको आवाज सुनिन्छ । यस्तो घर ललितपुरमा थुप्रै भेटिन्छ । बाह्रा घाय्गु  चलन  धेरै पहिले  देखि चल्दै आएको चलन हो । तर कति दिन घाय्गु त्यसको कुनै स्पष्ट छैन । यो घाय्गु दिन एक देखि १२ रौं दिन सम्म पनि हुन्छ । कसैले यस्तो संगै राख्ने एक दिन मात्र राखेर पनि सिध्याउँछ । कसैले ६ दिन, कसैले चार दिन, कसैले पुरै दिन पनि राख्छ । सगै राख्ने वच्चाको उमेर हेरेर राखिन्छ । बच्चाको उमेर बढी भएमा धेरै दिन राख्छन् । बच्चा सानो र आमा संग छुट्याउन गाह्रो भएका नानी भएमा एक दिन राखेर सिध्याउने गरिन्छ ।

बाह्रा राखेको छैठो दिनमा गर्नु पर्ने कार्यलाई **"ब्यँ केगु"** भनिन्छ । जस्तै बच्चा  जन्मेर चौंठो दिनमा ज्यापु समाजमा मचाबु ब्यंकेगु अर्थात शुद्ध गर्नु हो । त्यस्तै वाह्रा राखेर पाँच दिन सम्म नुन नखाइकन बस्दा कमजोर हुने र अशुद्धबाट शुद्ध गर्ने लाई बाह्र **"ब्यँ केगु"** भनिन्छ ।

---

४३)    जोग माया महर्जन,  ऐ.  ऐ.

बाह्रा राखेको घरबाट कुनै चिज, नगद र जिन्सी सामान बाहिरका ब्यक्तिलाई दिनु हुन्दैन । सामान चाहिं बाहिरबाट भित्र ल्याउनु हुन्छ ।  बाहिर लगेता पनि सामान उही दिनमा भित्र ल्याउनु पर्छ ।

बाह्रा राखेको कुरा आफ्ना नाता कुता जो सुकैले थाहा पाए पनि उनीहरुले बाह्रा राखेका बाह्रा बच्चाहरुलाई **"छुस्या मुस्या"** खुवाउन जाने भनेर आउँछन् । छुस्या मुस्यामा मकै, भटमास, केराउ, गहुँ आदि भुटेर ल्याउँछन् । आजभोलि यी गेडागुडी बाहेक अरु फलफूल पनि राखेर ल्याउँछन् । ती सबै कोठामा भएका सबै बच्चाहरुलाई खुवाउनु पर्छ । त्यसबेला अरु साथीहरु आइरहेका हुन्छन् । तीनीहरुलाई पनि खुवाउनु पर्छ ।

बाह्रौ दिनमा बाह्रा राखेका बच्चाहरुलाई बिहान सबेरै एउटा बाटामा पानी, किसलिं, पैसा चढाएर सूर्यको किरण पानीमा देखेपछि मात्र सूर्यको किरण पूर्व पट्टि फर्काएर देखाउँछ । यसवेला मावली खलकबाट पुजा सामान ल्याउने गरिन्छ । बाह्रौं दिनमा सम्पन्न परिवारमा आफ्ना बिबहा भोजमा डाक्नुपर्ने सबै नातेदाहरुलाई निमन्त्रणा गरिन्छ । आर्थिक कमजोर भएका मानिसले मामा खलक; फुफु केहि मुख्य मुख्य फुकीहरु राखेर बाह्रा भोज सिध्याउँछ । भोज गर्न नसक्नले **"छुस्या मुस्या"** खुवान आउनेलाई पनि रोक लगाउँछ । किनभने "छुस्या मुस्या" खुवाउन आउने सबै नातेदारहरुलाई भोज खुवाउनु पर्छ ।

पहिला पहिला बाल बिबहा धेरै चलन भएको अवस्थामा बाह्रा राख्नु अघि बिबहा गरेको पाइन्छ । सानै उमेर २,३ उमेर मै बिबहा भएको धेरै पाइन्छ । यस्तो अवस्थामा बिबहा भए तापनि दुलही र दुलहालाई अलग कोठा दिदैन । उनीहरु सबै आमा बाबु सुत्ने कोठा मै सुताउँछ । उनीहरुलाई त्यो पनि थाहा छैन कि दुलहीले आफ्नो पति फलाना हो भनेर, साथी जस्तो भात खाएर संगै खेली रहेको हुन्छ । यस्तो सानै उमेरमा बिबहा भएमा केटीलाई बाह्रा राख्ने समयमा पतिको घरमै राख्ने गरिन्छ । बाह्रा राखी सकेपछि उनीहरु दुबैलाई एउटै कोठामा सुत्न पठाउँछ । वाह्रा राखी सकेपछि केटी घरको ब्यबहारमा योग्य भै सकेको धारणा राख्छन् । बाह्राको १२ रौं दिनमा कमालमा १/२ ईन्चको रातो रंगको टिका र पाउमा पनि त्यती नै चौडाइको रंग (अल) राखेर फरिया लगाएर बाहिर गई गणेशको पुजा गर्न जान्छ । त्यसको मतलव घर ब्यबहारमा योग्य भयो भनेर समाजमा देखाउनु हो । यस्तो हिसावले हेर्दा बाह्रा राख्नु भनेको एक किसिमको यौन जीवनको शिक्षा दिइने एक संस्कार हो भन्न सहिन्छ ।

**ख. कयुता पुजा (ब्रतबन्ध)**

नेवार समुदायको अरु जातिहरुको जस्तै ज्यापु समाजको पनि 'कयुता पुजा' गर्ने चलन छ। कयुता पुजाको अर्थ केटाहरु ठूलो भएर आए पछि लाज छोप्ने पुजा हो। अर्को शब्दमा भन्नु पर्दा नेवारी भाषामा "कले" भनेको चाखको बीचको भाग "यता" भनेको लाम्चो कमडा हो। यी दुइ शब्दको सँयुक्त शब्द "कयुता" हुन्। केटा मानिस ठूलो भएर आएपछि समाजका कुराहरु बुझ्ने हुन्छ। उ आफ्नो गुप्त भाग छोप्नु पर्छ भनी बुझेर आउँछ। त्यसकारणले केटा मानिस सात वर्ष देखि बाह्र बर्ष सम्म गरिने उक्त गुप्त भाग छोप्न पुजा गर्ने संस्कारलाई **"कयुता पुजा"** भनिन्छ। कयुता पुजा गर्नु केटा वयस्क भएको प्रतिक हो। केटा मानिस वयस्क भएर आएपछि आफ्नो गुप्त भाग छोप्नुलाई दिइने लाम्चो कमडालाई "कयुता" भनिन्छ। ज्यापु समाजमा यो संस्कार गने प्रक्रिया परिवारमा आफ्नो आर्थिक दक्ष अनुसार फरक फरक हुन्छ।

आर्थिक कमजोर भएका परिवारले आफ्नै घरका बाबुले नै पुजा गरी कयुता दिने गर्छ भने फुकिहरु सगोलमा वा देवाली गुठीका आजु वा थकालीलाई बोलाएर उसको हातबाट पुजागरी दिन लगाउँछ। सम्पन्न परिवारहरुले बुढा जंक्वो (भिमरथारोहन) जस्तै गुभाजुहरु बोलाई यज्ञ शाला बनाई तीन दिन सम्म मनाउने गरिन्छ। पुजाको पहिलो दिनमा गुभाजुबाट यज्ञमण्डल बनाउन लगाई सबै साधनहरु राखी पुजापाठ गरिन्छ। जसलाई **"धुसः"** भनिन्छ। अर्को भाषामा यसलाई **"छ्वेयुला बु"** पनि भनिन्छ। यस दिनमा मुख्य ब्यक्तिहरु मामा, माइजु, फुफुहरु सहित आफ्ना नजिकका नाताहरु र फुकिहरु बोलाउनु पर्छ। उक्त दिनमा बनाएको यज्ञशाल भोलीको लागिलाई पनि त्यसै राखी राख्छ।

मुख्य दिनमा कयुता लिने सबै केताहरुले नुहाई धुहाइ गरी यज्ञशालामा आउँछन्। केटाहरुलाई जेठो देखि मामाले आगं सँ बाँकी राखी सुनको औंठी आगं सँमा राखी केश खौरेको जस्तै गरी नापितको हात पुजा गरी उसलाई केश पूरै खौरन लागाउँछन् र मात्र आगं सँ बाँकी रहन्छ। नापितले खौरेको केश बच्चाको फुफुले पितलको थालमा नयाँ कपडा राखी उक्त केश झरेको थाम्दछ। फुफुले कपडा आफुलाई राखी केशलाई खोलामा बगाउन लग्छन्।

त्यसपछि अम्वल, तीलले स्नान गरी यज्ञमण्डलमा बस्न आउनु अघि मूल ढोकाको अगाडिबाट बलिपिया (चिउराको कनिकाले शिर देखि जिउमा छरेर) भित्राउँछ। गुभाजुले शिरमा स्वस्ति लेखी पहिला पहेंलो पोशाक लाउन लगाउन्छ। गुभाजुले पुजापाठ गरी थकाली आजुले

**"कयता"** दिन्छ । त्यसपछि केटालाइ धनुष र बाण बोकाई बा, मां, मामा, माइजु, फुफु आदि सबै परिवारका  सदस्यहरुले वनबास जान भिक्षा दान दिन्छ । गुभाजुले वनवासका वारेमा कथा सुनाउँछ । त्यसपिछ गुभाजु, मामा, माइजु, फुफु र बाजा गाजा सहित गणेशको पुजा गर्न जान्छन् । त्यसपछि गणेशको अगाडि पुजागरी सफा गरी  रातो माटोले लिपपोत गरिन्छ । त्यसैमा पान, सुपारी, ल्वाङ्ग, चामल, राखी प्रत्येक केटाहरुलाई "क्वाःपा लाकां" (काठको चपल) लगाउन लगाई सात पाइला हिड्न लगाउँछन् । यसबेला ती केटालाई मामाले समात्नु पर्छ । केही गरी बच्चालाई अरुले लगेर लुकाएमा बच्चा लिनलाई मामाले पैसा दिएर लिनुपर्छ ।

बच्चा सात पाइला हिंडी दगुरेर नगरको ढोका बाहिर गएमा त्यसबेला ती बच्चाहरु घरमा आउनु हुन्दैन भनी धारणा छ । त्यसैले बच्चालाई मामाहरुले त्यसरी जान दिनदैन जसरी भएपनि समात्नु  पर्छ । कुनै कारणबाट ढोका बाहिर गएमा १४ बर्ष सम्म वनमा बास बिताउनु पर्छ भनी जनमानसको धारणा छ ।

गणेश पुजा गरी फर्केपछि एक पाथी धान राखी उनलाई छुन्न लगाइ लसकुस गरी भित्राउँछ । त्यसपछि यज्ञ शालामा बसाउँछ । गुभाजुले गर्नुपर्ने पुजा सिध्याई उनको धनुष वाण, लगाएको पोशाक फुकाल्न लगाएर अर्को नयाँ लुगा लाउन लगाउँछ । त्यसपछि सगुन लिनलाई अलग ठाउँमा बस्छन् । भोजमा आएका सबै आफन्तहरुले उनी लगायत उनका बा तथा आमालाई सगुन दिन्छ । सगुंनमा दही, अबिर, चामल, फूल, उसिनेको फुल, माछा साथै आफ्नो दक्ष अनुसार पैसा, टोपी, कपडा, लुगा राखेर ल्याउँछ ।

ललितपुको ज्यापु समाजमा धेरै जसोले " कयता पुजा " अलगै गरेर ठूलो भोज गरेको पाइदैन ।  सके सम्म आफ्नै बाज्य बज्यै जंक्वो ( भिमरथारोहण) गर्ने बेलामा संगै गर्ने चलन छ । किनभने कयता पुजा गर्ने सामान बुढा पासनी गरे (भिमरथारोहण) जस्तै सम्पूर्ण यज्ञशाला बनाई पुजा आजा गर्नु पर्छ । आफन्तहरुलाई निमन्त्रणा गर्दा पनि ३,४ पुस्ता सम्मका नातेदारहरुलाई दाक्नु पर्छ । त्यसकारण कयता पुजा आफ्नो बाज्या बज्यैको भिमरथारोहण संगै गर्ने बर्ष पर्खि रहेको हुन्छ । त्यस्तो नमिलेमा आफ्नो नातेदार फुकिको भिमरथारोहण गर्ने बेला वा मामा पट्टिको बाज्य बज्यै जंक्वो गर्ने बेलामा त्याहाँ " **घायगु** "  गरेर सिध्याउँछ । त्यस्तो पनि नभएमा घरको अवस्था हेरी घर परिवार र मामा, माइजु, फुफु राखी आजु थकालीबाट " **कयता** " दिने गरिन्छ ।

## ५.९. विवहा ( Marriage )

युवा र युवती बयस्क भएपछि शारीरिक तथा मानसिक रुपले गर्भाधान गर्नलाई दुबै सक्षम भएमा गृहस्थी जीवन बिताउन एकै ठाउँमा राखी दिने कार्यलाई बिबहा भनिन्छ । बिबहा भनेको एउटा कन्यालाई दाम्पत्य जीवन बिताउने अधिकार दिनु एउटा कर्मकाण्डीय कार्यलाई भनिन्छ ।[४४] बिबहा भनेको मानव सृस्ति गर्ने एउटा सामाजिक सम्बन्ध स्थापित गर्ने कार्य हो । समाजमा बिबहा अत्यन्तै महत्वपूर्ण संस्कार हो । सबै गृह्य सूत्रको शुरु बिबहा संस्कारबाटै हुन्छ किनभने सबै गृह्ययज्ञ र संस्कारको केन्द्र हो । तर द्विजाति ब्राम्हणहरुमा गर्भधान देखि उपनयन सम्मको संस्कारलाई अनिवार्य संस्कारको रुपमा लिइ राखेको् छ भने समावर्तन र बिबहालाई संस्कारको अनिबार्य तत्वको रुपमा लिएको देखिंदैन किनभने कुनै पनि मानिस ठूलो हुँदैमा बिबहा नै गर्नु पर्छ भन्ने जरुरत छैन सन्यासी पनि हुन सक्छ । जे भए पनि आज आएर बिबहालाई सबैले श्रध्दा रुपले लिएको पाइन्छ । यसरी बिबहाको कुरामा मनुस्मृती ( धर्म शाश्त्र) बिबहाका प्रकार भनी याहाँ ८ वटा दिएको छ ।

१. ब्राम्हण बिबहा (बैदिक)- यस अनुसार छोरी बयस्क भएपछि आफैले नै छोरीलाई जिम्मा लगाउनु ।

२. दैब बिबहा- आफ्नै बाबुले छोरीलाई पुरोहितको तर्फबाट जिम्मा लगाउनु ।

३. आर्ष बिबहा- कन्याका पिताले बरसित दुइता बैल लिएर गरि दिने बिबहा अथवा वरबाट कन्याको बाबुलाई गाई दिएर छोरी ल्याउने ।

४. प्राजापत्यढ बिबहा- आफ्नो छोरीलाई योग्य युबा सित धर्मको पाना गर्दै जानु कबुल अनुसार गरि दिने बिबहा ।

५. आसुर बिबहा- यो बिबहा कन्याको बाबुलाई धन-सम्पति दिएर गर्ने बिबहा हो ।

६. गान्धर्ब बिबहा- आमा बाबुको अनुमति बिना, युवक युवतीको पारस्परिक प्रेमद्वारा गरिने बिबहा ।

७. राक्षस बिबहा- कन्याको परिवारलाई तर्साएर कुतेर बलपूर्वक गरिने बिबहा ।

---

४४. सत्य मोहन जोशी, " खँ ग्व: धुकु " ११०७

८. पैशााची बिबहा- युवकले छलकपत गरी आफ्नो बसमा पारी गरिने बिबहा अथवा युवती सुती रहेको अवस्थामा वा मदोन्मत कन्यालाई हरण गरेर गरिने बिबहा । यसरी बिबहा बिभिन्न प्रकारले गर्ने चलन छ । नेपालको उत्तरी हिमाली भेगमा पाण्डब बिबहा भनी पाँच दाजुभाइको एउटै श्रीमती बिबहा गर्ने चलन अझै बिद्यमान देखिन्छ ।

मानिसको जीवनमा जन्म, बिबहा र मृत्यु यी तीन चरण अत्यन्त महत्वपूर्ण छन् । मानिस जन्मेर बयस्क भएर आएपछि बिबहा गर्नु पर्ने सामाजिक संस्कार हो । बिबहाले पति पत्नी दुबैको जीवनलाई एक सूत्रमा जोडाइ दिने हुनाले दाम्पम्त्य जीवनको आनन्द प्रांप्त गर्ने जीवनको यो चरण रोचक र महत्व हुने स्वभाविक मानिन्छ । ब्यक्तिगत, सामाजिक, साँस्कृतिक र धार्मिक रुपले पनि मानिसमा यसको ठूलो महत्व रहेको छ । समाजमा पुरुष र स्त्री लोग्ने स्वास्नीको रुपमा आबध्द हुने गरिने बिबहाका प्रकारमा भिन्नता देखिन्छ । ज्यापु समाजमा पनि प्रचलित बिबहाको प्रकारमा मागी बिबहा, प्रेम बिबहा बढी प्रचलित रहेको पाइन्छ । ज्यापु समाजमा बिधवा बिबहा पनि गरेको पाइन्छ । यस्तो बिबहामा खास गरी लोग्नेको श्रीमती मृत्यु भइ सकेको छ भन्ने श्रीमती हुनेको पनि पति मरी सकेको भएमा यस्तो बिधुवा बिबहा साथी भाइबाट मिलाएर गरेको हुन्छ ।

ज्यापु समाजमा आफ्ना छोरा छोरी बयष्क भएर आएपछि आमा बाबु वा आफ्ना नातेदारहरुले कामको शिलशिलामा बिबहाको बारेमा कुरा गर्छन् । यस्तै छलफल र कुराकानीबाट दुबैको जोरी खोज्ने काम हुन्छ । त्यस्तै आमा बाबुले पनि छोरी भए केटाको र छोरा भए केटीको खोजीको लागि आफ्ना साथीहरु वा नातेदारहरुलाई भनी राखेको हुन्छ ती मध्ये एक जनाले उनीहरुको जोडी मिलाउँछ । त्यस्तै अर्को तरिका आफ्नो चिन जान भएको र आफुलाई मन परेको भएमा एक जना मानिस त्यसको घरमा माग्न पठाउँछ त्यस्तो ब्यक्तिलाई नेवारी भाषामा “ लमि ” भनिन्छ । लमिले केटा वा केटी दुबै खोज्ने काम गर्छ । लमिको मुख्य काम केटा र केटी दुबैलाई जोडाइ दिनु हो । जोडी मिलेपछि लमिको पहलमा साइत हेर्ने काम ज्योतिषबाट हुन्छ ।

ज्यापुहरु अक्सर गरी चौला ( चैत्र ), कछला ( कार्तिक ), पोहेला ( पुष ) र गुंला ( श्रावण ) महिनाहरुलाई क्रमशः पहिलो घोडाको, दोश्रो कुकुरको , तेश्रो बेफाइदाको र चौंठो धार्मिक महिना मानी यी महिनाहरुमा बिहेबारी गर्दैनन् । धेरै जसो चिल्ला ( फागुण ), शिल्ला (

माघ ), बछला ( बैशाष ) महिनामा भने बिहेबारी गर्छन् । ज्यापुहरुको हरेक क्रिया कलाप वा संस्कारहरु तिथिको आधारमा गरिन्छ । ज्योतिषले जुन तिथिमा गर्नु हुन्छ भनी बत्ताउँछ त्यही तिथिमा गरिन्छ । ज्यापु लगायत नेवार समुदायमा स्वास्नी मानिसहरुको बिबहा तीन पटक गरिन्छ । पहिलो बिबहा सुबर्ण कुमारसंग, दोश्रो बिबहा सूर्यसंग र तेश्रो बिबहा मानवसंग हुन्छ ।

**क. ग्वय् यंकेगु ( सुपारी लाने )**

केटाकेटी दुबैको बिबहाको समबन्ध मिलेपछि लमिद्वाराछोरीको जन्मकुण्डली लिएर छोराको आमासंगै ज्योतिष कहाँ जोरीको राशी, नक्षत्र मिल्छ कि मिल्दैन देखाउन जान्छन् । राशी नक्षत्र नमिलेमा बिबहा गरिदैन मिलेमा बिबहाको लागि तयार गर्ने तिर लाग्छन् । यसका नेवार समुदायमा बिबहा पक्का गर्न जानको लागि केटीलाई सुपारी दिने गर्छन् । यो सुपारी दिने काम अक्सर बृहस्पतिबारको दिनमा लाने गरिन्छ । यस्तो सुपारी दिने कार्यलाई नेवारी भाषामा **"ग्वय् यंकेगु"** भनिन्छ । यसलाई बुहारी पक्का गर्न जाने भनिन्छ । यसरी सुपारी लान्दा सुपारी दशवटा, लुगा एक जोर, पैसा एक रुपैया बुहारीलाई दिइन्छ । सुपारी दिएपछि त्यो केटी आफ्नो बुहारीको रुपमा लिइनेछ । सुपारी दिएपछि बिबहा नहुँदै केटी मृत्यु भएमा उनको अन्त्यस्ती सबै लोग्ने पक्षले गर्नु पर्ने र केटा मरेमा केटी आफ्नो पति मृत्यु भएको सम्झेर एक बर्ष सम्म बार्नु पर्छ । ज्यापु समाजमा यसरी सुपारी लाने चलन छैन । ज्यापु समाजमा बुहारी पक्का गर्न जानलाई**" लखा यंकेगु "** भनिन्छ ।

**ख. लखा यंकेगु वा काय्गु**

छोरा र छोरीको बिबहा गर्न जन्मकुण्डली देखाएर राशी नक्षत्र मिलेपछि बिबहा गर्न लमिले दुबै पक्षलाई कुरा मिलाउँछ । यसमा सबभन्दा पहिला छोरा पक्षले बुहारी पक्का गर्न लखा यंकेगु काम गरिन्छ । लखा भनेको एक प्रकारको रोती हो । यस रोतीलाई नेवारी भाषामा **" ऐन्सि मरी "** पनि भनिन्छ । लखा लानु अघि केटी पक्षले रोती संख्या आफुलाई चाहे जति भनेर पठाउँछ । केटा पक्षले त्यती नै तयार गरी लानु पर्छ । अर्को कुरा रोती कति लाने भन्ने कुरा बिबहा कसरी गर्ने त्यसमा भर पर्छ । ज्यापु समाजमा बिबहा तीन किसिमले गर्ने गरिन्छ ।

१. न्याफा कु बिबहा २. निफा कु बिबहा ३. साधारण बिबहा

**१. न्याफा कु बिबहा**

ज्यापु समाजमा यस्तो प्रकारको बिबहा ठूलै किसिमले भोज गर्ने हो । यस प्रकारको बिबहामा लखा लान्दा लाखा रोती साठी जोर लानु पर्छ । रोती बाहेक बुहारीलाई एक जोर लुगा र १० रुपैया, एक माना चामल, संगुन सामान- दही, तिका सामान, फूल, अक्षता, चार वटा सुपारी कोट: भित्र राखिन्छ । कोटः भनेको पुजा सामान राख्ने थाल हो । यी बाहेक मुख्य बस्तु **“ मरी कछि ”** हो । मरी कछि भनेको एक प्रकारको माटोको भाँडो हो । यस भित्र चार माना च्युरा र एउटा ऐन्सि रोती राखेर बन्द गरिन्छ ।

लखा लाने बेलामा बा, मां र लमिसंगै एक जना उक्त भारी बोक्ने फुकिलाई लान्छ । यस बेला छोरी पक्षले लखा ल्याउने समयमा मूल ढोकामा स्वागत गर्न दायाँ बायाँ त्वादेवा बत्ति बालेर राखेको हुन्छ । लखा लग्ने समुह त्याहाँ पुग्ने बितिकै स्वागत गरेर कोठामा समानका साथ बस्न लगाउँछन् । केहि समय पछि लमि गएर दुलही हुने केटीलाई राम्रो लुगा लगाएर अगाडि ल्याउँछ । दुलहीलाई बस्न लगाएर सगुनको काम सुरु हुन्छ । सबभन्दा पहिला कोतः, मरि कछि अगाडि राख्छ । त्यसपछि दुलहाको आमाले दुलहीलाई पुजा गरी टिका लगाएर सिन्दुर लगाइ दिन्छ । त्यसपछि सुपारी दुलहीलाई दिन्छ । अनि दुलहीले पनि सगुन लिने कार्य सम्पन्न गर्छ । त्यसपछि मरी कछि दुलहीलाई हातले प्वाल पार्न लगाउँछ । त्यो कार्य दुलहीले एक्कै पटकमा प्वाल पार्नु पर्छ । प्वाल पार्न नसकेमा अशुभ हुने संकेत हो । यसले के देखाउँछ भने पछि पति पत्नी अलग हुने अनुमान गरिन्छ ।

ज्यापु समाजमा पनि लखा लिइ सकेपछि बिबहा नहुँदै केटी मृत्यु भएमा केटा पक्षले आफ्नै बुहारी पत्नी भएकै सरह माइती अर्थात ससुरीलीमा गएर उनको लास उठाउनु पर्छ । पतिले पत्नीलाई दाहा संस्कार नै गर्नु पर्छ भन्ने केटा मृत्यु भएमा पनि केटीले आफ्नै पति थानेर गर्नु पर्ने संस्कार गर्नु पर्छ । लखा दिएपछि वा दिएपछि दुबैले पारपाचुके नभए सम्म अर्को बिबहा गर्नु हुन्दैन । केटी केटाको अधिनमा रहन्छ । केही कारणले केती पोइल गएमा केटा पक्षले खर्चको डोबर तिराउँछ भने केटाले अर्को बिबहा गरेमा केटी पक्षले पनि त्यस्तै गरी डोबर तिराउँछ ।

लखा लिइने दिनमा केटीको घरमा उनको मामा, माइजु, फुफु र फुकिका थकाली आजु र अजि बोलाइ राख्छन् । यी सबै कार्यहरु आफ्ना नातेदारहरुलाई देखाउछन् । भोलि पल्ट देखि लखा लिएको लखा मरीहरु आफ्ना नातदारहरुलाई एक एक जोर दिन लग्छन् । उनीहरुले पनि

लखा लिए देखिन दुलही हुनेलाई आ-आफ्नो घरमा दाकेर भात खुवाउछन् । दुलहीलाई खुवाउने भातलाई नेवारी भाषामा “ पयन जा ” भनिन्छ । दुलही हुने केटी पनि सकेसम्म सबै कहाँ भात खान जान्छन् । दुइ ठाउँमा परेमा उनले अरुलाई पठाउने गरिन्छ । यसरी आफन्तहरुले भात खुवाउनुको मतलव छोरी बिबहा गरी पठाए पछि उनको मां, बाको परिवारसंगै भोज आउन पाउनु हुन्न । उनलाई अब घरमा दाक्न उनको श्रीमानलाई समेत दाक्नु पर्छ । उनको पतिलाई दाक्न बिशेष भोजमा मात्र दाकिन्छ । अर्को कुरा उनी अब परिवारबाट छुट्टिने भयो भनेर बिदाइ गर्ने हिसाबले बिदाई भात खुवाउनु हो । अन्तमा यस्तो बिदाइ भोज मामा पतिले खुवाउँछ । आजभोली ज्यापु समाजमा यसरी धेरै लखा मरी लिने चलन छैन । ज्यापु समाजले यस्तो चलन समय र परिस्थितिलाई बिचार गरी यस्तो धेरै लखा मरी लिनु फजुल खर्च थानेर लिने प्रथालाई हताइ सकेको छ । यसले गर्दा छोरीबेतीलाई आफ्ना फुकि र आफन्तहरुमा “ पयन जा ” खुवाउने चलन पनि हति सकेको छ ।

**२. निफाकु बिबहा**

ज्यापु समाजमा आर्थिक कमजोर र मध्यम वर्गमा निफा कु बिबहा गर्ने चलन छ । यस्तो बिबहामा लखा मरी लिंदा तीस जोर भन्दा बढी लिंदैन । अझ त्यो भन्दा पनि कम हुन्छ । लखा कति लिने दिने भन्ने कुरा दुबै पक्षको कुरा मिलाएर निधो गर्छ । लखा लग्ने बेला त्यही न्याफा कु जस्तै मां बा लमि र बोक्ने एक जना भरिया फुकि हुन्छ । यसरी लखा तीस जोर लिएर केती पक्षले नजीकका केही आफन्तहरुलाई निमन्त्रणा गरी भोज गर्छन् । धेरै जसोले यस्तो निफा कु बिबहामा सुनको गहना दुइ तोला जतिको केटी पक्षले लिने गर्छ । यो बिबहामा “ पयन जा ” खुवाउने चलन छैन ।

**३. साधारण बिबहा**

साधारण किसिमको बिबहामा युबा युबती दुबैको मन मिलेमा केही पनि नगरी त्यसै ल्याउने बिबहालाई साधारण बिबहा भनिन्छ । यसमा बिबहा गर्ने दुबै पक्ष अर्थात केटा र केटी धेरै बयष्क भएमा पनि यस्तो बिबहा गरिन्छ । दुबै पक्ष आर्थिक रुपले धेरै कमजोर भएकाले पनि यस्तो बिबहा गरिन्छ भन्ने बिधवा बिबहा पनि यस बिबहा भित्र पर्दछ । दुई जोरी मध्ये केती चाही पहिलो बिबहामा आफ्नो सन्तान नहुँदै पति मृत्यु भएमा माइतीका बा, माँको तथा आफ्नो र अरुको सुझाबले केटी अर्को सित बिबहा गर्ने राजी भै बिधवा बिबहा गरिन्छ । केटाको पनि

सन्तान नहुँदै श्रीमती मरेमा पनि उनको अर्को बिबहा गरिन्छ । यी सबै किसिमको बिबहा साधारण बिबहा भन्न सकिन्छ किनभने यस्तो बिबहामा मध्यस्थ कर्ता लमि हुन सकिन्छ । तर तदक भदक गरी ठूलो भोजगरी बिबहा गर्ने ज्यापु समाजमा यस्तो प्रकारको बिबहा पाईंदैन ।

**ग. होंकेगु (स्वँयम्बर)**

ज्यापु समाजमा बिबहा गर्नु अघि होंकेगु चलन छ । होंकेगु भन्नाले स्वयम्बर गर्नु हो । लखा लिएर पक्का गरी सकेपछि ज्योतिषले दिएको साइतमा स्वयम्बर गरिन्छ । होंकेगु कार्य केटा पक्षको घरमा नै गरिन्छ । ज्यापु समाजमा होंकेगु चलन जुनसुकै किसिमको बिबहामा पनि पहिलो पटकको लमिद्वारा मिलाएको हुन्छ । स्वयम्बर कार्य अक्सर गरी बिहान वा बेलुका गरिन्छ । कामको बेफुर्सतले गर्दा होंकेगु साइत लिनेबेला नै ज्योतिषलाई अनुरोध गरेको हुन्छ कि बिहान वा बेलुकाको साइत दिनुस् भनेर । दुलहीलाई नेवारी भाषामा " **भम्चा** " भनिन्छ ।

स्वँयम्बर साइत तोकेको दिन केटा पक्षले घरमा मामा माइजु फुफु तथा मुख्य मुख्य फुकि बोलाई राखेको हुन्छ । साइतको एक घण्टा अगाडि गुभाजु आएर यज्ञशाला तयार गरिन्छ । लमिले दुलहीलाई घरबाट बोलाएर ल्याउँछ । केटाको घर पस्नु अघि मूल ढोकामा दायाँ बायाँ मयुर माथि तीन खुटा भएको कलश राखिन्छ । दुइता कलशको बीचमा गुभाजुले लितपोट गरेको स्थानमा सानो यज्ञशाला बनाई त्यसमा दुलहीलाई अगाडि ल्याउँछ । त्यसपछि घरको थकाली नकींले पुजा गरिन्छ । पुजा गरेपछि थकाली नकींले "सिं फं" (काठको पाथी)मा अम्वल, अक्षता, उखुको टुक्रा, फलफूल (खाइसी) पाथीमा राखि दुलहीको शिरमा तीन पटक खन्याउँछ । त्यसपछि घर भित्राउन एकजनाले कुच्चो लगाउने, अर्कोले पानी छर्दै अगाडि जान्छ, थकाली नकिं दुलहीको हातमा नेवारी साँचो समात्न लगाई घर भित्राएर यज्ञशालाको अगाडि बसाउँछ । गुभाजुले स्वयम्बरको मन्त्र पढि रहन्छ र दुबैको टाउको जुटाउँछ । एक जनाले कलशको पानीले उनीहरु दुबैलाई शिरमा बिस्तारै खन्याउँछ । केटाको बा, माले एउटा थाल समाती उनीइहरुबाट झरेको जल थाप्छन् । उक्त थाल दुलहा दुलही दुबैले समाती दुलहाको हातमाथि दुलहीको दायाँ हात हुन्छ । यसैलाई भन्छ स्वयम्बर वा कन्या दान । यही कामलाई नेवारी भाषामा " **होंकेगु** " भनिन्छ ।

ज्यापु समाजमा होंकेगु दिनमा भोज गरिदैन किनभने भोजखाने चपाट खाली नहुने भएकोले साइतमा होंकेगु मात्र गरी राख्छ । भोज चाही चपाट खाली भएको र आफ्नो

उपयुक्त समयमा गरिन्छ । भोज गर्ने महिना ज्यापुहरुको अक्सर गरी माघ, फागुण महिनामै गरिन्छ । टोलमा त्यस्तो बिबहा भोज फागुण महिना भरिनै भैरहन्छ । ज्यापुको भोज खाने आफ्नै घर पाइन्छ । जसलाई " चपाट " भनिन्छ । एउटा टोलको त्यही चपाटमा भोज गर्नु पर्ने भएकोले क्युमा बस्नु पर्ने हुन्छ । चपाट कहिले कसलाई पहिला पाउँछ त्यसको बारे ज्यापु समाजमा आफै नीति नियम हुन्छ । त्यो नीति नियम सना गुठीको नियम अनुसार हुन्छ । भोज गर्ने ब्यक्ति सबभन्दा जेठो सना गुठीकै सदस्य भएमा त्यसले पहिला पाउँछ । उसले पछि भने तापनि नायक वा आजुले उसलाई नै प्राथमिकता दिईन्छ । यदि टोलका त्यस्ता जेठो व्यक्ति पहिलानै भए तापनि त्यो ब्यक्ति सना गुठीको सदस्य नभएमा त्यसले सबभन्दा पछि पाउँछ ।

**घ. भम्चा का:वनेगु (दुलही लिन जानु )**

ज्यापु समाजमा दुलही लिन जान आफ्नो भोज कुन दिनमा गर्ने त्यसको तिथि मिति पक्का भए पछि दुलही लिन जाने तिथि तोकिन्छ किनभने ज्यापुहरुको भोज खाने आफ्नै चपाट हुन्छ । उक्त चपाटमा टोलको अरुको पनि बिबहा भोज गर्न मिलाई राखेको हुन्छ । अर्को कुरा दुलही पट्टी पनि बिबहा भोज भइ रहेको हुन्छ । त्यसको पनि समय मिलाउनु पर्ने हुन्छ । ती सबै ठीक पर्ने दिनमा भोज गर्नु पर्दछ ।

दुलही लिन जाने दिनमा आफ्नो घरमा नजीकका आफन्तहरु, फुकिहरु, मामा, माइजु, फुफु आदिको साथै साथी भाइहरुलाई बिहान देखी निमन्त्रणा गरी राखेको हुन्छ । ज्यापुहरुको दुलही लिन जाने चलन बेलुका मात्र हुन्छन् । लमिको निर्देशनमा बा, मां, मामा, माइजु, फुफु र अरु फुकिहरु एक दुइजना गरी दश बाह्र जना जाने गर्दछ । उनीहरु सबैले चाहिने सामान लिएर जान्छन । सामानमा कोटः सगुन सामान, दही एक जोर लुगा, लमिले सुकुन्दा, चिलाय् मत (मसाल) फुकिले, र अरु दुइजना फुकि (भरिया) ले उनिकाथ, पन्कि (दुलही राखेर बोक्ने काठको सामान) आदि लिएर जान्थ्यो । दुलहीको घरमा पुगेपछि सबभन्दा पहिला लमि सुकुन्दा लिएर अगाडि जान्छ । त्यसपछि सासु , ससुरा  मामा, माइजु , फुफु र फुकिहरु जान्छ । उनीहरुलाई स्वागतार्थ दुलहका बा मां र अरु ब्यक्तिहरु ढोकाको दायाँ बायाँ उभिरहेको हुन्छ । त्यसपछि उनीहरुलाई अलग कोठामा लगाी बस्ने  ब्यबस्था गर्छ । दुलहा पक्षले ल्याएको सबै सगुन सामान पनि त्यही राख्छन् ।

उक्त दिनमा दुलही पक्षको ठूलो भोज भएको हुन्छ । आफ्नो नाता कुटा, फुकिहरु र साथी भाइहरुलाई भोजको निमन्त्रणा गरी भोज खुवाइएको हुन्छ । यस भोजमा तीन चार पुस्ता सम्मका नातेदारहरुलाई भोजको निमन्त्रणा गरिन्छ । यस्तो भोजलाई नेवारी भाषामा **"ग्वेका भ्वय्"** भनिन्छ । भोज आउने सबैले दुलहीको लागि आफ्नो दक्ष अनुसार दाइजो ल्याउँछ । यसलाई नेवारी भाषामा **"कोसः"** भनिन्छ । भोजको निमन्त्रणामा नजीककालाई ३ दिन सम्म, दोश्रो पुस्ताका नातेदारलाई दुई दिन सम्म हुन्छ भन्ने तेश्रो र चौठो पुस्ताका नातेदारलाई एक दिन मात्र निमन्त्रणा गरिन्छ । लखा मह्री पाएका नातेदारहरुले अलि राम्रो कोसः ल्याउँछ भन्ने अरुले कति दिन निमन्त्रणा गरेको छ र त्यसको आधारमा कोसः ल्याउने गरिन्छ ।. कोसः भनेको दुलहीलाई दिने दाइजो हो । दाइजो दिनु पर्ने भोजलाई **"कोसः भ्व"** भनिन्छ ।

दाइजो दिने चाही मामा खलले फैचा कोसः (भेडा) राख्ने र घरबाट सःनः कोसः ( सन्दुक) राख्दछ । यी बाहेक आफ्ना छोरीलाई घर ब्यबहारमा चाहिने भाँठा कुँडाहरु फोसी, कसौरी, काँचको बाटा, ताँप, करुवा, धव, पन्यु, गाग्रो, सुकुल, धागो काट्ने **"ञ"** (तिर्खा) आदि समेत दाइजो दिइन्छ । तर आजभोलि त्यस्तो सामान नदिइ बिद्युतिय सामान दिन थालेका छन् । कोसः भ्वेमा दुलहीको नजीक लमि बसेर दुलहीलाई दाइजो दिन आउने सबैलाई दुइ दुइ जोर दुलहीको हातमा ग्वे (सुपारी) राखी दिन्छ । दुलहीले दाइजो दिनेलाई "ग्वे" दिएर पठाउँछ । यसरी "ग्वेका भ्वे" सकेपछि लमि र दुलही उठेर घर जान्छन् ।

दुलहीको आमा बाबुसंग सल्लाह गरी लमि दुलहाको घरमा गएर दुलहाको माँ बा सहित आवश्यक सबै आउँछन् । यसलाई नेवारी भाषामा **"भम्चा कावनेगु"** भनिन्छ । दुलहा लिन आउने सबैलाई लमिको सल्लाह बमोजिम अलग कोठामा राख्न लगाउँछन् । उनीहरु बसेको कोठामा "चपन" गरिन्छ । चपन दिंदा प्लेतमा छ्वेला, भुटन, खेंव, आलु अचार राखेर ल्याई त्यसको साथै रक्सी र जाँद राखी दिन्छ । त्यसपछि सबैलाई चपाटमा लगेर भोज खुवाउँछन् ।

बिबहा "न्याफा कु " गरेको छ भन्ने केटी पक्षले केटा पक्षलाई बाजं ल्याउनु पर्छ भनेको हुन्छ । केटा पक्षले आफ्नो टोलको मंका गुठीको नायकलाई मंका बाजाको लागि एक महिना अगाडि गुठीकागुरु र नायकलाई खबर दिइ राखेको हुन्छ । त्यही खबर अनुसार मंका गुठीका सदस्यहरु सबैलाई बोलाई बेलुका दुइ तीन घण्टा प्रत्येक दिन बाजाको अभ्यास गरिन्छ । दुलही लिन जाने दिनमा दुलहाको बा माले मंका गुठीको घरमा गएर गुरु वा नायकको अगाडि

एउटा सुकुन्दा र  चामलले भरिएको बाटा माथि  १० रुपैया राखी दिन्छ । त्यसको मतलब दुलही लिन जानलाई बाजा आउनुपर्छ भनेर निमन्त्रणा गरेको हो । यसरी निमन्त्रणा गरेपछि नायकले सबैलाई खबर दिइ दुलही लिन जान तयार गर्छन । राती ११ बजे सबै सदस्यहरु जम्मा भई बाजा बजाई दुलही लिन प्रस्थान गर्छन् । दुलहीको टोलमा पुगेपछि दुलहीका फुकि तथा साथी भाइहरुले उनीहरुलाई बसाउन सुकुलको ब्यबस्था गरी स्वागत गरेर सुकुलमा बस्न अनुरोध गर्दछन् । सबैलाई बसाई सकेपछि दुलही पक्षले तिनीहरुको अगाडी चामलले भरेको बाटामा १० रुपैंया राखी एउटा सुकुन्दा अगाडि राख्न ल्याउँछन् । त्यो मंका गुठीलाई स्वागत गरको संकेत हो ।

सवभन्दा पहिला देवताको गीत गाएर बाजा बजाउँछ । त्यसलाई “द्यो ल्हाय्गु” भनिन्छ । त्यसपछि दूई समुहमा बसेर एक अर्कोमा पालै पालो सित देवताको गीत गाउँछन् । गीत गाउने कार्य सकेपछि ढल्को बजाई बासुरीको तालमा दुइ तीन जना नाच्न थाल्छन् । यसको कार्य सकेपछि दुलही पक्षले केही खानेकुरा राखी चपन गर्छन् । त्यसको साथसाथमा केटीहरुले रक्सी र जाँद खुवाउँछन् । अर्को एक दुइ जनाले  प्रत्येक मानिसहरुलाई चुरोट दिन ल्याउँछन् । यो चपन दिने काम सकेपछि उनीहरु फेरी बिभिन्न बाजागाजा बजाउँदै आफ्नो बिभिन्न गीत, नाचहरु प्रदर्शन गर्न थाल्छन् । यो क्रम दुइ तीन घण्टा सम्म गरि रहन्छन् । ज्यापू समाजमा यस्तो बाजा, नाच हेर्न टोलका बासिन्दाहरु हेर्न तमतयार भएर बसिरहेको हुन्छन् । किनभने त्यसबेला बाहिर हेर्ने, मजोरञ्जन गर्ने कुनै साधन छैन । अहिलेको जस्तो हलमा,  घरघरमा टेलिभिजन हेर्ने कुनै साधन पाउँदैन । त्यसबेला टोल टोलमा नाच देखाउने, ख्यालः निकाल्ने चलन पाइन्छ ।

दुलही पक्षले मंका गुठीका सदस्यहरु जो सुकुलमा बसी बिभिन्न नाँच, गीत, बाजा बजाउँछन् । उनीहरुलाई जाडो नहोस् भनी चारै तर्फ ठाउँ ठाउँमा आगो बाली न्यानो पारी दिन्छन् यसले गर्दा धेरै नै रमाइलो भै रहन्छन् । धेरै समय बितेपछि उक्त घरमा दुलही लिन आउने मुख्य ब्यक्तिहरु बा, आमा, मामा, माइजु, फुफु, फुकी तथा साथी भाईहरुलाई भोज खुवाई सकेको हुन्छन् । त्यसपछि  छोरीलाई कोठामा बस्न लगाई सुपारी लिने काम शुरु गर्छ । यसमा छोरीलाई घर ब्यबहारमा आवश्यक सामान राखी सुपारी लिने काम हुन्छ । सबभन्दा पहिला आफ्ना परिवारका जेठो देखि शुरु गर्छन् । शुरुमा फोसी, करुवा, बाटा, सन्दुक, दराज,

गाग्री, कसःरी, धव, पन्यु, राखी सुपारी लिन्छन् । यसबेला प्रत्येक ब्यक्तिहरु रुंदै एक एक सामान राख्दै सुपारी लिन्छन् । यो नै छोरीलाई अन्तिम बिदा दिईने संस्कार हो । उनीहरुको सुपारी लिने काम सकिए पछि दुलहाको आमाले घरबाट लगेको पुजा सामान अगाडी राखी सगुन दिन थाल्छन् यसबेला सबै परिवार र दुलही रुन थाल्छन् । सगुन दिने काम सकेपछि उनलाई उठाई बाहिर लान तयार गर्छन् । उता मंका गुठीका बाजा सबै दुलही बाहिर ल्याउने संकेत पाएपछि भम्चा (दुलही) लग्ने गीत बाजा बजाउन थाल्छन् । यही स्वर सुनेर हेरी रहेका छिमेकीहरु समेत आँखाबाट आँसु झार्न थाल्दछन् । कोही कोही त सहन नसकी ठूलो स्वरमा रुन थाल्छन् । यो आँसु वास्तवमा खुशीको आँसु हो ।

दुलहीलाई मामा, दाजु तथा भाईले बोकेर गणेश मन्दिर लग्छन् । त्यहाँ दुलहीलाई तीन पटक गणेश मन्दिर घुमाई **"उनि काथ"** मा राख्छन् । आजभोलि उनि काथमा राख्ने चलन छैन । ज्यापु समाज रोचक कुरा के छ भन्ने दुलहीलाई मूलढोकाबाट बाहिर लग्नु अघि उनका साथीहरुले बाहिर लान दिन्दैन । दुलहाको बाबाले उनीहरुले भन्ने जति पैसा दिएपछि मात्र छोडी दिन्छ ।

दुलही बाहिर ल्याएपछि मंका बाजा पनि " द्यो ल्हायगु " गरेर उठी दुलहीको पछि पछि जान्छन् । दुलहाको घर पुगेपछि मूल ढोका अगाडि दलुलहीलाई परिवारका थकाली नकींले पुजा गरी दुलहीलाई भित्राउने गरिन्छ । ज्यापु समाजमा गुमाजुको निर्देशन बमोजिम सिंफँ भित्र अक्षता, ताय् (भुतेको धान), उखुको टुक्रा, खाइसीको टुक्रा, दुलहीको टाउकोमा तीन पटक खन्याई स्वागत गर्छ । ढोकाको अगाडि मनः (यज्ञशाला) लेखेर दायाँबायाँ मय् (फलामले बनाएको कलश राख्ने सामान) माथि कलश, कलश भित्र चोखो पानीमा दाफ्व स्वाँ राखिन्छ । बाँसको टुक्राहरुमा कपडाले बेरी तेलमा भिजाएर राखेको मुठ्ठा दायाँ बायाँ राखी बालि राखेको हुन्छ । यी कार्य गरी सकेपछि थकाली नकींले दुलहीलाई नेवार साँचो समात्न लगाई विस्तारै घर भित्राउँछ । ज्यापु समाजमा दुलही लिन जाँदा दुलहा जानु पर्दैन । दुलहा घरमै बसि रहेको हुन्छ किनभन्ने ज्यापु समाजमा कुनै साइत मिलाएर पहिले नै "होंकेगु" काम सिध्याइ सकेको हुन्छ । तर आजकल स्वयम्बरको काम सिध्याइ सकेको भएता पनि केटीको भोजगर्ने दिनमा दुलहालाई केटीको घरमा बोलाएर स्वयम्वर गरी छोरी दिने चलन चलेर आएको छ । वास्तबमा यो ज्यापु समाजको संस्कार होइन ।

दुलही लिन जाने मंका गुठीको मंका बाजा दुलही लिएर घर पुगेपछि मंका बाजा गुठीलाई दुलहा पट्टीले उनीहरुलाई केही ब:जि, त:खा र जाँद रक्सी दिन ल्याउँछ । जसलाई नेवारी भाषामा **"लस बजि"** भनिन्छ । चपाटमा बसी लस बजि खाइ सकेपछि सबै आ-आफ्नो घरमा सुत्न जान्छन् । भोलि बिहान सबैलाई भात खान दुलहा परिवारले निमन्त्रणा गरिएको हुन्छ । अक्सर राती बाजाको साथै जन्ती जाने मात्र निमन्त्रणा गरिन्छ र मंका गुठीका सदस्य भएर उक्त दुलही लिने बेला राती जन्ती नजाने मानिसहरुलाई जरिवाना गर्ने चलन छ ।

दुलहीलाई दुलहाको घरमा ल्याउँदा जन्तीको पछि पछि दुलही पक्षले दाइजो बोकाएर पठाउँछ । त्यस बेला दाइजो भनेको सन्दुक, सुकुल, भेंडा, कसरी, ताँप, करुवा, बाटा, सिजःफोसि, घः, तानको सामान, दराज, थाल, यी बाहेक भाँछाको सामान दिएर पठाउँछन् । दाइजो बोकेर आउने मानिसहरुलाई केहि खानेकुरा खुवाएर पठाउँछन् । यो ज्यापु समाजको संस्कार हो । तर आजभोलि यसो नगरी पछि मात्र आफ्नो अनुकुल मिलाएर दाइजो पठाउँने गरिन्छ ।

भोलिपल्ट दुलही पट्टीको भोज सकिन्छ भन्ने दुलहा पट्टी भोज शुरु हुन्छ । यस भोजमा आफ्ना नातेदारलाई चार पुस्ता सम्मलाई निमन्त्रणा गरिन्छ । भोजमा नाटेदारहरु नजीक ताढा हेरी कसलाई तीन दिन कसैलाई दुइ दिन र कसैलाई एक दिन मात्र निमन्त्रणा गरेको हुन्छ । ज्यापु समाजमा यस्तो भोजलाई **"ग्वेका भ्वे"** भनिन्छ । ग्वेका भोजमा पनि **"बागः ग्वेका भ्वे ", "दान्छी ग्वेका भ्वे"** भन्ने प्रकार छन् । बाग ग्वेका भ्वेमा नाती पट्टीका परिवारलाई भ्वछिं (चुल्हो देखि) दाक्छन् भन्ने चार पुस्ताका नातेदारलार्य १ एक जना मात्र निमन्त्रणा गरिने ग्वेका भ्वे लाई "दान्छि ग्वेका भ्वे" भनिन्छ । दान्छि भनेको १/४ पैसा आज भन्दा ८० बर्ष अगाडि नेपालमा चल्दछ । १९९० सालतिर मंगल वजारबाट उसिना चामल ६ मुरी रु १५ रुपैयाले किनेको बताउँछ- त्यसबेला एकजना ग्वेका भ्वे आउने व्यक्तिले "दान्छि पैसा (१/४ पैसा) दाइजो राख्छन् भन्छन ।[४५]

ज्यापु समाजमा मुख्य बिबहा भोजको दिनमा **" क्वेना पुजा "** पनि हुन्छ । क्वेना पुजा भनेको गणेश पुजा हो । भोज खानु अघि दुलहा र दुलही सहित मंका गुठीको बाजा क्वेना पुजा

---

४५. न्हुछे माया महर्जन, बर्ष - क्वबहाल टोल, ललितपुर, उ.म.न.पा. वडा न. ११

जान्छन् ।  यसमा घरका मामा, माइजु, फुफु आदि सबै जान्छन् । त्याहाँ पुगेपछि गणेशको पुजा गरी गीत गाउँछन । त्यसपछि समय बजि खाएर घर फर्कछन् । घर पुगेपछि दुलहा, दुलही र लमि घर जान्छन भने मंकाबाजा भोज खाने चपाटमा जान्छन । चपाटमा उनीहरु आउना साथ पुरोहितको साथमा भोज खुवाउँछन् ।

दुलहीलाई चपाटको कुनै स्थानमा सजाएको ठाउँमा बस्न लगाइ दाइजो लिएर सुपारी दिने गरिन्छ ।  भोजमा आउने सबैले आफ्नो दक्ष अनुसार दाइजो ल्याउँछ । दाइजो लिएर भोज आउने सबै आफ्ना आफन्तहरुलाई ग्वेका भ्वे आउने व्यक्तिहरु भनिन्छ ।

**ङ. ख्वा स्वः वनेगु  ( छोरीको मुख हेर्न जानु )**

ज्यापु समाजमा छोरी बिबहा गरी पठाएको भोलि पल्ट नै छोरीको मुख हेर्न जाने गर्छन् तर दुलहाको घरमा भोज गरेन भने त्यस्तो मुख हेर्ने जाने गरिदैन । दुलहीका परिवार, मामा,माइजु, फुफु, दीदि, बहिनी, दाजु, भाउजु, भाइ, बुहारी फुकिहरु तथा साथीभाइहरु जाने गर्छन ।  यसमा  कति  जना  मुख हेर्न जाने भन्ने कुरामा बिबहाको प्रकारमा भर पर्छ । बिबहा कसरी कस्तो प्रकारले गरेको छ सानो वा ठूलो, अथवा न्याफा कुँ वा निफा कुँ त्यसमा भरपर्छ । न्याफा कुँ बिबहा गरेको छ भन्ने छोरीको मुख हेर्न जानु अनिवार्य हुन्छ तर न्याफा कुँ बिबहा गरेका छैन भन्ने छोरीको मुख हेर्न जानु अनिवार्य छैन । न्याफा कुँ बिबहा गरेमा लखा मह्रि साठी जोर लिने चलन छ । साठी जोर लखा मह्री लिएपछि मुख हेर्न जाने संख्या साठी जना भन्दा घटी हुन्दैन । निफा कुँ बिबहा गरेमा तीस जोर मात्र लखा मह्रि लिने गर्छ र मुख हेर्न जाने संख्या पनि तीस चालि जना भन्दा बढी हुन्दैन ।

मुख हेर्न जाने दिन दुलहाको मुख्य भोजको राती हुन्छ । भोज आएका सबै आफन्त वा साथीहरु घर गइसकेपछि सुवालहरुले मुख हेर्न आउनेलाई खानाको जोरजाम गरिन्छ । मुख हेर्न आउँदा दुलहीका परिवारले “मह्री कछि” त्यसभित्र ६ माना चिउरा, एउटा लाखा मरी राखी तन्न बन्द गरेको हुन्छ । त्यही मह्रीकछि छोरीलाई दिन्छ । अर्को बाटामा चामल राखी त्यसमा एउटा लुगा र १० रुपैया राखेर दिन्छ । बुबाले जति सक्छ त्यती बढी छोरीलाई पैसा दिएर सुपारी लिन्छ । त्यसपछि क्रमशः आमा दाजु, भाई, दिदी, बहिनी, मामा, माइजु, फुफु आदिले पचास, सय रुपैंया हाली सुपारी लिन्छ । त्यसपछि ईष्ट मित्र साथी भाईहरु जोजो त्यहाँ गएका छन् । ती सबैले  आफ्ना  दक्ष  अनुसार पैसा हाली सुपारी लिन्छ । यही संस्कारलाई नेवारी समाजमा

**"ख्वा स्वेयगु"** भनिन्छ । यसमा दुलही पक्षले सके सम्म बढी जवान जम्मा पारी मुख हेर्न जान्छन  किनभने भोज  खुवाउने दुलहा पक्ष भएको हुनाले जति गयो त्यतीले भोज पनि खान पाउने र छोरीको दाइजो (पैसा) पनि बढ्ने हुन्छ । दुलहा पक्षले लमि मार्फत संख्या सोधेर त्यही अनुसार भोज तयार गर्छन । यस भोजमा सकेसम्म राम्रो र विभिन्न प्रकारका खाना राखेको हुन्छ । मासुनै धेरै प्रकारको हुन्छ । छ्वेला, भुतनी, लाव, लापी, तःखा, न्याखुना, हुन्छन् भन्ने मह्रीहरु पनि धेरै प्रकारका हुन्छन् । सुद्ध रातमा खुवाउने भएकोले धेरै प्रकारको भएता पनि केटा मान्छेले बाहेक स्वास्नी मानिसहरुले नखाई घरमा ल्याउने गर्छन । खाना **'भ्वे ब्व'** (खानाको भाग)  संख्या अनुसार राखी हाल्छन् । किनभने लमि मार्फत कति जनालाई भोज तयार गर्ने हो त्यो पहिले नै तोकि सकेको हुन्छ । त्यसैले मान्छे नआएमा पनि "भ्वे ब्व' संख्या अनुसार राख्छन् । यदि उक्त बिचा भोजमा आउनु पर्ने आफन्तहरु  नआएमा पनि उक्त "भ्वे ब्व" लमि मार्फत दुलही पक्षलाई पठाउने गर्छन् । यस्तो मुख हेर्न जाने चलन चाहिं ज्यापु समाजमा "न्याफा कूः" बिबहा भोजमा मात्र चलन छ । भोज सकेपछि सबैलाई दुलहा पक्षले मसला दिन्छन । त्यसपछि आमा बाबुले छोरीलाई घर ब्यबहारमा गर्नु पर्ने कुरा सम्झाएर आफ्ना सम्झीहरु संग बिदा मागी घर फर्कछन् । ज्यापु समाजमा "ख्वा स्व वनेगु" चलन आजभोलि पूर्ण रुपमा बन्द नै भैसक्यो । भोलिपल्ट दुलहा पट्टीका परिवार मामा, माइजु, फुफु लमि बा मा आफ्ना फुकिहरु दुलहा र दुलही सहित पकना पुजा जान्छन् । यो देवता लैनचौरको पकना जोलमा छन् । आजभोलि पकना पुजा जाने कम भैसक्यो ।

**च. दुचायकेगु (सम्बन्ध गास्नु)**

ज्यापु समाजमा भोज सिधिएको तेश्रो दिन दुलहा पक्षलाई दुलही पक्षले सम्बन्ध गाँस्नु भनेर बोलाउँछ । यसलाई नेवारी भाषामा **"दुचायकेगु"** भनिन्छ । अर्को भाषामा **"संम्झि स्वाकेगु"** पनि भनिन्छ । यसबेला दुलहा र उसको बा मात्र जाने गरिन्छ ।  त्याहाँ दुलही पट्टिका बा, मां, मामा, माइजु, फुफु र फुकिहरु सबैले दुलहासंग सुपारी लिने चलन ज्यापु समाजमा छ । सुपारी लिने काम सकिएपछि उनीहरुलाई भोज खुवाउँछन् । भोज खुवाइ सकेपछि मसला दिन ल्याउँछन् । त्यसपछि दुलही सहित घर फर्कन्छन् । त्यसको भोलिपल्ट दुलहा पक्षले दुलही पक्षलाई निमन्त्रणा गर्छन् । निमन्त्रणा अनुसार आएर भोज खान्छन । उनीहरुलाई पनि त्यसैगरी

भोज खुवाइ सकेपछि मसला दिएर विदा गर्छन । छोरीलाई घर ब्यबहारको बारेमा राम्ररी सम्झाएर घर फर्किन्छ । यसैलाई भनिन्छ **"सम्झि स्वाकेगु"** ।

बज्राचार्यको "दुचाय्केगु" गर्ने बेला ज्वाईंसंग सुपारी लिन्छ त्यसपछि दुबै संग राखी एउटै थालमा ८४ ब्यञ्जनको खाना राखी खुवाउँछन् यसलाई **"थाय् भू नकेगु"** भनिन्छ । यस्तो संस्कार बज्राचार्यको मात्र छ भन्ने जोशीहरुको छोरालाई घर फर्काउने भनी दही लिएर जानु पर्छ । कसाईंहरुको ज्वाईंलाई चार दिन सम्म दुलहीको घरमा सुताउँछन् । चौंठो दिनमा मां बा छोरा लिन जाने भनी मिठाई, रक्सि लिएर जान्छन् र दुलहीका मा, बाले पनि ज्वाईसंगैं छोरीलाई बिदा दिइ पठाउँछन् । यसरी नेवार समुदाय भित्र जात अनुसार संस्कार फरक भएको पाउँछौ भन्ने ललितपुर, भक्तपुर र काठमाण्डौं उपत्यका भित्रका ज्यापु जातकै संस्कार पनि फरक फरक पाउँछौ ।

## ५.१०. पारपाचुके गर्नु (सम्बन्ध विच्छेद गर्नु )

लोग्ने र स्वास्नी वीच सम्बन्ध बिच्छेद गर्नुलाई **"पारपाचुक"** भनिन्छ । बिबहा भइ सकेपछि दुइ जोडि कुनै कारणले मिलेर बस्न नसकेमा उनीहरु बीच फाटो आउँछन् । यसरी फाटो आएपछि पति पत्नी छुटिने हुन्छन् । यसरी लोग्ने स्वास्नी धेरै बर्ष सम्म छुटेर बसे पनि पछि मिलेको पनि पाइन्छ । तर कानुनी रुपमै छुटिनु कार्यलाई **"पार पाचुके"** भनिन्छ । दुइ जोडी मध्ये एउटालाई मन पर्नु अर्कोलाई मन नपर्नाले घरमा वा उक्त परिवारमा कलह निष्कन्छन् । यो लोग्ने स्वास्नी मध्ये स्वास्नी पोइल गएमा लोग्नेले बिबहा खर्च तिराई पारपाचुके गरिन्छ । यदि स्वास्नीले मन पर्ने भएतापनि लोग्नेले अर्को केतीसंग बिबहा गरेमा स्वास्नीले बिबहा खर्च तिराई दाइजो सबै फर्काएर पारपाचुके गरिन्छ । ज्यापु समाजमा स्वास्नी मानिसहरु धेरै नै स्वतन्त्र छन् । उनीहरु अरु जात जस्तै लोग्नेको अन्तरमा धेरै दबिएर बसेको पाइदैन । ज्यापु समाजमा लोग्ने धेरै सिकिष्ट विरामी मै अन्तिम अवस्थामा पुगेमा पत्नीले आफुलाई लखा ल्याएको बेला दिएको सुपारी पतिको टाउकोमा राखी दिएमा उनी विधुवा हुनबाट मुक्त हुन्छन् र अरुसंग स्वतन्त्र रुपले बिबहा गर्न सकिन्छ । यसरी नेवार समुदायको ज्यापु समाजमा पारपाचुकेको संस्कार छ ।

अरु नेवार जातको परिवारमा पतिले भात नखाए सम्म पत्नीले भात नखाई दिनभरै भोकै बस्नु पर्ने हुन्छ। ज्यापु समाजमा त्यस्तो संस्कारबाट स्वतन्त्र छ। कुनै कारणले पति मृत्यु भएमा जीवन भर बिधुवा बस्दैन। सक्नेले एक बर्ष कुर्छ नसक्नेले बीचैमा अर्कोसंग बिहे गर्छ। यस्तो कुरा आफ्नै आमा बाबुले नै मिलाई दिन्छ। आजकल ज्यापुहरुले ईन्टरकास्ट बिबहा गरेको पाईन्छ। **ज्यापु समाजको बिबहा सम्बन्धी विवरण** तलको तालिकामा देखाइएको छ।

तालिका नं.:-१६


| नं. | टोलको नाम | ज्यापुसंग | श्रेष्ठसंग | श्याक्यसंग | अरुसंग | बिधुवा | पारपाचुके |
|---|---|---|---|---|---|---|---|
| १ | अग्नीशाल | ५२ | २ | १ | ० | ५ | १३ |
| २ | छायबहाल | १६३ | २ | १ | १ | १६ | ० |
| ३ | कायगु ननी | १२२ | ० | १ | २ | ११ | १ |
| ४ | कुछेननी | १३२ | ४ | २ | २ | १ | ० |
| ५ | मिखाबहाल | १९० | २ | ० | १ | २ | ० |
| ६ | नःटोल | १२३ | ० | ० | ० | १३ | १ |
| ७ | पूर्णचण्डी | ९३ | ० | ० | ० | ११ | ० |
| ८ | दुपाट टोल | ३५५ | १ | १ | ६ | २९ | २ |
| ९ | धालाछें | १३४ | ० | ० | ० | १५ | ० |
| १० | गुइटोल | २२८ | ० | ० | ० | १० | ० |
| ११ | हकटोल | १२० | २ | ० | ३ | १६ | १ |
| १२ | लुँखुसि | २६२ | २ | ० | २ | ३५ | १ |
| १३ | पिंछें | २४९ | ० | १ | ० | १५ | १ |
| १४ | पिलाछें | २५७ | ५ | १ | ० | ११ | ० |
| १५ | सःक्वो | १०९ | १ | ० | १ | १८ | ३ |
| १६ | सुबहाल | २२० | ० | ० | ० | ३० | १ |
| १७ | त्यागः | १७९ | ० | ० | ० | १६ | ० |
| १८ | यलमुगः | १२० | ० | ० | ० | २६ | ० |
| १९ | भिन्द्योलाछि | २२० | ० | १ | ४ | १३ | ० |
| २० | भेलाछें | ४३ | ३ | ० | ० | ६ | |
| २१ | चाबहा टोल | १०६ | १ | १ | १ | ५ | ० |
| २२ | चोछें | ९६ | १ | ० | १ | ८ | ० |
| २३ | च्यासल टोल | ३१७ | ६ | १ | ५ | १७ | ४ |
| २४ | छुसिका टोल | ५७ | ० | १ | ० | ७ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | धौगा टोल | ५६ | १ | १ | १ | ४ | ० |
| २६ | गःछें | ३८५ | ८ | ५ | ४ | ३० | १ |
| २७ | गा:हिति | १३७ | ० | १ | ६ | २० | १ |
| २८ | हौगः | ७७ | ० | १ | ० | ९ | १ |
| २९ | ईबाननी | ६६ | ० | ० | ० | १६ | ३ |
| ३० | कुटीसौगः | ४५ | २ | ० | १ | ३ | २ |
| ३१ | क्वेलाछि | १५३ | १ | ० | ० | १८ | ० |
| ३२ | खपिंछें | ९६ | १ | ० | १ | ८ | १ |
| ३३ | लांलं | १०८ | २ | ० | २ | ९ | १ |
| ३४ | नकबही | २०५ | ० | ० | २ | ११ | १ |
| ३५ | ँसलिंछें | १९४ | १ | ० | २ | १० | ० |
| ३६ | तःननी | १३७ | ३ | ० | २ | ७ | ० |
| ३७ | तःलाछें | ५० | ० | १ | १ | ६ | ० |
| ३८ | वलखु | ७४ | ० | ० | २ | ३ | ३ |
| ३९ | बागर | ६३ | ० | ० | ० | ५ | ० |
| ४० | पुल्चोक | २५७ | १ | ० | ११ | ३७ | १ |

माथिको तालिकालाई बिश्लेषण गर्दा ललितपुरको ज्यापु समाजमा अरु जातिसंग पनि बिबहा गर्दै आएको देखिन्छ । त्यस तालिकामा देखाए अनुसार श्रेष्ठसंग बिबहा गर्ने ७२ जना देखिन्छ भन्ने श्याक्यसंग बिबहा गर्ने २१ जना छन् । नेवार बाहेकका अरु जातिहरुसंग बिबहा गर्ने ६४ जना देखिन्छ । तालिकामा देखाए अनुसार श्रेष्ठसंग बिबहा गर्ने सबभन्दा बढी गःछें टोलमा ८ जना छन् । त्यसपछि च्यासल टोलमा ६ जना, पिलाछें टोलमा ५ जना, कुछे ननीमा ४ जना रहेको पाइन्छ । श्याक्य जातिसंग बिबहा गर्ने सबभन्दा बढी गःछें टोलमा ५ जना छन् भन्ने अरु टोलहरुमा १,२ जना मात्र छन् । त्यस्तै नेवार बाहेकका जातिहरुसंग बिबहा गर्ने सबभन्दा बढी गाहिति टोलमा ६ जना दुपाट टोलमा पनि ६ जना नै छन् । अरु टोलहरुमा १,२ जना छन् भन्ने कुनै कुनै टोलहरुमा छदै छैन् । ललितपुर नगरमा ज्यापु समाजमा बिधुवा महिलाहरु जम्मा ५३९ जना रहेका छन् भन्ने पारपाचुके गर्ने महिलाहरु जम्मा ४२ जना मात्र देखिन्छ । सबभन्दा बढी बिधुवा महिला प्राप्त टोलहरुमा क्रमशः पुल्चोकमा ३७ जना, लुँखुसिमा ३५ जना, सौबहालमा ३० जना, गःछें टोलमा ३०, दुपाटमा २९ जना रहेका छन् । प्रत्येक

टोलमा बिधुवा नभएको टोल नै छैन । त्यसै गरी ललितपुरको ज्यापु समाजमा सबभन्दा बढी पारपाचुके महिलाहरु भएको टोल अग्नीशालमा मात्र १३ जना रहेका छन् । अरु टोलहरुमा जस्तै च्यासलमा ४ जना, इबाननीमा ३ जना, वलखुमा ३ जना छन् । २० वटा टोलहरुमा एक जना पनि पारपाचु गरी बस्ने महिलाहरु छैन । यसलाई तल स्तम्भ चित्रमा पनि देखाइएको छ ।

चित्र नं. :-१५




## ५.११. जंकु (भिमरथारोहण)

मानव जीवनमा गरिने संस्कार अन्नप्रासन, कय्तापुजा र बुढा पास्नी मध्ये यो भिमरथारोहण अति महत्व छ । कुनै पनि मानिस बुढा वा बुढी भएपछि ७७ बर्ष, ७ महिना , ७ दिन, ७ घण्टा, ७ मिनेट, ७ सेकेण्ड भएको दिन ग्रह दशा शान्त गर्न ग्रह मण्डल दर्शन गराउने दिनलाई भिमरथारोहण वा पहिलो ज्याथ जंकु भनिएको छ । यस पहिलो जंकु कसैले आफ्नो आर्थिक कमजोरका कारणले आफ्नो देवाली गुठीको थकालीले सगुन दिलाएर सिध्याउँछ । कसैले घरमा यज्ञ शाला बनाई पुजा आजा गरी साधारण तवरले सिध्याउने गरिन्छ । पैसा हुनेले राम्ररी नै गर्ने गरिन्छ । जंकुको पुजा आजा ३ तीन दिन सम्म गर्नु पर्छ । देवताको सबै पुजा पाठ गर्नु पर्ने भएकोले ३ तीन सम्म गर्नु पर्ने हो ।[४६] पहिलो दिनमा गरिने पुजा पाठलाई धुसः भनिन्छ । भोजको भाषामा यसलाइ " **छ्वेलाई भु** " पनि भनिन्छ । मुख्य दिनमा बुढा बुढीलाई विभिन्न ध्वजाले सजाएको खतमा राखी देवताको दर्शन गराउन नातीहरुले बोकेर लग्छन् । त्यसको

अगाडि बाजा हुन्छन् भन्ने त्यसको पछाडि जंकु गरेका व्यक्तिको विभिन्न सन्तानहरु अक्षता, ताय् र अबिर (भुतेको धान) छर्दै जान्छन् । सबभन्दा पछाडि खतलाई बोकेर ल्याउछन् । ल.पु. नगरका ज्यापु जातिले यस्तो ज.कु घुमाउन ल्याउँदा मिननाथको मन्दिर, मच्छिन्द्रनाथ ( पाटनमा भए) मन्दिर र हिरण्यवर्ण महाविहार (क्वावहा आजु) देवता कहाँ दर्शन गर्न लग्छन् । त्यसपछि घरमा ल्याएर जंकु गर्ने बुढा वा बुढीलाई यज्ञ शाला मै बसाउँछन् । अरु मानिसहरु बाजा सहित भोज खाने तिर लाग्छन् ।

मानिसको जीवन भरी ५ पाँच पटक सम्म जंकु गर्ने गरिन्छ । दोश्रो जंकु चन्द्रमाको तिथि अनुसार हजार पटक चन्द्रमा देखिने हुनाले सवालाख तेल बत्ति उसको अगाडि राखी बेलुका चन्द्रमा उदाएपछि बाल्छन् । यो पूर्णिमाको दिनमै गरिन्छ । यसबेला मासु बिहिन भोज हुन्छ । दोश्रो पटकको जंकु ८३ बर्ष ४ महिना ४ दिन ४ घण्टा ४ मिनेट र ४ सेकेण्ड पुगेको दिनको साइतमा गरिन्छ । तेश्रो पटकको जंकु गर्न पाउने मानिस धेरै भाग्य मानि मानिन्छ किनभने उ देवता समान भएको थान्दछन् । यो जंकु ८८ बर्ष ८ महिना ८ दिन ८ घण्टा ८ मिनेत ८ सेकेण्ड पुगेको साइतमा कानमा चाचा (सुनको औंठी) लगाउने गरिन्छ । यसबेला जंकु गर्ने मानिसलाई पाङग्रा भएको खतमा राखी बसुकाप (सेतो कपडा) भुइंमा ओछ्याइ त्यसको माथि नातीहरुले विस्तारै तानेर देवताहरुको दर्शन गर्न लग्छन् । देवताहरु पहिलो जंकुगर्दा जति छन् त्यति नै देवताहरु नै हुन् । बाजा गाजा र आफ्ना आफन्तहरु पुजा गर्नेहरु पहिलो जंकु जस्तै सबै त्यति नै हुन्छ । त्याहाँबाट फर्काएर ल्याई उनलाई झ्यालबाट तानेर भित्राउँछन् । बाटो देखि झ्याल सम्म खतलाइ तान्न काठ थोकेर बाटो बनाएको हुन्छ । तेश्रो पतकको जंकुलाई “ **देब रथारोहण** ” र अर्को भाषामा “ **महारथारोहण** ” पनि भनिन्छ । यसरी तीन पटक सम्म जंकु गरेपछि मानिस देब समान हुन्छ भनी धारणा छ । चौंठो पटक सम्म जंकु गर्न पाउने गरी बाँचेको मानिसलाई जंकु गर्ने बेला ठूलो माटोको धम्प भित्र राखी उक्त धम्प फुताली निकाल्दछ । जसरी बच्चा जन्माउँदा गरिन्छ त्यसरी नै सबै संस्कार गरिन्छ । यो भनेको उसको पुनर्जन्म हो भनी मान्न सकिन्छ । चौंठो पटकको जंकु गर्नेलाई “ **महादिव्य रथारोहण** ” भनिन्छ । चौंठो पटकको जंकु ९९ बर्ष ९ महिना ९ दिन ९ घण्टा ९ मिनेट र ९ सेकेण्ड

---

४६) धर्म गुभाजु , बर्ष - ७५ ललितपुर उ.म.न.पा. वडा नं. ७

पुगेको साइतमा गरिन्छ भन्ने पाँचौं पटकको जंकु १०८ बर्ष ८ महिना ८ दिन ८ घण्टा ८ मिनेट र ८ सेकेण्ड पुग्योकी गरिन्छ ।

पहिलो जंकु गर्दा खतमा सूर्यको प्रतीक राखी सूर्यको पूजा गराउँछ । दोश्रो जंकु गर्दा चन्द्रमाको चिन्ह राखी चन्द्रमाको पुजा गराउँछ भन्ने तेश्रो जंकु गर्दा खतमा नारायण ईष्तदेव आदिको प्रतीक अनुसार पुजा गराउने देखिन्छ । यसरी प्रथम जंकु सिधेपछि पाँच पाँच बर्ष पछि दोश्रो र तेश्रो जंकु गरिन्छ । यस्तो जंकु गर्दा पत्नीको जतिसुकै उमेर भए पनि पतिसंगै जंकु गरिन्छ । जंकु गर्नु अघि पति मृत्यु भएमा वा पहिलो पटक संगै गरेर दोश्रो गर्नु अघि पति मृत्यु भएमा पत्नीको उमेर अनुसार जंकु गरिने ज्यापु समाजको चलन देखिन्छ । यो संस्कार बारे पनि हिन्दुहरुको सोह्र संस्कारमा उलेख भएको देखिदैन । त्यसैले नेवारहरुले गर्दै आएको संस्कार सोह्र संस्कार भन्दा भिन्न देखिन्छ भन्ने कुनै कुनै संस्कारमा नेवार समुदाय भित्र पनि ज्यापु समाजको भिन्नै संस्कार देखिन्छ ।

## ५.१२. मृत्यु (अन्त्येष्टि)

मृत्यु मानिसहरुको जीवनको अन्तिम संस्कार हो । मानिस जन्मेपछि मृत्यु पनि निश्चित छ । आत्मा र  शरीर नहुनु नै भौतिक अर्थमा मृत्यु हो । जीवनको अन्तिम  अध्यायमा समाष्टि भन्नु नै अन्त्येष्ति हो । मानिसहरुले आफ्नो जीवनकालमा राम्रो पारी जानलाई भिन्न भिन्न संस्कारहरु चलाउँदै आएका छन् । त्यस्तै अन्त्येष्टि संस्कार पनि यो लोक छोडी अर्को लोकमा वा पुनरजन्ममा राम्रो ठाउँमा पार्न सुख आरामको कामना गर्दै यस संस्कारलाई चलाउँदै गरेको देखिन्छ ।[४७]

मानिसको विश्वास अनुसार मानिस मृत्यु पछि पूर्ण रुपमा मानिसको अन्त हुन्दैन । आत्मा र शरीर दुइ अलग अलग हो त्यसैले मानिसको शरीर मात्र अन्त हुन्छ आत्मा मर्दैन । मृत्यु  पछि पनि परिवारसंगको सम्बन्ध र सम्पतिसित बाँडिएको हुन्छ र त्याग गर्न नसकिने भएकाले उ घरसंगै रही रहने भनाइ छ । त्यसो भएको हुनाले उक्त शरीरलाई आगोमा पोलेर खरानी गर्ने संस्कारित गरेर पितृलोकमा प्रवेश गर्न सकोस् भनेर नै मृत्यु पछि अन्त्येष्टि संस्कार गर्ने चलन देखिन्छ ।

---

४७. राजवलि पाण्डेको “ हिन्दु संस्कार ” चौंठो संस्करण - १९८५

नेवार समुदाय भित्र जो कोही विरामी भै मृत्यु हुने अन्तिम अवस्था भएमा उसको प्राण वायु जति माथिबाट जान्छ त्यति नै अर्को जन्ममा सुखि कुलमा पर्छ भन्ने मान्यता अनुसार कसै कसैले घाटमा लगी नाटो छुन्ने गरी खोलामा राख्ने गरिन्छ । यस्तो शिकिस्त भएका विरामी राख्ने ढुङ्गा संखमूल घाट, पशुपतिघाट, विष्णुमतिघाटमा अहिले पनि विद्यमान नै छन् तर यस्तो घाटमा लाने चलन कम भएर गएको देखिन्छ । त्यस्तै बौध्द परम्परा अनुसार मर्न लागेका मानिसलाई " **त्रिरत्न गुण रतन सुत्र,** " पढी विरामीलाई सुनाउने गरिन्छ । त्यस्तै ज्यापु समाजमा पनि शिकिष्ट विरामी भै रहेको अवस्थामा **"नामसन"** धारणी पढेर सुनाउने गरिन्छ । यसरी नामसन धारणी पढ्दै नीज मानिस मृत्यु भएमा साह्रै राम्रो मानिन्छ । शिर्किष्ट विरामी भैमस्त सुतिरहेको अवस्थामा कहिलै पनि उठाउनु हुन्दैन भनी मान्यता राखेको छ । जब मृत्यु हुन्छ तब उक्त लासलाई पानीले छर्केर फूल, अविर, धुप बालेर सेतो कपडाले छोप्छ । ज्यापु समाजमा कोही मानिर मृत्यु भएमा उसको जीउमा ऊनी वस्तु हुनु हुन्दैन भनी मान्यता छ । यदि उसको शरीरमा त्यस्ता ऊनी वस्तु भएमा अगति हुन्छ भनी विश्वास छ । त्यसो भएको हुनाले मृत्यु हुन लागेका मानिसलाई खाताबाट वा ठाउँ फेरी दिन्छ । बौध्द मार्गीहरुले कोही मानिस मृत्यु हुन लागेमा आनन्दले स्वर्ग जावस भनी धारणी पढेर सुनाउने गरिन्छ ।[४८]

ज्यापु समाजमा मृत्यु संस्कार व्यवस्थित रुपले गरको पाइन्छ । मृत्यु संस्कारमा सनागुठीको र छोरीको कृयाकलाप ठूलो भूमिका रहेको पाइन्छ । ज्यापु समाजमा व्यक्ति मृत्यु भएमा घरका परिवार र मूल फुकिसंग क-कसलाई बोलाउने भनि सर सल्लाह गरिन्छ त्यही सल्लाह अनुसार छोरीबेती तथा आफन्तहरुलाई खबर पठाउनुका साथै सना गुठीलाई खबर पु-याउँछ । छोरीबेती तथा आफन्तहरुलाई खबर पठाउनुलाई नेवारी भाषामा **"दु कंकः छोय्गु"** भनिन्छ । यसरी खबर पाएपछि छोरीबेटी तथा आफन्तहरुले एकछिन रुँन्छ र उनीहरुले **"दु कपास"** एक टुक्रा किनी रुन्दै मृतकको घरमा आइ मृतकको शरीरमा राखी फर्कन्छन् यो राख्नुको अर्थ अर्को जन्ममा लुगा लाउनलाई कपडा भनिन्छ । आफन्तहरुलाई खबर पु-याए पछि मुख्य फुकिले गुठीका नायकलाई सोधि गुठीबाट आवश्यक सामान, देवं, खुर्पा, कूता, खर्पन, कापी (मलामी जाने गुठीयारहरुको हाजीर गर्न) पानी राख्ने तामाको भाँडो ल्याउँछ ।

---

४८. काजी लाल महर्जन, बर्ष - ८१ पिलाछेँ टोल ललितपुर उ.म.न.पा. वडा न. ७

सनागुठीले खबर पाएपछि गुठीका नायक वा आजुले लाश उठाउने व्यवस्था गरिन्छ । त्यस अनुसार ४ जना लाश बोक्ने र ४ जना लाश जलाउने मानिसहरु आउँछन । त्यस्ता व्यक्तिहरु पालै पालोसित आउनु पर्ने गुठीले व्यवस्था गरेको छ । सोही अनुसार नायकले पालो परेकालाई विशेष खबर गर्छ र अरु गुठीयारहरुलाई **"सना वनेमा"** (मलामी जानु पर्छ) भनी खबर गर्छ । लाश बोक्ने ४ जनालाई नेवारीभाषामा **"म्हय्थां"** भनिन्छ भन्ने लाश जलाउने व्यक्तिहरुलाई नेवारी भाषामा **"गों"** भनिन्छ । यी दुबै म्हय्थां र गों आउनु अघि घरमा गर्नु पर्ने सबै कार्यहरु गर्नु पर्छ ।[४९] व्यक्ति मृत्यु हुनासाथ ज्यापु समाजमा छेडीमा रातो माटोले पोतेर त्यसमाथि पराल राखी लाशलाई सुताई सेतो नयाँ कपडाले पूरै छोप्छ । त्यसपछि लाश माथि हँसियो वा कुनै फलामको टुक्रा राख्ने गरिन्छ । टाउको र खुट्टाको छेउमा दियो बालिन्छ । त्यसैले नेवार समुदायमा कोही व्यक्ति सुतिरहेको अवस्थामा त्यसको टाउको छेउ वा खुट्टा छेउमा पाल्चामा दियो बालेमा अशुभ मान्दछ । घरका सबै छोरीबेटी र आफन्तहरुले **"दु कपास"** ल्याउने कार्य सकिए पछि मृतकको शरीरमा भएको लुगा कपडा फुकाल्ने कार्य मृतकका फुकिले गरिन्छ जसलाई नेवारी भाषामा **"थलाय् क्वलाय् यायेगु"** भनिन्छ र मृतकको शिरमा उसैको चिन्ह (जात:) राखी शरीरलाई सेतो कपडाले बेरेर तीन ठाउँमा सियोले सिएर सियो त्यसै राख्छ र त्यसपछि शरीरमा अबिर र पैसाले छरिन्छ । अनि लाशलाई गुठीको देवंले पूरै शरीर छोप्छ । यो देवं कसै कसैले नयाँ किनेर पनि राख्ने गरिन्छ । मानिसको जिउमा लुगा लगाइ रहेको अवस्थामा फातेको लुगा सिउन हुन्दैन भन्छ । त्यसपछि **"धौ भ्यग:"** (दही राख्ने माटोको भाँडो) २ वटामा गोवरको झोल बनाई स्वस्तिक चिन्ह फुकिका आइमाइले लेखेर लाश त्यसमा राखिन्छ जसलाई नेवारी भाषामा **"सौ साय्गु"** भनिन्छ ।

यी कार्य सकेपछि सना गुठीका **"गों"**हरु आएर लाश राख्ने खत बनाउँछ जसलाई **"कुता"** भनिन्छ । कुता बनाउन जुट, निकालो र काठ आवश्यक छ त्यस माथि **"पुली"** राखिन्छ । पुली भनेको बाँसको चोयाले बनाएको गुन्द्रि हो । कुता तयार भएपछि गोंहरुले लाशलाई उठाएर त्यसमाथि राखिन्छ र नखस्ने गरी बाँडिन्छ । त्यसपछि लाश भएको कुतालाई उठाएर **म्हय्थां**लाई सुम्पि दिन्छ । म्हय्थांहरुले लाशलाई बोकेर मसानतिर लग्छन् । ज्यापु

---

४९. गों पाँचा महजर्न, बर्ष - ८० त:ननि टोल, ललितपुर उ.म.न.पा. वडा नं २२

समाजमा लाशलाई बोक्ने मृतकका ज्वाईंहरुले बोक्ने गरिन्छ । ज्वाईंहरु नभएमा मात्र गुठीका गुठीयार आई जसलाई“ **म्हय् थां”** भनिन्छ  तिनीहरुले बोक्ने गरिन्छ । मृतकका आफन्तहरुले **“दू कंवगु** (खबर) थाहा पाएपछि नातेदारहरुले **“दु कपास”** लिएर आउनुको साथै तौल धान एक पाथी र चानचुन पैसा लिएर आउँछन् । परिवार भित्र मृतकलाई गर्नु पर्ने कार्य सकेपछि गुठियारका गोंहरु ४ जना मध्ये २ जनाले सनागुठीको दाउरा  र घरको केही पराल र छ्वालि लिएर मसान जान्छन् । मसानमा उनीहरुले लगेको दाउरा चाङ्ग लगाई चित्ता बनाएर शव ल्याउना साथ राख्न ठिक पारी राख्छ । घरमा रहेका दुई जनाले छेडीमा सुताइ राखेको लाशलाई उठाएर म्हय्थांलाई सुम्पि दिन्छ । रोएर मलामी जाने छोरीबेटीहरु **“पुन्तु गाः”**मा धान पोको पारी बाहिर आउँछन् र शवलाई पनि बाहिर ल्याइ बोकेर मसान लाने गर्दछ । यदि मृतक व्यक्ति बुढा पास्नि गरी सकेको छ भने छोरीहरुले **“काःबाजा”** राख्ने चलन ज्यापु समाजमा छ । काःबाजा दुइता जातले सामुहिक बजाउने बाजा हो । काः बजाउने ज्यापुले र अर्को नाय् बाजा जसमा सानो भुस्याः र डमरु हुन्छ त्यो नाय् (कसाईं) ले बजाउँछ । यो काःबाजा रोएर धान र पैसा बाटोमा छर्केर जाने आइमाइहरुको पछाडि रहन्छ । त्यसको पछाडि गों रहन्छ जसले पराल र छ्वाली बोक्छ र उसको जिउमा खुर्पा पटुकामा घुसारेको हुन्छ त्यो गों हेर्दा खेरी नै डरलाग्दो हुन्छ । अर्को गोंले धुँवा निस्केको भाजं (माटोको भाडो) र  पानी राख्ने तामाको भांडो, हल्चा (माटोको भाँडा) मा चामल राखी बोक्ने गरिन्छ । भाजंमा रहेको आगो मसानमा दागबत्ती गर्न र हलचामा रहेको चामल काल भैरबलाई भात पकाएर खुवाउनलाई राख्ने भनिन्छ ।[५०]

त्यसपछि शब पछाडि परिवारका लोग्ने मानिस र फुकिहरु पुन्तुगाः ले टाउको छोपेर लाइनमा बसी रुन्दै हिड्छन् । सबभन्दा पछाडि दागबती गर्ने छोरा मानिस रहन्छ । ज्यापु समाजमा बाबु भए जेठो छोराले र आमा भए कान्छो छोराले दागबति गरिन्छ । सबैभन्दा पछाडि सना गुठीका गुठीयारहरु तथा टोलबासीहरु पछाडी धुप बाल्दै धारण पढ्दै जान्छन् । गुठीका नायकले हाजीर कापी र अर्को मूल मानिसले पुजा सामान बोकेर जान्छन् ।

शवलाई बाहिर लग्नु अघि मृत्यु कुन तिथिमा परेको हो  ज्योतिषलाई देखाउँछ । यसरी देखाई सकेपछि ज्योतिषले मरेको बेला **“पंच मे हाः”** भन्यो भन्ने विशेष रुपले पुजा सामान

---

५०) पूर्ण लाल महर्जन, बर्ष - ९०, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

तयार गर्नु पर्छ । पुजा सामानमा ५ वटा कुखुरा फुल राखी ५ वटा खड्ग, पहेंलो कपडा अविर फूल र फूलमाला रहन्छ । यो मसानमा चित्तामा रहेको आफ्नो बा अथवा मां लाई छोराले दागबत्ती दिनु अघि टाउको, दुबै हात र दुइटै खुट्टामा उक्त फुल राखी पुजा गरिन्छ । यस्तो गर्नुको मतलव काल देवतालाई भोग दिनु हो । यदि यस्तो बेला ज्योतिषलाई देखाई **"पंच मे हागु या महागु"** भनि छुट्याएर पुजा गर्न सकेन भन्ने परिवारमा ठूलो दसा लाग्छ । यो दसाले परिवारको वंशज नै सखाप पार्न सक्छ किनभने यो दसाले परिवारमा अर्को पाँच (५) जना सम्म अकालमै मृत्यु हुन सकिन्छ । यो अवस्था साँचै नै समाजमा भैरहेको छ भन्छ ।[५१]

शवलाई बाहिर लग्नु अघि लास राखेको सुकुल, पराल उसको लुगा, कपडा, सिरक, ओछ्यान, औषधी आदि सबै दुइजना फुकी आइमाइ रोएर उक्त सामान बोकेर दो बाटोमा फालिन्छ जसलाई नेवारी भाषामा **"छ्वासः वाय्गु"** भनिन्छ । त्यसपछि पराल र छ्वाली बोक्ने गों ले तीनवटा काँचो ईता बाँडेर त्यही छ्वासःमा फालिन्छ । उक्त तीन वटा ईंटा छ्वासःमा फालेको मतलव परलोकमा मृतकलाई घर बनाउनलाई भनेर हो भन्छ । त्यसपछि शवलाई म्हय्थां अथवा ज्वाईंहरुले बोकेर विस्तारै काःबाजा बजाउदै अगाडि आफ्ना नातेदार आइमाईहरु रुन्दै धान छर्दै मलामी जान्छन् शवको पछाडी पुरुषहरु पुन्तुगाःले टाउको छोप्दै उनीहरु पनि रुन्दै मलामी जान्छन् । रोएर जाने आइमाई तथा लोग्ने मानिसहरु सबैलाई गुठियारहरुले समाती दिन्छन् । यसरी शवलाई मसानमा लगेपछि घरमा २ जना फुकी आइमाइले अघि लाश राख्न सौःसागु धौः भ्यगः र कुचो बोक्दै रोएर त्यही छ्वासःमा फाल्न लग्छन् र उनीहरुलाई अर्को फुकी आइमाइले **"गोपचा"** (पानी राख्ने माटोको भाँडो) मा रहेको पानीले हात पखाली दिन्छ ।

शवलाई चित्तामा राखेपछि कूता भिकिन्छ । सबभन्दा पहिला गोंले बोकेर ल्याएको तामाको भाँडोमा सफा पानी ल्याएर म्हय्थांहरु चारैजनाले दुबै हात जोडेर मृतकलाई पानी खुवाउँछ । त्यसपछि पंक्तिबध्द भएर रोएर आएका आइमाइहरुले आइमाइहरुले आ-आफ्नो दक्ष अनुसार मुखमा पैसा हाली पानी खुवाएर आफुले बाटोमा छर्दै आएको सबै धान शरीरमा राखी पाउ धोगेर जान्छन् त्यस्तै लोग्ने मानिसहरुले त्यसै गरी मुखमा पैसा हाली पानी खुवाउँदै पाउ धोएर जान्छन् । अन्तमा मृतकलाई दागबत्ती दिने छोरो मानिसलाई गों ले बोकेर ल्याएको आगो

---

५१. बुरु बीर महर्जन, बर्ष - ९१, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा न. १७

जुन  भाजंमा छ त्यसबाट  एक मुट्ठा छ्वाली बाली दागवत्ती गर्ने व्यक्तिलाई दिन्छ । उसले उक्त बलेको छ्वाली समाती तीन पटक लाशको चित्ता घुमी टाउकोमा छोएर त्यसको मुनी राख्छ त्यसपछि उसले लाशलाई धोगेर बागमती जान्छ

दागबती दिनु अघि म्हय्थांहरुले लाश माथिको देवं झिकी आफ्नो सामान लिएर घर फर्कन्छन् भने नायकले मलामी आउने गुठीयारहरुको हाजीर लिन थाल्छन् । मलामी नआउने गुठियारलाई गएल गरी बौं (जरिवाना) राख्छन् । पहिला पहिला यस्तो बौं एक पैसा दुइ पैसा (बि.स. १९९० साल तिर) मात्र थियो भन्ने अहिले यो प्रतिव्यक्ति ५ रुपैया सम्म पुगेको छ । अझ थाहा पाएर पनि गों र म्हय्थांको पालोमा उ आएन भन्ने चलन चल्तीको ज्याला बौं राखिन्छ ।

ललितपुर नगर भित्र ज्यापु समाजको मसान घात विभिन्न ठाउँमा छन् । जस्तै १) बाल कुमारी २) संखमुल ३) नक्खु खोलाको वारीमा छन् । रोएर गएका आफन्तहरु सबैले बाल कुमारी लाने ज्यापुहरुले मनोहरा खोलामा लुगा नफुकाली टाउको नुहाएर घर जान्छन् । त्यस्तै संखमुलमा लाने ज्यापुहरुले बागमतीमा नुहाउँछ भने यप्पामा लाने ज्यापुहरुले नक्खु खोलामा नुहाएर घर फर्कन्छन् ।

मलामी गएका आफन्तहरु घर फर्कनु अघि उनीहरुलाई शुद्ध पारेर घर भित्राउँछ जसलाई **"बलि पिगु"** भनिन्छ । यस्तो गर्नलाई घरको संघारमा एउटा ठूलो सलिं भरि भुरभुराउँदो आगो राखी त्यसमा तोरी, चिउराको कनिका राख्ने गरिन्छ । त्यसपछि मलामी गएका सबैलाई लाइनमा राखी चिउराको कनिका लसुन र एउटा साँचो त्यो बलेको आगोमा छोएर राख्छ त्यसपछि चिउराको कनिका शरिरमा तीन पटक छोएर दायाँ बायाँ र माथि फालेर सबैलाई पानीले हात  धोएर भित्राउँछ र दागबत्ती गर्ने मानिस सबभन्दा पछाडी हुन्छ । यस्तो बलि पियगु कार्य अरु टोलको वा बिबहा गरी पठाएका छोरी र उनका छोरा छोरीहरु उनकै पतिका घरहरुमा नै गरिन्छ माइतमा गरिदैन । तर मुख्य फुकीहरु आफ्नै घरमै गरिन्छ भन्छ ।[५२]

गोंहरुले लाश जलाएर घरमा खबर दिन्छ र घरबाट उनीहरुलाई ६ माना चिउरा, नुन अलिकति र अदुवा दुइ तीन टुक्रा दिन्छ जसलाई **"मुंका बजि"** भनिन्छ । त्यो उनीहले खान्छन् । त्यसपछि  घरका दाजु  भाई  तथा  फुकि मिलेर जलाएको लाशको खरानी नदीमा फाल्नलाई

---

५२. जीत मान महर्जन, बर्ष - ६९, हकटोल ललितपुर उ.म.न.पा. वडा न. ७

जान्छन् । जसलाई नेवारी भाषामा **"नौ चुकेगु"** (नौ-खरानी,चुकेगु- खोलामा बगाउने ) भनिन्छ । नौ चुकेगु काम सकिए पछि घरमा भात पकाएर खाएपनि हुन्छ । यस्तो काम सूर्य अस्ताए पछि घरबाट **" नौ चुकेगु "** भनेर बाहिर जानु हुन्दैन । त्यसैले यदि लाश जलाउने साँझ तिर सकिने अन्दाज छ भन्ने उनीहरु सूर्य अस्ताउनु अघि नै घर बाहिर आएर मसानको नजीकको पाटीमा बसिरहन्छ । त्यसैले यस्तो कामको लागि मसानको ३०० मिटर जति टाढा पाटी बनाइ रहेको छ । **"नौ चुकेगु"** कार्यका लागि पुजा सामान अक्षता, अबिर, फूल, हठं दुईटा (आँखाको लागि) र एउता कौडा (मुखको लागि) पात (बर्षा छाता बनाउन) मा यी सबै सामान **"भाडा खमु"** मा राखेर बोकेर जान्छन् । मसानमा उक्त जलाएको खरानीलाई मानिसको आकार बनाई माथि उलेखित सामान राखी पुजा गरिन्छ । त्यसपछि ती सबै खरानी उक्त भाडा खमु मा राखी दुबै जनाले बोकेर खोलामा बगाएर घर फर्कन्छन् । घर फर्केपछि घरका परिवारले पहिला पकाइ सकेको खानेकुरा भए सबै फाली भाँडा कुंडा पखाली भात पकाई खाने गर्छ भन्छ ।[५३]
बज्राचार्यहरुको मृतकको अस्थि घरमा ल्याई चैत्यमा राख्ने गरिन्छ । कसैकसैले अस्थिलाई आगं ( घरको पुजा गर्ने गोप्य ठाउँ) मा राखी पुजा गरी राख्छ भन्छ ।[५४]

ज्यापु समाजमा जन्मेर ४ महिना नपुग्दै बच्चा मृत्यु भएमा उसलाई ढकनीमा राखी राती टोल बाहिर खेतमा खाल्डो खनी गाड्ने चलन छ । त्यसकारण ललितपुर नगरको पुरानो ढोका बाहिर धेरै ठाउँमा **"मचागाल"** स्थान पाइन्छ । यदि बच्चालाई अन्न प्रासन गराइ सकेर व्रतबन्ध (कैता विइगु वा गुफा नराखे सम्म) नगरी मरेमा उक्त बच्चालाई कु:तामा राखेर नलगी एक जना वा २ जना व्यक्तिले हातमा बोकेर मसान लाने गरिन्छ ।[५५] तर यस्तो चलन वासंस्कार हस्पितलको सुविधाले गर्दा देख्न पाइदैन ।

**"नौ चुकेगु"** कार्य गरि सकेपछि घर परिवार र मूल फुकिहरु बसी बिचा कंकेगु बारे छलफल गरी लिष्ट बनाउँछन् । सोही लिष्ट हेरी दुइ तीन समुह विभाजन गरी फुकीहरुले **"विचा हाय्गु"** भनी खबर दिन जान्छन् सो खबर थाहा पाउने वितिकै एक छिन आफन्तहरु रुन्छन् । भोलिपल्ट सबेरै थाहा पाउने सबै आफन्तहरु, फुकिहरु र साथी भाइहरु **"बिचाः वनेगु"**

५३. कान्छा महर्जन, बर्ष - ८०, क्वबहाल टोल, ललितपुर उ.म.न.पा. वडा न. ११
५४. हर्ष रत्न शाक्य, बर्ष - ७८, वकुबहाल टोल, ललितपुर उ.म.न.पा. वडा न. ६
५५. कालुचा महर्जन, बर्ष - ७३, पिंछैं टोल, ललितपुर उ.म.न.पा. वडा न. ८

वा **"बिचाः फयुगु"** भनी मृतकको घरमा जान्छन् । यस्तो प्रक्रिया चार पाँच दिन सम्म हुन्छ । त्यसै गरी खबर पठाएका सबै आफन्तहरुका घरबाट "ब्या वनेगु (हेर विचार गर्न जाने) भनी आइमाइहरु रोएर बेलुका मृतकको घरमा जान्छन् । रोएर आएको सुन्ने वितिकै घरका आइमाइहरु पनि रुन थाल्छन् र विचाःआउने आइमाइहरुले ६ माना चिउिरा, सिंकें (मुला साग माटो मुनी राखी बनाएको ) हरियो सागहरु र पाँच दश रुपैंया राखेर ल्याउँछ । घरका परिवार र उनीहरु पनि रुन्ने भएकोले उनीहरुले ल्याएको खानेकुरा ठीक ठाउँमा राख्न फुकिका आइमाई वा छिमेकी आइमाई एक जना बोलाइ राखेको हुन्छ । ज्यापु समाजमा यस्तो विचा आउने पुरुष वा आइमाई दुइ दिन सम्म मात्र आउने गरिन्छ ।[५६] मरेको भोलि पलट देखि भात खानु अघि मृतकलाई एक भाग पाटमा भात राखी मुल ढोकाको दायाँ वा बायाँ राखिन्छ । यसलाई **"पाखा जा"** भनिन्छ । (पाखा= छाना) भात छाना भित्र र घर बाहिर राखिने भएकोले पाखा जा भनिएको हो ।

**क) न्हेयन्हुमां ( सात दिनको काम )**

पाखा जा राख्ने सात दिन सम्म लगातार राखिन्छ । सातौं दिनमा भात पितृलाई दिने कार्य गरिन्छ जसमा भात सहित नौ थोक घासाहरु बेसार नराखी बनाएको हुन्छ । यस दिन बिहानै देखि सबेरै उठेर छोरीहरु आएर लितपोत गरिन्छ र यसदिन जुठो भएको घरको छोरीबेटी बाहेक अरु कोही पनि घर भित्र बस्न र पस्नु हुन्दैन । त्यही पितृ कार्य गरिने सातौं दिनलाई **" न्हेयन्हुमा "** भनिन्छ ।

न्हेयन्हुमाको दिनमा घरको सबै भाडा कुडा माझेर स्नान गरेपछि छोरीहरुले नै पुजा सामान किनेर ल्याउने गर्दछ । चुल्होमा सेतो भटमास, बोडी, मुला, आलु, अदुवा, केराउको दाल, मासको दाल गरेर सातथोक पकाउछन् । त्यसै कारण ज्यापुहरु अघिपछि सातथोक खाना बनाउँदैन भने चाड पर्वमा पनि पुजा गर्ने म्ह पुजाको मण्डपमा पनि सातवटा राख्दैन । त्यसमा एउटा थपेर आठ वटा पुऱ्याउँछ । पहिला पहिला समयमा भए वाँसको पिचामा राख्ने गर्दथे । माटोको कुलिंचा "द्योना लप्ती" (बेसारको पात जस्तो) मा पुजा सामान राखेर दुइवटा ठूला ठूला टपरीमा सातमाना भात राखिन्छ । जुन एउटा राती र अर्को दिउँसोलाई भनेर छुट्याइन्छ ।

---

५६. हेरा थकुं डंगोल, बर्ष - ७७ मिखाबहाल टोल, ललितपुर उ.म.न.पा. वडा नं. २१

उक्त टपरी सहितको भात नाङलोमा राख्नुको साथै त्यस नाङलोमा छुट्टै सातवटा टपरीमा सातथोक तरकारी अचार राखिन्छ । ज्यापू समाजमा अघिपछि नाङलोमा भात राख्ने चलन छैन । छोरी वेटीले जो मरेको हो त्यसैको नाममा सातवटा टपरीमा अलिअलि भात, रोटी, केरा, तरकारी, बाडा विभिन्न खानेकुरा राखी जोगीनीलाई दिएर पठाउँछन् । त्यसपछि छोरी बेटीले मृतकलाई छुट्याएको खाने कुरा एउटा भाडोमा राखी त्यो घर बाहिर छानाभित्र राखी एउटा भ्यग (माटाको भाडो) ले छोपी रोएर आफ्नो घर फर्कन्छ । यसरी सातौ दिनको न्हयन्हुमा समाप्त हुन्छ ।[५७]

**ख) दु ब्यंकेगु**

दशौं दिनमा विहान सबेरै घरमा सफा गरी लिपपोत गरिन्छ । यस संस्कारमा पनि छोरी बेतीको कार्य ठूलो भुमिका रहन्छ । छोरी बेटीहरु बिहान सबेरै घरमा आएर सफा गरी सकेपछि दाई भाई फुकिहरु सबै जम्मा भै **"दुब्यंक वनेगु"** भनी नजीकको खोलामा जान्छ । लोग्ने मानिसहरु सबै आवश्यक सामान लिएर जान्छन् भन्ने स्वास्नी मानिस तथा छोरी बेटीहरु आफुलाई चाहिने भाँडो हातमा बोकी रुदै खोलातिर जान्छन् । खोलामा पुगेपछि सबैले टाउँको नुहाउँछन् । नुहाइ सकेपछि छोराहरु र छोरीहरु अलग अलग बस्छन् । छोराहरु सबैलाई नापितले टाउँको खौरी दिन्छ भन्ने छोरी बेटीहरु सबैलाई नौनीले खुट्टाको नङ्ग काती अलः हाली दिन्छ । त्यसपछि छोरी बेटीले एउटा हल्चामा पिठो र पानी मिसाएर पकाए जस्तो गरिन्छ । छोराहरु खौरी सकेपछि "अम्वा मोह ल्हुईगु" भनेर पीना, कालो तील, सुकेको अमला, बुकुवा र तेल गरी पाँच थरिले नुहाँउछ । त्यसपछि फेरी छोरीहरु कहाँ आएर आती (पिठो र पानी राखेर पकाएको ) माग्दछ र छोरीहरुले पनि उनीहरुलाई आती दिन्छ । त्यही आतीले फेरी नुहाएर आई नौनी कहाँ आउँछ । नौनीले उनीहरु सबैलाई खुट्टाको नङमा अलः (रंग) छुवाई दिन्छ । ज्यापू समाजमा बिजोडा चिज कहिलै राख्दैन जहिले पनि जोडा चिज नै राख्छ । भोजमा बोघासा राख्दा पनि ६,८,१२ प्रकारको राखिन्छ । कहिलै पनि ७,९,११ राख्दैन । त्यस्तै ज्यापुहरु अघिपछि पिठोले नुहाउन गरिदैन । यसरी पानी र पिठो मिसाएको झोलले स्नान गरेर नङमा अलः राखेपछि

---

५७. भुयु अजि महर्जन, बर्ष - ७६ गुइ टोल, ललितपुर उ.म.न.पा. वडा न. ८

उनीहरु चोखो भएको मानिन्छ ।[५८] त्यसपछि नयाँ सेतो लुगा र एउटा रुमाल नापितको हातबाट दिन लगाउँछ । पुरानो लुगा त्यसै धोएर कि फाल्छ कि घरमा ल्याएको हुन्छ । सेतो लुगा लगाएर सेतो रुमालले टाउको छोपी सबै घर फर्कन्छ । नापित र नौनीले त्यसरी काम गरे बापट बर्षेनी धान लिइ राखेको हुन्छ । तर आजभोली यस्तो काम गर्न नापितहरुले बिस्तारै छोडेको देखिन्छ । भाडामा यस्तो काम गर्न बाहिरका नापित ल्याएर काम गराउनु परेमा कामको पारिश्रमिक उनीहरुले भने जस्तो ज्याला दिनु पर्छ । यो रकम ५०० देखि १००० सम्म पनि हुन सक्छ । फुकिहरुले छोराहरुले जस्तै सबै बार्ने काम नगरेपनि कपाल खौरेर सेतो टोपी लगाउने गरिन्छ । यी काम सकाएर खोलाको चोखो पानी घरमा लगी सबै ठाउँमा छर्किन्छ । त्यसो गरेपछि घर चोखो हुन्छ भनी धारणा छ । त्यसपछि घरमा सबै बसी चिउरा, अदुवा, नून र रक्सि पिउने गरिन्छ जसलाई नेवारी भाषामा **" चिपँ थिगु "** भनिन्छ । यो कार्य सकेपछि चुल्होमा भात पकाई खाने गर्दछ । यसरी ज्यापु समाजमा दुब्यँकेगु कार्य सकिन्छ ।[५९] ज्यापु समाजमा दशौं दिनको सँस्कार नसिधिएसम्म कसैले पनि उक्त घरमा कुनै पनि कारोवार गरिदैन । घरमा कोही आउँदैन र उनीहरु पनि अरुको घरमा जानु हुदैन । अर्को कुरा उनीहरु बाटोमा यताउता कामा भइरहेको बेला अरु कसैले उनीहरुको जेठोलाई बोलाएर ढोग्नु हुदैन । उनीहरुले पनि अरु कसैलाई धोग्नु हुदैन भनिन्छ ।[६०]

**ग) घःसु श्राद्ध (बाह्र दिने श्राद्ध)**

ज्यापु समाजमा १२ रौं दिनमा गरिने संस्कारलाई घःसु श्राद्ध भनिन्छ । यो संस्कार सकिएपछि ज्यापु समाजमा फुकिहरु शुद्ध भएको मानिन्छ । यो श्राद्ध सकिएपछि फुकिका परिवारहरुले चाडपर्व कुनै बिहा आदि गर्न छुट पाउँछ तर मृतकको घरमा यसको एक वर्ष नभईकन पूर्ण रुपले शुद्ध भएको मानिदैन । दागबत्ती गर्ने छोरा चाही बर्ष भरी नै कहि पनि जाँदैन । उ बर्ष भरिनै सेतो लुगा लगाएर बस्छ । इच्छा भएमा उसले दही वा दुध खानु हुदैन । बाबु मरेमा दही र आमा मृत्यु भएमा दुध खानु हुदैन भन्छ । अरु सबै जसो यो श्राद्ध सिधिए पछि खानु हुन्छ ।

---

५८. दिल माया महर्जन, बर्ष - ६९ सौबहाल टोल, ललितपुर उ.म.न.पा. वडा न. ८

५९. पुन थकुं महर्जन, बर्ष ८०, गुई टोल, ललितपुर उ.म.न.पा. वडा न. ८

६०. लानी थकुं अजि, बर्ष ८१, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

श्राद्धको दिन दागबत्ती दिने व्यक्ति बिहान सबेरै उठेर बागमतीमा स्नान गरी शुद्ध सफा पानी ल्याएर घरमा राख्छ। ज्यापु समाजमा गुभाजुले श्राद्ध गरिने भएकोले गुभाजु आएपछि श्राद्ध गर्नलाई आवश्यक सबै सामान अगाडि राख्न ल्याउँछ। गुभाजुले काचो ईटां पाँचवटा राखी होम गर्न यज्ञ वनाउँछ । यज्ञ बनाई सकेपछि दायाँ बायाँ गणेश र शुद्ध पानी बागमतीबाट ल्याएको पानीमा "दाफो स्वों" राख्छ । आजभोलि नजीकको धुङ्गेधारा वा सफा पानीले स्नान गरी त्यहीं कै पानी ल्याउने गरिन्छ । गुभाजुले विभिन्न बिव (गेडागुडी) धान, गहुँ, तोरी आदि तयार पारी काँचको ईट्टा माथि होम गर्न सानो सानो मुट्ठा बनाएको दाउराहरु राखिन्छ । त्यसमाथि घ्यू कस्ती राखी विभिन्न देव देवताहरुको नाम लिइ मृतकको नाममा होम गरिन्छ र घरमा शुद्ध गर्न विभिन्न पाठ गरिन्छ।

घःसुको अर्थ घर शुद्ध गर्नु हो । नेवारी भाषामा घसुको मानी घः भनेको पानी राख्ने तामा वा पितलको गाग्रो र **"सु"** को मानी शुद्ध पार्नु हो । घःसु गरेपछि पानी चलाउनु हो । अशुद्ध भएसम्म दागवत्ती दिने व्यक्तिले छोएको अरुले प्रयोग गरिदैन । घःसु गरेर भोज खुवाए पछि त्यो घर शुद्ध भई त्यो घरमा अरु कार्य गर्नु हुने पार्नु हो ।[६१]

एघारौं दिनमा मलामी जाने फुकि आफन्तहरु सबैलाई श्राद्ध गर्न घरमा ल्हा पंवा (ल्हा = हात, पं = ताप्नु ;वा = आउनु) भनेर भन्न जानु पर्छ। १२ रौं दिनमा आफन्तहरु सबैले चिउरा छ पाना सिंकें (गुन्द्रक जस्तो मुलाको साग) र साग सब्जी र रु १० रुपैया राखेर सबै आउँछ। यसरी उनीहरुलाई "ल्हापंवा" भनी भन्न गएपछि उनीहरुका छोरी नातीहरुलाई समेट सँगै बोलाएर ल्याउँछ। सके सम्म आफ्ना नाता कुटा सबै घःसु आउँछन्। घःसुमा "ल्हा पनेगु" ( हात ताप्नु ) भनेको शव यात्रामा रोएर गएका सबैलाई शरीर शुद्ध पार्नु हो । त्यस्तो घःसुमा हात न तापेमा आफुहरुलाई शुद्ध नभएको जस्तो भैरहन्छ । यसरी आउनुको मतलव ज्यापु समाजमा उनीहरु प्रति सदभाव, संमभेदना देखाउनु हो। घःसुको दिनमा रोएर गइ चित्तामा रहेको मृतकलाई पानी खुवाउने सबै आएर होम गरेको धुवाको हात ताप्नुपर्छ। यसो गर्नुको अर्थ त्यो शुद्ध गरेको धुवाले जिउँको अशुद्ध सबै धुवाले फाल्नु हो । हात ताप्नु मात्र होइन त्यसबेला लाएको सबै लुगाफाताहरु समेत सेकाउने गरिन्छ। अर्को खोलावाट ल्याएको पानी

---

६१) धर्म गुभाजु, बर्ष -७७, भिन्छैं बहाल टोल, ललितपुर उ.म.न.पा. वडा नं ७

जसलाई होम गरी शुद्ध पार्छ । त्यो पानीले ती सबैलाई जिउमा छर्नुपर्छ जसलाई नेवारी भाषामा **"कयेंला काय्गु"** भनिन्छ ।[६२]

होम सकिएपछि गुभाजुको निर्देशनमा अलिकति चिउरा छ्वेला एक दुइ टुक्रा, अदुवा, भटमास, भुटी, आदि खुवाउँछ । जसलाई नेवारी भाषामा **"पंचाकु काय्गु"** भनिन्छ । यो खाएपछि दागबत्ती दिने बाहेक परिवारका अरु सदस्यहरु भोजमा गएपनि चल्छ । अर्थात मासु खाए पनि भयो भनेको हो भन्छ ।[६३]

ज्यापु समाजमा यी आफन्तहरु घःसु भ्वे खुवाइ सकेपछि बेलुका म्हेथां र गों हरु ८ जनालाई विशेष भोज खुवाउनु पर्छ । उनीहरुलार्य पहिलानै निमन्त्रणा गरिराखेको हुन्छ । उनीहरु आए पछि घर परिवारले लप्ती (टपरी) राखेर ल्याउने गर्छ । त्यसमा छ प्रकारका बोःघास जस्तै अदुवा, कालो भट्मास, बोडे, बाडा, साग र कमघासा (सानो केराउको धुलो पानी मिसाएर वनाएको) । त्यसपछि सबै प्रकार खाने कुरा राखिन्छ । सलिंमा रक्सी वा जाँद राखेर खुवाँउछ । बिबहा भोजमा जस्तै सबै प्रकारको मीती, लब्सीको झोल (अमली) र अन्तमा दही राखेर सिसापुसा समेत राखेर राम्ररी भोज खुवाउँछ । मुख धुन बाटा समेत अगाडि राखेर मुख धुन लगाउँछ । अन्तमा उनीहरुलाई चुरोट, तमाखु र सुपारी, ल्वाङ आदि दिन्छ । म्हेथा र गों घर फर्किने बेला अगाडीको ब्यक्तिले सलिंमा तेल बत्ती बालेर झ्याङबाट ओर्लदै बाहिर जान्छ । उनीहरु सबै पछाडी फर्कनु हुन्दैन भनी भन्छ ।[६४]

गुभाजुले घःसुको होम सकेपछि पहिला कालो टिका लगाइ दिन्छ । केहि समय पछि पहेंलो टिका सबैलाई लगाई दिन्छ । ज्यापुहरुको घःसु भोजमा तःखा (डलडले मासु) पकाउने चलन छ । घःसुमा बेसार राखेर पकाउँदैन । त्यसो भएकोले उक्त मासुको रंग अरु बेला जस्तो राम्रो देखिदैन । त्यसै कारणले घःसु भोज धेरैलाई सुचाउँदैन । होम सकेपछि आइमाई तथा लोग्ने मानिसहरुलाई केशमा तेल लगाई दिन्छ । मृतक लोग्ने भए गुभाजु र स्वास्नी मानिस भए गुभाजुनीले टेल लगाई दिन्छ । यसरी ज्यापु समाजको घःसु भोज संचालन गरिन्छ ।

**घ) लत्या श्राद्ध (४५ दिने श्राद्ध)**

---

६२. ऐ ऐ

६३. आशा रत्न बज्राचार्य, बर्ष - ७६, भिन्छैं बहाल टोल, ललितपुर उ.म.न.पा. वडा नं.७

६४.काजीत्न महर्जन बर्ष - ६६, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा न. १७

ज्यापु समाजमा लत्या भ्वे पनि मृतकको नाममा गरिन्छ । ल= लछि (एक महिना); र त्या = १५ दिन हो । यस श्रादमा मलामी जाने र बिचा आएका सबैलाई भोज दाकिन्छ अर्थात नेवारी भाषा दु:कंपि व ब्या:कंपि सबैलाई भोज बोलाउँछ । यसरी बोलाउँदा प्रत्येक भोज आउने परिवारमा आमा र बच्चा आउने गरिन्छ । भोज आउनेले चिउरा ६ माना अरु तरकारी आदिको लागि २०,३० रुपैया राखेर जान्छ । ४५ दिने श्राद्धको दिनमा मृतकको नाम  गुभाजुलाई दान दिने चलन छ । श्रीमती मृत्यु भएमा गुभाजुनीलाई र पुरुष मृत्यु भएको खण्डमा गुभाजुलाई मृतकलाई चाहिने सम्पुर्ण, सिरक, तकिया, बिछ्यौना, खाटा, लुगा, तोपी, छाता, जुट्टा सकेजति दिने गरिन्छ । यस श्राद्धमा आफ्ना ईष्ट मित्र साथी भाई आदि समेतलाई दाक्ने चलन छ ।

**ङ) खुला ( ६ महिने श्राद्ध)**

ज्यापु समाजमा ६ महिने श्राद्ध गर्ने चलन छ । यस श्राद्धमा ४५ दिने श्राद्धमा निमन्त्रण गरे जति गरिन्छ । यो ६ महिने श्राद्ध धेरै जसोले साधारण रुपमा गुभाजु मात्र राखी सिध्याउँछ । घरका परिवार र थकाली फुकि मात्र नभई व्यक्तिहरु मात्र बोलाएर सिध्याउँछ । यसमा पनि दान दिने चलन छ । परिवार मात्र बसेपनि, ठूलै भोज गरेपनि यी सामानहरु मृतक बैतनी नदी पार गर्नलाई मृतकको नाममा गुभाजुलाई दान दिन्छ जस्तै  १. छाता २. लौरो ३ चाँदीको सानो डुङ्गा ४. भ्यग: वा बाटा (पानी भरेको ) ५. ओड्ने र ६. जुट्टा; (काठको जुट्टा) नेवारी भाषामा यो जुट्टालाई **"क्वापा लाकां"** भनिन्छ

**च) दकिला (बार्षिक श्राद्ध)**

मृत्यु भएको ठीक त्यही तिथिमा यो श्राद्ध गरिन्छ । यसमा पनि ४५ दिने श्राद्धमा बोलाए जति आफ्ना नाताहरु बोलाउने गरिन्छ । भोज आउने व्यक्तिहरुले बर्खि फुकाउने भनी सबै छोराहरुलाई कपडा, टोपी, ल्याउनुको साथै सगुन सामानहरु अक्षता, अबिर, फूल, दही, फुल ( परिवार सबैलाई) ६ माना चिउरा ल्याउने गरिन्छ । साथै कपडा माथि १०,२० रुपैया राखेर दिन्छ । यसरी धेरै ल्याउनु पर्ने भएकाले भोज आउने पनि एक परिवारवाट ३,४ जना नै आउँछन् ।

पहिला पहिला दागबती दिने व्यक्ति बिहान सबेरै उठेर बागमतीमा गई त्यहाँ नुहाएर एउटा तामाको करौवा जस्तो भाँडो भरी सफा पानी ल्याउँछ । त्यो कसैलाई नछुवाई श्राद्ध गर्ने स्थानमा राख्छ । श्राद्ध गर्ने दिनमा गुभाजु सबेरै आएर सबै सामान तयार गरी श्राद्ध गर्न तयार

गरिन्छ। श्राद्धमा मृतकको चार पुस्ता सम्मको बाबु बाज्यको नाम लिइ पाठ गरिन्छ। दागबत्ती दिने त्यसको अगाडी बसेर गुभाजुले भन्ने जस्तै विभिन्न देवतालाई पुजा गरिन्छ। श्राद्धको अन्तमा घरका परिवार र मलामी गएका सबै अगाडी बसेर सबैको हातमा चामल लिएर गुभाजुले भन्ने जस्तै पुजा गरिन्छ जसलाई नेवारी भाषामा **"किगः कायुगु"** भनिन्छ। त्यसपछि गुभाजुले चैत्य र गणेश, महादेवको पुजा गर्न पठाउँछ। त्यसपछि यज्ञ गरेका सबै पुजा सामान कोटःमा राखी श्राद्ध गर्ने मानिसले बोकेर लाने र अरु बाँकी सामान फुकिहरुले बाटामा राखी उ सँगै खोलामा जाने गरिन्छ। उक्त दिन सहयोगको रुपमा आफ्ना साथी भाईहरु भोजमा दाकि राखेको हुन्छ। ती साथीहरु पनि श्राद्ध गर्ने मानिस सँगै पछि पछि खोला जाने गरिन्छ। श्राद्ध गर्ने मानिसलाई नेवारी भाषामा **"प्यं थैम्ह"** भनिन्छ। त्यसरी बाहिर जानेजेला पहेंलो धोती (दागबत्ति दिने) ले लाएर जान्छ। खोलाबाट फर्केपछि गुभाजुको अगाडि बसी २ टुक्रा छ्वेला अलि कति रक्सी वा जाँद खाने गरिन्छ। जसलाई नेवारी भाषमा **"पंचाकु कायुगु"** भनिन्छ। यसको मतलव बर्खि फुकेर सबै खाए पनि हुन्छ भनेको अर्थ लाग्छ। त्यसपछि गुभाजु सबभन्दा माथि बसेर भोज खाने गरिन्छ भन्ने बर्खिमा बसेका छोराहरु सबै घरको एक जोर नयाँ लुगा लाएर सगून लिने कोठामा वस्न जान्छ। भोज आउने सबै आफन्तहरुले उनीहरुलाई सगुन दिएर भोज खान जान्छन्।

**छ) नं प्यों वनेगु**

भोली पल्ट मामा, फुफु, घरका परिवार र नजीकका फुकिहरु बालकुमारीमा पुजा जान्छन् जसलाई नेवारी भाषामा **"नं प्यों वनेगु"** भनिन्छ। त्यहाँ पुजा सकेपछि भाले कुखुरा भोग दिइ त्यसको मासु पकाई भोज खाएर आउने गरिन्छ। त्यसपछि मृत्यु संस्कारको सम्पूर्ण श्राद्ध समाप्त हुन्छ।

**ज) निदंया तिथि (दुइ बर्षे श्राद्ध)**

मृत्यु संस्कारमा २ बर्षे श्राद्ध पनि गरिन्छ। यसमा पनि पहिलो श्राद्धमा दाके जति सबैलाई दाकेर भोज गरिन्छ। यसमा भोज आउनेले सगूंन केहि पनि ल्याउनु पर्दैन। मृत्यु संस्कारका सामानहरु निम्न छन्।

**१) दागबत्ती संस्कारका सामान**

जन्मकुण्डली, पुलु, सेतो कपडा, मुला टुक्रा, रातो अबिर, पहेंलो अबिर, फूलमाला, ताय्, अविर, कूता, भाजं, सुकेको गोबर, भुस, गोपचा, कुच्च, सुकुल, कपडा, सिरक, भ्यगचा, हरियो, केहि निगाला, धान, चामल, चिउरा, श्रीखण्ड, सिल्हाय्, गन्ध, कपुर, कौरी (एक), हथं (दुइता), पिपलको पात, बीबः, सियो, धागो, अदुवा, ई:का, प:का (तोरीको प्रकार), काँचो धागो, दाउरा, पराल र छ्वाली आदी ।

**२) न्हेन्हुमांको सामान**

भात, तरकारी, मरी, फलफूल, (सकेसम्म सात भाग राख्ने आफ्नो चलन अनुसार मासु, फुल)

**३) दुःब्यँकेगु सामान**

कसिचा (ठूलोसानो गरी दुइता), अपचा, सलिंचा (चारवटा), दाउरा, ताय्, धुँपायँ्, ईताः, जजंका, कपडा दुइ टुक्रा, पहेंलो अबिर, भुयु अबिर, चामल (एक माना), चिउरा, फलफूल, धौ, छातापात, गाइदुध, घ्यू, कस्ति, पिठो (एक माना), अम्बल, तेल, तील, खौ, आती, फूल, शुद्ध चामल (आख्यः), नौ, काँचो ईता तीन वटा, ताँप, मपडा ।

**४) घःसु ( १२ दिने ) श्राद्धको सामान**

काँचो ईंटा (५ वटा), दाउरा, सिंता, घ्यू, ईताः, सुकुन्दा, कलश, पुजा सामान, पानीको भाँडा, फूल, धुप, फलफूल, धान (होम गर्नलाई), जौ, तील, नौ प्रकारको बीबः, समय् बजि सामान, बाटा, ताँप ।

**५) लःत्या, खुला, दकिला, दुइ बर्षे श्राद्धका सामान**

बालवा, पोताय्, देवता, दहि पति, सिन्हःमू, भुयु सिन्ह, पुजा सामान, पानीको भाँडो, क्वल्ला, चामल, चिउरा (पखालेर राख्ने), पिठो, खाजामरी, केरा, गाईदुध, दहि, घ्यू, कस्ति, सक्खर, तील, कुश, गैंडाको मासु, खलः, जजंका, फूल, माला, फूल (तँलाय्, भिंलाय्, तुल्सी), धुप, ईताः,फलफुल मरी, दान दिने मरी, पान, मसला, सुनको ब्लेत, चाँदीको ब्लेत, गन्ध, कपुर, मकलमा आगो ।

यसरी नेवार जातिमा ज्यापुहरुले सामाजिक संस्कार गर्दै आइरहेका छन् । तर आजभोलि शिक्षित ज्यापु दाजुभाई तथा दिदिबहिनीहरुले कति सम्म संस्कारलाई बचाउ गर्दै लग्नेछन् त्यो त समयले भोलि बताउनेछन् ।

# छैठौं - अध्याय

## ६. आर्थिक जीवन

प्राचीनकालदेखि आधुनिक कालसम्म ऐतिहासिक आदिवासीको रुपमा परिचित काठमाण्डौ उपत्यकाका बिभिन्न नेवार जातिहहरु मध्ये ज्यापु जाति प्रमुख हुन् । यिनीहरुको प्रमुख पेशा भनेको कृषि हुन् । ज्यापुहरुलाई उपत्यकाको किसान भन्न सकिन्छ । कृषि नै ज्यापुहरुको जीवन हो ।[१] एशिया भरमा नेवार जाति मध्ये ज्यापु जाति नै राम्रो कृषक भएको मानिन्छ ।[२] ज्यापुहरुले कृषि अन्तर्गत खेतमा गरिने कामको साथै पशुपालन, व्यापार र उद्योग व्यवशाय पनि प्रमुखको रुपमा अपनाएको पाइन्छ । पहिला पहिला खेतीपाती नै ज्यापुहरुको जीवन निर्वाहको प्रपुख स्रोत हो । काठमाण्डौ उपत्यका ताल सुकेर खेती योग्य जमिन देखा परेको हुनाले नदीको वगर वा वेसीतीर पाँगो माटो धेरै गइराई सम्म पाईन्छ । माटोको उर्वरा शक्ति धेरै छ । यहाँका किशान वा ज्यापुहरुले खेतलाई बाँझो राखेको पाउँदैन । याहाँका ज्यापुहरुले सघन (intensive type) को खेती गरिन्छ । यहाँका ज्यापुहरु चाडपर्वमा वाहेक हररोज खेतमै जीवन विताउने गरिन्छ । आधुनिक रासायनिक मल नभएका बेला धान, आलु आदिको लागि कालीमाटो आफुले झिकी खेतमा राख्ने गरिन्छ । यो कालो माटो झिक्ने प्रकिया कोइला झिक्ने जस्तै जमिन मुनि ३०,४० फीट सम्म तल गएर लाइन बसी बाहिर ल्याउने गरिन्छ । यसै बेला हो ज्यापुहरुमा आफ्ना बच्चाले आफ्नो बाबुलाई चिन्दैन भन्छ किनभने कालो माटो झिक्ने क्रममा विहान सबेरै ५ बजे बाबु उठेर गइन्छ र बेलका ९ बजे मात्र घर फर्किन्छ र भात खाएर सुतिन्छ । यसरी यी दुबै समयमा आफ्नो बच्चा सुतिरहेको हुन्छ ।

२००७ सालको प्रजातन्त्र आएपछि ज्यापुहरुको पेशामा पनि परिवर्तन हुदै आएको देखिन्छ । ज्यापुका छोरा छोरीले पनि पढ्न थालिन् । कृषि पेशाले मात्र जीवन निर्वाह गर्न गाह्रो हुन्छ भनी ज्यापुहरुले बुझ्दै गए । यातायातको विकास र संचारको सुविधाले गर्दा काठमाण्डौ

---

१) Gopal Singh Nepali, The Newars, ist, ed; ( Bombay, united Asia publications, 1965 ) p. 27.

२) B.H. Hodgren, Essay the first: on the Kocch Bodo and Dhimal Tribes, ( Calcutta, 1847 ), P. 199.

उपत्यकामा जनसंख्या वृद्धि तीब्र हुदै गए । भएको खेतबाट हुने उत्पादनले परिवार पालन गाह्रो हुदै गए । जसले गर्दा ज्यापुका छोरा छोरीले पनि आफ्नो परम्परागत कृषि पेशालाई त्यागी अरु पेशा नै अपनाउन थाले ।

काठमाण्डौ उपत्यका भित्रका ज्यापुहरुले गरिने खेती ३ प्रकारको पाउँछौं । आफ्नै जग्गा, तलसिनको जग्गा र गुठीको जग्गा । परम्परा देखिको नीजि जग्गालाई आफ्नो जग्गा हो । जसलाई बिर्ता जग्गा पनि भनिन्छ । यो जग्गाबाट उत्पादन भएको बाली कसैलाई तिर्नु वा दिनु पर्दैन । अरुको खेत केही बाली दिने शर्तका लिएको जग्गालाई तलसिनको जग्गा भनिएको छ । यस्तो जग्गा कमाए बापट किसान वा ज्यापुले तलसिनले भन्ने जस्तो अर्थात तलसिन र ज्यापुका बीच जुन किसिमका सम्झौता हुन्छ त्यही अनुसार ज्यापुले तलसिनलाई बाली दिन्छ । जग्गा धनीको जग्गा कमाउनेले धेरै दुःख गर्नुपर्छ ।[३] कृष्ण बीर कै भनाइ अनुसार दुःख गरे अनुसार खानलाई नपुग्ने गरी उत्पादन हुन्छ । उहाँकै भनाइमा तलसिनको जग्गामा जे जति उत्पादन वा त्यस जग्गाबाट जेजे उत्पादन गरिन्छ ती सबै प्रकारको बालीहरु मध्ये केही तलसिनलाई पनि दिनुपर्छ जस्तै धान, गहुँ, आलु, सागपात, पराल, छ्वाली समेत जग्गा धनीलाई दिनुपर्छ । धान काट्ने बेला अझ जग्गा धनीलाई बोलाएर लगी खेतमा देखाई काट्नु पर्छ । खलबाटै आधी धान उनलाई पहिला छुट्याई घरमा ल्याउने गरिन्छ । त्यती मात्र कहाँ हो र तलसिनको जग्गा कमाए बापट तलसिनको बिबहा भोज, श्राद्ध भोज आदिमा काम गरी दिनुपर्ने र विभिन्न चाडपर्व जस्तै दशैं, तिहार र मच्छिन्द्रनाथको जात्राको लागि चिउरा कुती दिनुपर्ने पनि परम्परा रहदै आएको थियो भन्छ । यदि यी काम गरी नदिएमा जग्गा तुरुन्त अरुलाई कमाउन दिन्छ ।

पछि भूमि सुधार लागु भएपछि सरकारले कूट निर्धारण गरी दिएको वाहेक अरु थप उत्पादन गरेको आलु, गहुँ आदिको तिर्न नपर्ने गरिएको छ । भूमि सुधारले ज्यापुहरुलाई धेरै सुविधा भएको छ । जग्गा धनीले मोहिको नाममा दर्ता भैसकेको जग्गालाई जग्गा कमाउने मोहिलाई निष्काशन गर्न नसक्ने गरिएको छ । तर बाली नतिरेमा कानूनले निष्काशन गर्न सक्ने बनाएको छ । आजकल जग्गाधनीले जगा कमाउने ज्यापुलाई आफ्नो घरको काम, विवहा भोज

---

३. कृष्ण बीर ज्यापु, बर्ष - ९० , लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

र विभिन्न चाडपर्वमा जग्गाधनीको चिउरा कुटी दिन नपर्ने भएको छ । साह्रै आर्थिक कम्जोर भएका भन्ने गइ रहेको  पाउँछौं ।

ज्यापुहरु भोजहरु बढी गर्नाले बिग्रिएको भनिन्छ ।[४] किन, कसरी भनेर सोधिन्दा भोज गर्दा ठूलै रुपमा गर्नु पर्ने नाता कुतुम्बहरु सबैलाई ३,४ पुस्ता सम्म दाक्नु पर्ने र पैसा नभएमा भएको जग्गा बन्दकी राखी साहु महाजनवाट (ऋण) पैसा ल्याएर बिबहा ब्रतबन्ध जस्तो ठूलो भोज गरिन्छ । त्यसरी ऋण ल्याएको पैसा तिर्न नसकी बिस्तारै साहु महाजनको हातमा जग्गा पर्न गएको भन्छ । उनको  भनाइमा  आजभन्दा  एक  सय  बर्ष  अगाडि मात्र धेरै जसो जग्गाहरु ज्यापुहरुको बिर्ता जग्गा थियो । भोजले गर्दा अरुको हातमा पर्न गयो भन्छ ।

अहिलेको जमाना पनि केही बुढापाकाहरु विवहा भोज गर्नु परेमा आफ्नो जग्गा विक्रि गरेर गरेको पाईन्छ । पहिला पहिला विवहा भोज छोरालाई विवहा गर्दा ठूलो भोज गरिन्छ भन्ने आजकल छोरीलाई विवहा गर्दा मात्र ठूलौ भोज गर्ने गरिन्छ । त्यस्को मुख्य कारण दाइजोले हो ।

छोरा मात्र हुनेले विवहा गर्दा साधारण साइतमा स्वयंम्वर  मात्र गरी दुलही भित्राउने गरिन्छ । अर्को कुरा ठूलो भोजमा ज्यापुहरुले क्याटरिङ्गको व्यवस्था गरी चपन गराउने चलन चलेर आएको पाइन्छ । यो वास्तवमा भोज आउनेहरु हुल भएर पर्खाउनको लागि हो । यस्तो व्यवस्था पहिले पहिले क्याटरिङ्गको व्यवस्था नगरी आफ्नो घरको अलग कोठामा लगी आफ्नो नजीकका ज्वाईं, मामा खलक र मान्यजनलाई मात्र गरिन्थ्यो ।

शासकहरुले ज्यापुहरुको जग्गाहरु उनीहरुलाई चाहेमा हप्काइ धप्काई लिन्छ किनभने हाम्रै जगा ३०० रोपनी भन्दाबढी पाटनका मल्ल राजाहरुले भन्ने जस्तो नगरेर सरकारले लियो भन्छ ।[५] उहाँलाई कुन मल्लराजाले भनेर सोधिन्दा उहाँले राजाको नाम भन्न सक्नु भएन । ज्यापुहरुले कमाउने जग्गाहरु मध्ये गुठीको जग्गा पनि धेरै पाइन्छ । गुठीको जग्गा २ प्रकारको पाइन्छ जस्तै १. नीजि गुठी र २. सरकारी वा देव देवाको जग्गा हुन् ।

१). **नीजि गुठी** भन्नाले कुनै व्यक्तिले आफु मृत्यु भएपछि उनको नाममा श्राद्ध गराउनको लागि जग्गा राखिन्छ जुन जग्गाको आयबाट गुठी संचालन हुन्छ त्यस्तो गुठीलाई नीजि गुठी भनिन्छ । सुरुमा यस्तो जग्गा कमाउने आफै परिवारमा सीमित रहेको हुन्छ

४. पूर्ण कृष्ण ज्यापु , बर्ष - ८५ , हकटोल, ललितपुर उ.म.न.पा. वडा नं. १७
५. मंगल लाल महर्जन, बर्ष - ६५ , हकटोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

पछि परिवार वढ्दै गएपछि उक्त जग्गा पालै पालो सित कमाउँछ । जस जसले उक्त जग्गा कमाउँछ । त्यस त्यसले उनको श्राद्ध गर्दै जान्छ । यस्तो जग्गा कमाएर सरकारलाई केही तिर्नु पर्दैन । अहिले यस्तो जग्गा आफ्नै परिवार भित्रका दाजुभाई मिलेर बिक्रि गरी आएको पैसा अक्षयकोषमा राखी त्यसवाट प्राप्त व्याजवाट श्राद्ध गर्ने गरेको पाइन्छ त्यस्तै अर्को नीजि गुठीमा देवाली गुठी, सनागुठी आदि हुन् ।

२. सरकारी वा देवी देवताको गुठी जग्गा भन्नाले पशुपतिनाथको गुठी जग्गा, गुहेश्वरी गुठी जग्गा, स्वयम्भुनाथको गुठी जग्गा, मच्छिन्द्रनाथ गुठीको जग्गाहरु सरकारी गुठी जग्गा हुन् । मच्छिन्द्रनाथको धेरै जसो जग्गा ज्यापुहरुले कमाउँदै आएका छन् । ज्यापुहहरुले कमाउने मच्छिन्दनाथ गुठीको जग्गाहरु ५०० देखि १००० रोपनी सम्म छन् । ती सबै जग्गाहरुको ललितपुरको तहवहालमा बाली तिर्दछन् । सरकारले गुठी जग्गा रेकरमा परिणत गरी आफ्नो नाममा नामसारी गरी खरिद विक्री गर्न पाउने नियम निकाले पछि मच्छिन्द्रनाथको जग्गाहरु धमाधम पहाड तीर सर्दै गएको देखिन्छ । अर्थात मच्छिन्द्रनाथको जग्गा संचालन गर्न  धर्म नास नहोस भनी सरकारले गुठीको जग्गा रैकरमा परिणत गर्न गुठीको जग्गा जति छ त्यसको देरी जग्गा राख्नु पर्ने नियम बनाएको छ । त्यसैले ज्यापुहरु सस्तो पहाडको जग्गा मच्छिन्द्रनाथको नाममा राखी क्षतिपुर्ती दिने हिसाबले त्यसको सट्टामा आफुले कमाउँदै आएको जग्गा खरिद विक्री  गर्ने  र आफ्नो जग्गा बिक्रि गरेर घर बनाउँछ । यो नियमले उत्पादन हुने जग्गामा घर वन्ने र काम नलाग्ने उत्पादन नहुने जग्गा देवताको नाममा राख्नाले पछि मच्छिन्द्रनाथको जात्रा नै समाप्त हुने सम्भावना हुन्छ ।

काठमाण्डौ उपत्यकाको समथल जग्गा धान उत्पादन गर्ने प्रमुख क्षेत्र हो । याहाँको धान खेती मनसुनी बर्षामा भरपर्छ । कुनै बर्ष मनसुनी बर्षा समयमा नहुने भएकोले धान रोप्न ढिल्ला हुन जान्छ र पानी हिउँदे बाली गहुँ, आलु, तरकारी साग आदिलाई पनि आवश्यक भएकोले त्यसबेलाका राजा लिच्छबी र मल्ल राजाहरुले बिभिन्न ठाउँमा सिंचाईको व्यवस्था गरेको पाइन्छ । कुनै बेला कुलोको बारे बिबाद उठेमा राजा आफ्नै अन्त आसन ( भित्री इजलास ) बाट हेरी निर्णय दिन्थे । उपत्यका प्राचीन लिच्छबि र मल्लकालिनमा कृषि बिकासको लागि गरेका प्रयास काठमाण्डौ, पाटनको बिभिन्न कुलोको विवरणबाट प्रमाणित हुन्छ । तल **तालिकामा पाटन (ललितपुर) भित्रका कुलोको विवरण** दिएको छुँ ।

तालिका नं.:-१७

| संख्या नं. | कुलोको नाम | स्थान | लम्बाई (कि.मि.) | सिंचाईक्षमता ( रोपनीमा ) |
|---|---|---|---|---|
| १. | चोमरु धः | धापाखेल - नगर | २.४ | २,००० रोपनी |
| २. | बाफल धः | हात्तीवन ,, | २.४ | ५,००० ,, |
| ३. | तक्सार धः | भैसिपाती ,, | २.४ | १,००० ,, |
| ४. | कोटखु कुलो | म्हेखु - शंखमुल | २.४ | ४,००० ,, |
| ५. | ज्वागल ,, | कुम्भेश्वर - कपण्डोल | ४.८ | ४,००० ,, |
| ६. | टिका भैरव नं. १ | टिकाभैरव - बागमती | ९.६ | २०,००० ,, |
| ७. | टिका भैरव नं. २. | टिकाभैरव - कालमोचन | ९.६ | ५०,००० ,, |
| ८. | लेले कुलो | सरस्वतीकुण्ड - भागावन | २.४ | ५,००० ,, |
| ९. | डुकु कुलो | लप्से - डुकु छाप | २.४ | १,५०० ,, |
| १०. | गोदाम चौर | गोदावरी - लुभू | ४.० | ८,००० ,, |
| ११. | मूल पानी | सबसंखु नारायण - लुभू | ३.२ | ६,००० ,, |
| १२. | मंगःहिति कुलो | ठेच ो- धापाखेल नागदह | २.४ | ३,००० ,, |
| १३. | धापाखेल | ठेचा - तनुवार | ४.८ | १,००० ,, |
| १४. | टिकाथली | गोदावरी - टिकाथली | ४.८ | १०,००० ,, |
| १५. | लुभू कुलो | लुभू - टिकाथली | ३.२ | ४,००० ,, |
| १६. | सिस्नेरी कुलो | सिस्नेरी - टिकाथली | ४.८ | ७,००० ,, |
| १७. | लुभू कुलो | लामाटार - बालकोट | ६.४ | १,००० ,, |
| १८. | माकल कुलो | ठेचो - नक्खु | ४.८ | १,००० ,, |
| १९. | छम्पी कुलो | टिकाभैरब - छम्पी | ४.० | ८,००० ,, |
| २०. | बुंगमती देः धः | टिका भैरब - बुंगमती | ८.० | १५,००० ,, |
| २१. | गोदावरी कुलो | गोदावरी - ठैब | ४.८ | ६,००० ,, |
| २२. | खोकना देः धः | चापागाउँ - चोभार | ११.२ | ५०,००० ,, |
| २३. | अफल कुलो | ठैब - ईमादोल | ३.२ | ६.००० ,, |
| २४. | खोन्थु धः | बाँडे गाउँ - ईमाडोल | ४.८ | ३०,००० ,, |
| २५. | थःसी देःधः | सानागाउँ - ईमाडोल | ३.२ | ४,००० ,, |
| २६. | तः देः धः | बाँडे गाउँ - टिकाथली | ४.८ | १०,०० ,, |
| | | जम्मा | १२०.८ | २,५३,५०० ,, |

काठमाण्डौ जिल्लामा पाइने ढलको बिवरण यस प्रकार छन् ।

तालिका नं. :-१८

| संख्या | कुलोको नाम | स्थान | स्त्रोत | लम्बाई (कि.मि.मा ) | सिंचाई क्षमता ( रोपनीमा ) |
|---|---|---|---|---|---|
| १. | राज कुलो | बालाजु | पोखरी | ४.८ कि.मि. | ९,६६० रोपनी |
| २. | ईन्द्रायणी | गागल फेदी | ईन्द्रयणी | ४.८ ,, | २१,१८० ,, |
| ३. | गाकर्ण | गोकर्ण | बागमती | ६.४ ,, | ३२,१०० ,, |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | पशुपती | राजराजेश्वरी | बागमती | - ,, | ९,८६० ,, |
| ५. | लाजिम्पाट | बुढानिलकण्ठ | ,, | ११.० ,, | १८,९०० ,, |
| ६. | टोखा कुलो | टोखा | बिष्णुमति | - ,, | ३०,६०० ,, |
| ७. | साँखु देःधः | साँखु | शाला नदी | ४.८ ,, | ३५,३८० ,, |
| ८. | पाँगा कुलो | पाँगा | बोसन बाँड | - ,, | - |
| ९. | फर्पिंग देःधः | दक्षिणकाली | १८ राशत | ११ ,, | १८,७०० ,, |
| १०. | इचादोल देःधः | रामकोट | कट्टखुसि | ६.४ ,, | १०,८२० ,, |
| | | | जम्मा | ४९.२ ,, ... | १,८७,२०० ,, |

माथि उलिखित कुलोको चार्टलाई बिश्लेषण गर्दा ललितपुरमा कुलोको संख्या २६.वता देखियो । सबै कुलोलाई कूल संख्यामा हिसाब गर्दा जम्मा १२०.८ कि.मि. पाइन्छ भने ती सबै कुलोले सिंचाई गर्ने जग्गा दुइ लाख त्रिपन्न हजार पाँच सय रोपनी ( २,५३,५०० ) थिए । तर काठमाण्डौमा कुलो संख्या दश वटा मात्र रहेछ । कुनै कुनै कुलोको नापलाई छोडेर कूल लम्बाई ४९.२ कि.मि. मात्र छ । जुन कुलोहरुले सिंचाई गर्ने जग्गा एक लाख सत्तासी हजार दुइ सय रोपनी ( १,८७,२०० ) रहेछ ।

यसरी हेर्दा उपत्यकाको प्रमुख खाद्यान्न र आर्थिक स्रोत नै कृषि प्रणाली भएकोले लिच्छबि तथा मल्ल राजाहरुले याहाँको ज्यापुहरुलाई धान उत्पादन गराउन बिशेष सिंचाईको व्यवस्था गरी राखेको पाईन्छ । त्यसबेला ज्यापुहरुको प्रपुख आर्थिक गतिबिधि नै खेती पाती रहेछ भने कुरा माथिको कुलोको व्यवस्थाले प्रमाणित गर्दछ । अहिले ती ढल तथा कुलोहरु जनसंख्या बृद्धि र बस्ती बिस्तारको साथै भट्टा उद्योगहरुले गर्दा भएका ढल तथा कुलोहरु धेरै जसो बिग्री सक्यो । यसको साथै अहिलेका ज्यापुहरुले पनि कृषि पेशालाई नै बिस्तारै छोड्दै लगेको हुनाले कुलोको पनि हेर बिचार गरेन जसले गर्दा कुलो लोप भएर गए ।

काठमाडौं उपत्यका भित्र रहेका ज्यापुहरुले धान प्रसस्त उत्पादन गरिने भएकाले समयमा धान रोपाइ गर्न र हिउँदे बालीको लागि पनि पानी आवश्यक भएकाले पहिलेका राजा र जनता मिली ती माथि उलेखित ढलहरु निर्माण गरेका थिए । निर्माण गरेका ढलहरु बढी संख्यामा ललितपुरमा पाइएका छन् । ललितपुरमा उलेखित ढलहरु गोदावरी खोला, कर्मनासा खोला, नक्खु खोला, हनुमन्ती खोला, बागमती खोलाको पानीलाई छेकी लाने गरिन्छ । बर्षा याममा बर्षा नभएमा ती खोलाहरु पनि सुक्दछ किनभने ती खोलाहरुको मुहान महाभारत पर्वत

भएकोले हो । ललितपुरका ज्यापुहरुले धान रोपाइ समयमा गर्न सकियोस भनी विचार गरी ती माथि उल्लेखित ढलहरु ठाउँ हेरी असार १ गतेदेखि १५ गते सम्ममा ढल मर्मत तथ सरसफाइ गर्ने गरिन्छ । यस्तो ढल मर्मत तथा सफा गर्ने कार्यलाई ज्यापुहरु **"धः ज्याय्गु"** भनिन्छ । यस्तो "धःज्याय्गु" कार्य ज्यापुहरुका प्रत्येक टोलका "सनागुठी" मार्फत गरिन्छ । यसरी "धः ज्याय्गु" कार्य सकिएपछि पनि बर्षा नभएमा नगर भित्रका प्रत्येक ज्यापु टोलका सनागुठी मार्फत गोदावरीको नौ धारामा पुजा गरी पानी माग्ने गरिन्छ । पानी माग्दा ज्यापुहरु यसरी कराउने गरिन्छ जस्तै - "गाय् देउ देउ, पानी देउ देउ" भनी ठूलो स्वरले फूलचोकीको नौ धारा मै कराउँछ । वास्तवमा त्यहाँ ठूलो स्वरले कराउँदा पानी पर्दो रहेछ । यो कुरा लेखक आफुलाई नै अनुभव छ । ज्यापुहरु पानी नपरेमा पानी माग्नु जानुलाई **"लः फों वनेगु "** भनिन्छ । यसरी गोदावरी देखि प्रत्येक टोलको धिमेबाजा बजाउँदै पानी माग्दै कराउँदै आउँछन् । तोलमा पुगेपछि झ्यालबाट सबैले पानी फाल्दै बर्षा गराउँछन् । यसरी पानी मागेर आएपछि भोली पर्सी देखि बास्तवमा पानी पर्दो रहेछ । यस्तो भनाई ७५ बर्ष नाघेका ज्यापुहरु अहिले जसलाई सोधे पनि आफुले अनुभव गरेको सत्य कुरा बताउँछन् ।

पहिलेका ज्यापुहरु खेतीपाटीको लागि मलको खोजीमा लाग्नु पर्ने हुन्छ । धान र आलु बढी उत्पादन गर्न ज्यापुहरु कालो माटो झिक्ने काममा लाग्छन् । आलू खेतीको लागि पोडेहरुले बनाएको मानब मल बोकेर खेतमा लाने गरिन्छ भन्ने अर्को कालो माटो टाढा देखि बोकेर खेतमा लानुपर्छ । यस्तो काम ज्यापुहरुले बर्षको २,३ पटक सम्म गरिने गरिन्छ । कालो माटो झिक्ने समयमा ज्यापुहरुले धेरै दुःख पाउँछन्  किनभने एक हप्तासम्म खेतमा खोज्दा पनि राम्रो काली माटो भेतिदैन नराम्रो माटो मात्र भेटिन्छ । जसलाई "खिचा" भनिन्छ ।

ज्यापुहरु खेतमा कामको प्रकार हेरी विभिन्न सामानहरु प्रयोग गरिन्छ । १) खमु (खर्पन) यो पनि ३ प्रकारका छन् । क) **"डो खमू"** बेटबाट बनाएको धान बोक्ने ख) **"भारा खमु"** निगालो र बाँसबाट बनाएको, भुस्, खरानी, बोक्न प्रयोग गरिने ग) **"चौ खमु"** यो खर्पन प्वाल प्वाल परेको, कालो माटो, ईंटा, खतांमो, कोदाली आदि बोक्न  प्रयोग गरिने । २) कुः (कोदालो) ३) खतांमो (माटो डल्लो फोर्न प्रयोग गरिनें) ४) कोकिचा (कुटो) यो पनि दुइ प्रकार छन् जस्तै - क) फा कोकिचा (चेप्तो परेको कुटो) ख) च्वाउँ कोकिचा (चुच्यो परेको) ५) ईचा (हँसिया) ६)

तोकु (लामो कुटो) ७) चाँडी (लामो विंया भएको कोदालो) ८) पै कुसा (पातको छाता) ९) पिचा (धान कुट्ने बेला नापेर जोख्ने ) १०) डालो (सानो ठूलो) ११) नाङलो (प्वाल प्वाल परेको)

२००७ सालको प्रजातन्त्र आएपछि ज्यापूहरुको कृषि पेशामा परिवर्तन आएको देखिन्छ । ज्यापूहरुका छोरा छोरीले पढ्न थाले । नेपालमा विदेशीहरुको सम्पर्क बढ्दै गएकोले विदेशी रासायनिक मल राख्न थाले र खेतमा खन जोत पनि ट्र्याक्टर प्रयोग गर्ने र धान कुट्नमा पनि मेशिन प्रयोग गर्न थाले । ज्यापूहरु खेतमा काम गर्दा आफ्नै परिवारले मात्र गर्दा एकै दिनमा नसकिने भएकाले एक अर्काको सहयोग गरी काम गर्छ जसलाई पर्मा भनिन्छ । नेवारी भाषामा यस्तो कामलाई " बोला " भनिन्छ । कामको "बोला" भएसम्म अरुको काममा नगई सम्वधी मनिसको "बोला" चलन छ । यो एक प्रकारको "कामो ऋण" हो । ऋण भएसम्म पहिला ऋण तिर्छ । पर्मा भन्नाले बिना पैसाले गरि दिने काम हो । यसरी पर्मामा काम गरि दिंदा उसले पनि त्यसरी नै बिना पैसामा कामको सहयोग गरि दिनुपर्छ ।

ज्यापु समाजमा **" मंका ज्या ":** को पनि प्रचलित छन् । मंका ज्या : (साझा काम) देवाली गुठी, मंका गुठी, सना गुठी आदिको जग्गा रहेमा गुठीयारहरुले गरि दिने कमलाई मंका ज्याः भनिन्छ । यस्तो काम गर्न गुठीयारहरु सबै जानैपर्छ । नभएमा गुठीको नियम अनुसार उसलाई जरिवाना गरिन्छ जसलाई नेवारी भाषामा **"बौं"** भनिन्छ । कहिले काही टोलको विकासका लागि केही निर्माण गर्न पैसा कमाउन गुठीले काम ठेक्कामा गर्ने शर्तमा काम ल्याउँछ । उक्त काम गर्न गुठीले गुठीयारहरुलाई मँका ज्याः गर्न बोलाउँछ । यस्तो काम नसिधिए सम्म जानु पर्ने हुन्छ । यदि कोही गुठीयार नगएमा जति दिन काम गराएको हो त्यति दिनको उसले जरिवाना तिर्नुपर्ने हुन्छ । यस्तो काम गराँउदा गुठीले गुठीयारहरुलाई खाजा खुवाउने चलन छ । सना गुठी, मंका गुठी, आदिको घर निर्माण तथा मर्मत गरेमा पालै पालो सित काम गराउँछ । यस्तो कामलाई पनि मँका ज्याः भनिन्छ । त्यस्तै कुलो निर्माण तथा मर्मत गर्न जाने काम पनि मंका ज्याः नै भनिन्छ ।

उपत्यकाका ज्यापूहरु कृषिको खेती पातीको साथ साथै पशुपालन पनि गरेका छन् । पशु पालनमा, भेडा, बाखा, गाई, भैसी, कुखुरा, हाँस आदि पाल्दै आएका छन् । ती पशुपालन मध्ये सबै भन्दा बढी भेंडा पालेको देखिन्छ ।  आज भन्दा ४० बर्ष अगाडि सम्म प्रत्येक ज्यापुको घरमा कमसेकम एउटा दुइटा मलको लागि भेडा पालेको हुन्छ । घरको छेडीमा भेंडा राख्ने र

आफुहरु माथि बस्ने गरिन्छ । त्यसपछि फुलको लागि कुखुरा र हाँस पालेको पाइन्छ भने कुनै कुनै घरमा गाई, भैंसी पनि पालेको पाइन्छ । फुर्सतको समयमा लोग्ने मानिसहरु घरको लागि जुता बुन्ने, सुकुल, खर्पन, चकटी, लुगा हातले सिउने गरिन्छ । साथै पाएमा नायकको चाकरी गरी ज्यामी काम गर्न जान्थे । त्यसैगरी स्वास्नी मानिसहरु कपासवाट धागो काती कपडा वुन्ने गरिन्थ्यो । यस्तो हात्ते तान प्रत्येक ज्यापुहरुको घरमा पाइन्थ्यो । त्यसबेला बुहारी बिबहा गरिदा कपडा बुन्न जानेको होकी होइन सोध्ने चलन थियो । नेवारी भाषामा यस्तो कपडा वुन्ने कामलाई **"था:ज्या"** भनिन्छ । था भनेको थाय्गु वा वुन्ने, ज्या:को अर्थ काम हो । ज्यापुहरु ती कामहरु बाहेक केही पैसा आय आर्जन गर्नका लागि आफ्नो बारीमा तोरीको साग, मुला, लसुन, प्याज, छ्या, काउली, आदि उत्पादन गरिन्छ । आफ्नो घरको लागि भन्दा बढी भएको केही नजिकको बजारमा गएर विक्री गरिन्छ । जसवाट नून तेल, मट्टितेल खरिद गरी ल्याउँछ । खेतमा काम गर्दा लोग्ने मानिसहरु खेत खन्ने, ड्याङ वनाउने, मल छर्ने, सामान खेतमा लाने र फर्काउनेको लागि खर्पन बोक्ने काम गरिन्छ भन्ने आइमाइहरुले, माटोको डल्लो फोड्ने, तरकारी मुट्ठा वनाउने र कुनै कुनै आइमाइले खेत खन्ने काम गरी पुरुषलाई सघाउने काम गरेको पाइन्छ ।


आज भोलि समयको परिवर्तन शिक्षाको प्रभाव, जनसंख्याको वृद्धि, बढ्दो शहरीकरण, गाउँबाट शहरमा बसाई सराईमा वृद्धि , वैदेशिक व्यापार वृद्धि र विदेशी सामानको आयात वृद्धिले गर्दा ज्यापू समाजमा आफ्नो खेती पेशामा धेरै नै फरक आएको पाइन्छ । घरमा कपडा वुन्ने, परालको जुत्ता वुन्ने, सुकुल वुन्ने, आदि काम पूरै वन्द भैसकेको छ भन्ने खेती पातीमा समेत ज्यापूका वच्चाहरुले विस्तारै काम छोड्दै गएका छन् । यसको सत्तामा विभिन्न व्यवसायमा लागेका छन् । ज्यापुका छोरा छोरीहरु पनि थोक तथा खुद्रा ब्यापार गर्ने सानातिना उद्योग गर्ने, शिक्षक, इन्जिनियर, डाक्टर, कलाकार, डकर्मी, सिकर्मी, पेन्टर, उडकार्भिङ, मूर्तिकार, सुचिकार, आदि क्षेत्रसंग सम्वन्धित विभिन्न पेशा अपनाएर आर्थिक जीवनलाई अगाडि बढाउदै लगेका छन् । ज्यापू समाजको एक सर्वेक्षणमा <u>**ल.पू. नगरभित्रका ज्यापुहरुले निम्न पेशाहरु**</u> अपनाउँदै आएको तथ्यांकले देखाउँछ ।

तालिका नं. :-१९

| पेशा | उडकार्भिङ | सिकर्मि | पेन्टर | सुचिकार | मूर्तिकार | डकर्मि | अन्यः- डा.ई.पा ओ.उ.ब्या.नो.शि.न. |
|---|---|---|---|---|---|---|---|
| संख्या | ७५ | १५१ | १६५ | ६९३ | ७८० | १४२६ | २४३७ |
| प्रतिशत | १.१३ | २.६३ | २.८८ | १२.१० | १३.६१ | २४.८९ | ४२.५५ |
| संकेत नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ |

माथिको तालिकामा देखाइएको विभिन्न पेशालाई तल चक्र चित्रमा पनि देखाइएको छ ।

चित्र नं. :-१६




ललितपुर नगरका ज्यापुहरु पेन्टर पेशामा लाग्ने सवभन्दा बढी छुसिका टोल वडा नं. ११ मा पाइन्छ । त्यसपछि पिलाछैँ, लुँखुसि, दुपाट, खपिंछैं, पुल्चोक र छाय्‌वहाल टोलमा रहेका छन् । पेन्टर पेशामा नलाग्ने टोलहरु ६ वटा छन् । पेन्टर गर्नेले मूर्तिमा चित्र कोर्ने, कागजमा चित्रहरु बनाउने र घरको भित्तामा रंग लगाउने गरिन्छ । ज्यापूहरुले परम्परादेखि गर्दै आएको मुख्य पेशा डकर्मी पनि हो । ज्यामी काम गर्दा गर्दै डकर्मी सिक्ने भएकोले यो पेशामा लाग्ने धेरै छन् । डकर्मी काम सबै ज्यापु टोलहरुमा उल्लेखनीय रुपमा पाइन्छ । सबभन्दा बढी संख्यामा

पुल्चोक वडा नं.३, लुँखुसि टोल वडा नं.१७ र ६, च्यासल टोलमा वडा नं. ८,९,११ भिन्द्योलाछि वडा नं.११, सुवहाल वडा नं. ७ र ८ रहेका छन् । सवभन्दा कम संख्यामा डकर्मी पेशखाामा रहेका टोलहरुमा भेलाछैं, कुति सौगः र इबाननी हुन् । यी टोलहरुमा डकर्मि पेशामा लाग्ने १० जना पनि छैन । ललितपुरका ज्यापूहरुले सिकर्मी पेशामा पनि लागिरहेको देखिन्छ । कम संख्यामा भए पनि ३३ वटा टोलमा ज्यापूहरुले सिकर्मी पेशा अपनाएको पाइन्छ । ती मध्ये सबभन्दा बढी कुछे ननी टोल वडा नं. २१, कुटि सौगः वडा नं ११ र पिलाछैं टोल वडा नं. ७ मा रहेका छन् । सिकर्मी पेशा अपनाउने सुन्य भएका टोलहमा ७ वटा छन् । जहाँ एक जना पनि छैन । पर्यटकको विकास गर्नमा तेवा पु-याउने र कोठा भित्र फूर्सतको समयमा गरेर सिक्ने भएकोले अहिले ज्यापूहरु उड कार्भिङ्गतिर पनि आकर्षित भएको देखिन्छ । उड कार्भिङ्ग पेशामा लाग्ने टोलहरु २१ वटा छन् । ती मध्ये सबभन्दा बढी सुवहाल वडा नं. ७, ८ , चाकुबहाल वडा नं. १२, सःको वडा नं. ७ र ८ र कुति सौगः वडा नं. ८ र ११ मा पाइन्छ । उड कार्भिङ्ग एक जना पनि नभएको टोलहरु १९ वटा छन् ।

अहिले शहरीकरण, जनसंख्या बृद्धिले गर्दा खेतका प्लटहरु सानो हुँदै खेती कामबाट परिवार धान्न सक्ने अवस्था नभएकाले ललितपुरका ज्यापूहरु धेरैले मूर्ति कुट्ने, मूर्ति वनाउने, विक्री गर्ने पेशामा वृद्धि भएको पाउँछौ । सबै टोलहरुमा यो पेशा अँगाल्ने उल्लेखनिय रुपमा वृद्धि भएको पाउँछौ । यो काम गर्दा घरका सबैले काम पाउने भएकाले यो काम धेरैले सिक्दै गएका छन् । सबभन्दा बडी यो पेशामा लाग्ने टोल अुँखुसि वडा नं. ६ र १७ , दुपात वडा नं. ७, सुवहाल वडा नं. ७ र ८ हुन भने कम संख्या रहेका टोलहरुमा बागर, गःछें, रहेका छन् । डकमी पेशा पछि सवभन्दा बढी ज्यापुहरुले गरेका पेशा सुचिकार रहेका छन् । सूचिकार पेशामा लागेका पहिलो स्थानमा पिलाछैं वडा नं.७, दोस्रो दुपाट वडा नं.७ तेश्रो पिछैं वडा नं. ७ र ८ , चौठो स्थानमा लुँखुसि वडा नं. ६ र १७ रहेका छन् । सवभन्दा कम संख्यामा यो पेशा अपनाउने टोलहरु क्रमशः वागर, हकटोल, भेलाछें, क्वेलाछि र चाकुवहाल रहेका छन् । धेरै थोरै यो सुचिकार पेशा अपनाउने ल.पुं. नगरका ज्यापुहरुको सबै टोलमा पाइन्छ ।

# सातौं - अध्याय

## ७. धर्म तथा विश्वास

### ७.१. धर्म

काठमाण्डौ उपत्यका मन्दिरै मन्दिरले भरिएको धार्मिक स्थल हो । यहाँ विभिन्न देव देवताको टोल टोलमा मन्दिर भेटिन्छ । मन्दिरहरुमा महादेवको, गणेशको, भैरवको, वुद्धको वढी पाइन्छ । यो पिठ मन्दिरहरुमा वाह्र कुपारी, बटुक भैरव, महालक्ष्मी, काल भैरव, अजिमा आदि देवतारु रहेको पाइन्छ । उपत्यका वासी ज्यापुहरु सबै देवताहरुलाई सर्दापूर्वक मान्दै आएका छन् । धर्ममा कसैले पनि भेदभाव राखेको पाइदैन । धार्मिक पुजाआजा र श्राद्ध गर्ने हिसाबले ज्यापूहरु दुइ भागमा बाँडिएको छ । क) बौद्ध धर्मावलम्वी  ख) हिन्दु धर्मावलम्वी क) बौद्ध धर्मावलम्वीहरु पुजाआज श्राद्ध गर्ने बेला गुभाजु र वज्राचार्यद्वारा गरिन्छ भने हिन्दू धर्मावलम्वीहरुको पुरोहित राजोपाध्यय हुन्छन् । आफ्नो पुरोहित गुभाजु वा वज्राचार्यसंग कचमच परेर मात्र राजोपाध्याय राखेको देखिन्छ । नत्र भने सबैको गुभाजु वा वज्राचार्य नै पुरोहित हुन्छन् ।

ज्यापुहरुले मनाउने देवता नासःद्यो पनि हो । यो देवता कुनै बाजा, गीत आदि सिकाउने वेला यो नासःद्योको पुजा आराधना शुभ साइत गरी सिकाउने गरिन्छ । ललितपुरको प्रत्येक ज्यापु टोलहरुमा नासःद्यो पाइन्छ । ललितपुरका ज्यापुहरुले मंका गुठीको मंका बाजा प्रत्येक १५-२० बर्षमा आफ्ना टोलका युवाहरुलाई यो नासःद्योको पुजा गरी गुरुद्वारा प्रशिक्षण गराइन्छ । प्रशिक्षण सकिएपछि अथवा पुरा भएपछि सवभन्दा पहिला यही नासःद्योको पुजा गर्न जान्थ्यो । टोलमा कोही व्यत्ति, हिसी पर्ने गरी कुरा गर्यो कि त्यसलाई **“नासलं ल्यूम्ह”** भनिन्छ । त्यस्ता व्यक्तिले जुनसुकै कुरा गर्दा पनि मासिसहरु रिसाउने हुन्दैन ।

ललितपुरका ज्यापुहमरुले खासै मान्ने पुजा गर्ने देवता भनेको बर्षाकी देवी करुनामय वा मच्छिन्द्रनाथलाई मान्दछ । यसलाई अर्को भाषामा बुंद्यो, बुगद्यो पनि भनिन्छ । “ **बुं** ” भनेको खेत । “ **द्यो** ” भनेको देवता हो । ज्यापुहरुले यसलाई मान्नुको कारण यसलाई माने पछि आफ्नो खेतमा समयमा धान रोपाई हुनु र खेतमा अन्न राम्ररी उत्पादन हुनु हो । प्राचीन कालमा काठमाण्डौ उपत्यकामा धेरै बर्ष सम्म पानी नपरी खडेरी परिरहेको बेला यो मच्छिन्द्रनाथ उपत्यकामा ल्याएपछि बर्षा भएकोले यहाँ राम्ररी खेती पाती अन्न उत्पादन भयो

भनिन्छ । त्यसैले मच्छिन्द्रनाथलाई ललितपुरका ज्यापुहरुले मात्र पुजा गर्ने नभई उपत्यकाका तीन वटै शहरका ज्यापुहरुले मनाउने र पुजा गर्ने गरिन्छ ।

वास्तवमा ललितपुरका ज्यापुहरुले सबै देवी देवतालाई उतिकै पुजा गर्ने गरिन्छ । ललितपुरको हरेक चाडपर्व र जात्राहरुमा ज्यापुहरुको सहभागी त्यती कै भैरहेको हुन्छ । कुनै न कुनै सानो तिनो जात्रा र यात्रा नै किन नहोस ज्यापुको धिमे बाजा भै रहन्छ । ललितपुरका विभिन्न यात्राहरु जस्तै मतिया यात्रा, कृष्ण यात्रा, भिमसेन यात्रा, वालकुमारी खत यात्रा, मच्छिन्द्रनाथका रथ यात्रा, बसुन्धारा पुजा यात्रा, बाः (वहाल) पुजा यात्रा, दशैंमा खड्ग यात्रा, सापारु यात्रा, गथु नाच यात्रा , बुद्ध यात्रा (वैशाख पूर्णिमा) यी हरेक यात्रामा प्रत्यक्ष रुपमा ज्यापुहरु सलंग्न भएकै हुन्छन् । साचै भन्नु पर्दा यी उलेखित यात्राहरुमा ज्यापुहरु संलग्न नभएमा ती यात्राहरु लोप भएर जान्छन् । कुनै पनि यात्रामा ज्यापुहरु सहभागी नहुने र ज्यापुको वाजा नभएमा जात्रा नै खल्लो लाग्ने हुन्छ । ज्यापुहरु बढी बुद्ध मार्गी भए तापनि देवताको पुजा गर्ने बेला जयापुहरुले सबै किसिमका देवताहरुलाई पुजा गरिन्छ । उदाहरुणको लागि घरको शुभ साइत, व्रतवन्ध आदि गर्दा खेरी गुभाजु द्वारा गरिए तापनि त्यहा यज्ञमा चैत्य र सुकुन्दा (गणेश) अगाडि राखेर पुजा गरिन्छ । शुभकामना पुजा गर्दा सबभन्दा पहिला गणेश लाई पुजा गरिन्छ । त्यसकारण प्रत्येक ज्यापुहरुको टोलमा गणेशको मन्दिर रहेको पाइन्छ भने आफ्नो घरको आँगन चोकमा बुद्धको चैत्य र धर्मनाथ रहेको पाइन्छ । यो ज्यापुहरुको धार्मिक सहिष्णुताको नमूना हो । ज्यापुहरुले बुद्ध, गणेश, महादेव, भैरवको मुजा गर्नुको साथै नागपुजा, कागपुजा, भ्याकुता पुजा गरिन्छ भने प्रकृतिको पुजामा चन्द्रमा तथा सूर्यको पुजा गरिन्छ ।

प्रजातन्त्र आएपछि देशमा अरु धर्महरुले पनि ठाउँ पाउँदै आएको देखिन्छ । यसलाई बिचार गर्दा अहिले ललितपुर नगरका कुनै कुनै ज्यापुहरुले बुद्ध र हिन्दु धर्मलाई चट्ट छोडेर ईसाइ धर्म मान्ने पनि बढ्दै गएको देखिन्छ । ज्यापु समाजले दिएको तथ्याङ्कलाई आधार लिंदा **नगर भित्रका ज्यापुहरुमा ईसाइ धर्म मान्ने** संख्या ३११ जना भन्दा बढी छन् । जुन तलको तालिकामा देखाएको छ ।

तालिका नं.:-२०

| क्र.सं. | टोलको नाम | संख्या | क्र.स. | टोलको नाम | संख्या |
|---|---|---|---|---|---|
| १ | भिन्द्योलाछि | १२ | २ | सलिंछें | ९ |
| ३ | पिंछें | २७ | ४ | चाकुबहाल | ८ |
| ५ | पूर्णचण्डि | १५ | ६ | गःछें | ८४ |
| ७ | वल्खु | ९ | ८ | गुइटोल | १२ |
| ९ | गाःहिति | १६ | १० | सौबहाल | ४० |
| ११ | चोछें | २१ | १२ | खपिंछें | १२ |
| १३ | एलमुगः | १५ | १४ | भिलाछें | ६ |
| १५ | कुछेननी | ४ | १६ | पुल्चोक | ५ |
| १७ | छाय्बहाल | ५ | १८ | पिलाछें | ४ |
| १९ | दुपाट | ३ | २० | त्यागः | ४ |

यी माथिको तालिकालाई विश्लेषण गर्दा सबभन्दा पहिला ईसाइ धर्म मान्ने र चर्चमा जाने व्यक्ति ललितपुर उ.म.न.पा. वडा नं. ९ गःछें टोलमा रहेछ। ललितपुर नगर भित्र ज्यापुमा सबभन्दा पहिला चर्चमा जाने बस्ने मंगल महर्जन हुन् । १ गःछें टोलमा बस्ने काजी रत्न महर्जनको भनाइ अनुसार पछि उ आफै उसंग चर्चमा गएको भनिन्छ । त्यसैले माथिको तालिकामा सबभन्दा बढी गछें टोलमा ६४ जना छन् । ललितपुरमा उनीहरुले नै पहिला ज्यापुहरुलाई ईसाइ धर्म मनाउने र चर्चमा लाने गरेका थियौं भन्छ। यो ईसाइ धर्मलाई किन मानेको भनेर सोधिदा यो धर्म माने पछि सब थोक ठीक भएर आउँछ भनि उनीहरुलाई बिश्वास छ। यो धर्मको बारेमा अरुलाई सोधिन्दा यसरी जवाफ दिइन्छ।

१. यो धर्म मानेपछि डाक्टरले निको पार्न नसकेको रोग निको हुन्छ।

२. भूत प्रेत र बोक्सिले बिगारेको रोग यो धर्मले निको पार्छ।


३. यो धर्म मानेपछि सब थोक ठीक हुन्छ भनि बिश्वास उनीहरुलाई छ।

४. यो धर्म माने पछि बिभिन्न चाडपर्वबाट हुने खर्चहरु बचत हुन्छ।

यी कुराहरुले यस धर्म मान्ने र त्याहाँ जानेहरुलाई आकर्षित बनाएको रहेछ। यो एउटा धार्मिक संगठन हो । जसले एक्लो, असहाय भएका व्यक्तिहरुलाई सहयोगको थलो बनेको छ ।

परिवारमा कोही बिरामी भै मृत्यु भएमा लाश उठाउन उनीहरुले सजिलै सित उठाई दिन्छ । अर्को कुरा असहाय भएका व्यक्तिहरुलाई यो धर्म मानेपछि रीतिथितिको केहि गर्न नपर्ने सजिलो बनाएको छ । यसरी सुबिधाको थलो र सहयोगको समुह भएकोले यस धर्मले मानिसहरुलाई आकर्षित बनाएको छ । अहिले जो कोही ठूलो बिमारी भै औषधि गरेर दिक्क भएका मानिसहरु पनि एक चोति चर्चमा जानु पर्यो कि भनेर सोच्दछ । ज्यापुहरु कुन टोलबाट कति बढी चर्चमा गएको छ भनि तलको स्तम्भ चित्रबाट पनि हेर्न सकिन्छ ।

चित्र नः- १७





काठमाण्डौ उपत्यकामा चर्चको संख्या जम्मा २४० वटा भन्दा बढी छन् । ती मध्ये ललितपुर जिल्लामा ६० वटा भन्दा बढी छन् भन्ने नगरमा मात्र २६ वटा छन् । नगरमा कहा कहाँ **चर्चहरु** स्थापना भएका छन् । त्यसको **विवरण** तल **तालिका**मा दिएको छ ।

तालिका नं.:-२१

| सि.नं. | संचालकको नाम | चर्चको नाम | सि. नं. | संचालकको नाम | चर्चको नाम |
|---|---|---|---|---|---|
| १ | रेभ.हनोक तामाङ्ग | आराधना सानेपा | २ | पा.तेज सुर्यवंशी | अनन्त जीवन -कुमारीपाटी |
| ३ | पा. तिर्थ थापा | अरियापागस कंग्रयसन पुल्चोक | ४ | पा. बाबुराम हिमाल | इम्मानुयल चर्च सातदोबाटो |
| ५ | पा. ध्रुब केसी | इम्मानुयल मण्डली सातदोबाटो | ६ | पा. मानलाल हुयता | इमान्जलिकल फ्रेन्स चर्च रि |
| ७ | पा.बाल कृष्ण राई | क्यालभरी खिप्तस म. टुटेपानी | ८ | पा.कृष्ण ब.परियार | खुमलटार चर्च |
| ९ | पा.ईन्द्र थापा | खीप्तिय अनुग्रह चर्च नक्खु | १० | पा.थोमस राई | खिप्तिय डिसाइपल च.जावला. |
| ११ | पा.अब्दुयल मुखि. | चेला संगती सातदोबाटो | १२ | पा.तिर्थ राई | ग्वार्को मण्डली |
| १३ | पा. हरि गुरुङ्ग | नेपाल ब्याप्टीस चर्च मानभवन | १४ | पा. रेन्जि लामा | नाजरिन चर्च धोबिघाट |
| १५ | पा. गजेन्द्र राई | पवित्र चर्च धोबिघाट | १६ | पा.किमा रिजाल | पनियल चर्च जावलाखेल |
| १७ | पा.मोसेस अड्का | पुर्नजिबित मण्डली त्यागल | १८ | रेभ.डा.मंगलमान म. | पाटन क्वाइनोनिया चर्च |
| १९ | पा.अशोक अधिका | बेत्सेदा चर्च नक्खु | २० | पा.शिलार खड्का | बेथानि अनुगृह चर्च बागडोल |
| २१ | पा.नन्दलाल महर्ज | ल.पु.स्थानीय मण्डलीमण्डहिति | २२ | पा. तुलासिङ्ग राई | ल.पु.ब्याप्तीस चर्च नक्खु |
| २३ | पा.स्टिफन सिन्हा | सियोन चर्च सातदोबाटो | २४ | रेभ.डा.के.बि.रोकाय | सगरमाथा चर्च पुल्चोक |
| २५ | पा.अमर थापा | स्तुती प्रसंसा चर्च बाफल | २६ | पा.कृष्ण घिमिरे | स्लाघा मण्डली सानेपा |

<u>**ललितपुर नगरमा चर्च धर्म संचालन गर्ने घर वा स्थलको नक्सा**</u>

नक्सा नं.:-१८




## ७.२. विश्वास

परम्परा देखि गर्दै आएको विश्वास नेपाली समाजको एउटा प्रथा नै हो । एकाइशौं शताव्दी सम्म आइपुग्दा पनि आधुनिक समाजले ती समाजमा गाडेका विश्वासलाई हताउन निकै कठिनाई परी रहेको छ । यस्ता परम्परागत विश्वास नेपाली समाजको अरु जातिमा झैं ज्यापु समाजमा पनि यस्ता पुराना विचार धारा र विश्वासहरु विद्यमान रहेको पाइन्छ । परम्परागत यस्ता विश्वासहरु कुनै राम्रो पक्ष छन् भन्ने कुनै नराम्रो पक्ष रहेको पाइन्छ ।

राम्रो पक्षमा ज्यापुहरु भ-याङ्गमा माथिवाट तल ओर्लदा तलबाट माथि उक्लन्दा कोही आफु भन्दा ठूला बढा मान्य जन्यहरुलाई नाघिन्छ भनेर “बिनाव्य” भनेर जाने गरिन्छ । आफु भन्दा ठूलालाई मान मर्यादा राख्नु राम्रो हो । ज्यापु समाजमा केही कुरा खानु अघि आफु भन्दा ठूला गन्य मान्य संग सोधेर धोगेर खाने गरिन्छ । त्यस्तै बुहारीहरुले सासु ससुरा र श्रीमानको खुट्टा धोगेर खाने गरिन्छ । यो एउटा परम्परागत विशवासको मान मर्यादा हो ।

आफ्नो ठाउँको इनार, कुवा र धारा आदिमा नागको बास रहन्छ भनेर त्यसलाई सफा गरी पुजा गर्ने गरिन्छ । कुनै बेला कसैलाई खतिरा, चिलाउने आदि भएमा बैद्य बा ज्योतिष कहाँ देखाउँदा ढलको मंगाल, धारा, ईनार आदिमा पुजा गर्न दिन्छ । मनो विज्ञानको प्रभावले त्यस विरामी निको पनि भैरहेको हुन्छ । यो पनि विश्वासको कुरा हो ।

नेवार समुदायको ज्यापु समाजमा भूत, प्रेत र बोक्सीको विश्वास गरिन्छ । कुनै व्यक्ति साधारण विरामी भै कमजोर भएमा भूत प्रेतको दोष भनी संका गरी तान्त्रीकहरुको सल्लाहमा दोबाटोमा केही खानेकुरा राख्न लग्छ । यसरी राख्न लग्ने बेला बोल्नु र फर्केर हेर्न नहुने विश्वास छ । यस्तो राख्न लग्नुलाई “बौ तय्गु” भनिन्छ । यसमा चिउराको कनिका, रगत, लसुन, बौ स्वाँ आदि राखेर दही खाने माटोको भाडो जसलाई **“धौ भ्यगःचा”** भनिन्छ । त्यसमा राखेर दोबाटोमा भूतलाई भनी राख्न लग्छन् । मच्छिन्द्रनाथको रथ भएको बेला यस्तो “बौ तय्गु” काम ज्यापुहरुले रथको मुनी राख्न लग्ने गरिन्छ । यसवेला सबै भूत प्रेतहरु दोबाटोमा नबसी त्यहाँ आइ रहन्छ भनी विश्वास गर्छ ।

खेतमा धान पाक्दै आउने अवस्थामा मुसाहरुले त्यस्ता धानका बालाहरु खाएर नोक्सान गरिन्छ । यसरी मुसाले धान खाएर नोक्सान भएमा ज्यापुहरु क्वाल्खु स्थित बुद्ध मन्दिर क्वापा आजु अर्थात हिरण्य बर्ण महा विहारको बुद्धलाई चामल चढाउने गरिन्छ । जसलाई **“गोःलपा छाय्गु”** भनिन्छ । त्यहाँ मन्दिरमा मुसाले धान खाँदा चामल चढाउन अलगै मुसाको मूर्ति भएको चाँदीको ठूलो “गोलपा” छ त्यसमा चामल भरी राखेर चढाए पछि भुसाले धान खादैन भनी विश्वास गर्दछ । त्यस्तै धान र गहुँ राम्रो भएको अवस्थामा गोरुहरुले खाएर नोक्सान भएमा पनि ज्यापुहरु महादेवको वहान गोरुलाई पुजा गरेमा गोरुले दुःख दिन्दैन भनी विश्वास गर्छ ।

ज्यापुहरुको देवाली पुजामा यस्तो पनि विश्वासको चलन छ कि आफ्नो देवताको पुजागरी सकेपछि त्यो पुजा शुद्ध छ कि छैन भनी परीक्षण गर्न देवताको वरिपरी सानो सानो चतांमरी छरेर राख्छन् । काग आएर उक्त चतांमरी तिपेर लग्यो भन्ने उक्तपुजा शुद्ध भयो भनी विश्वास गर्छ । आशा माया महर्जनको भनाई अनुसार आफ्नो देवाली गुठीको पालोमा पुजा गरी सकेपछि समयमा कागले चतांमरी खान नआएकोले केताहरु हात्ती वनमा गएर कागलाई धपाउन गएको कुरा बताउँछ । त्यस्तै चटामरी सर्पलाई खुवाउनु पर्ने देवाली गुठीको चलन पनि छ । सर्पले खान आएमा त्यो पुजा शुद्ध भएको विश्वास गर्छ ।

ज्यापुहरु चथा नखमा कसैले नदेख्ने गरी लुकेर भोज खानुपर्ने चलन छ । यदि कसैले देखेमा उसलाई चोरको दोष लाग्छ भनी विश्वास गर्छ । यसरी लुकेर भोज खानु सजिलो नभएकालेले त्यस्तो चोरको दोष लाग्नबाट हटाउनको लागि त्यही चथाको दिनमा घरको मूली आइमाइले व्रतवन्ध वसी चन्दमालाई पुजा गरेमा त्यसरी लुकेर भोज खानु नपर्ने भनी अर्को विश्वास छ ।

हरेक चाडपर्व पुजा आजामा सबभन्दा माथि पितृ र देवतालाई छुट्याएर मात्र भोज खाने गरिन्छ । देवतालाई भाग नछुटयाई भोज खानु हुदैन भनेर विश्वास छ । यस्तो छुट्याएको भाग देवतालाई चढाउन लग्छन् ।

यसरी ज्यापु समाजमा यस्ता विश्वास अन्ध विश्वास थुप्रै पाइन्छ । ज्यापु समाजमा गहिरिएर अध्ययन गरेको खण्डमा अनगिन्ती परम्परागत विश्वास र मान्यताहरु पाउन सकिन्छ । ज्यापु समाजमा पाएका कतिपय यस्ता राम्रा पक्षहरु छन् । जसलाई संरक्षण र सम्बर्दन गरी ज्यापु जातिको सांस्कृतिक भण्डारलाई जोगाउनु आवश्यकता देखिन्छ ।

# आठौं-अध्याय

## ८. चाडपर्व

नेपाल प्राचीनकाल देखि चाडपर्वको धनी देश हो । कुनै पनि बेला नेपालको बारे प्रदर्शित गर्नु परेमा वा नेपालको विशेषता भन्नु पर्दा काठमाण्डौ उपत्यका भित्र चलाउँदै आएको चाडपर्व नै हो । उपत्यका भित्र चाडपर्वहरु थुप्रै प्रकारको पाईन्छ जसले गर्दा नै नेपालीहरुको संस्कृति धनी छ भनेर भन्न सकेको छ । यही सांस्कृतिक कृयाकलाप र परम्परागत निरन्तरता नै नेवारहरुको विशेषता हो । संस्कृतिले मानिसको सभ्यताको चिन्ह झल्काउँछ । त्यसकारण हामीले सांष्कृतिक कृयाकलाप सुचारुपले चलाउन नसकेमा त्यसबेला संस्कृति भित्र बिकृति फैलिन सक्छ । यस पक्षमा हामी सतर्क हुनैपर्छ । नेपाल उपत्यका भित्र नेवार समुदायको चाडपर्वको वारे अध्ययन गर्न ज्यापु समाजको चाडपर्वलाई अध्ययन गर्न आवश्यक हुन्छ किनभने नेवार समुदायको चाडपर्वको प्रत्येक क्षेत्रमा ज्यापु समुदाय संलग्न भैरहेको हुन्छ  भन्ने ज्यापुहरुको पनि आफ्नै किसिमको चाडपर्वहरु पाइन्छ । यहाँ ज्यापु समाजको गथांमुगः देखि सिठी नखः सम्म मनाउने चाडपर्वको संक्षिप्त रुपमा प्रकाश पार्ने प्रयास गरेको छुँ ।

### ८.१. गथां मुगःचह्रे (घण्टाकर्ण)

गथांमुगः नेवार समुदाय भित्र ज्यापु समाजले विशेष रुपमा मनाउने चाड हो । प्रत्येक टोलको दोबाटोमा नर्कटहरु मुठ्ठा गरी बाँडेर भूत जस्तो बनाएर उठाइ राखेको हुन्छ । अनि त्यसैको नाउँवाट बचाहरुले बटुवाहरुसँग पैसा मागी रहन्छ । जसलाई **"जगात"** भनिन्छ । त्यही जगात लिएर जम्मा भएको पैसाले गथांमुगःलाई चाहिने सामानहरु किनेर ल्याउँछ । गथामुगःलाई नाङलोको मुकुन्दो राखिन्छ । सबै काम ठीक भएपछि एकजना जोगी वा पोडेलाई दागबत्ती गर्न लगाउँछ । त्यसपछि वच्चाहरुले तानेर लग्छन् । पछाडि बच्चाहरुले नर्कटले पिट्दै जान्छन् । पछि पछि टोलका बुढाहरु पनि मलामी जाने भनेर जान्छन् । अन्तमा  खोलामा फालेर बगाउँछ । अनि सबैले हात मुख धोएर घर फर्कन्छन् ।

गथामुगः चह्रे मनाउनु अघि ज्यापुहरु सबैको आ-आफ्नो खेतमा धान रोपाईं सिध्याउनु पर्ने मानेता छ । गथामुगः चाड खेतमा धान रोपाइ नसिधेका घरपरिवारले मनाउँदैन ।  धान

रोप्ने कार्यलाई ज्यापूहरु **"सिना ज्या"** भनिन्छ । ज्यापुहरु घरका जो कोही मरे पनि घरमा उक्त लाश राखी "सिना ज्या" जाने गरिन्छ । सिनाज्याको अर्थ घरमा मुर्दाको लाश त्यसै राखी धान रोप्न जानु हो । किन त्यसो गरेको भन्दा एकजना बुढाले यसरी भन्छ । खेतमा धान रोप्नलाई कति दिन पालो कुरी पानी राख्छन् । उक्त दिनमा धान रोम्न नसकेमा खेतमा पानी सुक्न सकिन्छ । धान रोपाई सकेर लाश उठाउँदा केही फरक पर्दैन भन्छ ।[१] अर्को कुरा लाश उठाउन एक दुइ जनाले पुग्दैन । तोलका गुठी वा आजु नायकलाई भन्नुपर्छ । उनीहरु पनि खेतमा गइरहेको हुन्छ । उनीहरुलाई बोलाउन सम्भव नभएकाले पनि यस्तो गर्नु परेको भन्छ । ज्यापुहरुले रोपाईं कार्य महिनौ सम्म गरी कति किराहरु मारियो होला । यसरी नराम्रो काम गर्दा भूतप्रेत आदि घर भित्र आउन सकिन्छ । घरमा दुःख दिइ रहन्छ भन्ने पहिलेका ज्यापुहरु भन्छन् । त्यसकारणले धान रोपी सकेपछि घरमा शुद्ध पार्न गथामुगःचह्रे मनाउने गरिन्छ । जसलाई ज्यापुहरु **"सिनाज्या ब्यंकेगु"** भनिन्छ ।[२]

गथामुगः चह्रेको दिनमा बिहान सबेरै घरमा लिपपोत गरी भाडा कुँडाहरु सफा गर्छन । सबैले नुहाइ धुवाई गरी बारीमा गएर नर्कतको माथिको भाग काटेर त्यसको पातमा सागमात, फलफूल खोर्सानी च्वाकंबकं, सिस्नु आदि बाँडेर ल्याई मूल ढोकाको दायाँ वा वायाँ झुण्डयाइ राख्छ । बेलुका भोज खानु अघि एकजना कान्छो छोराले उक्त वाहिर झुण्डाएको नर्कटलाई माथि ल्याई छ्वालीको मुट्ठामा घुसारी त्यसलाई बालेर देब्रे हातमा अक्षता, अबिर आदि खानेकुरा पोको पारी समात्छ । कोठा कोठामा उक्त बालेको छ्वाली मुट्ठा भूतप्रेत बाहिर फाल्नु भनेर आगोले सेकाएर बाहिर दोबाटोमा फाल्न लग्छन् । त्यसरी लान्दा फर्केर हेर्नु र बोल्नु हुन्दैन । त्यसपछि हातमुख धोएर घरमा आउँछन् । आउँदा माथि सम्म आउनु हुदैन । दोस्रा तल्लामा बसाइ उसलाई मासु २,३ टुक्रा र एक गिलास जाँद खुवाउने गरिन्छ । यसरी उ माथि आए पछि सबै लाइन बसेर भोज खाने गरिन्छ ।[३] गथामुगः चाड सिनाज्यासंग सम्वन्धित छ किनभने ज्यापु समाजमा धान रोपाई नसिधिएमा यो चाड मनाउने गरिदैन र भूतप्रेत फाल्ने कार्य गरिदैन । यसरी छ्वाली बालेर दोबाटोमा फाल्ने कामलाई ज्यापुहरु **"छ्वाली प्वा वाय्गु"** भनिन्छ ।

---

१. बुलाल महर्जन, बर्ष - ७५, गुइ टोल , ललितपुर उ.म.न.पा. वडा नं. ८
२. हाकु दाई डंगोल, बर्ष - ७२, गाहिति, ललितपुर उ.म.न.पा. वडा नं. ११
३. सानुचा महर्जन, बर्ष - ६३, काय्गु ननी, लिलितपुर उ.म.न.पा. वडा नं. १८

छ्वाली प्वा वाय्गु कार्य गथामुगः चह्रे चाडमा गर्न नपाएमा धान रोपाई सिध्याईए पछि गुन्हु पुन्हि (गाई जात्रा)मा मात्र गर्ने गरिन्छ ।

गथांमुगः चह्रे चाड एक अति महत्वपूर्ण चाड हो । गथांमुगः लाई सबै चाड मध्ये पहिला आउने चाड भनिएको छ । त्यसैले गथांमुगःलाई छोरा चाड भनेर भनिन्छ । यो चाड आएपछि अरु चाडहरु हप्ता हप्तामा छिटो छिटो आउने गरिन्छ ।

गथांमुगः भन्ने एक भूत हो । गथामुगःलाई घण्टाकर्ण राक्षस भनेर भनिएको छ । यस घण्टाकर्ण राक्षसको बारे एउटा कथा यसरी छ । पहिला पहिला एक असूरले धेरै मासिहरुलाई मारेर दुःख दिइ रहेको थियो । मानिसहरुले उक्त असूरलाई केही गर्न सकेको छैन । त्यसैवेला इन्द्र भ्याकुटो रुप लिएर एउटा ठुलो हिलोमा लगेर त्याहा गाडी मारे । त्यसैले उक्त दुष्ट असुरको प्रतिक प्रत्येक बर्ष श्रावण कृष्ण चह्रेको दिनमा गथांमुगः भनेर नर्कतको मुठ्ठाको बनाई उठाउने र एउटा जोगीको हातबाट दागबत्ती गर्न लगाई तानेर खोलामा फाल्ने लाने संस्कार बनेको छ । अनि भ्याकुटोले त्यस्तो राम्रो मानिसको गुण लगाएको हुनाले प्रत्येक गुन्हुपुन्हिको दिनमा भ्याकुटालाई भात खुवाउने भनी खेत खेतमा सिमीको पातमा राखेको भात, रोटी, गेडागुडी, मुलाको ऐना जसमा टिका लगाएको हुन्छ त्यो राख्न लग्ने गरिन्छ ।

उक्त गथांमुगः चह्रेको दिनमा बारीमा रहेको फल टिपेर लुगामा बाँडेर झुण्ड्याउने गरिन्छ । त्यस्तै फलामको औंठी किनेर ल्याई गथांमुगःलाई छोएर हातमा लाउने गरेमा भूतले केही गर्न सकिदैन भन्ने धारणा छ । आइमाई तथा केटीहरु आफ्ना घरमा खेलीने पुतलीहरु भूत फाल्ने भनेर त्यस्ता पुतलीको भूतको प्रतिक मानी गुठामुगःमा झुण्याउन लग्ने गन्छि ।

यस गथांमुगः चाडले सामाजिक सगठनलाई मजवुत वनाउने गरि राखेको छ भने वेइमान दुष्टप्रयास गर्ने जो कोही पनि समाजमा इज्जत छैन र मृत्युपछि पनि उसलाई घृणा गरि रहन्छ भनी हामीलाई स्मरण गराउँछ ।

### ८.२. गुं पुन्हि (गुन्हुपुन्हि)

गुन्हुपुन्हि काठमाण्डौ उपत्यका भित्र नेवार समुदायले मनाउने विभिन्न चाडहरु मध्ये एक हो । यो श्रावण शुल्क पुर्णिमा वा गुँला पुन्हिको दिनमा पर्छ । मनमास भएको बेला मात्र भाद्र शुल्क पुर्णिमाको दिनमा पर्छ । यो चाड आठ दिन सम्म गुं पुन्हि देखि कृष्णाष्टमी सम्म

मान्छ । गुंपुन्हिको दिनमा नौ किसिमको गेडागेडी बोडी, मस्या, मास, भटमास, गो मास, गो मू, सिम्पु, चना, सानो केराउ आदि पकाएर तातै झोल पिउँछ । यो दिनमा पिठोको रोतीसगै यी गेडागुडीको झोल पिउने आफ्नै किसिमको विशेषता छ । जसलाई नेवारहरु **"क्वा:ति पिउने"** चाड पनि भनिन्छ ।

गुं पुन्हिको दिनमा ज्यापुहरु नुहाई धुलाई गरी शुद्ध लुगा लाउने गरिन्छ । पहिले पहिलेका मानिसहरु बिहान सबेरै उठेर बागमती संखमुल गएर मुख धोएर ललितपुरको कुम्भेश्वर जान्छन् । जान सक्नेहरु उक्त गुंपुन्हिको दिनमा गोसाई कुण्डको पोखरीमा नुहाउन पुग्छन् । त्यहा जान नसक्ने सबै जसो ज्यापुहरु कुम्भेश्वरको महादेव पोखरीमा गएर नुहाउन जाने गर्छन । उक्त पोखरीको पानी गोसाई कुण्डको पानी आइरहेको भन्छ । धेरै जसोले हातमा ब्राम्हनको हातबाट कचि धागो बाँडेर आउँछ । उक्त दिनमा ब्राम्हन, क्षेत्री, जोशी आदिले जनाई फेर्ने गरिन्छ ।  जनाई इन्द्रजात्राको बेला ॐमाद्यः प्रदर्शनी गराउने ञमाद्यःको हातमा बाँडी दिन्छ [१४] बिहान सबेरै ज्यापुहरु नौ (९) प्रकारको गेडागुडी राखी कुन्ती महादेव पुजा सकेर अरु विभिन्न देव मन्दिर घुमी घरमा फर्किन्छ । घरमा आएपछि त्यही नौ प्रकारको गेडागुडी पकाएर पाकेपछि तातै तातै पिठोको रोटी संगै पिउने गरिन्छ । त्यसैलाई नेवारी भाषामा "क्वा:ती तोनेगु" भनिन्छ । उक्त गेडागुडी क्वा:तीमा लैं लैं साग पनि राखिन्छ ।

**क) ब्याँ जा नकेगु (भ्याकुतालाई भात खुवाउनु)**

ज्यापुहरु बिहान सबेरै कुम्भेश्वर महादेवको दर्शन गरेर फर्केपछि घरमा आएर भ्यागुतालाई भात खुवाउने भनी सबै प्रकारको खानेकुरा तयार गरिन्छ । खानेकुरामा भात, पिठोको रोठी, मुला, अविर, भ्याकुताको फूल, सिमिको पात, नौ प्रकारको  गेडागुडी, गाजर यी सबै पकाइ सकेपछि त्यही सिमीको पातमा  राखिन्छ । सबै  खानेकुरा सिमीको पातमा राखी सकेपछि अरुको ठेक्कामा लिएको जग्गा र आफ्नो विर्ता जग्गा छुट्याउन आफ्नो बिर्ता जग्गामा **"गोजा"** र **"जजंका"** राखिन्छ । ती सबै तयार भएपछि क्वा:ति पिउने गरिन्छ । अनि आफ्नो खेतमा गएर भ्याकुटोलाई भात खुवाउन जान्छ । एउटा खेतमा ४ वटा चार  कुनामा  राखिन्छ ।  घरको प्रत्येक कोठा झ्यालमा पनि एउटा एउटा भाग राखिन्छ ।

ब्याँ जा भ्याकुतोलाई  किन खुवाउने  गरिन्छ  भन्ने प्राचीन समयमा एउटा दाना सुर

---

४. सुरैन्द्र मान श्रेष्ठ - नेवा संष्कृतिया नखःचखः, पृष्ठ - ६७ - नेपाल सम्वत - ११२१ सिल्ला गा

राक्षसलाई ईंन्द्र भ्याकुटोको रुपलिइ हिलोमा लगेर मारेको हुनाले गुन्हु पून्हिको दिनमा भ्याकुतो लाई भात खुवाउने गरी राखेको भनिन्छ । अर्को कुरा भ्याकुटोले धान रोम्ने बेला आकाशमा हेरी ईन्द्रसँग पानी मागेर बर्षा गराइ दिने भएकोले त्यसको खुशीमा भ्याकुतोलाई भात खुवाउने गरी राखेको भन्छ । त्यस्तै भ्याकुतोले धान बाली खाने विभिन्न किराहरुलाई खाएर ज्यापुहरुलाई सहयोग गरी दिने भएकोले त्यसको खुसीमा ज्यापुहरु सबैले भ्याकुटोलाई भात खुवाउने गरी राखेको भनिन्छ ।[५]

नेपाल कृषि प्रधान देश भएकोले उपत्यका भित्रका ज्यापुहरु खेतीको काम लगातार गरिरहनु पर्छ फुर्सत नै हुदैन । त्यसमा पनि "सिना ज्या" यस्तो गाह्रो छ । खाइ नखाई खेतमा भएको पानी सुक्ला भन्ने डरले लगातार काम गर्ने गरिन्छ । सिना ज्या भनेको काम मर्ने गरी दुःख गर्ने अथवा घरमा मरेको मुर्दाको लाश त्यसै छोडेर धान रोप्नु पर्ने काम भएकोले यसलाई साना ज्या (मरेर गर्ने काम) भनिन्छ । धेरै तगातार काम गरि रहनु पर्दा शरीर कमजोर भएर फुर्ति आउँदैन । असार, श्रावण दुइ महिना सम्म आँधिबेहरी, बर्षा केही नभन्दै खेतमा जोट्नु पर्ने भएकोले शरीर ठीक पार्नको लागि गुंपुन्हीको क्वाःति पिएमा बर्षाको पानी भिजेर सर्दिले शरिरको विभिन्न भाग दुखि रहेको निकोपार्न यो क्वाःति पिउने गरी राखेको हुनु पर्छ । यो एक किसिमले राम्रो छ ।

उपत्यका भित्रका नेवारहरु गथांमुग चाडलाई छोरा चाड भनिन्छ । यो चाड पछि नेवार समाजमा महिना महिनामा चाडपर्व आइ रहन्छ । ती प्रत्येक चाडपर्वमा खाने प्रकार फरक फरक हुन्छन् जुन खाना समय समयमा खाने गरेमा शरीरमा ज्वर हुन्दैन भन्ने धारणा छ । पहिला पहिलाका मानिसहरु आजु अजि धेरै नै वुद्धिमानी छन् अहिलेका डाक्टरहरुले सक्दैनन् । असार, श्रावण धेरै बर्षाले सर्दि शरीरलाई गर्मी गराउन क्वाःति खाने, गृष्म याममा मानिसको पेट ग्याँस उत्पति भै दुःख्ने भएकोले त्यसको औषधिको रुपमा पालाभिको रस पिउने, माघ महिनामा शरीर गर्मी बनाउन घ्यू, चाकू खाने चलन गरेको छ । वैज्ञानिकहरुको भनाई अनुसार हाम्रो शरिर जुन तत्वले निर्माण भएको छ । त्यही तत्वहरु खाइरहेमा ज्वरले समात्न

---

५. श्याम महर्जन - बर्ष ७०, नःटोल- ललितपुर उ.म.न.पा. वडा नं. २०

सकिदैन भनि राखेको छ । त्यही हिसावले विरामी हुँदा औषधि गर्दा कार्वोहाइड्रेट, प्रोटिन, भिटामिन, आइरन, क्याल्सियम, फोस्फरस, सोडियफ म्याग्नेसियम, आदि तत्वहरुले मिली हाम्रो शरीर निर्माण भएको छ । त्यसकारणले पहिलेका विद्वानहरुले हामीलाई यस्तै खाना खुवाइ राखेको छ ।

**ख) सापारु**

गुं पुन्हिको भोलिपल्ट ललितपुर नगरमा सापारु यात्रा जाने गरिन्छ । यो यात्रा भाद्र कृष्ण पक्ष पारु को दिनमा गरिन्छ । यो सामारु पठाउनुको अर्थ नगर भित्र कति मानिस मृत्यु भयो त्यसको जानकारी ललितपुर बासीलाई दिनु हो । सापारु जाँदा एक जना वा एक जोरी जाने गरिन्छ । सापारु जाने मानिसहरुले जुन सुकै आवाज आउने गुडाएर जाने गरिन्छ । पहिला पहिला यस्तो सामारु जाँदा सानो ओखललाई बीचमा प्वालपारी भित्र डोरी घुसारी गुडाएर आउने गरिन्छ । यो सामारुको सवभन्दा अगाडि मुकुण्डो लगाएका २,३ जना च्युरा कुट्ने काठको गोलो जसलाई नेवारी भाषामा लुसी भनिन्छ त्यो बोकेर आउने र अरुले ओखल गुडाएर आउने गरिन्छ । नेवारी भाषामा ओखललाई उगः भनिन्छ । त्यसैले यो सामारु यात्रालाई नेवारी भाषामा **"उगःलुया वैगु वा वनेगु"** भनिन्छ । (उगः= ओखल; लुया = गुडाउने , वैगु वा वनेगु आउने र जाने)

यो सापारु यात्रामा धेरै जसो ज्यापुहरु नै जाने गरिन्छ । त्यसैले सामारु यात्रालाई ज्यापूहरुको जात्रा भने पनि हुन्छ । ज्यापुहरु गाह्रो काम गर्नु परेमा पहिलो पंक्तिमा रहन्छ । ज्यापुहरुको आफ्नै परिवारमा जो कोही मृत्यु भएमा सापारु जाने गर्दछ । ज्यापु बाहेक अरु नेवार समुदाय भित्रका विभिन्न जातका मृत्यु भएमा उनीहरुले पैसा दिएर ज्यापुलाई पठाउने गरिन्छ । ज्यापुहरु पनि पैसा लिएर गइ दिइन्छ ।

अहिले यस्तो सामारु जाने यात्रा घट्दो क्रममा छन । आजभोलि सापारु जानुको सट्टा गुपुन्हि र सापारु बीचको रातमा ललितपुरमा रहेको चारवटा स्तुपको पुजा गर्न जाने गरिन्छ । सापारु जान ईच्छा नगरेका मन नपरेका ब्यक्तिहरु राती स्तुपको पुजा गर्न जाने गरिन्छ । यसरी जानुलाई नेवारी भाषामा **"थुर का वनेगु"** वा **"थुर उ वनेगु"** भनिन्छ । पैसा भएका परिवारले सामारु र स्तुप लिन नगईकन यसरी सापारु आएका मानिसहरुलाई सानो केरा, नासमाटीको टुक्रा र मालबुवा राखेर प्याकिङ्ग गरी सबैलाई एक एक पोका बाँडी दिने गरिन्छ । यसरी दिने

कार्यलाई नेवारी भाषामा **"पालं बिइगु"** भनिन्छ । यसरी सापारु आएका ब्यक्तीहरुलाई दिएर बाँकी भएको दिउँसो गाइजात्रा र कृष्ण यात्रा आउने सबैलाई बाँडी दिन्छ । त्यसमा पनि बाँकी भएका खाना प्रत्येक टोल टोलमा रहेको भजन गुठीलाई दिने काम हुन्छ ।


ललितपुरमा सापारु आउने राती सुत्नु हुदैन भन्ने धारणा छ । उक्त दिनमा काठमाण्डौ उपत्यकामा ब्यापक वर्षा भई चोभारको गल्छी थुनेर तालमा परिणत हुन्छ र सुतेमा यस्तो कुरा थाहाँ नपाई सबै मर्न सक्छ भन्ने धारणा पहिलेदेखि चलिरहेको छ । त्यसैले राती नसुती राती ११-१२ बजे आफ्ना साथीहरु मिली ललितपुरका ती चार स्तुप घुम्न जाने गरी राखेको भनाइ छ । यो हिसावले ती चार स्तुप लिन जाने मानिस घरमा कोही मानिस मृत्यु नभएमा पनि जाने गरेको पाइन्छ ।

**ग) मतया जात्रा**

यो यात्रा सापारु यात्राको भोलिपल्ट अर्थात भाद्र कृष्ण पक्ष द्वितीयाको दिनमा हुन्छ । मतया को अर्थ बत्ती बालेर यात्रा गर्ने जात्रा हो । यस यात्रामा नेवार समुदायको जो सुकै जाने गरिन्छ । तर नेवारमा पनि तलो जात भनेर भनी राखेका पोडे, कसाई, कपाली, जोगी, च्यामखल आदि जातका मानिसहरु आएको पाइदैन । यस मतया यात्रामा बढी ज्यापुहरु आउने गरिन्छ । यस मतया यात्रा सबै प्रकारका देवलाई पुजा गर्ने भए तापनि नगर बाहिरका  पिठ मन्दिर लिने गरेका छैन । यसमा खास गरी बुद्धको मन्दिर र चैत्यलाई बढी लिने गरको पाइन्छ । नगर भित्र चैत्य तथा धर्मनाथ स्थापना गरी बहाः पूजा गरी राखेको छ भन्ने यस मतया यात्रामा उक्त चैत्य तथा धर्मनाथ पनि लिन आउने गरिन्छ । मतया यात्रा दश स्थानका टोलबारी मिलेर गरेको देखिन्छ । दश स्थानका गुठीयारले पालै पालोसित यात्रा गराउने गरिन्छ । मतया चलाउने  जुन टोलले लिन्छ । त्यस टोलका छिमेकी टोलका मानिसहरु विभिन्न किसिमले बाजा गाजा सहित मतया जाने गरिन्छ । साथै मंका गुठीका भजन जाने भएमा यूनिफर्ममा जाने गरिन्छ । ब्यक्तितग जाने स्वास्नी मानिसहरु आफ्नो जातको ज्यापु ड्रेसको लुगा लाएर जाने गरिन्छ । यसमा पहिलो पटक जाने आइमाइले ईताःमत **"तेल बत्ती"** दिएर जानुपर्छ । दोश्रो पटक जाँदा जुनसुकै चढाएर गए पनि हुन्छ ।

ललितपुर नगरमा मतया जाने पथ, बहाः र बहीः रहेको नक्सा

चित्र नं.:-१९




स्रोतः- बौद्ध बिहार संघ, ललितपुर

यस मतया यात्रामा सरकारको कमि कमजोरलाई उत्गार गर्न मुकुण्डो लाएर गीत गाउँदै आउने गरिन्छ। त्यस्तै परिवारमा आफ्नो छोरा छोरी मर्दा शोकले दिक्क भएर बिभिन्न रुप लिएर आउने गरिन्छ।[६]

---

६. उमा श्रेष्ठ - " नेवातय् तःजिगु नखः चखः " पृष्ठ -८

ज्यापुहरु आफ्ना खेतमा धान रोपाई सकेपछि खुसि भइ मनोरञ्जन गर्न लोग्ने स्वास्नी भई त्यसको पुरानो ड्रेस लाएर आफ्ना टोल भरी "सिलु म्ये" गीत गाएर ख्यालः निकाली रहन्छ । त्यस्तै कोही कोही त्यही "सिलुम्ये" को लय् हाली बाँसुरी बजाई टोल टोलमा घुम्ने गरिन्छ । बेलुका तीर यसरी बाँसुरी गाएर आउने भएकोले टोलका युवतीहरु आफ्ना घरको अगाडी बसी रहन्छ । यसै बीच यीनीहरुको बीच मनको कुरा आदान प्रदान हुन्छ । यस्तो चलन अहिले बिल्कुलै छैन । यस्तो चलन आज भन्दा ३०,३५ बर्ष अगाडी सम्म निक्कै प्रचलनमा पाइन्छ ।

मतया यात्रामा ल.पु. नगर भित्रका मतया यात्राको बाटोमा पर्ने सम्पूर्ण देव देवताहरुको पुजा गरिन्छ । यस यात्रामा बुद्धको मूर्ति, चैत्य धर्मनाथ, नछुताइकन लिइन्छ । यी बाहेक नगरको चार दिशामा राखेका अशोक स्तुप अनिवार्य लिइन्छ । यी चैत्यको पुजा गर्दा नगर भित्रका प्रत्येक गल्लीका बाटोहरु, चोकहरुको बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । यी चैत्य देवताहरु र अन्य देवताहरु गरी ३००० देखि ४००० सम्म देवताहरु छन् । यसमा बुद्ध र हिन्दु दुबै थरिका देवताहरुको पुजा हुन्छ । त्यसैले नगर भित्रका नेवारहरु मध्ये ज्यापुहरु बढी संख्यामा जाने गरिन्छ । विभिन्न थरिका बाजाहरु बजाएर जाने पनि ज्यापुहरु नै हुन्छन् ।

यस मतया यात्रा सबभन्दा ठूलो धर्म र पुजा आफ्नो जिउ चढाएर (दान ) गरेर जानु हो । यसलाई नेवारी भाषामा **"म्ह छाया वनेगु"** भनिन्छ । यसरी आफ्नो जिउ चढाएर जादाँ जाने मानिसले प्रत्येक देवताको अगाडी घोप्तो परेर बिन्ति गर्ने गरिन्छ । अर्को दोश्रो धर्म मसाल बत्ती बालेर जानु हो यसलाई नेवारी भाषामा **"तिंस्या प्वा मत च्याका वनेगु"** भनिन्छ । त्यस्तै अर्को तेस्रो धर्म पत्था युवक ३२ हातको ज्यापुनी पोशाक अनुहारमा राक्षसको मुकुण्डो लाएर आतमा कलः समाती बत्ती दिएर जानु हो । यो केटी भएर जानुको मतलव बोक्सिलाई गिजाउनु हो र मुकुण्ड लाउनु अर्थ बोक्सिले चिन्ला भनेर लाएको भन्छ किनभने यो तरिका बोक्सीहरुले आफ्नो विद्या सिक्ने बेला त्यसरी लाएर जान्छ भनेर जनतालाई देखाउनु र उनीहरुलाई गिजाएको अर्थमा लिइन्छ । त्यसकारणले त्यसरी जाने ब्यक्तिले **"तारन"** राखेर मात्र जान्छन् ।[७]

७. चिरि मैं महर्जन- बर्ष - ४८, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

मतया यात्रामा स्वयम्भू र हरिसिद्धिको वुरुवा देवतालाई पनि लिनुपर्छ । यी दुइ देवता धेरै टाढा भएकोले वुरुवा देवतालाई मतया सिधिएपछिको वुद्धवार को दिनमा र स्वयम्भु बुद्धको पुजा जुग चह्रे अर्थात कुशी औंसीको एक दिन अगाडि पुजा गर्न जान्छन् ।

**घ) कृष्ण पुजा र यात्रा**

यो कृष्ण पूजा र यात्रा गुँला अष्टमीको दिनमा हुन्छ । सम्तमीको दिनमा पाटनको कृष्ण मन्दिरमा ठूलो मेला लाग्छ । आइमाइहरु यस दिन बिहान सबेरै नुहाइ धुलाई गरी रातो रंगको पोशाकमा कृष्णको दर्शन गर्न मन्दिरमा लाइनमा बसी दर्शन गर्न जान्छन् । उक्त दिन दिनभरी नाच गान गरी मनोरञ्जन गर्छन । उक्त दिनमा कृष्णको दर्शन गर्नाले आफ्नो श्रीमानको आयु लामो हुने सुस्वास्थ्य राम्रो हुने र आफूले चिटाएको काम पूरा हुनेछन भन्छ ।[८]

सम्तमीको दिनमा प्रत्येक टोल टोलमा कृष्णको अगाडि पुजाका सामान, फलफूल सबै राखी पुजा गरेको हुन्छ । उक्त दिन कृष्ण पातालबाट मनुष्य लोकमा आउने भनी जन मानसको धारणा छ । उक्त पुजा सामान र फलफूल रातभरी राखी भोली कृष्ण पुजा सकिएपछि सबैलाई बाँडेर खुवाउँछ ।

अष्टमीको दिनमा कृष्णको यात्रा हुन्छ । ईच्छा भएका भक्तजनहरु उक्त यात्रामा भाग लिइ पंत्येक टोलमा रहेका कृष्णको पुजा गर्न जान्छन् । यस यात्रालाई कृष्ण पुजा पनि भनिन्छ । कृष्ण पुजा पनि पालै पालोसित पुजा गराउने गुठी छ । पालो परेको बेला कसैले नलिएमा वा लिन नसकेमा अनिवार्य रुपले मंगल वजारको कृष्ण मन्दिरको अगाडी जम्मा पारी कृष्ण पुजा सुरु गरिन्छ । यस पुजामा अधिकांश बच्चाहरु नै हुन्छन् । ज्यापुका महिलाहरु जाँदा आफ्नो जातको पोशाकमा कृष्णलाई मनपर्ने मयूरको प्वाँख चढाएर जाने गरिन्छ । सबभन्दा अगाडि कृष्णको तस्बिर बोकेर डमाइ बाजा बजाएर आउँछ भन्ने बीच बीचमा अरु बाजाहरु जाने गरिन्छ । कृष्णपुजा सकिएपछि बेलुका मंगल बजारको कृष्ण मन्दिरको कृष्णलाई खटमा राखी नगर परिक्रमा गरी जात्रा गरिन्छ । यो खट यात्रा मंगलबजार, हःखा, सौगः, नुगः, ओकुबहाल, थपाहिति, टंगः, हौगः, तिंछु गलि, ईखा लखु, पुञ्चली, गाःवहाः, छावहाः, पिम्वहाः, नकवही, क्वालखु, कुन्ति, क्ववहाः, स्वँठ र मंगलबजार ल्याएर अन्त हुन्छ

८. प्रिया देबी अधिकारी - बर्ष ६०, ईमादोल वडा न. ६

### ङ) भिमसेन पुजा र जात्रा

भिमसेन पुजा गुँला अष्टमीको दिनमा अर्थात भाद्र महिनाका अष्टमीको दिनमा पुजा गर्छन । यस दिनमा खास गरी व्यापारी वर्गले बढी पुजा सामान तयार गरी भिमसेनलाई कुखुरा र हाँस बली चढाउने गरिन्छ । यस दिन धनी व्यापारीहरुले भोज गर्ने गरिन्छ । अरु व्यापारीहरुले साधारण भाले कुखुराको बली चढाएर परिवारमात्र भोज खाने गर्छ । व्यापारी नगर्नेहरुले साधारण दर्शन मात्र गर्छन । यस भाद्र नवमीको दिनमा बिहान सबेरै मंगल बजार स्थित भिमसेनको पुजा गर्छन् । पुजा गर्न २,३ घण्टा लाइन बस्नु पर्ने हुन्छ । पुजा सकेपछि बेलुका उक्त मन्दिरका देवतालाई खतमा राखी जात्रा गरी नगर परिक्रमा गर्छन । यस भिमसेन खत यात्रामा तीनै नगरका नेवार व्यापारीहरु संलग्न भएका हुन्छन् । यस यात्रामा भक्तपुरको ठिमीका व्यापारीहरु उलेखनीय रुपमा संलग्न भएको पाउँछौं । यस भिमसेन यात्रा पनि कृष्णको यात्रा गर्ने बाटो नै हुन् ।

नवमीको दिनमा दिउँसो भिमसेन पुजा गर्ने गरिन्छ । यस पुजामा नगरका सबै जसो व्यापारीहरु तथा भक्तजनहरु आउने गरिन्छ । खास गरी आइमाइहरुमा धेरै जसो ज्यापुनीहरुले भाग लिन्छन् । धेरै देवता लिन नपर्ने ३०,४० वटा मात्र लिए पुग्ने भएकाले पुजामा संलग्न भक्तजनहरुले राम्रो ठूलो चिज चढाउने गरिन्छ । यो भिमसेन पुजा कहिले काही बन्द हुन्छन् । यसको पुजा निरन्तर भएको पाउँदैन । यसको खास कारण गर्न सक्ने टोलहरुले ठूलो रुपले पुजाको आयोजना गरिन्छ । यसले गर्दा अरुले गर्न नसकेपछि भिमसेन पुजाको पालो लिदैन ।

### ८.३. बाबुको मुख हेर्न (गोकर्ण स्नान-कुशे औंसी)

प्रत्येक बर्ष भाद्र कृष्ण औंसी अर्थात गुंला औंसीको दिनमा आ-आफ्ना छोरा छोरीहरुले आफ्नो बाबुको सम्मान गर्दछन् । बाबु नभएकाहरुले दिवंगत बाबुको नाममा दान गर्दछन् । यो पर्व नेपालको अधिराज्य भरी मनाउने गर्दछ भने नेवार समुदायको ज्यापुहरुले पनि यो पर्व मनाउने गर्दछन् । आफ्ना बाबु नभएका छोरा छोरीहरु ललितपुरबाट तीन कोष उत्तरमा बागमती नदीको किनारमा स्नान गरी श्राद्ध गरेर गोकर्णेश्वर महादेवमा पुजा गर्छन । उक्त दिन त्यहाँ ठूलो मेला लाग्दछन् । त्यसकारण यस दिनलाई गोकर्ण औंशी पनि भनिन्छ भन्ने यो पर्वमा कुशको पनि सुसम्वन्ध रहेकोले कुशे औसी पनि भनिन्छ । कुश एक प्रकारको घाँस तथा सिरु वर्गमा पर्ने वनस्पति हो । यसले किरा फट्याङ्ग्राहरु नास गर्छ । नेपाली समाजमा कुशे औंसीको

ठूलो महत्व छ । श्राद्ध कार्यमा यसको प्रयोग गरिन्छ । कुश धारण गरेमा शिरको रौं झर्दैन छात्तीमा अघाट पार्दैन । हृदय आघाट पनि हुदैन भन्छ ।[९]

यस दिन बाबु हुने छोरा छोरीहरुले बाबुको मुख हेर्न बिभिन्न प्रकारका खानेकुरा मिठाई, फलफूल, लता कपडा र सगुन ल्याउने गर्छन र बाबुलाई धोगेर आशिर्वाद लिने गर्छन । तर बाबु नभएका छोराहरु बिहान सबेरै स्नान गरी बाबुको नाममा ज्यापुहरु गुभाजुलाई अदुवा, नुन, चिउरा, चामल र पिठो राखेर दान दिन्छन् जसलाई नेवारी भाषामा **"पालं बिइगु"** भनिन्छ ।

ज्यापुहरुमा बिबहा भैसकेका छोरीहरुले पहिलो पटक बाबुको मुख हेर्न आउन माइतीका सबै परिवारलाई पुग्ने गरी खानेकुरा, फलफूल राखेर ल्याउने गरिन्छ । खानेकुरामा चिउरा, बिभिन्न प्रकारका मासु, जाँद, रक्सी, गेडागुडी, सगुनको सामान फुलहरु लत्ता कपडा, आदि जे सक्छ त्यही ल्याउने गरिन्छ । उक्त दिन बाबु पनि छोरी आउँछ भनेर केही नखानी बसिरहन्छ । छोरीले सबभन्दा पहिले बाबुलाई सगुन गरी खानेकुरा सबै राखी पहिला खुवाउने र बाबुबाट आशिर्बाद माग्ने र बाबुले पनि छोरीलाई राम्रो आशिर्बाद दिने गर्छ ।

यस पर्वको महत्वको वारेमा बुद्धोक्त पराजिकामा यस प्रकार उलेख गरेको पाईन्छ । गोकर्ण औंशीको दिनमा छोरा छोरीहरुले आफ्नो बाबुलाई शर्दा -भक्तिद्वारा खुशी पारी केही खुवाई बाबुबाट आशिर्बाद प्राप्त गरेमा ठूलो सुख र श्रेय मिल्दछ । यदि कसैको बाबुको परलोक भैसकेको भए पनि बाबुको नामबाट गोकर्ण वा अरु तीर्थ स्थलमा जाने गरेमा ठूला पून्य मिल्दछ र त्यस पुण्य द्वारा आफ्नो कुरा स्थिर गर्न सक्ने सन्तानहरु पैदा हुनेछन् ।[१०]

गोकर्ण औशींको बारे एक कथन अनुसार एकजना गोकर्ण भन्ने व्यक्तिले गगनगञ्ज वोधिसत्व्वको अर्ति उपदेश बमोजिम अगतिमा परेर प्रेत भइराखेको आफ्ना पिताजीलाई गोकर्ण तीर्थमा स्नान गरी जलदान, पिण्डदान गरी मुक्ति दिलाएको प्रसंग पाइन्छ ।[११] त्यस्तै अर्को कथन अनुसार एकजना दन्तुर नामक पितामह तीर्थमा स्नाना गरी पिण्डदान दिन गोकर्णेश्वर

---

९. भाजु महेन्द्र देव थकु श्रेष्ठ - नेपाली लोक सांष्कृतिक उत्सवहरु - ने.सं. ११२४ पृष्ठ ९०

१०. पुण्य रत्न बज्राचार्य - "हाम्रो चाडपर्व" - प्रथम संस्करण ( रत्न पुस्तक भण्डार, काठमाण्डौ, २०२०) पृष्ठ - १८,१९ .

११. भाजु महेन्द्रदेव थकु श्रेष्ठ - बंगलामुखी मार्ग बिराटनगर - १३, पृष्ठ -९०

महादेवको दर्शन गर्ने नियम बनायो । भाद्र कृष्ण औंशीको दिनमा ब्रम्हाजीले आफ्नो बाबुलाई चिनाई दिएपछि आफ्नो दिवगत बाबुलाई पिण्डदान दिएकोले त्यसै दिन देखि भाद्र कृष्ण औंसीको नाम गोकर्ण औंसी रहन गयो भन्छ ।[१२]

### ८.४. चथा (गणेश चतुर्थी)

ञलाथ्व चौथी अर्थात भाद्र शुक्ल चतुर्थीका दिन मनाउने चाड चथा हो । यस चाडलाई दशैं चाड आयो भनी सुचना दिइने चाडको रुपमा ज्यापु समुदायले लिने गरिन्छ । त्यसैले चथा चाड राम्ररी मनाउन नसकेमा दशैंलाई पनि राम्ररी मनाउन सकिदैन भनी नेवार समुदायमा लिइदै आएको छ । नेवारहरुमा धार्मिक सांस्कृतिक कार्यहरु जनुसुकै गर्नु परेमा सबभन्दा पहिला गणेशलाई पुजागर्ने चलन छ । गणेशलाई विध्न निवारक देवताको रुपमा लिइ राखेको हुनाले जुनसुकै कार्य गर्नु परेमा पनि गणेशलाई पुजा गर्नु पर्ने चलन भएको हो र यो चथा चाडको दिनमा दशै चाडलाई राम्ररी मनाउन सकियोस भनी कामना गरी गणेशलाई पुजा गर्ने चलन भैरहेको हो ।

ज्यापु समाजमा यो चाड मनाउन बिहान सबेरै घरमा भाडा कुडा सफा गरी घरको प्रत्येक कोठा लिपपोट गरी स्नान गर्ने गरिन्छ । सबै खानेकुरा तयार भएपछि बेलुका एउटा कोठामा बसी कही कतै प्वाल नहुने गरी बन्द गरी कसैले नदेख्ने गरी भोज खाने गरिन्छ । गणेश र महादेवको घण्ता बजाए पछि अथवा कुकुरहरुले भुकेपछि मात्र कोठा बाहिर अरुले देख्ने गरी गएपनि हुन्छ भन्छ । यदि उक्त दिन ढिला घर पस्ने र चन्द्रमा उदाए पछि चन्द्रमाले देखेमा उक्त ब्यक्तिलाई चोरको दोष लाग्छ भन्छ । चोरको दोष नलागोस भनी गर्नलाई परिवारका मूली आइमाइले बिहान सबेरै उठेर लिपपोट गरेर स्नान गरी एउटा किसलिं (अक्षता, सानो सिंगो सुपारी पैसा) राखी राख्नु पर्छ । चन्द्रमा उदाएपछि गणेश पुजा गरेर चन्द्रमाको पनि पुजा गरिन्छ । त्यसको मतलव गणेशको अनुमती लिइ चन्द्रमाको पुजा गरेपछि चन्द्रमालाई देखेपछि चोरको दोष लाग्दैन र बिहान गणेश छोएर राखेको किसलिंलाई घर भित्रको आगन देवता लक्ष्मीलाई चढाउने गरिन्छ । यसको मतलव घरमा कसैले चोरी गर्न नसकोस र आफ्नो परिवारलाई कसैका पनि चोरको दोष नलागोस भनेर राखिनु हो ।[१३]

---

१२. सत्य मोहन जोशी - “नेपाली चाडपर्व”- प्रथम संस्करण, ( ने.रा.प्र.प्र., काठमाण्डौ, २०३९) पृष्ठ - ८० .
१३. चिरि मैं महर्जन, बर्ष ४८, लुँखुसि ललितपुर उ.म.न.पा. वडा नं.७

## ८.५. ञंला पुन्हि

ञंलाथ्व शुक्ल एकादशी देखि ञंलागा कृष्ण पक्ष प्रतिपदासम्म दिनहुँ बत्तिबाली ञमा देवताको पुजा गर्ने गरिन्छ । यसरी ञंला तिथिको हप्ता सम्म बाहिर राखि प्रदर्शित गरी राख्ने देवतालाई **"ञमाः द्या"** भनिन्छ । काठमाण्डौ उपत्यकाका नेवारहरु ञंमा देवता प्रदर्शित गरी सम्हय् बजि खाने ठूलो मनोभाव रहेको छ ।

आकाशमा गड्याङ गुडुङ कराउनु बिजुली चम्किनु, बर्षा हुनु र कुहिरो लाग्नु तीनै एउटै अवस्थाको बिभिन्न अर्को रुप मात्र हो । पहिलो रुपलाई माँ बौ, पछिको रुपलाई छोरा वा छोरी भनिन्छ । बर्षा हुनु पानीको पहिलो रुप (बादल र कुहिरो) हो । धान रोपी धान पेटबाट बाहिर निस्कनु समय नभए सम्म बर्षा भइ रहन्छ । समाजमा चंगा उदाउने ग-यो की बर्षा हुन्दैन भनी बिश्वास छ । चंगा उदाउनुको अर्थ हो धानको लागि बर्षा पुग्यो र धान पाक्ने बेला भयो भनी खवर दिनु हो । यदि धान नपाक्दै चंका उदाउने गरेमा चंका उदाउने बच्चालाई गाली गर्ने गरिन्छ ।

धानलाई बर्षा पुगेपछि चंका उदाउने गरिन्छ । अनि बिहान बिहान कुहिरो लाग्ने बिस्तारै धान पाक्दै आउँछ । यसको प्रतिकको रुपमा बर्षेनी आउने पर्वमा वेलुका बत्ती बालेर **"ञंमाद्य पुजा"** गर्ने गरिन्छ । प्रत्येक टोलमा ञंमा देवको गुठीको संचालन गरी टोल टोलमा "यःसिं स्तम्भ" उठाउँछ । ञंमाद्यःको पुजा गरेपछि बाहिर ल्याइ **"यःसिं स्तम्भ"** माथि राखेर प्रदर्शित गर्दछ । लाछिइ लाछिइ, ननि ननि (चारैतिर घर भइ बीचमा तायल छापेको ठूला सानो ठाउँ ) त्यस्तो गाउँमा स्तम्भ माथि बत्ति बालेर ञंमा देबको पुजा गरिन्छ ।

नेवारहरु ञंमादेव प्रदर्शित गर्ने संस्कृति पुराणमा उलेख गरी राखेको इन्द्राजु प्रदर्शित गर्ने चलनमा इन्दाजुलाई चोर भनिन्छ । यसको वारे एक कथा अनुसार -स्वर्गमा इन्द्राजुका आमालाई चथा फूल आवश्यक भएको र उक्त चथा फूल स्वर्गमा नभएको हुँदा इन्द्राजु मानिसको रुप लिएर मनुष्य लोकमा फूलबारीमा चथा फूल चोर्न आयो " उक्त फूलवारी आजकल काठमाण्डौको भिमसेन टोल देखि तल पश्चिम ठूलो खेतको फाँटलाई फूलवारी चउर भन्दै आएको छ " त्यसरी इन्द्राजुले फूल चोरी रहेको अवस्थामा एकजना ज्यापु (गथु) ले फूलचोर भनी समाती डोरीले वाँडी जात्रा गरी राख्छ । काठमाण्डौका ज्यापूहरुले गुठी भोज

संचालन गरी ञंमादेवलाई प्रदर्शित गर्ने दिन इन्दाजुलाई डोरीले बाँडेर "मरु गणेशको घरबाट बाहिर ल्याई तां तां घण्टा बजाएर गःकुतिइको अगाडि खटमा राखेर प्रदर्शित गर्छ । भक्तपुरमा इन्द्राजुलाई एउटा स्तम्भमा डोरीले बाँडेर राख्छ । अनि मू पात्रले खड्ग समाती इन्द्राजुलाई भ्वाभ्वा काटेर सास्ती गर्छ भन्छ ।[१४]

ललितपुरमा इन्द्रजात्रा चार दिन सम्म " सम्हय् बजि " खाएर मनाउँछ । प्रत्येक टोलमा ज्यापुहरुले ञंलाथ्व शुक्ल पक्ष द्वादशी अर्थात भाद्र शुक्ल द्वादसीको दिन ञंमाद्य सतम्भमा राखी पुजा गरिन्छ । प्रत्येक टोलमा यस्तो ञंमादेवको गुठी रहेको छ । ती गुठीहरुमा गुठीयारहरु मिली पालै पालोसित ञंमादेव पुजा गर्ने र आफ्नो गुठीको आयस्ता अनुसार भोज बनाई समय बजि खाने गरिन्छ ।

चार दिनसम्म मनाउने इन्द्र जात्रामा पहिलो दिनमा ञंलाथ्व त्रयोदशीको दिनमा "न्हुगया" भनेर वंबहालको सेतो गणेश र च्यासल टोलको **" न्हुगाया महादेव "** लाई पुजा गरिन्छ र त्यस स्थानका बासिन्दाहरुले सम्हय् बजि खाने गरिन्छ । उक्त दिनमा ज्यापूहरुको टोलमा क्वबहाल, गःछेँ, बेलाछेँ, भिलाछेँ, कोन्ति (कुम्भेश्वर) चोछेँ, भिन्द्योलाछि, वलखु, खपिंछे, वम्वहा, च्यासल, आदि टोलका मानिसहरुले आ-आफ्नो घरमा बत्ती बाली सम्हय् बजि खाने गरिन्छ । अरु टोलका मानिसहअरु पनि सेतो गणेश र न्हुगया महादेव दर्शन गर्नुपर्छ भनी त्यहाँ गएर दर्शन गरी सम्हय् बजि खाने गरिन्छ । आफ्नो छोरीहरु सबैलाई सम्हय् बजि खान र ईन्द्रजात्रा हेर्न आमा बाबु, दाजु भाउजुले बोलाएको हुन्छ । त्यतातिर माइती भएका छोरी बेतीहरु सबै सम्हय् खान र इन्द्रजात्रा हेर्न जान्छन् । न्हुगया कै दिन च्यासल टोलमा छायाँ फिल्म देखाउँछ । जसलाई नेवारी भाषामा **"भ्यालचा केनेगु"** भनिन्छ । यो फिल्म भ्यालमा सेतो कपडाले छोपेर त्यसको पछाडी दुइ जना मानिसले भन्नु पर्ने कुरालाई हाउभाउ गरी त्यसको छायाँ सेतो कपडामा देखाउने गर्छ । त्यही दृश्य तल मासिहरुले हेरेर मनोरञ्जन गरी मजा लिन्छन् । सिनेमा, टि.भि.आदि नभएको बेला यो दृश्य हेर्न आउने मानिसहरु धेरै हुन्छन् ।

दोस्रो दिन ञंला चतुर्दशीको दिनमा लुँखुसि टोलको गौंचा महादेवको जात्रा हुन्छ । उक्त दिनमा महादेवलाई सजाएर बिभिन्न फोटोहरु राखेको हुन्छ । अरु बिभिन्न टोलका मानिसहरु

१४. सुरेन्द्रमान श्रेष्ठ - " नेवाः संस्कृतिया नखःचखः " ने.सं. ११२१ सिल्ला गाः - ( A. D. 2001 February ) पृष्ठ - ७७

उक्त महादेवको दर्शन गर्न आउँछन् । महादेवको अगाडि बसी मंका गुठीले महादेवको भजन गरी रहेको हुन्छ । प्रत्येक घरबाट मूलढोका अगाडि बत्ती बालेर सम्हय बजि बाँडि दिन्छ । बच्चाहरु सानो दालो र थाल बोकी “ला छकू वय्क सम्हय् बजि” भनी  सम्हय् बजि मागी खाने गर्छन् । सम्हय् बजि दिनेले बच्चाहरुलाई लाइनमा बस्न लगाई सम्हय् बजि वाँडि दिन्छ । त्यहाँ सकेपछि बच्चाहरु अर्को ठाउँमा गएर सम्हय् बजि लिन जान्छन । बच्चाहरु सम्हय् बजि लिएर खानमा तलिन हुन्छन् भन्ने आमाबाबु तथा अरु ठूलाहरु आफ्ना छोरी बहिनीहरुसंग बसी आफ्ना कुराहरु गरिरहेका हुन्छन् । यस ञन्या पुन्हीको सम्हय् बजि खानाले मानिसहरु मोटो हुने, खाएको सबै पच्ने हुन्छ ।[१५] यही दिनमा हकटोल, धालाछेँ, त्यागः, दुपाः; पिलाछेँ, पिछेँ, गुइटोल, सौवहाः; सःको, चपट, एनामुगः, लोंलँ, खपिछेँ, चाःवहाः आदि टोलहरुमा पनि महादेव, गणेशको पुजा गरी सम्हय् बजि खाने गरिन्छ । यी टोलहरुमा पनि बिभिन्न मनोरञ्जन कार्यहरु गरिरहेका हुन्छन् । साथै देव मन्दिरको अगाडि बसेर भजन गरी सम्हय् बजि खाने गरिन्छ । यस दिनलाई “स्वाँ छा” पनि भनिन्छ । स्वाँछाको अर्थ स्वाँ भनेको फूल, र छा को अर्थ चढाउनु हो । तसर्थ स्वाँछा को अर्थ फूल चढाउनु हो । यस दिनमा सबैले गणेशलाई फूल चढाउने गरिन्छ ।

तेश्रो दिनमा मंगलवजार भिमसेन मन्दिरको उत्तर पट्टिको महादेवको विशेष पुजा हुन्छ । त्यसैले यस दिनलाई “मंगःया” भनिन्छ । यस दिनमा पनि प्रत्येक टोलहरुमा भएको महादेव र गणेशको पुजा गरी सम्हय् बजि खाने गरिन्छ । यस दिन पूर्णिमा दिन परेकोले यस जात्रालाई ञंया पुन्हि भनिन्छ ।

चौठो दिनमा गावहालको दक्षिण पट्टिको मन्दिरको विशेष पुजा हुन्छ । यो मन्दिर ललितपुर नगरको धेरै नेवारहरुको देगुद्यः हो । यो देगुद्यः ज्यापु जातिको सहित अरु सबै नेवार जातिको  देव भनिन्छ ।  यो  नेवारहरुको  मूल देगुद्यः  हो । यही मूल देवताबाट आफ्नो पायक परेको स्थानमा सारेको  भनिन्छ । ललितपुरको इन्द्र जात्रा अन्तिम दिन हो । यस जात्रालाई “ **पुञ्चली भुजा** ” भनिन्छ । पुञ्चली टोलमा यस मन्दिर अगाडि भूजा राखी पुजा गरिने भएकाले यस इन्द्र जात्रालाई मुञ्चली भुजा भनिएको हो । यस भूजामा बिभिन्न प्रकारका मिठाई, अण्डाहरु, खानेकुरा, फलफूल, माछा, मासु सबै राखेको हुन्छ । यो भुजा तीन पाठीको भात पकाई मन्दिरको अगाडि गोजा त्रिकोण आकारको बनाएर राख्छन् । यस्ता भुजा १२ वटा हुन्छन्

१५.  हाकुनारा आजु - बर्ष ८०, धालाछेँ ललितपुर उ.म.न.पा. वडा नं. ७

। रात भरी राखेर भोलि विहान नाय् बाजा (कसाईं बाजा) सहित नगरको चोक चोकमा फाल्न लग्छन् । यसको मतलव नगरका सबे भूत प्रेतहरुलाई खाना खुवाउन लगेको हो । यो भात अति औषधी लाग्छ भन्छन् । यो भुजा खानाले पेटमा रोग लाग्दैन अरु कसैले बिगार्न पनि सकिदैन भन्छ ।[१६] यसरी चार दिन सम्म ललितपुरमा इन्द्रजात्रा मनाउने गर्छ । चौठो दिनमा जात्रा मनाउने ज्यापुको टोलहरु - अग्नीशाल, नःटोल, कुछेननी, छाबहाल, मिखावहाल, तःननी, चल्खु, आदि हुन् ।

## ८.६. दशैं

नेपालमा मनाउने बिभिन्न चाडहरु मध्ये सवभन्दा ठूलो चाड दशैं हो । यो चाड नेपालमा सबै जात जातिहरुले मनाउने गरिन्छ । त्यसैले दशैंलाई राष्ट्रिय चाडको रुपमा लिएको छ । यो चाड आश्विण शुक्ल पक्ष प्रतिपदा अर्थात कौलाश्व शुक्ल पक्ष प्रतिपदा देखि शुरु हुन्छ । नेपालमा यो चाड जात अनुसार मनाउने तरिका फरक फरक हुन्छन् । त्यसमा पनि नेवार समुदायको ज्यापु समाजले आफ्नै किसिमले मनाउने गरिन्छ । दशैंलाई नेवारी भाषामा “ **मोहनी** ” भनिन्छ ।

मोहनी चाड आश्विन शुक्ल पक्ष प्रतिपदा देखि शुरु भई दशमी सम्म १० दिन चल्दछ । त्यसमा मुख्य गरी विशेषतः पुजा ४ दिन मात्र हुन्छ । जस्तै १) जमरा राख्नु २) स्थापना पुजा ( महा अष्टमी) ३) स्याकोट्याको (महानवमी) ४) चालं (विजया दशमी) तिका । नेवारी समुदायमा आफ्नो जात अनुसार कुनै कुनै पुजा गर्ने विधि समान हुन्छ भन्ने कुनै कुनै पुजा गर्ने विधि फरक हुन्छ । यहाँ ज्यापु समाजले गर्ने मुख्य मुख्य विधि प्रस्तुत गर्दछुँ ।

**क) जमरा राख्ने**

आश्विन शुक्ल पक्ष प्रतिपदाको दिनमा बिहान सबेरै घरको मुख्य ब्यक्ति बागमती वा कुनै ठाउँमा गएर चोखो राम्रो बालुवा ल्याउँछ । त्यसपछि घरमा जमरा राख्न तयार गरिन्छ । नेवारी भाषामा जमरा राख्नुलाई **“नःला स्वनेगु”** भनिन्छ । जमरा राख्नुलाई ज्यापु समाजमा यी सामानहरु बालुवा एक पाथी, केही गोवर अथवा रातो माटो, मकै, जौ आवश्यकता अनुसार

१६. भाजुमान ज्यापु - बर्ष ७६, पुञ्चली टोल, ललितपुर उ.म.न.पा. वडा न. २०

पुजा भः (पुजा सामान :-चिउरा, गुंन्यु कालो भट्मास, चामल, अबिर, फूल) पानीको भाँडो, धूप, ईता, जंजका, सलिं आगं कोठा (पुजा कोठा) यी सामान तयार भएपछि पुजा गर्ने मूल व्यक्तिले कुन ठाउँमा राख्ने सोच्दछ । सकेसम्म झ्यालको मुनी राख्ने, भए भित्ताको ग्वाखचा (भित्तामा सानो १२" बर्गाकार रहेको ठाउँ) मा अथाव आजभोलि झ्यगःमा पनि जमरा राख्ने चलन चलेर आएको छ । सबभन्दा पहिला भुईंमा गोबरले लिपपोत गर्ने वा रातो माटो राख्ने, त्यस माथि बालुवा राखी, जौ, मकै ठाउँ ठाउँमा छर्ने त्यसपछि त्यसको माथि बालुवाले छोपी दिने । अन्तमा त्यसमा पुजा गरिन्छ । दिनहुँ त्यसमा पुजा गरी पानी दिने गरिन्छ । जमरा हाली सकेपछि सम्हय् अगाडि राखी त्यसमा आफ्नो र परिवारको सबै सदस्यहरुको जीवनतत्व त्यसमा भित्राउने हिसावले दुबै हात घोप्तो पारी छुने अनि पानीले छर्केर सम्हय बजि चढाउने त्यसपछि पुजा पूर्ण होस भनी पुकारी तलको स्तोत्र पढ्ने-

**इष्टदेव नमस्तुभ्यं कुलदेव नमोनमः**

**स्थान देवगणः सर्बः पुजागृह नमोस्तुते**

त्यसपछि अक्षता चढाइ आफु, देवताको अगाडी शिर निहुरेर ढोग्ने अनि उठेर आउने गरिन्छ । यसरी जमरा राख्ने काम सकिन्छ ।[१७]

**ख) महा अष्टमी** ( **थापं पुजा** )

ल.पुं. नगरका ज्यापुहरुको फूलपातीको भोलिपल्ट बेलुका बर्ष भरी चलाउनु पर्ने बिभिन्न ज्यावलहरु, हात हतियारलाई पूजा गर्ने गरिन्छ । यो पूजा गर्ने दिन अष्टमी शुल्क पक्षको दिनमा गरिन्छ । यो अष्टमीको दिनमा पुजा गर्ने सर सामानहरु राख्नुलाई नेवारी भाषामा " **थापं यायग्** " भनिन्छ । थापं गर्न आवश्यक सामानहरुमा :- धाला (सानो जाँद वा रक्सी राख्ने भाडो) त्यसपमाथि राख्ने पालचा (प्लेट) जाँद, रक्सी, सम्हय् सामान स्याःबजि (भुतेको चिउरा) कालो भट्मास, छ्वेला, बारा, बोडी, अदुवाको टुक्रा) अण्डा संगुन :- (अण्डा, बारा, मासु, माछा) बोडी पंमाय्, उखुबोट, अदुवा बोट, रातो तुल कपडा (३० से.मी. जति) पंचरंग धागो, माकःचा, (कालो टिका बनाउने) सलिं (माटोको भाँडो) ईता (तेलमा भिजाएको बत्ती बाल्ने काँचो धागो) फूल, सुकुण्डा, आदि राख्ने । यी पुजाका सामान तयार भएपछि पुजा गर्नुपर्ने देवताहरु गणेश, लक्ष्मी, राख्ने गरिन्छ । त्यसपछि बर्ष भरी प्रयोग गर्ने ज्यावलहरु :-कोदालो, चाँडी, कुटोहरु,

१७. काजी लाल महर्जन - बर्ष ८३, पिलाछेँ टोल, ललितपुर उ.म.न.पा. वडा नं. ७

हँसियाहरु, दकर्मीका सामानहरु, सिकर्मीका सामानहरु, लुगा सिउनेकल, आफूले पढ्ने किताबहरु, नाङलो, एक पाथी धान, त्यसमाथि एकमाना चामल त्यसपछि किसलिं भए भरको सामनहरु सफा गरी त्यहाँ राख्ने गरिन्छ ।

त्यसरी सामानहरु आगन कोठामा राखी सकेपछि घरका मूल पुरुषले पुजा सामान अगाडि राखी बस्छ । सबभन्दा पहिला पुजा गर्नेले पानी लिएर जिउ भरी छर्कने जसलाई नेवारी भाषामा **"नुसला कायगु"** भनिन्छ । नुसला लिइसकेपछि सुकुन्दाको बत्ती बाली त्यसलाई पुजा गर्ने र त्यसपछि सबै हात हतियार काम गर्ने ज्यावलहरुलाई अक्षताले पुजा गरी टिका लगाउँदै फूलहरु चढाउँदै लाने त्यसपछि प्रत्येक ज्यावलहरुलाई जजंका माला लगाउँदै लाने त्यसपछि सम्हय् चढाउने र अनि प्रत्येक ज्यावलको अगाडि अक्षता अलि अलि राखी त्यसमाथि धुप र ईता बत्ती बाल्ने  अन्तमा फेरी अक्षताले सबैलाई पुजा गरी दुवै हातले बिन्ती गरी धोक्ने गरिन्छ ।

ज्यापु समाजमा यो थापं गर्नुको अर्थ बर्ष भरीमा काम गर्दा उक्त हात हतियार र ज्यावलहरुले राम्ररी काम गर्न सकोस् । हात खुट्टा र जिउमा त्यसले केही असर नहोस् भनी पुजा र्ने भनिन्छ भन्ने त्यसरी धान चामल राखी पुजा गर्नुको अर्थ आफ्नो कूलमा खाने कुरा कहिलै सुक्खा नभई समस्या नहोस् भनेको हो । त्यस्तै अर्को अर्थमा भन्नु पर्दा आफ्नो कूल कहिलै नास नहोस बंश निरन्तर स्थापित रहि रहोस् सन्तान सबै बाँचोस् खान नपाई भोकै हुन नपरोस भन्ने अर्थमा लिएको छ ।

थापं पुजा सकेपछि भोज खाने गरिन्छ । उक्त भोजलाई ज्यापुहरु **"कू:छिभ्वै नयगु"** भनिन्छ । सबभन्दा पहिला द्योनालप्टी तीन ठाउँमा देवताको भाग राखी परिवारका सबैलाई लप्ती राखेर ल्याउँछ । त्यसपछि बोः घासा राख्ने गरिन्छ । ज्यापुहरुमा यस्तो मुख्य चाडपर्वमा बोःघासा  राख्नु अनिवार्य छ । त्यपछि २,२ माना चिउरा जोखेर प्रत्येक परिवारको ब्वे (खाने भाग) मा देवताको ब्वमा बाहेक राखेर ल्याउँछ । दुइ माना जोखेर भोज खाने भएकोले यस रातीको भोजलाई **" कु:छि भ्वे "** भनिन्छ । नेवारी भाषामा कुछि भनेको २ माना हो । एक जना आइमाइले रक्सि वा जाँद राखेर ल्याउने गन्छि । त्यसपछि थकालीले तीन देवता मध्ये एक भागको केही भाग झिकेर भुईंमा देवतालाई चढाउँछ । यसलाई **" द्योः छायगु "** भनिन्छ । त्यसपछि सबैले द्योःछायगु गरिन्छ । त्यसपछि परिवारका एक जना सदस्यले माथि देखि दही र पानी मिसिएको एक एक चम्चा सबैलाई दिएर ढोग्दै आउँछ । यसरी यो पानी मिसिएको दही

दिनुलाई **" खाय् विइगु "** भनिन्छ । अर्को एकजनाले त्यस खाय् माथि भुटेको मुटुको टुक्रा एक एक वटा हातमा दिएर ढोगेर आउँछ । त्यपछि एक जना आइमाइले थकाली देखि सबैलाई संलिचामा रहेको रक्सी वा जाँद उचालेर सबैलाई दिंदै ढोग्दै आउँछन् । त्यसपछि थकाली उक्त खाय् र रक्सि वा जाँद देवतालाई अलिकति चढाइ सबैले खानुस् भनेर स्विकृति दिएर आफुले मुटुको टुक्रा खाएर अलिकति पिउने गरिन्छ । अरुले पनि थकालीलाई **"भायायृती"** (ढोग्ने) भनेर खाने स्विकृति लिएर उक्त मुटुको टुक्रा खाएर हातमा रहेको रक्सी वा जाँद पिउँने गरिन्छ । यसरी ज्यापुहरुको "कूछि भ्वे" सुरु हुन्छ । बीच बीचमा बिभिन्न खाने कुराहरु राख्ने भोज संचालन भै रहन्छ । ज्यापु समाजमा भोज खाएको आदि जति पेट भर्न लाग्ने अवस्थामा तातो "मिथि" राख्ने गरिन्छ । त्यसपछि "पाउँ" (लप्सीको झोल) राख्न ल्याउँछ । अन्तमा सबैले खान सकिने भएपछि दहि राख्दै ल्याउँछ । दही, मि, पाउँ राख्नु अघि चिउरा अगाडि आउनै पर्ने ज्यापु समाजको भोजमा अनिवार्य छ । अन्तमा दही पछि सिसा पुसा राख्दै ल्याउँछ । अन्तमा एक जना आइमाइले रक्सी राख्दै ल्याउँछ । यो पनि ज्यापु समाजमा अनिवार्य नै छ । यसरी ज्यापुहरुको कुछि भ्वे खाइन्छ ।

**ग) महा नवमि (स्याकु त्याकु पुजा, सिका भ्व)**

ज्यापु समाजमा महा अष्टमिको भोलि अर्थात आश्विन शुक्ल पक्ष नवमिको दिन बिहान सबेरै उठेर पुजाभः (साना साना थाल, प्लेटहरु) सफा गरी पखालेर ल्याँउछ । पुजा कोठामा ती पुजाभः (प्लेटहरु) कतिवटा देवतालाई पुजा गर्नुपर्ने हो त्यती नै प्लेटमा पुजा गर्ने सामानहरु राखिन्छ । पुजा गर्ने सामानमा- चामल, अविर, फूल, पैसा, पानी, सिसी, जजंका, सम्हय् बजि ( कालो भट्मास, नैवेद्य =चिउरा, मरी,) धुप्, ईताः बत्ति, अदुवाको टुक्राहरु, छ्वेला, जाँद वा रक्सी, आदि सामान तयार गरिन्छ ।

सबभन्दा पहिला पुजाभःमा राखेर बाँकी भएको पुजाका सामानहरु एउटा खोल्चा (भाँडो) मा राखी मूल ढोकाको अगाडि कुमारलाई भनि फालेर पुजा गरिन्छ । त्यसपछि आफ्नो गणेश देवता कहाँ बलि सहित (भाले कुखुरा) लगेर पुजा गरिन्छ । देवताको अगाडि उक्त भालेलाई बलि दिनु अघि भालेलाई पुजा गरिन्छ । पूजामा सबै थोक गरी सकेपछि भालेको टाउँकोमा रक्सी वा जाँडले छर्किन्छ । त्यसरी राख्दा टाउको हलायो भन्ने मात्र बली दिन्छ । त्यसको मतलव बलि दिए पनि हुन्छ भनेर स्विकृति दिएको अर्थमा लिएको छ । यो स्विकृतिले काट्ने

मानिसलाई दोष पाप आउँदैन भने धारणा छ । तर यदि टाउकोमा जति पटक रक्सी र जाँद राख्दा पनि टाउको हलाएन भन्ने दुइता अर्थ लाग्छ १) एक उसलार्य काट्नु हुन्दैन भनी अस्विकृत गरेको २) दोश्रो चाही पुजा असुभ अर्थात पुजा सामान शुद्ध नभएको अर्थमा लिन्छ । गणेशको पुजा सकाएर घर फर्केपछि अरु सबै देवताहरुका पुजा गर्न जान्छन् । पुजा चाहीं नगर भित्रका सबै बुद्ध र हिन्दु देवीहरु कहाँ जाने गरेको पाइन्छ । ज्यापुहरु दुबै थरिका देवहरुलाई समान रुपले पुजा गरेको पाईन्छ । यसैलाई ज्यापुहरुको धार्मिक सहिष्णुताको प्रतिकको रुपमा लिएको छ ।

पुजा सकाइ सकेपछि बलि भोग गरेर ल्याएको पशुपंछिको टाउको, हात र खुट्टा बाहेक अरु मासु पकाएर खाने गरिन्छ । आफुले मान्नु पर्ने देवताहरु गणेश, महालक्ष्मी, बालकुमारी, बटुक भैरव, भिमसेन, देगुदेव आदि देवताहरुलाई भोग बलि दिएर भोज गर्ने उक्तदिनलाई नेवारहरु **“ स्याकु त्याकु पुजा ”** भनिन्छ । नेवार समुदायका सबै जसो जातहरुले देवतालाई बलि दिएर ल्याएको पशु पंछीको टाउँको, हात र खुट्टा त्यसै कसैले पनि खाने चलन छैन । अरु बेलामा पनि कुनै कामको सफलतामा भोग बली दिइ ल्याएको कुखुरा वा हाँसको टाउको आफ्नो कूलको थकालीलाई दिन लग्छन । यो ज्यापु समाजको विशेषता हो । दशैंको ठूलो चाडमा त झन सबै आफ्ना देवालीका आफ्ना फुकिहरु थकालीको घरमा गई आफुले बली दिएर ल्याएको टाउको, हात र खुट्टा थकाली देखि **“सी”** दिएर खाने गरिन्छ । यसरी जम्मा भएर खाने भोजलाई नेवारी भाषामा **“सिका भू”** भनिन्छ । “सि” भनेको नेवारी भाषामा स्यागु (मारेको) “का” भनेको स्याना कायगु (मारेर लिएको ) र भुः भनेको भोज हो ।[१८] भाइचा डंगोलको भनाइ अनुसार **सी** यसरी बाँडेर लिइन्छ । तालिका नं :-२२

| क्र.सं. | ब्यक्ति | | भाग |
|---|---|---|---|
| १ | थकाली | प्रथम | टाउको |
| २ | नोकु | दोश्रो | दायाँ पखेटा |
| ३ | सोकु | तेश्रो | बायाँ पखेटा |
| ४ | प्यकु | चौंठो | दायाँ खुट्टा |
| ५ | न्याकु | पाँचौ | बायाँ खुट्टा |

१८. भाइचा डंगोल - बर्ष ७५, मिखाबहाल टोल , ललितपुर उ.म.न.पा. वडा नं. २१

सीका भुः भ्वेको लागि देवाली गुठीबाट छुतेर सानो परिवार भएमा बाबु छोराहरु थकाली बाबु कहाँ सबै सिका भुः भ्वेको लागि जम्मा हुन्छन् तर देवाली गुठीमा संलग्न भएका आफ्ना फुकिहरु धेरै रहेछ भने सिकाभु भ्वेमा बाबुहरु मात्र गएर "सिका भुः" गर्ने गरिन्छ । ज्यापुहरुमा धनि परिवारले दशैंमा गणेशको पुजा गरि बलि चढाउने बेला भ्याः ( भेडो), बोको र राँगो बलि दिएमा **सी** यसरी वाँड्ने गरिन्छ ।[१९]

तालिका नं. :-२३

| क.सं | व्यक्ति | क्रम | भाग |
|---|---|---|---|
| १ | थकाली | प्रथम | दाहिने आँखा- माथिल्लो दाहिने थुतुनो |
| २ | नोकु | दोश्रो | देब्रे आँखा - माथिल्लो देब्रे थुतुनो |
| ३ | सोकु | तेश्रो | दाहिने कान - तल्लो दाहिने थुतुनो |
| ४ | प्यकु | चौंठो | देब्रे कान - तल्लो देब्रे थुतुनो |
| ५ | न्याकु | पाँचौ | माथिल्लो दायाँ बंगाारा - दाहिने कान (आधि) |
| ६ | खुकु | छैंठौ | माथिल्लो बायाँ बंगारा - देब्रे कान (आधि) |
| ७ | न्हेकु | सातौं | दायाँ जिब्रो - तल्लो दाहिने बंगारा |
| ८ | च्याकु | आठौं | बायाँ बंगारा - तल्लो देब्रे बंगारा |

ज्यापुहरु बिहान सबै देवताहरुको पुजा सक्याई सकेपछि घरमा आफ्ना हात, हतियार, काम गर्ने ज्यावलहरु जो अष्टमीको दिनमा पुजा कोठामा थापं गरी राखेको छ । ती सामानहरुलाई थकालीले पुजा गरिन्छ । पुजा गर्नु अघि थापं अगाडि बसेर नील (शुद्ध पानी) हातमा अलिकति लिएर जिउमा छर्केर त्याहाँको प्रसाढ र टिका लगाउँछ । त्यसको मतलव थापं देवतालाई साच्छी राखेर अव म पुजा गर्छु भनेर स्विकृति लिएको हो । सबभन्दा पहिला गणेशलाई शुद्ध पानीले छर्केर पुजा गरे पछि अरु देव देवता र ज्यावलहरुलाई पुजा सुरु गरिन्छ । पुजा गर्नु अघि एउटा मकल जसलाई गुंगुं मकः भनिन्छ त्यसमा आगो राखिन्छ । उक्त मकलमा गुंगुं राखिने भएको त्यसलाई गुंगु मक भनिएको हो । त्यसमा गुंगु हाले पछि कोठा तथा घर भरी राम्रो बास्ना आउँछ । पुजा सकेपछि अन्तमा सबै हत्तियारहरुमा रगत पर्ने गरी भाले

१९. पूर्ण लाल महर्जन - बर्ष ९०, लुँखसि टोल, ललितपुर उ.म.न.पा. वडा न. १७

कातेर बली दिन्छ । वलिलाई टाउँको छिनालेर अगाडी राख्छ । एक एक टुक्रा त्यसको मासु सबै जसो हात हतियारमा टासिन्छ । अन्तमा टाउँको भुईंमा राखेर ताउको माथि बत्ती राखेर बिन्ती गरी ढोगेर उठेर आउँछ । भोग दिने बेलामा परिवारका सदस्यहरुले  डबडब बजाउँछ । जसलाई नेवारी भाषामा **"कान्ता डब डब"** भनिन्छ । यसरी नवमीको स्याको त्याको पुजा अन्त हुन्छ ।

**घ) विजया दशमी (टिका) चाल, खड्ग यात्रा**

दशैंमा बिभिन्न देवता, खड्ग, हतियार र ज्यावलहरु थापं गरी राखेको दशमीको दिनमा पुजा गरी जमराको फूल प्राप्त गर्नु दशैंकै मूल कार्य हुन् । दशैं चाडको प्रतिपदा देखि नियमित पुजा गरी सकेपछि उद्देश्य अनुसार शक्ति प्राप्त गर्ने दशमीको दिन हो । यो दिनमा विसर्जन पुजा गरी फूल लिएर दही चामल मिसाई रातो टिका लाउने रातो माला लगाई जमरा फूल लाउनु भनेको आफ्नो जीवनतत्व देवता कहाँ चढाइ राखेको फर्काउनु भाव हो र त्यसपछि मोहनी टिका (कालो), बालेको रगत टिका लगाई अण्डा सगुन र प्रसाद ग्रहण गरेपछि परिवारका सबै सदस्यहरुमा देवी शक्ति प्रवेश हुन्छ । त्यसैबेला थकाली देखि खड्ग दिना साथ सदस्यहरु डिगि डिगि काँप्छ । यसैलाई नेवारी भाषामा " **पायोःद्यः** " भनिन्छ । अहिले पनि नेवार तथा ज्यापुहरुको आँग घरमा खड्ग जात्रा गर्ने देख्न पाइन्छ ।

ज्यापु समाजमा पुजा सकिए पछि " **क्वखा** " (रातो कपडाको माला), " **मोहनी सिन्ह** " (कालो दशैं टिका जुन सलिंचामा तेल डलेर बत्तीको धुँवाले बनाएको), रातो टिका लाएर सम्हय् बजि प्रसाद सबै परिवार बसेर लिने गरिन्छ । त्यसपछि आफ्ना छोरी बेटीहरु तथा आफन्तहरुलाई भोज बोलाउन जान्छ । जसलाई नेवारी भाषामा " **पां बोनेगु** " वा " **नखत्या सतेगु** " भनिन्छ । त्यही दिनमा आफ्ना आफन्टहरुले पनि भोज बोलाउन आउँछ । ज्यापुहरुको आफुले पनि बोलाउने र अरुकहाँ पनि नखत्या जाने गरिन्छ । त्यही दिनमा नखत्या बोलाउने कार्य समाप्त गरिन्छ । त्यही दिनमा नखत्या सिध्याउनुको कारण खेतमा काम धेरै भएकोले नखत्या गर्ने काम एकै दिनमा गर्नु परेको हो । असोज महिना खेतमा धान पाक्ने र पाकेको धान समयमा काट्न नसकेमा नोक्सान हुन सक्छ । त्यसैले भोज जाने र आउने एकै दिनमा सिध्याउनु परेको हो ।[२०] तर आजभोलि जनसंख्या वृद्धि भएर खेत थोरै हुदै गएकोले धान  काट्न

२०. सानु काजी महर्जन- बर्ष ७५, त्यागल टोल, ललितपुर उ.म.न.पा. वडा नं. ७

को लागि त्यस्तो समस्या नभएकाले ज्यापुहरुल पनि बिस्तारै पूर्णिमा सम्म नखत्या बोलाउने चलन चलेर आएको पाउँछौ ।

## ८.७. स्वन्ति ( तिहार )

नेपालमा तिहार अर्थात दिपावलीको विशेष महत्व छ । लक्ष्मी पुजाको केहि दिन अगाडि अर्थात कोजाग्रत पूर्णिमाको दिन देखि आकाश दिप बाल्ने चलन छ । आकाश दिपको सम्वन्धमा **नेपाल सम्वतकै ८७२ को ऐतिहासिक घट्नाबलि**मा अलाखमत भनिएको छ । हेमाद्रि आदि पूराणहरुमा उलेख गरे अनुसार - संध्या समयमा ५,६ फिटको बाँस गाडेर त्यसमा आठ बति - धर्मरु महादेव, पृथ्वी, श्री राधा, दामोदर, धर्मराज, प्रजापतिगन, पितृगण र प्रेतका लागि जलाइन्छ । यस्तो चलन परम्परा प्राचीन कालदेखि नै चलि आए तापनि पुरातात्विक आधारमा पाँचौं शताव्दी देखि भएको मानिन्छ । नेपालमा आकाशदीपलाई आलोकदीय भन्ने चलन छ । नेपाल सम्वत ७९३ को घर पौःमा यसलाई आवमत भनिएको छ ।[२१]

जनश्रुतिका अनुसार कार्तिक महिनामा देव, गन्धर्व, किन्नर सिद्ध ऋषीहरुले अन्ध्यारोमा बाटो देखाए भन्नका निम्ति बालिन्छ । अर्थात यो दीप यक्षहरुको मार्ग सूचकको प्रतीक मानिन्छ । जन विश्वास र लोककथाअुसार पितृहरुको मार्ग दर्शन र भूत प्रेतबाट रक्षा गर्नु गराउने रहेका छन् । यसको घनिष्ट सम्बन्ध आश्विन महिनामा सम्पन्न हुने दशैंसँग रहेको छ । माथि उल्लेखित लोक कथामा जे उल्लेख भएपनि यो दानवी प्रवृति माथि मानवीय शक्तिको विजय अर्थात अन्धकार माथि प्रकाशको प्रभुत्व भएको उपलक्षमा कोजाग्रत पूर्णिमा देखि एक महिनासम्म आकाशदीप वाली सम्पुर्ण जगतलाई नै प्रकाशमान पारेर मनाउने चलेको यथार्थ लाग्छ । अर्को दानवहरुको संहार पछि धनको लक्ष्मीको आगमन कोजाग्रत पूर्णिमाको दिन आगमन हुने भएकाले ज्योती बाली उत्सव मनाएको हुनुपर्छ ।[२२]

---

२१. भाजु महेन्द्र देव थकु श्रेष्ठ नेपाली लोक सांष्कृतिक उत्सवहरु- ने.सं. ११२४ पृष्ठ -
२२. बलदेव जुजु - " नेवाः नखः चखःया - द्यः पुजा बिधि " ने.सं. ११२२, पृष्ठ - २०

स्वन्ति चाडको पहिलो दिन आश्विन (कौलागा) कृष्ण त्रयोदशीका दिन कागपुजा गरिन्छ । काग पुजा गर्नुको उद्देश्य यसका सन्देश बाहकलाई सनतुष्ट पार्नु रहेको छ । अर्को संष्कृतिको सिद्धान्त अनुसार मानिसले सर्वप्रथमा दुष्टको पुजा गर्नु पर्दछ । त्यसपछि सज्जनको पुजा गर्नु पर्छ भन्ने निम्न श्लोकले बताउँछ ।

**दुर्जुन प्रथमा वन्दे सज्जनं तदनतरम्  I**

**मुख प्रक्षालनात्पूर्ण्व गुद प्रज्ञालनं वरम  II**

दुष्टहरुमा अवगुण मात्र नभएर गुण पनि पाउँछौं जस्तै कागबाट यी पाँच गुण शिक्षा लिन सकिन्छ । धूर्त हुने साथै एक गद् भएर बस्ने, प्रभादी नहुने, बेला बखत चारा संकलन गर्ने, कसैले नदेख्ने गरी स्त्री संभोग गर्ने । आश्विन कौला गाः कृष्ण चतुदर्शीको दिनमा श्वानवली मनाइन्छ । कुकुरको पनि यी गुणहरु रहेकोले कुकुरलाई पुजा गर्ने गरिन्छ । गुणहरुमा – सुरा हुने, स्वामी भक्त हुने, निदाउने र बुझ्ने, भएमा धेरै नभएमा थोरै खाएर सन्तुष्ट हुने । यस दिनलाई नरक चतुदर्शी पनि भनिन्छ ।[२३]

**क. लक्ष्मी पूजा**

लक्ष्मी पुजाको दिन पुजा गर्ने मुख्य ब्यक्तिले स्नान गरी घरमा सबै कोठा, मातं, चोत आदि स्थानहरुमा लिपपोत गरी सफा सुग्घर गरिन्छ । लक्ष्मीलाई आवश्यक बस्तुहरु २,३ दिन देखि बिस्तारै जोरजाम गरिन्छ । लक्ष्मी पुजाको दिन बिहानै घरको मूल ढोका देखि रातो माटोले लक्ष्मी पुजा गर्ने कोठा सम्म लिपपोट गरिन्छ । लक्ष्मी पूजाको लागि निम्न सर सामान आवश्यक हुन्छन् -बत्ती बाल्न माटोको पाल्चाहरु, ईताः, तेल , जजंका, मखमली फूल, प्वताय् ( धुंगाको सेतो धुलो) ; आख्यः (नयाँ धानको हातले बोक्रा छुटाएको चामल) ; द्योः ना लप्ते (पात) ; बिमिर; नयाँ धान; पुजाभः  ताय् (भूतेको धान) कालो भट्पास, कालो मास, धान, पानीको भाँडो, धाल्चा २ टा (माटो भाँडो रक्सी र जाँड राख्न) धाल्चा माथि राख्न दुइ वटा, पाल्चा सम्हय् ज्वलं (स्याः बजि, कालो भटमास, अदुवाको टुक्राहरु, छ्वेला) ; खें संगुन (फुल, माछा, वारा, वोडी) ; सुकुति मासु (दशैंमा आगनमा बलि दिएको सुकुति मासु) बोडी एकमाना, पंमाय्

२३. भाजु महेन्द्र देव थकु श्रेष्ठ - " लोक सांष्कृतिक उत्सवहरु " ने.सं. ११२४, पृष्ठ - ६

एक माना, लक्ष्मी फूल, गोदावरी फूल, सुपारी, फूल, बिमिर एउटा, भोगत्या, सुन्तला, चाकुसी, ओखर, सिंगाली, धः कि, धौपति कुलिं (दही राख्ने माटोको सानो करुवा), सुकुन्दा, पैसा राख्ने सानो सन्दुक (सेप) ; लक्ष्मी देवको फोटो, धुप, धुं, बिभिन्न प्रकारको मिठाई, नयाँ धान एक पाथी, नयाँ चामल एक माना, आदि हुन् । यी बाहेक मसला, पान, द्योचा मह्रि, आदि पनि राखिन्छ ।

यी सामन तयार भएपछि आगं कोठामा पूर्वपट्टि अथवा "कू" (धान राख्ने काठले बनाएको ) त्यसको भित्तामा लक्ष्मीको फोटो तासिन्छ । लक्ष्मीको अगाडि मण्डप बनाएर धान, मास, चामल, ताय् राखिन्छ त्यस माथि केरा, बिमिर, फलफूल राखिन्छ । त्यसपछि पुजा गर्न अघि आगो बालेर वा बलेको गोलमा गूंगु (बास्ना आउने ) राखिन्छ । त्यसपछि घरको मुलीले अगाडी बसी पुजा गरिन्छ । पुजा गर्दा सबभन्दा पहिला नुसाल (पानी) लिएर आफ्नो जिउमा छर्केर त्यही पानीले ती लक्ष्मी र मण्डपमा रहेको सामानहरुमा छर्किन्छ । त्यसपछि पुजा गरिन्छ । पुजा सकेपछि एउटा ठूलो थालमा लक्ष्मीलाई चौरासी व्यञ्जनका खानेकुराहरु परिवार सबैलाई पुग्ने गरी चढाउँछन् । अन्तमा बत्ती बालेर अक्षताले पुजा गरी दुबै हातले बिन्ती गरी देवताको अगाडि निहुरेर मनमनै कूल नास नहोस् ,कूल स्थिर रहोस, सम्पति बढोस् भनेर पुकारेर उठिन्छ । यो पुजामा चढाएको खानेकुराहरु तिहारको अन्तमा पुजा गरी प्रसादको रुपमा ग्रहण गरी लिन्छ । त्यसपछि सबै परिवारमा ती प्रसादहरु बाँडी खान्छन् ।[२४] स्वन्ति सुरु भएको दिनको बेलुका देखि ज्यापूहरुले प्रत्येक घरमा लाल्टिन बाली डोरीमा बाँडेर मूल ढोका अगाडि झुण्ड्याइन्छ । यस्तो लाल्टिन बत्ती घर घरमा झुण्ड्याइने भएकाले धेरै राम्रो देखिन्छ ।

लक्ष्मी पुजाको भोलि बिहान लक्ष्मीलाई पुजा गर्दा चढाएका बिमिर, केरा, फलफूल आदिलाई पुजा गरी झिकेर ल्याइ  सानो टुक्रामा काटी पुजा सामानमा राखिन्छ । सबभन्दा पहिला मूल ढोकाको अगाडि कुमारलाई पुजा गरिन्छ । मूल ढोकाको अगाडिलाई नेवारी भाषामा " पि लोखा " (पि = पिने=बाहिर, लोखा=ढोका) भनिन्छ । त्यहाँ रातो माटोले लिपपोट गरी त्यहाँ देखि लक्ष्मी देवता राखेको कोठासम्म तानेर ल्याउँछ । अनि पि लोखामा दायाँ वायाँ मण्डप बनाई पुजा गरिन्छ । यस्तो पुजालाई नेवारी भाषामा धलं दनेगु भनिन्छ ।    सबभन्दा पहिला

२४. आशा माया महर्जन - बर्ष ८५, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

मण्डपमा सबै सामान ताय्, धान, कालो भट्मार, मास्, चामल, राखी सकेपछि बीचमा तेलको टिका लगाउँछ । त्यसपछि केरा, बिमिर आदि राखेर पुजा गरिन्छ । त्यसपछि घरको प्रत्येक ढोका, दिनहुँ चलाउने तापँ, करुवा, गाग्रो आदिमा सफा पानी भरी लाइनमा राखी अगाडी मण्डप बनाउँछ । त्यसपछि प्रत्येकलाई जजंकाको माला लगाई पुजा गरिन्छ । यसरी नेवार समुदायको ज्यापु समाजमा यस्तो चलन छ । यसरी मानिसलाई आवश्यक बस्तुहरु देवतालाई चढाई मानिस आफै देवता बन्ने भावना भएको नेवार समुदाय देवता र मानिसलाई शरीर पुजा गर्ने नेवार संस्कृतको सिद्धान्त रहेको छ ।

**ख. म्ह पुजा**

नेपाल अधिराज्यमा कुनै पनि जातिमा नभएको विरलै प्रकारले मनाउने नेवार जातिमा रहेको चाडपर्व हो म्ह पुजा । यो पर्व कछला थ्व शुक्ल प्रतिपदाको दिनमा नेपाल सम्वतको आरम्भको दिनमा नेवार जातिले मात्र मनाउने म्ह पुजा हो । यसको आफै किसिमको महत्व रहेको छ  जसले नेवार जातिको संस्कृतिलाई जीवन्त दिएको छ । अन्य नेवार जातिहरुले झै ज्यापु समाजले पनि यो म्ह पुजा विशेष रुपले महत्व दिइ मनाउँछन् । नेवार समुदायका ज्यापु समाजले मनाउने तिहारको म्हपुजा बेग्लै किसिमले मनाउँछन. । ज्यापुहरुमा तिहार चाडमा अर्थात लक्ष्मीपुजा, म्हपुजा र किजा पुजा आदिमा अनिवार्य रुपले “द्योःचा मह्री” बनाउनु पर्छ । ज्यापुहरुको तिहारको मुख्य विशेषता नै चामलको पिठोबाट बनाएको द्योचा मह्री हो जुन अरु नेवार जातीहरुमा कसैको पनि हुन्दैन । ज्यापु जातिहरुले द्योचा मह्री राखेर मनाउने म्ह पुजा नेवार संस्कृतमा बेग्लै र विशिष्त स्थान छ । नेपाल सम्वतको आरम्भ बर्ष र त्यसको तिथि अनुसार बर्षको पहिलो महिना कछला थ्व पहिलो दिन प्रतिपदा शुक्ल पक्षको दिनमा म्ह पुजा गर्ने बेग्लै अर्थ छ । यो आत्म पुजा लिच्छवीहरुद्वारा चलाइएका अन्य चाडहरु जस्तै गुम्त राज्यबाट नेपालमा आएको हुनाले आजसम्म म्ह पुजा नेवार समुदायमा जीवितै छ ।[२५]

ज्यापु समाजमा म्ह पुजाको महत्व, स्मरण योग्य कुरा के छ भन्ने बिबहा गरेका आफ्ना स्वास्नी महिनौ सम्म माइतीमा बसी रहे तापनि म्ह पुजाको दिनमा लोग्नले बोलाउन नपठाए

---

२५. बाबुराम आचार्य - “ नेपालमा जलशयन नारायन मूर्तिको स्थापना ” नेपाली, ( त्रैमासिक, अंक ४५, २०२७ कार्तिक पूष ) पृष्ठ - २६

पनि म्ह पुजाको लागि लोग्नेको घरमा पुजाका सामान लिइ आउनै पर्ने चलन छ। यदि उक्त दिनमा लोग्नेको घरमा नआएमा त्यो स्वास्नी पारपाचुके भएको सरह मानिन्छ।[२६]

ज्यापु समाजमा म्ह पुजा धेरै जसोको बेलुका राती नै गरिन्छ। घरको ठूलो कोठामा उत्तर दक्षिण पारी लाम्चा हुने गरी रातो माटोले पोतिन्छ। त्यो सुकेपछि त्यसमा मण्डप हातैले लेखिन्छ। मण्डप तयार भएपछि बीचमा चारैतर्फ ताय् राख्ने त्यसको बीचमा कालो भट्मास, त्यसपछि धान, कालो मास, चामल राखी सकेपछि ईताको सहयोगले तेल मण्डप लेखेर भित्र टिका लगाउँछ। त्यसपछि सबैको भागमा बिमिर, केरा, सुन्तला, ओखर, बडाम, स्याँगुली, अम्वल, सेतो र पञ्चरंगको काँचो धागोको माला मण्डपको माथि राख्छि। साथै अरु फलफुल पनि आफ्नो आयस्रोत अनुसार राख्ने गन्छि। त्यसपछि मण्डपको अगाडि द्योचा मह्री, तेलवत्ती, धुप र धुं आदि द्योचा मह्रीमा राख्ने  गरिन्छ। फूलहरुमा गोदावरी, समयपत्री फूल राखिन्छ। मण्डप चाहिं परिवारको संख्या भन्दा दुइता बढी दायाँ बायाँ राखिन्छ। जुन देवताको भाग हुन्। सबभन्दा माथि दायाँ बायाँ सुकुन्दा बालिन्छ। सबैले आ-आफ्नो भागको बत्ती बालिन्छ। त्यसपछि थकाली नकिंले सबभन्दा पहिला देवताको भागलाई पुजा गरी मण्डपको माथि राखेको फलफूलको भागलाई चामलले पुजा गरी उचालेर त्यही राख्छ। अनि थकालीलाई हात पखाल्न लगाइ पुजा गर्नलाई चामल अलिकति दिन्छ। आफुले मण्डपलाई पुजा गरी उचालेर थकालीलाई फर्काएर दिन्छ। थकालीले पनि पुजा गरी हातमा लिएर ढोगिन्छ र त्यही मण्डप माथि राखिन्छ। त्यसपछि थकाली नकिंले सगुंन दायाँ हातमा जाँद र वायाँ हातमा एउटा माछा सहित फुल हातमा समाती हातलाई क्रस गरी दुइतै एकै चोटी दिन्छ। सगुन लिने थकालिले पनि एकै चोति दुबै हातले लिन्छ। अनि फुललाई एक टुक्रा खाएर जाँद पनि अलिकति पिउँछ। जाँद अलि अलि गरी तीन पटक राख्ने र तीन पटक पिउँने गरिन्छ। त्यसपछि थकाली नकींले फेरी दायाँ हातमा पुजा भः र बायाँ हातमा दही उठाएर फेरी सगुन लिन लगाउँछ। थकालीले पनि तीन पटक चामल, फूल, अविर लिएर दहीमा छोएर दायाँ बायाँ र माथि पुजा गरीन्छ। अन्त्यमा थकालीले दहीलाई तीन पटक कँचतको दायाँ बायाँ छोएर भुइंमा राखिन्छ। यसरी अरु परिवारका सदस्यहरुलाई पनि पुजा गरी सगुन दिन्छ। ज्यापु समाजमा थकाली नकिंले त्यसरी

२६. कृष्ण बीर महर्जन - बर्ष ९०, हक टोल ललितपुर उ.म.न.पा. वडा न. १७

सगुंन दिदा सितै लिनु र खानु हुदैन भनेर अण्डाको मोल वा त्यो भन्दा बढी पैसा दिने गरिन्छ। यस बेला हुनेले सारी, लुगाको कपडा दिइने गरिन्छ । यसरी ज्यापु समाजमा म्ह पुजा गर्ने गरिन्छ । त्यसपछि थकाली नकींले ताय् चामल अबिर मिसाइ जसलाई नेवारी भाषामा जाकी सिन्ह भनिन्छ सबैलाई टिका लगाइ दिन्छ । अन्तमा केरा सहित राखेको दही चिउरा सबैलाई खुवाउँछ र ज्यापु समाजको म्हपुजा समाप्त हुन्छ । पुजा सकेपछि एक जना आइमाइले परालले तलबाट मण्डपलाई बढारेर माथि लग्छन् । त्यसपछि सबैलाई भोज खुवाउँछ । भोली बिहान त्यो मण्डपको बस्तु आफ्नो मूल ढोकाको अगाडि जसलाई नेवारी भाषामा पि लोखा भनिन्छ त्यहाँ फालिन्छ । नेवारी भाषामा म्ह को अर्थ देह अथवा शरीर भन्ने हुन्छ ।[२७] अर्को शब्दमा म्ह पुजाको अर्थ स्व पुजा तथा आत्मा पुजा पनि भन्न सकिन्छ ।

म्ह पुजा गर्नुको अर्थ बर्ष भरीमा आउन सकिने भबितब्य संकट समस्यासंग संघर्ष गरेर समाधान गरी अगाडि बढ्न शक्ति पाउनका लागि आफ्नो शरीरलाई शक्ति साधन लिनका लागि गरेको म्ह पुजाको अभिप्राय हो किनभने म्ह पुजाको दिन कछला थ्व प्रतिपदालाई नयाँ बर्षको पहिलो दिनको रुपमा लिएको छ ।

म्ह पुजाको ख्वें (फुल) सगुन थकालि नकिं (अजि)ले दिंदा लिनेले तीन पटक तोकेर खानुको बिशेष अर्थ रहेको पाइन्छ । सगुन लिंदा जीवनमा आइ पर्ने संकट समस्यासंग संघर्ष गर्न सकोस्, जुन सुकै अवस्था, काम कुरामा बिजय होस् भनि शुभ कामना लिनु हो । त्यस्तै परदेश जाँदा ठूला ठूला कामहरु सम्हाल्दा ख्वें सगुन लिएर काम सफल होस् , शक्ति प्राप्त होस् भनेर शुभकामना गरिन्छ । त्यस्तै कुनै बखत ठूलै आपत बिपत, ठूलो दुर्घतनाबाट बचेमा पनि ख्वें सगुन लिने हाम्रो नेवार समुदायमा ब्यापक प्रचलन रहेको छ । यसको मतलब दुर्घतनाबाट बचेपछि त्यस्तो दर्घट्ना नहोस् भनी सगुन लिने हो । त्यस्तै सगुन लिनुको अर्थ भबिष्यमा शारीरिक शक्ति मानसिक शक्ति र बौद्धिक शक्ति तीनै प्रकारको त्यती नै रुपले प्राप्त भै नयाँ बर्षमा सफल मिलोस् भनी आफूलाई समर्पित गर्नु म्ह पुजाको सांस्कृतिक अभिप्राय हो ।[२८]

---

२७. सत्यमोहन जोशी - " म्ह पुजा र नेपाल सम्बतको नयाँ बर्ष " (गोरखापत्र २६ गते सोमवार, कार्तिक २०५३ ) पृष्ठ - ५

२८. बलदेव जुजु - " नेवाः नखः चखःया धः पुजा विधि " नेपाल सम्वत - ११२२ गुंला - प्रकाशन पि.वि. प्रिन्टर्स, द्वका धः त्वा यें - पृष्ठ - २७

ज्यापु समाजमा नयाँ बुहारी रहेछ भन्ने उनको माइतीबाट लोग्ने पट्टि परिवारमा जति संख्या छन् म्ह पुजाको लागि त्यती नै सम्पूर्ण सामान तयार गरी पठाउनु पर्छ । यसरी पहिलो पटक म्ह पुजाको सामान पठाए पछि अर्को सालमा पठाउनु आवश्यकता छैन । भोलिपल्ट किजा पुजाको लागि यदि बुहारीको आफ्ना भाइहरु रहेछ भन्ने लोग्ने पट्टिले पनि उक्त बुहारी पट्टिका परिवारमा जति जना संख्या छन् त्यती नै भाग तयार गरी पठाउने चलन छ । यो ज्यापु समाजको आफ्नै मौलिक बिशेषता हो ।

म्ह पुजा बिशेष लोकप्रिय हुनुमा त्यससंग जोडिएको नेपाल सम्वत पनि हो । जो नेवार समुदायको आफ्नो मौलिक र पौराणिक सम्वत पनि हो । नेपाल सम्वत कछला थ्व ( कार्तिक ) शुक्ल प्रतिपदा तिथि अर्थात लक्ष्मी पुजाको भोलि पल्ट शुरु हुन्छ । म्ह पुजा सम्वत वंशावलीको भनाई अनुसार आजभन्दा ११२५ बर्ष पहिले शंखधर साख्वाले नेपालमा त्यसबेला कोही पनि ऋणी नहोस् भन्ने उद्देश्यले ऋण तिरी नेपाल सम्वत चलाएका थिए । त्यसैको सम्झना स्वरुप बर्षेनी कछला थ्व शुक्ल प्रतिपदाको दिन राष्ट्रिय पर्वको रुपमा तत्कालिन बासिन्दाहरुले शास्त्र अनुसार म्ह पुजाको चलन गरे । त्यसै बेला देखि म्ह पुजा गर्ने चलन चलेको हो ।[२९]

**ग. किजा पुजा ( भाइ टिका )**

तिहारको अन्तिम पुजा किजा पुजा हुन.। यो पुजा कछला थ्व शुक्ल द्वितीया अर्थात कार्तिक द्वितीयको दिनमा गरिन्छ । ज्यापु समाजमा पनि किजा पुजा आफ्नै तरिकाले गर्ने गरिन्छ । कछला थ्व द्वितीयको दिनमा दिदी तथा बहिनीले आफ्ना भाइ तथा दाजुलाई पुजा गर्न बिहान देखि सामान जोर जाम गरी साँझ तिर आफ्ना परिवारका एक जनालाई खर्पनमा बोकाई माइती जान्छन् । तर आजभोलि मोटरको सुबिधाले मोटरबाटै लग्छन् । आफ्ना घरमा पुगेपछि सबभन्दा पहिला पुजा गर्ने कोठामा रातो माटोले लिपपोत गरिन्छ । सुकेपछि शुद्ध पानी जसलाई नेवारी भाषामा " **नीलः** " भनिन्छ । त्यसले मण्डपमा अलि अलि छर्किन्छ । त्यसपछि दिदीले मण्डपमा राख्नु पर्ने सबै सामानहरु राख्ने गरिन्छ । त्यसपछि ज्यापु जातिले मात्र राख्ने " द्योचा मह्रि " दलुचा, त्वादेवा अगाडि राखिन्छ । त्वादेवा एक फिट सम्म अग्लो बनाउँछ । ज्यापु समाजको तिहारमा मुख्य बिशेषता नै यही द्योःचा मह्रि र त्वादेवा हो । द्योःचा मह्रि र त्वादेवा

२९. देवी प्रसाद लम्साल ( सम्पादक ), भाषा वंशावली, भाग २, पृष्ठ - २४, २५

बनाउनको लागि ज्यामि राखेर भए पनि जान्ने मानिसलाई बोलाएर बनाउन लगाउँछन् । यो नराम्रो भएमा पुजा नै नराम्रो भएको मानिन्छ ।

पुजा सामान मण्डपमा राख्ने कार्य पूरा भएपछि दलुचा ,त्वादेवा र सुकुण्डामा बत्ती बालिन्छ उक्त बत्ती न निभे सम्म पुजा गर्ने काम सिध्याउनु पर्छ । सबभन्दा पहिला म्ह पुजा जस्तै दिदीले देवताको भाग पुजा गरी मण्डपको माथि भाग उचालेर त्यही राखिन्छ र त्यसमा रहेको पंचरंगको काँचो धागोको माला दिदीले लगाइ दिन्छ । त्यसपछि मण्डप अगाडि बसेको भाइहरुलाई नसला ( शुद्ध पानी) दिएर पुजा गर्न अलिकति चामल दिइन्छ त्यसपछि दिदीले मण्डपको फलफूको भागलाई चामलले पुजा गरी उचालेर बिमिर, केराको बिंया आफु कहाँ फर्काइ भाइलाई दिन्छ भाइले त्यसलाई पुजा गरी ढोगेर मण्डप माथि राखिन्छ । त्यसरी मण्डप माथिको फलफूल हलाइ सकेपछि त्यसमा रहेको सुपारी फूलको माला, पञ्चरंग धागो माला लाउँछ र त्यसपछि दिदीले भाइको पाखुराको दुबैतिर धोगिन्छ । अनि फेरी दिदीले खें सगुन भाइलाई दिन्छ । भाईले पनि दुबै हातले सिधै समात्छ यसबेला दिदीले भाइलाई शुभकामना, आशिर्बाद दिन्छ । " भाइको शुस्वास्थ्य राम्रो होस् ठूला ठूला काम गर्न सकोस् , जीवनमा कुनै प्रकारको संकष्त दुःख नहोस् " भनी आशिर्वाद दिन्छ । त्यसपछि भाईले खें र जाँद तीन पटक खानु र पिउने गरिन्छ । त्यसपछि भाइले दिदीलाई आफ्नो दक्षता अनुसार लुगा, सारीमा १०,२० रुपैंया राखी दिन्छ । यस्तै प्रकारले अरु भाइलाई पनि पुजा र सगुन दिन्छ र अरु भाइहरुले पनि त्यस्तै प्रकारले दिदीलाइ आफ्नो दक्षता अनुसार कपडा र सारी दिन्छ । यदि अर्को दिदी र बहिनी पनि रहेछ भने उनीहरुले आफ्ना दाइ र भाइलाई खें सगुन मात्र दिएर खुट्टाको दुबै घुँडा धोगेर नमस्कार गरी दाइ भाइलाई आशिर्वाद दिन्छ । दिदीहरुले यसपछि भाइहरुलाई पञ्चरंगको टिका र दही चामल मिसाएको रातो टिका लगाइ दिन्छ र अन्तमा दही, चिउरा र केरा मिसाएको खानेकुरा सबैलाई हातैमा राखेर खुवाउँछ । यो दही चिउरा तिहारमा खानै पर्ने ज्यापु समाजमा चलन छ । यसरी ज्यापु समाजमा भाइ टिका वा किजा पुजा सकेपछि मण्डपमा रहेका फलफूल मन पर्नेले खाइन्छ त्यसपछि ती सबै फलफूल र खानेकुरा एउटा डालोमा राख्छ र चोखो परालले माथिबाट तल बढाएर देवाताको भागमा थुपार्छ । अन्तमा दिदीहरुले ल्याएको खानेकुरा त्यही मण्डप मै लप्ती वा थालमा राखेर खुवाउने गरिन्छ । अरु  परिवार त्यसैको तल लाइनमा बसी खाने गरिन्छ ।

ज्यापु समाजमा यस्तो किजापुजा राती एक बजे सम्म पनि भइ रहने हुन्छ किनभने प्रत्येक घरमा आफ्ना घरको मूली वा बाबु आफ्नो श्रीमतीसंगै भाइ टिका गर्न उनलाई सामान पु-याउन गइ रहेको हुन्छ । यसरी ज्यापु समाजमा एकले अर्कोलाई ढिला गरि रहेको हुन्छ । अर्को कुरा ज्यापु समाजमा कामको बेफुर्सतको कारणले दिउँसो गर्ने गरिदैन ।

ज्यापु समाजमा किजा पुजा गर्नु पर्ने जति छन् ती सबै एउटै लाइनमा बसिन्छ जस्तै बाज्ये, बाबु, काका, दाजुभाइ आदि । एउटै घरमा एउटै लाइनमा बसेको भए पनि दिदीहरुले आफ्नो आफ्नो भाइलाई भात्र किजा पुजा गन्छि । तर खें (फुल) संगुन भन्ने ती लाइनमा बसेका सबैलाई दिने गरिन्छ तर कान्छी दिदीले पुजा नगरी खें सगुन मात्र दिने गरिन्छ । अरु फुफु, बज्येले नदिए पनि केही फरक पर्दैन ।

भाइ टिका वा किजा पुजाको भोलिपल्ट "लक्ष्मी द्योःब्वो कोकाय् गु" भनेर लक्ष्मीलाई चढाएको मिठाई, फलफुल र अन्य खानेकुराहरु प्रसादको रुपमा घरका सबै परिवार र आफ्ना छोरा छारीहरु सबैलाई बोलाएर बाँडी खुवाउँछ । त्यसपछि यो दिन देखि स्वन्ति नःखः समाप्त हुन्छ ।

## ८.८. योमरि पुन्ही (देवाली पुजा)

थिंला (मंसिर) पुन्हिको दिनमा यो चाडपर्व मनाउँछ । नयाँ धानको पिठोबाट योमरि र ल्वोंचामरि पकाउँछ । आइमाइहरु जम्मा भई ल्वोंचा मरी र योमरि सकेसम्म राम्ररी बनाउने गरिन्छ । योमरि भित्र तिल र चाकुको झोल राखेर पकाउँछ । योमरि भनेको नेवारी भाषामा मनपर्ने रोटी र पुन्ही भनेको पूर्णिमा हो । काठमाण्डौं उपत्यका बाहिर गाउँ घरतिर भने यस दिनलाई "गैडू पुजा" भनी गोठमा पुजा गर्ने गरिन्छ जसलाई "गैडू पूर्णिमा" पनि भनिन्छ । त्यस्तै पनौती तिर भगवान शिबको पुजा गर्दछन् , जसलाई धनेश्वर महादेव पनि भनिन्छ । जसको सम्वन्ध धन र धानसंग सम्बन्ध रहेको छ । योमरि नेवार समुदायमा जन्म दिनमा, इही गर्दा, जंकु गर्दा विशेष गरेर बनाउँछ भन्ने विभिन्न शुभकार्यमा योमरि र ल्वोंचा मरी बनाउने चलन छ । योमरी धन र धान संग सम्बन्धित रहेकोले ज्यापुहरुले पनि विशेष गरी खेतमा गर्ने बिभिन्न ज्यावलहरु पनि बनाएर राख्ने गरिन्छ । सन्ध्या समयमा टोलका बच्चाहरु घर घरमा आएर एउटै स्वरमा योमरि माग्न आउँछन् । जस्तै -

**योमरि च्वामु , उकी दुने हाकु**

**ब्युसाः माकु, मब्युसा फाकु**

**ब्युसाः ल्यासे मब्युसाः बुरीचा**

योमरि मागेर खाने र मज्जा लिन्छन् । तर आजकल यस्तो योमरि माग्ने काम लोप भै सकेकोछ । पहिला पहिला त्यसरी योमरि माग्न आउने बच्चाहरुलाई मा कुलिचां ( ठूलो २ माना अट्ने भाँडो ) बाट धान दिने गरिन्छ त्यसैले योमरि माग्न आउने बच्चाहरु एकै स्वरमा यसरी कराउँछ -

**“ त्यः छि त्यः बक छि त्यः**

**लाता पाता कुलिंचां जछिं स्यः ”**

“त्यःसिं ” भनेको चार मानाको भाँडो “ बकसि त्य ” भनेको एक माना र तीन चौठाइ भएको भाँडो हो । बच्चाहरु मागेर प्राप्त धान चाही बिक्रि गरी खानेकुरा खान्छ ।

नेपालमा ज्यापु जातिको प्रमुख खाना भात हो । असारमा धान रोपी समयमा धान नपाकेमा दुःख हुन्छ । राजा नरेन्द्र देवको पालामा नेपालमा (काठमाण्डौ उपत्यका) अनावृष्टि हुँदा मानिसहरुको ठूलो दुःख भयो । मच्छिन्द्रनाथलाई नेपालमा ल्याई बर्षा गराएर मच्छिन्द्रनाथको जात्रा गरी राखेको वंशावलीमा यसरी उल्लेख छ ।

**“ श्री नरेन्द्र देव वर्ष ३५ तध्व**

**आचार्य वन्धु दत्त द्वयन्**

**श्री बुग्म लोकेश्वर भट्टारकष्य**

**जात्रा कृता भवति ”**

त्यसो भएको हुनाले ललितपुरका ज्यापुहरुले बर्षेनी मच्छिन्द्रनाथको रथ बनाई जात्रा गरी राखेको छ । ज्यापुहरुले योमरि बनाउँदा माथि चुच्चो लामो पार्ने प्वःका (तल्लो) भाग छोटो पारेको यसरी अर्थ छ जस्तै यो योमरि पुन्हि देखि दिन छोटो र रात लामो भएर आउने हुन्छ त्यसैले बुढाबुढी यसरी भन्छ “ ज्या पुन्हिको दिनमा दिनभर काम गरी नपुग्ने मानिस र योमरि पुन्हिको रातमा सुत्न नपुग्ने मानिसले दुःख सुःख थाहा हुन्दैन ।

योमरि पुन्हिको दिनमा ज्यापुहरुको ठूलो ठूलो परिवार सबैलाई पुग्ने गरी योमरि बनाएर वाकु ( धान राख्ने भकारी) मा राखेर “कु” पुजा गरिन्छ । यसबेला ज्यापुहरुले खेतमा

धान काती सबै धान भित्राएर “कु”मा राखि सकेको हुन्छ । त्यसैले “कु” पुजा गर्नुको अर्थ कु मा रहेको धान स्थिर भै धान कहिलै कम नहोस भन्ने अभिप्राय हो । यसरी कुमा राखेको योमरि चार दिन सम्म राखि राख्छ । चौठो दिनमा  योमरि पुजा गरी निकाल्छ । उक्त दिनमा आफ्ना छोरीहरुलाई दाकेर खुवाउन्छ । त्यस्तै ज्यापुहरु ठूला ठूला भोज गर्ने बेला भलिं दाजुहरुले भलिद्यः स्थापना गरी त्यसमा पुजा गरेर मात्र भोज संचालन गरिन्छ । यसको मतलव भोजमा जति आए पनि भोज खुवाउँन सकियोस् भनेको हो ।

**क) देवाली पुजा**

योमरि पुन्हिको दिनमा ललितपुर नगर भित्रका ज्यापुहरुको देवाली पुजा हुन्छ । देवाली पुजा भनेको आफ्नो परिवारहरुको आँगन पुजा हो । यो देवाली पुजाको पनि देवाली गुठी हुन्छ । आफ्नै परिवार भित्र रहेको यो देवाली गुठी पालै पालो सित गुठीको संचालन गरिन्छ । ज्यापुहरुको आँगन देव अर्थात **“ देगु द्योः ”** चाही चउरमा रहेको हुन्छ । आफ्ना परिवार ठूलो भएर आएपछि नजीकका फुकिहरु मिलेर “ देगु द्योः ” पनि अर्को बनाएर छुटिन्छ । आजभोलि गुठीको नियम र भोज खाने चउरको अभावले गर्दा धेरै जसो ज्यापुहरुको देवता एउटै भएपनि भोज खाने चलन छुटेर आएको छ ।

यो देवाली पुजा हुने एक दिन अगाडि सबैको घरमा अनिवार्य रुपमा चतांमरि पकाउँछ । चतांमरि पकाउने काम झन्दै दिन भरिनै हुन्छ किनभने ज्यापुहरु आफुले मात्र चतांमरि खाने नगरी देवाली नभएका आफन्तहरुलाई समेत वाँड्ने गरिन्छ । पकाउन बिहान सबै उठेर घरमा लिपपोत गरी सफा गरिन्छ । त्यसपछि आइमाइहरु चतामरि पकाउन तिर लाग्छन् र लोग्ने मानिसहरु गुठीमा के के आवश्यक हुन्छन् ती सबै जोर जाम गर्न तिर लाग्छन् । उक्त दिनमा भोजको लागि गुठियारहरु मिलेर मासु पकाई तःखा र ङाखुना (पिरो) बनाउँछ । ती सबै तयार भएपछि लोग्ने मानिसहरु आफ्नो घरमा फर्कन्छन् । आइमाइहरु चाही पकाएका चतांमरि आफन्तहरुलाई बाँड्न जान्छन् । आजभोलि यो चतांमरि बाड्ने चलन पनि हतेको छ ।

भोलि पल्ट बिहान सबेरै गुठीयारहरुले खानेकुरा बोकी भोज खान देवता भएको चउरमा जान्छन् । देवाली गुठिका मू थकालीले सबैको पुजा गरिन्छ । चारैतर्फ चतांमरि छर्किन्छ । चतांमरि कागले तिपेपछि मात्र भोज खाने चलन पनि थियो । त्यही बेला परिवारका नयाँ बुहारी र नयाँ बच्चालाई गुठिका थकाली नकींले (लोग्ने भएकोले) उनीहरुलाई पुजा गरी देवताको

अगाडि गुठीमा भित्राउने काम गरिन्छ । त्यसपछि बुहारीले सबै (आफूभन्दा जेठो) लाई ढोग्ने काम गरिन्छ । त्यसरी देवताको अगाडि राखेर नभित्राए सम्म त्यो मानिस आफ्नो परिवारको सदस्य भएको मानिदैन र निज बुहारीको देवाली देवतामा पुजा चल्दैन । यो ज्यापु जातिको आफ्नै संस्कारको बिशेषता हो ।

भोज खान सबै परिवारबाट परिवारका सबै सदस्यहरुको सरदर पैसा, चिउरा, चतांमरि आदि पालालाई दिनु पर्छ । यस्तो खानेकुरा दिने कामलाई नेवारी भाषामा " **ल्हाय्गु** " भनिन्छ । सबै परिवारले ल्हाय्गु काम गरी सकेपछि पालाका नजीक फुकिहरुले बोकेर भोज खाने चउरमा ल्याउँछ । त्यसपछि सबै मिलेर खानेकुरा राखि लाइनमा बसि खाने गरिन्छ । भोज खान सकेपछि सबै मिलेर बाजा बजाइ घर फर्किन्छ ।

भोलि बिहान सबै मानिसहरु देवतालाई ढोगेर पालाको घरमा जान्छ । बाँकी भएको खानेकुरा खाने गरिन्छ । यसलाई **"कौला याय्गु"** भनिन्छ । त्यसपछि त्यही दिनको बेलुका प्रत्येक घरको मूली मात्र बसेर बेलुका भात खाएर भोजको हिसाव किताव गरिन्छ । यसरी बेलुका भात खानेलाई नेवारी भाषामा " **जाभुः याय्गु** " भनिन्छ । ज्यापु समाजमा यो देवाली पुजाको भोलि पल्ट चतांमरि चढाउन आ-आफ्नो टोलका बाजा सहित मच्छिन्द्रनाथ र मिननाथको मन्दिरमा पुजा गर्न जान्छ । यो ज्यापु समाजको अनिबार्य छ । ज्यापु बाहेक अरु नेवार जातिको त्यस्तो चलन छैन । यसले के देखाउँछ भन्ने ज्यापु र मच्छिन्द्रनाथ देवताको सम्बन्ध देखाएको छ । ज्यापु समाजमा यो देवाली भोज सकेपछि सबैले आफन्तहरुलाई भोज दाकेर खुवाउने गरिन्छ । यसलाई " **नखःत्या सतेगु** " भनिन्छ । निमन्त्रणामा छोरी बेतीहरु, भान्जा भान्जीहरु, सबैलाई बोलाउने गरिन्छ ।

देवाली भोज आफ्नै परिवारको मेल मिलाप र जमघट गर्ने अभिप्राय हो । सबै बाज्या बज्यै, काका काकी दाजुभाइहरु अगल अलग भएर बसेको भएता पनि यिनीहरु सबै फुकिहरु देवाली भोजमा सगैं आएर भोज खाइन्छ । देवाली गुठीबाट अलग भएर यस देवाली भोजमा नआएमा यसलाई नेवारी भाषामा "फुकी बागु" भनिन्छ । यसरी फुकि अलग भएपछि उनीहरुको बीचमा भोज भतेरोमा, बिबाह भोज आदिमा दाक्नु पर्छ भन्ने हुदैन । त्यस्तै फुकि छुटेपछि मृत्यु संस्कारमा बार्नु पर्छ भन्ने छैन ।।[३०]

---

३०. कृष्ण महर्जन- बर्ष ५०, पिंछैं टोल,ललितपुर उ.म.न.पा. वडा नं. ७

## ८.९. फागु पूर्णिमा अथवा होली पुन्ही

काठमाण्डौ उपत्यका तथा पहाडमा फागु र तराइमा होलीले चिनिने यो पर्व जाडो मौसम समाप्त भै बसन्त ऋतुको आगमनलाई स्वागत गर्दै उल्लासमय वातावरणमा सम्पन्न हुन्छ । काठमाण्डौ उपत्यकाको तीनै शहरहरुमा अस्टमीको दिनमा काठमाण्डौको बसन्तपुर, ललितपुरमा कृष्ण मन्दिरको अगाडि रंगी विरङ्गी ध्वोजाहरुले सजाएको एउटा चिर गाडेपछि फागु सुरु हुन्छ ।

ललितपुरका ज्यापुहरु यो चिर गाडेपछि केटाहरु अबिर बोकी माडलको तालमा गीत गाएर टोल टोलमा केटीहरुलाई अबिर हाल्न घुम्न जान्छन् । फागुमा गाइने नेपाल भाषाका केही गीतहरु यसरी तल दिएको छ -

**तम् तम्चा मय्जु पिलाको बाँ ला**
**बागमती वों बले ल्यायूँम्ह नापला**

यो गीत केटीलाई गिजाउने खालको गीत हो । यहाँ " तम् तम्चा " भनेको केटीको नाम " पिलाको " भनेको घुँडा पछाडीको नाम त्यस्तै " ल्याय्म्ह " भनेको उनको मन पर्ने केटा भनेको हो । त्यस्तै अर्को गीतमा -

**फागुया हूले तं चाया ला मय्जु ( ल्यासिं )**
**अबिर भच्चा नं तय् मज्यूला**

यो गीत फागूको हुलमा एउटा केटीलाई अविर अलिकति हालौं भनी अनुरोध गरेर गाएको गीत हो । त्यस्तै तेश्रो गीतमा -

**झ्याले च्वंगु तुकं माः**
**वहे ल्यासी जितमा**
**व ल्यासी मदय्कं जाहे नय् मखु**

फागुण महिनामा खेतवारीमा तन्न सागहरु रहेको हुन्छ । ती तोरीको सागहरु उखेलेर ल्याही पछि खानको लागि ज्यापुहरुले आफ्नो घरको बार्दलीमा डोरीले बाँडेर झुण्ड्याई राखेको हुन्छ । त्यसैबेला फागुको गीत गाएर फागु खेल्दै आएका केटाहरु हेर्न एउटा केटी झ्यालमा बसिरहेको हुन्छ । यो गीत त्यही केटीको माग गर्दै गाएको गीत हो ।[३१]

---

३१. माइला महर्जन, बर्ष ७९, लुँखुसि टोल, ल.पु. उ.म.न.पा. वडा नं. १७

भ्याले च्वंगु = भ्यालमा रहेको, तुकं = तोरीको साग, वहे = त्यही, ल्यासी = केटी, जितःमाः = मलाई चाहिन्छ । मदय् कं = नभइकन, जाहे नय्मखु = भाट नै खाँदिन भनेको हो ।

यस्तो अनेकौ गीत गाउँदै ज्यापुहरु मादल बजाउँदै गीत गाएर टोल टोलमा फागु खेल्न जान्छन् । कुनै केटी बाहिर बसिरहेका हुन्छन् । मन पर्ने केटीले अबिर आफ्नो शिरमा हाल्न लगाउँछन् । त्यसरी फागु समयमा केटा र केटीहरु एक आपसमा मनोरञ्जन गरी मजाक लिन्छन् ।

तर आज भोली यस्तो नगरी अलि बढी छाडा खालको जवर जस्ती गर्ने कोशिस गरिन्छ । बाटोमा आएका केटीहरुलाई जिस्काउँदै लोलाले हान्ने गरिन्छ । यो संस्कार बिस्तारै बिकृति बढेको देखिन्छ । परम्परालाई सही ढगंले खेल्न र मनोरञ्जन लिन नजाने पछि विस्तारै लोप भएर जाने सम्भावना बढी हुन्छ ।

## ८.१०. लखुँ चह्रे, पाहाँ चह्रे, घोडे जात्रा, बालकुमारी जात्रा

काठमाण्डौ उपत्यकाका नेवारहरुले विभिन्न चाडपर्व मनाउँदै आएको चाडहरु मध्ये लखुँ चह्रे पनि एक हो । यो लखुँ चह्रे चैत्र कृष्ण चतुर्दशीको दिनमा मनाउने गरिन्छ । यो दिनमा ललितपुर नगरका ज्यापुहरु बिहान सबेरै उठी घरमा सफा सुग्घर गरी क्वाछेँमा बालकुमारी र सरस्वतीको पुजा गरिन्छ । यस चह्रेमा आइमाइहरुको तान्त्रिक बिद्या सिकी रहेकाहरुले यसै रातमा बालकुमारीको पुजा गरी आफ्नो हातका औंलाहरु बाली बालकुमारीको १ कि मि दक्षिण पट्टिको भेलपाः देवको पनि पुजा गरी तान्त्रिक बिद्या प्राप्त गर्दछ । तान्त्रिक विद्या सिकीरहेकाहरु यो लखु चह्रेको दिन बिद्या सिकेको पक्का भयो कि भएन भनी प्रमाणित गर्नु हो । यो दिन उनीहरुको अन्तिम दिन हो ।[३२]

यो देवता ललितपुर नगरको उत्तर-पूर्वमा रहेको प्रमुख बाह्रकुमारी देवता हो । यो पहिला वडा नं. १२ स्थित चावहाल टोलमा रहेको थियो । मानिसको बस्ती बृद्धि भएको कारणले नगरको बीचमा रहन गएकोले यसलाई नगरको क्वाछेँ स्थानमा सारिएको हो ।[३३] यसबाट यो बुभ्नु पर्छ कि नगरको छेउमा यस्ता देवता राखेर नगर  वासिन्दाहरुलाई सुरक्षा प्रदान गरिएको

---

३२. चिरी काजी महर्जन - बर्ष ६५, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७
बाह्र कुमारी (क्वाछे द्यो ) जात्रा

३३. हेरा काजी बज्राचार्य - " यलया बौद्ध बिहारको संक्षिप्त परिचय "

थियो । त्यस्तै प्रकारले भैरवहरुलाई नगर बाहिर राखेको पाईन्छ । जस्तै लगनखेल स्थित बटुक भैरव पहिला लुँखुसि स्थित वडा नं. १७ मा अवस्थित थियो । यसलाई पनि बस्ती बृद्धिले गर्दा नगरको बाहिर लगनखेलमा सारिएको थियो ।

बाह्र कुमारीको जात्रा बर्षको २ दुइ पटक गर्ने गरिन्छ । पहिलो जात्रा माघ पूर्णिमाको दिन र दोश्रो पटकको जात्रा चैत्रको पासा चह्रेको दिनमा अर्थात घोडे जात्राको दिनमा ठूलै रुपमा जात्रा गरी नगर पक्रिमा गर्ने गरिन्छ ।[३४] उहाँको भनाइ अनुसार यो बाह्रकुमारी देवताको जात्रा माघे पूर्णिमाको दिनमा पिलाछैं टोलका ज्यापुहरुले खतमा राखी खतलाई बोकेर बाल कुमारी स्थानबाट पश्चिम बाटो भएर भोल ढोका हुँदै लोंलँ, न्यौत, वलखु गणेश, भेलाछैं टोलमा पुगे पछि त्याहाँ उक्त खतलाई विसाउँछ । त्यहाँ एक जना साहुले पुजा गरिन्छ त्यसपछि उक्त बालकुमारी खतलाई स्वँठबाट सिधै मंगल बजारको कार्तिक डबलीमा विसाउँछ । उक्त डबलीमा सरकारसको पुजा ल्याउँछ । उक्त पुजामा हाँसको बली दिनु पर्छ । पुजा लिए पछि सिधै हःखा, सौगः सुन्धारा, धालाछैं, हकटोल हुन्दै त्यागल टोलमा पु-याई खतको देवता मन्दिरमा पु-याई उक्त जात्रा अन्त गरिन्छ । यस जात्रालाई “ **अःख जात्रा** ” ( उल्टो जात्रा ) भन्ने गरिन्छ ।

दोश्रो पटकको बाल कुमारी जात्रा चैत्रको चह्रेको दिन अर्थात काठमाण्डौमा यस दिनलाई पासा चह्रे भनिन्छ । काठमाण्डौमा दशैं जस्तै भोज गरी आफन्तहरु सबैलाई दाकी खुवाउने गरिन्छ । यसै दिनमा काठमाण्डौमा घोडे जात्रा हुन्छ । यो घोडे जात्रा राजापरिवारले समेत मनोरञ्जनका साथ नजर गरिबक्सिन्छ । टोल टोलमा बिभिन्न खतको जात्रा पनि हुन्छ ।

पाटनमा प्रत्येक ज्यापु टोलहरुमा सनागुठी मलामी गुठी मनाउने गरिन्छ । साँझमा क्वाछैंमा एकल घोडाको जात्रा हुन्छ । यो घोडाको जात्रा मनाउन सरकारले गुठीलाई एउटा घोडा दिएर पठाउँछ । यो घोडा चढ्ने चाही वलखु टोलका “ **च्यो** ” भन्ने ज्यापुहरुले चढेर जात्रा मनाउने गरिन्छ । घोडा जात्रा सकिना साथ बालकुमारी देवतालाई खतमा राखेर जात्रा गर्ने गरिन्छ । जात्रा गर्नु अघिलो दिनमा मच्छिन्द्र गुठी तहबहालबाट मानिसहरु आएर पिलाछैं टोलका खत बोक्ने ज्यापुहरुलाई बालकुमारी देवता क्वाछैं लानु प-यो भनेर भन्न आउँछन् ।

---

३४. सानु लाल महर्जन - बर्ष ७३, नागख्योः सिन्तिहिति, टोल, ललितपुर उ.म.न.पा. वडा न. ६

त्यसो भन्न आउने व्यक्तिहरुलाई **" मा:त "** भनिन्छ । त्यसपछि पिलाछैं टोलका ज्यापुहरुले त्यागल टोलमा रहेको देवतालाई खतमा राखेर क्वाछैं लग्छन् । त्यसरी लानु अघि धालाछैं र त्यागल टोलका आचाजुले पुजा गरी लेवतालाई हलाई सकेपछि ज्यापुहरुले देवतालाई झिकेर खतमा राखी क्वाछैंमा लग्छन् । उक्त दिन चह्रे पर्छ । तसर्थ ललितपुर बासीहरुले यस जात्रा, भोज, पर्वलाई **" लखुं चह्रे "** भन्ने गरिन्छ ।

भोलिपल्ट औसिंको दिनमा ललितपुर नगरका सम्पूर्ण ज्यापुहरुको पुजा लिइ सकेपछि दिउँसो तिर मच्छिन्द्र गुठी तहबहालबाट आइ ती बालकुमारी खत बोक्ने ८ आठ जना ज्यापुहरुलाई भोज खुवाउन ल्याउँछ । भोज खुवाइ सकेपछि साँझ तिर आचाजुले पुजा गरी देवतालाई खतमा राख्ने गरिन्छ । त्यसपछि ६,७ बजे तिर देवता भएको खतलाई बोकी टोलतिर ल्याउँछन् । त्यसरी ल्याउँदा बालकुमारी मन्दिरको सबभन्दा नजीक पर्ने गुइटोलका ज्यापुहरुले धिमे बाजा बजाई पछि पछि आउँछन् । यलमुग: टोलका ज्यापुहरु का:बाजा बजाई खतको अगाडि अगाडि आउँछन् भन्ने पिलाछैं टोलमा देवताको खत पुगेपछि भिन्छे बहालका बज्राचार्यहरु आफ्नो बाजा बजाई धालाछैं टोल सम्म आउँछन् त्यसपछि देवतालाई बिदा दिएर लिएर आ-आफ्नो घर फर्कन्छन् । बालकुमारी खत त्यागल टोल पुगेपछि मन्दिरको अगाडि पुजा लिन्छ । पुजा गर्ने उही आचाजुले मात्र पुजा गरिन्छ । त्यसपछि उठाएर धालाछैं टोलमा खतलाई बिसाउँछ । त्याहाँ पनि हाँसको बलि दिइ योमरी चढाए पछि पुजा सकिन्छ । योमरी चाही का:बाजा, तमतम बाजा र धिमे बाजालाई दिनु पर्छ । यो पुजा टंगल टोलका बाल कुमारी दाता **" सिमा: "** खलकले ल्याउने गरिन्छ । यो पुजा सकिए पछि खतलाई उठाएर सुन्धारा, वकुबहाल, थपाट, थैना, चाबहाल, हौग: हुन्दै मंगल बजारको कार्तिक डबलीमा बिसाउँछ । कार्तिक डबलीमा सरकारी तहबहालको पुजा लयाउँछन् । त्याहाँ पनि हाँसको बली दिन्छ र त्यसपछि खतलाई उठाएर मंगल बजारको भिमसेन मन्दिरको अगाडि हुँदै वलखु, न्यौत, भ्वाहा:बहालमा बिसाउँछ । त्याहाँ पनि पुजा लिइ सकेपछि सौगल टोल, चालाछैं र सुन्धाराबाट चपट टोल लग्छन् । चपट टोलमा प्रत्येक नकर्मीहरुले बाल कुमारीको पुजा गरिन्छ । बाटोमा परेका नकर्मी परिवारहरुले आफ्नो घरको अगाडि खतलाई बिसाउन रातो माटोले लिपपोत गरेको हुन्छ । ती प्रत्येक लिपपोतमा बिसाउँदै पुजा लिंदै उक्त खतलाई चपटबाट उठाएर स:क्वो ल्याउँछ । स:क्वो चोकमा खतलाई बिसाएर त्याहाँका चिपालु खलकले ठूलै बोका

नै  भोग दिइ पुजा गरिन्छ । त्यो पुजा सकेपछि उक्त खतलाई उचालेर  सुबहाल, भिन्छेँबहाल, दुपाट हुन्दै त्यागल टोलमा ल्याउँछ । त्यागल टोलमा दुपाटका  मानिस आएर देवतालाई चिउराका  कनिका बलेको आगोमा हाली मलामी गएर फर्केका मानिसलाई गरे जस्तै मन्दिरको ढोका अगाडि तीन पटक देवता छोएर दायाँ बायाँ आकासमा फालेर चोखो पारी देवतालाई भित्राउँछ । यो कार्यलाई  नेवारी भाषामा " **बली पिइगु** " भनिन्छ । यस्तो कार्य सकेपछि जात्रा अन्त हुन्छ ।

बालकुमारी देवताको खत बोक्ने पिलाछेँ टोलका ज्यापुहरुलाई " **भ्याःखल** " भनिन्छ । यी भ्याःखल पिलाछेँ टोलमा ८ आठ परिवार छन् । उनीहरुलाई  खत बोक्ने काम, जात्रा गर्ने, देवताको सुरक्षा गर्न र हेर बिचार गर्न सरकारले उनीहरुलाई ० - ४ - ० चार आनाको दरले जग्गा दिइ राखेको छ ।  यी आठ परिवारमा पालै पालो सित जिम्मा लिएर भोज खाने, खुवाउने, जात्रा मनाउने  गरिन्छ ।

यसरी परम्परागत जात्रा चाडपर्व आदि संचालन गर्न ज्यापुहरुको ठूलो भूमिका रहेको हुन्छ । ज्यापुहरु हरेक चाडपर्व जात्रा आदिमा संलग्न रहेको हुन्छ । उनीहरुको संलग्न बिना जात्रा चाडपर्व मनाउन गाह्रो पर्छ । किनभने  ज्यापुहरु हरेक काममा संलग्न हुनुको साथै उनीहरुले जात्रा चाडपर्वलाई आवश्यक बाजाहरु, काःबाजा, धिमेबाजा, खिं बाजा बजाउने गरिन्छ र त्यसकारणले हरेक जात्राहरुमा ज्यापुहरु बिना जात्रा, चाडपर्व मनाउन सकिदैन र जात्रा, चाड पर्व रमाइलो पनि हुन्दैन ।

यही लखुँ चह्रेको दिनमा धेरै जसोको टोलहरुमा सना गुठीको भोज हुन्छ । तर प्रत्येक टोलमा सना गुठीको भोज खाने चलन फरक फरक पाइन्छ ।  धेरै सनागुठीको भोजको जोर जाम गर्ने गुठीयारहरु २-४ जनासम्म हुन्छ । यस भोजका धेरैको के चाही मिल्दछ भन्ने भोजमा मासुको लागि सबैले पैसा जम्मा गरिन्छ । चिउरा प्रत्येक घरबाटै लगेर जम्मा गरिन्छ । जाँद वनाउने काम गुठीयारहरुलाई पालैपालो मिलाएर बनाउन लगाउँछ । यही भोजको दिनमा मलामि ( सना ) नआएका गुठीका सदस्यहरुको जरिवाना उठाउँछ जसलाई नेवारी भाषामा " **बौं** " भनिन्छ  ।

बौं विभिन्न प्रकारको हुन्छ जस्तै गों, म्हय्था, सना, भवन निर्माणमा नआएको, मासु काट्न नआएको, टिका समयमा नलगाएको आदिको जरिवाना लगाउँछ । यो गुठी समाजिक

कार्यको संस्था हो । यसमा आफ्नै नीति नियम हुन्छ । यस नीति नियमले सबैलाई संगठित बनाउने, एक ठाउँमा राख्ने काम गरेको छ । यस गुठीलाई कसैले बेवास्ता, बिगार्ने, बिग्रिने र गुठिको काममा सहयोग नगरेमा त्यसलाई पनि सबैले सामाजिक बहिष्कार गरिन्छ । सामाजिक बहिष्कार गरेपछ उसलाई कसैले पनि बोल्दैन । कामा कुनै कुरामा सहयोग गरिदैन । उसलाई सहयोग गर्ने, बोलचाल गर्ने व्यक्तिलाई समेत नसियत दिन्छ । त्यसकारण यो गुठी एउटा सानो स्थानीय सरकार जस्तै हुन्छ ।[३५]

काठमाण्डौमा पाहाँ चह्रे चाड धुमधामसंग मनाउँछ । पाहाँ भनेको आफ्ना नाता कुता छोरी बेटीहरुलाई खाना खुवाउन दाक्नुलाई भनिन्छ । नेवारी भाषामा यसलाई " पाहाँ ब्वनेगु " भनिन्छ । यो चह्रेको दिनमा परेको हुनाले यसलाई पाहाँ चह्रे भनिएको हो । काठमाण्डौमा लुकुमाद्यः अर्थात क्षेत्रपाललाई पुजागरी भोज खानु भोज दाक्नु नै पाहाँ चह्रे चाड हो । क्षेत्रपाल भनेको मूल ढोका अगाडि रहेको घर र त्यस क्षेत्रलाई रक्ष गरिरहने आजु अजिमा देव हो । त्यही क्षेत्रपाललाई पुजागरी मनाउने चाड नै पाहाँ चह्रे हो ।[३६]

चौलागा अर्थात चैत्र महिनामा जाडो वा हिउँद ऋतु सकि शुक्खा अर्थात बर्खा शुरुहुने समय भएकोले जीवित प्राणीहरुमा अनेक किसिमको रोगहरु आइ रहन्छ जस्तै रुघा खोकी, झाडा वान्ता, वच्चाहरुको महामारी रोग र बिभिन्न प्रकारको रोग, खतिरा आएर बच्चाहरुलाई औषधि गर्ने साधन अहिले जस्तो नभएकोले त्यसबेला काठमाण्डौमा घोडे जात्राको दिनमा बच्चाहरुलाई रोगले नछोहोस् सुस्वास्थ्य होस भनी "मलःजा" खुवाउने चलन छ । "मलः" भनेको बच्चा र " जा " भनेको भात हो । मलः जा खुवाउनु भनेको बच्चाहरुलाई रोगलेनछोहोस् भनी कुमारी देवको पुजा गरी भात खुवाउँछ । काठमाण्डौको बिभिन्न टोलहरुमा कुमारी, अजिमा देवलाई पुजा गरी मलःजा खुवाउने चलन छ । मलःजा खुवाउने काठमाण्डौमा गुठी नै हुन्छन् । यो मलः जा खुवाउने असन टोलमा दशैंमा, मैती टोलमा तिहारमा र अरु

---

३५. राम महर्जन - बर्ष ६६, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा न. १७

३६. भुमा श्रेष्ठ - " नेवाः तय् तःजिगु नखःचखः " नेपाल सम्वत ११२३ चिल्ला गा A. D. 2003 March

टोलहरुमा मलःजा पाहाँ चह्रे अर्थात घोडा जात्रामा खुवाउने गर्दै आएको छ ।[३७]

मलःजा खुवाउने चलन एउटा राम्रो सामाजिक कार्य हुन् । यसले देशमा रहेका बच्चाहरुलाई कुनै पनि रोगले नछोहोस् भन्ने बिचारले अजिमाद्यःले रक्षा गरुन भन्ने अभिप्राय हो । मलःजा विशेष गरी ५,६ महिना भित्रका बच्चाहरुलाई खुवाउने चलन रहेको छ । नेवार सँस्कारमा बच्चाहरु एक वर्ष नभए सम्म अजिले हेर विचार गर्नु केही भएमा तुरुन्तै अजिलाई देखाउने गरिन्छ । त्यसैले अजिमाको पुजा गरी अजिको प्रसादको रुपमा मलःजा खुवाउने अजिमाले देवले या कुमारी, लुकुमादेवले जिम्मा लिनु हो । यो नै नेवार समुदायको प्राचिन कालदेखि चलि आएको संस्कार संस्कृति हो ।

## ८.११. आमाको मुख हेर्ने ( मातृ औंसी )

वैशाष कृष्ण पक्ष, चौला गाः औंसीलाई मातृ औंसी भनिन्छ । यस दिनमा आफ्नो आमालाई आफ्नो देव समान मानी पुजा गरी सगुन दिएर मुख हेर्ने गरिन्छ । संसारमा आ-आफ्नो संस्कृत अनुसार आमाको मुख हेर्ने चलन छ । विश्वको आमा पृथ्वी (Mother Earth) हो । त्यसैले बर्षको एक चोटी पृथ्वी जयन्ति मनाउँछ । यसरी आमाको महिमा, सहिष्णुतालाई सम्फेर मान्ने दिन नै आमाको मुख हेर्ने दिन हो ।

आमा सृष्टिकर्ता हो । छोरा छोरी जन्माएर हुर्काउनु सजिलो कुरा होइन । आमाको माया अपरम्पार छ । आमाले एकजना बच्चा हुर्काउन धेरै कष्ट सहनुपर्छ । उसले जीन्दगी नै अर्पन गर्नुपर्छ । त्यती मात्र होइन बच्चाको लागि उसले जस्तो सुकै कर्तव्य गर्नु परेमा पनि गर्दछ । आमाले आफ्नो छोरा छोरीलाई सुसा कुसा गरी हरेक समयमा दुर्घटनाबाट बचाई हुर्काइ, इही, बिबहा गरी पठाउने सम्म गरी राम्रो बाटो देखाउने काम समेत गर्दछन् । त्यसैले जहाँ जुनसुकै टाढा ठाउँमा रहेता पनि आमा सम्फेर मुख हेर्न आउने गर्दछ ।

विश्वमा आमा नुहने मानिस हजारौं लाखौं छ । त्यसरी आमा बा नहुनाले नेपालमा तिर्थ र कुण्डमा गएर स्नान गरी दान दिने चलन छ । आमा नहुनेले उक्त दिनमा लुगा धुने त के साबुन पनि छुनु हुन्दैन भन्ने धारणा छ । बां आमा हुनेले उक्त दिनमा स्नान गर्नु हुन्दैन भन्छ

३७. सुरेन्द्र मान श्रेष्ठ, " नेवाः संष्कृतिया नखः चखः " ११२१ सिल्ला गा

तर लुगा धुनु हुन्छ भन्छ । आमा बा नहुनेले नुहाएर आफ्नो गच्छे अनुसार गुभाजुलाई दान दिने गर्दछ । नेवारी भाषामा यसलाई " **निसला** " भन्दछ ।

निसला दिंदा गुभाजुको घरमा गएर चिउरा, त्यसमाथि नून, एउटा केरा, निसला मरि, एक टुक्रा अदुवा राख्ने गरिन्छ भन्ने अर्कोमा चामल एक माना जति राखी त्यसमा पैसा हाली निसला दिने गरिन्छ । त्यसरी गुभाजु कहाँ गएर निसला दिन नसक्नेले एउटा पातमा अलिकाति चिउरा, नून, अदुवा, र केरा एउटा हाली पि लुखामा राखेर कुकुरलाई खुवाउने गरिन्छ ।

यस दिनमा आमा नहुने माता तिर्थमा गई स्नान गरेर दान दिने गर्दछ । त्यहाँ दान दिंदा सोझै मृतकले खान पाउँछ भनी मानिसहरुको धारणा छ । किनभने छोरा छोरीहरुले खान खुवाउन ल्याउने आशाले मृतकहरु त्यहाँ आइ रहन्छ भन्ने धारणा छ । त्यसैले मां बा नहुने मानिसहरु माता तिर्थमा स्नान गरी दिवंगत आत्माको सुन्तुष्ट गर्नलाई देवतालाई प्रार्थना गर्न त्यहाँ जाने भनिन्छ । पाश्चात्य देशमा आ-आफ्नो मां बाको मस्जिदमा गई फूल चढाई प्रार्थना गर्छ चर्चमा जाने भन्छ । यसरी विश्वमा विभिन्न मानिसको आ-आफ्नो संस्कृति अनुसार आमाको मुख हेर्ने गरिन्छ ।

नेवार समुदायको ज्यापु समाजमा आमाको मुख हेर्ने दिनमा घरका छोरा छोरीले भन्दा बिबहा भै सकेका छोरी बुहारीहरु बिशेष रुपले जोर जाम गरी बा आमाको मुख हेर्ने गरिन्छ । छोरीहरु लोग्नेको घरबाट सबै सामान खानेकुराहरु एकजना भरिया राखी बोकाएर आमाको मुख हेर्न आउँछन् । बिबहा भएको पहिलो वर्ष भएमा बिशेष रुपले जोर जाम गरेर ल्याउँछ । यसरी पहिलो बर्षमा ल्याएको वा आएकोलाई नेवारी भाषामा " **न्हुः कु** " ल्याएको भनिन्छ । यसरी न्हुःकु ल्याउँदा सबै परिवारलाई पुग्ने गरी छोरीले खानेकुरा ल्याउनु गर्छ । न्हुःकु ल्याउँदा सकेसम्म राम्रो बिभिन्न खानेकुरा तयार गरी ल्याउँछ । अर्को बर्ष देखि त्यसरी ल्याउनु आवश्यक छैन ।

आमाको मुख हेर्ने बेलामा उक्त दिनमा बाबुलाई भन्दा आमालाई पहिले पुजा गरिन्छ । पुजा गरिन्दा देवातालाई पुजा गरे जस्तै गरिन्छ । पुजा गर्नु भनेको ख्वें सगुन दिनु हो । सबभन्दा पहिला आमालाई अक्षताले पुजा गर्ने त्यसपछि दही चामलको टिका लगाउने, फूल लगाउने र तिहारमा जस्तै दुबै हातमा रक्सि र ख्वें (फुल) त्यसमा माछा राखी आमालाई दिन्छ । साथै छोरीले आमालाई सारी, लुगा, ओड्ने आदि दिने चलन आजभोलि छ । बाबुलाई भए

कमिज, टोपी, पाइन्ट कपडा दिने चलन छ । त्यसरी गरी सकेपछि छोरीले आमाको खुट्टा ढोगेर आशिर्वाद लिन्छ । यो काम सकेपछि आफुले ल्याएको खानेकुरा सबै राखी सबै परिवार लाइनमा बस्न लगाइ खानेकुरा खुवाउँछ ।

समाजमा बिभिन्न प्रकारले आमाको मुख हेर्ने प्रचलन पाइन्छ । जस्तै आमा भनी राखेको आमा, आफ्नो आमा भएपनि बच्चाहरु मृत्यु मात्र भएर कोजातलाई दान दिइ राखेको आमा, सन्तान नभएर त्यसै लिइ राखेको आमा, आफ्नो आमाको दिदी बहिनीलाई मां सम्झेर मुख हेर्ने, बाबुको दिदी बहिनीलाई आफ्नो आमा नभएर सौतेनी आमालाई मां सम्झेर आमाको मुख हेर्ने प्रचलन पाइन्छ । त्यस्तै धाइ मांलाई पनि, मित मांलाई, धेरै सम्वन्ध भएको साथीको आमालाई मुख हेर्ने गरेको पाइन्छ । त्यस्तै आफ्नो पतिको आमालाई पनि मुख हेर्ने चलन छ । यसले सासु बुहारीको ठूलो मेल मिलाप रहेको पुष्टि हुन्छ । यसरी हाम्रो नेवार समुदायको ज्यापु समाजमा तिथि मिति हिसाव गरी बनाइ राखेको औंसीको दिनमा आमाको मुख हेर्ने चाड ठूलो छ ।

## ८.१२. मच्छिन्द्रनाथको जात्रा

प्राचीन कालमा पृथ्वी नारायण शाहले नेपाल एकिकरण गर्नु भन्दा पहिला काठमाण्डौ उपत्यकालाई नेपाल भन्ने गरिन्छ । यहाँका अधिकांश जनताहरु कृषि पेशामा संलग्न छन् । कृषि पेशामा संलग्न सबै ज्यापुहरु नै हुन्थे । ज्यापुहरु सबैले मच्छिन्द्रनाथको पुजा गर्ने र त्यसको रथ बनाएर जात्रा मनाउँदै आएका छन् । मच्छिन्द्रनाथलाई श्री करुणमय लोकश्वर पनि भनिन्छ । अर्को शव्दमा “ बुं गद्यो ” पनि भनिन्छ । बुं को अथ खेत र द्यो भनेको देवता हो त्यसैले बुंग द्यो को मतलव खेतको देवता हो । त्यसकारण ज्यापुहरु खेतमा काम गर्ने भएकोले बुंगद्योलाई पुजा गरेमा खेतमा धान राम्ररी उत्पादन हुन्छ भनी ज्यापुहरु बिश्वास गर्दन् ।

प्राचीन कालमा भक्तपुरका राजा गुणकाम देवको छोरा नरेन्द्र देवको पालामा नेपालमा वृष्टि नभएर अनिकाल भएकोले काठमाण्डौका बज्राचार्यका गुरु शान्तिकरको सल्लाह अनुसार श्री करुणमय नेपालमा ल्याउनु पर्ने सल्लाह भयो र त्यही सल्लाह बमोजिम भक्तपुरका राजा नरेन्द्र देव, शान्तिकर गुरुको शिष्य बन्दुदत्त आचार्य र ललितपुरका रथचक्र ललित ज्यापु तीनै जना कामुनी क्षेत्रमा करुणामय लिनको लागि प्रस्थान भयो । त्याहाँ बन्दुदत्त आचार्यको शाश्त्र र

नागराजाको प्रयासले श्रीकरुनणामयलाई नेपालमा ल्याए । नेपाल ल्याएपछि करुनणामय कहाँ राख्ने भन्ने विवादमा रथचक्र ज्यापुको प्रयासले पाटनका राजा बरदेवको आज्ञानुसार बयोबृद्ध ज्यापुले सातवटा ओखल माथि बसी श्री करुणामय लोकनाथ पाटनमै राख्नुपर्छ भनेकोले मच्छिन्द्रनाथ पाटनमा रहेको र त्यहीबेला देखि मच्छिन्द्रनाथको जात्रा ज्यापुहरुले गर्दै आएका छन् ।[३८]

मच्छिन्द्रनाथको जात्रा प्रत्येक वर्ष वैशाख महिनामा हुन्छ । श्री करुणामय लोकेश्वर नाथलाई रथमा राखी जात्रा गर्नु अघि सबभन्दा पहिला वैशाख कृष्ण पक्ष चौला गा प्रतिपदाको दिनमा लगनखेलको डवलीमा पश्चिम फर्काइ गुरुजुले मन्त्र पढेर ठिक साइतमा अर्को चारजनाले देवतालाई दुधले नुहाउँछ । लोकेश्वरलाई नुहाउने दुध पाटनका कुम्भेश्वर स्थित सापु ( ज्यापु ) हरुले २ माना दुध ल्याउने गर्छ । मानिसहरु कुन दिशाका पांजुले पहिला नुहाउँछ भनेर नियालेर हेरी रहन्छ किनभने जुन दिशाको पांजुले पहिला नुहाउँछ उक्त दिशाका खेतमा पहिला धान रोपाइ हुन्छ भने ज्यापुहरु बिश्वास गर्छन् ।[३९]

मछिन्द्रनाथलाई दुधले नुहाउने जात्राको दिनलाई **"वुंग द्यो न्हवं"** अथवा **" दुरुं लुइगु जात्रा "** भनिन्छ । उक्त दिनमा पाटनका बिभिन्न गाउँका, काठमाण्डौ तथा ठिमीका ज्यापुहरु हेर्न आउँछन् । न्हवं जात्रा सिधिएपछि मछिन्द्रनाथको प्रसाद र जल लिइ भक्तालुहरु घर फर्कन्छन् । न्हवं गर्नु एक हप्ता अघि देखि पांजु ( पुजारीहरु ) न्हवं गर्नलाई खर्चहरु जस्तै चामल, फूल, अविर लिन पांजुहरु खर्पन बोकेर बिभिन्न टोल टोलमा, गाउँ गाउँमा घुम्न जान्छन् । उनीहरुलाई भेटे जतिले पैसा, चामल, फूल आदि दिएर पठाउँछन् । यस्तो दिनुलाई **" न्हवं कि "** दिनु भनिन्छ । न्हवं जात्रा सकिए पछि मच्छिन्द्रनाथलाई खतमा राखी पांजुहरुले राती ११,१२ बजे कसैले नदेख्ने गरी बोकेर तःबहालमा लग्छन् ।

उही रातमा मच्छिन्द्रनाथलाई एउटा ठूलो माटोको भाँडो जसलाई नेवारी भाषामा **" कों "** भनिन्छ त्यसमा चार दिन सम्म राखिन्छ । चार दिनपछि लोकेश्वर निकाल्दछ जसलाई बच्चा जन्माएको भनिन्छ । त्यसपछि पासनी गरी मच्छिन्द्रनाथलाई चार दिशाको ढोकामा राखी घाम ताप्न लगाउँछ । जसलार्य नेवारी भाषामा "लुलु निभा पाकेगु" भनिन्छ । यो कार्य चार दिनसम्म

३८. स्व.पं. आशा काजी बज्राचार्य - " मच्छिन्द्रनाथ वंशावली "
३९. बुलाल महर्जन - बर्ष ७०, हौगः टोल, ललितपुर उ.म.न.पा. वडा नं. १२

गरिन्छ । त्यसपछि इहि, व्रतवन्ध, बाह्रा तय्गु र कैता पुजा पनि गरिन्छ । लोकेश्वरलाई केटा र केटी दुबैको संस्कार गरिन्छ । यस्तो कार्य १२ रौं दिन भित्र सिध्याउँछ ।

न्हवंको कार्य सकिएको भोलिपल्ट देखि जात्रा गर्न पुल्चोकमा रथ बनाउन सुरु गर्छ । रथ बनाउने कार्य १५ दिनमा अर्थात औंसीको दिन भित्र सिध्याउनै पर्छ । रथ बनाउने काम पनि ज्यापु नै हुन्छन् जसलाई नेवारी भाषामा " **ञवा** " भनिन्छ । उनीहरु बिभिन्न टोलका हुन्छन् । उनीहरुलाई मच्छिन्द्रनाथको जग्गा कमाउन दिइ राखेको हुन्छन् । रथ बनाउने देखि लिएर जावलाखेलमा रथ पुऱ्याइ जात्रा सम्पन्न नभएसम्म उनीहरु शुद्ध भएर खानुपर्छ । एउटै घरमा बसेपनि श्रीमतीसँग सुत्नु नुहने, जे पायो त्यो खान नुहुने त्यसरी खाएमा, बसेमा मच्छिद्रनाथ तान्ने बेला दुर्घटना भई मृत्यु समेट हुन्छ । त्यस्तै घःकु राख्ने ज्यापुहरु पनि त्यस्तै नीची वा चोखो गरी पूरा सतर्कका साथ बस्नु पर्छ । घःकु भनेको मोटरको ड्राइभर जस्तै रथलाई घुमाउने, सिधा लाने काम गरिन्छ । रथ बनाएको पन्द्र दिन पछि पारुको दिनमा मच्छिन्द्रनाथलाई तःबहालको मन्दिरबाट निकाली खतमा राखी गुरुजु पल्टन, राजाको प्रतिनिधि, काःबाजा बजाएर पुल्चोक ल्याउँछ र साइतमा श्री करुणामयलाई रथमा राखिन्छ । मच्छिन्द्रनाथलाई रथमा राख्ने काम सिधिना साथ गुरुजु पल्टनले २ तोप हान्छ । यसको मतलव काम सम्पन्न भयो भनी संकेट दिएको हो । मच्छिन्द्रनाथ रथमा राखेको चारौं दिनमा रथ तान्न जात्रा मनाउनु पर्ने सबै टोल बासीहरु भुज्या बाजाको साथमा ज्यापुहरु आउँछन् । त्यही दिनमा जहाँ मच्छिन्द्रनाथको रथ बनाइ राखेको छ । पुल्चोकका ज्यापुहरुको देवाली पुजा हुन्छ । आफ्नो टोलमा मच्छिन्द्रनाथ रहँदा जात्रा नुहने पुल्चोकका ज्यापुहरुलाई " **अतः गामो** " भनिन्छ किनभने मच्छिन्द्रनाथ आफ्नो टोलबाट गइ सकेपछि जावलाखेलमा पुग्दा मात्र जात्रा मनाउने गर्छ । पुल्चोकका ज्यापुहरुको देवाली तृतीयाको दिनमा गरिन्छ । जुन दिनलाई " **अक्षय तृतीया** " भनिन्छ । यस अक्षय तृतीयाको दिनमा बिबहा गर्नु परेमा साइत हेर्नु पर्दैन । सानो तिनो बिबहा गर्नु परेमा यस दिनमा नेवारहरुको गर्ने चलन छ ।

चौथीको दिनमा मच्छिन्द्रनाथको रथलाई गाःवहालमा भुज्या वा जात्रा मनाउने ज्यापुहरुले तान्न आउँछन् । तानेर बिस्तारै गाःवहाल पुऱ्याउँछन् । रथलाई तान्ने दिनमा गाःवहाल क्षेत्रका बासिन्दाहरुको " **छ्वेला बु** " भनिन्छ । रथलाई गन्तव्य स्थानमा नपुऱ्याई

भोलिपल्ट जात्रा मनाउनु हुन्दैन । त्यहाँ नपुऱ्याएमा भोलि फेरी तानेर पुऱ्याउँछ अनि मात्र जात्रा मनाउने गरिन्छ ।

छ्वेला बुको दिनमा रथलाई तान्ने काम ज्यापुहरुले मात्र गरिन्छ अरुले गरिदैन । तर कहिले काही अरु नेवार जात पनि आउँछन् । रथलाई तान्न लगाउन एक जना धोंमा माथि बसेर " **ह....स्ते** " भनेर कराउँछ अरुले " **हैं...से** " भनेर तान्छ । त्यसरी धोंमा माथि बसेर ह....स्ते भन्ने कार्यलाई " **ह:पा बिइगु** " भनिन्छ । रथलाई तान्ने र लग्ने अवस्थामा रथले दायाँ वायाँको घरलाई नोक्सान पार्न सक्छ । त्यसरी नोक्सान भएपनि केही उजुरी लाग्दैन । रथ तान्ने सिल सिलामा रथ दायाँ बायाँ ढल्न सक्छन् । त्यस्तो अवस्थामा रथलाई सिधा पार्न ज्यापुहरु दायाँ बायाँको घरको छानामा गएर तान्न जान्छन् । रथ सिधापार्न तान्ने कामलाई "जंगल: सालेगु" भनिन्छ । जंगल भनेको रथको बीच भागमा बेरिएर बाँडी राखेको डोरीलाई भनिन्छ ।

पहिला पहिला त्यसरी जंगल: तान्न जाँदा घर परिवारले जहाँ सुकै पठाउँछन् तर आजभोलि छानामा जान्न नहुने गरी बन्द गरी राख्छ । त्यस्तो अवस्थामा झगदा हुन्छन् र झन रिसले बिगारी दिन सक्छ । घरधनिले बन्द गर्नुको कारण बढी घर नोक्सान हुनु र जंगल: तान्न आउने अरु जातका मानिस पनि आउने भएकोले घरका सामान हराउने डर पनि हुन्छ ।

रथलाई पुल्चोकबाट तानी गा:बहाल पुऱ्याए पछि गा:वहाल क्षेत्रका सबै नगर बासीहरुले जात्रा मनाउँछन् । भोलिपल्ट बिहान जात्रा मनाउन आ-आफ्नो नाताकुटुम्बहरु कहाँ सबैलाई भोजको निमन्त्रणा गर्न जान्छन् । ज्यापु टोलका बाजा भुज्या जान प्रत्येक घरको पुजा सामान बोकि दिउँसो भजन गुठिका सबै सदस्यहरु बाजा बजाई भुज्या जान्छन् । गा:वहालमा भुज्या जाने ज्यापु टोलहरु :- अग्नी शाल, काय्गुननी, कुछेननी, चलखु, छाय्बहाल, न:टोल, पुंचली, मिखा बहाल, आदि हुन् ।

मच्छिन्द्रनाथ वंशावली अनुसार गावहालको जात्रा काठमाण्डौ बासिले मनाउने भनिन्छ । आजभन्दा १०,१५ वर्ष अगाडि सम्म सरकारी बाजा सहित ठूलै पल्टन गावहालमा भुज्या आउने गरेको ५०,६० बर्ष पुगेका मानिसहरु सबैले देखेको कुरा हुन् ।[४०]

---

४०. ग्वाराचा महर्जन - बर्ष ६५, कुछेननी टोल, ललितपुर उ.म.न.पा. वडा नं. २१

मच्छिन्द्रनाथको जात्रामा भिननाथकोपनि जात्रा हुन्छ । टंगल टोलको मिननाथ मच्छिन्द्रनाथ नेपाल ल्याउनु भन्दा पहिला नै भएको कुरा जनमानसको भनाइछ । मिननाथलाई " जताधारी लोकेश्वर " अथवा " पद्मनृत्येश्वर " पनि भनिन्छ । यस मिननाथको मन्दिर कहिले निर्माण गरेको थाहा नभए पनि ने.स. २४५ को भूमि सम्वन्धि ताडपत्रमा तानिगल भनी उलेख भएको छ त्यस्तै नेपाल सम्वत ५८९ मा यक्षमल्लको पर्याद्य दानपतिमा उक्त मन्दिरमा सुनको छत्र सहित गजुर र पत्ताः चढाएको उलेख छ ।[४१] मिननाथलाई पनि मच्छिन्द्रनाथलाई नुहाउने दिनमा नुहाउने, रथारम्भ गर्ने, तान्ने गरिन्छ

मच्छिन्द्रनाथ पुल्चोकबाट तान्ने बेला मिननाथलाई टगलबाट बच्चाहरुले तानी पुल्चोक स्तुप सम्म पुऱ्याउँछन् । त्यहाँ तानेर लगेको अर्थ मच्छिन्द्रनाथलाई बोलाउन गएको भनी जनमानसको भनाइ छ । त्यहाँ देखि मच्छिन्द्रनाथको पछि पछि मिननाथ तानेर ल्याउँछ । दुबै रथलाई तानेर गनतव्यमा स्थानमा पुऱ्याउँदा जहिले पनि मिननाथले मच्छिन्द्रनाथको रथलाई अगाडि छेकिन्छ । मच्छिन्द्रनाथलाई ठूला ठूला बलियो मानिसहरुले तान्छ भन्ने मिननाथलाई साना साना बच्चाहरुले तान्छन् । पाटनको यस जात्रा बास्तवमा साना बालक देखि ठूला ठूला बुढाहरुको समेत रमझम गरी खुशी मानी जात्रा मनाउँछन् ।

गाः बहालको जात्रा मनाउने दिनमा सुन्धारामा जात्रा मनाउने ज्यापुहरुले तान्न सुरु गर्छ । सके तानेर मंगल बजारको चोक सम्म पु-याउँछ नसके अलिकति मात्र तानेर छोदिन्छ । उक्त दिनमा तान्न सके तापनि मंगल बजारको चोक नाघेर लान्दैन । त्यो चोक नघाउनु भनेको हःखा छुन्नु हो । हःखा भनेको हुनागा अर्थात ठूलो खाल्डो हो । त्यस ठाउँ पहिला पहिला त्यहाँबाट नक्खु खोला बगेको हुनुपर्छ । नक्खु खोला बगेको कारणले त्यो ठाउँमा खाल्डो हुन गयो । नेवारी भाषामा ठूलो खाल्डोलाई हुना गाः भनेको भनिन्छ । पछि गएर खोला गाहेब भएपछि त्यो " हुना गाः " सानो खाल्डो मात्र बाँकि भइ तीन तीर ढलको मंगाको रुपमा मात्र बाँकि रहन गयो । त्यही मंगाको नामले त्यस ठाउँको नाम मंगल बजार रहन गएको हुनु पर्छ । हःखा छुनु भनेको नक्खु खोला छुनु हो । नक्खु छोए पछि सुन्धारा जात्रा मनाउने कसैले पनि जाँड, चिउरा कुट्नु

४१. हेरा काजी बज्राचार्य - " यलया बौद्ध बिहार " पृष्ठ - ७२

हुदैन । ज्यापुहरु जहिले पनि काममा, खेतमा जान्नु पर्ने भएकोले काम बेफुर्सतको कारणले उक्त एक दिन खानेकुरा तयार गर्न त्यहाँ रोकेको हो भन्छ ।[४२]

भोलिपल्ट त्यस क्षेत्रका ज्यापुहरु **" छ्वेला बु "** मानि रातो मोहनी टिका लगाई, जिउमा काँच (पटुका) बाँडी प्रत्येक टोलका ज्यापुहरु धिमे बाजा सहित रथ तान्न जान्छन् । तान्न जाँदको साथमा छ्वेला बजि खाएर जाने भएकोले उनीहरुमा जोस नै भिन्नै खालको मिल्दछ । साथै धिमे बाजाले साथ दिए पछि सबैलाई जोस बढाउँछ । धौंमाको अगाडि टुप्पोमामिल्दछ । साथै धिमे बाजाले साथ दिए पछि सबैलाई जोस बढाउँछ । धौंमाको अगाडि टुप्पोमा बसि ह.... स्ते भनेर भन्न पाएको हुन्दैन । तान्नेले हाईस्ते भनेर तान्ने गरिन्छ । सबैको जोस एकै साथ भएपछि त्यसबेला दायाँ बायाँ छाना (पोल) खाए पनि मतलव नराखी तानेर ल्याउँछ । दायाँ बायाँ घर भएका घरपतिहरुका परिवारै सहित मच्छिन्द्रनाथको रथको जात्रा हेर्नु भन्दा पनि आफ्नो घर रथले नखाओस् भनी मच्छिन्दनाथसँग प्रार्थना गरी रहन्छन् । जब आफ्नो घर रथले नाघ्छन् त्यती बेला लामो सास फेरेर बल्ल राम्रो भयो भनी मच्छिन्द्रनाथलाई पुकारिन्छ । अनि मात्र बल्ल तल रथ तान्नेको जात्रा हेर्छन् ।

मच्छिन्द्रनाथको जात्रामा रथलाई तान्ने जात्रा मात्र होइन रथ ढलेपछि त्यसलाई सिधा पार्न घरको छानाहरुमा दगुर्ने मानिसहरुको जात्रा अर्कै हुन्छ किनभने उनीहरु जोसले होस नभएको भन्ने जस्तै एक घरको छानाबाट अर्को घरको छानामा जंङग लः तान्न दुगुरी रहेको हुन्छ । कुनै बेला छानाबाट त्यस्ता मानिसहरु खसेको हुन्छ । त्यसको मतलव नराखी रथलाई गन्तव्य स्थानमा पु¥याउने तीर भात्र लागि रहन्छ । यसरी मच्छिन्द्रनाथको रथ जात्रा बडो रमाइलो हुनुको साथै डरलाग्दो पनि हुन्छ ।

सुन्धारामा पुगेपछि मच्छिन्द्रनाथको रथलाई गाःवहालमा जस्तो सिधै लगेर गन्तव्य केन्द्रमा लान पाइदैन । तानेर केन्द्रमा राख्नुलाई नेवारी भाषामा **" न्याय न्याकेगु "** भनिन्छ । सुन्धारा चोकमा पुगेपछि रथलाई घुमाएर पछाडिबाट तानेर **"न्याय् न्याकेगु"** गर्नु पर्छ । त्यसैले त्यहाँ बडो जतनका साथ तान्नु पर्छ । कहिले काहीं जसरी भएपनि तानेर घुमाउने गरिन्छ । रथ बलियो छ छैन सुन्धारामा घुमाए पछि थाहा हुन्छ भनी हेर्न आउने जनमानस भनि रहन्छ ।

४२. भाइचा महर्जन - बर्ष - ७९, लुँखुसि टोल, उ.म.न.पा. वडा नं. १७

सुन्धारामा घुमाएर " **न्याय न्यायकेगु** " गरी राखेको मतलव त्यहाँको जात्रामा भक्तपुरको हो भन्छ । त्यसो भएको हुनाले रथलाई सिधा तानेर राखेमा राती भक्तपुरका मानिसहरुले तानेर लग्छन् भन्ने मानिसहरु भन्छन् । रथलाई ठीक ठाउँमा पुऱ्याए पछि गुरुजु पल्तनले २ तोप हानी उक्त दिनको तान्ने काम सिधिइयो भन्ने संकेत दिइन्छ । त्यसपछि सबै मानिसहरु आ-आफ्नो घर जान्छन् । घरमा पुगेपछि सबैले आ-आफ्नो घरबाट घरको अगाडि पुजा गरी सम्हय बजि दान दिन ल्याउँछन् । भोलिपल्ट बिहान सबेरै आफन्तहरुलाई निमन्त्रना गरी भोज मनाउने गरिन्छ । खास जात्रा त भुज्याको दिनमा हो । जात्रामा भोज आउने आफन्तहरु भुज्या हेरेर भोज आउने गरिन्छ । भोज जान नपाएका र त्यस जात्रामा आफन्त नभएमा ज्यापुहरु त्यही दिनमा रथ तान्न आउने गरिन्छ । तर मानिस थोरै भएकाले रथ तानेर टाढा लान सकिन्दैन । जात्रा मनाउने प्रत्येक टोलका ज्यापुहरु आफ्नो मंका भजन धिमे बाजा सहित भुज्या आउँने गर्छन् । भुज्या आउनेहरु टोलको सबै घरको पुजा लिएर मच्छिन्द्रनाथ र मिननाथलाई चढाई दुबै देवताको एक अर्कोमा भजन गरी घर फर्किन्छ । भोज आउनेहरु त्यसको पछि पछि आफ्नो आफन्त कहाँ जान्छन् ।

ज्यापुहरुको एउटा यस्तो चलन सँस्कार छ कि जसले नयाँ बिबहा गरेको छ । त्यसले ससुरालीमा जात्रा सुरु भए देखि चार दिनसम्म ससुरालिमा रात बिताउनु पर्छ । जात्रा सकेको भोलिपल्ट खेतमा काम छ भन्ने भारी बोकाएर खेतमा लग्ने काम हुन्छ । त्यसबेला के चाही हेरिन्छ भन्ने आफ्नो ज्वाई कतिको बलियो छ र काम गर्न जानेको छ कि छैन यदि काम राम्रो बलियो छ भने छोरीको दुःख हुदैन भन्ने अनुमान गर्छ । काम गर्न नजानेमा छोरीलाई दुःख हुन्छ भनी थान्छ । आफ्नो छोरा ससुरालमा बसेको चौंठो दिनमा सम्धिको घरमा दही लिएर छोरा खोज्न जाने भनेर आमा जान्छन् । त्यहाँ पुगेपछि उसलाई पनि भोज खुवाउने गरिन्छ । फर्किने बेलामा ज्वाईको सासुले सगुनको साथमा कमिज वा पाइन्ट कपडा दिएर छोरी सहित बिदा गरेर पठाउँछ ।

ज्वाईले जात्रा भरी प्रत्येक दिन सके सम्म परिवारलाई पुग्ने गरी मिठाई लिएर ससुराल जानुपर्छ । चार दिन सम्म ससुरालमा बस्दा प्रत्येक दिन ससुरालका आफन्तहरुले ज्वाइलाई परिचय गराउने भनी भोजको निम्तो गरिन्छ । त्यसबेला ज्वाईले मिठाई लिएर जानु पर्छ । यो निम्तो भोजलाई नेवारी भाषामा " **दुचायकेगु** " भनिन्छ । अर्को साल देखि जात्राको दिनमा मात्र

ससुरालमा भोज जाँदा मिठाइ लिएर गए पुग्छ । त्यस्तै ससुराल पट्टि जात्रामा जसले भोज दाके पनि मिठाइ लिएर जानुपर्छ । यो ज्यापुहरुमा मात्र हुने आफ्नै प्रकारको मौलिक संस्कार हो । तर आज भोलि जात्रामा ससुरालमा चार दिन बिताउने नभइ चार दिन भोज मात्र जाने र खेतमा काम गर्न लग्ने संस्कार पूरै बन्द जस्तै भै सकेछ । त्यसको कारण खेत कम भै सकेको र भएता पनि खेतमा लाने काम गरेको छैन । यदि यस्तो कुरा उठाएमा ज्वाईंले छोरी नै छाड्ने बेर लाग्दैन । किनभने अहिलेका ज्यापुका छोरा छोरीहरु शिक्षित भएको र खेतमा काम गर्न छाडी अर्कै काममा लागेकोले हुनु पर्छ ।

ललितपुरको मच्छिन्द्रनाथको तेस्रो जात्रा लगनखेलमा हुन्छ । त्यहाँ जात्रा गर्दा सुन्धाराबाट सिधै लगेर गन्तव्यमा पुऱ्याउँदा पनि त्यसको भोलिपल्ट भुज्या हुन्दैन । लगनखेलमा पुऱ्याएको भोलि पल्ट मच्छिन्द्रनाथमा रहेका बिभिन्न हिंस्रक देवताहरुलाई बलि दिन्छ । जसलाई नेवारी भाषामा **"बौ बिइगु "** भनिन्छ । "बौ" दिने पनि एउटा गुठी हुन्छ । त्यस गुठीमा पनि ज्यापुहरु नै संलग्न रहेको हुन्छ । बौ दिएको भोलिपल्त लगनखेल बासीहरुको छ्वेला बु मानी रथलाई तान्न आउँछन् । रथलाई पहिला नै लगनखेल पुऱ्याइ सकेको हुनाले खाली उक्त दिनमा मच्छिन्द्रनाथको आमालाई २ दुइपल्ट घुमाई गन्तव्य स्थानमा पुऱ्याउँछ जहाँ मच्छिन्द्रनाथको नरिवल खसाल्ने जात्रा हुन्छ ।

भोलिपल्त पहिला जस्तै आफन्तहरु जात्राको भोज दाक्ने काम हुन्छ । जात्रा मनाउने प्रत्येक तोलका ज्यापुहरु भुज्या आउँछन् । यो जात्रा ललितपुरका सबै बासिन्दाहरुको जात्रा हो । भुज्या आउने काम सकेपछि साँझ ४,५ बजे तीर नरिवल खसान्ने जात्रा हुन्छ । उक्त जात्रामा स्थानीय बासिन्दा भन्दा गाउँ गाउँका मानिसहरु नरिवल खसाल्ने जात्रा हेर्न आउँछन् । मच्छिन्दनाथको नरिवल खसाल्ने ब्यक्ति मच्छिन्द्रनाथको रथ बनाउने **" ञवा "** नरिवल लिएर रथको टुम्मोमा जान्छन् । रथको टुम्मोका फराकिलो ठाउँ छ जसलाई नेवारी भाषामा **" ढकि बायँमो "** भनिन्छ । रथको टुप्पोमा ३ प्रकारको बायँमो हुन्छ । रथको नजीक बेदको १) ग्वारा बायँमो, त्यसमाथी पितलको २) केरा बायँमो र ३) त्यस माथि हुन्छ ढकि बायँमो । नरिवल खसाल्ने "ञवा" ढक्की बायँमोमा बसी देवतालाई पुजा गरी पहिला खाने " योमरी " खसाली ख्याल गरि रहन्छ । अन्तमा साँचै नरिवल खसाल्छ । खसालेका नरिवल टिम्न युवकहरु त छाँड म छाँड गरी दौदिन्छ । टिपी सकेको नरिवललाई अरुले खोसेर लिनेमा झगडा पनि हुन्छ ।

आखिरमा एक जनाले जसले पहिले टिपेको छ । त्यसले मच्छिन्द्रनाथमा बस्ने पाँजुलाई पैसा राखेर चढाउँछ  र पाँजुले उसलाई टिका र माला लगाई दिन्छ । खसालेका नरिवल जसले पहिला टिप्छ त्यसको छोरा पाउँछ भन्छ साँचै अहिले सम्म पनि उनीहरुको छोरा पाएको धेरैले भन्ने गर्छ ।

**(क) याकः मिसाया भुज्या**

नरिवल खसाल्ने जात्रा सकिएको भोलिपल्ट बिहान सबेरै मच्छिन्द्रनाथको रथ र मिननाथको रथलाई आइमाइहरुले मात्र तानेर गन्तव्य स्थानमा पुऱ्याउँछ । रथलाई तान्न आइमाइहरु काठमाण्डौ, भक्तपुर र ललितपुरका नगर र गाउँका आइमाइहरु बिहान ४ बजे उठेर आइ त्यहाँ पुगी सकेको हुन्छ । ललितपुरका आइमाइहरु त झन हुने नै भयो । उक्त बिहान आइमाइहरुले रथ तान्दा रथ तान्ने दोरी हातले छोपेर दोरी नै देखिदैन । तान्नलाई ठाउँ नपाएर तान्ने मानिसको हात समेत तानी रहेको हुन्छ । धेरैको बल भएकोले एकै छिनमा तल पुऱ्याएको हुन्छ । तान्नु पर्ने दुरी साहेद २०० मीटर मात्र हुन्छ । उक्त स्थानमा पुगे पछि ललितपुर मच्छिन्दनाथको जात्रा सकियो भन्ने पनि हुन्छ ।

थःति टोलबाट जावलाखेलमा रथ कहिले तानेर लग्छ भन्ने कुरा निश्चित हुन्दैन । त्यसैले थःति टोलमा केही हप्ता रथलाई राखी सकेपछि जावलाखेलमा कहिले तानेर लाने भन्ने कुरा निर्क्यौल गर्न पांजु , ज्योतिष र रथ बनाउने ञंवा, घःकू , बाराही बसी साइत हेर्छ । साइत हेर्ने पाटी मंगलबजारको गहिरो धुङ्गेधारा अगाडिको पाटीमा बसेर हेर्ने गरिन्छ । उक्त पाटीलाई " **मणि मण्डप "** भनिन्छ । यो मणि मण्डप ने.स. ८२० (१७००ई) तिर श्री निवास मल्लका छोरा योग नरेन्द्र मल्लले बनाउन लगाएका थिए ।[४३]

मच्छिन्द्रनाथको रथ यात्राको मुहुर्त निर्धारण गर्ने अर्थात साइत हेर्ने दिन जहिले पनि वृहस्पतिवारको दिनमा हेरेर दिन तोक्छ। त्यसपछि रथलाई तान्न पुल्चोक र कीर्तिपुरका ज्यापुहरु आउँछन् । रथलाई तानेर जावलाखेल खाल्डोमा पुऱ्याएपछि पुल्चोकका ज्यापुहरुले त्यही रात भात पकाइ चउरमा छर्छन् । नेवारी भाषामा त्यसरी भात छर्नुलाई **"जा होलेगु "** भनिन्छ । जा=भात, होलेगु=छर्नु र ख्यो=चउर हो । त्यसरी चउरमा "जा होलेगु ख्योः" लाई पछि अपभ्रंश

---

४३. बालकृष्ण शर्मा - " नेपालको ऐतिहासिक रुपरेखा " - बैशाख २०२२ पृष्ठ - १५७

हुदै जावलाखेल हुन गएको हो ।[४४] जावलाखेलमा रथ पुऱ्याएको भोलिपल्ट पुल्चोक र किर्तिपुर बासीहरुको छ्वेला बु मनाउँछ । त्यसपछि तेश्रो दिनमा भुज्या जात्रा मनाउँछ । यसरी मच्छिन्द्रनाथको रथ जात्रा समाप्त हुन्छ ।

भोलिपल्ट मच्छिन्द्रनाथ श्रीकरुणामय लोकेश्वरलाई झिकेर बुँगपति लानु अघि भोटो जात्रा हुन्छ । भोटो जात्रामा राजा समेत सवारी हुने भएकोले उपत्यकाका सबै कार्यालय बिदा हुन्छ र भोटो हेर्न तीनै शहरका मानिसहरुका साथै बिभिन्न गाउँका मानिसहरु हेर्न आउँछन् । भोटो जात्रा सकिएपछि मच्छिन्द्रनाथलाई खटमा राखी पांजुहरुले बोकेर बुंगमती लान्छन् । लोकेश्वरलाई रथबाट झिकेर बुगमती लगेपछि ऱ्वंवाहरुले रथ माथिको ढक्की बायँमो झिक्ने काम सुरु गर्छ । यो बायँमो झिक्ने काम पनि धेरै गाह्रो भएकोले मानिसहरु हेरी रहन्छ । हेरी रहनाको कारण उक्त ढक्की बायँमो त्यहाँबाट खसाल्दा घोप्टो परेमा धान रोप्ने ढिला हुने र उतानो परेमा धान रोपाइ छिटो हुने भनी मानिसहरु विश्वास गर्छन् ।

जावलाखेलमा पुऱ्याएका मिननाथलाई मच्छिन्द्रनाथ रथबाट झिक्नु अघि नै तानेर तंगल टोलमा तानेर ल्याउँछ । त्यहाँ पुऱ्याए पछि रथ भित्रको जताधारी लोकेश्वर अथवा पद्यमनृतेश्वर झिकेर मन्दिर भित्र राखिन्छ । यसरी ललितपुरमा रथ यात्राको सम्पूर्ण जात्रा समाप्त हुन्छ ।

**(ख) १२ वर्षे मच्छिन्दनाथको रथ जात्रा**

प्रत्येक १२, १२ बर्षमा मच्छिन्द्रनाथको रथ पुल्चोकमा नबनाइ बुङ्गमनि मै बनाउँछ । श्री करुणामय लोकेश्वरलाई स्नान गराउने देखि लिएर सम्पूर्ण कार्य बुङ्गमतिको मच्छिन्द्रबहाल मै गरिन्छ । रथ निर्माण तयार भए पछि प्रतिपदाको दिनमा रथारोहन गरी ४ दिनपछि चौंथीको दिनमा गाःवहालमा जात्रा मनाउने ज्यापुहरु गएर रथ तान्न जान्छन् । पाटन देखि बुङ्गमति ५.५ कि.मी.टाढा छ । त्यती टाढा देखि रथलाई तानेर पहिले भैंसिपाटीको मण्डपमा “न्याय् न्याकेगु” गर्नुपर्छ । त्यसरी धेरै टाढा भएकाले गाःबहाल क्षेत्रका ज्यापुहरुले तान्न नसेकमा सुन्धारामा जात्रा मनाउने ज्यापुहरु गएर तान्न जान्छन् । ल.पु. नगरका धेरै जसो टोलका ज्यापुहरु गएर भैंसिपाटी एक रात राखी सकेपछि भोलि फेरी साँझ ४ बजे देखि तानेर ल्याई नक्खु खोलामा एक छिन राख्छ । खोलामा रथ राखेपछि सम्पूर्ण दर्शकहरुले लोकेश्वरको दर्शन गरी खोलामा

४४. कान्छा महर्जन - बर्ष ७६, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

स्नान गरी मेला भर्छ । उक्त दिनमा तीन शहरका भक्तालुहरु मेला भर्न आएको हुन्छ । जसलाई १२ बर्षे मच्छिन्द्रनाथको रथको मेला भनिन्छ । उक्त स्थानमा ५/१० मिनेट राखी सकेपछि फेरी तान्छ र खोला वारी राख्छ । खोलामा रथलाई धेरै बेर सम्म राख्नु हुदैन भन्ने जनमानस भन्छ । त्यहाँ राखेमा नागराजाको श्रीमतीले खोलालाई थुनेर आफ्नो पति नागराजालाई साथमा लग्छन् र काठमाण्डौ उपत्यकामा बर्ष नभई अनिकाल पर्छ भन्छन् ।

भोलि फेरी रथलाई तानेर लगी ईउलाखेल (सानेपा) मा न्याय् न्याकि गर्छ । त्यस ठाउँमा पनि रथलाई राती बिताउँदैन । बेलुका राती ११ बजे तानेर पुल्चोकको स्तुप अगाडि मण्डप पाती तीर न्याय न्यायकी गर्छ । त्यसपछि भोलिपल्त गाःवहाल बासीका ज्यापुहरुले छ्वेलाबु मानी रथलाई तान्न आउँछन् । यसरी रथलाई बर्षेनी जात्रा गरे जस्तै सम्पूर्ण नगरका जात्रा सिध्याई जाउलाखेलमा भोटो देखाउने काम समाप्त गरी फेरी रथलाई बुङ्गमतिका ज्यापुहरुले तानेर बुङ्गमति भै पुऱ्याउँछ । बुङ्गमतिको जावलाखेलमा पुऱ्याई फेरी त्यहाँ पनि भोटो देखाउने काम हुन्छ । त्यसपछि मच्छिन्द्रनाथलाई रथबाट झिकी बिधि पूर्वक त्यहाँको मन्दिरमा राख्छन् ।

**(ग) भोटो जात्रा**

भोटो किन देखाउने गरी राखेको भन्दा खेरी नागराजाले दिइ पठाएको उक्त भोटो ज्यापु दाजु खेतमा काम गर्न गएको अवस्थामा एकजना भूतले भोटो चोरेर लगेको रहेछ । मच्छिन्द्रनाथको जावलाखेलको जात्रामा त्यही भोटो भूतले लाएर आएको अवस्थामा ज्यापुले देखि झगडा भैरहेको बेलामा नागराजा पनि मनुष्यको रुप लिइ जात्रा हेर्न आइ रहेकोले उनीहरुको झगडा छिनी दिएर उक्त भोटो उनीहरु दुबैलाई नदिइ मच्छिन्द्रनाथलाई चढाइ राखेको हुनाले प्रत्येक बर्ष चार कुनामा ३ पटक देखाउने गरिन्छ । चार कुनाबाट ३ पटक देखाउनाको अर्थ १) राजालाई २) ज्यापुलाई ३) नागराजालाई ४) भूतलाई देखाएको भन्छ ।[४५] यसरी मच्छिन्द्रनाथको रथ जात्रा बर्षेनी चलिरहन्छ । श्याम बाराहीको भनाई अनुसार - मच्छिन्द्रनाथको रथ बनाउनका लागि मच्छिन्द्र गुठि संस्थानले यसरी मानिसहरुको व्यवस्था गरेको छ ।

---

४५. भाईचा महर्जन - बर्ष ७९ , लुँखुसि टोल , ललितपुर उ.म.न.पा. वडा नं. १७

**i) घःकू**

मच्छिन्द्रनाथको रथ तान्ने बेलामा रथलाई आवश्याकतानुसार अगाडि बढाउन घःकूको धेरै महत्वपूर्ण भूमिका रहेको हुन्छ । घःकूहरुले रथलाई सिधा लाने, दायाँ बायाँ फर्काउने मोड्ने आदि काम घःकूले गर्ने गरिन्छ । मोड्नलाई अलि अलि छुन्ने गरी छेउ छेउमा घःकू राखिन्छ भन्ने रोक्न परेमा ड्याम्मै पूरै घःकू राखिन्छ । एउटाले नपुगेमा दुइता समेत एक माथि अर्को राखेर घःकू राखिन्छ । घःकू भनेको मोटरको स्टेरिङ्ग र ब्रेक जस्तै हो ।

मच्छिन्द्रनाथको रथ तान्ने बेला घःकूले बडो होसिरी पूर्वक जोखिम पूर्ण काम गर्नु पर्छ । त्यसकारण उनीहरुको सुरक्षाको लागि बिशेष व्यवस्था गरेको छ । मच्छिन्द्रनाथ गुठी संस्थानले प्रत्येक घःकूलाई बिस मूरी धान प्रति बर्ष दिने गरेको छ । घःकू राख्नेहरुमा नगरका निम्न टोलका ज्यापुहरु रहेका छन् । क) सःक्व टोल ख) बुबहा टोल ग) पुंचली टोल

घःकूहरु मच्छिन्द्रनाथको रथ निर्माण गरे देखि रथको जात्रा नसकुन्जेल सम्म शुध्द भई चोखो भएर बस्नु पर्छ । त्यसबेला घःकूहरु आफ्ना श्रीमतीसंग पनि सुत्नु हुन्दैन भन्छ । यदि त्यस्तो शुध्द भई बस्नमा हेला गरेमा त्यस्ता घःकू रथको यात्रामा दुर्घटना भएर मरेको धेरै प्रमाण पाउँछौ । तसर्थ घःकूहरुलाई आजभोली प्रति दिन प्रति व्यक्ति १०००।- ज्याला दिन्छ ।

**ii) ञवा**

ञवा भनेको रथ निर्माण गर्दा बाराहीले काठको फ्रेम तयार गरे पछि त्यसको बाहिरी भागमा बेतले बेर्नु र रथको गथां मूगः तयार गरी कसिनु आदि काम गरिन्छ । रथलाई बेतले गर्नु पर्ने सबै काम ञवाहरुले गरिन्छ । रथ यात्राको समयमा रथलाई सिधा बनाई राख्नु ञवाको काम हो । उनीहरु रथ यात्रा भै रहेको बेला रथ माथि चढेर जंङग लः ( डोरी ) तान्ने व्यक्तिहरुलाई रथ सिधा पार्न सय सय ( तान तान ) भनी तान्न लगाउँछ ।

ञवाहरु पनि घःकू जस्तै रथको यात्रा अन्त अर्थात जावलाखेलमा भोटो जात्रा नसिधिए सम्म शुध्द भएर बस्नु पर्छ । शुध्द भएर बस्नुमा लापर बाही गरेमा उनीहरु रथबाट खस्न सकिन्छ । यस्तो असुरक्षात्मक काम वा जोखिम पूर्ण काम गर्नु पर्ने भएकोले उनीहरुलाई पनि प्रति ञवा परिवारलाई मच्छिन्द्र गुठि संस्थानले बीस मुरी धान दिने गरेको छ ।

### iii) सिकःमि

मच्छिन्द्रनाथ रथको निर्माण गर्न बाराहीको ठूलो भूमिका रहेकोछ । उनीहरुले रथ निर्माणमा सम्पूर्ण काठको काम गरिन्छ। रथको पाँग्रा, धोंमा, खत, लःसीलाई मिलाउनु , रथलाई ३२ हातको खत ( फ्रेम ) निर्माण गर्ने सम्पूर्ण बाराहीले गरिन्छ। रथ निर्माण भए पछि रथको यात्रामा उनीहरु संलग्न हुनु पर्दैन त्यसैले उनीहरुको काम घःकू र ञवाको जस्तो जोखिम छैन । तर पनि रथलाई बलियो र यात्रामा रथ ढल्ने नढल्ने उनीहरुको काममा भर पर्छ । त्यसैले उनीहरुलाई पनि मच्छिन्द्र गुठि संस्थानले बीस मुरी धान दिईंदै आएको छ।

आजभोलि काठमाण्डौ उपत्यकामा जनसंख्या बृद्धि र सहरीकरणको कारणले ललितपुरको नगरमा पनि खेती योग्य जमिन कम हुन्दै गएको छ। साथै सरकारको गुठि संस्थानको जग्गाहरु मोहिको नाममा नामसारी गर्ने नियम आएकोले मच्छिन्द्रनाथको धेरै जग्गाहरु मोहिको नाममा नामसारी भै त्यसमा घर बनाउने र घर बनाउन नसक्नेले बिक्रि गरी दिए । जसले गर्दा मच्छिन्द्रनाथलाई तिर्न ल्याउनु पर्ने धान ल्याएन । मोहिको नाममा नाउँसारी गर्न आफ्नो जग्गाको डबल क्षेत्रफल राख्न लगाएर नामसारी गरे तापनि त्यो राखेको जग्गा पहाडको भएकाले धान उत्पादन भएन जसले गर्दा गुठी संस्थानसंग धान छैन। त्यस भएको हुन्दा गुठि संस्थानले घःकू, ञवा र बाराहीहरुलाई बीस मुरी धानको बराबर पैसा दिने गर्दै आइ रहेको छ। आजभोलि गुठि संस्थानले ती जोखिम पूर्ण काम गर्ने घःकू, ञवा र बाराहीहरुलाई बिमाको व्यवस्था गरि दिएको छ । गुठि संस्थानले परम्रागत संस्कृतिलाई जोगाइ राख्न र जात्रालाई निरन्तरता दिन ध्यान दिएको देखिन्छ।

## ८.१३. सिठि नखः

नेवारहरुले चाडपर्व मनाउनेमा सबभन्दा पछि मनाउने सिति नखः हो। यो चाड तछला थ्व षष्ठी अर्थात जेष्ठ शुक्ल पक्ष षष्ठीको दिनमा मनाउने गरिन्छ। यो चाड मनाए पछि वर्षको चाड सिधिएको मानिन्छ। यो चाडलाई नेवारी भाषामा **" म्त्याय् मचा नखः "** भनिन्छ। नेवारी भाषामा **"वाति" "नाःति"** शव्दको अर्थ **"लः"** (पानी) त्यसपछि "लः" शव्द अक्षरको अर्को अर्थ **"सिती"** हो। सिति नखःको दिनमा यो चाड मनाई सिति देवताको पुजा गरिन्छ। त्यसैले सिति चाडलाई सिति आएको चाड भनिन्छ। सिति देवता भनेको आजु अजिमाद्यःको अंगः ( भित्ता) **" कुम्हःद्यः "** हो । कुम्हःद्यःलाई संस्कृत भाषामा कुमार भनिन्छ। आजु अजिमाद्यःलाई

बिभिन्न स्थानमा बिभिन्न रुपमा मान्दै आइरहेको छ । उनीहरुको रुप जलाशय जलाधारको लागि सिति देवता (नागराजा) लाई मान्दै आइरहेको हो ।[४६]

आकाशमा बर्षा हुन लाग्यो कि कालो बादलबाट विजुली चम्की लामो प्रकाश दगुर्ने जसलाई सिंहराज, नागराज भनिन्छ । बर्षा भयो कि बिभिन्न पोखरीहरु तः पुखु, छाबा पुखु, चौ पुखु, गुइत पुखु, सिद्ध पुखु, इखा पुखु, नाग पुखु, न्हु पुखु आदिमा पानी भरिन्छ । यी पोखरीमा पानी भरिए पछि टोल टोलका बिभिन्न ढुङ्गेधाराहरुमा पानी बाह्रै महिनामा बगी रहन्छ । ढुङ्गेधाराहरुको माथि नागराजाको चित्र कोरी राखेको हुन्छ । जसको अर्थ नागले गर्दा पानी सधैं आवस भन्ने मनसाय हो । त्यस्तै टोल टोलमा रहेको जंधुं ( पानी राख्ने ढुङ्गाको मंगा) मा पनि नागको चित्र कोरी राखेको हुन्छ । ईनार, ढुङ्गेधारा निर्माण गर्ने बेला नाग पुजा गरी तान्त्रिक शास्त्रले ढुङ्गेधारा, जंधुमा नागलाई बासस्थान गराइ राखेको  कर्कोटक नागराजाको बुङ्ग द्यःको वँशावलीमा दिइ राखेको छ भन्छ ।[४७]

सिति नखः ज्यापुहरुले धुपधामसंग मनाउने गरिन्छ । यो दिनमा बिहान सबेरै घरमा लिपपोत गरी बिभिन्न देवताहरुको पुजा गर्नको लाथि पुजा भः भुचा (पुजा सामान राख्ने थाल वा प्लेटहरु) पखाली त्यसमा पुजा सामान राखेर बिभिन्न देवी देवता कहाँ पुजा गर्न जान्छन् । पुजा भःमा मूख्य गरी बाराका प्रकार, सखर मिसाएको चतांमरि पकाउँछ । चतांमरीमा मालबुवा, सेल आदिको प्रकार पकाएर पुजा भःमा राखेर बिभिन्न देवता कहाँ पुजा गर्न जान्छन् । त्यही दिनमा पुरुषहरु आफ्नो टोलमा रहेको ईनार, आफुले बनाएको खेतको बुंङ्गा ( कुवा ) , ढुङ्गेधारा, जंधु आदि मर्मत तथा सरफाई गरिन्छ । ईनार, बुङ्गा, आदिमा मर्मत र सर सफाई गरेपछि छोपेर पानी उक्त दिनमा लिन दिन्दैन ।

ज्यापुहरुले ईनार, बुँङ्गा, सफाइ गरेमा बर्षा हुन्छ भन्ने जनमानसमा धारणा छ । त्यसैले मानिसहरु सिति नखः आउनु अघि, पातीको छाना, आगं घर, देवताको घर, चपाट, फल्चा, आदिको छाना मर्मत  गरी  सफा  गरिन्छ।  त्यस्तै  सरकारको  गढ, किल्ला  मर्मत गर्नु पर्छ भनी  भक्तपुरमा  राजा यक्ष मल्लको ढुङ्गाको सिला लेखमा अक्षर लेखी सार्वजनिक गरी राखेको

४६. सुरेन्द्रमान श्रेष्ठ - " नेवाः संस्कृतिया नखः चखः " पृष्ठ - ११३
४७. ऐ. ऐ. पृष्ठ - ११३

यसरी छ- " **श्री श्री जय यक्ष मल्ल देव प्रभु.... कष्ट गरिकन यो गढ बनाइएको हो । अब देखि खाई पर्खाल, ढोका, किल्लासँग सम्वन्ध राख्ने काम आफ्नो घरको इलाकाबाट गर्नुपर्ने जति आफै आफैले गर्दै लैजानु पर्छ । श्री श्री प्रभु ठाकुरले (राजाले) भारदारहरुले तथा प्रजाहरुले भक्तपुरमा बस्ने सबैले बर्षाद लाग्नु भन्दा पहिले थंथु लंको थुलं र आफ्नो इलाकामा परेका किल्लाको हेर बिचार आफै आफैले गर्नु पर्छ । यो सो गरेन भने प्रत्येकलाई एक कुरुवा चामलका दरले दन्द गर्नु । किल्लाका छाना मर्मत गर्न मानिसहरुलाई सामानको बन्दोबस्त गरि दिन सिठी भन्दा पहिले क्वाथ नायकले मर्मत गर्न लगाउनु पर्छ । किल्लाका छाना मर्मत गर्नु लाएन भने सिठीको भोलि पल्ट क्वाथ नायकलाई १२ दाम दण्ड गर्नु । देश रक्षाको व्यवस्था र त्यसप्रति पुजाको कर्तव्य गर्नु " ।**[४८]

समयमा बर्षा नभएमा ज्यापुहरु बाजा बजाई देश घुमिइ सिति देवतालाई पानी माग्ने जाने, स्वयम्भूमा सान्ति पोखरीमा शान्ति स्वस्ति गरिन्छ । पहिला पहिला बर्षा नभई धानको विउ राख्न नपाएका पानी माग्न जाने कुरा –गोपाल राज वंशावलीमा यसरी नेवारी भाषामा उल्लेख गरी राखेको छ ।

**" सन ५०० जेष्ठ व दिं ३ ष्वप्वनं लंख्वयात याङा पुवा वोये मनीरङा नः ॥ "** [४९]

**"सन ५०४ जेष्ठ व दिन १० झाहन थंन लंख्वयात याङा दिनः थ्वलान अवनहना भदौ । "** [५०]

राणाकालिन प्रधानमन्त्री रणदिपसिंहको पालामा बर्षा नभएर पानी मागेको र शान्ति पोखरीमा शान्ति स्वस्ति गराइ पुरश्चरण गर्न लगाएको लेखन यसरी छ -

**नेपाल सम्वत ९९७ ... जेष्ठ कृष्णासं वा मगाना श्री ३ रणाउदिप सिंह महाराजनं दाम बिया त्वारले थानथाने पुजा याका ल फ्वन कल गैन्ह पल्टननं स्मेत वा मगाना हानतक्क ३३९ मोह बिया स्येंगु शान्तिपुर तदह जाया गुठि थ्व ४ थास दाम बिया पुरश्चरण तयकल गो भाजुपिंत ।**[५१] सिठी नखः भनेको एक बर्ष भित्र जे जति काम पुजा पाठ अनेक चाड पर्व मनाएको हुन्छ । सबै सिद्धि होस् भनी सम्पूर्ण देव देवताहरु पुजा गरी मनाउने चाडलाई सिठि नखः भनिन्छ ।[५२]

---

४८. धन बज्र बज्राचार्य - पूर्णिमा , बर्ष १, अंक - २, पृष्ठ - २५
४९. धनबज्र बज्राचार्य, कमल प्रकाश मल्ल , पौ - ६७
५०. ऐ. ऐ. पौ - ७०
५१. गौतम बज्र बज्राचार्य - " प्रताप मल्लको शान्तिपुर प्रवेश पूर्णिमा , बर्ष -१ अङ्क - ४
५२. बुद्धिलाल महर्जन - बर्ष - ८१, धालाछेँ टोल, ललितपुर उ.म.न.पा. वडा नं. ७

सिठि नखः भनेको बुङ्गा (कुवा), ईनार सफा गर्नु र मर्मत गरी त्यसमा पुजा गर्ने र बर्ष भरी गरेको सबै कामहरु राम्रो होस् भन्ने विचार गरी देवी देवताको पुजा गर्ने, बिभिन्न रोती, चार थरिको बारा पकाएर खाने नखःलाई सिठि नख भनिन्छ ।[५३]

कसैले यसलाई **"सीना ज्या क्वाहा वनेत"** (धान रोपाई गर्नलाई) वर्षा गराउनको लागि पुजा गर्ने चाड र कसैले यसलाई "सीनाज्याको लागि" (रोपाईको लागि) शक्ति प्राप्त गर्न बिभिन्न रोटी चतांमरी, यो मरि, सेल र बिभिन्न प्रकारको बारा जस्तो मास, मुगी, केराउको बारा बनाइ खाने चाडलाई सिथि नखः भनिन्छ भन्छ ।

ललितपुरका ज्यापु लगायत काठमाण्डौ उपत्यकाका ज्यापुहरु कामको फुर्सत कहिलै हुदैन । जहिले पनि काम नै काम भएकाले शरीरलाई शक्ति प्राप्त र कामको फुर्सत पाउनको लागि पूर्णि, औंसि, अष्टमी, एकादसी, प्रतिपदा आदिमा बिभिन्न चाडपर्व बनाई समय तथा मौसम अनुसार खानेकुरा खाने गरेको कुरा बिभिन्न समयमा आउने चाडपर्वहरुले प्रमाणित गर्दछ । यी प्रत्येक चाडपर्वहरुमा अरु नेवार जातिको भन्दा बढि ज्यापु जाति बढि समिलित भएको पाइन्छ । ज्यापुहरुको समिलित बिना यी प्राचीनका बिभिन्न चाडपर्वहरु मनाउन र संचालन गर्न गाह्रो पर्दछ । त्यसैले नेवार जातिको चाडपर्वको बारेमा अध्ययन गर्नको लागि ज्यापु जातिको संस्कृति अध्ययन गर्नु अति आवश्यक हुन्छन् ।

५३. राम काजी महर्जन - बर्ष - ६५, कुति सौगः, ललितपुर उ.म.न.पा. वडा नं. ९

# नवौं-अध्याय

## ९. विविध

### ९.१. शिक्षा ( **Education** )

नेवार समुदाय भित्र रहेका ज्यापु समाजको आफ्नै संस्कृति, परम्परा सामाजिक स्वरुप छ । ज्यापु समुदाय आफ्नै समुहमा बस्ने, काम गर्ने, विधि व्यवहार गर्ने जाति हो । खेती पेशा आफ्नो जीवन्त थान्ने, कर्म थान्ने ज्यापु समाज खेती वाहेक अरु कुरामा दृष्टि नराख्ने जात हुन् । ज्यापु समाजमा " सा: कुबिइ मेस्या लायकुया तन्ता छाय् " भन्ने उखान ज्यापुहरलाई भन्ने गर्दछ । उनीहरु बिहान सबेरै उठेर खेतमा जाने र साँझमा घर फर्किना साथ भात खाएर सुतिन्छ । यस्तो अवस्थामा अरुको चासो त्यती हुन्दैन । ज्यापु जातिका कोही आफन्तहरु घरबाट टाढा सम्म बाहिर गइ रहेको अवस्थामा केही खबर, चिठ्ठि पत्र पठाएमा केही कोसेली लिएर चिठ्ठि पत्रको खबर बुझ्न जानु पर्ने समय पनि ज्यापु जातिमा व्यापक पाइन्छ ।

समय परिस्थिको परिवर्तनले ज्यापु समाजलाई पनि प्रभाबित पा-यो । नेवार समुदायको धेरै संख्या भएका ज्यापु जातिलाई जागृत र शिक्षित नतुल्याइ देश परिवर्तन हुन्दैन भन्ने कुरा अरु जातिले महसुस ग-यो । त्यसको फलस्वरुप ज्यापु समाज आफैले पनि शिक्षाको अभाबमा धेरै दु:ख भोगेको र धन जन नास भएको अनुभब गर्न थाल्यो । त्यसैले यस्तो चेतनाले जसरी भएपनि आफ्ना छोरा छोरीलाई पढाउनु पर्छ भन्ने धारणाहरु प्रगति भयो । अझ राणा शासनको अन्त्य र २००७ सालको प्रजातन्त्रको उदयले धेरै टोलहरुमा बिद्यालयहरु स्थापना हुन थाल्यो । बिद्यालय स्थापनाको लहर ज्यापु टोलहरुमा पनि हुन थाल्यो । २००७ सालको प्रजातन्त्रको उदयपछि **ललितपुर नगरका ज्यापु टोलहरुमा निम्न लिखित बिद्यालयहरु स्थापना** भएका थिए ।

तालिका नं. :-२४

| सि.नं. | बिद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्रमजित किशोर बिद्याश्रम | लुँखुसि |
| २ | श्रमिक प्राथमिक बिद्यालय | सौबहाल |
| ३ | कृषि उदय प्राथमिक बिद्यालय | दुपाट टोल |
| ४ | श्रमिक शान्ति बिद्याश्रम | च्यासल |

| | | |
|---|---|---|
| ५ | श्री शान्ति बिद्याश्रम प्रां बिद्यालय | मिखाबहाल |
| ६ | श्री स्वतन्त्र शिक्षा सदन प्रां बिद्यालय | कुछेननी |
| ७ | श्री श्रमिक बाल बिज्ञान बिद्यालय | पुल्चोक |

त्यसबेला ती उलिखित बिद्यालय स्थापना गरे तापनि बिद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको अभावले धेरै दुःख भोगेका कुरा त्यसबेला लागी परेका ज्यापु कान्छा महर्जन बताउँछन । उनको भनाइ अनुसार पढाउने शिक्षकहरुलाई तलब दिन नसकेर टोलका प्रत्येक परिवारबाट मुट्ठिदानबाट उठि आएको चामल बिक्रि गरी प्राप्त रकम दामा साहिले तलब बाँडी दिने भन्छ । त्यसरी ज्यापुहरु आफ्नो परम्पराको खेती पेशालाई अंगाल्दै शिक्षा क्षेत्रमा पनि बिस्तारै बिकास गर्दै लगेका  छन् । ज्यापु समाजले उपलब्ध गराएको तथ्याङ्क अनुसार ललितपुर नगरका ज्यापुहरु ६३.६३ % प्रतिशत शिक्षित भएका छन् । ललितपुर नगरका ज्यापुहरु उच्च शिक्षा हासिल गर्ने ५.३२ % प्रतिशत देखिन्छ । ललितपुर नगरमा बसोवास गर्ने ४० वटा टोलका <u>**ज्यापुहरुको शैक्षिक विवरण**</u> तल दिएको छुँ ।

तालिका नं.:-२५

| क्र.सं. | टोलको नाम | साधारण | बोर्डिङ्ग | टेक्ट | प्रवेशिका | प्रविणता प्रमण पत्र | डिप्लोमा | स्नातकोत्तर | प्रतिशत | कुल शिक्षित | कुल जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अग्नशाल | १०९ | ३४ | २ | ९ | २ | - | १ | ८४.८७ | १५७ | २४२ |
| २ | छायबहाल | २४३ | १८९ | २१ | २१ | ४० | १३ | २ | ७४.१९ | ५२९ | ७१३ |
| ३ | कायगुननी | १७६ | १०१ | - | २३ | ८ | ३ | - | ६१.६६ | ३११ | ५०६ |
| ४ | कुछेननी | १९७ | ८५ | - | ४० | २७ | ८ | ३ | ६८.०५ | ३६० | ५२९ |
| ५ | मिखाबहाल | २२९ | २४ | ३७ | २० | ५९ | १५ | ९ | ५५.११ | ३९३ | ७१३ |
| ६ | न:टोल | १७८ | ४९ | ११ | १९ | २४ | ८ | ५ | ६०.१२ | २९४ | ४८९ |
| ७ | पूर्णचण्डी | १५७ | ५० | २ | ८ | २० | १ | - | ५५.२२ | २३८ | ४३१ |
| ८ | दुपाट टोल | ४२५ | २३० | ४ | १४ | १०१ | १७ | १ | ६२.५५ | ७९२ | १२६६ |
| ९ | धालाछेँ | १४८ | ५६ | ५ | १७ | ७ | १ | - | ८२.०६ | २३४ | २८५ |
| १० | गुइटोल | २६५ | १२३ | ८ | १७ | २७ | ४ | - | ५९.६७ | ४४४ | ७४४ |
| ११ | हकटोल | २५५ | १०६ | ५ | ३९ | २१ | ४ | - | ७९.३३ | ४३० | ५४२ |
| १२ | लुँखुसि | ४६२ | १७० | ३४ | ६७ | २९ | १० | ४ | ७१.१९ | ७७६ | १०९० |
| १३ | पिंछेँ | ३७७ | १४० | ५ | ३ | ३३ | २४ | ६ | ६७.५० | ५८८ | ८७१ |
| १४ | पिलाछेँ | ३०५ | १६३ | १ | ३६ | १६ | ७ | ३ | ६६.८७ | ५३१ | ७९४ |
| १५ | स:क्वो | २७९ | ७८ | ६ | १४ | ६ | ४ | - | ७८.९७ | ३८७ | ४९० |
| १६ | सौबहा | ३९३ | १८० | - | २३ | २९ | ६ | ३ | ६६.१७ | ६३४ | ९५८ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | त्याग: | २०५ | ५४ | १ | ८ | २३ | ८ | - | ५६.६२ | २९९ | ५२८ |
| १८ | यलमुग: | १४४ | ६५ | ५ | १८ | ११ | १ | १ | ५०.५१ | २४५ | ४८५ |
| १९ | भिन्द्योलाछि | २७० | १५८ | १ | ४२ | २६ | १३ | ३ | ५६.०६ | ५१३ | ९१५ |
| २० | भेलाछैं | ११७ | ३६ | - | - | ७ | ५ | १ | ८०.९७ | १६६ | २०५ |
| २१ | चाबहा: | १६१ | ८५ | - | २ | ६ | २ | - | ६२.८९ | २५६ | ४०७ |
| २२ | चोछैं | ८० | ७१ | ३ | ५ | २० | ४ | - | ४५.६३ | १८३ | ४०१ |
| २३ | च्यास: | २२१ | १३४ | २३ | २३ | ४२ | २९ | २ | ५१.६९ | ४७४ | ९१७ |
| २४ | छुसिका | ११९ | ३८ | १५ | ५ | १ | - | - | ७५.१० | १७८ | २३७ |
| २५ | धौगा: | ७० | ४५ | ५ | १७ | १२ | ४ | १ | ५६.८२ | १५४ | २७१ |
| २६ | ग:छैं | २३८ | १४० | २१ | ४ | ३६ | १३ | - | ५३.९३ | ४५२ | ८३८ |
| २७ | गा:हिति | १०० | ८७ | ९ | २७ | १८ | ६ | - | ४४.१८ | २४७ | ५५९ |
| २८ | हौग: | १४० | ५७ | १४ | ६ | २५ | १ | १ | ७०.९३ | २४४ | ३४४ |
| २९ | ईबाननी | २९ | २२ | - | - | ५ | ३ | - | २८.३६ | ५९ | २०८ |
| ३० | कुटिसौग: | ८२ | २४ | - | १ | ३ | ८ | - | ६१.१३ | ११८ | १९३ |
| ३१ | क्वेलाछि | १७८ | १३३ | ३ | ११ | ९ | ५ | - | ६१.४१ | ३३९ | ५५२ |
| ३२ | खपिंछैं | २१९ | १११ | ६ | १५ | ३६ | ६ | ३ | ७०.३३ | ३९६ | ५६३ |
| ३३ | लोंलँ | १९७ | ६३ | ४ | १८ | ४ | - | - | ७१.५० | २८६ | ४०० |
| ३४ | नकबही: | ११८ | ६० | १६ | २७ | १२ | ३ | - | ५९.४४ | २३६ | ३९७ |
| ३५ | सलिंछैं | १७५ | ९९ | - | ९ | २७ | ७ | - | ८१.७० | ३१७ | ३८८ |
| ३६ | त:ननी | २५४ | ८५ | १४ | १६ | १७ | १२ | २ | ७५.१८ | ४०० | ५३२ |
| ३७ | त:लाछैं | ८० | ४१ | ६ | ७ | ६ | २ | - | ६९.२६ | १४२ | २०५ |
| ३८ | वलखु | १४३ | ७८ | ७ | ३ | २ | ३ | - | ८५.८१ | २३६ | २७५ |
| ३९ | बागर | ७८ | ४४ | ४ | ४ | ५ | २ | २ | ६३.४७ | १३९ | २१९ |
| ४० | पुल्चोक | ४११ | १२८ | २४ | ६५ | ३३ | ४ | १ | ६६.०७ | ६६६ | १००८ |
| | जम्मा | ८०२७ | ३६३६ | ३२२ | ७०३ | ८३५ | २६६ | ५४ | ६३.७६ | १३८४३ | २१७१० |

स्रोत:- ललितपुर ज्यापु समाज


काठमाण्डौ उपत्यकाको आदिबासी भनी चिनिने नेवार समुदायको ज्यापुहरु ०७ सालको प्रजातन्त्र पछि पढ्न सुरु गरेका अरु नेवार जातिहरुको तुल्नामा त्यति धेरै शिक्षित नभए पनि ज्यापुहरु बस्ने टोलका आधारमा साक्षारता तथा उच्च शिक्षा हासिल गरेका ज्यापुहरुको शैक्षिक विवरण दिएको छु । तालिका अनुसार ४० वटा टोलहरुको विवरणबाट टेष्ट देखि स्नात्तकोत्तर तह सम्म अध्ययन पूरा गरेका कूल शिक्षित संख्या २१८० जना छन् जुन कूल जनसंख्याको १०.१४ % प्रतिशत छ । ती मध्ये सबभन्दा बढी प्रविनता प्रमान पत्रमा ८३९ जना छन् भने त्यसपछि प्रवेशिका, डिप्लोमा, टेष्ट परीक्षा उत्तीर्ण गरेका छन् । यस तथ्याङ्क अनुसार स्नात्तकोत्तर सम्म अध्ययन पूरा गर्ने कम देदिन्छ । यसबाट के देखाउँछ भन्ने ललितपुर नगरका ज्यापुहरु उच्च शिक्षा हासिल गर्न सकेका छैन । माथिका चालिस वटा टोलहरु मध्ये उच्च शिक्षा हासिल

गर्ने पहिलो टोलमा लुँखुसि टोल देखिन्छ र संख्यामा १४५ जना छन् त्यो भनेको लुँखसि टोलको कूल जनसंख्याको १३.३० % प्रतिशत हो । त्यसपछि मिखाबहालमा १४० जना र प्रतिशतमा १९.६३ छ । त्यस्तै तेस्रोमा दुपाट टोलमा १३७ जना र प्रतिशतमा १०.८२ % छ । चौंठोमा च्यासल टोलको ११९ जना र प्रतिशतमा  १२.९७ % छन् ।

यी बाहेक आजभोलि कुनै कुनै टोलहरुमा डाक्टर, ईन्जिनियर, पाइलट पनि नभएको होइन तर ती बिशिष्ट मानव शक्ति संख्याको हिसाबले नगन्य देखिन्छ । त्यस्तै पि.एच डि. उपाधि हासिल गर्ने बिद्वानहरु पनि नभएको होइन त्यो शक्ति पनि नगन्य रुपमा पाइन्छ । पचास साठी बर्ष पछि अहिलेको जस्तो खेतीमा काम गर्ने ज्यापुहरु ललितपुर नगरहरुमा खोज्न जानु पर्ने अवस्था आउनेछ । देश बिदेशको परिस्थिति र शिक्षा संचार आदिको बिकासले ज्यापुहरु पनि अरु नेवार जस्तो देखिने हुन्छ । अर्को कारण काठमाण्डौ उपत्यकामा जनसंख्या बृद्धि र शहरीकरणको कारणले याहाँको खेति योग्य जमिन तिव्र रुपले ह्रास भएर गएको छ । यस्तै तालले पछि गएर यस ठाउँमा को नेवार, को ज्यापु, को श्रेष्ठ , र को अरु जात हुन भन्न नसक्ने अवस्था आउने छ । त्यसबेला अहिले चलाउँदै आएको बिभिन्न रहन सहन रीतिरिवाज, संष्कृति, चाडपर्व सबै छ्यास मिस्से भएर जाने सम्भाबना बढी देखिन्छ ।


माथिको शैक्षिक विवरण तालिकामा प्रत्येक टोलहरुमा कहाँ कति साक्षार छन् भनि स्तम्भ चित्रबाट पनि हेर्न सकिन्छ । जुन तल देखाएको छुँ ।

चित्र नं. :-२०



त्यसैगरी टेष्ट देखि उच्च शिक्षा स्नात्तकोत्तर सम्म हासिल गर्ने ललितपुर नगरमा ज्यापुहरु कहाँ कति छन् प्रत्येक टोलहरुको रेखा चित्रमा पनि हेर्न सकिन्छ जुन तल चित्रमा देखाएको छुँ ।

चित्र नं. :-२१




## ९.२. स्वास्थ्य ( Health )

स्वस्थ जीवन मानिसको लागि अति आवश्यक छ । जो मानिस स्वस्थ रहन्छ उसले आफु, परिवार र देशकै विकासका निमित लागि पर्न सक्दछन् साथै उसले आफ्नो भविष्य उज्वल पार्न पनि सक्दछन् । नेपाल अधिराज्यका कतिपय गाउँ, टोलहरु छन् जहाँका मानिसहरु आफ्नो स्वास्थ्य रक्षाको ज्ञान समेत छैन भने ललितपुर नगरका ज्यापु जातिहरु पनि तीन चार दशक अगाडि सम्म आफ्नो स्वास्थ्य रक्षाको निमित बैद्य र झारफुके कहाँ पुग्दथे र उनीहरुले बताए अनुसार औषधि गर्दथे । निरक्षर र अज्ञानताको कारणले आफ्नो घर आगन सफा नहुनाले रोगहरु निम्त्याउने भन्ने कुरा थाहा नभएकोले बिभिन्न शंका उपसंका गरी आफन्तहरुलाई दोष लगाइ राखेको हुन्छ । आफ्नो अज्ञानता र फोहरको कारणले भएको रोगलाई भूत प्रेत बोक्सी , मसान र मानिसको दोषले भएको भनी सम्झिरहन्छ । बच्चा जन्मिएर अन्नप्रांसन्न नगरे सम्म बच्चा अजि ( सुडेनी ) को जिम्मा रहन्छ केही भएमा अजि कहाँ दगु-याउँछ र अजिले भन्ने

जस्तो अक्षता छर्ने , दोबाटोमा भूतलाई " बौ तय्गु ) गर्न लगाउँछ । ६०,७० बर्ष अगाडि ललितपुर उप महा नगर पालिका वडा नं. ७ पिलाछैं टोलमा झाडा बान्ताको महामारी नै चल्यो जसले धेरैको ज्यान लिइयो र यसैबेला त्याहाँको एक जना बुढालाई सपनामा देखायो भनी उक्त देवतालाई होचोमा पारी हेपेकोले त्यस्तो भएको भनी उक्त देवता ( ढुङ्गा ) लाई उखेलेर अर्को चोकमा फाल्न लगेर झगदा नै भएको कुरा बताउँछ ।[1] फोहर भएकोले र दुषित पानीको कारणले त्यसो भएको हो भनी नबुझी टोलका सबै दाजु भाईहरु एक आपसमा झगदा गर्दथ्यो । त्यस्तै खेतमा गहुँ छर्ने बेलामा एउटा ड्याङ्गमा गहुँ छर्न छुतेमा  घरका मूलीलाई रोगले सताउने र बैद्य वा ज्योतिषलाई देखाउँदा त्यस्तो गहुँ छर्न छुतेकोले सताएको कुरा पत्ता लागेपछि उक्त छुतेको ठाउँमा पुजा गरेपछि निको भएको कुरा बताउँछ ।[2] यी कुराहरु ज्योतिषको सत्यता र ज्यापुहरुमा मनो बिज्ञानको प्रभाव देखिन्छ । कहिले काही हामीमा पनि मन असन्तोष भइ रहेको बेलामा आफ्नो गल्ति पत्ता लागे पछि त्यस्ता समस्या ठीक भएर जान्छ । मानिसमा स्वास्थ्य सम्बन्धी ज्ञानको अभावले हुने ब्यापक असन्तोष र रोगहरु ज्यापु समाजमा धेरै पाइन्छ । बिस पचिस बर्ष अगाडि प्रत्येक ज्यापुहरुको घरमा नौगाः र साःगाःहरु पाईन्छ । त्यसबेला धेरै जसोको घरमा भेंडाहरु पालेको हुन्छ । ती भेंडाहरु घरको  छेडीमा नै राखेको हुन्छ ।  यी सबै नौगाः, साःगाः र भेंडा पाल्नुको प्रमुख कारण खेतमा मलको लागि रहेछ । त्यसबेला मलको अति महत्व थियो । बाध्य भएर आफ्नो घरलाई फोहरको थलो बनाउनु पर्ने थियो । जसले गर्दा सानो तिनो रोगले पनि ठूलो रुप लिने सम्भावना धेरै छ ।

तर अहिले ज्यापु समाज पनि धेरै शिक्षित भै सक्यो । त्यस्ता नौगाः, साःगाः र भेंडा पाल्ने चलन पूर्ण रुपले हति सक्यो भन्ने पनि हुन्छ । घर सफा गर्नु पर्छ भन्ने कुरा अहिलेका ज्यापुहरुले बुझी सकेका छन् । केही भएमा अस्तपताल र स्वास्थ्य चौकीका चिकित्सक र स्वास्थ्य कर्मीलाई जचाउँछन् । अहिले ज्यापु समाजको प्रत्येक टोलहरुमा एक दुइ जना डाक्टरहरु र नर्सहरु उत्पादन भै सकेको छ । त्यसो भएको हुनाले अहिलेका ज्यापुहरु सानोतिनो रोग र ज्वर आउँदा अस्पताल र स्वास्थ्य कार्यालयमा लग्ने गरिन्छ । आइमाइहरु प्रिग्नान्सी हुँदा

---

१. सानु लाल महर्जन, बर्ष - ७३, पिलाछैं टोल, ललितपुर उ.म.न.पा. वडा नं. ७
२. आशा माया महर्जन, बर्ष  ८५, लुँखुसि टोल, ललितपुर।, ललितपुर उ.म.न.पा. वडा नं. १७

समय समयमा चिकित्सकलाई परीक्षण गराई औषधी खाने गरिन्छ । बच्चा जन्माउन अजि ( सुडनी ) बाट नगराई अस्पतालमा जन्माउने गरिन्छ ।

शिक्षा र समयको परिस्थितिले ज्यापुहरुलाई पनि सफा भएर बस्नाले निरोगी हुन्छ भन्ने कुरा पाठ सिकाइ दिएको छ । मुख्य गरी घरमा सागाः र नौगाः चाही पूर्ण रुपमा हति सकेको छ । यो नै सर सफाइ गर्नु पर्छ भन्ने कुराको प्रमुख प्रमाण हो । पहिला पहिला प्रत्येक घरमा बिहान सबैरै बढारेको फोहरहरु जम्मा गरी साःगाःलमा फाल्न ल्याउँछ तर अहिले घर बाहिर नै फालिन्छ वा एउटा बाल्टिनमा जम्मा गरी कन्टेनर मोटर ल्याउँदा त्यसमा फाल्ने गरिन्छ । घरमा पनि खेतबारीबाट ल्याउने फोहरहरु छेडीमा फालिन्छ तर त्यो पनि आजभोलि छैन प्रत्येक ज्यापुहरुको घरमा छेडी पनि सफा भै सकेको देखिन्छ ।

आजभोलि खानामा पनि ध्यान दिएको पाउँछौं । पहिला पहिला खेतबारी धेरै र बारीबाट ल्याउने सागसब्जी धेरै भएकोले खेतमा जान र पछिको लागि भनेर सुकाइ राखेको हुन्छ अहिले त्यस्तो पनि छैन । सागसब्जी रोप्ने ठाउँमा परिवारको संख्या बृद्धि र शहरीकरणको कारणले ती ठाउँ नभएर दिनहुँ किनेर खाने गरिन्छ । जसले गर्दा ताजा खाने भएकोले स्वास्थ्यमा नकारात्मक असर पर्दैन र सफा खानु पर्छ भन्ने कुरा पनि बुझी सकेको देखिन्छ । अर्को कुरा आजभोलिका ज्यापुहरुले पेशा नै परिवर्तन गर्दै ल्याएको पाउँछौ । खेतीपातीबाट मात्र जीवन धान्न सकिदैन भन्ने कुरा सम्झी शिक्षित व्याक्तिहरु नोकरी, मुर्तिकार, व्यापार, शिक्षक, पेन्टर, डाक्टर, इन्जिनियर, नर्सहरु भएकोले खानामा ध्यान दिने नै भयो । त्यसो भएको हुनाले साधारणतया अहिलेका ज्यापु समाज देशका स्वस्थ नागरिकको रुपमा लिन सकिन्छ ।

## .३. संगीत

ज्यापुहरु अरु नेवार समुदाय भन्दा संगीतमा ज्यादै प्रेमी भएको कुरा नासःद्यो स्थापनाले प्रमाणित गर्दछ । ज्यापुहरुको प्रत्येक टोलमा नासःद्यो पाइन्छ । प्रत्येक टोलहरुमा भजन मंका खलः र नामसन गुठीको संगठन छ । नामसन भनेको प्रत्येक टोलहरुमा बिहान बिहान फल्चा ( पाटी ) मा बसेर धर्म सम्बन्धी पाठको गीत गाउने भजन गीत हो जसलाई तुतः भनिन्छ । यो तुतः पाठ गाए पछि मात्र त्यही फल्चामा बाजा बजाएर भजन गरिन्छ । टोलका प्रत्येक परिवारका मूली अनिवार्य जस्तै नामसन गुठी वा भजन मंका खलःमा सदस्य भैरहेको हुन्छ । यही कारणले प्रत्येक ज्यापुहरुमा समय समयमा आउने चाडपर्वको संगीतको गुन गुनाइ रहेको

हुन्छ। पहिला पहिला खेती पातीको काम सकेपछि घरमा बसेर समय अनुसारको लयमा बासुरी बजाइ रहेको हुन्छ जसले टोलका छिमेकी घरलाई आनन्द दिन्छ।

यही संगीतको प्रेमीले गर्दा टोलमा भजन मंका खल स्थापना भएको छ। यो मंका खल टोलका प्रत्येक परिवारलाई सगठन गर्ने संगठनात्मक संस्था हो जसले टोलका हरेक समस्या, सहयोग गर्ने समेत यस संस्थाले गरेको हुन्छ । यस संस्थामा सदस्य नभएका व्यक्ति र परिवारलाई टोलको यस्ता गुठीले सहयोग गरेको पाउँदैन।

नामसन गुठी पनि टोलमा त्यती नै महत्व पूर्ण छ। प्रत्येक दिन बिहान सबैरै उठेर पाठ गीत गाउँदा टोलमै सबैलाई आनन्दमय बनाउँछ। कसैको घरमा सिकिस्त बिरामी भै बाच्न र मर्न नसकी रहेको अवस्थामा यो नामसनका गुठीका सदस्यहरुलाई बोलाई पाठ गाउन लगाउँदा बिरामी आनन्दले स्वर्ग जाने अथवा मर्ने बेला नभएका व्यक्ति भए रोगबाट छुट्कारा पाउँछ भन्छ।[३] नमुनाको रुपमा याहाँ नामसन तुतःको केही श्लोक नेवारी भाषामा तल दिइन्छ।

**<u>अनित्यगु लुमंके</u>**

**"अनित्यगु थ्व संसारे च्वने मयल वनेनु**
**सुखाबति भुवनसं बास याय स्वयुनु II**
**भंबयागु भुतुनाले रःस याय मयुल**
**ब्यरथन फुकेमते अन्त्य यागु लुमंके II "**

माथिको नेवारी भाषामा उलेख भएको श्लोकमा मानिस भएर मृत्यु हुने जीवन त्यसै फाल्नु हुन्दैन भनेर भनी राखेको हो। यसमा पहिलो श्लोकमा के भनेको छ भने अन्त हुने संसारमा नबसौं जाउँ, लोभी पापी नगरौं र सुःख हुने ठाउँमा स्वर्गमा जाने बाटो खोजौं भनेको छ भने दोस्रो श्लोकमा मोह, ईर्ष्या, लोभी पापीको रस नल्यौं र ब्यर्थमा यो जीवनलाई नफालौं, अन्त्य हुने जीवनलाई राम्रो काममा लगाऔं भनेर भनेको छ।

ज्यापु समाजमा भजन गर्ने केही श्लोकहरु तल दिएको छुँ। नेवारी भाषामा रहेको उक्त श्लोक १९९० सालको महा भूकम्पको बारे विवरणात्मक अवस्थाको छ यसको शिर्षकको नाम यसरी छ -

३. ईन्द्र लाल महर्जन, बर्ष - ७५, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

## "फुकेमते जगत संसाल पृथ्वी माता देव "

हे राम गुइ साल पोख कृष्ण पक्ष सोमवार अमाइ खुनु,

न्हिने सिया निगु घण्टा जागु बेले

न्हेम्ह ग्रह मकरे च्वन भूमि कम्प जुया क्येन - २

नेपाः दे हुनुनुनु ख्वल II फुके मते II १ II

हे राम दक्वो दुना च्वन,

धन दक्वो ल्हाना च्वन,

मन नागु दुःख स्वय ननं II

नय्यात नसा मदु, च्वनेयात बासः मदु- २,

म्वाइ यागु आशा स्वइके मदु II फुके मते II २ II

हे राम उखे स्वसा ग्वाली ग्वाली,

थुखे स्वसा आया आया,

मयो मयो सीना वने माल II

उखे स्वसा ह्वायँ ह्वायँ ख्वल,

थुखे स्वसा ब्वाय्ँ ब्वाय्ँ जुल,


आःपत जगतया जुल II फुके मते II ३ II[४]

माथिको नेवारी भाषामा गाउने भजन गीत १९९० सालको महा भूकम्प बारे त्यसबेला त्यस बिनासकारी भूकम्पले गरेको विवरणात्मक गीत हो । उक्त भूकम्प माघ महिना औंसी सोमवार २ बजे भएको थियो । भूकम्पले घर सबै भत्केको खाना पिना बस्ने बास नभएको, जता हेरे पनि हाहाकार, रोएको स्वर, आपत बिपत, ग्वाली ग्वाली भनी कराइ रहेको, स्वास्थ्य कर्मी, स्वास्थ्य संस्था र अस्पताल नभएकोले धेरै मानिसहरु अकालमा मृत्यु हुन पुगेको र धन जनको नोक्सान भएको विवरणात्मक गीत हो । यसरी ज्यापु समाजमा समय र परिस्थिति कालको गीतहरु थुप्रै पाइन्छ । जुन ज्यापुहरु फल्चामा बसेर बिहान बिहान समय र ऋृतु अनुसार गीत र भजन गर्ने गरिन्छ ।

४. पूर्ण लाल महर्जन, बर्ष - ९२, लुँखुसि टोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

उपत्यकाको धेरै जसो ऐतिहासिक चाडपर्व जात्रा उत्सवहरुमा, मच्छिन्द्र जात्रा, ईन्द्र जात्रा, क्वेना गणेश जात्रा, भिमसेन जात्रा, कृष्ण पुजा, मतया यात्रा, योमरि पुन्हि, बाल कुमारी जात्रा आदि चाडपर्वहरुमा ज्यापु जातिको उलेखनीय संलग्नता रहेको छ । यी  पर्वहरुमा ज्यापु समाजको बाजा नभएमा जात्राको मनोरञ्जन नै सुन्य हुनेछ । ज्यापुहरुले धेरै प्रकारको बाजा बजाउने गरिन्छ जुन तल तालिकामा दिए अनुसार देखाउन सकिन्छ ।

तालिका नं. :-२६




ज्यापु समाजको संगीतलाई जीवन्त दिइ राख्न ज्यापु टोलहरुमा स्थापना गरेका नासःद्यो ले धेरै मदत पु-याएका छन् । ज्यापुहरुको आफ्नै मौलिक भजन मंका खलको संगठन र बाजाहरु रहेकोले उनीहरुको उक्त मंका खलःले प्रत्येक १०,२० बर्षमा टोलका युबाहरुलाई बाजा, गीत र नृत्यको प्रशिक्षण र तालिम दिइने गरिन्छ । यी बाजाहरु चाडपर्वमा बाहेक ज्यापुहरु कोही बुढा पासनी, कयता पुजा, बहाः पुजा, मच्छिन्द्र जात्रामा भुज्या जाने पर्वहरु भए सम्म ज्यापुहरुको संगीत लोप हुन्दैन ।

## ९.४. अन्य समुहसंगको सम्बन्ध

ललितपुरका नेवार समुदायको ज्यापु समाज ४५ टोलले प्रख्यात छ । तर ललितपुरको ज्यापु समाजमा सम्बन्धमा भएको ४० वटा मात्र छन । ज्यापुहरु बस्ने ती ४० वटा टोलहरु बाहेक अन्य धेरै टोलहरुमा बस्दै आएको भएता पनि उल्लेखनिय संख्यामा ज्यापुहरु पाइने टोलहरुको नाम याहाँ केही उलेख गरिन्छ जस्तै चपट, चल्खु, न्यौट, थपाट, बेलाछेँ, धुम्बहाः, ओम्बहाः, सातदोबाटो, क्वालखु, क्वोन्ति, चोबुननी आदि हुन् । ४० वटा र पहिला पहिला यी उलिखित टोलहरुको जात मिल्नेहरुसंग मात्र बिबहा सम्बन्ध चाडपर्व रीतिरिवाज  मनाउँदै आइ रहेका थिए ।

तर आजकल जनसंख्या बृद्धि, शहरीकरण, शैक्षिक बिकास, सामाजिक, आर्थिक र राजनैतिक परिवर्तनले सबै जातिहरुसंग सम्बन्ध बिस्तार भएकोले परम्परागत रीतिरिवाज, रहन सहन भेष भूषा खानपिन धर्म आदिमा परिवर्तन हुन्दै गएको पाइन्छ । काठमाण्डौ उपत्यकामा व्यापक रुपमा बाहिरका मानिसहरुको बसोबासको आगमनले धेरै जातिहरुसंग सम्बन्ध बृद्धि भएको पाउँछ । अन्य जातिसंग धेरैको अन्तर जातिए बिबहा भएको पनि पाउँछौं । ज्यापु समाजले दिएको तथ्याङ्कमा श्रेष्ठसंग अन्तर बिबहा भएको ७४ जनासंग, शाक्यसंग २१ र अन्य जातिसंग अन्तर बिबहा  ६७ जनासंग भएको देखाएको छ भने बिदेशीहरुसंग बिबहा भएको नगन्य रुपमा भेटिन्छ ।

ज्यापुहरुको परम्परागत रीतिरिवाजको कुरागर्दा अन्य नेवारहरुमा नौ ( नापित ), कसाईं, जोगी र कुलुहरुसंग सम्बन्ध भएको देखिन्छ । मृत्यु संस्कारमा चोख्याउनु पर्दा नापितको भूमिका रहन्छ । नापितले कपाल खौरी सेतो लुगा उसैको हातबाट दिइन्छ । पछि मासिक दान दिने बेला प्रत्येक महिनामा कपाल खौरेर दान दिने काम गरिन्छ । महिनाको एक चोटि नौनी घरमा आएर प्रत्येक आइमाइलाई नङ काती दिनु पर्छ । जुन काम गरे बापट बार्षिक धान दिइ राखेको हुन्छ । त्यस्तै बच्चा जन्मिदा बच्चाको सालनाल नईं ( कसाईंनी ) ले काती दोबाटोमा फाल्न लग्छन् । यसले कसाईंसंग पनि सम्बन्ध जोडेको देखिन्छ । अर्को मृत्यु संस्कारमा न्हेन्हुबा राख्ने बेलामा जोगीनीलाई बोलाएर उनलाई सबै भाग दिएर पठाउँछ । त्यस्तै मृत्यु हुन्दा दोबाटोमा फाल्न लगेको मृतकको लुगा फाताहरु त्यही जोगीनीलाई बोलाई दिएर पठाउँछ । यसरी ज्यापुहरुको अरु जातिहरुसंग सम्बन्ध भै रहेको छ ।

त्यस्तै ज्यापुहरु अशिक्षितको कारणले  जहिले पनि अरु जातिवाट  दबिएर बस्नु परेको छ । ज्यापुहरु नेपाल ( काठमाण्डौं उपत्यका ) को आदिबासी भए पनि खेतीपाती अरुको हातमा पर्न गएको छ । त्यसरी अरुको हातमा परेको जग्गा कुट तिर्ने शर्तमा कमाइ राखेको छ । खेत मालिक बर्गलाई उनीहरुको चाडपर्व, बिबहा वर्तन, भोजमा काम गरी दिनु पर्ने रहेछ । कहिले काही उनीहरुको नयाँ दुलही बिबहा गर्दा त्यही खेत कमाएका ज्यापुले राती बोलाएर ल्याइ दिनु पर्छ ।[६]

ज्यापुहरुको पूर्खा मंगोलियन भनिन्छ । त्यसैले ज्यापुहरुको प्रमुख धर्म पञ्च बुद्ध हुन । रीतिरिवाज, धार्मिक पर्व, स्राद आदिमा गुभाजु पुरोहित राखेर जजमान गरिन्छ । पछि राजा जयस्थिति मल्लको प्रभावले ज्यापुहरुले हिन्दु धर्मलाई पनि मान थालिइयो । त्यसले गर्दा पुरोहित ब्राम्हन पनि राख्न थालियो । अहिले  ज्यापुहरुले कुनै धर्ममा भेदभाब नराखी बुद्ध र हिन्दु देवताहरुलाई पुजा गर्दै आए रहेको पाइन्छ । तर आजकल पश्चिमी मुलुकको प्रभाब र मानिसको दोष लागेका रोगीहरुको कारण, आर्थिक लोभको कारणले गर्दा ईसु धर्ममा जाने पनि बिस्तारै बढ्दै गएको देखिन्छ । यसलाई बेलैमा सरकार तथा ज्यापु समाजले ध्यान दिनु आवश्यक छ ।

---

६)  भाजु मान महर्जन, वर्ष ७६, गाः हिति टोल, ललितपुर उ.म.न.पा. वडा नं. ९

# दशौं-अध्याय

## सारांश, उपसंहार र सुझाव

### १०.१ सारांश

नेपाल चार बर्ण छत्तीस जातिको सुन्दर फूलबारीले सजिएको बिभिन्न जाति, धर्म, भाषा, रहनसहन रीतिरिवाज, सांष्कृतिक आदिको कारणबाट धनी छ । सामाजिक बर्ण व्यवस्था तथा जाति व्यवस्थाको समाजमा ठूलो प्रभाब परेको छ । प्राचिनकाल देखि बसोबास गर्दै आएका तिब्वटो बर्मेन र ईन्डोआर्यन दुबै मूलका जातजातिहरुलाई बर्ण व्यवस्थामा समाहित गर्ने प्रबन्ध मिलाएको छ । मतवाली अन्तर्गत पर्ने बिभिन्न जात जातिहरुलाई तागाधारी, मतवाली, पानी चल्ने र पानी नचल्ने गरी ४ भागमा बिभाजन गरेको छ । अन्य बिभिन्न जात जातिहरु मध्ये नेपालमा बस्दै आएका नेवार समुदाय पनि एक हो ।

नेवार समुदाय नेपाल उपत्यकाका (काठमाण्डौ उपत्यका) नागह्रद सरोवरको पानी बाहिर पठाए पछि सुक्खा भएपछि पहिलो बसोबास गर्ने बासिन्दा मानिन्छ । यी नेवार जाति, बिभिन्न बिद्वानहरुको लेख र अनुसन्धानबाट उलेख भए अनुसार आर्य र अनार्य वा यी दुबै जातिको समिश्रणबाट उत्पन्न भएको नयाँ जाति मानिन्छ । उपत्यकामा बिभिन्न समय र कालमा आगन्तुक मानिससहरु याहाँको सांष्कृतिक र रीतिरिवाजको प्रभाबले नेवार भएर गएको उलेख छ । काठमाण्डौ उपत्यकाको संष्कृति भन्नु नै नेवार समुदाय हो ।

नेवार समुदाय भित्र छुट्टै अस्तित्व, पहिचान बोकी रहेको एक समुह हो ज्यापु । ज्यापु जाति काठमाण्डौ उपत्यकाको आदिबासी नै हुन् । ज्यापुको बारेमा अन्वेषक कर्ताले अहिले ज्यापु भनिने जातिलाई लिच्छबि शासक वा लिच्छबि बंशका हुन भनी उलेख गरेको पाइन्छ । किनभने काठमाण्डौ, ललितपुर र हाँडिगाउँ आदि स्थानहरुमा लिच्छबिहरुको शिलापत्र धेरै भेटिएको छ । केही बिद्वानहरुले ज्यापु जातिलाई आभीर पनि भनेको पाइन्छ । यी आभीरहरुले गाइ भैंसी पाल्ने गर्दै आएको पाइन्छ । त्यसो भएको हुनाले काठमाण्डौमा सापुत्वाः नै छ । जुन टोललाई किलागल टोल भनिन्छ । किलागल टोलमा बस्ने ज्यापुहरुले आफूलाई सापुखलः भनिए तापनि थर लेख्ने बेलामा महर्जन र डंगोल लेख्ने गरिन्छ । त्यसै गरी ललितपुरका सापुखलः जसले रातो

मच्छिन्द्रनाथको स्नान गराउने बेलामा २ माना दुध दिनु पर्ने अहिले सम्म परम्परा छ । यीनीहरुले पनि थर लेख्ने बेलामा महर्जन नै लेख्ने गरिन्छ । त्यसैले नेपाल उपत्यकामा ज्यापुहरु पहिला पशुपालन गर्दै अहिले खेतीपाती गरि रहेको हुनु पर्छ । पछि गएर खेतीपाती पनि गरेको भेटाउन सकिन्दैन ।

नेवार समुदाइ भित्र रहेका ज्यापुहरु नेवार भए पनि उनीहरु ज्यापु जातिले बढी परिचित भएको पाउँछौं । कतिपय ज्यापुहरुलाई नेवार भन्न आफूलाई त्यति रुचाउँदैन । नेवाल (नेपाल) मा बसेको, बोल्ने भाषाले नेवार भएको मान्दछ । ज्यापुहरु आफ्नो ज्यापु समाजलाई आफ्नै प्रकारले बर्गीकरण गरेको पाउँछ । माथिलो जात, महर्जन, डंगोल, मुनिमकार छन् भन्ने तल्लो जातमा खुसः,व्यञ्जनकार, चिपकार कुमा आदि छन् भने पानी नचल्नेमा खुसः, चेपे, चिपकार, गठु आदि हुन् । तर अहिले चेपे र खुसः गठुसंग बाहेक अरु संग बिबहा चल्ने गरी सक्यो । ज्यापु जातिको थरमा उपत्यकाको तीनै शहरहरुमा भिन्ना भिन्नै रहे तापनि काठमाण्डौ र ललितपुरका ज्यापुहरुमा थर र भाषा सबै मिल्दछ । बसोबासको हिसाबले काठमाण्डौमा ज्यापुहरु बस्ने टोलहरु ३२ वटा, ललितपुरमा ४५ वटा र भक्तपुरमा १७ वटा टोलहरु प्रख्यात छन् । तर आजकल जनसंख्या बृद्धि र शहरीकरणको कारणले यी उलिखित टोलहरुबाट फैलिएर अन्य थुप्रै टोलहरुमा फैलिएको पाइन्छ । ललितपुरमा भन्नु पर्दा अहिले ज्यापुहरु बस्ने ललितपुर नगर भित्र रहेका प्रत्येक टोलहरुमा ज्यापुहरु नभएको टोल नै हुन्दैन । परिवारमा जनसंख्या बृद्धिले गर्दा पुर्खौ देखि बस्दै आएको घरलाई फेरेर नयाँ अनुहार भएको थुप्रै पाउँछौ । शहरीकरणले गर्दा भएको जग्गा बिक्री गरी धेरै जसोले घरको बनौट फरक पारी सक्यो । पुरानो घर जो झिंगती छाना भएको ज्यापुहरुको घर चाहीं अहिले १०% प्रतिशत मात्र बाँकी भै सकेको छ ।

ललितपुर नगरमा बसोबास गर्दै आइ रहेका जातिहरु मध्ये नेवार समुदाय चाही ९० % प्रतिशत भन्दा बढी पाइन्छ । ती मध्ये ज्यापुहरु मात्र ३७.६१ % प्रतिशत रहेको छ भन्ने अन्य नेवार जाति ५२.३९ % प्रतिशत रहेको छ । ललितपुर नगरमा बस्दै आएका नेवार जातिहरुमा केही आगन्तुक नेवारलाई समेत गणना गर्दा अहिले ६१ प्रकारका नेवार जातिहरु रहेका छन् । ती नेवार जातिहरु मध्ये ललितपुर नगरमा ज्यापुहरु १० दश प्रकारको जातिहरु रहेका छन् । त्यसमा महर्जन, डंगोल र अवाले जातिहरुको बर्चोसो रहेको छ भन्ने ती मध्ये महर्जन सबभन्दा बढी प्रख्यात छ र तीनीहरुको बाहुल्यता रहेको छ । अहिले ज्यापुहरु लिच्छबिकाल देखि प्रख्यात

४५ टोलबाट फैलिएर २६१ वटा टोलहरुमा बसोबास गर्दै आइरहेको छ । यसरी फैलिएर गएकोले उनीहरुको सम्बन्ध पनि अरु जातिहरुसंग हुन्दै गएको पाइन्छ । ज्यापु समाजले दिएको तथ्याङ्कको आारमा ज्यापुहरुको बिबहा श्रेष्ठसंग ७४, शाक्यसंग २१ र अन्य बेजातिसंग ६७ जना छन् ।

ज्यापु समाजको आफ्नै मौलिक संष्कृतको रुपमा परिचित खानपिन हो । उनीहरुको खानपिनमा आफ्नो भिनै खालको छ । भोजहरुमा सामुहिक बसी एक्कै पटक धेरैसंग रमाइलो वातावारणमा भोज गर्नु उनीहरुको एकताको भाबना झल्काउने छ । ज्यापुहरु भौगोलिक ऋतु परिवर्तन भए जस्तै ऋतु अनुसारको भोज मनाउने गरिन्छ । असारको धान रोपाईं सकेपछि घर सुद्ध पारी गठांमुगः पर्व मनाउँछ । त्यसपछि गाइ जात्रामा, कुम्भेश्वर मेला भर्ने, ब्याँजा नकेगु, ( भ्याकुटालाई भात खुवाउने ), मतया यात्रा, कृष्ण पुजा, भिमसेन पुजा, यात्रा, भाद्रमा मनाउने गरिन्छ । त्यसपछि ईन्द्रजात्रा पनि महत्वपुण छ । यस जात्रामा ज्यापुहरुको प्रत्येक टोलमा प्रत्येक घरबाट सम्हय बजि दिने लिने र खुवाउने ज्यापुहरुको आफ्नै मौलिकता छ । जुन सम्हय बजि खानाले मानिसहरुको शरीर मोटाउने भनी जनमानसमा धारणा छ । त्यसपछि कार्तिक र मंसिरको बीचमा चथा नखः आउँछ जुन नखःमा ज्यापुहरु कसैले नदेख्ने गरी लुकेर भोज खाने गरिन्छ । राती लुक्ने बेला अरुले देखेमा चोरको दोष लाग्छ भन्छ । असोज महिनामा मालश्री गीत गाउँदै बर्ष कै ठूलो चाड दशैं मनाउँछ । यसबेला ज्यापुहरुको  घरमा नयाँ धान भित्राइ सकेको हुन्छ । त्यसैले कुछि भ्वेको लागि सामान तथा हतियारको थापं गरिन्दा नयाँ एक पाठी धान राख्नु पर्छ । दशैं भोजमा पनि ज्यापुहरुको आफ्नै तरिका छ । त्यसपछि कार्तिक महिना तिर तिहार पर्व मनाउँछ  जुन पर्वमा नेवार जातिले मात्र गरिने म्ह पुजा गरिन्छ यही दिनमा नेपाल सम्बत फेरिन्छ । तिहार पर्वमा पनि ज्यापु जातिको आफ्नै भिन्नै मौलिकता देखाउने द्योःचा मरि पकाई तिहारको पुजा गरिन्छ । द्योचा मरी बनाउने र पुजामा राख्ने नेवार समुदायको ज्यापु जातिले मात्र राख्ने गरिन्छ । मंसिर महिनाको योमरी मुन्हीको दिनमा ज्यापुहरुको देवाली पुजा हुन्छ । यस पुजामा नयाँ दुलही र जन्मेका नयाँ बच्चाहरुलाई देवाली गुठीमा भित्राउने काम हुन्छ । यो ज्यापु समाजको मौलिक संस्कार हो । त्यसपछि माघे सक्रान्तिमा घ्यूःचाकू र क्वाति पिउने र घाममा बसी जीउमा तेल लगाउने आफ्नै चलन छ । चैत्र महिनाको चह्रे औंसीमा ललितपुरका पाहां चह्रे पर्व, सि गुठी, सना गुठी, संचालन गरिन्छ । यो गुठी ज्यापुहरुको

संगठात्मक संस्था हो । जुन संस्थाले टोलका ज्यापुहरुलाई एकत्रीत गर्न र एक सुत्रमा बाँड्न सहयोग गरेको छ । यस्तो गुठी संचालन गरी रहे सम्म ज्यापुहरु एकता भै जीवन्त चली रहने छ । त्यसपछि बैशाख देखि असार सम्म मनाउने लामो जात्रा रातो मच्छिन्द्रनाथको जात्रा हो । यस जात्रा ललितपुरका प्रत्येक ज्यापुहरुले आ-आफ्नो क्षेत्रमा हर्षोलासका साथ रमाइलो गरी मनाउने गरिन्छ । यस जात्राको अवधि निश्चित हुन्दैन । छोटोमा दुइ महिना बढीमा चार महिना सम्म हुन सक्छ । यस जात्रामा नयाँ बिबहा गर्ने दुलहा चार दिन सम्म ससुरालीमा बस्नु पर्ने ज्यापुहरुको चलन छ । यस मच्छिन्द्रनाथको जात्रामा प्रत्येक दुलहा जात्रामा ससुरालीमा जान्दा मिठाई लिएर जान्नै पर्ने चलन छ यसले टोलका वासिन्दाहरुलाई ज्वाईं भनेर परिचित गराउँछ । असारको अन्ततिर सिठि नखः मनाउँछ । यसमा बारा र रोतीका प्रकार पकाउँछ । ज्यापुहरु सिठि नखःमा भोज जानुको अर्थ असारको धान रोपाईं गर्ने बेलामा खेतमा काम गर्न जानु पर्ने चलन छ । तसर्थ भोज जानलाई बिचार पु-याई जाने गरिन्छ ।

ज्यापु समाजको भोजमा बिभिन्न प्रकारको खानाहरु हुन्छन् । जुनसुकै प्रकारको मुख्य भोजमा तःखा, न्याखुना, छ्वेला, पंचकोल, फर्सीको कवाफ, जाँड रक्सि, बोडे, कालो भट्मास, सिमी, केराउ, मस्याँ, दही, सिसापुसा, बारा आदि अनिवार्य चाहिन्छ । श्राध्द भोज, बिबहा भोज, दशैंको कुःछि भ्वेमा, देवाली गुठी, सनागुठी, भजन गुठी, मंका गुठी, आदि भोजमा बोघाःसा अनिबार्य राखिन्छ । यस बोघाःसामा अदुवा, कालो भट्मास, बोडे, बारा, साग, खेपी, चपी र कम घाःसा क्रमशः राखिन्छ । त्यसपछि माथि उलिखित खाने कुराहरु राखेर खुवाउँछ । ती खानाहरु राख्न क्रमशः मिलाएर राख्ने गरिन्छ । भोज सुरु भएको मध्यम समयमा खाना पचाउन मित राख्न लग्छन् । जसले गर्दा भोज आउने व्यक्तिहरुले भोज आधा समय गयो भनी सम्झिन्छ । त्यसको केहि समय पछि अमिलो र दही राख्न लाने गरिन्छ । त्यसको पछि पछि एक जना आइमाइले रक्सि राखेर लाने गरिन्छ । भोज कुनै किसिमको अशुद्ध हुन्दैन । ज्यापु समाजको भोज एक किसिमले बैज्ञानिक नै छ भन्न सकिन्छ । समय र ऋतु अनुसार खाना परिवर्तन गरी चाड पर्व मनाउँछ । बैशाख सक्रान्तिको क्वाःतिमा लैंसिको बियाँ राखेर पिउनाले पेटको वायु फाल्ने गरिन्छ । त्यस्तै असारमा पर्ने सिठि नखःमा बाराका प्रकार र रोतीले असारे धान रोपाईंमा सर्दीलाई बल दिन्छ । माघे सक्रान्तिमा क्वाःतिमा घ्यू चाकु हालेर पिउनाले शरीरमा तापक्रम बढाउँछ । जाडोमा पनि काम गर्न तागत दिन्छ भन्छ । त्यसैगरी इन्द्रजात्रामा खाने सम्हय् बजि

खानाले शरीरलाई तागत दिन्छ । यसरी ज्यापु समाजको प्रत्येक चाड पर्व र जात्रामा खाने गरेको खाने कुराहरु शरीरलाई फाइदा नै गरिन्छ । तर आधुनिक ज्यापु समाज शिक्षाको बिकास बसाईंको अलगताले गर्दा परम्परागत रीतिरिवाज, संष्कृति आदिलाई छोडी पश्चिमे शैलीको बफे, पार्ती भोज आदिमा अग्रसर हुन्दै गएको देखिन्छ । यसको मुख्य कारण धनी तथा शिक्षित ज्यापुहरु परम्परागत भोजमा समाहित भएर जान्दैन । अर्को कुरा पुरानो परम्परागत भोजमा सबै नातेदार साथी भाइ सबै मिलेमा मात्र सम्भव छ । सामुहिक प्रयासले मात्र भ्को भ्वेः सम्भव छ । धनी तथा शिक्षित ज्यापुहरुले त्यस्तो सबै खाले साथीभाई मिलाउने भन्भतबाट छुत्कारा पाउन ठेक्का प्रथाको भोज बफे र पार्ती भोज मन पराएका छन् । जुन भोजमा पैसा भए पछि भोजको कुनै किशिमको चिन्ता लिनु परेन । भोजमा परिवार सहित मनोरञ्जन गर्न फुर्सत पनि पाउने हुन्छ । यसमा पुरानो वस्तीमा बस्ने ज्यापु धनी भए पनि पराम्परागत भ्को भ्वेः मन पराउँछ मने पुरानो बस्तीबाट बाहिर आइ नयाँ बस्तीमा बस्न गएका ज्यापुहरु बफे र पार्ती प्रथा मन पराउँछ ।

भाषाको कुरा गर्दा ललितपुर नगरका ज्यापुहरु आफ्नो मौलिक नेवारी भाषा नै बोल्दछन् । ललितपुरका ज्यापुहरुमा आजभन्दा ६०,७० बर्ष उमेर पुगेका जो अरुसंग सम्पर्क नभई खेती पातीमा मात्र आस्रित भै जीविका गुजार्दै आएका ज्यापुहरु पट्टकै अरु भाषा जानेका छैन् । अरुसंग सम्पर्क भएका र ७ सालको प्रजातन्त्र पछि जन्मेका सबै खाले ज्यापुहरु नेपाली भाषा सहित हिन्दी भाषा पनि बुभ्दछन् । कारण आफ्नो घरको वरिपरी अरु जातिको बसोवासले उनीहरुसंगको संगतले आइमाईहरु पनि नेपाली भाषा बोल्न जानेका छन् । सरकारी कार्यालयको काम काजले पनि नेपाली भाषा बोल्न र सिक्न बाध्य पारेको छ । कोहि कोहि नेवारहरुमा श्रेष्ठ, जोशी आदि जातिहरु आफूलाई ठूलो भनाउन नेपाली भाषा बोल्दै गर्छ त्यसै गरी शिक्षित वा अरु जातिसंगको सम्पर्कले केही ज्यापुहरु नेपाली भाषा मात्र बोल्ने गरिन्छ । त्यसै गरी भक्तपुरका ज्यापुसंग कुरा गर्नु परेमा नेपाली भाषा नै बोल्ने गरिन्छ । ज्यापुहरुमा इन्तरकास्त बिबहाबाट जन्मेका बच्चाहरुले वा ज्यापु लोग्ने अर्को बेजात बिबहा गरी पाएका बच्चाले पछि श्रेष्ठ जाति राखेको पाइन्छ र उनीहरुले बोल्दा नेपाली भाषा बोल्ने गरिन्छ । यसरी जात र भाषा परिवर्तनलाई सांष्कृतिक परिवर्तन ( Cultural changes ) हुने कुरा देखा परेको छ । यसरी इन्तरकास्तबाट पाएको बच्चालाई नेवारी भाषामा लःव भनिन्छ ।

ज्यापु समाजमा खेती पातीको कारणले संयुक्त परिवारको बाहुल्यता रहेको देखिन्छ तर पनि यस संयुक्त पविारबाट बिस्तारै उच्च शिक्षा पाएका, पारिवारीक संख्या बृद्धि, घर कोठाको अभाव, काम विशेष, पेशाको फरकताले गर्दा एकल परिवारको संख्या बृद्धी हुन्दै गएका छन् । यसको अर्को प्रमुख कारण आर्थिक समस्या र बिभिन्न समयको मागको कारणले. एकल परिवारमा अग्रसर हुन्दै गएको देखिन्छ । ज्यापुहरु एकल परिवारमा बस्न गइ रहेको भए तापनि समय अनुसार आउने चाडपर्व भोजमा आफ्नै कुल घरमा आई सबै नातेदारहरुसंग सबै बसेर रमाइलो गरी भोज खाने गरिन्छ । उदाहरणको लागि देवाली गुठी, सना गुठी, बिबहा भोज, म्ह पुजा, भाइतिका, मच्छिन्द्रनाथको जात्रा, पाहाँ चह्रे नखः, सिठि नखः आदिमा छोरी वेतीहरु आफ्नो घर माइतीमा आई आनन्दले आफ्ना पुराना साथीहरुसंग संगै बसी पुरानो बच्पन्नको कुराहरु सम्झेर समाइलो गर्छन् । त्यसैगरी बाह्रा पर्व र कय्तापुजा आदि संस्कारमा मामा भान्जीको सम्बन्धलाई नजीकको नाता दर्साउँछ ।

नेपाल उपत्यकाका आदिवासी ज्यापु खेतीमा विश्वकै नमूना कै रुपमा खेती गर्ने जाति हुन् । साँचै भन्नु पर्दा यी ज्यापुहरु आफूलाई चाहिने सम्पूर्ण वस्तुहरु आफैले तयार गर्छन् । खेतमा चाहिने मल कालीमाती झिकेर खेतमा राख्छन् । लाउनको लागि कपासबाट धागो कातेर तानबाट कपडा तयार गरी हातैले लुगा बुन्ने गरिन्छ । नेपालकै महिलाको ड्रेसको चिन्ह हाकू पतासी आफैले बुन्छ र बस्नलाई परालको प्वायँ सुकु, पाः सुकु, भ्वेः सुकु, चाकः सुकु, ताहाः सुकु, आफैले तयार गरिन्छ । खुत्तामा लाउन जुत्ता र टाउकोमा लाउन टोपी आफैले तयार गरिन्छ । यसरी ज्यापु जाति स्वावलम्ब र स्वाभिमानि जाति हुन् । यसरी स्वाबलम्ब भएको पहलमान जाति आजकल शहरीकरणको तिब्र बिकासले समयको माग अनुसार शिक्षित भएकोले पेशालाई परिवर्तन गर्नु पर्ने बाध्यता बनायो । खेतको कमाइले बृद्धि परिवारलाई खाना पूर्ति गर्न सकेन । जसले गर्दा खेतीपातीको कार्य प्रणालीलाई पनि परिवर्तन गरी काली मातीको सट्टा राशायनिक मल हाल्ने र खेत जोत्ने प्रक्रियालाई पनि ट्राक्टरको प्रयोग गर्न थाले । यसलाई आधुनिक खेती ( Modernize agriculture ) भन्नु पर्छ । खेती प्रथामा आधुनिकिकरण, नयाँ बिउको उपयोग, रासायनिक मल, ट्राक्टरको प्रयोग र जुन बिउ प्रयोग गर्नाले बढी उत्पादन दिन्छ त्यसको प्रयोग पनि गर्ने गरिन्छ । जस्तै सागमा नयाँ प्रकारको वाइ पालुङ्ग, मध्येसी लसुन, चाइनिज साग, तौली धानको सट्टामा ताइचिङ्ग धान प्रयोग गरी बढी उत्पादन गर्ने

गरिन्छ । उपत्यकाका ज्यापुहरु Intensive agriculture र complex type Agriculture पनि गरिन्छ ।

उपत्यकाका ज्यापुहरु एकत्रित भै सगठित भएर बस्न सक्नुमा उनीहरुको गुठीको कारणले हो । ज्यापु समाजमा रहेको सामाजिक संगठनको रुपमा परिचित गुठीको धेरै महत्व छ । यो सामाजिक गुठी जीवनको हरेक पक्षमा जस्तै धार्मिक, सामाजिक, पारिवारिक जन्म मृत्यु संस्कारको क्रियाकलापमा यस गुठीले संचालन गरी सहयोग गरेको हुन्छ । गुठी एउटा संगठनात्मक सामाजिक संस्था हो । यही सामाजिक संस्था (गुठी) को नीति नियमद्वारा ज्यापु समाजको प्रत्येक क्रियाकलाप, महिना महिनामा आउने चाडपर्व, नखः चखः आदिमा एउटा न एउटा गुठीको व्यवस्था गरेको छ । ज्यापु समाजमा मृत्यु संस्कार गर्ने सना तथा सिः गुठी, आफ्नो फुकिहरुको संगै बस्न देवाली गुठी, भजन गर्ने भजन मंका गुठी, मच्छिन्द्रनाथको पुजा गरी भोज खाने सँलु गुठी छ भने बिभिन्न चाडपर्वलाई लाने धेमे बाजा गुठी, बिचा गुठी, बहा पुचा गुठी, मतया संचालन गुठी आदि रहेका छन् जुन गुठीहरुले जीवनको हरेक क्रियाकलापलाई सहयोग गरिरहेको हुन्छ ।

ज्यापु समाजको प्रत्येक पुजाआजा संस्कारको हिसाबले बौद्ध मार्गी नै हुन् तापनि ज्यापुहरुले शिव मार्गीका हिन्दु देवताहरुलाई उत्तीकै मानी पुजा गर्दै आएका छन् । जस्तै कृष्ण, भिमसेन, लक्ष्मी, सरस्वती, भैरव, कुमारी, सत्यनारायण पुजा गरी आफ्नो धर्मलाई फराकिलो पार्दै आएका छन् । आफ्नो परम्परागत संस्कार पुर्ख्यौली गुभाजुद्वारा सम्पन्न गर्दै आएको छ भन्ने कहिले काहीं सत्यनारायण पुजा र बाहिर गएर पुजा गर्ने बेलामा ब्राम्हणद्वारा पुजा सम्पन्न गरिन्छ । ज्यापुहरुले दशैं, सिठि नखः आदिको चाडपर्वमा नगरका भए भरका देवताहरु सके सम्म पुजा भः बनाई पुजा गर्न जान्छन् । यही कारणले ज्यापुहरुमा धर्ममा साम्प्रदायिक नभई धार्मिक सहिष्णुताको उदाहरण बनेको छ । ज्यापु जाति धर्ममा कट्टर नभएकाले जुन सुकै देवतालाई पनि मान्ने गरिन्छ । त्यसैले देशका अन्य जाति जस्तै ज्यापु जातिहरु पनि चर्चमा जाने संख्या बढेको छ । चर्चमा जाने केहि व्यक्तिहरुसंग सोधिन्दा उनीहरुले के भनिन्छ भन्ने चर्चमा आएपछि डाक्टरले निको पार्न नसकिने बोक्सि लागेको रोग चाहिं याहाँ आएपछि निको भएको छ भन्छ ।[१]

१. चिरी काजी महर्जन - बर्ष - ५१, पिलाछेँ टोल, ललितपुर उ.म.न.पा. वडा नं. ७

हिन्दु देवताको साधना गरी बिकार गर्ने भएकाले हिन्दू देवता नमानी चर्चमा गएपछि केही असर गर्न सकिन्दैन भन्छ ।[२] कोही कोही बाहिरबाट आएका जातिहरु पनि यसमा आएपछि आफ्नो संस्कारको लागि सहयोगी प्राप्त हुन्छ । चर्चमा जानुको कारण असहायलाई सहयोग गरि दिने भएकाले हुनु पर्छ । पाटनमा मुख्य प्रचार यस्तो छ कि यस धर्ममा लागे पछि परिवारमा कुनै व्यक्ति बिरामी भएमा पाटन अस्पतालले राम्ररी धौषधी उपचार गरि दिनुको साथै आर्थिक सहुलियत पनि दिनेछ भनी व्यापक प्रचार छ । साथै अर्को कारण चर्चमा गएपछि बिदेशीसंग सम्पर्क बढी हुन्छ जसले गर्दा उनीहरुको बिदेशमा जान र कामको सहुलियत प्राप्त हुन्छ की भनी जनमानसमा यस्तो भावना बृद्धि भएको छ । यी कारणहरुले गर्दा यस्ता चर्चहरु काठमाण्डौ उपत्यका भित्र संचालित २४० वटा भन्दा बढी पाइन्छ ।

समाजमा प्रचलित बिभिन्न प्रकारका संस्कारहरु बिभिन्न अंगको रुपमा स्थापित भए तापनि संस्कार भित्रका मुल्य मान्यता र व्यवहार र कार्य बिधिमा आजकल धैरै परिवर्तित हुन्दै आएको छ र संष्कृति परिवर्तन ( Culture change ) देखा पर्दै गएको छ । जुन बिकसित आधुनिक समाजको उपज हो किनकि समाज परिवर्तनशिल छ । कुनै चिज परिवर्तन हुन्छ भन्नु उपयुक्ती हुन्दैन कुनै चिजले निरन्तरता पाएको छ । कतिले समयसंगै परिवर्तन भै रहेको छ जस्तै उपत्यका ( राजधानी ) मा अधिराज्यका सबै जनजातिको आगमन भै बसोवास गर्न आएको कारणले याहाँको खेती योग्य जमिन धमाधम घट्न थालेको छ । जसले गर्दा याहाँका किसान र ज्यापु खेती पेशा छोडी अन्य पेशा अंगाल्नु पर्ने बाध्योता पारेको छ । शिक्षित धनी ज्यापुका छोरा छोरीहरु बिदेशमा पढ्न पठाउने गरेको छ भन्ने यही नै जीवन चलाउन बाध्य भएका ज्यापुहरुले खेती वाहेक अन्य कामको शीपलाई बिकास गरी उक्त काममा लागेका छन जस्तै मूर्तिकार, पेन्टर, सिकर्मि, नोकरी, कम्पाउण्डर, डाक्टर, इन्जिनियरिङ्ग, पाइलट, शिक्षक, ठेकेदार, व्यापारी पेशामा लागेका छन् । यी सबै पेशा अंगाल्नु समयको माग हो ।

शिक्षा क्षेत्रमा पनि ज्यापु समाजमा ०७ साल अगाडि सम्म कालो अक्षर भैंसी बराबर भन्ने समाजमा अहिले थोरै अवधि मै ज्यापु समाजको शिक्षाको साक्षरता ६० % प्रतिशत भन्दा

२. बाबु काजी महर्जन, बर्ष - ६३, हकटोल, ललितपुर उ.म.न.पा. वडा नं. १७

बढी छ । पहिला पहिला पढेर के काम भन्ने समाजमा अहिले सबैखाले ज्यापु जातिहरुले साधारण बिद्यालयमा भन्दा बोर्डिङ्ग स्कूलमा पढाउन थालेका छन् । यसको प्रमुख कारण अंग्रेजी भाषाबाट बोल्न र लेख्न सिकोस र  बिदेशीसंग सम्पर्क बढाओस भन्ने चाहना हो । त्यसैगरी स्वास्थ्य क्षेत्रमा पनि पहिला पहिला झार फुके बैद्यको बढी बिश्वास गर्ने समाजमा अहिले सबै जसो डाक्टरको बिश्वास बढेको र केही भएमा सुत्केरी लगायत अस्पतालमा बच्चा जन्माउने भै सक्यो साथै कोही कोही आफ्नै सन्तान डाक्टर, चिकित्सक, नर्स आदि भएको कारणले पनि अस्पताल र स्वास्थ्य चौकीको बढी बिश्वास बढेको हो । त्यस्तै संगीत क्षेत्रमा पनि युवा युवतीहरु आफ्नो परम्परागत बाजालाई त्यागेर पश्चिमेली शैलीको बाजा मन पराउँछ । बिबहा भोजमा पनि बफे डान्स गर्ने आदि प्रचलित भएर आएको छ । त्यसो भए तापनि आफ्नो परम्पराको बाजा गाजालाई प्रमुख चाडपर्व र गुठी गानमा छोडेको छैन ।

यसरी ज्यापु समाज पनि समय र परिस्थितिसंग प्रत्येक कुरामा परिवर्तित हुन्दै गएको छ । तापनि ज्यापु समाजमा भएको पाराम्परागत भएको संष्कृतिलाई जोगाई राख्नु पर्छ भनी चाडपर्वमा पूरानै शैलिले चाडपर्व मनाउने गर्दै आएको छ । यसलाई बरु व्यवहारिक रुपले आधुनिकतामा कसरी लाने भन्ने कुरामा आपसमा छलफल र वादविवाद गरी रहेको पाईन्छ । आफ्नो परम्परालाई त्यागेमा ज्यापु भन्ने मौलिकता हराउने हुन्छ त्यसलाई आधुनिक किसिमले व्यवहारमा उत्तार्नु पर्छ भन्न थालेको पाईन्छ । तिहारको म्हःपुजा र  रातो मच्छिन्द्रनाथको जात्रा ज्यापु समाजले चलाउने र नागदहको कर्कोटक नागराजाले दिएको भोटो ज्यापुदाजुले खेतमा जाँदा हराइ दिएकाले उक्त भोटो मच्छिन्द्रनाथलाई बुझाएको हुनाले भोटो देखाउने जात्रा ज्यापुको साँष्कृतिक मान्यता रहेको पाईन्छ ।

ज्यापुहरु सांष्कृतिक रीतिरिवाज आदिमा धनी हुनुको साथै सामाजिक रीतिरिवाजमा ज्यापुहरु स्वाभिमानी र स्वावलम्ब रहेको छ । समयको परिवर्तनले आधुनिकीकरणको समस्याले पिरोलेको भएता पनि ज्यापुहरुको आफ्नै गुठी र संगठन रहेकोले जस्तोसुकै समस्यालाई पनि उनीहरु नहर्वराइकन सबै मिलेर समाधान गर्न तर्फ अग्रसर हुनेछ । ज्यापुहरुको अग्रसरताले नेवार समुदायको हरेक धार्मिक रीतिथिति परम्परा कायम भएको छ । धार्मिक परम्परा संचालन गर्न खेतीमा आधारित गुठी, चाडपर्व अहिले ओझेलमा पर्दै गएको देखिन्छ । यसलाई कसरी निरन्तरता दिन सकिन्छ त्यसमा सबै पक्षले सोच्नु आवश्यक छ । नेपालको हरेक चाडपर्वको

विदेशीहरुलाई परिचित गर्नु परेमा काठमाण्डौ उपत्यकाको नेवारहरु मध्येका ज्यापु जातिको संष्कृतिलाई अगाडि ल्याउने गरिन्छ। ज्यापु जातिको उपस्थिति विना नेवार समुदायको कुनै पनि कुराको प्रदर्शन गर्न असम्भव जस्तो हुन्छ । तसर्थ देशको बिभिन्न जातिहरु मध्ये नेवार समुदायको संस्कृति भन्नु नै ज्यापु जातिको संस्कृति नै हो।

## १०.२ उपसंहार (Conclusion)

ज्यापुहरुमा रीतिरिवाज र परम्परागत चाडपर्वमा धनी छ । खेतीपाटीमा लाग्ने यी ज्यापुहरु आफु भन्दा ठूलो व्यक्तिहरुलाई आदर गर्ने गरिन्छ । उनीहरु परम्परागत चाडपर्व र रीतिरिवाजलाई कायम गरी संचालन गर्न सक्नुमा उनीहरुको प्रत्येक टोलमा स्थापित गुठी व्यवस्था नै हो। यही गुठीले गर्दा ज्यापुहरुको संस्कृति बचिरहेको छ।

ललितपुर नगरमा बस्ने ज्यापुहरुमा प्रौढ तथा बुढाहरु परम्परागत चाडहरुलाई बढी विश्वास गरी मनाउँछ भन्ने अहिलेका युवायुवतीहरु त्यस्तो खाले परम्परागत संस्कृतिलाई मन पराउँदैन। भोजको कुरा गर्दा युवाहरु पूरानै भ्व भ्वे ( सुकुलमा बसी खाने भोज ) लाई बढी महत्व दिन्छ भन्ने युवाहरु त्यस्तो भोजलाई झन्झत सम्झी पार्टी प्रथा लाई मन पराउने गर्छ। भोजको निमन्त्रणामा पनि बुढाहरु पूरानै प्रकारले २,३ दिन मनाउनु पर्ने कुरा गर्छ भन्ने युवायुवतटीहरु भोज एक्कै दिन सिध्याउने कुरा गर्छ । यसको कारण नगरमा अरु बाहिरका मानिसहरु बढी वसोवास र पश्चिमेली शैलीको प्रभाव हो।

ज्यापुहरुको संगीतलाई कुरा गर्दा बुढाहरु भए सम्म चल्छ जस्तो लाग्छ । त्यसैले संगीतलाई जीवन्त दिन युवायुवतीहरुले पुरानो संगीतलाई आधुनिक प्रकारले लाने विचार गर्दैछन् । शिक्षा क्षेत्रमा जति बढी संख्यामा शिक्षा हासिल गरेको देखिन्छ। त्यसको तुलनामा ज्यापुहरु उच्च शिक्षा अध्ययन गर्ने मानिसहरु कम हुनुको साथै डाक्टर, इन्जिनियर, पाइलट जस्ता प्राविधिक शीपयुक्त जन सक्ति उत्पादन गर्न सकेको छैन।

आजभोलि प्रत्येक टोलहरुमा माँ पुचः, मचा पुचः स्थापना गरेको देखिन्छ । यस्ता पुचःहरुले बच्चाहरुको शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने तिर अग्रसर हुन्छन् भन्ने माँ

पुच:हरुले टोलमा आफ्नै स्तरका महिलाहरुको लागि बौद्धिक तथा सिपयुक्त काम र परम्परालाई विकास गर्ने तिर लागि परेको देखिन्छ ।

## १०.३ सुझावहरु ( Recomendation )

काडमाण्डौ उपत्यकाका आदिवासी नेवार समुदाय भित्रका ज्यापु जातिलाई पनि समय र परिस्थितिले धेरै प्रभाव पारि सकेका छन् । ज्यापु जाति भन्ना साथ खेतीपाटी गर्ने भनेर चिनिने खेती भै जीवन विताउने जाति हुन् । अहिलेको बैज्ञानिक युगमा संचारको विकास र त्यसको प्रभावले ज्यापु जातिलाई पनि वाँकी राखेन । ज्यापु जातिको जीवन धान्ने आधार खेती गर्नु हो । उनीहरुको अज्ञानता, अशिक्षा र सोझोपनले अरु जतिहरुले फाइदा लिइ राखेको धेरै प्रमाणहरु पाइन्छ । उनीहरुको खेतीपाती पेशा जीवन निर्वाह मुखी प्रकारको मात्र छ । त्यसमा पनि अहिलेको तिव्र जनसंख्या वृत्ति र शहरीकरणको प्रभावले खेतको प्लट झन झन सानो हुनुको साथै खेती भूमि लोप हुन्दै गएको छ । तसर्थ ज्यापु जातिको संस्कृति र सामाजिक परिपातीलाई जीवन्त दिइ राख्न आर्थिक विकासको पक्षलाइ ध्यान दिनै पर्छ । यसको लागि निम्न सुझावहरु प्रस्तुत गर्दछुँ ।

१. जीवन निर्वाह मुखी खेतीलाई व्यावशायिक मुखी खेती वनाउनु आवश्यक भै सकेको छ । यसवाट बढी भएको अन्न वालीलाई घरमा केही भन्दार गरी बाँकी सबै विक्रि वितरण गरी आर्थिक लाभ गर्न सकिन्छ । यस्तो प्रकारको खेती प्रत्येक टोलहरुमा गुठीको स्थापना गरे झैं सामुहिक खेती गर्नु पर्ने देखिन्छ ।

२. खेतीपाटीवाट उत्पादन भएको वालीहरुलाई प्रत्येक टोल तथा बजारहरुमा आफ्नै जातिका मनिसहरुलाई पसल खोल्न लगाई व्यापार व्यावशायमा संलग्न गर्न लगाउने जसवात वेरोजगार भएका मानिसहरुले काम पाइ आर्थिक लाभ पाउने हुन्छ ।

३. काठमाण्डौ उपत्यकाका ज्यापुहरुले व्यावशायिक रुपले तरकारी खेती गर्नु पर्ने देखिन्छ । तरकारी खेतीमा पनि समय अनुसार खेती गरेर आर्थिक लाभ उठाउन सकिने हुन्छ ।

४. आफ्ना छोरा छोरीहरुलाई परम्परा देखि अंगाल्दै आएको खेती पेशालाई निरन्तरता दिन उच्च शिक्षामा कृषि सम्वन्धी अध्ययन गर्न लगाउने र यसवाट कृषि क्षेत्रमा अझ बढी विकास हुनेछ ।

५. बढ्दो जनसंख्या र कृषि कार्यमा बढी भएका जनशक्ति, कृषि कार्यमा मन नपरेका मानिसहरुलाई संस्थागत रुपले समुह बनाई मूर्तिकार, काठको मुर्ति कुँड्ने र शिल्पकार आदिको व्यावशायमा तालिमको व्यवस्था गर्ने । तालिम प्राप्त भए पछि प्रत्येक टोलहरुमा अरुलाई पनि तालिम दिने व्यवस्था गर्ने जसले गर्दा घर मै बसी आय आर्जन गर्ने शिप सिक्दछन् ।

६. बालीनाली बढी उत्पादन गर्न मलको ठूलो भूमिका रहेको हुन्छ । त्यसैले कृषि पेशामा संलग्न भएका र कृषि कार्य मन परेका ज्यापुहरुलाई कम्पोस्त मल बनाउने तालिम पनि दिँदै जानु पर्छ । अर्को तिर प्रत्येक टोलहरुवाट अलि अलि रकम जम्मा गरी रासायनिक मल उत्पादन गर्ने कारखाना नै स्थापना गर्ने तिर ध्यान दिनु पर्छ । आफ्नै स्थानमा मल उत्पादन भएपछि कम मूल्यमा मल प्राप्त भई उत्पादन बढाउन सकिने हुन्छ । उत्पादित खानेकुरा कम मूल्यमा विक्रि भएपछि ग्राहक र व्यापारी दुबैलाई फाइदा पुग्न जान्छ र त्यसवाट व्यापार पनि वृद्धि हुन्छ ।

७. जनसंख्या वृत्ति र शहरीकरणले गर्दा व्यावशायिक खेती गर्न चाहेर पनि गर्न नसक्ने भएको अवस्थामा शिक्षित ज्यापुहरुले पनि ईच्छा अनुसार पेशा बदली आर्थिक लाभ गर्नु पर्ने देखिन्छ ।

८. कृषि कार्यमा मात्र भर नपर्ने घर भित्र बसि पैसा कमाउन सक्ने पेशा जस्तै सुचिकार, मूर्तिकार, काठ वा धातुको मूर्ति बनाउने काम सिक्दै जानु पर्ने देखिन्छ ।

९. ज्यापुहरुका छोरा छोरीहरु पनि धेरै शिक्षित भै सकेको हुनाले व्यावशायिक रुपले सबैलाई फाइदा हुने विद्यालयहरु खोली काम दिँदै जानु पर्ने देखिन्छ ।

१०. ज्यापुहरुको आफ्नै सांस्कृतिक वाजाहरु छन् जुन अहिले ती बाजाहरु लोप हुने अवस्थामा पुगेको छ । त्यसलाई बढी भोज खानेतिर लानु भन्दा पैसा कमाउनेतिर व्यावशायिक ढंगले लान सकेमा संगीत प्रेमी ज्यापुहरुले आर्थिक लाभ प्राप्त गर्न सकिने हुन्छ ।

यी माथि उल्लिखित कुराहरुलाई ध्यान दिन सकेमा खेतीपातीवाट पनि फाइदा लिन सक्नुको साथै परम्परागत सांस्कृतिक पनि निरन्तर चलिरहन्छ ।

# परिशिष्ट ( Appendics )

परिशिष्ट नं.:-१

१. **ज्यापु थर**

क. गोपाल सिंह [१] नेपाली अनुसार - सुवाल, कुमाल, डंगोल, ग्वाल ( सापु र मेपु ) तथा पही वा पिही

ख. कोलिन रोसर [२] तथा डोर बहादुर बिष्ट [३] अनुसार - महर्जन, डंगोल, सुवाल, दुवाल, सापु काःवुजा, मुस, लव इत्यादि

ग. रोवर्ट आइ लेभि [४].का अनुसार - भक्तपुरमा रहेका ज्यापुहरुलाई तीन समुहमा वर्गिकरण गरिएका छन् । पहिलो समुहमा ६८ थर, दोस्रो समुहमा १३५ थर र तेस्रो समुहमा १४ थर छन् । यसो हेर्दा उहाँका अनुसन्धानबाट प्राप्त थर चाही मेरो बिचारमा थर नभइ उप नाम मात्र भन्न सकिन्छ । त्याहाँ पाइएका थरहरु ती व्यक्तिहरुको काम, लवाइ खवाइ र शरीरको बनावटको आधारमा अरु मानिसहरुले बोलाउने उपनाम मात्र हो थर होइन जस्तो लाग्छ । किनभने यस्तो खाले थर लिएमा ललितपुर नगरमा ५०० भन्दा बढी थर भेटिन्छ । जस्तै ललितपुर नगर वडा नं. १७ लुँखुसि टोलमा मात्र यस्ता थर वा उप नाम लिएमा थुप्रै पाइन्छ उदाहरणको लागि जस्तै भ्याः, फै, न्ह्योव, पोमां, बैधंग, फछिला, क्वाःबै, सार्की, ख्वाकः, जंतकव, खें, प्याथ, गों, गंकी, न्हेरां, खिमु, आदि छन् । ललितपुर नगरमा ४५ टोलको यस्तो उपनामको थर लिएमा प्रत्येक टोलको १०,१० वटा मात्र लिइयो भन्ने पनि ४५० हुन आउँछ ।

---

१) Gopal Singh Nepal, " The Newars ", ist ed., (Bombay, United Asia pubs, 1965) p.167

२) Collin Rosser, " Social mobility in the Newar Caste system," In tainmendarf,ed., Caste and Kin in Nepal, India and Ceylon, ( London, 1966 ) p. 86

३) Dor Bahadur Bista, " People of Nepal" 6th ed., ( Kathmandu, Ratna pustak Bhandar,

४) Robert I,Levi, Mesicotom, ( Delhi, Motilal Banarasidass pub. pvt.ltd.; 1992 ), p882

२. <u>ललितपुर नगरमा ज्यापुहरु बस्ने ४० वटा टोलका नामावली</u>

ललितपुर नगरका ज्यापुहरु बस्ने टोलहरुलाई मच्छिन्द्रनाथको जात्रा मनाउने आधारमा ४ समुहमा विभाजन गरिएका छन् ।

१. पहिलो समुह :- अग्नीशाला, कायगुनती, कुछेनती, छाय्बहाः, नःत्वाः, पूर्णचण्डी, मिखाबहाः

२. दोस्रो समुह :- दुपा, धालाछेँ, गुइटोल, हकत्वाः, लुँखुसि, पिंछेँ, पिलाछेँ, सःक्वो, सौबहा, त्यागः, यलमुगः

३. तेस्रो समुह :- भिन्ध्योलाछि, भेलाछेँ, चाबहाः, चोछेँ, च्यासः, छुसिका, धौगाः, गःछेँ, गाःहिति, हौगः, इबानती, कुटीसौगः, क्वेलाछि, खपिंछेँ, लोंलँ, नकबहीः, सलिंछेँ, तःनती, तःलाछेँ, वलखु, बेलाछेँ, क्वन्ति, गुल्खु,

४. चौंठो समुह :- पुच्व, बागर,

आजकल निम्न टोल र स्थानहरु पनि ज्यापुहरु बस्दै आइ रहेका छन् ।

गुसिंगाल, राजतिर्थ, दोबाटो, साँचल, सानेपा, कुपण्डोल, धोबिघात, ढुंगाखानी, अफडोल, बागडोल, सिन्तिहिति, मण्डहिति, लगंख्योः, कनिबहाः, प्याःपुखु, वकुबहाः, गुजिबहाः, थपाहिति, नुगः, चंकि, भिन्छेँबहाः, खानबहानती, ग्वार्को, क्वाःछेँ, भोलढोका, यंगुबहाः, सैंथु गणेश, चिकँबहिः, क्वबहाः, धुम्बहाः ओम्बहाः, ज्वागल, चाकुपाट, हःखा, न्यौत, स्वँठ, तुम्बहाः, मंगः, थसिखेल, तिखिदेवल, नखिपोत, ताल्छिखेल, खुमलटार, सिजःजो, कोतलाछि, बालिफः, धलाय्चा, न्यादल, न्याखाचोक, पुछेनती, बाफः, क्वालखु, वनबहाः, किसिचोक, दौबहाः, टंगः, ईखालखु, जेनबहाः, तःढोका, गाःबहाः, नःबहाः, उजानती, नाय्गाँ, जावलाखेल, सालिम्ह, ईखाछेँ, यतबहाः, क्वन्ति, चोबुनती, शंखमूल,

यी स्थानहरुमा बस्ती बढेको मुख्य कारण जनसंख्या बृद्धि, शहरीकरण, शिक्षा, संचारको बिकासले हो । ललितपुर नगरमा मुख्य जापु जातिमा महर्जन, डंगोल, कुमाः (चिपकार, न्हेसःकुमाः, आवा कुमाः=अवाले), व्यञ्जनकार, तण्डूकार, राजभण्डारी, रहेका छन् । यी वाहेक अहिले सिं, सिंह, लव, माली, सुवाल, प्रजापति, दुवाल, आदि ज्यापुहरु पनि बस्दै आएका छन् । राजभण्डारीहरु आफुलाई ज्यापु भन्दैन तर उनीहरुको पुरानो पुस्ता ज्यापु नै हुन भनेका छन् ।

३. काठमाण्डौ नगरमा ज्यापुहरु बस्ने टोलहरुको नामावली

क. जी.होले[५] र उसका सहयोगीका अनुसार - निम्न टोलहरु रहेका छन् ।

१. थनेत्वाः :- थह, क्वाबहाः, कुसुकिवालाछि, जमो, त्यौड, असन(भोटाहिति), असन (कमलाछि), पिलनु, त्यत, किलागढ, यटखा, वाग, वटु, महाबौद्ध, दुगंबहीः, पुखुदे, मखँ, छ्वासलुवी, वलाछि, मागः

२. दथुत्वाः :- मरु

३. क्वने त्वाः :- उँबहाः, क्वहिति, यतुनर्ना, फसिगः, त्यतपाचो, वंकःछेँ, भिन्द्यो त्वाः, पुसुंबहाः टोकाबहाः, यँगाल, ज्याठा, त्यँगल, तननी, बाडे, कुमाःननी,

आर के. बज्राचार्य[६] का अनुसार - काठमाण्डौ ज्यापुहरुको वस्ती यस प्रकार रहेका छन् ।

१. थने त्वाः :- थाहाबहीः, क्वाहांबहीः, जि ज्यापु (कुसुविया लाछि), इनीबहाः, कोनाय त्वाः, जमो, त्यौड, असँ, मैती,

२. दथुत्वाः : - त्यागः, न्येत, किलागढ, यटखा, वाँग, वटु, महाबौद्ध, दुगाबहीः, खिचापुखु, मखा, मरु,

३. क्वनेत्वाः :- ॐबहाः, ज्याबहाः, कोहिति, लुतु, ब्रम्हु त्वाः, भालाननी, कुमाःननी, फसिगः, न्येतपाचो, तुकंबहा, तःननी, लसाकाननी,

---

५. A.Halle,G.Toffin and K.P.Rimal, " The 32 Maharjan Toles of Kathmandu city", in Anthropalogy of Nepal, ( 1993 ), p.60-61

६. R.K. Bajracharya, " Jyapu Toles of Kathmandu city "

## परिशिष्ट नं. :-२

### २. नेवारी शव्दको नेपालीमा अर्थ

| नेपाल भाषा | नेपाली भाषा | नेपाल भाषा | नेपाली भाषा |
|---|---|---|---|
| १. मां | आमा | २. अबु | बाबु |
| ३. दाजु | दाइ | ४. किजा | भाइ |
| ५. डिङि | फुफु | ६. पाजु | मामा |
| ७. मल्जु | माइजु | ८. तता | दीदि |
| ९. कें | बहिनी | १०. जा | भात |
| ११. ला | मासु | १२. ऐला | रक्सि |
| १३. थों | जाँद | १४. ल | पानी |
| १५. लं/लँ | बाटो/लुगा | १६. वा | धान/आउ |
| १७. छेँ | घर | १८. बल्चा | छाप्रो |
| १९. फल्चा | पाटी | २०. देगः | मन्दिर |
| २१. फय्गं | हवाइजहाज | २२. ल्या | गन्ति/गणना |
| २३. बुँ | खेत | २४. केव | बारी |
| २५. न्हाय् | नाक | २६. मिखा | आँखा |
| २७. न्हेपँ | कान | २८. बाज्या | बाजे |
| २९. अजि | बज्ये | ३०. तःबा | ठूलो बा |
| ३१. तःमां | ठूली आमा | ३२. मामा | काकी |
| ३३. जिचा पाजु | फुफाजु | ३४. चिमां | सानीमां |
| ३५. चिरी मां | सौतनी मां | ३६. काय् | छोरा |
| ३७. म्ह्याय् | छोरी | ३८. भौ | बुहारी |
| ३९. छय् | नाती | ४०. छुइ | नाती |
| ४१. भत | भाउजु | ४२. जिलाजं | ज्वाईं |
| ४३. दाजुभत | जेठाजु | ४४. किजाभत | देवर |
| ४५. ताःभत | आमाजु | ४६. केंहेँभत | नन्द |
| ४७. काय्चा | भतिजो | ४८. भिञ्चा | भाञ्जो |
| ४९. म्ह्याय्चा | भतिजि | ५० कलाः | स्वास्नी |
| ५१. भात | लोग्ने | ५२. बाःजु(ससःअबु) | ससुरो |

| | | | |
|---|---|---|---|
| ५३. माजु(ससःमां) | सासु | ५४. ससःदाजु | जेठान |
| ५५. ससःकिजा | सालो | ५६. ससःकेहैं | साली |
| ५७. जंकु | बुढा पास्नी | ५८. मतिना | माया/प्रेम |
| ५९ बिचा वनेगु | बिचारगर्न जानु | ६०. ग्वाली | कुर्कुचा |
| ६१. ज्वल न्हाय्कं | बिबहामा लाने ऐना | ६२. कंचा | काली माटो |
| ६३. लाखामरी | बिबहामा लाने मिठाइ | ६४. थाःज्याः | लुगा बुन्ने तान |
| ६५. कौला | बिहानको चिया पान | ६६. नखःत्या सतेगु | चाड भोज दाक्नु |
| ६७. मिखाफु सँ | परेला | ६८. में/मैं | जिब्रो/गीत |
| ६९. नुगकि | सातवटा चामलकोगेरा | ७०. थाःज्या | तानको काम |
| ७१. सल्हुं भ्वे | सक्रान्ति भोज | ७२. फकं | कर्कलो |
| ७३. तुकं | तोरीको साग | ७४. खमुः | खर्पन |
| ७५. हस्ते,हैंसे | रथ तान्ने काम | ७६. धः | कुलो |
| ७७. चाकुहि | सखरखण्ड | ७८. चिम्हुकं/वाउँम्हुकं | च्याउ |
| ७९. दुचाय्केगु | प्रथम पटक भित्राउनु | ८०. जोजो लपा | नमस्ते |
| ८१. कुम्ह द्यो: | कुमार देवता | ८२. न्हौगः | सिम्सार क्षेत्र |
| ८३. गोलपाः | देवतालाई चामल दिनेभाँडो | ८४. बौ बिइगु | रथमा भोग दिनु |
| ८५. कों | माटोको ठूलो भाँडो | ८६. तुसि | कांक्रो |
| ८७. तःसि | बिमरा | ८८. भोगत्या | भोगते |
| ८९. मंका ज्या | साझा काम | ९०. तु | उखु |
| ९१. नेवा | नेवार | ९२. नेपाः | नेपाल |
| ९३. नेपामि | नेपाली | ९४. थकाली | परिवारको जेठो |
| ९५. बस्का | बालकको चुँडाकर्म | ९६. मचा जंको | अन्न प्राशन्न |
| ९७. कय्ता पुजा | ब्रतवन्ध | ९८. इही | बेल बिबहा |
| ९९. पय्न बिइगु | बिबहा गरी पठाउनु | १००. बाह्रा तय्गु | गुफा राख्ने |
| १०१. बहीः | बहिल | १०२. बहाः | बहाल |
| १०३. चिबहाः | चैत्य | १०४ .भ्वेय् | भोज |
| १०५. कुःछि भ्वेय् | दशैंमा गर्ने भोज | १०६. चखः | चाड ( सानो ) |
| १०७. क्वाःती | गेडागुडीको सुप | १०८. नखः | चाड ( ठूलो ) |
| १०९. हिति | ढुङ्गे धारा | ११०. तुँ | ईनार |
| १११. बुँगाः | कुवा | ११२. सनागु | मलामि गुठी |

# ३. सहायक पुस्तक ग्रन्थ सूचि ( Babliography )

<u>अंग्रेजी पुस्तक विवरण</u>


1. Acharya, Babu Ram, **Kirat Name Yup in Nepal**- Tri-monthly publication, Lalitppur. (2030)

2. Anderson, Mary M., **The Festival of Nepal** - London: Gerge Allen & unwin Ltd, (1971 )

3. Bajracharya, Dhan Bajra, **Inscription of Lichhabi Dynasty** - CNAS, T.U. B.S. ( 2030 )

4. Bajracharya, D. & Malla. K.P., **The Gopal Raj Vansabali** - Kathmandu. Franz Stemer Vedag wiesbadon (1985 )

5. Bangdel, L.S., **The Early Scultptures of Nepal** - New delhi; Vikas publishing House ( 1982 )

6. Bista, Dor Bahadur; **People of Nepal ,** - Kathmandu, Ratna Pustak Bhandar (1967 )

7. Banejeo, J.N., **The Development of Hindu Iconography**- ( 1956 )

8. Central Bureau of Statistics, **Population Monograms in Nepal** - Kathmandu National Planning Secretariate ( 2000 )

9. Central Bureau of statistics, **Population Monograms in Nepal** - Kathmandu National Planning Secretariate ( 1998 )

10 Chahopadhyaya, K.C., **An Essay on the History of Newar Culture** - Kathmandu. Education. Enterpreses ( 1980 )

11. Gurung, Harka Bahadur, **Main Ethnic Caste Group by districts** - Kathmandu, (1994)

12. Giovanni,Scheikler; **Building Today in a Historical Contex - Bhaktapur Nepal** Kathmandu, Ratna book distributor, ( 1990 )

13. Hagen, Tonni, **The Kingdom in the Himalayas** - 3rd ed. Chicago,Rand M.C.Nally ( 1971 )

14. Haimendarf, C.V.F.,**Study of Social change in Nepal**- Calcutta, Asia publishing House ( 1972 )

15. Haimendorf,C.V.F.**Caste & Kin in Nepal, India& Ceylo**- New York, Asia publishing House (1966)

16. Haimilton, F.B.,**An account of the Kingfdom of Nepal**- London,Reprinted as vol.3 Series 1, New Delhi, Manjushree, Publishing House ( 1971 )

17. Joshi, Sundar Krishna, **On the Nomenclature of Lalitpur in-Thapu Sahitya Muna-**

Macha Saphu Kuthi, Lalitpur, Napal, ( N.B. 1101 )

18. Kirkpatric, C.W. **An account of the Kingdom of Nepal, London-** Reprinted asw vo l3 Series I New Delhi, Bibliothera Himalayica.
19. Levy, Sylvian, **Le Nepal** - Paris ( 1908 )
20. Malla, K.P., **The Newari Language: A working outline-** Tokyo; Institute for the study of Language and culture of Asia & Africa ( 1985 )
21. Nepali, G..S.,**The Newar: The Ethno-Sociologicdal study of Himalayan Community-** Bombay, United Asia Publication ( 1965 )
22. Regmi, Dilliraman, **Medival Nepal -** vol.I Calcutta; K.L. Mukhupadhya ( 1965 )
23. Regmi, Dilliraman, **Ancient Nepal** - 3rd ed. Calcutta, K.L. Mukhupadhya (1981 )
24. Robert J.Levy & Kedar Raj Rajopadhyaya; **Mesocosm -Hinduism and the organization of a Traditional Newar City in Nepal** Motilal Banarasidass publishers Private Ltd, Delhi (1992 )
25. Sakya, Hem Raj, **Mayur Barna Maha Bihar,- A brief History**- Bhinchhen Bahal Lalitpur, Nepal. ( N.S. 1093 )
26. Sakya, Hem Raj, **A case study, Bddha Jayabtee Celebartion Committee**- Pulchwok Lalitpur, Nepal ( N.S. 1096 )
27. Tiwari, S. Raj, **The Ancient settlement of Kathmandu Valley-** CNAS Publication ( 2001 )
28. Toffin, Gerald, **Newar Jatile Manaune Sika Bhoe-** Kailash, vol.iv no.4, (1976 )
29. Toffin, Gerald, **The Anthropology of Nepal-** Kathmandu: French Culture Centre ( 1993)
30. Wright, D., **History of Nepal-** Cambridge (1877 )

## नेपाली पुस्तक विवरण

१. आचार्य, बाबुराम, **नेपालको संक्षिप्त बृतान्त-** ग्रन्थ प्रथम, काठमाण्डौ, प्रमोद शम्शेर र नीर विक्रम प्यासी ( १९६५ )

२. कोइराला, कुलचन्द्र, **नेपालको साँस्कृतिक परम्परा र राजामुकुट**- काठमाण्डौ, ने.रा.प्र.प्र.( २०४५ )

३. खत्री, प्रेम कुमार, **नेपाल समाज र संस्कृति-** ललितपुर; साझा प्रकाशन ( २०४४ )

४. टण्डन, गोविन्द, **नेपालमा गुठी व्यवस्थ**- काठमाण्डौ, नेपाल अध्ययन समुह ( २०५२ )

६. पौड्याल,दामोदर, **समाज र राष्ट्रको उत्थानमा गुठीको भूमिका**- काठमाण्डौ नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान (२०४४ )

७. बज्राचार्य, पुण्यरत्न, **हाम्रो चाडपर्व**- काठमाण्डौ, रत्न पुस्तक भण्डार ( २०२० )

८. बज्राचार्य, मनबज्र, **हाम्रा चाड पर्वहरुको विवेचना**- यें रत्न पुस्तक भण्डार, ( २०२५ )

९. बज्राचार्य,आर,**नेवार संस्कार सांस्कृति ताःचा**- काठमाण्डौ बज्राचार्य प्रकाशन (१९८९)

१० बिष्ट, डोर बहादुर, **सबै जातको फूलबारी** - ललितपुर, साभ्ना प्रकाशन ( २०३२ )

११ भण्डारी, ढुण्डिराज, **नेपालको ऐतिहासिक विवेचना** - वाराणसी, कृष्ण मुरारीको ३३/११९ दुध विणयक ( २०५५ )

१२. मुनाकःमि, लिला भक्त, **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन भक्तपुर**- भवानी केशरी मुनाकःमि ( १९८५ )

१३. राजवंशी, शंकरमान ( सम्पादक ) **भूमि सम्वन्धि तमसुक ताडपत्र** - भाग-२ काठमाण्डौ श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, पुरातत्व विभाग (२०४० )

१४. रेग्मी, जे.सि., **नेपालको ऐतिहासिक भूगोल** - किर्तिपुर , सि.डि.सि. त्रि.वि.वि. (१९८२ )

१५. रेग्मी, जगदिश चन्द्र, **नेवारी संस्कृतिको रुपरेखा** - काठमाण्डौ, एण्टीक्वेटीको कार्यालय (२०३५)

१६. लाप्साल, देवी प्रसाद (सँ), **भाषा वंशावली** - भाग १ तना २ श्री ५ को सरकार शिक्षा तथा संष्कृति मन्त्रालय, पुरातत्व विभाग, ( २०३३ )

१७. शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रुपरेखा** - वाराणसी, ललित प्रेस पत्थर गल्ली ( २०२२ )

१८ .ज्ञवाली, सूर्य विक्रम, **नेपाल उपत्यकाको मध्यकालिन ईतिहास**- काठमाण्डौ, नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ( २०२० )

१९. श्रेष्ठ, भाजु महेन्द्र देव थकु, **नेपाली लोक साँष्कृतिक उत्सबहरु** - भ्नी पुचः नेपाल भाषा तथा साँष्कृतिक संघ विराट नगर १३, नेपाल सम्वत ११२४, २०६१

## नेपाल भाषा पुस्तक विवरण

१. चित्रकार, सुवर्ण मान,**राष्ट्रिय संस्कृतिया इलिमय्**- सुरेश चित्रकार, डल्लु यें (ने.सं.११२४ )

२. जुजु, बलदेव, **नेवाः नखः चखःया द्यः पुजा विधि** - न्हायकँ तला, यें - (ने.सं.११२२ गुँला )

३. बज्राचार्य, स्व.पं.बै., आशा काजी, **मच्छिन्द्रनाथ वंशावली -** शिव प्रशाद श्रेष्ठ, ( २०६० )

४. बज्राचार्य, हेरा काजी, दिपक, **नेवा बौद्ध पुजा क्रियाय् छ्यला नाला वया च्वँगुहलं ज्वलँ विवरण पुस्तिका -** विश्व शान्ति पुस्तकालय, न्याखाचुक, यल, - ( ने.सं. १११९ )

५. बज्राचार्य, हेरा काजी, **यलया बौद्ध विहारया संक्षिप्त परिचय-** बौद्ध बिहार संघ, ललितपुर, अक्षयश्वर महा विहार पुच्व- ३ नेपाल ( ने.सं.११२१, बि.सं.२०५७ )

६. मल्ल, के.सुन्दर, **नेवाः म्हसिका-** सेवा प्रिन्तिङ्ग प्रेस, तेकु, यैं - ( ने.सं. ११२० )

७. मानन्धर, पूर्णदास, **बुँगद्योया बाखँ-** पासामुना, असँ यैं- नेपाल पेपर बक्स

८. शाक्य, बुद्धाचार्य, **बुँग द्यो -** पूर्ण चन्द्र शर्मा, किसिचुन्दा, पूर्ण चण्डी,यल ( ने.सं.११२५, चौला गा,क१)

९. श्रेष्ठ, पद्म, **नेवाः स्यस्य समाज-** ( ने.सं. ११२५, बि.सं. २०६२ )

१०. श्रेष्ठ, रेवती रमणानन्द, **नेवाः -** साहित्यया मूलुखा,यल- ( ने.सं.११२१,चौला गा,क१ )

११. श्रेष्ठ, सुरेन्द्र मान, **नेवाः संष्कृतिया नखः चखः -** राम भक्त भोलि डल्लु चागः,-(ने.सं.११२१ सिल्ला,गा)

## नेपाली पत्र पत्रिका

१. आचार्य, बाबुराम, **नेवार र नेवारी भाषा -** नेपाल, बर्ष १, अंक १,

२. आचाई बाबु राम, **किरांतको नाम -** नेपाली, अंक १६ ( २०२० )

३. ज्यापु समाज, **लुमन्ति पौ-** ( ने.सं. १११४ कौला गा पारु )

४. जात जाति विशेषांक, **प्रज्ञान -** ८२क, ( असार- माघ २०५३ )

५. जोशी, सत्यमोहन,**म्ह पुजा र नेपाल समवतको नयाँ बर्ष-** गोरखापत्र ( २०५३ )

६. ज्यापु समाज, **धिमे पौ -** ( ने.सं. ११२५ दिल्ला बछला )

७. जुजु, प्रो. बलदेव, **न्हायकँ, सुरक्षाको प्रतिक खड्ग -** वार्षिक साहित्य प्रकाशन न्यायकं साहित्य पुच्व, शंकर देव क्याम्पस )

८ न्हु प्रेष्टिज नेपाः, **राष्ट्रिय लय पौ -** पब्लिकेशन (प्रा) लि. ललितपुर, ( ने.सं. ११२५ )

९. बज्राचार्य, रञ्जना, **बौद्ध मार्गी नेवारी समाजमा गुठीको परम्परा, " गरिमा "** बर्ष ७अंक१० पूर्णाङ्क ८२, ( २०४७ )

१०. बज्राचार्य, पं.बज्ररत्न, **“महायान, बज्रयानको मण्डला”** बार्षिक साहित्य पत्रिका ईन्जिनियरिङ्ग संस्था (११०५)

११. महर्जन, पञ्च नारायण, **ज्यापु जातिको मृत्यु संस्कार एक बिश्लेषण-** समर्पण, बर्ष७ अंक १,(२०५३) .

१२. महर्जन,सरस्वती,**उपत्यका नछोड्ने आदिवासी-** कान्तिपुर (कोशेली) (२०५१,साउन१५ )

१३. माननधर, जीत बहादुर, **सिठि देवता कुमार -** प्रज्ञान, बर्ष१७, अंक१, पूर्णाङ्क६३, (२०४५)

१४. मिश्र,बालचन्द्र**, डेढसय भन्दा बढी थर भएका ज्यापुहरुको बस्ती भक्तपुर -** कान्तिपुर (३०/७/२०५३)

१५. सुरभ, शान्ति, **ऐतिहासिक पृष्ठ भूमिमा नेवार र तिनको संष्कृति-** हाम्रो संष्कृति बर्ष३,अंक३(२०६०)

## शोध पत्र विवरण

१. अवाले, बेखामान, **ज्यापुहरुको जन्मदर परिवर्तन-** ललितपुर जिल्ला खोकना गा. वि. स. को एक अध्ययन, अप्रकाशित शोधपत्र, त्रि.वि.वि. समाज शास्त्र विभाग, (१९९९)

२. अमात्य, उद्धव गोविन्द, **सतुङ्गलका नेवारहरुले मनाउने चाडपर्व र जात्राहरु -** अप्रकाशित शोधपत्र ग्रन्थ त्रि.वि.वि. संष्कृत विभाग, (२०५३)

३. डंगोल, राम बहादुर, **काठमाण्डौ उपत्यकाका ज्यापुहरुले मनाउने मुख्य चाडपर्वहरु -** अप्रकाशित शोधपत्र, त्रि.वि.वि. इतिहास विभाग (२०३८ )

४. धिताल, निना, **ज्यापु समाज र संष्कृति -** अप्रकाशित शोधपत्र ग्रन्थ त्रि.वि.वि. संष्कृति विभाग ( २०५४)

५. राजभण्डारी, सुजन, **नेवारी समाजमा चाडपर्व र संष्कारको स्थान -** पाटन नगरको एक अध्ययन, शोधपत्र ग्रन्थ त्रि.वि.वि. समाज शास्त्र ( १९९३ )